# अर्थचित्र

नेपाल आर्थिक पत्रकार संघ (नाफिज)को वार्षिक प्रकाशन-२०८०



# प्लानिङ २.0

# हामी तपाईंकै लागि

१८ वर्षदेखि नेपालीको सेवामा समर्पित

आधुनिक दूरसञ्चार जगतको नयाँ आयाम बनेर आफ्नो सेवा मार्फत आम नेपालीलाई जोड्न १७ सेप्टेम्बर, २००५ बाट हामीले सेवा शुभारम्भ गरेका थियौं ।

नवीन प्रविधिका साथ निरन्तर परिवर्तनको संवाहक बन्दै हामीले आफ्नो यात्राको १८ वर्ष सफलतापूर्वक पूरा गरेका छौं ।

एनसेललाई सफलताको उचाइतर्फ डोऱ्याउने यात्रामा अगाध माया, प्रोत्साहन, प्रेरणा र सद्भावका साथ सहयात्रा गरिदिनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

हरपल यहाँहरुको साथै रही आधुनिक दूरसञ्चार मार्फत संसार जोड्ने कार्यमा निरन्तर समर्पित रहने वाचा गर्दछौं ।

## हामी तपाईंकै लागि

Ncell

Today. Tomorrow. Together.





नारीकै नाममा घर
आकर्षक ब्याजदर
20 YEARS OF VALUING RELATIONSHIP
सिद्धार्थ हाम्रो घर कर्जा
सिद्धार्थ बैंकले "नारीको नाममा घर, आकर्षक ब्याजदर" भन्ने नारा सहित नारीको नाममा घर जग्गा खरिद गर्न प्रोत्साहन स्वरुप संचालनमा ल्याएको यस कर्जा सुविधा उपभोग गरी लाभान्वित हुनुहोस् ।
१०.८४%
वार्षिक ब्याजदर (पहिलो ७ वर्षका लागि स्थिर)
यो कर्जा सुविधा घर खरिद, निर्माण र पुनर्निर्माणका लागि लागु हुनेछ।
यो योजना सीमित अवधिको लागि मात्र
*शर्तहरु लागु हुनेछन्
SCAN ME
सम्बन्ध सधैंभरिलाई
Siddhartha Bank
www.siddharthabank.com
01-5970020


आफ्नो लागि मात्र?
सानिमा फेमिली सुपर सेभिङ्ग्स खाता
होइन नि, सबै परिवारका लागि !
नेपालमा पहिलो पटक
अस्पताल भर्ना खर्च भुक्तानी गर्नै नपर्ने,
सानिमा बैंकमा खाता खोल्दा
रू. १ लाख सम्मको उपचार बीमा
बीमा प्रदायक
सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.
Siddhartha Premier Insurance Ltd.
MetLife
उच्च ब्याजदर
रू. ५ हजारको वार्षिक स्वास्थ्य परीक्षण सुविधा
रू. १० लाखको दुर्घटना तथा रू. ३ लाखको १३ घातक रोगहरूको बीमाका साथै विविध बीमा सुविधा
अन्य थुप्रै सुविधाहरू
For more details, please scan
थप जानकारीका लागि ९८०११९०११९ मा सम्पर्क गर्नुहोला ।
Sanima Bank
Connect with us

नेपाल आर्थिक पत्रकार संघ (नाफिज)

नाफिज जर्नल-२०८०
अर्थचित्र

सम्पादक
श्रीधर खनाल

संयोजक
मेनुका कार्की
दीपक भट्ट
खेमराज श्रेष्ठ
रोविन पौडेल

सहायक निर्देशक
सन्तोषी शिवाकोटी

भाषा
सुदर्शन अर्याल

कभर/लेआउट
डिबी गुरुङ
९८४१३७१९३२

मुद्रण
प्राप्ति छापाखाना
नागार्जुन-६, काठमाडौं

कार्यालय
बुद्धनगर, काठमाडौं
फोन नं. : ०१-५९०९३७२

| सम्पादकीय |

# अर्थात्, सम्भावना...

नेपालको अहिलेको अवस्थालाई संकेत गर्न माथिका दुई शब्द पर्याप्त छन् । नेपालको अर्थतन्त्र मात्र होइन राजनीतिक प्रणाली पनि 'अर्थात् सम्भावना...' भित्र कैद भएको छ । यो कैदको समय कहिले सकिन्छ भन्न सक्ने अवस्था छैन । त्यसैले सम्भावना वा सम्भवतः भन्ने जस्ता शब्दविना नेपालको व्याख्या गर्न नसकिने अवस्थामा हामी छौं ।

यो जर्नलको सम्पादन गरिरहँदा इजरायलमाथिको आक्रमणले धेरैको मथिङ्गल खल्बलाइदिएको छ । कामको खोजीमा खास गरी कृषि र घरेलु काममा इजरायल गएका नेपालीका परिवार निदाउन सकेका छैनन् । घरको खेतबारी मात्र होइन करेसाबारीसमेत बाँझो छ । इजरायलमा कृषि मजदुरी गरेर बच्चाको कलम किन्ने अवस्थामा हामी छौं । यो अवस्था झनपछि झन बिग्रँदै गएको धेरैको अनुभव छ ।

हामी अर्थतन्त्रको क्षेत्रमा लागेर जीविका चलाउने पत्रकारहरू हौं । त्यसैले झ्याप्पै अर्थतन्त्र बिग्रियो भन्न सक्ने अवस्थामा हामी छैनौं । त्यसका लागि हामीलाई औजार चाहिन्छ । औजार भनेको सरकारले सार्वजनिक गरेका तथ्यांकहरू हुन् । जसले विश्लेषण गरे पनि यी तथ्यांकहरूले उज्यालो मुहार देखाउन सकेका छैनन् । तथ्यांकहरू बुर्का लगाएर हिँड्न थालेका छन् ।

अर्थात् अब हामी सांस्कृतिक रूपमा सबै ठीकै हो भन्ने अवस्थामा छौं । हामीले गरेको आयात संस्कृति भयो भन्ने बाटोवाट अर्थतन्त्रको विश्लेषण गर्नुपर्ने अवस्था छ । तपाईंले मसिनो चामल खान सिकेर हाम्रो अर्थतन्त्र बिग्रियो भन्ने अवस्थामा हामी छौं । यो अवस्थाको विश्लेषण गर्ने उपयुक्त शब्द फेरि पनि 'अर्थात् सम्भावना'मात्र हो । आशा गरौं नाफिजले यो जर्नलको अर्को संस्करण तयारी गर्दा यो शब्दलाई कहीँ कतै कहिल्यै प्रयोग गर्न नपरोस् ।

# योजनाबाटै सुधारको आरम्भ



। मोदनाथ ढकाल
अध्यक्ष
नेपाल आर्थिक पत्रकार संघ
(नाफिज)

नेपाल समयको एउटा यस्तो जंक्सनमा आइपुगेको छ जहाँबाट मुलुकको भविष्य प्रस्टसँग देख्न सकिन्छ। पछिल्लो एक दशकमा यो मुलुकले विनाशकारी भूकम्प, नाकाबन्दी र अन्य विपत् मात्र भोगेन, विकासका विभिन्न लक्ष्य आत्मसात् गर्दै अगाडि बढिरह्यो। यसैबीचमा नेपालले संयुक्त राष्ट्र संघमार्फत घोषणा गरिएको दिगो विकास लक्ष्य (एसडीजी) हासिल गर्ने प्रण र सन् २०३० सम्ममा मध्यम आयको मुलुक बन्ने घोषणा गरेको छ। सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकबाट विकासशीलमा स्तरोन्नति हुँदै छ। त्यसले मुलुकको अन्तर्राष्ट्रिय प्रतिष्ठा बढाउनेछ। त्यसैगरी राष्ट्रियस्तरमा पनि कृषि, पूर्वाधार, सूचना-प्रविधिदेखि शिक्षा र स्वास्थ्यजस्ता सामाजिक क्षेत्रको विकासका लागि पनि लक्ष्य तोकिएको छ। यी सबैले भविष्यका लागि असल योजना र त्यसको कार्यान्वयनको माग गर्छन्।

तर वास्तविकता भने आशाजनक देखिँदैन। भौतिक पूर्वाधारको कुरा गर्दा २०१३ सालमा सुरु गरिएको कान्ति राजमार्ग, २०४४ मा सुरु भएको बबई सिँचाइ आयोजना, २०५८ मा सुरु गर्ने भनिएको हुलाकी राजमार्ग र सोही वर्ष सुरु गरिएको मेलम्ची खानेपानी आयोजना अझै निर्माणाधीन हुनु मुलुककै विडम्बना त हो नै, नेपालको विकास प्रशासन र प्रशासकहरूको असफलताको दसी पनि हो। त्यस्तै एक दशकदेखि सरकारहरू बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणको रट लगाएर थाकेका छैनन् तर अझै पनि जग्गा अधिग्रहण र मुआब्जा वितरणको किचलो सकिएको छैन।

ध्यान दिनुपर्ने अरू कुराहरू पनि छन्। दिगो विकास लक्ष्य हासिल गर्न सन् २०१६ देखि २०३० सम्म नेपालले वार्षिक करिब २३ खर्ब रुपैयाँ हाराहारीमा पूर्वाधार तथा अन्य विकासका क्षेत्रमा खर्च गर्नुपर्ने आवश्यकता देखिएको छ। यातायात, शिक्षा, ऊर्जा र सहरी पूर्वाधारमा मात्रै क्रमशः ५.२९ अर्ब डलर, २.६३ अर्ब डलर, १.९७ अर्ब डलर र १.४४ अर्ब डलर लगानीको आवश्यकता छ। तर नेपालको वार्षिक पुँजीगत बजेट मात्र ३ खर्ब रुपैयाँको हाराहारीमा छ। अझ चालु आर्थिक वर्ष ०८०/८१ को बजेट हेर्ने हो भने तीन खर्ब दुई अर्ब रुपैयाँ रहेकामा वित्तीय व्यवस्था तीन खर्ब सात अर्ब रुपैयाँ पुगेको छ। यसरी संघीय सरकारको विकास बजेटलाई ऋणको साँवा-ब्याज तिर्ने रकमले उछिन्न थालेको छ।

त्यसैगरी, अबको सात वर्षमा मध्यम आयको मुलुक बन्न नेपालीको प्रतिव्यक्ति आय ४,०४५ अमेरिकी डलरभन्दा माथि पुग्नुपर्छ जबकि नेपालको हालको औसत प्रतिव्यक्ति आय मात्र १,३९९ डलर छ। गत वर्ष र चालु वर्षको आर्थिक सुस्तता हेर्दा र विगतको प्रवृत्ति हेर्दा चार हजारमाथिको प्रतिव्यक्ति आय ठूलो चुनौती हो। कुनै पनि समाजको विकासका दुई आयाम हुन्छन्- सफ्टवेयर र हार्डवेयर। मानिसमा विकास हुँदै गरेको सोचदेखि विकासको खाकासम्मका कुराहरू सफ्टवेयरअन्तर्गत राख्न सकिन्छ भने भौतिक रूपमा देखिने विकास हार्डवेयर हो। तर नेपालमा यी दुई आयामबीच तादत्म्य बन्न सकेको देखिँदैन। मानिसको सोचभन्दा विकास ज्यादै पछाडि परेको छ। तीव्र सामाजिक विकासले निर्माण गरेको सचेतना र समृद्धिको आकांक्षालाई भौतिक र आर्थिक विकासले सम्बोधन गर्न नसक्दा आमजनतामा निराशा र आक्रोश छाएको छ। अर्कातर्फ जनसंख्याको एकतिहाइभन्दा बढी हिस्सा कुनै न कुनै रूपमा विदेशको विकास देखेर वा अनुभव गरेर आएको छ। यहाँको आर्थिक, भौतिक तथा सामाजिक विकासले उनीहरूको सामान्य अपेक्षा र सोचलाई पनि सम्बोधन गर्न सकेको छैन।

यी यावत् विषयलाई सम्बोधन गर्न नेपालले अहिले अवलम्बन गरिरहेको योजना निर्माण र कार्यान्वयनको शैलीमा क्रान्तिकारी सुधार आवश्यक छ। बजेट र क्षमताअनुसार कार्यान्वयन गर्न सकिने, समयको मागअनुसारका पूर्वाधार र अन्य संरचना खडा गर्ने, अन्तर्राष्ट्रिय व्यापार तथा आर्थिक कूटनीति बढाउने र विश्वव्यापी माग पूर्ति गर्न सक्ने जनशक्ति सिर्जना गर्ने गरी नयाँ योजना बनाउनुपर्छ। राष्ट्रिय योजना आयोग, प्रदेशहरू र लगानी बोर्डले निर्माण गरेका परियोजना बैंकहरूलाई एकीकृत गरी प्राथमिकता तोकेर साधन-स्रोत जुटाउन नथाल्ने हो भने भौतिक विकासले गति लिन सक्दैन। दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक स्रोत जुटाउन नेपालले द्विपक्षीय तथा बहुपक्षीय दाताहरूसँग पुग्नैपर्छ। त्यसका लागि प्रभावकारी समन्वय, सहकार्य आवश्यक पर्छ।

वर्तमान नेपालको समस्या भनेको न्यून उत्पादन तथा निर्यात पनि हो। स्वदेशमा उत्पादन बढाउँदा रोजगारी सिर्जना हुने, आयात प्रतिस्थापन भएर विदेशी मुद्राको सञ्चितिमा सकारात्मक प्रभाव पर्ने, स्वदेशी कच्चा पदार्थको प्रयोग हुनेलगायत लाभ मिल्नेछ। यसले जनशक्ति पलायन रोक्नमा पनि सहयोग गर्नेछ। त्यसका लागि इनोभेटिभ योजनाको आवश्यकता देखिएको छ। यसका साथै, विकासशीलमा स्तरोन्नति भइसकेपछि मुलुकले अपनाउनुपर्ने रणनीति तथा लगानी र पर्यटन भित्र्याउन एवं नेपालको निर्यात बढाउन कार्यान्वयन गर्नुपर्ने आर्थिक कूटनीतिले पनि नवीन योजना माग गरिरहेको छ। कृषिमा नवीन सोच आवश्यक छ भन्ने त विगतका सम्पूर्ण योजना र रणनीतिको असफलताले नै देखाएको छ।

त्यसैले राष्ट्रिय योजना आयोगले सोह्रौं योजना निर्माण गरिरहेका सन्दर्भमा नेपाल आर्थिक पत्रकार संघ (नाफिज) ले नेपाली अर्थतन्त्रका मुख्य क्षेत्रहरूको हालको अवस्था, नीति तथा योजना असफलताका कारण पहिल्याउँदै आगामी दिनमा मुलुकले अपनाउनुपर्ने योजनाको शैलीबारे विज्ञहरूको धारणा प्रस्तुत गर्ने उद्देश्यले अर्थचित्रको यो अंकमा योजना २.० लाई थिम बनाएको छ। आशा छ यसले नेपालको योजना, अर्थतन्त्र र ज्ञानको भण्डारमा पक्कै योगदान दिनेछ।

अन्त्यमा यो जर्नलका लेखक, सम्पादक, संयोजक, सल्लाहकार तथा बजार व्यवस्थापनमा योगदान गर्नुहुने सम्पूर्णमा नाफिज धन्यवाद व्यक्त गर्दछ। विजयादशमी, तिहार, नेपाल संवत् र छठ २०८० को मंगलमय शुभकामना।

| विषयसूची |


| | |
|---|---|
| दुई अंकको आर्थिक वृद्धिदर, दुई दशक निरन्तर | ६ |
| आयोजना व्यवस्थापन : कहिले सिक्ने असफलताको पाठ ? | १० |
| औद्योगिक विकास : लगानीको नयाँ मोडालिटी | १४ |
| १६औं योजना : लक्ष्यमै केन्द्रित दिगो विकास | १६ |
| मध्यमस्तरीय आय : असम्भव होइन, अतिरिक्त मिहिनेतको खाँचो | १८ |
| चिर्नुपर्ने निराशाको बाटो | २२ |
| औद्योगिक विकासमा निजीक्षेत्रको अग्रसरता | २४ |
| बन्दै छ डिजिटल बैंकिङ पूर्वाधार | २६ |
| समयमा पूर्वाधार : उपयुक्त डिजाइन, उचित पूर्वतयारी र समयमै पर्याप्त बजेट | ३० |
| अबको यातायात : कनेक्सन आर्थिक गतिविधिको | ३६ |
| संघीय नेपाल : तथ्याङ्क प्रणालीको त्रिआयाम | ४० |
| प्राकृतिक स्रोत : कुहिँदै जङ्गलमा काठ, आयातमा बल | ४६ |
| औद्योगीकरणमा अस्पष्ट सरकार | ५० |
| औद्योगिक विकास : छैन सहजीकरणमा सरकारको चासो | ५४ |
| आर्थिक मन्दी : चपेटामा साना उद्योग | ६० |
| असफल छैन निजी क्षेत्र | ६४ |
| विश्वस्तरीय अटोमेसनको आकांक्षा भेट्न पनि निजी लगानी | ६८ |
| अटोमेसन : बहसमा एउटा ब्लू प्रिन्ट | ७० |
| स्थानीय सरकार : आफ्नो बजेट, आफ्नै पूर्वाधार | ७४ |
| अबको सार्वजनिक वित्त मोडल | ७८ |
| ऊर्जा विकास : फालिएको समय, प्रविधिको चुनौती | ८२ |
| पर्यटन : संख्या बढाउने कि गुणस्तर खोज्ने ? | ८६ |
| प्राथमिकतामा विपद् जोखिम : न्यूनीकरण तथा व्यवस्थापनमा ध्यान | ९० |
| विकासको चरणमा पुँजी बजार | ९४ |
| बीमा : बन्दै विकासको आधार | ९८ |
| बजारको माग : पढ्दै कमाउने शिक्षा | १०२ |
| हवाई यातायातको भर | १०६ |
| दक्ष जनशक्ति उत्पादन : छैन राज्यको प्राथमिकता | ११० |
| खेलकुदबाटै समृद्धि | ११२ |
| मनोरञ्जन क्षेत्र : बन्दै अर्थतन्त्रको एउटा खम्बा | ११६ |
| ...अनि म धुवाँको साक्षी बसिनँ | १२० |






डा. बाबुराम भट्टराई

# त्यसपछि बल्ल नेपाल बन्छ : दुई अंकको आर्थिक वृद्धिदर, दुई दशक निरन्तर

**अहिले अल्पविकासको अवस्थामा रहे पनि अबको केही दशकमा तीव्र आर्थिक विकासको नीति लिएर अघि बढे नेपाल अवश्य समृद्ध बन्छ । यो देश छोडेर जाने होइन कि बाहिर गएकाहरू फर्केर यहाँ आउने छन् । वस्तुनिष्ठ सपना देखौँ, नेपाल बनाऔँ ।**

अहिले हामी १६औँ योजनाको तयारीमा छौँ । हामीले आवधिकरूपमा बनाइरहेका आयोजनाहरू औपचारिक पाटो मात्रै हुन् । औपचारिकताले मात्रै नेपालको अबको विकास योजनाको सम्बोधन गर्न सक्दैन । यसका लागि जबरजस्त हस्तक्षेपको खाँचो छ । अर्थात् समग्रमा युगीन चेतना र ऐतिहासिक सापेक्षताको आधारमा परिस्थितिको मूल्याङ्कन गर्ने र त्यस आधारमा समस्याको पहिचान गरी समाधान खोज्ने बेला भएको छ ।

**योजना निर्माणका आधारहरू**

पहिलो, आर्थिक समृद्धिको योजना बनाउनका निम्ति वैश्विकरूपमा युगको चेतना हुनुपर्‍यो । दोस्रो, वैश्विक परिवेशमा नेपालको स्थान के छ भन्ने बुझ्नुपर्‍यो । तेस्रो, नेपाली समाजकै आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक बनोट र सम्बन्ध के-कस्ता छन् र त्यसले विकासमा के-कस्तो समस्या ल्याएको छ बुझ्नुपर्‍यो । चौथो, सही नीति निर्माण नेपालको पिछडिएको अल्पविकसित अवस्थालाई चिर्न र विकासलाई तीव्र ढंगले अगाडि बढाउन कुनकुन क्षेत्रमा सचेतन ढंगबाट हस्तक्षेप गर्नुपर्छ ? कुनकुन नीति बनाउनुपर्छ ? कुन क्षेत्रलाई प्राथमिकता दिनुपर्छ भन्ने ढंगबाट हामी जानुपर्छ ।

यसरी हेर्दा सुरुमा हाम्रा नीति निर्माताहरूले विश्वको परिवेशमा हामी कहाँ छौँ भन्ने बुझ्नुपर्‍यो । यसमा हामीले पर्याप्त बहस र छलफल गरेका छैनौँ । भनिन्छ, विश्व २१ औँ शताब्दीसँगसँगै नयाँ युगीन परिवर्तनको चौथो औद्योगिक क्रान्तिको युगमा प्रवेश गरेको छ । आजभन्दा पाँच सय वर्षअघिसम्म संसार कृषि प्रधान अर्थतन्त्र थियो । त्यहाँ वाणिज्य व्यापारका सामान्यरूपहरू मात्रै हुन्थे । त्यसबेला संसारका सबै देशहरू उस्तैउस्तै गरिबीको अवस्थामा थिए । पछिल्लो पाँच सय वर्षमा विभिन्न वैज्ञानिक क्रान्ति हुँदै पहिलो, दोस्रो र तेस्रो औद्योगिक क्रान्ति भयो । यसले आधुनिक प्रविधिको विकास गर्‍यो । उद्योगधन्दाको विकास र उत्पादकत्व बढायो, जसलाई हामी औद्योगिक युग भन्छौँ । त्यसले संसारमा वस्तु र सेवाको अभूतपूर्व उत्पादन बढायो । यो आफैँमा पुँजीवादी उत्पादन प्रणालीमा बनेको हुनाले विभिन्नखाले असमानता ल्यायो र भीषण युद्ध, लडाइँ भए । त्यो पाँच सय वर्षको समय यसरी गुज्रियो ।

अहिलेको २१औँ शताब्दीमा आइपुग्दा पुँजीवादी व्यवस्थाको व्यापक भूमण्डलीकरण भयो । जसले अर्थतन्त्रको चलायमानता, श्रमको चलायमानता,

विज्ञान र प्रविधिको चलायमानताका कारण विश्व नै अन्तरसम्बन्धित भएर जोडिएको छ । मूलतः यो भूमण्डलीकृत पुँजीवादी विश्व हो । पुँजीवादमा अन्तरनिहित असमान र विषम विकासको नियम हुन्छ । त्यसले कुनैबेला कुनै क्षेत्र बढी विकसित हुन्छ भने कुनैबेला कुनै क्षेत्र । जस्तै; कुनै बेला युरोप विकसित भयो । दोस्रो विश्वयुद्धपछि अमेरिका विकसित भयो । अहिले पूर्वी एसियामा यो केन्द्र सरिरहेको छ ।

पुँजी र प्रविधि जहाँ केन्द्रित भयो पुँजीवादी विकास त्यहीं हुने हो । यसले स्वतः त्यहाँ एक प्रकारको द्वन्द्व र लडाइँ निम्त्याउँछ । अहिले संसारले नै पुँजीवादी भूमण्डलीकरणले सिर्जना गरेको असमानता, त्यसले निम्त्याएको प्रकृतिको वातावरणीय विनाश, आणविक हातहतियार, आर्टिफिसियल इन्टिलिजेन्सलगायतका प्रविधिले ल्याएको विभीषिका समेतलाई मध्यनजर गर्दै समग्र विश्व प्रणालीलाई नै उत्तर पुँजीवादी (पोस्ट क्यापिटालिस्ट) पुनर्संरचना गरिनुपर्छ भन्ने विमर्श चलेको छ । २० औं शताब्दीमै कतिपय मुलुकहरू रुस, चीन आदिले उत्तरपुँजीवाद अर्थात् समाजवादको अभ्यास गर्न खोजेका थिए । तर त्यो बजार पुँजीवादको विकल्पमा राज्य पुँजीवाद मात्रै बन्यो । अहिले पुनः पुँजीवादको विकल्पमा नयाँ समाजवादको विमर्श भइरहेको छ ।

दोस्रो कुरा, यो युग परिवर्तन र वैचारिकरूपमा आएको नयाँपनलाई बुझेर नेपाल कहाँ छ भनेर पहिल्याउनु पर्‍यो । पाँच सय वर्षअघि विश्व जहाँ थियो, नेपाल अहिले पनि करिबकरिब त्यहीं छ । कृषिप्रधान अर्थतन्त्रबाट औद्योगिक अर्थतन्त्रमा रूपान्तरण हुनै सकेन । पछिल्लो चरणमा राजनीतिक क्रान्ति गरेर हामीले परिवर्तनको ढोका त खोल्यौं तर आर्थिक सामाजिक रूपान्तरण औद्योगिक रूपान्तरणमा परिणत हुन सकेन । यही क्रममा तीव्ररूपमा भूमण्डलीकृत पुँजीवादको लहर आयो ।

अहिले पुँजीवादी विकासको केन्द्र हाम्रो दुई छिमेक भारत र चीन बनिरहेका छन् । यसले गर्दा नेपालको प्रागपुँजीवादी अर्थतन्त्र पूरै पुँजीवादी विश्व अर्थतन्त्र व्यवस्थासँग जोडिन पुग्यो । जसलाई अध्येताहरूले समग्र विश्व पुँजीवादको मुख्य केन्द्रको किनारा वा काँठ हामी भयौं पनि भन्छन् । रूपमा चाहिँ हामी पुँजीवादी देखिन्छौं । गहिराइमा पुगेर हेर्‍यौं भने उत्पादन सम्बन्ध, उत्पादक शक्तिको विकास उद्योगधन्दाको विकास अपेक्षित ढंगले भएको छैन । उत्पादकत्व बढेको पनि छैन । यहाँ त उल्टै श्रम पलायन हुने, तिनै श्रमिकले पठाएको रेमिट्यान्स खर्च गरेर विदेशी वस्तु ल्याएर उपभोग गर्ने जस्ता परनिर्भरता र असमान सम्बन्धले हामी बाँधिएका छौं ।

यो भनेको हाम्रो परिचायक अर्थ राजनीतिक चरित्र किनारा पुँजीवाद (पेरिफेरियल क्यापिटालिज्म)को हो । यो भनेको कस्तो हो भने उत्पादनशील पनि हुँदैन, उल्टै अनुत्पादक, परनिर्भर, परजीवी खालको पुँजीवाद हुन्छ । सीमित मान्छेहरूले त्यसको लाभ लिने र बहुसंख्यक जनता बञ्चित हुने अवस्था रहन्छ । आसेपासे पुँजीवाद मौलाउँछ । यस्तो अवस्थामा निम्नवर्गीय मानिसहरू श्रमको खोजीमा विदेश जान्छन् । मध्यम वर्गीय परिवारका मानिस राम्रो अवसरको खोजीमा विदेश पलायन हुन्छन् । त्यसैले हामी झन्झन् पिछडिएका छौं । विश्वको औसत प्रतिव्यक्ति आय १३/१४ हजार डलर छ । यो हाम्रोभन्दा १० गुणा बढी छ । नेपालको प्रतिव्यक्ति आय १३/१४ सय डलरमा सीमित छौं । अझ हाम्रो हिमाल, पहाड र तराईको आयको असमानता हेर्‍यौं भने त झनै कमजोर स्थितिमा छौं । यसैले यो कटु यथार्थ बुझेर परनिर्भर विश्व किनारा पुँजीवादसँग जोडिएको नेपालको अवस्थालाई कसरी आत्मनिर्भर र अन्तरनिर्भर अर्थतन्त्रमा रूपान्तरण गर्ने भन्ने वैचारिक र नीतिगत खाका हामीसँग हुनुपर्दछ ।

तेस्रो कुरा, नेपालको वर्तमान अर्थराजनीतिक संरचनाबारे सही बुझाइ हो । जो अर्थनीति र राजनीति जोडिएको हुन्छ । राज्यको उपरी संरचना (सुप्पर स्टक्चर)सँग सामाजिक आर्थिक आधार अन्तरसम्बन्धित हुन्छ । त्यस हिसाबले राजनीतिको उपरी संरचना परिवर्तनका लागि लोकतान्त्रीकरण, संघीयताजस्ता परिवर्तन त भए तर त्यसको अपूर्णता रह्यो । त्यसले गर्दा अर्थतन्त्र चलायमान गराउने उपयुक्त नीति निर्धारण गर्नका लागि राजनीतिक उपरी संरचना अझै स्थिर प्रकृतिको बन्न सकेको छैन ।

> **अहिले पुँजीवादी विकासको केन्द्र हाम्रो दुई छिमेक भारत र चीन बनिरहेका छन् । यसले गर्दा नेपालको प्रागपुँजीवादी अर्थतन्त्र पूरै पुँजीवादी विश्व अर्थतन्त्र व्यवस्थासँग जोडिन पुग्यो । जसलाई अध्येताहरूले समग्र विश्व पुँजीवादको मुख्य केन्द्रको किनारा वा काँठ हामी भयौं पनि भन्छन् ।**

तीव्र आर्थिक विकास र समृद्धिको मार्गचित्र बनाएर देश विकासमा अघि बढ्ने हो भने त्यसको अपूर्णतालाई चिरेर अघि बढ्न सही र स्थिर प्रकृतिको राजनीतिक नेतृत्व आउनु पर्दछ । न्यायालय, सुरक्षा निकाय सबै राज्यका निकायहरूको आधुनिकीकरण हुनुपर्छ । राज्यका अंगहरूको विकासमुखी रूपान्तरण हुनु पर्दछ । राजनीतिक स्थिरताका निम्ति अहिलेको शासकीय प्रणालीलाई बदलेर हामी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख प्रणाली र पूर्ण समानुपातिक व्यवस्थापिकामा जानुपर्छ । अहिलेको संघीयतालाई जातीय, क्षेत्रीय आधारमा मिल्नेगरी पुनर्संरचना गरिनुपर्छ । यस्तै, वित्तीय संघीयतामा संघ, प्रदेश र स्थानीय तहको प्राकृतिक स्रोतको बाँडफाँट न्यायपूर्ण ढंगले गरिनुपर्छ । यही परिवर्तनसँगै मेल खानेगरी न्यायालय, सुरक्षा अंग र नोकरशाहीतन्त्रको विकासमुखी ढंगले रूपान्तरण गर्नुपर्छ ।

चौथो र सबैभन्दा महत्वपूर्ण कुरा भनेको अहिले तत्काल आर्थिक विकासका लागि समस्या भनेको हाम्रो राष्ट्रिय विकासको नीति कस्तो हुने भन्ने नीतिगत अस्पष्टता नै हो । किनभने हामी बहुदलीय लोकतान्त्रिक अवस्थामा छौं । फरक दल, फरक बुझाइ छन् । फेरि हाम्रो समाज बहुवर्गीय तथा जातीय र क्षेत्रीय विविधतायुक्त पनि छ । हामी लोकतन्त्रमा त गयौं तर आधारभूत बुझाइमा सापेक्षितरूपमा एकता त हुनुपर्ने थियो । कांग्रेसले एकातिर तान्ने, कम्युनिस्टले अर्कोतिर तन्काउने, राजावादी भनेकाहरूले अर्कोतिर तान्ने र नयाँ उदय भएका नयाँशक्तिले पनि आफ्नै तन्काउने गरेर त हामी कतै पुगिन्नँ ।

**प्रमुख विकास नीति**

नेपालको आर्थिक विकासको नीति के हुने ? अहिले विश्वको तुलनामा हामी औसत १० गुणा पछाडि छौं । हामी कृषिप्रधान अर्थतन्त्रबाट भर्खरै संक्रमण मात्रै गर्दैछौं । औद्योगिक पुँजीवादको त विकास नै भएको छैन । अब त तीव्र गतिको फड्को हान्ने नीति लिएर हामी जानुपर्दछ । यो अवस्थामा यी सबै कुरालाई ध्यान दिएर नीतिगत कुरामा स्पष्टता आउनुपर्छ। एकथरीले उदारवादी वैचारिक धार लिएर सबै कुरा बजारलाई छोडिदिने, सबै ठीक भइहाल्छ भन्छन् । पुरानो कम्युनिस्ट धारले राज्यले सबै कुरा नियन्त्रण गरिनुपर्छ भन्छ । तर नेपालको सन्दर्भमा ती दुवै तरिका सम्भव हुन्नँ । पुँजीवादी व्यवस्थाको उत्कर्षमा पुगेका अमेरिका, युरोपले बजारमा जोड गर्ने हुन सक्छ । चीनलगायतका एकदलीय मात्रै शासनसत्ता भएको देशमा सबै राज्यले गर्ने भन्ने हुन सक्छ । तर हामी भर्खरै बहुदलीय लोकतान्त्रिक प्रणालीमा प्रवेश गरेका छौं । अतः हामीले आफ्नै मौलिक ढंगको बजार, राज्य र समुदायको सन्तुलित भूमिका रहने अर्थनीति लिनुपर्छ ।

साथै, नीतिगतरूपमा अन्तर्मुखी कि र बहिर्मुखी नीति भन्ने दोधार पनि छ । हामी विश्व पुँजीवादसँग जोडिएको अर्थतन्त्र भएकाले आफू मात्रै सबै गर्छु र अरूसँग अलगिन्छु भन्ने पनि सम्भव हुँदैन । तर अहिले जे भइरहेको



छ त्यसैलाई खुला छोड्यौँ भने हाम्रो परनिर्भरता झनै बढ्छ । सुगौली सन्धियता नै नेपाल निरन्तर भारतीय अर्थतन्त्रको चेपुवामा परेको छ । यस्तो बेलामा खुला र बहिर्मुखी नीति मात्र लियौँ भने भारतसँगको परनिर्भरता झनै बढेर जान्छ । यसबारे महत्वपूर्ण नीतिगत व्यवस्था भनेको भार तसँगको खुला सीमा नियमन गर्ने हो । उसको त्यत्रो ठूलो अर्थतन्त्र र हाम्रो यति सानो अर्थतन्त्र, उसको विकसित अर्थतन्त्र र हाम्रो अल्पविकसित अर्थतन्त्रलाई खुला छोडिदिएपछि जहिले पनि ठूलो चुम्बकले सानो चुम्बकलाई तानिहाल्छ । पोखरी र कुवालाई जोडिदिनु भयो भने त कुवा त पोखरीमा डुबिहाल्छ । त्यस अर्थमा पनि यसको व्यवस्थापन हामीले गर्नैपर्छ ।

पछिल्लो समय चीन जसरी उदीयमान अर्थतन्त्रको रूपमा आइरहेको छ । ऊसँगको हाम्रो कनेक्टिभिटी बढाउनुपर्छ । भलै हिमाली भूभाग र भौगोलिक कठिनाइका कारण ढुवानीको लागत महँगो छ । चीनसँगको भौगोलिक सहजता बढाउँदै लगेर उसको अर्थतन्त्रको लाभ पनि हामीले उठाउनुपर्छ ।

हामी दुई ढुंगाबीचको तरुलको रूपमा नभएर दुई देशबीचको पुलको रूपमा विकास गरिनुपर्छ । यसको अर्थ भारतसँगको सीमा बन्द वा नियमन गर्ने र चीनतर्फ फर्काउने भनेको होइन । अव्यवस्थित भारतीय खुला सीमा नियमन गर्ने र चीनतर्फ पनि पूर्वाधार विकास गरेर दुवै अर्थतन्त्रको मूल्य शृङ्खलामा जोडिएर दुवै देशको लगानी भित्र्याउने र नेपालको वस्तु उत्पादन गरेर दुवैतिर निर्यात गर्ने अवस्था सिर्जना गर्न सक्यौँ भने यो सन्तुलनमा आउँछ । अहिले हामी पूरै बहिर्मुखी छौँ, यसरी पनि हुन्न र पूरै अन्तर्मुखी मात्रै हुन्छु भनेर पनि हुन्न । हाम्रो अर्थतन्त्र धेरै पछाडि छ । पुँजी र प्रविधि हाम्रो आफ्नै पर्याप्त छैन ।

अर्को नीतिगत कुरा भनेको हामीले आफ्नो देशको भौगोलिक विशिष्टता र भोलिको चुनौती र सम्भावनालाई पनि हेर्नुपर्छ । नेपालको हिमाल, पहाड र तराईको भौगोलिक बनोट, प्राकृतिक सम्पदाको विविधता र पछिल्लो चरणमा उठेका पर्यावरणसम्बन्धी मुद्दालाई पनि ध्यान दिनुपर्छ ।

अहिले विश्वमा आधुनिकतावादी ढाँचामा ठूलो स्केलमा पूर्वाधार बनाउने, ठूला उद्योगधन्दा बनाएर जाने वा साना र मध्यम खालका उद्यम व्यवसाय गर्ने भन्ने खालको बहस छ । नेपालको हिमाल, पहाड र मधेश तराईका विविधताका कारणले ठूलो मात्रामा आधुनिकतावादी विकासबाट छिटो विकास त हुन्छ तर त्यसले पर्यावरणमा ठूलो विनाश ल्याउँछ । यसबाट समेत पाठ सिक्दै हाम्रो मौलिक बाटो बीचको बाटो अर्थात् आलोचनात्मक आधुनिकतावादी (क्रिटिकल मोर्डनिस्ट) बाटो हामीले अवलम्बन गर्नुपर्छ ।

कृषिप्रधान अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा रूपान्तरण गर्न विकासका ठूला सडक, सिँचाइ, विमानस्थलजस्ता ठूला पूर्वाधार चाहिन्छ । यो तर त्यो बाटोले पर्यावरणमा हुने विनाश र वातावरणको सन्तुलन खलबल्याउन दिनुहुन्न । अरूले गरेको गल्ती हामीले दोहोऱ्याउनुहुन्न । त्यसैले ठूलासँगसँगै मध्यम र सानास्तरका आर्थिक गतिविधिको सन्तुलन मिलाउने र हिमाल, पहाड र तराईको विशेषताअनुसार फरकफरक आर्थिक गतिविधि गर्नेगरी जानुपर्छ । यससँगै वातावरणको संरक्षणमा ध्यान दिने र वैकल्पिक ऊर्जाको उपयोगमा पनि ध्यान दिनुपर्छ । यो बाटो भनेको आलोचनात्मक आधुनिकतावादी बाटो हुन्छ । त्यसैले यो महत्वपूर्ण नीतिगत प्रश्नमा हामी प्रस्ट हुनुपर्छ ।

अर्को महत्वपूर्ण नीतिगत कुरा, तीव्र विकास र वितरणको सन्तुलन मिलाउन पनि जरुरी छ । पुँजीवादीहरूको उत्पादन वृद्धि गरिदिएर सप्लाइमा जोड दिएपछि स्वतः नै माग सिर्जना हुन्छ भन्ने मान्यता हुन्छ । कम्युनिस्टहरूको वितरणप्रधान नीतिले जति समाजमा चाहिन्छ त्यति मात्रै उत्पादन गर्ने भन्ने हुन्छ । हामी यसरी उत्पादनमुखी र वितरणमुखी भनेर बाँधिनु हुँदैन । हामीले युगअनुरूप वृद्धि, वितरण, दिगोपन र खुसीपनको चार आयामिक नीति लिनुपर्छ । तर पनि सबै एकै पटक बराबर गर्ने भन्ने त हुँदैन । शुरुमा मुख्य त वृद्धि र वितरणमध्ये कुनमा जोड दिने र कुनमा ध्यान दिने भन्नेमा हामी प्रष्ट हुनुपर्छ ।

सर्वप्रथम त हाम्रो प्रतिव्यक्ति आय र उत्पादन नै कम छ । अहिले हाम्रो संसारको भन्दा १० गुणा कम प्रतिव्यक्ति उत्पादन भएका कारण कम्तीमा यसलाई १० गुणा बढाउने ढंगले 'दुई अंकको आर्थिक वृद्धिदर दुई दशक निरन्तर' भन्ने नारा नै बनाएर उत्पादन बढाउने कुरामा जोड दिनुपर्छ । यसका लागि आन्तरिक पुँजी परिचालन, भ्रष्टाचारलगायतका फजुल खर्चमा नियन्त्रण गरी बचत र लगानी गर्नुपर्छ । तर यत्तिले मात्रै आवश्यक लगानी पुग्दैन । दुई अंकको आर्थिक वृद्धिका लागि प्रतिवर्ष जीडीपीको ४० प्रतिशत लगानी गर्नुपर्छ । यसरी हेर्दा अहिलेको ५० खर्ब जीडीपीको २० खर्ब प्रत्येक वर्ष विकास खर्च गर्नुपर्छ । जुन हाम्रो आन्तरिक स्रोतबाट पुग्दैन ।

त्यसैले नपुग्ने पुँजी र प्रविधि बाहिरबाट ल्याउनुपर्छ र त्यो विदेशी लगानी, सहुलियतपूर्ण ऋण आदि हुन सक्छ । यसो गर्न सकियो र

क्षेत्रगत छनौट गरेर लगानी गर्न सक्यौँ भने हामी तीव्र आर्थिक वृद्धि हासिल गर्न सक्छौँ । सँगसँगै वितरणमा ध्यान दिइएन भने कुनै समुदाय र क्षेत्र जहाँको त्यही रहने र कुनै क्षेत्र र समुदाय मात्रै माथि उठ्ने हुन्छ । त्यसैले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको दायित्व राज्यले लिने र साना तथा मझौला उद्यम र व्यवसायका निम्ति सबैलाई वित्तीय पहुँच पुऱ्याउनुपर्छ । जबकि अहिले बैंकमा थुप्रिएको रकम सीमित व्यक्तिको मात्र पहुँचमा छ । एकीकृत सामाजिक सुरक्षाको उचित प्रबन्ध गर्न सकियो भने निरपेक्ष गरिबीमा कोही पनि रहेदैन । यसरी सन्तुलन मिलाउनुपर्छ । यससंगसंगै पर्यावरणीय सन्तुलन तथा संरक्षण र भौगोलिक सुखसँगसँगै व्यक्तिको आर्थिक सुखको प्रश्नमा पनि ध्यान दिनुपर्दछ ।

**योजना निर्माण**

यी चारवटा मूल पक्ष अर्थात् अन्तर्राष्ट्रिय परिवेश बुझ्ने, दोस्रो नेपालको विश्वमा स्थानलाई बुझ्ने, तेस्रो, नेपालको आन्तरिक संरचना बुझ्ने र चौथो, नेपालले अपनाउनुपर्ने बाटोबारे स्पष्ट भइसकेपछि बल्ल योजना बनाउने हो । हामी लोकतान्त्रिक व्यवस्थामा छौँ । संघीयतामा पनि गइसकेका छौँ । तर योजना बनाउँदा फेरि केन्द्रले नै सबै बनाउने तरिका पनि ठीक हुँदैन । त्यसैले योजना आयोगको अवधारणामा पनि पुनर्संरचना गरिनुपर्छ । केन्द्रले मूल र संघका खास रणनीति बनाउनुपर्छ । जसमध्ये उपरोक्त चार वटा नीति केन्द्रबाट बन्नुपर्छ । रणनीति बनाउनु पर्छ । अनि क्षेत्रगत ।

हाम्रो कृषिप्रधान अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा विकास गर्न पूर्वाधारमै लगानी गरिनुपर्छ । म प्रधानमन्त्री रहँदा राष्ट्रिय गौरवका आयोजना भनेर पूर्वाधारका १७ वटा योजना छनोट गरेको थिएँ । पछि त्यो महत्व नबुझी गैर पूर्वाधारका योजना पनि त्यसैमा हालियो । त्यसैले पहिलो भौतिक पूर्वाधारको रणनीति बनाउने, दोस्रो ऊर्जा र जलस्रोतको राष्ट्रिय रणनीति बनाउने, तेस्रो शिक्षा, स्वास्थ्य र विज्ञान प्रविधि, नवप्रवर्द्धनलगायतका क्षेत्रको राष्ट्रिय रणनीति बनाउनुपर्छ । चौथो, कृषि र वन नेपालको मुख्य सम्पदा भएका कारण यसको छिटो रूपान्तरण कसरी गर्ने भनेर योजना बनाउनुपर्छ । पाँचौं, औद्योगिक उत्पादनमा तीव्र वृद्धिका निम्ति उद्योग, पर्यटनको क्षेत्रको रणनीति बनाउनुपर्छ । भारत र चीनको मूल्य शृङ्खलासँग जोडेर विकास नीतिमा विशेष ध्यान दिनुपर्छ । छैटौं, सामाजिक सुरक्षा र सामाजिक न्यायको प्रत्याभूति सबैलाई हुने रणनीति बनाउनुपर्छ । यसरी केन्द्रले प्रमुख रणनीति लिनुपर्छ । यसका निम्ति अधिकारसम्पन्न विकास/समृद्धि प्राधिकरण केन्द्रमा बनाउनुपर्छ । अहिलेको योजना आयोग आफैँमा कार्यकारी अधिकार नभएको निकाय भएका कारण यसको प्रभावकारिता त्यति छैन । अन्तरमन्त्रालय समन्वय गरेर केन्द्रको प्राधिकरणले नीतिनिर्माण गर्छ भने प्रादेशिक योजना आयोगले प्रदेशको विशेषताका आधारमा क्षेत्रगत योजना बनाउँछ । यसको कार्यान्वयन भने स्थानीय तहबाट गरिनुपर्छ । यसरी जान सकियो भने नेपालमा तीव्र गतिको विकास र समृद्धि हासिल गर्न सकिन्छ ।

**नेपाली सपना**

यसर्थ, मेरो आग्रह के हो भने हामीले अलिक ठूलो सपना देख्न सक्नुपऱ्यो । नेपाल राज्यको औचित्य के हो ? यसको विशेषता के हो ? यसको भोलिको सम्भावना के हो ? भनेर नेतृत्वले ठीक ढङ्गले बुझ्न नसक्दा र जनतालाई बुझाउन नसक्दा युवाहरू पलायन भएर गएका छन् । नेपाल भन्ने राज्य साढे दुई सय वर्ष पहिले निर्माण हुँदा विश्वका २०/२५ वटा स्वतन्त्र राज्यमध्ये हामी एक थियौँ । दक्षिण एसियामा त हामी मात्रै स्वतन्त्र राज्य थियौँ । यो कसैको लहडमा भएको त होइन । यसको

**हाम्रो कृषिप्रधान अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा विकास गर्न पूर्वाधारमै लगानी गरिनुपर्छ । म प्रधानमन्त्री रहँदा राष्ट्रिय गौरवका आयोजना भनेर पूर्वाधारका १७ वटा योजना छनोट गरेको थिएँ ।**

पछाडि केही महत्वपूर्ण कारण र आधार छन् । नेपालको छुट्टै अस्तित्व रहनुका कारण दक्षिण एसिया र पूर्वी एसियाको बीचमा हाम्रो आफ्नै मौलिकतासहितको अवस्थिति हो ।

भौगर्भिक र भौगोलिक हिसाबले उत्तरको युरेसियन र इण्डियन प्लेटको बीचमा हिमाली क्षेत्र खडा भएको हो । जातीयरूपमा पनि दक्षिण अफ्रिकाबाट फैलिएको होमिसेपियन प्रजातिका सबै हाँगाबिँगाहरूको सङ्गमस्थल नेपाल हो । दक्षिणपट्टि अस्ट्रो-द्रबिडहरूको बाहुल्य छ, उत्तरपूर्वमा मंगोलियनको बाहुल्यता छ भने पश्चिममा खसआर्यको बाहुल्य छ । यी तीनवटै प्रमुख धारको मिश्रण भएको नेपाली जाति जसलाई हिमाली सभ्यताभन्दा पनि हुन्छ । नेपाल हाम्रो छुट्टै मौलिक सभ्यता भएको ठाउँ हो । आर्थिक सम्भाव्यताको हिसाबले पनि हिमाल, पहाड र तराईको विविधतायुक्त हावापानी, साधन स्रोतको प्रचुरता, ऊर्जाको निम्ति जलस्रोतलगायतको सम्भावनाका कारण नेपालको भविष्य उज्वल छ ।

ज्ञान र सभ्याताका हिसाबले पूर्वीय कन्फुसियन सभ्यता र दक्षिणी आर्यन सभ्यातको पुलजस्तो ठाउँमा हामी छौँ । मूलतः पहाडी जीवनमा बस्ने भएकाले लड्ने र सम्झौता गर्ने क्षमता र संस्कार नेपालीमा छ । यो राज्य यत्तिकै बनेको होइन । दक्षिणमा पहिले त मुगलका साम्राज्य भए, अंग्रेजका साम्राज्य भए तर हामी स्वतन्त्र रह्यौँ । तिब्बत र चीनसँग पनि बेलाबखत भिडेकै हो । लडेर नै हाम्रो अस्तित्व रहेको हो । लड्दै र आवश्यकतामा पर्दा सम्झौता गरी यो मुलुक बनेको हो । २००७ सालदेखि माओवादी जनयुद्धसम्म लडेर सम्झौता गरेरै हामी आएका छौँ । यसरी ऐतिहासिक भौगोलिक, सामाजिक, आर्थिक, राजनीतिक विशिष्टतासहितको नेपाललाई हामीले वस्तुगत ढंगले बुझ्नुपर्छ । नेपाल भन्ने देश स्वतन्त्र रहन्छ र यो समृद्ध बन्छ भन्ने विश्वास हामीमा हुनुपर्छ ।

अबको शताब्दी एसियाली शताब्दी भनिँदै छ । यो भनेको मूलतः भारत र चीन वरपर भनेको हो । अर्थात् झण्डै तीन अर्ब जनसंख्याको बीचमा हामी छौँ । चीन पहिलो र भारत विश्वको तेस्रो अर्थतन्त्र हुने प्रक्षेपण गरिएको छ । यी दुई ठूला अर्थतन्त्रको बीचमा हामी शून्यता (भ्याकुम) मा रहन्नौँ । उपयुक्त नीति लिन सक्यौँ भने नेपाल चीन र भारतको बीचमा समृद्धिको गतिशील पुलको रूपमा रहन्छौँ । यो शताब्दीमा नेपालको हिमाली भेगको वातावरणीय संरक्षण विश्वको ठूलो एजेण्डा बन्दैछ । त्यस हिसाबले भोलि हरित विकास (ग्रिन डेभलपमेन्ट) को मोडल नेपाल बन्न सक्छ । राजनीतिकरूपमा भारत, चीन र अमेरिकाको द्वन्द्व यस क्षेत्रमा जुन बढ्दैछ, यसमा कतैतिर पनि नलागी गतिशील सन्तुलन कायम गरिनुपर्छ । यस क्रममा वैचारिकरूपमा बुद्ध जन्मिएको देशबाट गतिशीत शान्तिवाद (डाइनामिक प्यासिफिजम)को सन्देश हामीले दिन सक्छौँ ।

अर्कोतर्फ पूर्व र पश्चिमको ज्ञानको सङ्गम नेपाललाई बनाउन सकिन्छ । आईटी र एआईको प्रयोग आगामी दशकमा बढ्छ । त्यसलाई समेटेर ज्ञानको केन्द्रको रूपमा नेपाललाई विकास गर्न सकिन्छ । यसरी शान्तिको केन्द्र, ज्ञानको केन्द्र र हरित विकासको केन्द्रको रूपमा विकास गर्न सक्ने हो भने आउँदो शताब्दीको अन्त्यसम्म नेपाल हिजोको स्विट्जरल्याण्ड, सिंगापुरजस्तै बन्न सक्छ । यो सम्भावनालाई बुझेर नेतृत्वले ठोस योजना बनाउनुपर्छ र जनता र युवालाई दूरगामी सपना देखाउन सक्नुपर्छ । यो देशमा केही हुन्न भनेर हाम्रा युवाले देश छोड्नु पर्दैन । अहिले अल्पविकासको अवस्थामा रहे पनि अबको केही दशकमा तीव्र आर्थिक विकासको नीति लिएर अघि बढे नेपाल अवश्य समृद्ध बन्छ । यो देश छोडेर जाने होइन कि बाहिर गएकाहरू फर्केर यहाँ आउने छन् । वस्तुनिष्ठ सपना देखौँ, नेपाल बनाऔँ ।





प्रा.डा. शिवराज अधिकारी

# आयोजना व्यवस्थापन : कहिले सिक्ने असफलताको पाठ ?

> **उफ्रने आर्थिक वृद्धि भनेर हुँदैन । उफ्रिँदाउफ्रिँदै कतिबेला पछारिन्छ त्यो पनि थाहा हुनुपर्छ । त्यसैले कति माथि उफ्रिने हो भन्ने कुरा पछारिँदाको पीडाको मापनले निर्धारण गर्छ । त्यसैले त दिगो विकास भनिएको हो ।**

नेपालमा आयोजना शिलान्यास भइरहने तर नबन्ने प्रवृत्ति व्याप्त छ। अध्ययनविनाका आयोजना सुरुवात गर्ने होडबाजीले धेरै आयोजना समयमै सकिएनन् । सानासँगै गौरवका आयोजनाको अवस्थामा एउटै समानता छ, समयमा नसकिनु । हामीले आयोजनाको नाम 'गौरव'को दियौँ तर गौरव गर्ने आधार दिएनौँ । न त समयमै सम्पन्न गर्न सक्यौँ। न उत्पादन वृद्धि गर्यौँ। न रोजगारी बढ्यो । काम गर्न नसक्ने उद्देश्य राख्नु आफैँमा विरोधाभासपूर्ण छ। यस्ता कार्यले आशा होइन निराशा पैदा गर्छ।

आर्थिक वर्ष २०६८/६९ मा १७ वटा गौरवका आयोजना घोषणा गरिएको थियो। अहिले बढेर २४ पुगेको छ । तीमध्ये तीन वटा मात्रै पूर्णरूपमा सकिएका छन् । बुढीगण्डकी, पश्चिम सेती, पूर्वपश्चिम विद्युतीय रेलमार्गको काम सुरुवातै भएको छैन । सञ्चालनमा आइसेकेको मेलम्ची खानेपानी आयोजना एक वर्ष नपुग्दै बाढीमा पुरियो । २०४५ सालमा सुरु भएको बबई सिँचाइ अहिलेसम्म सकिएको छैन ।

काठमाडौंमा मेट्रो रेल, बाहिरी चक्रपथका दीर्घकालीन योजना र कार्यान्वयनको मोडालिटी बनाउन नसक्दा रुमल्लिएका छन् । अध्ययनविनै सुरु भएको विशेष आर्थिक क्षेत्र (सेज) प्रभावकारी हुन सकेका छैनन् । यी सबै घटनाले नेपालमा पूर्वाधार आयोजना दीर्घकालीन सोचको आधारमा बन्दैनन् भन्ने प्रष्ट पारेको छ । अपरिष्कृत सोच, शक्ति केन्द्र र तत्कालीन फाइदा हेरेर मात्र आयोजना छनोट गर्ने प्रवृत्ति छ। नेपालमा आयोजनाको साझा प्रवृत्तिलाई तलका बुँदाहरूले बुझाउन सकिन्छ ।

### विकासे अयोजनामा राजनीति हाबी

जनताको आवाज भनी राजनीतिक नेतृत्वको विवेकले आयोजना छनोट गर्छ। कुनै अध्ययन, अनुसन्धान भएको हुँदैन । नेतृत्वमा रहेकाले शक्ति देखाउन आयोजना पार्छन् । नीति अनुसन्धान प्रतिष्ठानले भर्खरै निकालेको प्रतिवेदनले नेपालमा स्थापना गर्ने भनिएका सबै सेजहरू राजनीतिक खिचातानीका कारण सफल हुन नसकेको निष्कर्ष निकालेको छ । यसलाई कसले ध्यान दिने ? हिजो गलत भए पनि अब सुधार्नुपर्छ भन्ने सोच छैन । 'हिजो गर्न हुने, आज नहुने' भन्ने सोच, प्रक्रिया र व्यवहारले काम गरेको छ ।

### अध्ययन अनुसन्धानको अभाव

देशको आवश्यकता छ भनी छलफल र केही अध्ययनपछि आयोजना छनोट हुन्छ । यी आयोजनाको पनि दीर्घकालीन सोच अन्य परियोजनासँग अन्तरसम्बन्ध, भविष्यमा हुन सक्ने असर र लाभ हानिको पर्याप्त अध्ययनविनै काम



सुरु हुन्छ । कुनै परियोजना छनोट गर्दा कम्तीमा ५० वर्षको सोच हुनुपर्छ । सडक, पुल, सिँचाइ, विद्युत् उत्पादन, कृषि उत्पादन, शहरीकरण, पर्यटन आदिको अन्तरसम्बन्ध एकअर्कोमा अवरोध होइन सहजीकरण, एउटा बन्दा अर्कोलाई असर गर्ने होइन सहयोग गर्ने मोडल नै अध्ययन अनुसन्धानले विकास गर्नुपर्छ ।

**तदर्थवादको छनोटमा आयोजना**

अहिले कुनै मन्त्रालय वा सरकारी निकायका एक जनालाई यो आयोजना बन्नुपर्छ भन्ने लागे अगाडि बढ्छ । एउटा आयोजनाले अर्को आयोजनालाई असर गर्दछ । आयोजनाका पनि नदेखिएका असर हुन्छन् । सधैं राम्रो हुन्छ भन्ने छैन । त्यतातिर कहिलै विचार विमर्श गरिँदैन । आयोजना छनोटमा तदर्थवाद हाबी छ । काम देखाउन वा काम देखाउने निहुँमा बनाइएका योजनाले परिणाम दिन सक्दैन ।

राजनीतिक नेतृत्वको दबाब र तदर्थवादमा छनोट भएका आयोजनाले समस्यामाथि समस्या थपेका छन् । एउटै नदीमा सडकका लागि पुल बनाउनुपर्छ । त्यसैमा जलविद्युत् वा सिँचाइका आयोजना बनाउनुपर्छ । नदीमाथि पुल बनाएको हुन्छ । बाँध बाधेर जलविद्युत् वा सिँचाइको रूपमा प्रयोग गर्न खोजे पुल काम नलाग्ने हुन सक्छ । हाम्रा नदीको कुन ठाउँमा के बनाउने भन्ने दीर्घकालीन सोच वा योजना नै छैन । जसलाई जहाँ आवश्यक पर्छ त्यहाँ बनाइहाल्छ ।

एउटा आयोजना नसकिँदै त्यहाँ अर्को आयोजना बनाउनु परे पहिला बनाएको संरचना काम नलाग्ने हुन्छ । हचुवामा आयोजना छनोट गर्दा समग्र विकासको सम्भावित फल लिन सकेका छैनौं । यसको उल्टो धेरै अवसर गुमाएका छौं । आयोजनालाई मानिसको जीवनसँग कसरी जोड्ने भन्ने विषय हाम्रोमा हेरिन्नँ । हामीसँग भएको प्राकृतिक स्रोतलाई कसरी व्यवस्थापन गर्ने भनी हेर्दैनौं । आयोजना बनाउनु ठीक छ कि छैन ? आयोजनाबाट लिनुपर्नेजति नाफा लिन सकिन्छ कि सकिँदैन ? नाफाभन्दा बढी घाटा व्यहोरेका छौं कि ? त्यसैले आयोजनावाट कति घाटा भयो भन्ने अध्ययन गर्नुपर्छ । त्यो काम नेपालमा अहिलेसम्म भएको छैन ।

गलत आयोजना छनोटका कारण समयमा काम नसकिने मात्र होइन लागत बढ्ने समस्याको चङ्गुलमा देश फसेको छ । अहिले निर्धारित लागतमा कुनै पनि आयोजना सम्पन्न हुँदैनन् । स्रोत नै नभए पनि स्रोत सुनिश्चिता देखाएर आयोजना थाल्ने प्रवृत्तिका कारण समस्या आएको छ । आयोजना छनोट प्रक्रिया गलत छ भन्ने यहींबाट देखिन्छ । काम गरे पनि समयमै अर्बौं रुपैयाँ भुक्तानी हुन सकेको छैन ।

स्रोतको दोहन अर्को समस्या हो । स्रोतको प्रयोग कुनै योजनाविनै आफूखुसी भइरहेको छ । अहिले डीपीआर, डिजाइन नै नबनी आयोजना ठेक्का लाग्दै आएका छन् । ललितपुरको ग्वार्कोमा फ्लाइओभर बनाउने भनेर बाटो खनियो । निर्माणको काम सुरु नहुँदै डिजाइन परिवर्तन गर्नुपर्ने अवस्था आयो । अब समयमा कसरी सकिन्छ ? आयोजना कसरी निर्माण गर्ने, कसको भूमिका के हुने स्पष्ट कार्यविधि पनि नहुँदा ढिलाइ हुने समस्या छ । आयोजनाको लागत कति मात्रै हो हेरिन्छ तर समयमै काम नसकिँदा कति घाटा व्यहोर्‍यौं, त्यसको कुनै लेखाजोखा छैन । कसैले राख्ने प्रचलन छैन ।

**ठूला आयोजनाबाट फाइदा लिन सकेनौं**

गौरवका आयोजना दुई दर्जन पुगेका छन् । केही निर्माण सकिएर फाइदा लिइरहेका छौं । केही सकिए पनि प्रतिफल प्राप्त गर्न सकेका छैनौं । कस्तोलाई गौरवका आयोजना भन्ने छुट्टै प्रश्न छ । नाम गौरवको दियौं, काम गरेनौं । आफ्नो नजिकको आयोजनामा बजेट पर्‍यो भनेर खुसी भएका छौं तर समयमै सकिएको भनी खुसी हुन पाएनौं । गौरवका आयोजनामा सानातिना झमेला नआउनुपर्ने, आए पनि छिट्टै नै समाधान गर्न सक्नुपर्थ्यो । त्यो गर्न सकेका छैनौं ।

नेपालको एउटा तुलनात्मकरूपले सफल योजना भूकम्पपछिको पुनःनिर्माण हो । राष्ट्रिय पुनः निर्माण प्राधिकरणले निर्माण सुरु गरेको अधिकांश काम सम्पन्न गर्‍यो । केही समस्या देखिए पनि समाधान गर्दै अघि बढ्यो । हामीले अब गौरवका आयोजना घोषणा गरेर हुँदैन । कार्यान्वयन गर्ने बलियो संस्थाको आवश्यक देखिएको छ ।

अहिलेको मन्त्रालयको संरचनामा छिटो काम सक्नुपर्ने जटिलता छ । प्रक्रियामुखी रहेछ । हाम्रा संरचना उद्देश्यमूलक होइनन् प्रक्रियामुखी छन् । यस्ता प्रक्रिया छन्, जसले उद्देश्य हासिल गर्न ठाउँसम्म पुर्‍याउँदैन । छिट्टै उद्देश्य हासिल गराउने प्रक्रिया र निकाय चाहिन्छ ।

विदेशी ऋण र नीतिको ट्र्यापमा पर्ने डर

समयमै आयोजना सम्पन्न नहुँदा आर्थिक पक्षसँगै सामाजिक र राजनीतिकरूपमा क्षति व्यहोर्नुपरेको छ । कुनै आयोजना सुरु हुँदा जनतामा आशा जागेको हुन्छ । तर तीन वर्षमा बन्छ भनेको आयोजना १० वर्ष नबन्दा निराशा पैदा हुन्छ । त्यसको प्रभाव नेपालमा केही हुँदैन भन्ने आम सोचाइ बन्दै गएको छ । यसले युवा पलायनका लागि मद्दत गरेको छ । आशा सरकारकै कार्यशैलीमा जोडिन्छ । समयमै काम सकिँदा आयोजनासँगै अरू विकासका काममा सकारात्मक प्रभाव पर्थ्यो । यसले जनतालाई प्रोत्साहन गर्छ । जनसाङ्ख्यिक लाभ लिन सकिन्छ । एउटा आयोजना सकिँदा धेरै पक्षबाट फाइदा हुन्छ ।

अर्को, सरकारले आयोजनाको म्याद हेरेर आर्थिक वृद्धिदर तय गरेको हुन्छ । समयमा नसकिँदा त्यो योजना खोस्टोमा मात्रै सीमित हुन्छ । सम्झौताको म्यादभित्र काम नसकिँदा नेपालको क्षमतामा विश्वभर प्रश्न उठ्छ । त्यसको असर त वैदेशिक लगानीमा पनि पर्छ । परियोजनाको व्यवस्थापन राम्रोसँग गर्न नसक्दाको प्रभाव समाजमा निराशा बढ्दै जान्छ । राजनीतिक स्थायित्व समेत हुन सक्दैन । कोही ढुक्क भएर बस्न सक्दैन । ढिलाइ हुँदै जाँदा विकासमा असन्तुलन देखिन थालेको छ ।

आयोजनाबाट स्थानीयले जुन प्रतिफल पाउन सक्थे पाउन सकेका छैनन् । प्रतिफल नआएपछि ऋण तिर्न सकिँदैन । विकास नहुँदा नेपाल सधैं अरूसँग माग्नुपर्ने अवस्थामा रहन्छ । हात जोडेर विदेशीसँग ऋण लिनुपर्छ । यसले ऋणको चक्रव्यूहमा पर्ने सम्भावना देखिएको छ । विकास नहुँदा विदेशीले खोजेजस्तो नीति बनाउनुपर्छ । ऋणसँगै 'पोलिसी ट्र्याप'मा पर्ने अवस्था आउँदै छ ।

**योजना आयोग नङ्ग्रा र दाह्रा नभएको बाघ**

नेपालका अधिकांश योजना संस्थागतरूपमा योजना अयोगले बनाउँदै आएको छ । यस्ता योजनाको उपलब्धि छैन । विकास समग्रमा हुनुपर्छ । नेपालको विकासको मोडल के हो स्पष्ट छैन । आयोजनाको पूर्वतयारीको काम गर्नुपर्छ भन्ने कागजमा लेखे पनि व्यवहारमा गर्न सकेनौं । ७० वर्षको इतिहासमा योजनाका प्रक्रियालाई मूर्तरूप दिन सकेनौं । यसको मतलब प्रक्रिया गलत भएको कारण मात्रै होइन । हाम्रा काम गर्ने शैली नै गलत छन् । हरेक देशमा योजना बनाएरै आयोजनाको व्यवस्थापन गरिन्छ । योजना आयोग नहोलान् तर क्षेत्रगत योजना बनाएका हुन्छन् । योजनामा अबको ५० वर्ष, एक सय वर्ष कसरी जाने भन्ने खाका तयार हुनुपर्छ । मेरो निर्वाचन क्षेत्रमा यस्तो सडक चाहियो, यस्तो भवन चाहियो भन्ने योजना नै होइन । योजना आयोगले प्रोजेक्ट बैंक बनाए पनि व्यावहारिक छैन । नेताहरूले दिएका आयोजनालाई संकलन गरी प्रोजेक्ट बैंक बनाइएको छ । ती दीर्घकालीन सोचविना संकलन गरेका आयोजनाले केही फाइदा गर्दैन ।

कतिपय स्थानीय निकायले पाँच वर्षको

**हाम्रोमा योजना आयोगका किताब लोकसेवा आयोग पढ्ने विद्यार्थीले मात्रै पढ्छन् । सरकारका तलसम्मका संरचनालाई के योजना छन् र त्यसलाई कार्यान्वयन गर्ने भन्ने तालिम वा ज्ञान दिइँदैन । योजनाको डकुमेन्ट यति लामो हुन्छ कतापट्टि जान खोजेको आफैँमा बाँझिएका हुन्छन् ।**

योजना बनाएर लागू गरेका उदाहरण पनि छन् । विकासका मोडल ठाउँ र परिवेशअनुसार फरक हुन्छन् । कतैबाट कपी गरेर लागू गर्छुभन्दा फेल हुन सक्छ । सरकार र निजी क्षेत्रको क्रियाकलापले आयोजना तयार हुन्छन् । सर्वसाधारणले पनि आफ्नो फाइदा हेर्दा समग्र आयोजनामा असर परिरहेको छ ।

सरकारले मुआब्जा वितरण गर्ने ठाउँमा बढी रकम पाउन लडाइँ गर्दा अन्ततोगत्वा आयोजनामा ढिलाइ हुने गरेका छन् । केही दशकपछि आयोजना आवश्यक पर्ने हो भने अहिले नै जग्गा अधिग्रहण गरेर राख्दा राम्रो हुन्थ्यो । काठमाडौं उपत्यकामा बाहिरी चक्रपथ बनाउने खोज्दा मुआब्जाको कारण नै अघि बढ्न सक्ने देखिँदैन । दुई दशकअघि चक्रपथ आवश्यक पर्छ भनी अधिग्रहण गरेको भए निर्माणमा कुनै समस्या आउने थिएन । अहिले यहाँ आयोजना बनाउने भनेपछि सबै जग्गा खरिद गर्ने, महँगो बनाउने काम भयो । आयोजनाको कुल लागत नै दोब्बर भयो ।

अहिलेको योजना आयोगको संरचना काम नलाग्ने खालको छ । योजना आयोगलाई बढी प्रभावकारी बनाउनुपर्छ । आयोगको क्षमता बढाउनुपर्छ । विज्ञहरू राखिनुपर्छ, राजनीतिक कार्यकर्ता होइन । कति विज्ञ होलान् नहोलान् अर्कै पाटो हो तर छनोट गर्ने विधि गलत छ । जसको सरकार छ, उसैका मान्छे राखेर राम्रो हुन्छ कार्यान्वयन गर्न सहज हुन्छ भन्ने सोच असफल भइसक्यो । सात दशकको अनुभवले विशुद्ध योजनाविज्ञ चाहिन्छ भन्ने सिकाएको छ । भिजन भएको टिमले मात्रै अनुगमन, कार्यान्वयनलाई सहयोग गर्छ । प्राथमिकता र परियोजना छनोटमा निष्पक्षतासहित काम गर्छ । यसैअनुसार बजेट बन्छ । 'योजना आयोग' नाम ठूलो छ तर यसले परम्परागतरूपमा दस्तावेज तयार गर्छ । अरू केही गर्दैन । नङ्ग्रा र दाँत नभएको बाघजस्तो भएको छ, योजना आयोग । देखाउन काम लाग्छ गर्न केही सक्दैन ।



योजनालाई राजनीतिकरण गरी हेर्दा अप्ठेरो भइरहेको छ । शक्ति र पहुँचका भरमा सरकारले बजेट छुट्याउँछ तर आयोजनामा प्रयाप्त छुट्टाउन सक्दैन । आवश्यक बजेट नै नभएपछि काम समयमै सकिने कुरै भएन । विश्वका अन्य देशमा पनि सरकारका आयोजना समयमै सम्पन्न नभएका धेरै उदाहरण छन् । पाँच वर्षमा सक्ने भनिएको आयोजना ६-७ वर्षमा सके त्यसलाई सामान्य नै मान्नुपर्छ । नेपालमा योजना नै नबनेका भन्ने होइन । योजना बनेका छन् । त्यसलाई कार्यान्वयन गर्न असक्षम भयौं । नेपालमा आयोजना १० वर्षमा पनि सकिँदैनन् ।

हाम्रोमा योजना आयोगका किताब लोकसेवा आयोग पढ्ने विद्यार्थीले मात्रै पढ्छन् । सरकारका तलसम्मका संरचनालाई के योजना छन् र त्यसलाई कार्यान्वयन गर्ने भन्ने तालिम वा ज्ञान दिइँदैन । योजनाको डकुमेन्ट यति लामो हुन्छ कतापट्टि जान खोजेको आफैँमा बाँझिएका हुन्छन् । प्रत्येक क्षेत्रलाई प्राथमिकता लेखिन्छ । के हो प्राथमिकता के होइन विचार नै गरिँदैन । धेरै ठाउँमा प्राथमिकता लेखेर सबैलाई खुसी बनाउने मात्रै भएको छ । ठीक योजना बनाएर होइन ।

आयोजना बनाउन ऋण जति लिए पनि हुन्छ भन्ने सोचाइ छ । ऋण लिएर गरेको कामबाट छिटो फाइदा लिन्छौं भन्ने थियो, गलत भयौं । आयात कति गर्ने ? आयात हुँदा कच्चापदार्थ भित्रिएको छ । त्यसले विकासमा योगदान दिन्छ भन्ने सोच असफल सावित भयो । अहिले आयात बढी हुँदा अप्ठेरो भएको देख्यौं । अर्थतन्त्रमा विरोधाभास हुन्छन् । एकोहोरो सोचेर हुँदैन । उफ्रिने आर्थिक वृद्धि भनेर हुँदैन । उफ्रिँदा उफ्रिँदै कतिबेला पछारिन्छ त्यो पनि थाहा हुनुपर्छ । त्यसैले कतिमाथि उफ्रिने हो भन्ने कुरा पछारिँदाको पीडाको मापनले निर्धारण गर्छ । त्यसैले त दिगो विकास भनिएको हो ।

### निजी क्षेत्र सक्ने सरकार नसक्ने

निर्माण व्यवसायीमा दुईखालका समस्या देखिएका छन् । पहिलो व्यवहारगत समस्या छन् । सरकारसँग मोबिलाइजेसनको पैसा लिन्छन् । त्यो पैसाले घरजग्गा किन्छन् । त्यसबाट कमाएपछि आयोजनामा बनाउन थाल्छन् । व्यवसायीले सरकारको कमजोरी खोज्छ । त्यो कमजोरीबाट कसरी नाफा कमाउने भन्ने सोच्छ । निर्माण कम्पनीले आफ्नो क्षमता देखाएर बढी नाफा लिनेभन्दा छिद्र प्रयोग गरी नाफा लिने धेरै भए ।

दोस्रो सरकारले लागत अनुमान गरेभन्दा ४० प्रतिशतसम्म कममा बोलकबोल गर्छन् । यसमा सरकारले सबैभन्दा कम कबोल गर्नेलाई होइन गुणस्तरीय बनाउने मापदण्डका आधारमा छनोट गर्ने व्यवस्था गर्न सकेको छैन । यसकारण सरकार वा सर्वसाधारणमा निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण नै

नकारात्मक बन्यो । निजी क्षेत्रले फेरि सरकारलाई भ्रष्टको रूपमा चित्रण गर्दै आएको छ । यो दुवै गलत भइरहेको छ ।

सरकारले निजी क्षेत्रको क्षमता बढाउने र गुणस्तरीय काम गराउनेतर्फ लाग्नुपर्छ । निजी व्यवसायीसँग दक्ष जनशक्ति र प्रविधिको पनि अभाव रहेको छ । कुनै सुरुङमार्ग वा ठूला आयोजना बनाउनुपर्दा नेपालको निजी क्षेत्रको समेत क्षमता पुग्दैन । विदेशीलाई नै ल्याउनुपर्ने बाध्यता रहेको छ । चिनियाँ र भारतीय निर्माण कम्पनी आउँदा उनीहरूले कामदार ल्याउँछन् । हाम्रा योजनाले हामीलाई रोजगारी दिन सकेनन् । यसलाई सच्याउने निजी क्षेत्रबाटै हुनुपर्छ ।

नेपालमा सरकारले सुरु गरेका धेरै आयोजनामा समस्या देखिएका छन् । तर निजी क्षेत्रले आफ्नो लागि बनाएका आयोजना समयमै सकिएका छन् । ठूला होटल तथा रिसोर्ट, केबलकारलगायतका प्रोजेक्ट समयमै बनेका छन् । निजी क्षेत्रबाट सरकारको काम गर्दा र निजी क्षेत्रकै काम गर्दा किन फरक देखियो । यसमा सरकारको मात्र दोष छैन । निजी क्षेत्रबाट आएका सुझावअनुसार नै खरिद ऐनहरू परिमार्जन भएका छन् । सरकारी आयोजनामा यस्तो किन हुन्छ ? कारण हाम्रा कार्यशैली, व्यवहार हुन् । यसबाट थाहा हुन्छ कि सार्वजनिक काममा सरकार र निजी क्षेत्र दुवैमा भ्रष्ट प्रवृत्ति हाबी छ ।

**अब के गर्ने ?**

पहिलो योजना आयोगलाई व्यावसायिक बनाउनुपर्छ । राजनीतिक भर्तीकेन्द्र मात्रै बनाउनु भएन । आयोगले अनुसन्धान गरोस्, प्रमाण ल्याओस् । योजना आयोग कुन पार्टीको सरकार बन्यो त्यसैको मात्रै चलेर हुँदैन । दोस्रो कार्यान्वयनको समस्या समाधान गर्नुपर्छ । आयोजना समयमै नबनेको, गुणस्तरीय भए/नभएको अनुगमन गर्ने बलियो संस्था नै भएन । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणजस्तै बनाउँदा राम्रो हुन्छ ।

अर्थमन्त्रालयले बजेट बनाउँछ । कुन आयोजनामा कति खर्च भयो भन्ने अभिलेख मात्र राख्छ । मन्त्रालयबाट रेकर्ड राख्नेबाहेक कुनै मतलब हुँदैन । अर्थ मन्त्रालयले खर्च गर्न नसकेको भन्दै आलोचना हुँदै आएको छ । सबै निकायको खर्च हेर्ने महाशाखा चाहिन्छ । बजेट छुट्याएअनुसार कति खर्च भयो ? कहाँ खर्च भयो ? सरकारले कहिल्यै हेरेन । जसले गर्दा कागजी प्रक्रिया पुऱ्याएर सरकारी बजेट जसले जसरी खर्च गरे पनि हुने भयो ।

तेस्रो, सरकारी निकायको काम बढी नै प्रक्रियामुखी रहेको छ । लक्ष्यमा पुग्नेगरी काम गर्न सक्नुपर्छ । कुनै आयोजनाको काम सुरु गर्नुअघि सरकारी प्रक्रिया पूरा गर्ने वर्षौं लाग्छ । सरकार आफैंले अघि सारेका आयोजना पनि लामो प्रक्रियामा रुमल्लिएका छन् ।


चौथो, ठूला आयोजना बनाउँदा छिमेकी मुलुकसँग पनि समन्वय गर्न सक्नुपर्छ । उदाहरण भैरहवा र पोखरामा विमानस्थल बने । भारतले हवाई रुट, आईएलएस सिस्टम सञ्चालन अनुमति नदिँदा पूरा भएका आयोजनाबाट पनि नाफा लिन सकेनौं । जलविद्युत्को पनि समस्या छ । भारतले आफ्नै लगानी र निर्माण व्यवसायीले बनाएको मात्रै खरिद गर्ने भनेको छ । हाम्रा आन्तरिक कारणसहित बाह्य कारण भूराजनीति पनि हो । छिमेकी मुलुकको 'ग्रिन सिङ्गनल' भएरै त विमानस्थल बने होलान् तर लिखित भएन । भूराजनीतिक सहमति पारदर्शिता नहुँदा पनि अप्ठेरो व्यहोर्दै आएका छौं । विमानस्थल नचल्दा विमानस्थल नजिक खुलेका ठूला होटलले पनि व्यवसाय राम्रो गर्न सकेनन् । सरकारले भूराजनीतिलाई रणनीतिकरूपमा कुरा गरी समाधान गर्नैपर्छ । भूराजनीतिलाई सन्तुलन गर्न सकेनौं भने ठूला आयोजनामा सधैं समस्या रहन्छ ।

पाँचौं, सार्वजनिक खरिद ऐन सुधार गर्नैपर्छ । नियमावली व्यवसायीकै स्वार्थको कारण छोटो समयमै १२औं पटक संशोधन भइसक्यो । बुझाइमा समस्या हुन सक्छ । निर्माणको चरणमा सधैं ऐन नियम देखाएर आयोजना ढिलाइ गर्नुपर्ने ठाउँ छैन । तर खरिदका प्रक्रियामा सुधार गर्नुपर्छ । अहिले खरिद प्रक्रिया पारदर्शीरूपमा भइरहेको छैन । सरकारले राम्रोसँग प्रक्रिया समयमै पूरा गर्दा पनि एक सय २० दिनअघि खरिद सम्झौता सक्ने अवस्था छैन । मैले एउटा अध्ययन गरेको थिए । खरिद प्रक्रियाका सम्पूर्ण काम ७८ दिनमै पूरा गर्न सकिने रहेछ । अर्को आयोजनामा काम भइसकेपछि निर्माण कम्पनीले बिल पेश गरेको दुई महिनाअघि भुक्तानी पाउँदैन । इन्जिनियरले कामको प्रगति जाँच गर्दा समय बढाएको देखिन्छ । माघमा पेश गरेको बिलको भुक्तानी चैत नभई पाइँदैन । जेठमा पेश भएको बिल भने १५ दिनमै भुक्तानी हुन्छ ।

छैटौं, सरकारी निकायबीचको समन्वय बिल्कुलै छैन । आवश्यक देखेरै आयोजना बनाउन खोजेको होला । एउटा निकायले अघि बढाएको काम अर्को निकायले रोक्छ । सबै ठाउँमा रुख काट्दै हिँड्न दिनुपर्छ भन्ने होइन । तर विकास गर्दा व्यवस्थापन पनि त गर्नैपर्छ । फाइदा लिन सक्ने अर्को आधारढुङ्गा, गिट्टी, बालुवालगायतको समुचित प्रयोग । वर्षात्को समयमा ढुङ्गा, गिटी र बालुवा बगाएर लैजान्छ । त्यसलाई संकलन गर्दैनौं । वर्षात् रोकिएपछि खोला दोहन गर्न थाल्छौं । बगेर जाने गिट्टी बालुवालाई त वर्षात्मै संकलन गर्न सकिन्छ । कुनै ठाउँमा खोलामा बालुवा भरिएर डुवान पर्ने समस्या छ । पारदर्शी मापदण्ड बनाएर खन्दा फाइदा लिन सक्छ ।







। रमेश रिजाल

# औद्योगिक विकास : लगानीको नयाँ मोडालिटी

> सरकारले उद्योग खोल्ने होइन, उद्योगमा लगानी गर्ने भनेकै निजी क्षेत्रले हो । सरकारले नेपालमा उद्योगमैत्री वातावरण बनाउने र उद्योगधन्दामा निजी क्षेत्रको लगानीलाई सुरक्षित गर्दै औद्योगिकीकरणमा जोड दिने हो ।

सरकारले पछिल्ला वर्षहरूमा ठूलाठूला लगानी भित्र्याउन पहल गरिरहेको छ । खासगरी नेपालको औद्योगिक विकास र औद्योगीकरणमा सरकार र निजी क्षेत्रको समन्वय अपरिहार्य छ । ठूला वैदेशिक लगानीका लागि सरकारले लामो समयदेखि गृहकार्य गर्दै आएको हो । राजनीतिक अस्थिरता, झन्झटिलो प्रक्रियाका कारण सरकारको योजनाअनुसार लगानी भित्रिन सकेन ।

लगानीको वातावरण बनाउन सरकारले केही पनि नगरेको भने होइन, त्यो अपर्याप्त भएको हो । लगानीसँग सम्बन्धित विभिन्न नीति, ऐन र कानुनको व्यवस्था गरेको छ । नेपालको संविधानले राष्ट्रिय हित अनुकूल वैदेशिक पुँजी र प्रविधिको लगानीलाई आकर्षित गर्ने व्यवस्था गरेको छ । जसमा स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गर्न औद्योगिक नीति २०६७, विदेशी लगानी नीति २०७१, सार्वजनिक निजी साझेदारी नीति २०७२, राष्ट्रिय बौद्धिक सम्पत्ति नीति २०७३, औद्योगिक व्यवसाय ऐन २०७६, औद्योगिक व्यवसाय नियमावली २०७८, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ तथा नियमावली प्रमुख हुन् ।

सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, हेजिङ नियमावली २०७५ ले नेपालमा लगानीको वातावरण बनाउन र उद्योगमा भएका लगानीलाई सुरक्षित र व्यवस्थित बनाउनै ल्याइएको हो । यसका लागि उद्योग मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, उद्योग विभाग, लगानी बोर्डको कार्यालयलगायत संस्थागत प्रबन्ध समेत गरेको छ । यी संस्थाको स्थापना र यिनीहरूले गर्ने काम लगानीलाई हेर्ने मात्रै होइन, लगानी प्रवर्द्धनमा समेत सहयोग गर्नु हो ।

यीलगायत निकट भविष्यमै उद्योगमा नयाँ मोडालिटीबारे नयाँ कार्ययोजना बनाएर अघि बढ्दै जानुपर्ने देखिन्छ । खासगरी सरकारले उद्योग खोल्ने होइन, उद्योगमा लगानी गर्ने भनेकै निजी क्षेत्रले हो । सरकारले नेपालमा उद्योगमैत्री वातावरण बनाउने र उद्योगधन्दामा निजी क्षेत्रको लगानीलाई सुरक्षित गर्दै औद्योगिकीकरणमा जोड दिने हो ।

सरकारले पछिल्लो समय उद्योगमा नयाँ मोडालिटीबारे निरन्तर छलफल गर्दै आएको छ । नेपालमा औद्योगिक वातावरण बनाउन सरकार र सम्पूर्ण निजी क्षेत्रको जोड सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमै जाने हो । त्यसको सुरुवात नै नभएको पनि होइन । केही कम्पनीहरू त्यही मोडलमा सञ्चालित पनि छन् । राम्रो प्रदर्शन समेत गरिरहेका छन् । त्यो मोडलमा सञ्चालनमा रहेका केही सरकारी संस्थाहरूको पनि प्रदर्शन राम्रो देखिएको छ । नेपालमा उत्पादनमूलक केही उद्योगहरू लामो समय बन्द भएको, रुग्ण र हाल घाटामा सञ्चालन भइरहेको समेत छ । ती विषयमा सरकार एकदमै गम्भीर समेत रहेको छ । मुख्यगरी

उद्योगको विषयमा अर्थमन्त्री तथा प्रधानमन्त्रीसँग छलफलमा पनि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सञ्चालन गर्ने गरी व्यवस्था गर्ने निर्णय भएको छ । त्यसमा मोडालिटीको विषयमा हामी केही टुङ्गोमा समेत पुगिसकेका छौँ ।

उद्योगहरू कसरी सञ्चालन गर्ने भन्ने विषयमा विगतमा धेरै अध्ययन समेत भइसकेका छन् । यी अध्ययनको निष्कर्ष र अहिलेको आवश्यकतालाई लिएर हामी मोडालिटीको टुङ्गोमा पुगेका छौँ । त्यसका लागि सरकारले आधिकारिक निर्णय गरेको छैन तर प्रारम्भिक निष्कर्षमा समेत पुगिसकेको छ । सरकार आफूले सञ्चालन गर्ने भन्ने विषयहरू अब हामीले आफ्नो मानसिकताबाट हटाउनै पर्नेछ । उद्योग सञ्चालन गर्ने भनेको निजी क्षेत्रले नै हो । बन्द भएको उद्योगको हकमा निजी क्षेत्रलाई व्यवस्थापनको जिम्मा दिएर सरकारको ५० प्रतिशत वा सोभन्दा तल पनि शेयर संरचना रहने गरी अघि बढ्न हामी तयार हुनुपर्छ ।

अहिले रहेको सम्पत्तिको मूल्याङ्कन गरेर त्यसलाई सरकारको शेयरमा परिणत गर्न सकिन्छ, बाँकी काम भने निजी क्षेत्रलाई छोडिदिनुपर्छ । त्यो लगानी मोडलमा सञ्चालन गर्ने तयारी समेत भइरहेको छ । पछिल्लो समय उत्पादनमूलक उद्योगमा लगानीको वातावरण बनिरहेको देखिन्छ । हाम्रो नियम, कानुनमै अत्यधिक समस्या छ । कर्मचारीतन्त्र, राजनीतिक अस्थिरताको कारणले पनि औद्योगीकरणमा समस्या आइरहेको हो भन्ने लाग्छ । त्यसको सुधार हाम्रो पहिलो प्राथमिकता समेत हो ।

हामीले लगानी भित्र्याउनुपर्छ भनिरहे पनि लगानीलाई आकर्षित नै गर्न सकिरहेका छैनौँ । ठूलाठूला लगानीकर्तालाई लगानी गर्न आग्रह गर्छौं । समस्या कहाँनिर हो पहिचान गर्न नसक्दा समस्या भइरहेको छ । छरिएर रहेका औद्योगिक ऐन, कानुनलाई कसरी एकीकृतरूपमा लैजान सकिन्छ भन्ने बारे सरकारले छलफल गरिरहेको छ । औद्योगिक लगानी भित्र्याउन मन्त्रालयगत निकायबीच नै समन्वयको अभाव छ, जसको कारण प्रक्रिया नै झन्झटिलो भएको देखिन्छ ।

नेपालमा औद्योगिक वातावरण बनाउन तथा उद्योगमा हुने लगानीको मोडालिटी परिवर्तन गरेर अघि बढ्न सरकार प्रतिबद्ध छ । वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा भएका विदेशी लगानीका मोडलहरू; शेयर लगानी (विदेशी मुद्रामा), लाभांशबाट प्राप्त रकमबाट पुनः लगानी, लिज लगानी, पुँजी लगानी कोषमार्फत गरेको लगानी, धितोपत्रको दोस्रो बजारमार्फत कारोबार गर्नेलगायतका प्रावधान छन् ।

नेपालमा स्थापित कम्पनीको शेयर र सम्पत्ति खरिद गरी गरेको लगानी, नेपाली कम्पनीले विदेशी पुँजी बजारमा धितोपत्र जारी गरी विदेशी मुद्रा वा ऋण प्राप्त गर्न सक्ने, प्रविधि हस्तान्तरणद्वारा भएको लगानी व्यवस्थालाई गर्न सरकारले आवश्यक कार्ययोजना बनाउँदै छ । अहिले विभिन्न किसिमका लगानी मोडालिटी प्रयोगमा ल्याइएका छन् । जसमा सरकार आफूले मात्र लगानी गर्ने, निजी क्षेत्रसँग मिलेर लगानी गर्ने, निजी क्षेत्रले मात्र लगानी गर्ने र सरकारले नियामक र सहजकर्ताको भूमिका निभाउनेलगायतका छन् ।

जसमध्ये प्रत्यक्ष विदेशी लगानी, सार्वजनिक निजी साझेदारी मोडल मुख्य रहेका छन् । प्रत्यक्ष विदेशी लगानीअन्तर्गत लगानी गर्दा लगानीकर्ताहरूले संयुक्त उद्यम वा पूर्ण स्वामित्वका कम्पनी स्थापना गरेर एफडीआइ भित्र्याउँछन् । उत्पादनमूलक उद्योग, पर्यटन, पूर्वाधारलगायतका क्षेत्रमा एफडीआइ भित्रिएको छ । त्यस्तै, सार्वजनिक निजी साझेदारीअन्तर्गत पूर्वाधार, ऊर्जाजस्ता क्षेत्रमा लगानी भइरहेको छ । स्वदेशी लगानीका लागि अर्को महत्वपूर्ण लगानीको क्षेत्र शेयर लगानी पनि हो । यसमा व्यक्ति र संस्थाहरूले उद्योग तथा कम्पनीमा थोरैथोरै पनि लगानी गर्न सक्छन् । यसबाट लगानीकर्ताले पुँजीगत लाभ र लाभांश प्रतिफल आर्जन गर्न सक्छन् ।

सरकारले विभिन्न संस्थानमा एकल लगानी वा अधिकांश लगानी गरेको छ । निजी क्षेत्रको न्यून उपस्थिति र लगानी भएको क्षेत्रमा, राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको उपयोग र संरक्षण गर्न, रणनीतिक क्षेत्रमा राज्यको उपस्थिति सुदृढ तुल्याउन सरकारले सार्वजनिक संस्थानमा लगानी गरेको हो । सरकारले गर्ने एकल लगानीमा उद्यमशीलताको अभावका कारणले गर्दा आशातीत प्रगति हासिल गरेको छैन । तथापि, सरकारले गर्ने लगानी सबै मुनाफामूलक पनि हुदैन, सरकारी लगानीका विभिन्न उद्देश्य हुन सक्छन् ।

मुनाफा नभए पनि कल्याणकारी उद्देश्यका लागि पनि सरकारले लगानी गर्नुपर्ने हुन्छ । हाल सञ्चालनमा रहेको संस्थानहरूमध्ये २०७८/७९ मा २५ वटा संस्थान नाफामा रहेका छन् । संस्थानलाई क्रमशः निजीकरण गर्दै जाने नीतिअनुसार सरकारले ३० वटा संस्थानहरू निजीकरण गरिसकेको छ । यस हिसाबले हेर्दा सरकारको एकल लगानी भएको मोडालिटी असफल नै भन्न त सकिँदैन तर केही संस्थानको अवस्थाले असफल नै भएको हो कि भन्ने आशंका गर्ने भन्ने ठाउँ भने रहन्छ । हाल सरकारले आफूले राखिराख्न आवश्यक नभएका संस्थानको निजीकरण गर्ने विषयमा समेत सोच राखेको छ ।

वैदेशिक लगानी सम्बन्धमा नीतिगत स्पष्टता भई कानुनले लगानीको मुनाफा, ऋण, तलब सुविधा फिर्ता लैजान पाउन व्यवस्था गरेको छ । औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक ग्राम, एकलविन्दु सेवाकेन्द्रलगायतको व्यवस्था गरिएको छ । हेजिङ नियमावली र क्रेडिट रेटिङको व्यवस्था मिलाइएको छ । निजी क्षेत्रको अग्रसरतामा पूर्वाधार विकास बैंकको स्थापना गरिएको छ । आयोजना बैंकमा लगानीका लागि आकर्षक परियोजना राखिएको छ ।

उद्योग विभागको तथ्याङ्कअनुसार २०७९ फागुन मसान्तसम्ममा आठ हजार नौ सय ४७ वटा उद्योगमार्फत कुल लगानी २७ खर्ब ८३ अर्बभन्दा बढी लगानी भई छ लाख ७० हजार दुई सय ५५ जनाले रोजगारी पाएका छन् । सबैभन्दा धेरै लगानी ऊर्जा क्षेत्रमा ५८ दशमलव चार प्रतिशत रहेको छ । यसमध्ये विदेशी लगानीतर्फ पाँच हजार छ सय ९२ उद्योगमा करिब चार खर्ब ४० अर्ब लगानीसँगै तीन लाख बढी रोजगारी सिर्जना भएको छ । यस तथ्याङ्कले नेपालमा अहिले भइरहेको लगानीको अवस्थालाई दर्शाउँछ । तथापि, विभिन्न कारणले आशातीत सफलता भने प्राप्त गर्न नसकिरहेको अवस्था भने पक्कै छ ।

यसका मुख्य कारणमा अझै पनि औद्योगिक पूर्वाधारको पर्याप्तता नहुनु रहेको छ । उद्योगहरू छरिएर रहेका हुँदा सुरक्षा, सेवासुविधा उपलब्ध गराउन कठिनाइ रहेको अवस्था छ । यस समस्या समाधानका लागि औद्योगिक क्षेत्र विशेष आर्थिक क्षेत्र, औद्योगिक ग्रामलगायतका संरचनाको अवधारणा कार्यान्वयनमा छ । कमजोर उत्पादकत्व तथा उत्पादन र श्रम सम्बन्धमा पनि समस्या रहेको छ । यसले गर्दा नेपालमा उद्योग क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ । हाल उद्योग क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान १३ दशमलव चार प्रतिशत रहेको छ भने उत्पादनमूलक उद्योगको योगदान करिब साढे पाँच प्रतिशतको हाराहारीमा रहेको छ । निजी र सरकारको संयुक्त लगानी अर्थात् (पीपीपी) मा अहिलेसम्म केही सफलतातिर जाँदैछ । उद्योग र लगानीसम्बन्धी विषय धेरै निकायसँग सम्बन्धित हुँदा अन्तरनिकायगत समन्वय कमजोर रहेको अवस्था छ । यसका लागि एकलविन्दु सेवा केन्द्रको व्यवस्था समेत गरिएको छ । तथापि, वन तथा भूमिसम्बन्धी विषयमा समस्या आइरहेको अवस्था छ ।

सफल समन्वयका लागि सार्वजनिक र निजी क्षेत्रको उद्देश्यमा एकीकरण, चासो, प्रतिबद्धता आवश्यक छ । सबै निकायहरूले आ-आफ्ना अधिकार क्षेत्रमा रहेका कार्यको जिम्मेवारी लिएर काम गर्न सकेमा प्रभावकारी समन्वय हुन सक्छ । सार्वजनिक निजी क्षेत्रको जोखिम व्यवस्थापन मोडालिटी, स्पष्ट सञ्चार र अपेक्षित परिणामहरू प्राप्त गर्ने प्रतिबद्धताबीच सन्तुलन कायम गर्नु आवश्यक हुन्छ । लगानीको सुरक्षाको प्रत्याभूति र प्रतिफलको सुनिश्चितता कायम गर्ने दिशामा सरकारले कार्य गरिरहेको छ ।

हाल नेपाल सरकारले अवलम्बन गरेका लगानीका मोडलहरू माथि उल्लेख गरिसकिएको छ । निजी क्षेत्र र सरोकारवालाहरू समेतको छलफल तथा सुझावका आधारमा लगानीका नयाँ मोडल अवलम्बन गर्ने विषयमा अगाडि बढ्नुपर्ने हुन्छ । विश्वमा लगानीका सफल मोडल के छन् ? ती मोडल अवलम्बन गर्न नेपालले के-कस्ता लगानीका पूर्वाधारको तयारी गर्नुपर्ने हुन्छ सो विषयमा व्यापक छलफल गरेर नेपाल सरकारले कार्य गर्ने तयारी गरिरहेको छ । आगामी दिनमा सरकार निजी क्षेत्र दुवैले अब लगानीका लागि देहायका क्षेत्रमा केन्द्रित हुनु जरुरी देखिएको छ । यी क्षेत्र विश्वमै नवीन लगानीका सम्भाव्य क्षेत्र मानिन्छन् । यी क्षेत्रमा लगानी गर्ने निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र सरकारले सहजीकरण र समन्वयको कार्य गर्नुपर्छ । स्टार्टअप कोष जसमा सहुलियतपूर्ण ऋणको प्रावधान दिएको छ ।

सरकारले तीन प्रतिशतमा सहुलियतपूर्ण ब्याजमा ऋण दिन्छ । यीलगायत औद्योगिक तथा लगानी प्रवर्द्धन कोष, ग्रोथ पोटेन्सियल भएका उद्योगहरूलाई प्रवर्द्धन गर्ने स्तरोन्मुख उद्यम कार्यविधि कार्यान्वयनमा ल्याउने चरणमा छ ।





। डा. मीनबहादुर श्रेष्ठ

# १६औं योजना : लक्ष्यमै केन्द्रित दिगो विकास

**हामी नेपालको विकास परिदृष्यमा आमूल परिवर्तन ल्याउन खोज्दैछौँ । उत्पादन र रोजगारीका क्षेत्रहरूलाई प्राथमिकतामा राखेर अझ विशेषतः कृषि र उद्योगमा हामी मूर्त प्रगतिलाई बढावा दिन चाहन्छौँ ।**

मन्त्रिपरिषद्को बैठकले १६औँ पञ्चवर्षीय आवधिक योजनाको अवधारणापत्र स्वीकृत गरेको छ । राष्ट्रिय योजना आयोगको पूर्ण बैठकले पहिचान गरेका एक दर्जन रूपान्तरणकारी योजना १६औँ योजनामा समावेश हुँदैछन् । समष्टिगत आर्थिक आधारहरूको सबलीकरण, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, मर्यादित समावेशी रोजगारीका अवसरको सिर्जना, मानव पुँजी निर्माण र उत्कृष्ट जनशक्ति योजनालाई १६औँ आवधिक योजनाको रूपान्तरणकारी क्षेत्र मानिएको छ ।

गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य प्रणाली, गुणस्तरीय पूर्वाधार र व्यवस्थित शहरीकरण, सामाजिक सशक्तीकरण, समावेशीकरण र सामाजिक सुरक्षालाई समेत १६ औं योजनाको संरचनात्मक रूपान्तरणका क्षेत्रका रूपमा पहिचान गरिएको छ । सुशासन, सामाजिक न्याय र समृद्धिको सोच लिएको १६ औं योजनाको मूल उद्देश्य राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्नु हो । स्वास्थ्य, शिक्षा, रोजगारी, आवासलगायतका क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु हो । सामाजिक जीवन, आर्थिक विकास तथा राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल १६औं आवधिक योजनाको मूलभूत लक्ष्य रहनेछ । आयोगका अध्यक्ष समेत रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले योजनाको पूर्ण दस्तावेजमा २०१३ सालदेखि बनेका आवधिक योजनाको संक्षिप्त समीक्षा समावेश गर्न र १६ औं योजनालाई यथार्थपरक बनाउन निर्देशन समेत दिइसक्नु भएको छ ।

### दिगो विकास कार्यक्रम तथा लक्ष्य

नेपाल सरकार एसडीजी (दिगो विकासका लक्ष्यहरू) हासिल गर्न र तिनलाई तीनै तहका सरकारमा मूल प्रवाहीकरण र स्थानीयकरण गर्न पूर्णरूपमा प्रतिबद्ध छ । हामीले सबै स्थानीय तहमा एसडीजी स्थानीयकरण कार्यक्रम सञ्चालन गरेका छौं । मध्यम अवधिको व्यय ढाँचा, वार्षिक बजेट र क्षेत्रगत रणनीतिसँग मिलाएर योजना, अनुगमन र मूल्याङ्कनको दिशानिर्देश गरिएको छ ।

१६औं आवधिक योजना दिगो विकासका लक्ष्यहरू हासिल गर्न संविधानले नै मानेको अर्थतन्त्रको तीनवटा खम्बा सरकार, निजी क्षेत्र र सहकारीसँगै नागरिक समाज र विकास साझेदारहरूलाई समेत महत्वपूर्ण साझेदारको रूपमा लिएका छौं । नेपालले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्न अथक प्रयासलाई अगाडि बढाइरहेको छ । संघ, प्रदेश र

स्थानीय सरकारका नियमित कार्यक्रम, नीतिगत सूचक र लक्ष्यहरूमा एसडीजीका सूचक तथा लक्ष्यहरूलाई आन्तरिक रूप दिइएको छ । हालको १५औँ योजना एसडीजीसँग मिल्दोजुल्दो छ । हामीले विभिन्न तहमा संस्थागत संयन्त्र पनि बनाएका छौँ ।

प्रधानमन्त्रीको अध्यक्षतामा निर्देशक समिति गठन गरिएको छ । मेरो नेतृत्वमा समन्वय तथा कार्यान्वयन समिति छ । दिगो विकास तथा सुशासनसम्बन्धी संसदीय समितिले एसडीजीलाई विधायकी प्रक्रियामार्फत कानुनमा नै व्यवस्था गर्नका लागि काम गरिरहेको छ । राष्ट्रिय योजना आयोगका सदस्यहरूको नेतृत्वमा रहेका विभिन्न विषयगत समितिहरूले एसडीजीहरूको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालय र अन्य निकायहरू र गैर-राज्य पक्षहरूसँग समन्वय गरिरहेका छन् ।

लक्षित दिगो विकास प्राप्तिका लागि नेपालले आन्तरिक र बाह्य दुवै स्रोत परिचालन गरेको छ । एसडीजीको कार्यान्वयन संसदीय समिति र महालेखा परीक्षकको कार्यालयलगायतका अनुगमनकारी निकायबाट नियमितरूपमा अनुगमन भइरहेका छन् । दिगो विकासको लक्ष्य, २०३० का एजेन्डाहरूको

**लक्षित दिगो विकास प्राप्तिका लागि नेपालले आन्तरिक र बाह्य दुवै स्रोत परिचालन गरेको छ । एसडीजीको कार्यान्वयन संसदीय समिति र महालेखा परीक्षकको कार्यालयलगायतका अनुगमनकारी निकायबाट नियमितरूपमा अनुगमन भइरहेका छन् ।**




उपलब्धि विश्वव्यापीरूपमा गम्भीर खतराको सामना गरिरहेको छ । विश्वको भोकमरी र गरिबीका आधारभूत लक्ष्यहरू पनि दशकौँको प्रगतिपछि उल्टो हुन थालेको चिन्ताजनक अवस्था छ ।

सन् २०२० मा मात्रै अल्पविकसित देशका तीन करोड २० लाख मानिस चरम गरिबीमा धकेलिएका थिए । हामीले एसडीजीमा हराएको आधार प्राप्त गर्न हाम्रो प्रयासलाई तीव्र बनाउनुपर्ने चुनौती छ । यसका लागि उपयुक्त र नयाँ रणनीतिको खाँचो छ । यस सन्दर्भमा संयुक्त राष्ट्र संघको आयोजनामा सन् २०२३ मा हुने एसडीजी शिखर सम्मेलन निकै महत्वपूर्ण छ ।

नेपालको सन्दर्भमा केही उत्साहजनक संकेतहरू देखिएका छन् । महत्वपूर्ण पक्ष नेपाल कोभिड-१९ को महामारीका बीच पनि तेस्रो पटक एलडीसी अवस्थाबाट उत्तीर्ण भएको छ । यतिमात्र होइन सन् २०२६ सम्म पनि नेपालले यो स्थान सुरक्षित राख्न सफल भइसकेको छ । तथापि, दुःखका साथ भन्नुपर्छ, हामीले सामाजिक क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्‍यौँ तर आर्थिक क्षेत्रमा सकेनौँ । अब पालो आर्थिक रूपान्तरणको हो ।

दिगो विकासको २०३० लक्ष्य तथा उद्देश्य (एजेन्डा) हरूलाई साकार पार्नका लागि नीतिहरूलाई कार्यमा रूपान्तरण गर्नु र विकासका प्रयासहरूलाई गति दिन उत्तिकै आवश्यक छ । हामीले आर्थिक रूपान्तरणलाई उत्प्रेरित गर्ने सम्भाव्यता भएका प्रमुख क्षेत्रहरू पहिचान गरेका छौँ । जसले हामीलाई एसडीजी प्राप्ति र एलडीसीको स्थितिबाट माथि उठान सहयोग पुग्छ ।

हामी नेपालको विकास परिदृष्यमा आमूल परिवर्तन ल्याउन खोज्दैछौँ । उत्पादन र रोजगारीका क्षेत्रहरूलाई प्राथमिकतामा राखेर अझ विशेष गरी कृषि र उद्योगमा हामी मूर्त प्रगतिलाई बढावा दिन चाहन्छौँ । मानव पुँजीको विकास र घरेलु रोजगारीका अवसरहरूमार्फत फर्केका आप्रवासी कामदारहरूलाई रोजगारी र आर्थिक उपार्जनमा जोड्ने र प्राप्त रेमिट्यान्सलाई नवीन उत्पादनमूलक क्षेत्रमा लगाउने रणनीति छन् । साथै, पछिल्लो समय बढ्दो आकर्षण सेवा तथा आईटी (प्रविधि) को व्यवसायको क्षेत्रमा समेत केही गर्न सकिन्छ कि भनेर लागिरहेका छौँ । उसो त सरकारले पनि यो क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको छ ।

आगामी योजनाले सबै नागरिकका लागि समान स्रोत वितरण सुनिश्चित गर्दै सामाजिक न्यायलाई बढावा दिनेछ । एसडीजी, डीपीओ र एसटीएसलाई १६औँ योजनासँग मिलाएर नेपालको विकासको मार्गलाई थप समृद्ध बनाउनेमा म विश्वस्त छु । सांकेतिक, यथार्थपरक र कार्यदक्षताका साथ दीर्घ दृष्टिकोणसहित हामी संरचनागत अवरोधहरू पार गर्दै राष्ट्रलाई समृद्धितर्फ लैजानेमा विश्वस्त छौँ ।





डा. रमेश पौडेल

# मध्यमस्तरीय आय : असम्भव होइन, अतिरिक्त मिहिनेतको खाँचो

> फस्टाउँदै गरेको औद्योगिक वातावरण खल्बलाएका कारण हामीमा समस्या आएको हो । औद्योगिक वातावरणको सिर्जना नगरेसम्म दक्ष र अर्धदक्ष नागरिकलाई रोजगारी दिन सकिँदैन । औद्योगिकीकरण नभईकन देशको पुँजी सेवाको क्षेत्रमा गयो ।

सन् २०३० सम्म मध्यम आय भएको देशमा रूपान्तरण हुने नेपालको लक्ष्य छ। लक्ष्य भेटाउन प्रतिव्यक्ति आय तीन हजार पाँच सय अमेरिकन डलर पुऱ्याउनुपर्छ। अहिले नेपालको औसत प्रतिव्यक्ति आय एक हजार चार सय १० अमेरिकन डलर रहेको छ। आगामी सात वर्षमा प्रतिव्यक्ति आय दोब्बरभन्दा बढीले बढ्न सक्दैन भन्ने धेरैको विश्लेषण देखिन्छ।

मध्यम आयले देश अविकसित मुलुकबाट विकासशील मुलुकमा परिणत भयो भन्ने अर्थ दिन्छ। हामी सधैँ अविकसित अवस्थामा रहने कि सबै प्रयास प्रयोग गरेर मध्यम आयमा रूपान्तरण हुने भन्ने अहिले बहसको विषय हो। अहिलेको अवस्थालाई हेर्दा सात वर्षमा प्रतिव्यक्ति आय अहिलेको भन्दा साढे दुई गुणाले बनाउने नै कठिन चुनौती हो।

नेपालजस्तै मध्यम आय भएको मुलुक बन्ने लक्ष्यमा रहेका लाओस्, बंगलादेशजस्ता देशहरू प्रतिव्यक्ति आय बढाउने प्रयत्नमा छन्। उनीहरूको प्रतिव्यक्ति आम्दानी हाम्रोभन्दा धेरै बढी छ। प्रतिव्यक्ति आम्दानीका हिसाबले हामी सबैभन्दा कमजोर देशमा पर्दछौँ।

बंगलादेशको प्रतिव्यक्ति आय आजभन्दा १० वर्षअघि अहिले नेपालको हाराहारीमा थियो। अहिले ऊ मध्यम आयको नजिक पुगिसकेको छ। बंगलादेश प्रतिव्यक्ति आयका हिसाबले पहिल्यै मध्यम आय भएका देश बनिसकेको हो। आर्थिक अवस्था र मानव विकासका सूचकका हिसावले बंगलादेश पछाडि पऱ्यो। यी दुई विषयमा नेपाल भने बंगलादेशभन्दा धेरै अगाडि छ।

मध्यम आय भएको देशमा पुग्ने एउटा खुड्किला हामीले सन् २०२६ मा पार गर्नेछौँ। त्यो बेलासम्ममा हामी 'थ्रेसहोल्ड' कटाउने छौँ। अहिलेको अनुपातमा प्रतिवर्ष चार प्रतिशतका हिसाबले प्रतिव्यक्ति आय बढ्दा सन् २०२६ सम्ममा नेपालको प्रतिव्यक्ति आय एक हजार पाँच सय ५० हुनेछ। जसले गर्दा सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुनेछ।

विकासशील मुलुक हुनु अर्को चुनौती हो। किनकि देशको आर्थिक अवस्था अहिलेको जस्तै रह्यो र यही अनुपातमा आम्दानी बढ्यो भने मध्यम आय भएको मुलुक बन्न कठिन छ। यद्यपि आम्दानीका अन्य सूचक विश्लेषण गर्ने हो भने असम्भव भने छैन। यसको लागि एकत्रित भावनाका साथ योजना बनाउन आवश्यक देखिन्छ। मध्यम आम्दानी भएको मुलुक बन्न उद्योगधन्दाको विकास हुनुपर्छ। जीविकोपार्जनका लागि युवा विदेशिनुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ।

मध्यम आय भएको मुलुक भएपछि सामाजिक सूचकहरूमा परिवर्तन ल्याउन सहयोग पुग्नेछ। देशमा शिक्षाको स्तरलाई अझ राम्रो बनाउन सकिन्छ। त्यसपछि देशको विकासले नयाँ गति लिनेछ।

बाटाघाटा पुलपुलेसा बन्ने छन् । सुशासनमा देश मजबुत हुनेछ । यी सबैको हिसाबले मध्यम आयमा जाने कुरा असाध्यै महत्वपूर्ण कुरा हो ।

नेपालले सन् २०४२ सम्मको दीर्घकालीन सोच र रणनीति भनेर कार्यक्रम तयार पारेको छ । सो सोच कार्यान्वयन गर्ने क्रममा पाँच वर्ष बितिसकेको छ । आगामी आर्थिक वर्ष अर्को आवधिक योजना कार्यान्वयनको चरणमा जानेछ । १५ औं र १६ औं योजनाको जगमा बसेर नेपाल मध्यमस्तरीय आय भएको मुलुक बन्ने कल्पना गरिएको थियो ।

नेपाल प्राकृतिक स्रोतसाधनले सुसम्पन्न छ । विश्वका १० अग्ला शिखरमध्ये आठवटा नेपालमा छन् । विश्वका करोडौं मानिसको आस्थाको केन्द्र पशुपतिनाथ, लुम्बिनी र मिथिलाधाम आदि महत्वपूर्ण स्थानहरू हामीसँग छन् । तर विकासमा भने हामी पछाडि पर्दै आएका छौं । विश्व समुदायको बीचमा हाम्रो छवि सम्भावना बोकेर पनि कंगाल मुलुकको रूपमा बाँचेको देश भन्ने छ । यसलाई सुधार्ने हामी सबै सुध्रिनुपर्छ ।

हामी भनेको सुरुमा नेतृत्वमा रहेका र उपल्लो दर्जाका मानिस हो । उपल्लो दर्जाका ५० प्रतिशतमात्र मान्छे 'मानिस' बन्ने हो भने देशले सजिलै निकास पाउँछ । यी मानिस इमानदार नहुँदा अहिलेका धेरै समस्या देखिएका हुन् । देश बनाउँछु भनी अघि बढेकाहरूले उदारतापूर्वक काम गर्न नसकेकाले देश नबनेको हो । म यदि विदेशी हुँ र नेपाल घुमेर फर्किएको छु भने मैले एउटा कुरा पक्कै भन्ने थिएँ, 'ब्युटिफूल कन्ट्री बट म्यानेज्ड बाइ ब्याड पिपुल ।'

सामाजिकरूपमा अहिले पनि देशमा विभिन्न विभेदहरू छन् । रंगको आधारमा, जातीय छुवाछुतका आधारमा, लिंगको आधारमा विभेद हाम्रो समाजमा कायमै छन् । यस्तो विभेदले काम गर्न अप्ठेरो बनाएको छ । प्रगतिलाई रोक्ने काम गरेको छ । परम्परागतरूपमा जे गर्दै आउँछौं, हाम्रो त्यसैमा बानी पर्छ । नयाँ परिवर्तनलाई सहजै स्वीकार गर्न हामीलाई अप्ठेरो लाग्छ । पुराना राम्रा कुरा परिवर्तनका नाममा भत्काउँछौं । नयाँ विकास गर्न सकेका छैनौं, चाहे त्यो शैक्षिक प्रणाली होस् वा शासन प्रणाली । यी तमाम समस्यालाई छिचोलेर नयाँ योजना कार्यान्वय गर्न सक्नुपर्छ ।

बंगलादेशले पनि गएको सात/आठ वर्षमा नै यो सबै सफलता हासिल गरेको हो, त्यो पनि गार्मेन्टका कारणले । नेपाल सानो छ तर सम्भावना छ । पाँच वर्षभित्र छ हजार मेगावाटभन्दा बढी बिजुली राष्ट्रिय प्रसारणमा जोडिँदैछ । यसले राष्ट्रको आर्थिक विकासमा ठूलो योगदान पुऱ्याउने छ । यसका साथै, विद्युतीय उपकरणको प्रयोग पनि बढ्दो ।

अहिले हामी संघीयता कार्यान्वयनमा एक खालको अनुभव हासिल गर्दैछौं । संघीयता कार्यान्वयनमा सबै महत्वको विषय भनेको अहिले देखिएका समस्याहरू समाधान गर्दै जनतालाई बढीभन्दा बढी अधिकारसहित कसरी जिम्मेवारी बनाउने भन्ने हो । अधिकार हस्तान्तरणमा खुड्डा नकमाउने हो भने संघीयताले अबका केही समयमा प्रतिफल दिन थाल्नेछ ।

उद्योगधन्दा अहिले धराशायी अवस्थामा छन् । यो हाम्रो लागि अर्को चुनौती हो । तथ्याङ्कले सन् १९९१ मा नेपालको औद्योगिक वातावरण राम्रो भएको देखाउँछ । औद्योगिक उत्पादन बढ्दै थियो तर १९९६ मा आइपुग्दा हामी आन्तरिक द्वन्द्वमा फस्यौं । सशस्त्र द्वन्द्वका बेला युवाहरूले गाउँ छाडे । लगानीकर्ताले लगानी गर्ने वातावरण भएन जसले गर्दा नेपालको पुँजी पलायन भयो । नेपाली उद्योगपतिको लगानी नेपालमा भन्दा बाहिर बढी गर्न थाले ।

**१५औं र १६औं योजनाको जगमा बसेर नेपाल मध्यम आय भएको मुलुक बन्ने कल्पना गरिएको थियो । मध्यम आय भएको देशमा पुग्ने एउटा खुड्किला हामीले सन् २०२६ मा पार गर्नेछौं । त्यो बेलासम्ममा हामी 'थ्रेसहोल्ड' कटाउने छौं ।**

औद्योगिक वातावरण बिग्रँदै गर्दा सन् २००१ देखि युवाहरू कामको खोजीमा विदेशिन थाले । द्वन्द्वले गर्दा युवा गाउँबाट सहर र सहरबाट विदेश जान थाले । अहिले गाउँमा गएर हेर्ने हो भने हाम्रा कृषियोग्य जमिन बाँझै छन् । कृषि मजदुरको अभाव छ । कृषि गर्ने श्रमशक्ति नभएको देशमा औद्योगिक मजदुर पाउने कुनै भएन । राजनीतिक वातावरणले गर्दा औद्योगिक अवस्था खल्बलियो, पुँजी पलायन भयो ।

फस्टाउँदै गरेको औद्योगिक वातावरण खल्बलाएको कारण हामीमा समस्या आएको हो । औद्योगिक वातावरणको सिर्जना नगरेसम्म दक्ष र अर्धदक्ष नागरिकलाई रोजगारी दिन सकिँदैन । औद्योगिकीकरण नभइकन देशको पुँजी सेवाको क्षेत्रमा गयो । एउटा बैंक खोल्नलाई आठ/दश अर्ब पुँजी आवश्यक हुन्छ । १० अर्बमा १० वटा राम्रा-राम्रा उद्योग चलान सकिन्छ । उद्योगतिर हाम्रो ध्यान गएन । उद्योगको विकास नभईकन सेवा क्षेत्रमा गएकाले सेवा र उद्योग दुवै क्षेत्र दिगो हुन सकेको छैन । उद्योग दिगो भएको भए कृषि क्षेत्र पनि राम्रो हुने थियो ।

अहिले देशको राजनीतिक वातावरण केही सम्हालिएको छ । यस्तो अवस्थामा कृषिलाई



उद्योगसँग जोड्नुपर्छ, उद्योगलाई सेवासँग । उदाहरणका लागि आलु उत्पादन गर्‍यौं भने आलु मात्र बेच्नु भएन । आलुसँग सम्बन्धित उद्योग खोलेपछि मूल्य अभिवृद्धि हुन्छ । चिप्स बनाउने कि फ्राइ फ्रेन्च बनाउने सोच्नुपर्छ । हामीले गरेका सबै उत्पादन हामी आफैं खाएर सक्दैनौं । त्यस्ता उत्पादन कि अर्को देशको मान्छे आएर खाइदिनुपर्छ कि निर्यात गर्नुपर्छ ।

कृषि, पर्यटन र उद्योगलाई सही तरिकाले जोड्न सक्यौं भने देशमा विकास हुन समय लाग्दैन । यी तीनवटै क्षेत्रलाई जोड्न विद्युत् चाहिन्छ । कृषि, उद्योग र स्रोत साधनको समुचित विकास गर्‍यौं भने सन् २०३० सम्ममा मध्यमस्तरको आय भएको मुलुक बन्न गाह्रो छैन । हामीले गर्ने सबै उत्पादन कच्चा पदार्थका रूपमा मात्र बेचेर यो सम्भव हुँदैन । नेपालमै उद्योगधन्दा खुले र रोजगारीको सिर्जना हुन्छ । महिनाको ३० हजार रूपैयाँ कमाउन अरबको तातो घाममा सेकिनुपर्दैन ।

राजनीतिक अस्थिरता नै नेपालका लागि विकासको बाधक हो । आजका दिनसम्म एउटै पार्टीको सरकार पाँच वर्ष चल्न सकेको छैन । लामो समयसम्म स्थानीय निकायको चुनाव समेत गर्न सकेनौं । त्यसबेला द्वन्द्वकालमा मुलुक गुज्रिएको थियो । द्वन्द्वकालमै प्रजातान्त्रिक अभ्यासलाई गलत तरिकाले प्रयोग भयो । विदेशी मानिस नेपाल आउन हिच्किचाए । पर्यटन जसरी फस्टाउनुपर्थ्यो, त्यही दरमा फस्टाएन । अफ्रिकी देशमा चिनियाँ र भारतीय लगानी बढिरह्यो । नेपालमा भएका लगानीकर्ता भागे । यो निरन्तरता अन्त्य गर्न राजनीतिक अस्थिरता समाप्त गर्नुपर्ने आवश्यक भइसकेको छ ।






हामी विश्वमा चिनिने दुईवटा कारण थियो, एउटा गोर्खा (ब्रिटिस लाउरे)को देश, अर्को सगरमाथाको देश भनेर । नेपाली इमान्दार र मिहिनेती हुन्छ भन्ने छवि पनि अन्तर्राष्ट्रिय समाजमा छ । हिजो युद्ध कलामा नेपाली निःपूर्ण छन् भन्ने सन्देश थियो । अहिले पनि हामीसँग विश्वको ध्यान तान्न सक्ने एउटा हतियार छ । नेपालीहरूले चिनियाँ र भारतीयभन्दा राम्रो अंग्रेजी बोल्छन् । अरू देशको भाषा बोल्नमा पनि नेपाली अगाडि नै छन् । यो सामर्थ्य हामीले प्रदर्शन गर्न सकेका छैनौं । चीन हार्डवेयरमा अगाडि छ, भारत सफ्टवेयरमा । दुईलाई जोड्न सकियो भने विश्वमा हाम्रो छुट्टै पहिचान हुने थियो ।

नेपालमा तीन प्रकारको हावापानी पाइन्छ । यी तीनवटै हावापानीमा भिन्न खालका पर्यटन व्यवसाय प्रवर्द्धन गर्न सक्छौं । खेलकुदलाई त्यही ढंगले विकास गर्न सक्छौं । पहाडी भेगमा विदेशीका लागि नर्सिङ होम नै चलाउने हो भने पनि अर्बौं रुपैयाँ प्राप्त गर्न सकिन्छ । मेडिकल शिक्षा आर्जन गर्न बंगलादेश जाने विद्यार्थीलाई यहीँ पढाउन सकियो भने अर्बौं रुपैयाँ विदेशिनबाट जोगिन्छ ।

नेपालको हावापानीका कारण विदेशी विद्यार्थीलाई पनि नेपाललाई आकर्षिक गर्न सकिन्छ । शैक्षिक पर्यटन नेपालका लागि अवसर हो । अर्बौं रूपैयाँ आम्दानी हुन सक्छ । हाम्रो यतापट्टि ध्यान कहिल्यै गएन । यो नेतृत्वको कमजोरी हो । जनताको आकांक्षा पूरा गर्न अरूले सपना देखेर हुँदैन, प्रधानमन्त्रीले देख्नुपर्छ । मन्त्रिपरिषद्, सत्तापक्ष र प्रतिपक्ष दलको नेताले देख्नुपर्छ । गठबन्धनले देख्नुपर्छ । देखेको सपना पूरा गर्ने प्रण गर्ने हो भने नेपालीको परिचय र पहिचान बदलिन्छ । तपाईं कहाँबाट ? भनेर कसैले प्रश्न गरे सगरमाथाको देश, गौतम बुद्ध जन्मेको देश नेपालबाट त भनिन्छ । तर राम्रो शिक्षा, स्वास्थ्य प्रणाली भएको देशबाट भन्न सकिएन ।

नेपालमा दीर्घकालीन प्रभावकारी योजनाको अभाव छ । भएका योजनाको कार्यान्वयन पनि अत्यन्त फितलो छ । मानिसमा अहिले इमान्दारिताको खाँचो छ । अनुशासनको अभाव छ । मानिस आफैं-आफैंमा निरासा छन् । 'केही गरे पनि हुँदैन' भन्ने भावना जागृत भएको छ । आजको आवश्यकता स्रोत साधनको उचित परिचालन गर्नु हो । प्रथमतः विद्युत्को अन्तर्राष्ट्रिय व्यापार गर्न सकियो भने पनि हाम्रो उत्पादन प्रणालीमा धेरै ठूलो परिवर्तन आउँछ । उद्योगधन्दा खोलेर, सेवामा जोड्न सके सन् २०३० सम्ममा ३५ सय डलर प्रतिव्यक्ति आय हुनु ठूलो कुरा होइन् । तर, जुन ढंगले हामीले गएको १० वर्ष बितायौं, त्यही दरमा, त्यही आधारमा काम गर्ने हो भने नेपाल मध्यमस्तरीय मुलक बन्ने सम्भावना छैन ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

# नेपाल आयल निगम लि. को

# अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

## दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :





१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।

२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।

३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

## ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :





१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।

२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।

३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।


*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी


# नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१



डा. प्रकाशचन्द्र लोहनी



# चिर्नुपर्ने निराशाको बाटो

**यहाँ निजी क्षेत्रलाई अर्कै नजरले हेर्ने प्रवृत्ति छ । यो प्रवृत्तिको अन्त्य हुनुपर्छ । निजी क्षेत्रले ठूला परियोजनामा लगानी गर्ने र लगानीबाट आएको प्रतिफलको सरकारलाई कर तिर्ने हो ।**

पुँजी निर्माणको तीव्रताले नै देश निर्माणमा टेवा पुऱ्याउँछ । वस्तुको उपभोग, बचत, बाह्य व्यापार, कर, बाह्य लगानीलगायतका विषयको संयोजन नै पुँजी निर्माणको आधार हो । व्यक्तिको हकमा आम्दानीको निश्चित हिस्सा बचत गरेर आफ्नो सम्पत्ति वृद्धि गर्दै जानु पुँजी निर्माण हो । सरकारले ठूला परियोजनाहरू निर्माण गरेर त्यसबाट थप पुँजी संकलन गर्नु पनि पुँजी निर्माण हो ।

पुँजी निर्माणका लागि बचत चाहिन्छ । बचत कम भयो भने बाहिरको बचत ल्याउनुपर्छ । त्यसलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्छ । लगानी गर्दा त्यसको प्रतिफल कति आउँछ भन्ने विषयमा ध्यान दिइन्छ । सरकारले सहयोग गर्छ वा गर्दैन भन्ने विषय पनि उत्तिकै महत्वको हो ।

नाफा हुन्छ वा हुँदैन भन्ने विषय पनि लगानीमा हेरिन्छ । नाफाले थप लगानी आकर्षण गर्छ, लगानी गर्न उत्साहित बनाउँछ । नाफाबाट आएको प्रतिफल अन्य क्षेत्रमा लगानी हुन्छ वा सम्पत्ति किन्ने काममा प्रयोग गरिन्छ । यो भनेको पुँजी निर्माणको चक्र हो । अर्थतन्त्रमा यो चक्र चलिरहन्छ ।

व्यक्तिले बचत गर्नु, सो बचतलाई बैंक तथा वित्तीय संस्थामार्फत् परिचालन गर्नु र उद्योगी व्यवसायीले ऋणमार्फत् सो रकम लिएर निर्माणमा लगानी गर्नु पुँजी निर्माणको चक्र हो । उद्योगी व्यवसायीहरूले लगानी गरेको परियोजनाबाट प्रतिफल पाउँछन् । सो प्रतिफलको निश्चित रकम सरकारलाई कर तिर्छन् । सरकारले त्यो करलाई कुन क्षेत्रमा खर्च गर्ने भनेर योजना बनाउँछ र खर्च गर्छ । त्यसमार्फत् सरकारले प्रतिफल कमाउँछ ।

पुँजी निर्माणमा महत्वपूर्ण भूमिका उद्योगी व्यवसायीहरूको पनि हुन्छ । उनीहरूले नाफा हेर्छन् । जुन क्षेत्रमा बढी नाफा छ, सोही क्षेत्र निजी क्षेत्रको प्राथमिकतामा पर्छ । नेपालमा बढी नाफा गऱ्यो भने सबैको ध्यान उतैतिर हुन्छ । नाफा गर्ने कम्पनीमा राजनीतिक नेतृत्वदेखि प्रशासनिक तहसम्मका व्यक्तिहरूको आँखा पर्छ, यो देशको लागि विडम्बना हो । बैंकहरूको नजर अनुत्पादक क्षेत्रमा बढी परेको देखिन्छ । नाफामा ध्यान दिँदा बैंकहरू विकासमा जोडिन सकेका छैनन् । पुँजी निर्माणको अर्को महत्वपूर्ण पक्ष भनेको विदेशी लगानी हो । विदेशी लगानीकर्ताले सहज वातावरण खोज्छन् । नेपालमा लगानीलाई प्रोत्साहन गरिँदैन, उल्टै उनीहरूको लगानीमा कमिसन खोजिन्छ । जसले थप समस्या सिर्जना गरिरहेको छ, लगानीकर्तालाई निरुत्साहित गरिरहेको छ ।

सरकारको विदेशी ऋण ल्याउन सक्ने क्षमता घट्दै गएको छ । त्यसले विदेशी ऋणको ट्रेण्ड उत्साहजनक देखिँदैन । पछिल्लो पाँच आर्थिक वर्षको अवस्था हेर्दा विदेशी ऋण झन् घट्दै गइरहेको छ । आर्थिक वर्ष २०७५/७६ मा ६९ अर्ब २६ करोड रुपैयाँ आएको वैदेशिक ऋण आव २०७६/७७ मा दुई खर्ब १९ अर्ब ३५ करोड, आव २०७७/७८ मा एक खर्ब २० अर्ब १७ करोड, आव २०७८/७९ मा ९३ अर्ब १५ करोड र आव २०७९/८० मा ६६ अर्ब पाँच करोड मात्रै विदेशी ऋण आएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कमा उल्लेख छ । तर ऋणलाई

पनि चालु खर्चमा उपयोग गर्दा पुँजी परिचालन कमजोर बन्दै गएको छ । परिणामस्वरूप देश निर्माणमा ठूलो धक्का लागिरहेको छ ।

**उपभोगमै पुँजी परिचालन**

नेपालको कुल गार्हस्थ उत्पादनको अधिकांश पुँजी उपभोगमै खर्च हुने गरेको छ, जुन देशको लागि राम्रो होइन । आर्थिक वर्ष २०७९/८० मा कुल अर्थतन्त्रको ९३ प्रतिशत अनुपात उपभोगमै खर्च भएको देखिन्छ । कुल गार्हस्थ उत्पादनमा बचतको अनुपात छ प्रतिशत मात्रै छ भने कुल राष्ट्रिय बचतको अनुपात ३१ प्रतिशत छ । अर्थतन्त्रमा राजस्वको अनुपात १७ प्रतिशत छ । ५३ खर्ब ८१ अर्ब रुपैयाँ रहेको जीडीपीमा ५० खर्ब रुपैयाँ उपभोगमै खर्च हुने गरेको राष्ट्र बैंकको तथ्याङ्कले देखाएको छ ।

पुँजी परिचालनको महत्वपूर्ण विषय बचत पनि हो । बचतको अनुपात पनि उत्साहजनक छैन । आर्थिक वर्ष २०७५/७६ मा कुल जीडीपीमा १६ खर्ब २५ अर्ब रहेको राष्ट्रिय बचत आर्थिक वर्ष २०७९/८० मा १७ खर्ब तीन अर्ब रुपैयाँमै सीमित छ । कुल लगानीमा पनि खासै वृद्धि हुन सकेको छैन । पाँच वर्षअगाडि १५ अर्ब ९६ अर्ब रुपैयाँ रहेको पुँजी परिचालन अर्थात् कुल लगानी आर्थिक वर्ष २०७९/८० मा साढे १७ खर्ब रुपैयाँ कायम भएको छ । कुल जीडीपीको १० प्रतिशत मात्रै पुँजी निर्माणमा लगानी भइरहेको देखिन्छ । व्यक्तिले आफ्नो आम्दानीलाई दैनिक उपभोग्य वस्तुमा खर्च गर्दा त्यसले पुँजी निर्माणमा टेवा पुग्न सकेको छैन भने सरकारले जनताबाट प्राप्त राजस्व चालु खर्चमा प्रयोग गर्दा पुँजी निर्माण हुन सकिरहेको छैन ।

**अहिलेको समस्या के हो ?**

पुँजी निर्माणको अहिलेको मुख्य समस्या भनेको 'कन्फिडेन्ट'को अभाव हो । व्यक्तिले आफ्नो खल्तीमा भएको पैसा खर्च गर्न चाहिरहेको छैन भने उद्योगी व्यवसायीले आफूसँग भएको पैसाले व्यवसाय विस्तार गर्न खोजिरहेका छैनन् । उनीहरूमा सरकारले विश्वासको वातावरण सिर्जना गर्न सकिरहेको छैन । राजनीतिज्ञमा इमानदारिता भएन, प्रजातान्त्रिक नवसामन्तवाद देशमा व्याप्त छ । व्यावसायिक असुरक्षाको विषय पनि पुँजी निर्माणको अर्को अवरोध हो ।

लगानी गरेर प्रतिफल पाइन्छ वा पाइँदैन भन्ने निश्चित छैन । अलिकति सफल भयो भने पनि धेरैको आँखा लाग्छ । व्यवसायमा व्यवसायीले जोखिम बढी देखेका छन् । नेपालमा हरेक व्यवसायमा जोखिम बढेको छ । त्यसैले पनि लगानी गर्ने मान्छेहरू निरुत्साहित भइरहेका छन् । अहिले लगानी गर्ने बेला भएको छैन भन्ने मनस्थितिमा मान्छेहरू छन् । त्यो विश्वास जोगाउनका लागि नेपालको शासकवर्ग पूर्णरूपमा असफल भएको छ । त्यो सरकार र प्रतिपक्ष दुवैमा देखिएको छ ।

नेपालमा लगानी गर्नेहरू निरुत्साहित भएर विदेशमा लगानी गर्न खोजिरहेका छन् । अहिले नेपालबाट शिक्षाको नाममा पैसा बाहिरिँदै आएको छ । वार्षिक तीन लाख विद्यार्थीले १२ कक्षा पास गरेका छन् भने एक लाख विद्यार्थी विदेश गइरहेका छन् । ती विद्यार्थीसँगै वैधानिकरूपमा पुँजी पनि पलायन भइरहेको छ । त्योसँगै नेपालमा बसेर भविष्य छैन भन्ने अधिकांशको मनसाय छ । विदेशी मुद्रामै पैसा गइरहेको छ ।

कतिपय अभिभावकहरूले छोराछोरी पढाउन भनेर विदेश पैसा पठाइरहेका छन् । जुन रकम उनीहरूले उतै व्यवसायमा लगानी गरिहरेका छन् । नेपालको सम्भावना र ग्रोथरेट पनि निर्यात भइरहेको छ । यस विषयमा सरकार चिन्तित देखिँदैन । अहिलेको सिस्टम नै 'फेलर' भइरहेको छ । अहिले राजनीतिक दलहरू आफू बनौँ र आफ्नो पार्टी बनाऔँ भन्नेमै केन्द्रित छन् । नेपाल सरकारले स्टार्टअप भनेर कार्यक्रम ल्यायो । तर त्यो कार्यक्रमले कति जना लाभान्वित भए ? त्यसले अर्थतन्त्रमा कति टेवा पुऱ्यायो ? यस्ता विषयमा सरकारले फर्केर पनि हेर्दैन ।

सरकारले ऋण लिएर कर्मचारीलाई तलब खुवाउने होइन । राजस्वलाई देश निर्माणमा प्रयोग गर्नुपऱ्यो । ठूलो पुँजीबाट नै ठूला पूर्वाधार बनाउन सकिन्छ । उद्योग, व्यापार तथा सेवालगायत व्यावसायिक लाभका क्षेत्रमा निजी क्षेत्रले लगानी गर्नुपर्छ । तर यहाँ निजी क्षेत्रलाई अर्कै नजरले हेर्ने प्रवृत्ति छ । यो प्रवृत्तिको अन्त्य हुनुपर्छ । निजी क्षेत्रले ठूला परियोजनामा लगानी गर्ने र लगानीबाट आएको प्रतिफलको सरकारलाई कर तिर्ने हो । सरकारले पनि प्राप्त करबाट पूर्वाधारमै लगानी गर्ने हो । तर, अहिले त्यस्तो देखिँदैन ।

**अबको बाटो**

सबैमा आर्थिक अनुशासन हुन आवश्यक छ । इमानदारिताका साथ काम गर्नुपर्छ । सरकारले सार्वजनिक गरेको संघीय बजेटमा एक/दुई लाख रुपैयाँको कार्यक्रम पनि उल्लेख छ । एक/दुई लाख रुपैयाँको कार्यक्रम संघीय बजेटमा आउने हो भने प्रदेश र स्थानीय तहको काम के भयो ? यसले संघीयताको कार्यान्वयन नै हुन सकेको छैन भन्ने सन्देश दिन्छ । सबै कुरामा माथिबाट नै मोनिटरिङ गर्ने परिपाटी छ । विदेशी लगानी अन्य देशको तुलनामा कति आएको छ, त्यो हेर्नुपर्छ । विदेशी लगानीकर्ताहरूले पनि नेपालमा राजनीतिक जोखिम देख्छन् । हरेक आयोजनामा कमिसन खोजिने प्रवृत्ति छ । जोखिम बढ्ने तर प्रतिफल कम हुँदा विदेशी लगानी आउँदैन । आएको विदेशी लगानी पनि बाहिरिने जोखिम हुन्छ ।

अबको बाटो भनेको सुधार नै हो । समस्याको पहिचान गर्न सक्नुपर्छ । व्यक्तिलाई रोग लागेको छ भने के रोग लागेको छ ? त्यो रोगको पहिचान गर्न सक्नुपर्छ । समस्याको पहिचान गर्न सकियो भने त्यो नै ५० प्रतिशत समस्याको समाधान हो ।

बजेटलाई खेलौना सोच्ने प्रवृत्तिको अन्त्य गर्नुपर्छ । अहिले हामी रेमिट्यान्सले बाँच्नुपर्ने अवस्था छ । देशमा उत्पादन छैन । रोजगारी घटिरहेको छ । उद्योगीको उत्पादनमा संकट छ । रेमिट्यान्सबाट आएको करले प्रधानमन्त्री, मन्त्री र सांसदहरू गाडी चढिरहेका छन् । हाम्रो जग कमजोर छ । भ्रष्टाचार कति नियन्त्रण भइरहेको छ ? यो विषय पनि केलाउनुपर्छ । नेपाल उपभोग गर्ने राष्ट्र मात्रै भयो, आयात मात्रै बढ्ने भयो । यसले संसारमा कुनै पनि देशमाथि गएको छैन । यो एउटा 'डच डिजिज' हो । अहिले जमिन बाँझो भइरहेको छ, काम गर्ने श्रमिक छैनन् । विश्व बजारमा प्रतिस्पर्धा गर्ने क्षमता कम भइरहेको छ । हाम्रो अर्थतन्त्र सुकुलगुण्डा जस्तो छ । अब यी सबै विषयको सुधार आवश्यक छ । विदेशतिर आकर्षित युवाहरूको क्रमलाई रोक्न सक्नुपर्छ । पुँजी निर्माण हुन थालेपछि श्रमको आवश्यकता चाहिन्छ । मेसिन चलाउनका लागि त्यसको प्रयोग गर्ने मान्छे पनि चाहिन्छ । सीपयुक्त जनशक्ति उत्पादनमा जोड दिन आवश्यक छ ।

सरकारले निजी क्षेत्रसँग हातेमालो गर्न आवश्यक छ । लगानीमा देखिएको जोखिम न्यूनीकरणमा सरकारले निजी क्षेत्रलाई विश्वास दिलाउन सक्नुपर्छ । उद्योगी व्यवसायी सरकारको महत्वपूर्ण स्टेक होल्डर हो । नीतिगत रुपमा बाँधेर समस्याको समाधान हुँदैन । नीतिगत सहजीकरण गरेर निजी क्षेत्रलाई सरकारले फकाउन सक्नुपर्छ । हर्षित भएर कर तिर्ने वातावरण सरकारले निर्माण गर्न सक्नुपर्छ । उद्योगी व्यवसायीबाट कर्जाको मागअनुसारको बैंकहरूले ऋण दिन सकिरहेका छैनन् । यो पनि एउटा पुँजी निर्माणको बाधक हो । सरकारले पनि पुँजीगत खर्च गर्न सकिरहेको छैन । न्यून पुँजीगत खर्चका कारण सार्वजनिक क्षेत्रको पुँजीनिर्माण कमजोर छ । सरकारसँग ठूलो लगानीका लागि पर्याप्त आन्तरिक स्रोत छैन । बचत कम हुँदा स्रोत बढ्न सकेको छैन । अब आन्तरिक स्रोतहरू पनि बढाउन आवश्यक छ ।

विकासको लागत महँगो हुँदै गएको छ । यसले आर्थिक वृद्धिमा पनि धक्का पुऱ्याउँछ । बचतमा राम्रो प्रतिफल र नाफामूलक लगानीको अवसरले बचत बढाउँछ । तर नेपालमा महँगी बढेकोबढ्यै छ । यो वृद्धिदर रोक्न सरकारले पहल कदमी लिनुपर्छ । बैंकहरूले पनि सही ठाउँमा पुँजी परिचालन गरिरहेको देखिँदैन । अनुत्पादक क्षेत्रमा लगानी गरेर छोटै समयको लागि नाफा बैंकहरूले हेरिरहेका छन् । अब बैंकहरूले पनि प्राथमिकताका क्षेत्रहरूमा कर्जा प्रवाह गर्न बढी जोड दिनुपर्छ ।

**पछिल्लो पाँच आर्थिक वर्षको तथ्याङ्क (रु दश लाखमा)**

| आर्थिक वर्ष | कुल गार्हस्थ्य उत्पादन | कुल उपभोग | कुल लगानी | कुल बचत |
|---|---|---|---|---|
| २०७५/७६ | ३८५८९३० | ३२६८३८३ | १५९६७७७ | १६२५२४८ |
| २०७६/७७ | ३८८८७०४ | ३६६६२९५ | ११८३७३२ | १२५०५८४ |
| २०७७/७८ | ४३५२५५० | ४०७५१६९ | १५३०५१३ | १३७२०१९ |
| २०७८/७९ | ४९३३६९७ | ४६४८९१५ | १८४६०१७ | १४३१५४९ |
| २०७९/८० | ५३८१३३५ | ५०३६१४९ | १७५४१५८ | १७०३७५९ |





डा. अच्यूत वाग्ले

# औद्योगिक विकासमा निजीक्षेत्रको अग्रसरता

**यतिबेला सरकारले स्टार्टअपमा नयाँ नीति बनाउँदै छ । यो नीतिमा स्टार्टअप इकोसिस्टम बनाउनुपर्छ । संसारका सबैभन्दा सफल भनिएका विश्वविद्यालयमा इन्क्युसन सेन्टर छ । उनीहरूले एउटा राम्रो कम्पनी जन्माएर बजारमा पठाउँछ ।**

अहिले नेपालका निजी क्षेत्र, नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघले नेपालमा औद्योगिक उत्पादन बढाउने सोचमा छन् । कुल गार्हस्थ उत्पादनमा उद्योगको योगदान बढाउँदै ठूलो आकारको अर्थतन्त्र बनाउने लक्ष्यमा निजी क्षेत्र लागेको छ ।

यसका लागि महासंघले 'मेड इन नेपाल' र परिसंघले 'मेक इन नेपाल' अभियान सुरु गरेका छन् । निजी क्षेत्रको अग्रसरतामा सुरु भएको यी दुई अभियानलाई बजेटमार्फत सरकारले समेत आत्मसात् गरेको छ । बजेटले यी अभियान निजी क्षेत्रको अवधारणाअनुसार नै अघि बढ्ने प्रतिबद्धता जनाएको छ ।

मुख्यतः नेपालमा वस्तु उत्पादन गर्ने र बनाउने योजना सकारात्मक विषय हो । निजी क्षेत्रले अघि बढाएको यी योजना भारत सरकारको महत्वकाङ्क्षी योजनाको दुरुस्त नक्कलको रूपमा आएको छ । भारत सरकारले 'मेक इन इन्डिया' र 'मेड इन इन्डिया'को अभियान अघि बढाएको छ । तर असल अवधारणाहरू जताबाट पनि आउन सक्ने भएकाले यसको आलोचना गर्नुपर्छ वा यो नकारात्मक छ भन्ने पनि होइन ।

नेपालका निजी क्षेत्रले अघि बढाएको 'मेक इन नेपाल' र 'भिजन २०३०'को चर्चा गर्नुअघि भारत सरकारले अघि बढाएको अभियानमा केन्द्रित रहौँ । भारत सरकारले अघि बढाएका योजनाको चर्चा गर्दा तीन/चारवटा अवधारणा प्रष्ट छन् । भारत सरकारले 'मेड इन इन्डिया' अभियानमा सूचना प्रविधिको हार्डवेयर र सफ्टवेयरको दुवै क्षेत्र, अटोमोबाइल, स्टिल र क्लिन इनर्जीमा अघि बढ्न स्पष्ट नीति लिएको छ र 'मेक इन इन्डिया' अभियानमा मुख्यगरी हातहतियार (सुरक्षा) उद्योगमा लगानी गर्न आउँदा ४९ प्रतिशतसम्म इक्विटी दिने घोषणा गरेको छ । यसबाहेक आइफोनको 'एसेम्बिलङ प्लान्ट'लाई समेत भारत सरकारले देशमा भित्र्याउन लागेको छ ।

'मेक इन इन्डिया' अभियान विश्वभरका ब्राण्ड भारतमा उत्पादन गर्ने महत्वकाङ्क्षी योजना हो । यसबाहेक 'मेड इन इन्डिया' अभियानमा भारतीय ब्राण्डलाई नै विश्वस्तरीय बनाउने योजना हो । यी दुईमध्ये जुन अभियानको चर्चा गरे पनि भारतको आर्थिकस्तर बढाउने र भारतमा उद्योगधन्दा कलकारखाना बढाउने सरकारको मुख्य महत्वकाङ्क्षा हो ।

नेपालका निजी क्षेत्रले अघि बढाएको महत्वकाङ्क्षी आर्थिक योजना सुरुमा भारत सरकारले अघि बढाएको थियो । जसलाई त्यहाँको निजी क्षेत्रले साथ दिएको छ । नेपालको निजी क्षेत्रको प्रकृति हेर्दा औद्योगिक कलकारखानामा

ठूलो लगानी गरेर भावी दिनमा विस्तार गर्ने सम्भावित उद्योगपति छैनन् । नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ र चेम्बर अफ कमर्समा आबद्ध व्यवसायीको सूचीमा भावी दिनमा ठूला उद्योगपति बन्ने सम्भावित उद्योगी देखिँदैनन् । सोहीकारण निजी क्षेत्रले अघि बढाएको यी महत्वाकाङ्क्षी योजना आफूहरूले लोकप्रिय काम गरिरहेको प्रमाणित गर्न अघि बढेजस्तो देखिन्छ ।

अहिले नेपालमा उत्पादन भइरहेका वस्तुलाई नै 'मेड इन नेपाल'को नारा दिएर आर्थिक लाभ लिने सम्भावना कम छ । यसमा पाँच/सातवटा वस्तुको उदाहरण हेर्न सकिन्छ । ह्यान्डिक्राफ्ट, पश्मिना, हाते कागज, पत्थर र हस्तकला तथा मूर्तिकलाजस्ता वस्तु 'मेड इन नेपाल'भनेर ब्राण्डिङ भइरहेका छन् । बेच्नलाई कुनै पनि वस्तु नहुनुभन्दा केही वस्तुको ब्राण्डिङ गर्नु राम्रो हो । यी वस्तुको ब्राण्डिङबाट वास्तविक मूल्यअभिवृद्धि गर्ने र औद्योगिक लाभ प्राप्त गर्दै खर्बौंको व्यापारघाटालाई न्यूनीकरण गर्न सम्भव छैन । यी वस्तुको ब्राण्डिङ गरेकै भरमा नेपाल औद्योगिक 'हब' बन्ने र नेपालको अर्थतन्त्र कायापलट हुने देखिँदैन ।

यसको अर्थ, नेपालले विश्वबजारमा उच्च सम्भावना भएका र नेपालले पर्याप्त मात्रामा उत्पादन गर्न सक्ने वस्तुको पहिचान गर्न जरुरी छ । अहिले ठूलो सम्भावना भएको क्षेत्रका रूपमा कफी, प्याज र चिया देखिएको छ । आपूर्ति सञ्जालसँग जोड्न सकेमा स्याउ, अनार र सुन्तलाको जुसबाट समेत पर्याप्त लाभ लिन सकिन्छ । भारत विश्वमै सबैभन्दा धेरै जुस खपत गर्ने मुलुकको सूचीमा पर्छ । यसबाहेक उच्चपहाडी क्षेत्र र हिमाली क्षेत्रमा उत्पादन हुने जडिबुटी, फलफूल र तरकारी तथा हिमालय मिनरल्स वाटरको उत्पादनमा जोड दिनुपर्छ । यी वस्तुको प्रचुर उत्पादन र बजारीकरण गर्न सकिन्छ ।

'मेड इन नेपाल'को विषयमा यी वस्तुको वास्तविक बजार चीन, भारत, अमेरिका, युरोप र अफ्रिकातर्फ खोज्नुपर्छ । यसअघि नेपालले कुन वस्तु कति मात्रामा उत्पादन गर्न सक्छ भनेर बजार अध्ययन गर्नुपर्छ । लगानीको मात्रा र सम्भावित क्षेत्र पहिचान गर्नुपर्छ । ठूलो मात्रामा वस्तु उत्पादन गर्न चाहिने लगानी जुटाउन भेञ्चर क्यापिटल, प्राइभेट इक्विटी र क्राउड फन्डिङलगायतको उपाय छनौट गर्नुपर्छ । जसले औद्योगिक उत्पादनसँगै देशको आर्थिक स्थिति र रोजगारीको अवसर समेत बढाउँदै लैजान्छ ।

नेपालमा हालसम्म कुनै पनि क्षेत्रको औद्योगिक उत्पादनका लागि गम्भीर खाले अध्ययन भएका छैनन् । केही क्षेत्रमा प्रचुर सम्भावना देखिएको छ । उदाहरणका लागि सिमेन्टमा पर्याप्त सम्भावना देखिएको छ । सिमेन्ट उत्पादनमा चाहिने चुनढुङ्गा नेपालमै पाइने भएकाले ठूलो मात्रामा यसको औद्योगिक उत्पादन सम्भव देखिएको हो । सिमेन्ट उत्पादनलाई चाहिने कच्चापदार्थ नेपालमै पाइन्छ र यसलाई 'ब्याकवार्ड लिंक'को फाइदा समेत भनिन्छ । जसकारण, नेपालले सिमेन्टमा प्रतिस्पर्धात्मक लाभ र तुलनात्मक लाभ समेत उठाउन सक्छ । यसबाहेक, कृषिमा आधारित सम्भावित क्षेत्रको समेत पहिचान गर्नुपर्छ ।

प्याज र भटमास उत्पादनमा समेत नेपालको सम्भावना देखिन्छ । चीनले प्रतिवर्ष अमेरिकाबाट आयात गर्ने दोस्रो धेरै आयातित वस्तुमा भटमास पर्छ । भारतमा प्रत्येक वर्ष प्याजको हाहाकार हुन्छ । नेपालले आफ्ना जनशक्तिलाई तालिम दिएर यी वस्तुको उत्पादनमा लगाउँदा बजार सम्भावनासहित ठूलो लाभ लिन सक्छ । यसका लागि बिउ, मल र प्रविधि समेत उपलब्ध गराइनुपर्छ । जसले रोजगारीको खोजीमा युवाको पलायन समेत रोक्छ । यसका लागि 'मेड इन नेपाल' र 'भिजन २०३०'मा गम्भीर बनेर काम गर्नुपर्छ । सरकारले सघाउने घोषणा मात्रै गरेर पुग्दैन, नीतिगत सहजीकरण गर्नुपर्छ ।

**आपूर्ति सञ्जालमा जोड्न सकेमा स्याउ, अनार र सुन्तलाको जुसबाट समेत पर्याप्त लाभ लिन सकिन्छ । भारत विश्वमै सबैभन्दा धेरै जुस खपत गर्ने मुलुकको सूचीमा पर्छ ।**

नीतिसँगै वस्तुको पहिचान, उत्पादनको क्षमता, बजार अध्ययन र सरकारले दिन सक्ने सुविधा स्पष्ट हुनुपर्छ । विविध सम्भावित क्षेत्रहरू जस्तै; सूचना प्रविधि (सफ्टवेयर र हार्डवेयर) क्षेत्रले समेत ठूलो सम्भावना बोकेको छ ।

'मेक इन नेपाल'को विषयमा फर्किंदा यतिबेला देशको औद्योगिक व्यावसायिक लगानीको स्थिति नाजुक बन्दै गइरहेको छ । ठूला औद्योगिक घराना नेपालमा लगानी नगरेर आफ्नो सम्पत्ति विदेशमा लगानी गरिरहेका छन् । जबकि उनीहरूको भूमिका नेपालमा वैदेशिक लगानी भित्र्याउन, प्रविधि भित्र्याउन र औद्योगिक वातावरण सुधार गर्नतर्फ केन्द्रित हुनुपर्ने हो ।

जलविद्युत् र सिमेन्टलाई छाड्दा वैदेशिक लगानीको स्थिति दयनीय छ । विदेशी लगानीकर्ता नेपालमा लगानी गर्न आउँदा आफ्नो देशमा बजार खोज्छन् । युनिलिभर र डाबरको लगानी सफल हुनमा उनीहरूले वर्षौंसम्म नेपालमा बजारको अध्ययन गरेका थिए । नेपालमा साइप्रसबाट 'उच्च मूल्य'सहितको मिनरल्स वाटर उत्पादनमा लगानी आएको छ । साइप्रसको लगानीकर्ता भएकाले आफ्नो देशको बजारको मागबारे लगानीकर्तालाई जानकारी हुन्छ । यो उदाहरणलाई गम्भीररूपमा अघि बढाएर 'मेक इन नेपाल'मा विदेशी लगानीकर्तालाई प्राथमिकतामा राख्नुपर्छ । ठूलो बजार भएका भारत र चीनको बीचमा बसेर पनि प्रतिवर्ष कुल गार्हस्थ उत्पादनको एक दशमलव सात प्रतिशतभन्दा ठूलो वैदेशिक लगानी भित्रिएको इतिहास छैन ।

कुनै विदेशी कम्पनीले नेपालको बजारलाई एकाधिकार बनाएर ठूलो नाफा आर्जन गरिरहेका छन् । यसमा टेलिकम र सूचना प्रविधिको क्षेत्र देखिन्छ । यसबाहेक हवाई उद्योगको क्षेत्रको ठूलो सम्भावनालाई हामीले नजरअन्दाज गरिरहेका छौं । नेपालबाट प्रतिवर्ष ४५ लाख मानिस अन्तर्राष्ट्रिय उडान भर्छन् । यसको लाभ करिब ३० वटा अन्तर्राष्ट्रिय हवाई कम्पनीले लिइरहेका छन् । यो लाभका लागि हाम्रो राष्ट्रिय ध्वजावाहक विमानले उठाउन सकेको छैन । सबै क्षेत्रमा वस्तु र सेवामा 'मेक इन नेपाल' र 'मेड इन नेपाल' भनेर सोच्दा समग्रमा प्रत्यक्षरूपमा नाफा आर्जन भइरहेका क्षेत्रलाई ध्यानमा राख्नुपर्छ ।

नेपालमा प्रत्यक्षरूपमा वैदेशिक लगानी भित्रिएर नाफा लग्ने बैंकिङ क्षेत्र छ । यसमा नबिल, एसबीआई, पञ्जाब नेसनल बैंक, हबिब बैंक र बंगलादेशको बैंकले समेत राम्रो नाफा लगेका छन् । एनसेल र हाइड्रोपावरमा समेत राम्रो नाफा आर्जन गरेका छन् ।

अन्त्यमा, स्टार्टअप नीति ध्यान दिनुपर्ने विषय हो । यतिबेला सरकारले स्टार्टअपमा नयाँ नीति बनाउँदै छ । यो नीतिमा स्टार्टअप इकोसिस्टम बनाउनुपर्छ । संसारका सबैभन्दा सफल भनिएका विश्वविद्यालयमा इन्कुभेसन सेन्टर छ । उनीहरूले एउटा राम्रो कम्पनी जन्माएर बजारमा पठाउँछ । सरकारले स्टार्टअप व्यवसाय अघि बढाउनका लागि उद्योग विभागलाई मुख्य निकाय बनाउने योजना अघि सारेको छ ।

यसबाहेक सरकारले आगामी १५ वा २० वर्षपछिसम्म गर्ने विकासको नीति अघि बढाउनुपर्छ । यसमा खासगरी, निजी क्षेत्रको सम्पत्तिको सुरक्षा र अधिकारलाई स्पष्टरूपमा खुलाइनुपर्छ । 'मेक इन नेपाल' र 'मेड इन नेपाल'को बहसलाई जीवित राखेर प्रतिफल पाउने समय तय गर्नुपर्छ । नेपाललाई औद्योगिकरूपमा अघि बढाउनका लागि मुख्यगरी दुई क्षेत्रमा अध्ययन गर्नुपर्छ । कुन भौगोलिक क्षेत्रमा कस्ता वस्तु र सेवा उत्पादन हुन सक्छ भनेर अध्ययन गरेपछि राष्ट्रियस्तरको र अन्तर्राष्ट्रियस्तरको बजार सम्भावना समेत अध्ययन गर्नुपर्छ ।





महाप्रसाद अधिकारी

# बन्दै छ डिजिटल बैंकिङ पूर्वाधार

**भुक्तानी प्रणालीको आधुनिकीकरणका लागि नेपाल राष्ट्र बैंकले योजनाबद्धरूपमा काम गर्दै आएको छ । सन् २०१४ मा पहिलो पटक भुक्तानी प्रणाली विकास रणनीति तर्जुमा भयो । त्यसपछि मात्र नेपालमा विद्युतीय भुक्तानी प्रणालीको विकासले गति लिएको हो ।**

विगत केही वर्षमा विद्युतीय भुक्तानीका कारण वित्तीय प्रणालीमा नयाँ आयाम थपिएको छ । यसका पछाडि वित्तीय प्रविधिमा उपयोग भइरहेका ब्लकचेन, आर्टिफिसियल इन्टिलिजेन्सलगायतका प्रविधिहरूको महत्वपूर्ण हात रहेको छ ।

निजी क्षेत्रमा भइरहेका भुक्तानी नवप्रवर्तन र नियामक निकायहरूले विद्युतीय भुक्तानीको विस्तारलाई दिएको प्राथमिकताले समेत विद्युतीय भुक्तानीलाई सघाएको छ। यसका अलावा स्मार्टफोनको उपयोगमा भएको विस्तार तथा इ-कमर्सको विकास प्रमुख रहेका छन् ।

विशेष गरी उदीयमान तथा विकासोन्मुख मुलुकहरूमा विद्युतीय भुक्तानी कारोबारमा तीव्र विस्तार हुँदै गएको छ। सन् २०२६ सम्ममा विश्वमा डिजिटल वालेट चलाउने जनसङ्ख्या पाँच अर्बभन्दा बढी पुग्ने अनुमान गरिएको छ। यो अवधिसम्म ४० प्रतिशत डिजिटल भुक्तानी कारोबारहरू क्युआर कोडमार्फत हुने आकलन समेत गरिएको छ।

विद्युतीय भुक्तानीमा हुँदै गएको यस्तो वृद्धिलाई कोभिड संकट, क्रिप्टोकरेन्सीको प्रयोग र पछिल्लो समयमा केन्द्रीय बैंकहरूले डिजिटल मुद्रा निस्काशनमा देखाएको तदारुकताले झनै तीव्र बनाएको छ। नेपाल राष्ट्र बैंकले भुक्तानी प्रणालीको आधुनिकीकरणलाई उच्च प्राथमिकता दिँदै आएको छ । फलस्वरूप विद्युतीय भुक्तानीका क्षेत्रमा नेपालले पनि उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ।

भुक्तानी प्रणालीको आधुनिकीकरणका लागि नेपाल राष्ट्र बैंकले योजनाबद्धरूपमा काम गर्दै आएको छ। सन् २०१४ मा पहिलो पटक भुक्तानी प्रणाली विकास रणनीति तर्जुमा भयो । त्यसपछि मात्र नेपालमा विद्युतीय भुक्तानी प्रणालीको विकासले गति लिएको हो । उक्त रणनीतिअन्तर्गत रहेर भुक्तानी प्रणाली विभागको स्थापना भयो । यो रणनीतिलाई भुक्तानी तथा फछ्र्यौट ऐन र भुक्तानी तथा फछ्र्यौट विनियमावलीले कानुनी आधार दियो ।

विद्युतीय भुक्तानी सेवा प्रदान गर्ने संस्थाका लागि इजाजत दिने नीति, खुद्रा भुक्तानी रणनीति र डिजिटल कर्जा मार्गदर्शनले भुक्तानी प्रणालीलाई सहज बनायो । यिनै कानुनी तथा नीतिगत संरचनामा टेकेर नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालगायत अन्य संस्थाहरूलाई भुक्तानी सेवा सञ्चालक/भुक्तानी सेवा प्रदायकको रूपमा काम गर्ने इजाजत दिएको छ।

विद्युतीय भुक्तानी प्रवर्द्धन गर्नका लागि मौद्रिक नीतिले समेत समयसमयमा विभिन्न नीतिगत व्यवस्थाहरू गर्दै आएको छ । मौद्रिक नीतिमा समेत विद्युतीय भुक्तानीमा जोड दिइएको छ । विद्युतीय भुक्तानीमा भएको धेरै व्यवस्थाहरू मौद्रिक नीतिमा टेकेर अगाडि बढाइएको छ।

ठूलो रकमको विद्युतीय भुक्तानीका लागि रियल टाइम ग्रस सेटलमेन्ट प्रणाली सञ्चालनमा ल्याइएको छ । आर्थिक वर्ष २०७९/८० लाई विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्षको रूपमा मनाउने



घोषणा पनि मौद्रिक नीतिले गरेको थियो । पूर्ण डिजिटल बैंकको स्थापना र नेपालभित्र हुने भुक्तानी कारोबारको राफसाफ नेपालभित्रै गर्ने व्यवस्था पनि राष्ट्र बैंकले गरेको छ ।

नेपालको आफ्नै भुक्तानी कार्ड प्रयोगमा ल्याउने र राष्ट्रिय भुक्तानी स्विच स्थापनाको काम सम्पन्न भइसकेको छ । नेपाल सरकारले प्राप्त गर्ने राजस्व र सबै प्रकारका भुक्तानी बैंकिङ तथा विद्युतीय भुक्तानीको माध्यमबाट गर्ने व्यवस्था गरिएको छ । डिजिटल कर्जा मार्गदर्शन बनाई कार्यान्वयनमा ल्याउने र विप्रेषणलाई वालेट तथा कार्डको माध्यमबाट भित्र्याउन सकिने व्यवस्था भएको छ ।

यी व्यवस्थामध्ये धेरैजसो कार्यहरू सम्पन्न भइसकेका छन् । बाँकी रहेका केही काम सम्पन्नको चरणमा छन् । समयसमयमा विद्युतीय भुक्तानी प्रवर्द्धनका लागि विभिन्न छुट सुविधाहरूको व्यवस्था समेत नेपाल राष्ट्र बैंकले गर्दै आएको छ । फलस्वरूप विद्युतीय भुक्तानीको पूर्वाधारका रूपमा ठूलो रकम भुक्तानीका लागि वास्तविक समयको भुक्तानी प्रणाली अर्थात् आरटीजीएस र खुद्रा भुक्तानीका लागि रिटेल पेमेन्ट स्विच सञ्चालनमा आएको छ । मोबाइल बैंकिङ, क्युआरलगायतका भुक्तानी उपकरणहरूको माध्यमबाट हुने विद्युतीय भुक्तानीमा उल्लेख्य वृद्धि भएको छ ।

चालु आर्थिक वर्षको मौद्रिक नीतिमा विद्युतीय मुद्रा जारी गर्ने सम्बन्धमा आवश्यक पूर्वाधारको विषयमा काम गर्न केन्द्रीय बैंकलाई अधिकार दिएको छ । बैंकले सार्वजनिक सेवा प्रवाह हुने मुख्य कार्यालयहरूमा विद्युतीय भुक्तानीका उपकरणहरूको प्रयोग गरी राजस्व संकलन गर्ने कार्यमा सहजीकरण गरेको छ । सूचना प्रविधिलगायतका सेवा निर्यात गरेबापतको विदेशी मुद्रा विद्युतीय माध्यमबाट भित्र्याउने व्यवस्थालाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ । यसबाहेक नेपाल र भारतबीच हुने अन्तरदेशीय भुक्तानीलाई सुरक्षित, लागतप्रभावी तथा सहज बनाउनका लागि नेपाल र भारतबीच खुद्रा भुक्तानी प्रणालीको अन्तरआबद्धता कायम गर्ने कार्य अघि बढाइएको छ । यस्ता व्यवस्थाबाट नेपालको भुक्तानी प्रणालीको विकासमा थप योगदान पुग्ने अपेक्षा रहको छ ।

**प्राप्त उपलब्धि**

नेपाल राष्ट्र बैंकले भुक्तानी प्रणालीको आधुनिकीकरणका लागि विभिन्न नीतिगत व्यवस्था गरेसँगै विद्युतीय भुक्तानीमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । विद्युतीय भुक्तानीका लागि आवश्यक कानुनी एवम् भुक्तानी पूर्वाधारको विकास भएको छ । ठूलो रकमको भुक्तानीका लागि रियल टाइम ग्रस सेटलमेन्ट प्रणाली सञ्चालनमा आएको छ । अन्य कारोबारका लागि आईपीएस, खुद्रा कारोबार स्विचलगायतका पूर्वाधार सञ्चालनमा छन् । अन्तर्राष्ट्रियरूपमा सञ्चालनमा रहेका भुक्तानी सेवा प्रदायकहरू बैंकको नियामकीय एवम् सुपरीवेक्षकीय दायरामा आएका छन् । विद्युतीय भुक्तानी स्वीकार गर्ने मर्चेन्टहरूको संख्यामा उल्लेख्य वृद्धि भएको छ । विभिन्न सरकारी भुक्तानीहरू विद्युतीय माध्यमबाट हुने गरेका छन् । यो नेपालका लागि महत्वपूर्ण उपलब्धि हो ।

**चालु आर्थिक वर्षको मौद्रिक नीतिमा विद्युतीय मुद्रा जारी गर्ने सम्बन्धमा आवश्यक पूर्वाधारको विषयमा काम गर्न केन्द्रीय बैंकलाई अधिकार दिएको छ । बैंकले सार्वजनिक सेवा प्रवाह हुने मुख्य कार्यालयहरूमा विद्युतीय भुक्तानीका उपकरणहरूको प्रयोग गरी राजस्व संकलन गर्ने कार्यमा सहजीकरण गरेको छ ।**

| देशको नाम | वित्तीय संस्थामा खाता हुने प्रौढको संख्या (प्रतिशतमा) | डिजिटल भुक्तानी गर्ने वा प्राप्त गर्ने प्रौढको संख्या (प्रतिशतमा) |
|---|---|---|
| बङ्गलादेश | ५२.८ | ४५.३ |
| चीन | ८८.७ | ८६.२ |
| भारत | ७७.५ | ३४.९ |
| इन्डोनेसिया | ५१.८ | ३७.२ |
| केन्या | ७९.२ | ७७.६ |
| मलेसिया | ८८.४ | ७९.३ |
| नेपाल | ५४.० | २८.६ |
| पाकिस्तान | २१.० | १७.६ |
| फिलिपिन्स | ५१.४ | ४३.५ |
| श्रीलंका | ८९.३ | ५५.१ |
| उच्च आय भएका मुलुक | ९६.४ | ९४.६ |
| न्यून आय भएका मुलुक | ३९.० | ३५.४ |
| न्यून मध्यम आय भएका मुलुक | ६२.४ | ३८.३ |
| दक्षिणा एसिया | ६७.९ | ३३.७ |
| विश्व | ७६.२ | ६४.१ |




विद्युतीय भुक्तानीमा रहेको पहुँच, कारोबार संख्या र कारोबार रकममा उल्लेख्य वृद्धि हुँदै गएको छ । २०८० असारमा बैंक तथा वित्तीय संस्थाका अलावा १० भुक्तानी सेवा सञ्चालक, २७ भुक्तानी सेवा प्रदायक सञ्चालनमा रहेका छन् । मुलुकमा करिब एक करोड ८९ लाख वालेट खाता सञ्चालनमा रहेका छन् भने दर्ता भएका मोबाइल बैंकिङ खाता दुई करोड १३ लाख तथा इन्टरनेट बैंकिङ खाता करिब १८ लाख रहेका छन् । त्यसैगरी कनेक्ट आईपीएस प्रयोगकर्ताहरूको संख्या करिब ११ लाख पुगेको छ ।

भुक्तानी कारोबारमा पनि उल्लेख्य वृद्धि हुँदै गएको छ । आर्थिक वर्ष २०७९/८० मा करिब ८० करोड विद्युतीय भुक्तानी कारोबारहरू (एटीएमबाहेक) भएका छन् । अघिल्लो आर्थिक वर्षको तुलनामा करिब ४१ प्रतिशत बढी हो । पछिल्लो समयमा क्युआर र मोबाइल बैंकिङमार्फत हुने विद्युतीय भुक्तानी कारोबार संख्या एवम् रकममा उल्लेख्य वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० मा क्युआर कोडबाट भएका कारोबारमा अघिल्लो वर्षको तुलनामा एक सय ९० प्रतिशतले वृद्धि भएको छ भने मोबाइल बैंकिङमार्फत भएको कारोबार संख्यामा ५६ प्रतिशतले वृद्धि भएको छ । कारोबार रकमका आधारमा उक्त समयमा क्युआरबाट भुक्तानी भएको कारोबारमा एक सय ६० प्रतिशत तथा मोबाइल बैंकिङबाट भएका कारोबार रकममा करिब ८१ प्रतिशतले वृद्धि भएको छ । कुल विद्युतीय भुक्तानी कारोबारमा मोबाइल बैंकिङबाट हुने कारोबारको हिस्सा ३५ प्रतिशत, वालेटको हिस्सा २६ प्रतिशत तथा क्युआर कोडको हिस्सा करिब १० प्रतिशत रहेको छ ।

**अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा नेपालको स्थिति**

विगत केही समययता नेपालले विद्युतीय भुक्तानीमा उल्लेख्य प्रगति हासिल गरेको छ । तथापि विकसित तथा उदीयमान मुलुकहरूको तुलनामा भने हामी केही पछाडि नै छौं । विकसित मुलुकहरूमा वित्तीय पहुँच उच्च रहेको तथा भुक्तानी प्रणालीको पूर्वाधार सबल एवम् पर्याप्त

**बैंक तथा वित्तीय संस्था एवम् भुक्तानी सेवा प्रदायकहरूको नियामक र सुपरीवेक्षक भएका नाताले यसको मुख्य जिम्मेवारी नेपाल राष्ट्र बैंकको काँधमा छ ।**

रहेका कारण जनसंख्याको अधिकांश हिस्साले विद्युतीय भुक्तानीको माध्यम उपयोग गर्ने गरेका छन् ।

उदाहरणका लागि विश्व बैंकको सर्वेक्षणका अनुसार सन् २०२१ मा उच्च आय भएका मुलुकमा वित्तीय पहुँचमा रहेको प्रौढ जनसंख्या ९६ प्रतिशत थियो । करिब ९५ प्रतिशत प्रौढ जनसङ्ख्याले विद्युतीय माध्यमबाट भुक्तानी गर्ने वा भुक्तानी प्राप्त गर्ने गरेका थिए । जबकि सोही समयमा न्यून आय भएका मुलुकमा वित्तीय पहुँचमा रहेको प्रौढ जनसंख्याको हिस्सा जम्मा ३९ प्रतिशत थियो । विद्युतीय भुक्तानी गर्ने वा त्यस्तो भुक्तानी प्राप्त गर्ने जनसंख्याको हिस्सा ३५ प्रतिशत मात्र रहेको थियो ।

दक्षिण एसियाको अवस्था हेर्दा सन् २०२१ मा करिब ६८ प्रतिशत प्रौढको वित्तीय पहुँच रहेको छ । करिब ३४ प्रतिशत प्रौढले विद्युतीय भुक्तानी गर्ने वा त्यस्तो भुक्तानी प्राप्त गर्ने गरेको विश्व बैंकको तथ्याङ्कले देखाउँछ । यसका आधारमा मूल्याङ्कन गर्दा नेपाल दक्षिण एसियाको औसत तथा न्यून मध्यमस्तरको आय समूहमा पर्ने अन्य मुलुकहरू जस्तै बङ्गलादेश, भारत, केन्या, फिलिपिन्स, श्रीलंकालगायतका मुलुकहरूभन्दा केही पछि रहेको अवस्था छ ।

छिमेकी मुलुक भारत र चीनमा विद्युतीय भुक्तानीमा एक प्रकारले क्रान्ति नै आएको छ । भारतमा युनिफाइड पेमेन्ट इन्टरफेस तथा भारत इन्टरफेस फर मनीबाट हुने विद्युतीय कारोबारमा सन् २०१७ यता उच्च वृद्धि हुँदै आएको छ । चीनमा अलि पे र वी च्याट पेसँग मात्रै करिब एक अर्ब जनसंख्या जोडिएको अवस्था छ । नेपालमा पनि पछिल्लो समयमा विद्युतीय भुक्तानीमा भएको प्रगतिबाट हाम्रो अवस्था धेरै सुधार भइसकेको अनुमान लगाउन सकिन्छ । यही हिसाबमा विद्युतीय भुक्तानीमा विस्तार हुने हो भने केही वर्षमै हामी उदीयमान मुलुकहरूको स्तरमा सहजरूपमा पुग्ने अपेक्षा छ ।

**विद्यमान चुनौती**

विद्युतीय भुक्तानी सजिलो तथा कम खर्चिलो हुने भए पनि यसलाई सुरक्षित र विश्वसनीय बनाउन भने सरकार र नियामकको उल्लेख्य भूमिका हुने गर्छ । यस्तो भुक्तानीका लागि सबैभन्दा महत्वपूर्ण पूर्वसर्त सस्तो, भरपर्दो एवम् गुणस्तरीय सूचना पूर्वाधार हो । यसअन्तर्गत बिजुली, टेलिफोन र इन्टरनेट सेवा पर्छन् । नेपालको हकमा विद्युत् र टेलिफोन सेवा अधिकांश जनताको पहुँचमा पुगे पनि गुणस्तरीय इन्टरनेट सेवामा रहेको पहुँच भने अझै कम नै रहेको छ । यस्तो पूर्वाधारलाई ग्रामीण क्षेत्रमा सहजरूपमा उपलब्ध गराउने चुनौती पनि विद्यमान नै छ ।

विद्युतीय भुक्तानीका सन्दर्भमा रहेको अर्को चुनौती साइबर सुरक्षा हो । साइबर जोखिम न्यूनीकरणका लागि मुलुकले साइबर सुरक्षामा पर्याप्त खर्च गर्नुपर्नेछ । नेपाल राष्ट्र बैंकले यस्तो जोखिम न्यूनीकरणका लागि भुक्तानी सेवा प्रदान गर्ने संस्थाले आफ्नो भुक्तानी प्रणालीको जोखिम व्यवस्थापनका सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्नुपर्छ । सूचना सुरक्षा अधिकृतको व्यवस्था गर्नुपर्ने, कम्तीमा पनि प्रत्येक दुई वर्षमा कम्प्युटर प्रणालीको लेखापरीक्षण गरी सोको प्रतिवेदन नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने र कम्प्युटर प्रणालीमा आधिकारिक सफ्टवेयरका साथै आवश्यक फायरवालसहितका साइबर सुरक्षामा सहयोग गर्ने सफ्टवेयरहरू राख्नुपर्ने व्यवस्था गरेको छ ।

भुक्तानी कारोबारमा संलग्न हुने संस्थाहरूले कारोबारमा दुई तहको प्रमाणीकरणको व्यवस्था गरिएको छ । कार्डबाट हुने भुक्तानीको हकमा विभिन्न अन्तर्राष्ट्रिय मापदण्डहरू पूरा गर्नुपर्ने,

आफूले प्रयोग गर्ने सफ्टवेयरहरू नियमितरूपमा अपडेट गर्नुपर्ने, भुक्तानीसम्बन्धी कारोबारहरू नियमितरूपमा ब्याकअप राख्नुपर्ने तथा सुरक्षा जोखिम व्यवस्थापनका लागि डिजास्टर रिकभरी योजना बनाउनुपर्ने व्यवस्था समेत गरेको छ । यस्ता व्यवस्थाबाट विद्युतीय भुक्तानी कारोबारमा उत्पन्न हुन सक्ने विभिन्न जोखिम न्यूनीकरणमा मद्दत मिलेको छ । यद्यपि साइबर तथा सूचनाका क्षेत्रमा नयाँनयाँ जोखिमहरू उत्पन्न हुने सम्भावना रहिरहने भएकाले नेपाल राष्ट्र बैंक यसमा सदैव चनाखो भएर बसेको छ ।


**आगामी बाटो**

राज्य र निजी क्षेत्रले प्रदान गर्ने विभिन्न सेवाहरू र आर्थिक गतिविधिहरूको डिजिटाइजेसनसँगै विद्युतीय भुक्तानीको माग तथा उपयोगमा वृद्धि हुँदै गएको छ । इन्टरनेट अर्थतन्त्र वा डिजिटल अर्थतन्त्रको हिस्सा वृद्धि हुँदै गइरहेको वर्तमान परिपेक्ष्यमा विद्युतीय भुक्तानीमा पनि थप विस्तार आउँदै जाने देखिन्छ । यसबाट सिर्जना हुने लाभ हासिल गर्नका लागि हामीले विद्युतीय भुक्तानी प्रणालीलाई थप सुरक्षित, सहज, भरपर्दो एवम् लागतप्रभावी बनाउँदै जानुपर्नेछ ।

बैंक तथा वित्तीय संस्था एवम् भुक्तानी सेवा प्रदायकहरूको नियामक र सुपरीवेक्षक भएका नाताले यसको मुख्य जिम्मेवारी नेपाल राष्ट्र बैंकको काँधमा छ । तथापि यसका लागि आवश्यक सूचना पूर्वाधारको उपलब्धता सुनिश्चित गर्नमा राज्यका अन्य निकायहरूको पनि महत्वपूर्ण भूमिका छ ।

विद्युतीय भुक्तानी प्रणालीमा थप विस्तार गर्दै यसलाई भरपर्दो भुक्तानी माध्यम बनाउनका लागि हामीले निरन्तररूपमा काम गर्नुपर्ने केही ठाउँहरू छन् । डिजिटल वित्तीय साक्षरता अभिवृद्धिका लागि राज्यका विभिन्न निकायहरूको साझा प्रयासको खाँचो छ । त्यसैगरी भुक्तानी कारोबारको अन्तरआबद्धता सुनिश्चित गर्दै यस्ता कारोबारहरूको उपयोग वृद्धि गर्न सकिएमा कारोबार लागत अझै कम हुने र विद्युतीय भुक्तानीको स्वीकार्यता दर वृद्धि हुने देखिन्छ ।

विद्युतीय भुक्तानीमा उत्पन्न हुन सक्ने प्रणालीगत जोखिम न्यूनीकरण गर्दै साइबर रिजिलेन्स क्षमता अभिवृद्धिका लागि रेगुलेटरी स्याण्डबक्स, प्रणालीमा महत्वपूर्ण भुक्तानी सेवा प्रदायकको रूपमा रहेका संस्थाको छुट्टै नियमन तथा सुपरीवेक्षण, विद्युतीय भुक्तानी गर्ने ग्राहकको हित संरक्षणका लागि छुट्टै संरचना बनाउने, ग्राहकको डाटाको सुरक्षा गर्न एवम् गोपनीयता सुनिश्चित गर्न पर्याप्त संरचना निर्माण गर्नेलगायतका कामहरू अबका दिनको प्राथमिकतामा रहेका छन् ।



स्रोत : ग्लोबल फिनडेक्स, विश्व बैंक

त्यसैगरी हामी परम्परागत बैंकका अतिरिक्त डिजिटल बैंक बनाउने दिशातर्फ सोचिरहेका छौं । यसका लागि आवश्यक कानुनी, संस्थागत एवम् संरचनागत तयारी गर्ने काम भइरहेको पनि छ । विश्वमा पूर्णतः डिजिटलरूपमा केही बैंकहरू सञ्चालनमा रहे पनि नेपालमा तत्काल त्यस्तो सम्भव त नहोला ।

आगामी पाँच-दश वर्षमा पूर्णरूपमा डिजिटल बैंकहरू सञ्चालनमा ल्याउनका लागि पर्याप्त आधार तय हुने देखिएको छ । विद्यमान बैंकहरूलाई समेत बढीभन्दा बढी सेवा डिजिटल माध्यमबाट प्रदान गर्नका लागि प्रोत्साहन दिने राष्ट्र बैंकको रणनीति रहेको छ । यस्ता प्रयासहरूले विद्युतीय भुक्तानीलाई थप सुरक्षित एवम् विश्वसनीय बनाउँदै डिजिटल अर्थतन्त्र विस्तारमा सहयोगी भूमिका खेल्न सक्ने देखिन्छ ।








| किशोर थापा

# समयमा पूर्वाधार : उपयुक्त डिजाइन, उचित पूर्वतयारी र समयमै पर्याप्त बजेट

**लगानी र डिजाइनका कारण पूर्वाधार आयोजना गुणस्तरीय बन्न सकेका छैनन् । बजेट अभावका कारण पनि पूर्वाधार आयोजना कमजोर हुन जान्छन् । पूर्वाधारलाई गुणस्तरीय बनाउन डिजाइन नै महत्वपूर्ण हुन्छ । कस्तो भूगोलमा कस्तो र कति क्षमताको सडक बनाउने, कस्तो पहाडमा कस्तो र कति क्षमताको सडक बनाउने भन्ने विषय डिजाइनमा निर्भर हुन्छ ।**

भौतिक र सामाजिक गरेर पूर्वाधार दुई प्रकारका हुन्छन् । भौतिकतर्फ सडक, पुल, हवाई यातायात, विमानस्थल, रेलमार्ग, आईटीसम्बन्धी पूर्वाधार पर्छन् । यसैगरी विद्युत् गृह, प्रसारण लाइन, सबस्टेशन पनि भौतिक पूर्वाधार नै हुन् । यसका अलावा सहरी पूर्वाधारतर्फ खानेपानी, ढल व्यवस्थापन छन् । पछिल्लो समय आएको सूचना प्रविधिसम्बन्धी पूर्वाधार पनि भौतिक नै हुन् । सामाजिक पूर्वाधारतर्फ भने हुलाक कार्यालय, प्रहरी चौकी, खेलकुद मैदान, विद्यालय, अस्पतालन, पार्कलगायत पर्छन् । भौतिक पूर्वाधार स्वास्थ्य, उत्पादन र विकाससँग जोडिएको हुन्छन् । सामाजिक पूर्वाधार आम मानिसको गुणस्तरीय जीवनयापनसँग जोडिएको हुन्छ ।

नेपालमा आधारभूत भौतिक पूर्वाधार बनेका छन् । अहिलेसम्म नबनेको जल यातायात हो । राणाकालमै रेलमार्ग, सडक, खानेपानी, रोपवेलगायतका पूर्वाधार बनेका थिए । वीर शमशेरको पालामा पानीपोखरी खानेपानी आयोजना बनेको थियो । यो नेपालको पहिलो सहरी खानेपानी आयोजना हो । यो आयोजना १८९१ सालमा सुरु भएर १८९३ मा सम्पन्न भएको हो । त्यतिबेला बुढानीलकण्ठबाट पानी ल्याएर पानीपोखरीमा पानी जम्मा गरेर घरघरमा पानी वितरण गरिन्थ्यो ।

चन्द्र शमशेरको पालामा १९६८ सालमा फर्पिङमा ५०० किलोवाटको लघु जलविद्युत् आयोजना बन्यो । उनकै पालामा रक्सौलदेखि अम्लेखगञ्ज, जनपुरदेखि जयगरसम्म रेलमार्ग बनेका थिए । उनकै पालामा विभिन्न ठाउँमा झोलुङ्गे पुलहरू पनि बनेको थियो । एक हिसाबमै राणाकालमै आधुनिक भौतिक पूर्वाधार बनेका थिए । त्यो काठमाडौं वरिपरि र राणाहरूको सजिलोको लागि मात्रै बनाइएको थियो, आममानिसको पहुँचमा त्यस्ता पूर्वाधार थिएनन् ।

२००७ सालमा प्रजातन्त्र आएपछि मात्रै भौतिक र सामाजिक पूर्वाधारहरू बनेका हुन् । त्यसपछि धेरै सडक, खानेपानीका पूर्वाधार बनेका हुन् । अस्पताल पनि त्यसपछि बनेको हो । त्यसपछि पूर्वपश्चिम महेन्द्र राजमार्ग, त्रिशुली जलविद्युत् आयोजना,



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, ठूला सहरी खानेपानी आयोजना बनेको देखिन्छ । काठमाडौंबाहिर विराटनगर, नेपालगञ्ज, भैरहवा, धनगढीसहित दुर्गम ठाउँहरूमा समेत विमानस्थल बनाइयो । सडक नपुगेको ठाउँमा समेत विमानस्थल बनेको थियो । पञ्चायतकालमै १४४ मेगावाट कालीगण्डकी जलविद्युत् आयोजना बनेको थियो ।

४० वर्षअघि राजा वीरेन्द्रले जर्मनको सहयोगमा घरघरबाट फोहोरमैला उठाएर गोर्कणमा फाल्ने आयोजना सुरु गरेका थिए । त्यसबेला गोकर्णमा ल्यान्डफिल्ड साइट थियो । त्यो बन्द भएको २० वर्ष जति भयो । त्यसरी सुरु भएको सहरी फोहोरमैला व्यवस्थापन अहिले नेपालको सबै शहरमा सुरु भएको छ । मेलम्ची खानेपानी आयोजना विश्वमै ठूला खानेपानी आयोजनामध्येको एक हो । खानेपानी आयोजनामा २६ किलोमिटरसम्मको सुरुङ बिरलै हुन्छन् ।

२०४६ सालपछि त सडक र हवाई यातायातमा, खानेपानी, फोहोरमैला व्यवस्थापनसम्बन्धी पूर्वाधारको व्यापकरूपमा विकास भएको छ । अहिले गाउँगाउँमा मोटरसाइकल पुगेका छन् । काठमाडौंबाट गाडी चढेर रारा तालमा पुगिन्छ भन्ने कल्पना नै थिएन । अहिले काठमाडौंबाट बस चढेर सबैजसो जिल्ला पुग्न सकिन्छ । गाडी चढेर पूर्वको मान्छे पश्चिम, पश्चिमको मान्छे पूर्व आउजाउ गर्न सक्ने अवस्था छ । यसरी पूर्वाधारको विकासमा एक किसिमको फड्को मारेको अवस्था छ ।

## पर्याप्त छैन पूर्वाधार

पछिल्लो समय नेपालमा आधारभूत तथा आधुनिक पूर्वाधार बन्न थालेका छन् । मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, टनेलजस्ता ठूला पूर्वाधार बन्दैछन् । अन्तर्राष्ट्रिय विमानस्थलको संख्या तीन पुगेको छ । देशभर एक लाख किलोमिटर बढी सडक निर्माण भइसकेको छ । सुरुङमार्ग समेत बनेको छ । तर नेपालमा आवश्यक मात्रामा पूर्वाधार भने बन्न सकेको छैन ।

पूर्व-पश्चिम राजमार्ग पहिला सिंगल लेन बनाइयो । अहिले त्यो डबल लेनमा बनाइएको छ । तर त्यो चार लेनको बनाउनुपर्ने बेला भएको छ । त्यसको लागि स्रोत र साधन छैन । काठमाडौं-वीरगञ्ज रेलमार्गको आवश्यक भएको पहिला नै हो । त्यो कहिले बन्छ भन्ने टुङ्गो छैन ।

रेलमार्ग बन्यो भने सडकमा रहेको सवारी चाप हट्ने थियो । इन्धन, खाद्यान्न वस्तुको ढुवानीमा हुने खर्च स्वाट्टै घट्ने थियो । अहिले नारायणगढ-मुग्लिङ सडक अवरुद्ध भएमा काठमाडौंमा हाहाकार हुने अवस्था छ । राजधानीमै प्रवेश गर्न मल्टिपलरूपमा उचित सडकहरू छैनन् । मागअनुसार पूर्वाधार बनाउन सकिएको छैन, दिगो पूर्वाधार त छैन नै ।

नेपाललाई सडक अझै पुगेको छैन । पुल पनि पर्याप्त छैन । अझै तराई-मधेश द्रूतमार्ग बनाउन सकिएको छैन । काठमाडौंबाट तराई जान हामीलाई थुपै विकल्प हुनुपर्ने हो तर छैन । विद्युत्तर्फ अझै पर्याप्त प्रसारण लाइन बनेका छैन । प्रसारण लाइन र वितरण लाइन नभएरै अहिले विद्युत् खेर गएको छ । उद्योग तथा ग्राहकहरूले मागअनुसार विद्युत् पाउन सकेका छैनन् । समग्रमा पूर्वाधार नेपालमा पर्याप्त छैन ।

## गुणस्तरीय छैनन् पूर्वाधार

पछिल्लो समय नेपालमा पूर्वाधार बन्नेक्रम बढेको छ । त्यसको गुणस्तर बढ्न सकेको छैन । सडकहरूमा वर्षेनि पहिरो जाने, भासिने, पटकपटक सवारी दुर्घटना हुने प्रवृत्तिले पूर्वाधार गुणस्तरीय नभएको पुष्टि हुन्छ ।

सडक अझै भरपर्दो छैन । बाह्रै महिना सुरक्षितरूपमा सञ्चालन गर्न सक्ने सडक छैन । हामी सडकको लम्बाइ बढाउन केन्द्रित भएका छौं । गुणस्तरीय बनाउने विषयमा पर्याप्त ध्यान पुगेको छैन । गुणस्तरीय सडक नबनाउँदा झन् उल्टै समस्या बढेको छ ।

सडककै विषयमा कुरा गर्दा, पटकपटक पहिरो जाँदा, सडक भत्किँदा यातायात अवरुद्ध मात्रै भएको छैन । वर्षेनि कैयौं मानिसले ज्यान गुमाएका छन् । पछि सडक पुनःनिर्माणलगायतका काममा खर्च हुने पैसाको कुनै हिसाब नै छैन । समग्रमा हाम्रो सडक पूर्वाधार कमजोर छ । सडकमा मात्रै होइन, अन्य पूर्वाधारमा पनि यस्तो समस्या छ । हाम्रो सडकको गुणस्तरमा ठूलो प्रश्न छ ।

मुख्यतः लगानी र डिजाइन कारण पूर्वाधार आयोजना गुणस्तरीय बन्न सकेका छैनन् । बजेट अभावका कारण पनि पूर्वाधार आयोजना कमजोर हुन जान्छन् । पूर्वाधारलाई गुणस्तरीय बनाउन डिजाइन नै महत्वपूर्ण हुन्छ । कस्तो भूगोलमा कस्तो र कति क्षमताको सडक बनाउने, कस्तो पहाडमा कस्तो र कति क्षमताको सडक बनाउने भन्ने विषय डिजाइनमा निर्भर हुन्छ । हाम्रो त्यस्तो दृष्टिकोणमा अध्ययन नगरी आयोजनाको डिजाइन गरेको देखिन्छ । त्यसरी डिजाइन गर्न सकेमा मात्रै सडकलाई १२ महिना सुरक्षितरूपमा सञ्चालन गर्न सकिन्छ । हाम्रो ध्यान सडकको पहुँच र लम्बाइ बढाउनमा मात्रै बढी केन्द्रित भएको देखिन्छ ।

अहिले त झन् स्थानीय तहहरूले इन्जिनियरिङ डिजाइन नै नगरी सडक खन्न थालेका छन् । त्यस प्रवृत्तिले सडक गुणस्तरीय त बनेका छैनन् उल्टै बाढी पहिरोजस्ता विपद्को घटना बढाएको छ ।

पटकपटक आउने भूकम्पको कारण पहाडको धरातल कमजोर छ । त्यसमाथि नेपालमा हरेक वर्ष नियमित मनसुन हुन्छ । त्यसले बाढी पहिरोजस्ता विपद्का घटना भइरहेका छन् । त्यो अवस्थामा हाम्रो पहाडमा विशेष प्रकृति र उच्च गुणस्तरको सडकलगायतका पूर्वाधार बनाउन आवश्यक छ ।

कमजोर धरातल भएको पहाडमा सडक बनाउन हुन्छ कि हुँदैन ? बनाएमा कस्तो बनाउने ? भन्नेतर्फ हाम्रो ध्यान पुगेको छैन । वर्षेनि मनसुनले बाढी पहिरो ल्याउँछ भन्ने थाहा भएपछि त्यस्ता जोखिमलाई थेग्न सक्नेगरी सडक बनाउनुपर्छ, जुन डिजाइनमै निर्भर हुन्छ । त्यसको लागि भौगर्भिक अध्ययन गरेर, राम्रोसँग प्राविधिक अध्ययन गरेर सडकको डिजाइन गर्नुपर्छ, सोहीअनुसार बनाउनुपर्छ ।

पहाडी सडक कस्तो हुनुपर्छ भन्ने विषयमा हामीले त्रिभुवन राजपथलाई उदाहरणको रूपमा लिन सक्छौं । २००९ सालमा बनेको उक्त सडकमा त्यहाँको धरातलअनुसार उपयुक्तरूपमा डिजाइन भएको छ । सोहीअनुसार बनाइएको छ । फलस्वरूप त्यहाँ पहिरो, सडक दुर्घटना एकदमै कम हुन्छ । त्यहाँ स-साना गाडी हिँड्ने हो, ठूला गाडी हिँड्दैन । यो एउटा उपयुक्त उदाहरण हो । अर्को सिन्धुलीको सडक पनि पहाडमा कस्तो सडक बनाउनुपर्छ भन्ने विषयमा उपयुक्त उदाहरण हो ।

सुरुमा चीनले नारायणगढ-मुग्लिन सडक किन सिंगल लेनमा बनायो भनेर हामीले कहिल्यै विचार गरेनौं । त्यहाँको भूगोलमा केही न केही समस्या भएर पहिला सिंगल लेनको बाटो बनाइएको होला । पहिला त्यसमा पहिरोसम्बन्धी घटना पनि नगन्य नै हुन्थ्यो । जाम भए पनि २०/२५ वर्षसम्म त्यहाँ अप्रिय घटना त्यति भएनन् । तर जाम भयो भनेर हचुवामा भरमा डबल लेनको सडक बनाउँदा अहिले त्यहाँ पटकपटक समस्या आएको छ ।

गुरुयोजना नबनाई जहाँ पायो त्यही विमानस्थल बनाएको छ । त्यसले गर्दा थुप्रै विमानस्थल बन्द अवस्थामा छन् । विमानस्थल बनाउन, मौसम तथा प्राविधिकरूपमा सम्भव छ कि छैन ? सञ्चालन हुन्छ कि हुँदैन ? भन्नेलगायतका विषयमा अध्ययन अनुसन्धान नै भएका छैनन् । त्यसले गर्दा अहिले धेरै विमानस्थल बन्द

अवस्थामा छन् । मुगु, डोल्पा, टीकापुर, गोर्खा, लाङ्टाङ रोल्पालगायतका विमानस्थल चल्न सकेको छैन । सोलुखुम्बुमै राजनीतिक दबाबमा चार विमानस्थल बनाइयो । अहिले दुईवटा मात्रै सञ्चालन छन् । यसरी अनावश्यकरूपमा पूर्वाधार बनाउँदा पैसा मात्र खर्च भयो, पूर्वाधार बेकामे भए । हामीजस्तो गरिब मुलुकले यस्ता विषयमा पहिला नै विचार गर्नुपर्दथ्यो ।

पूर्वाधारको नियमित मर्मत सम्भारमा पनि चुकेका छौँ । यसले गर्दा पूर्वाधारको आयु समेत घट्दै गएको छ । नेपालमा सडकमा जति तौलको पनि सवारी साधन गुडाइन्छ । सम्बन्धित पहाड र सडकले धेरै तौल भएका सवारी धान्छ कि धान्दैन भन्ने विषयमा विचार नै पुऱ्याइँदैन । यी र यस्ता कारण नेपालका पूर्वाधार गुणस्तरीय तथा दिगो बन्न सकेका छैनन् ।

**समावेशी पूर्वाधारको अभाव**

पूर्वाधार विकास समावेशी पनि हुन आवश्यक छ । मानिसको क्षमता र अवस्था फरकफरक हुन्छन् । कोही अपाङ्ग हुन्छन्, कोही वृद्ध र बिरामी हुन्छन् । महिलाहरू गर्भवती हुन्छन् । कोही बालक हुन्छन् । उनीहरू सबैले सहजरूपमा प्रयोग गर्न सक्ने गरी सडकलगायतका पूर्वाधार बन्न आवश्यक छ । पछिल्लो एक दशकयता यसबारे बहस हुन थालेको छ । विश्वका विभिन्न देशले समावेशी पूर्वाधार बनाउन थालेका छन् । तर नेपालमा अझै त्यो भएको छैन ।

नेपालमा पूर्वाधारलाई समावेशी गराउने गरी डिजाइन नै हुन सकेको छैन । नीतिगत तहमा नै यसले प्रवेश पाएको छैन । विदेशमा समावेशी पूर्वाधार बन्दा, नेपालको प्रणालीमा यसको प्रवेश नै नहुनु दुःखद् पक्ष हो । अब समावेशी पूर्वाधार बनाउने संस्कार ल्याउनैपर्छ । यसको लागि सरकार र आम नागरिकमै चेतनाको विकास हुन आवश्यक छ । काठमाडौंभित्रै पूर्वाधारको कुरा गर्ने हो भने यहाँको सडक, आकाशे पुलजस्ता पूर्वाधार बलिया युवा पुरुषहरूको लागि मात्रै हो । गर्भवती, वृद्ध, बाल बच्चा, अपाङ्ग नागरिकलाई सहज हुने गरी काठमाडौंमा अझै पूर्वाधार बनाइएको छैन ।

**भइरहेका पूर्वाधारले दिएको फाइदा**

नेपालमा पूर्वाधारको समग्र अवस्थाजस्तो भए पनि, भइरहेका पूर्वाधारले आर्थिक र सामाजिक विकासमा भने पक्कै सहयोग पुगेको छ । विशेषगरी सहरी विकासमा यसले ठूलो योगदान दिएको छ । कुल ग्रार्हस्थ उत्पादनमा सहरी विकासको योगदान करिब ८० प्रतिशत छ । यसको पछाडिको कारण पूर्वाधार नै हो । शहरीकरणले नै सामाजिक र आर्थिक विकासमा ठूलो योगदान दिएको छ । शहरीकरणले आममानिसको जीवनस्तर उकासिएको छ, । रोजगारी सिर्जना गरेको छ । यसले पक्कै पनि अर्थतन्त्रमा सहयोग पुगेको छ । पूर्वाधार निर्माणकै चरणमा पनि अर्थतन्त्रमा ठूलो योगदान पुगेको छ । निर्माणसँग जोडिएने निर्माण कम्पनी, सिमेन्ट उद्योग, डण्डी उद्योगलगायतका क्षेत्रको विकास भएको छ । त्यसले अर्थतन्त्रलाई ठूलो सहयोग पुगेको छ । निर्माण क्षेत्रले नै १२ लाख हाराहारीलाई प्रत्यक्ष रोजगारी दिएको छ । यसरी पूर्वाधार अर्थतन्त्रको मुख्य योगदानकर्ता हो ।

सडक बनेपछि ढुवानीमा लाग्ने खर्च र समय कम भएको छ । अहिले गाडी चढेर देशको कुनै पनि ठाउँमा जान सकिन्छ । विभिन्न सहरमा जहाज चढेर जान सकिन्छ । सडकजस्ता पूर्वाधार बन्दा कनेक्टिभिटी बढेको छ । एक ठाउँमा भएको उत्पादन अर्को ठाउँमा पुऱ्याउन सकिएको छ । विद्युत् उत्पादन बढ्दै गएपछि उद्योगहरू पनि थपिँदै गएका छन् । यसले आर्थिकलगायतका थप विकासमा सहयोग पुग्छ ।

अहिले अन्तर्राष्ट्रिय विमानस्थलको संख्या तीन पुगेको छ । त्यसले विदेशी पर्यटकलाई नेपाल आउन झन् सजिलो भएको छ । साथै, नेपालीहरूलाई रोजगार, अध्ययन, भ्रमण, बिजनेस भिसामा बाहिर जान पनि थप सजिलो भएको छ । एयर कनेक्टिभिटी नबढेको भए नेपालीहरू विश्वका कुनाकुनामा रोजगारीको लागि गएर वार्षिक खर्बौं रुपैयाँ रेमिट्यान्स पठाउन सक्ने थिएनन् । यसकै कारण नेपालीहरू अमेरिका, युरोप, जापान, युएईलगायत थुप्रै देशमा पढ्ने, काम गर्न, घुम्न गएका छन् । पेशा व्यवसाय गर्न नेपालीहरू संसारभर फैलिएका छन् । यसरी पूर्वाधारले नेपालको विकासमा पनि सहयोग पुगेको छ ।

सामाजिक पूर्वाधारले आममानिसले गुणस्तरीय जीवन पाउन थालेका छन् । विद्यालयबाट शिक्षा, अस्पतालबाट स्वास्थ्य जीवन, प्रहरीबाट सुरक्षा, पार्कबाट मनोरञ्जन पाइन्छ । यसले मानिसको जीवनस्तर गुणस्तरीय बनाउन सहयोग गरेको छ । नेपालमा बनेका पूर्वाधारबाट पर्याप्त लाभ लिन सकिएको छैन । त्यसको पछाडिको कारण, कमजोर व्यवस्थापकीय पक्ष हो । पूर्वाधार आयोजना सञ्चालन गर्ने क्षमता तथा योजना चाहिन्छ, जुन नेपालमा आवश्यकता अनुरूप देखिन्न ।

पछिल्लो पटक बनेका पोखरा र भैरहवाका दुई अन्तर्राष्ट्रिय विमानस्थल अझै चलेका छैनन् । थुप्रै आन्तरिक विमानस्थल



बन्द अवस्थामा छन् । पूर्वाधार आयोजना सञ्चालन गर्न योजना तथा क्षमता चाहिन्छ । त्यसका लागि सरकारले विभिन्न नीतिहरूलाई ल्याएर पूर्वाधार आयोजना सञ्चालनको लागि प्रोत्साहन गर्नुपर्छ । विमानस्थलकै विषयमा कुरा गर्दा, वायुसेवा कम्पनीहरूलाई प्रोत्साहन हुने नीति सरकारले ल्याउनुपर्छ । यस्तो काम गर्न सकियो भने पूर्वाधार आयोजनाहरू सञ्चालन हुन सक्छन् । बनेकै पूर्वाधारबाट पर्याप्त लाभ लिन सकिएको छैन । आयोजना निर्माणमा हुने ढिलाइले पनि हामी लाभ लिन चुकिरहेका छौं, उल्टै लागत बढेको छ । समग्रमा पूर्वाधारमा जुन लगानी भएको छ, त्यसको प्रतिफल जति लिनुपर्ने हो, त्यति लिन सकिएको छैन ।

**निर्माणको गति**

नेपालमा पूर्वाधारको निर्माणको गति पनि सुस्त छ । आयोजना निर्माण सुरु हुन नै ढिलाइ हुन्छ । वर्षौंअघि अध्ययन भएका, डीपीआर बनेका आयोजनाको पनि अझै निर्माण सुरु हुन सकेको छैन । त्यसको उदाहरण बुढीगण्डकी जलविद्युत् आयोजना हो । काठमाडौं-तराई( मधेश) द्रुतमार्ग आयोजना अझै बनेको छैन । सडकतर्फका अन्य थुप्रै आयोजना समयमा बन्न सकेका छैनन् । मेलम्ची खानेपानी आयोजना, अपर तामाकोशी जलविद्युत् आयोजना बन्न पनि धेरै समय लाग्यो । समग्रमा नेपालमा पूर्वाधार निर्माणको गति सुस्त छ ।

पूर्वाधार आयोजना समयमा नबन्नुको कारण बजेटको अभाव पनि हो । सरकारले सही समयमा बजेट व्यवस्थापन गर्न सकेको छैन । त्यसले गर्दा पनि पूर्वाधारको निर्माण समयमा भएको पाइँदैन । बजेट भएर पनि आयोजना समयमा नबनेको उदाहरण छन् । त्यसमा पनि विभिन्न कारण छन् ।

स्थानीयहरूबाट आउने अवरोध र राजनीतिक अवरोधका कारण पनि परियोजनामा ढिलाइ भएको छ । साथै, अदालतले गर्ने निर्णयका कारण पनि यसमा ढिलाइ भएको देखिन्छ । पूर्वाधार निर्माणमा वातावरण तथा वन र आयोजनाबीचको द्वन्द्व पनि छ । सरकारकै एउटा निकायले कुनै आयोजना बनाउने भनेर निर्णय गर्छ । सरकारकै निकाय रहेको वन तथा वातावरण मन्त्रालयले भने बनाउन दिँदैन । यस मामलामा सम्बन्धित निकायबीच समन्वय भएको छैन ।

हामी वातावरण र पूर्वाधार आयोजनामा कुन बढी महत्वपूर्ण हो भनेर छुट्टाउन चुकेका छौं । यदि, कुनै ठाउँमा वन तथा वातावरण महत्वपूर्ण हो भने, त्यहाँ परियोजना नै घोषणा गर्न भएन । त्यो मोडेलमा काम नगर्दा परियोजना निर्माणमा ढिलाइ मात्रै होइन, अन्योलमै परेको छ ।

परियोजना निर्माणमा ढिलाइ हुनु भनेको लगानी पनि बढ्नु हो । उल्टै लाभ लिने अवसरबाट बञ्चित हुनु पनि हो । १७ अर्ब हाराहारीमा बन्ने भनेको मेलम्ची खानेपानीको लागत ३५ अर्बमाथि पुग्यो । ३५ अर्बमा बन्ने अपर तामाकोशी जलविद्युत् आयोजनाको लागत ८६ अर्ब पुग्यो । यसरी समयमा आयोजना बनाउन नसक्दा लागत बढ्यो । समयमै आयोजनाबाट लाभ लिने अवसरमा पनि हामी चुक्यौं ।

सरकारले पूर्वाधार निर्माणमा लगानी पनि पर्याप्त मात्रामा गर्न सकेको छैन । साधारण बजेटको तुलनामा नेपालको पुँजीगत बजेट नै कम छ । पूर्वाधार बनाउने कामका लागि ऋण लिनुपर्ने बाध्यता छ । पूर्वाधार परियोजनामा आवश्यक मात्रामा बजेट विनियोजन गर्न नै सरकार चुकेको छ । साथै, लगानी गरेकै आयोजना समयमा नबन्दा पनि स्रोत व्यवस्थापनमा थप चाप परेको छ । निर्माण अवधि बढेपछि लागत पनि बढ्छ । त्यसले गर्दा त्यहाँ थप बजेट छुट्टाउन पर्‍यो नै । त्यसले गर्दा अन्य आयोजनामा बजेट व्यवस्थापन गर्न चुनौती भएको छ ।

यसरी पूर्वाधार आयोजनामा बजेट अभाव भइरहेको छ । उल्टै राजनीतिक दबाबमा अनाश्यक पूर्वाधार घोषणा गरिएका छन् । अनावश्यक ठाउँमा पूर्वाधार बनाइएका छन् । सडक नै नबनेको ठाउँमा पुल बनाइएको छ । आवश्यक पूर्वाधार आयोजनाले बजेट नपाएको अवस्था छ ।

**पूर्वाधार निर्माणमा गरिएका सिको**

पूर्वाधार निर्माणमा नेपालको आफ्नै अवधारणा भने कम छ । यसमा विभिन्न देशबाट प्रेरित भएको देखिन्छ । विभिन्न देशको सहयोग तथा प्रविधिमा विभिन्न पूर्वाधार बनेको पाइन्छ । सामाजिक पूर्वाधारमा भने नेपालकै अवधारणामा बनेका छन् । पूर्वाधार निर्माणमा राणाकालमा नेपालले बेलायतबाट सिक्यो । त्यसबेला भारत बेलायतकै शासनमा थियो । त्यसको असरले पनि नेपालको पूर्वाधार निर्माण बेलायतबाट प्रेरित भएको देखिन्छ । फर्पिङ जलविद्युत् बेलायतले



बनाएको हो। त्यसबेला बेलायतदेखि नै इन्जिनियर आएका थिए। खानेपानी आयोजनाहरू पनि उनीहरूले नै बनाएका हुन्।

त्रिशुली जलविद्युत् आयोजना भारतले बनाएको हो। पहिला चोभारमा हिमालयन सिमेन्ट कम्पनी थियो, त्यो जर्मनीले बनाइदिएको हो, पछि बन्द भयो। अहिले त्यहाँ सुख्खा बन्दरगाह बनेको छ। उदयपुर सिमेन्ट उद्योग जापानले बनाएको हो।

बाँसबारी छाला कारखाना चीनले बनाएको हो। चीनले नै भक्तपुर ईंटा कारखाना, हरिसिद्धि ईंटा कारखाना, भृकुटी कागजलगायतका उद्योग बनाइदियो। यसरी पहिला.नेपालमा बेलायती, चाइनिज, भारतलगायतका थुप्रै देशमा प्रविधि भित्रिए। पहिला सहयोगमा विभिन्न पूर्वाधार बन्थे। २०४६ यता भने विश्व बैंक, एसियाली विकास बैंकलगायतका दातृ निकायको ऋणमा धेरै आयोजनाहरू बनेका छन्।

पूर्वाधार निर्माणमा फड्को मार्न नसके पनि निर्माण भइरहेका र बनेका पूर्वाधारमा भने थुप्रै देशका प्रविधि भित्रिएका छन्। चीन, भारत, जापान, जर्मनीको प्रविधि नेपालमा भित्रिएका छन्। जापानले सडकमा लगानी गरेका छन्। नागढुङ्गा सुरुङमार्गमै जापानिज प्रविधि प्रयोग भइरहेको छ। हाइड्रो, सडक, उद्योगहरूमा चिनियाँ प्रविधि आइरहेको छ। अहिले सुनकोशी मरिर डाइभर्सन आयोजनामा चिनियाँ ठेकेदारले अमेरिकी प्रविधिको टीबीएम मेसिन प्रयोग गरेर सुरुङ खनेको छ। नेपालमा अमेरिकी प्रविधि भने अलिक कम छ। अमेरिका टाढा भए पनि त्यसमा कमी आएको देखिन्छ।

**हतारोको काम**

अहिले पूर्वाधार निर्माणमा देखिएको समस्या डिजाइन र पूर्वतयारी नपुग्नु हो। भूगोलको अवस्थाअनुसार आयोजनाको विस्तृत डिजाइन नगर्ने र पूर्वतयारीको काम नै सम्पन्न नगरी हतार ठेक्का लगाउने प्रवृत्ति छ। इन्जिनियरिङ तयारी पुगेको छैन। जग्गा प्राप्ति भएको छैन। आयोजना कहाँ बन्ने ठेगान छैन। आयोजना निर्माणको ठेक्का भने लागिसक्यो। यो ठूलो विकृति हो।

स्थानीयस्तरबाट आउने अनावश्यक अवरोध पनि आयोजना निर्माण बाधा भएको




छ । स्थानीयको जायज माग सम्बोधन गर्नुपर्छ । अहिले परियोजना बनाउने भन्ने वित्तिकै स्थानीय समुदाय आक्रामक हुने गरेका छन् । त्यसलाई राजनीतिक दलले समेत संरक्षण गरेको देखिन्छ । यसमा केही न केही स्वार्थ बाझिएको छ । स्थानीयस्तरमा हुने यस्तो प्रवृत्तिले पूर्वाधार विकासमा असर गरेको छ ।

पूर्वाधार बन्दा स्थानीयस्तरमा हुने फाइदाबारे उनीहरूलाई बुझाउन सकिएको छैन । यसले पनि निर्माणमा समस्या उत्पन्न गरेको छ । ठेक्का लगाउनभन्दा पहिला नै निर्माणमा अवरोध नआउने गरी स्थानीयस्तरमा आउने माग तथा अवरोधको समाधान गर्नुपर्छ । यो अभ्यास नेपालमा भएको छैन ।

वातावरण र विकासबीच पनि द्वन्द्व नै छ । हामीले वातावरण र विकासमा कुन बढी महत्वपूर्ण हो भनेर छुट्याउन सकिएको छैन । कुनै ठाउँमा राष्ट्रिय निकुञ्जमा नै आवश्यक हो भने पूर्वाधारमा सम्झौता गर्नुपर्छ । यदि कुनै ठाउँमा पूर्वाधार बढी आवश्यक हो भने वातावरणमा सम्झौता गर्नुपर्छ । हाम्रोमा त्यसरी विश्लेषण गर्ने अभ्यास छैन ।

पूर्वाधार बनेपछि सम्बन्धित पूर्वाधारको नियमन, अनुमगन तथा सञ्चालन गर्ने निकायको क्षमता पनि बढ्न आवश्यक छ । त्यसमा सरकारको ध्यान पुगेको छैन । पूर्वाधार आयोजनाको आधारमा तीन तहका सरकारले यसमा ध्यान दिनुपर्छ । स्थानीय तहहरूमा खानेपानी विभाग, ढल व्यवस्थापन विभाग, सडक सुरक्षा विभाग चाहिएको छ । पर्याप्त पूर्वाधार नेपालमा छैन । तर पूर्वाधार निर्माण समस्याको जालोमा अल्झिएको छ ।

**समाधान**

पूर्वाधार क्षेत्रको समस्या समाधानको उपाय आयोजनाको पूर्वसम्भाव्यता अध्ययनको चरणदेखि नै खोज्नुपर्छ । आयोजना बनाउँदा पहिला सम्भाव्य छ कि छैन भनेर अध्ययन गर्नुपर्छ । अध्ययन गर्दा सम्भाव्य देखिए मात्रै आयोजना निर्माणको थप प्रक्रिया अघि बढाउनुपर्छ । त्यसपछि भूगोलको समेत अध्ययन गरेर विस्तृतरूपमा आयोजनाको डिजाइन गर्नुपर्छ । कुन भूगोलमा कस्तो डिजाइन चाहिन्छ, सोहीअनुसार डिजाइन बनाउनुपर्छ । सबै ठाउँमा एउटै प्रकृतिको डिजाइन बनाउनु हुँदैन ।

जग्गा प्राप्तिलगायतका पूर्वतयारीका काम सकिएपछि मात्रै ठेक्का प्रक्रियामा जानुपर्छ । ठेक्कामा जानुभन्दा पहिला नै स्थानीयस्तरबाट आउने मागलाई सम्बोधन गर्नुपर्छ । स्थानीयरूपमा आउने समस्या समाधान गर्नुपर्छ । आयोजना निर्माणका क्रममा स्थानीयस्तरबाट कुनै पनि अवरोध नआउने वातावरण बनाउनुपर्छ । समयमै आवश्यक मात्रामा सरकारले स्रोतको सुनिश्चिता गर्नुपर्छ ।

परियोजना निर्माणमा स्थानीय समुदायलाई पनि सहभागी गराउनुपर्छ । रोजगारी दिएर हुन्छ कि कसरी हुन्छ, उनीहरूलाई पनि भूमिका दिनुपर्छ । उनीहरूलाई पनि आयोजनामाथि अपनत्व हुने काम गर्नुपर्छ । निर्माण कम्पनीको क्षमता अभिवृद्धि गर्ने काम सरकारले पनि गर्नुपर्छ । ठेकदार कम्पनीहरूले पनि सरकारलाई भ्याटलगायतका कर तिरिरहेका छन् । त्यो अवस्थामा उनीहरूको क्षमता विकासमा सरकारले लगानी गर्‍यो भने गुणस्तरीय पूर्वाधार बनाउन सहयोग पुग्छ ।

हाम्रो देशका लागि अझै ठूला पूर्वाधार आवश्यक छन् । यस्ता पूर्वाधार हाम्रो क्षमताभन्दा बाहिर छन् । त्यसको लागि वैदेशिक सहयोग, अनुदान तथा ऋण चाहिन्छ । अझै पनि ठूलाठूला विमानस्थल, रेलमार्ग, ठूलाठूला हाइवे, एक्सप्रेस हाइवे, हाइस्पिड हाइवेमा हामी जानैपर्छ । यसका लागि डिजाइनदेखि निर्माणसम्म विदेशी सहयोग समेत आवश्यक छ । खानेपानी, राजमार्ग, विद्युत्लगायतका पूर्वाधार नेपाल आफैँले बनाउन सक्ने भइसकेको छ । हामीसँग फ्लाई ओभर, सुरुङमार्गलगायतका आधुनिक पूर्वाधारको डिजाइन गर्न सक्ने इन्जिनियर अझै अभाव छन् । यसमा पनि विदेशी सहयोग चाहिन्छ, यसतर्फ ध्यान दिनुपर्छ ।










आशिष गजुरेल

# अबको यातायात : कनेक्सन आर्थिक गतिविधिको

**यातायातले आर्थिक अथवा सामाजिक क्रियाकलापलाई चलायमान बनाउँछ । जस्तो मानौं कुनै समान बन्छ, त्यो सेवालाई टेवा दिन पनि यातायात सुदृढ हुनुपर्छ । सार्वजनिक यातायात रातिसम्म चल्यो भने बजार पनि चलायमान हुन्छ ।**

नेपालमा एक लाख किलोमिटरभन्दा लामो सडक सञ्जाल छ । जसमध्ये सडक विभागले बनाएको २५ प्रतिशत इञ्जिनियरिङ मापदण्डअनुसार निर्माण भएको हो । ७५ हजार किलो मिटर स्थानीय र अन्य निकायले बनाएका छन् । तिनमा चाहिँ इञ्जिनियरिङ मापदण्ड खासै पूरा गरिएको छैन । त्यही भएर हामीकहाँ स्तरीय सडकको अभाव छ । त्यसले गर्दा पूर्वाधार असुरक्षित बन्ने, कमजोर बन्ने गरेको अहिले नेपालको ठूलो समस्या हो ।

नेपालमा हरेक वर्ष सडक दुर्घटनामा करिब २५ सय जनाले ज्यान गुमाइरहेका छन् । सडक प्रयोगकर्ताहरू पैदलयात्री, साइकल यात्री, मोटरसाइकल यात्री, निजी सवारीसाधन यात्री र सार्वजनिक यातायात प्रयोगकर्ताबाट सडक सुरक्षासम्बन्धी नियमकानुनको पालना पूर्णरूपमा नगर्नु र नियमनकारी निकायले नियमकानुनको कडाइका साथ पालना गराउन नसक्नु दुर्घटनाको अर्को कारण हो । अरू देशबाट प्रेरणा लिएर, सडक दुर्घटनाबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, अविलम्ब सडक सुरक्षा बोर्ड/परिषद् गठन गरिएन भने कुनै दिन यस्तो आउनेछ । जब नेपालका अधिकांश मृत्युहरू सडक दुर्घटनाकै कारण हुनेछन् । भारत, श्रीलंका, घाना, जर्मनी, बङ्गलादेश, इथियोपिया, फिजी, डेनमार्कलगायत संसारको प्रायः देशमा सडक सुरक्षा परिषद् हुने गरेको छ । सडक सुरक्षा परिषद्को स्थापनाले सडक सुरक्षा राम्रो बनाएको अनुभव छ ।

त्यस्तै, रेलको कुरा गर्दा हामीसँग जनकपुर-जयनगर रेल्वे छ । यसैगरी विराटनगर-जोगवनी रेल छ । त्यस्तै, वीरगञ्जमा पनि कार्गो रेल आएको छ । योबाहेक अलिअलि रेल्वे निर्माण भएको छ । यसरी हेर्दा रेल्वेको उपस्थिति कमजोर नै छ । हवाई यातायातको कुरा गर्दा झण्डै ५० वटा जति एयरपोर्ट छन् । त्यसले प्यासेन्जर बोक्ने काम गरिरहेका छन् । पानी जहाजचाहिँ हाम्रो देशमा छैन । हाम्रो देशमा पूर्वाधारमा बजेटचाहिँ धेरै राख्ने तथा यातायात व्यवस्थापन भनेर धेरै लगानी नगर्ने परिपाटीले यातायात प्रणाली जति व्यवस्थित हुनुपर्ने त्यति व्यवस्थित छैन ।

**अर्थतन्त्र चलायमान बनाउन यातायात**

यातायातले आर्थिक अथवा सामाजिक क्रियाकलापलाई चलायमान बनाउँछ । मानौं कुनै समान बन्छ, त्यो सेवालाई टेवा दिन पनि यातायात सुदृढ हुनुपर्छ । सार्वजनिक यातायात रातिसम्म चल्यो भने बजार पनि चलायमान हुन्छ । बजारमा भीडभाड बढ्ने र समानको बिक्री वितरण पनि बढ्छ । अर्कोतिर सामाजिक क्षेत्रतर्फ आफन्तहरू भेटघाट गर्न जाने, चाडपर्वमा ओहोरदोहोर गर्ने, अन्य कार्यक्रमहरूमा जाने र सम्बन्ध विस्तार आवतजावत गर्ने माध्यम यातायात नै हो । यातायातका माध्यमले सामाजिक साथसाथै आर्थिक पाटोलाई पनि चलायमान बनाउँछ ।

आर्थिक गतिविधि बढाउने यातायात क्षेत्रले नै हो । कुनै पनि उद्योग खोल्नका लागि यातायात प्रणाली राम्रो हुनुपर्छ । त्यसले कच्चापदार्थ ढुवानी पनि सहज हुन्छ । बनेको समान बजारसम्म पुर्‍याउन पनि यातायातले सहजता ल्याउँछ । त्यसकारण पनि आर्थिक गतिविधिलाई चलायमान बनाउन यातायात प्रणाली एकदमै सुदृढ हुनुपर्छ ।

इतिहासलाई हेर्दा विश्वयुद्धपछि भएको रेलको विकासले एकखालको क्रान्ति नै आयो । बेलायतको औद्योगीकरणलाई त्यहाँको रेलको विकासले सहयोग गरेको छ । कतिपय अध्ययनहरूले के देखाएको छ भने रेलबाट ढुवानी गर्‍यो भने सडक पूर्वाधारबाट भन्दा त्यसमा लाग्ने खर्च २० देखि २५ प्रतिशतसम्म सस्तो पर्छ । हामीले पनि रेल्वेको विकास गर्न सक्यौं भने ढुवानी खर्च घटाएर आर्थिक उन्नति हासिल गर्न सक्छौं । यसकारण आर्थिक गतिविधि बढाउन, आर्थिक समृद्धि हासिल गर्न यातायात पूर्वाधार आधारभूत चिज हो ।

यही कुरालाई मनन् गरेर हाम्रो राज्यले पनि यातायात क्षेत्रलाई महत्वपूर्ण क्षेत्रको रूपमा हेरेको छ र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई राज्यले छुट्याउने बजेट अरू क्षेत्रको भन्दा बढी नै छ । यसबाट के बुझ्न सकिन्छ भने आर्थिक र सामाजिक गतिविधि बढाउन यातायात पूर्वाधार महत्वपूर्ण छ । हामीले ठूलो धनराशि पनि यही क्षेत्रमा खर्च गरिरहेका छौं ।

**यसकारण बढे निजी सवारी**

पूर्वाधार मात्रै बनाउने तर व्यवस्थापनका लागि खर्च नगर्दा यो क्षेत्रको व्यवस्थामा भद्रगोलको अवस्था देखिएको हो । हामीले पूर्वाधारमा जति लगानी गरे पनि यातायात व्यवस्थापन प्रणाली सुदृढ गरेनौं भने यो अवस्था रहिरहन्छ । हामीले सार्वजनिक यातायातलाई व्यवस्थित प्रणालीमा बनाउन खर्च नै गरेनौं ।

सडक पूर्वाधार त बनायौं तर सार्वजनिक सवारी साधन व्यवस्थित बनाउन नसक्दा धेरै निजी सवारी बढे । अहिलेको अवस्थामा झण्डै ५० लाख सवारी दर्ता भएको देखिन्छ । यातायात बढेसँगै धेरै दुर्घटनाहरू पनि भएका छन् । त्यसकारण पूर्वाधारसँगैसँगै यसको व्यवस्थापनका लागि पनि लगानी बढाउनुपर्छ । यातायात व्यवस्थापन प्रणाली सुदृढ नगरी हामीले जति खर्च गरे पनि यातायात प्रणाली व्यवस्थित भएको महसुस नै गर्न सक्दैनौं ।

सवारी आयात गर्दा साढे दुई सय प्रतिशत राजस्व बुझाउनुपर्ने अवस्था छ । त्यसले सवारी पनि महँगो भएका छन् । यातायात कर, वातावरणीय कर पनि बुझाउनु परिरहेको छ । जसले गर्दा यातायात प्रणालीलाई महँगो बनाएको छ । सडकको मर्मत गर्न पनि यस्ता करहरू लिनुपर्ने हुन्छ । त्यही भएर अहिले करहरू घटाउनुपर्छ भन्नेचाहिँ लाग्दैन । भन्सार महसुल घटायो भने सवारी साधन झन् बढ्छ र समस्या झनै थपिन्छ । नीतिगत तहमा चाहिँ खासै परिवर्तन गर्नुपर्ने देखिँदैन । सार्वजनिक यातायातलाई व्यापक लगानी गरेर सुदृढ गर्दै लगिनुपर्छ ।

यातायात क्षेत्रलाई हेर्ने छुट्टै मन्त्रालय हुनुपर्छ । अहिले भौतिक पूर्वाधार तथा यातायात

**सवारी आयात गर्दा साढे दुई सय प्रतिशत राजस्व बुझाउनुपर्ने अवस्था छ । त्यसले सवारी पनि महँगो भएका छन् । यातायात कर, वातावरणीय कर पनि बुझाउनु परिरहेको छ । जसले गर्दा यातायात प्रणालीलाई महँगो बनाएको छ ।**





**प्राधिकरणद्वारा सञ्चालित चार्जिङ स्टेसन सबैका लागि हुन्छ । निजी कम्पनीको चार्जिङ स्टेसन सम्बन्धित कम्पनीका सवारी साधनले मात्र प्रयोग गर्न पाउँछन् ।**

मन्त्रालयले यातायातको क्षेत्रमा भन्दा पनि भौतिक पूर्वाधारकै क्षेत्रमा मात्रै केन्द्रित भएको देखिन्छ । हामी रेल्वे, पानी जहाज पनि विकास गर्ने कुरा गर्दैछौं । अन्य देशहरूमा पनि यातायात क्षेत्रलाई व्यवस्थित बनाउनका लागि छुट्टै निकाय हुन्छ । अहिले एउटै रहेको मन्त्रालयलाई भौतिक पूर्वाधार र यातायात मन्त्रालय छुट्टाछुट्टै बनाउँदा राम्रो हुन्छ ।

**हाम्रो भविष्य, विद्युतीय सवारी**

हाम्रो भविष्य भनेको विद्युतीय सवारी साधन नै हो । यसमा दुईमत छैन । राज्य पनि विद्युतीय सवारीको विकास गर्ने भनेर जोडतोडले लागिरहेको छ । अहिले करहरू पनि घटाएको छ । तर राज्यको नीति स्थिर देखिँदैन ।

हरेक वर्ष कर घटाउने/बढाउने गरेको देखिन्छ । अरू देशहरू गए पनि नगए पनि हामी भने विद्युतीय सवारी साधन बढाउनेतिर जानै पर्छ । किनभने हाम्रोमा विद्युत्को प्रचुर सम्भावना छ, राज्यले पनि विद्युतीय साधनमा फोकस गरेको छ र दिनप्रतिदिन मानिसमा आकर्षण पनि बढ्दो छ । यसरी हेर्दा विद्युतीय सवारी साधनको विकास चाहे पनि नचाहे पनि रोकिँदैन, अगाडि बढ्छ ।

भारत र चीनले सन् २०३० सम्म पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनहरू विस्थापित गरी विद्युतीय सवारी साधन मात्रै चलाउने नीति लिएका छन् । हामी पनि सोहीअनुसारको नीति बनाएर कार्ययोजना तयार गरी अगाडि बढ्नुपर्छ । भारतमा नगद अनुदान भएकाले ठूलाठूला बसहरू चलाउन सम्भव भएको छ । विद्युतीय सवारी प्रवर्द्धनमा सरकारको कर नीति अस्थिर भएका कारण उपभोक्तामा अन्योल हुने गरेको छ । त्यसैले यसमा स्थिर सरकारी नीति चाहिन्छ ।

विद्युतीय सवारी साधन सञ्चालनका लागि मुख्य चुनौती भनेकै सबैतिर चार्जिङ स्टेसन नहुनु हो । देशभर जम्मा एक सय २६ चार्जिङ स्टेसन छन्, जसमध्ये ५१ वटा नेपाल विद्युत् प्राधिकरणले चलाएको छ । यीबाहेक अन्य निजी कम्पनीले सञ्चालन गरेका छन् ।

प्राधिकरणद्वारा सञ्चालित चार्जिङ स्टेसन सबैका लागि हुन्छ । निजी कम्पनीको चार्जिङ स्टेसन सम्बन्धित कम्पनीका सवारी साधनले मात्र प्रयोग गर्न पाउँछन् । नेपालमा एक लाख किलोमिटर सडकको सञ्जाल छ । यो तथ्याङ्क हेर्दा एक सय २६ वटा चार्जिङ स्टेसन निकै अपुग हो । विद्युतीय सवारी साधनमा ब्याट्री धेरै हुने हुँदा स्तरीय सडकको आवश्यकता पर्छ । प्रयोगपछिको ब्याट्रीको व्यवस्थापन अर्को चुनौती हो ।

आर्थिक वर्ष २०७७/७८ मा नेपालमा विद्युतीय सार्वजनिक सवारी २६ वटा मात्रै थिए । २०७८/७९ मा त्यो संख्या तीन गुणा बढेर ८४ पुग्यो । २०७९/८० मा सार्वजनिक विद्युतीय सवारीको संख्या दुई सय ८१ भएको छ । निजी कारको प्रयोग पनि तीव्ररूपमा बढेको छ । आर्थिक वर्ष २०७७/७८ मा विद्युतीय कार दुई सय ४९ वटा थिए भने २०७८/७९ मा

त्यो संख्या एक हजार आठ सय सात पुग्यो । २०७९/८० सम्म चार हजार ५० वटा निजी विद्युतीय कारको आयात भयो । २०७७/७८ बाट २०७८/७९ मा आउँदा विद्युतीय निजी कारको प्रयोग ६२५ प्रतिशत र २०७८/७९ बाट २०७९/८० सम्म १२४ प्रतिशत वृद्धि भएको छ । गत एक आर्थिक वर्षमा मात्रै नेपालले १२ अर्ब रुपैयाँभन्दा बढीको विद्युतीय सवारी साधन आयात गरेको छ ।

सार्वजनिक विद्युतीय सवारी प्रवर्द्धन गर्न कर छुटका साथै नगद अनुदानको नीति लिनुपर्छ । सार्वजनिक सवारीलाई प्रवर्द्धन गर्नाले सडकमा सवारी निजी सवारीको संख्या कम हुन गई सडक व्यवस्थापन सहज हुने र महँगो गाडी खरिदमा बाहिरिएको विदेशी मुद्रा जोगाउन सकिने देखिन्छ । नेपाल जलस्रोतको प्रचुर सम्भावना भएको देश भएकाले आगामी दिनमा विद्युत् उत्पादन अझै बढ्दै जाने परिप्रेक्ष्यमा विद्युत् बचतको सम्भावना पनि त्यति नै छ ।

**रेल्वेको सम्भावना**

रेलको विषयमा हामीले अलि गम्भीरताका साथ बुझ्न जरुरी छ । रेल चल्नको लागि यात्रु मात्रै भएर पुग्दैन र यसको स्थायित्व हुँदैन । रेल्वे समान ओसारपसार गर्न एकदमै जरुरत हुन्छ । संसारको अनुभवलाई अध्ययन गरेर यसको विकास गरियो भने यो दीर्घकालीन हुन्छ । होइन भने रेल्व बनाएर सञ्चालन गर्न निकै गाह्रो हुन्छ ।

रेल्वे पूर्वाधार बनाउन पनि ठूलो लगानी हुन्छ र पछि सञ्चालनमा पनि ठूलो लगानी लाग्छ । अहिले हामी रेल्वेको विकास गर्न ठ्याक्कै तयार भइसकेको जस्तो लाग्दैन । जस्तो सीमावर्ती शहरहरू विराटनगर, वीरगञ्जमा कार्गो रेल चलाउन सकिन्छ । किनकि त्यो क्षेत्रमा सामान पनि आउँछ । भोलिको दिनमा यात्रु पनि ल्याउन सकिएला । राम्रोसँग अध्ययन नगरी रेल्वे बनाउन थालियो भने भोलिको दिनमा समस्या पनि आउन सक्छ ।

मेट्रो रेलको पनि कुरा आइरहेको छ । काठमाडौंमा ४०-५० लाख जनसंख्या छ, मेट्रो रेल त चाहिन्छ । अहिले हामी आर्थिकरूपमा सामाजिकरूपमा र प्राविधिकरूपमा पनि तयार भइसकेका छौं जस्तो लाग्दैन ।

सन् २०११ मेट्रो रेल बनाउने भनेर अध्ययन भयो तर अहिले २०२३ सम्म आइपुग्दा पनि सिन्को भाँच्ने काम भएको छैन । एउटा डीपीआर गर्ने काम पनि भएको छैन । हाम्रो देशका विभिन्न तहका सरकारहरूको काम गर्ने तौरतरिका यस्तो छ । सडकमा खाल्डाखुल्डी छ, सुरक्षित पूर्वाधार छैन । यस्तो अवस्थामा हामी गुज्रिरहेका छौं भने रेल सेवातर्फ हामी फोकस हुनुपर्छ जस्तो लाग्दैन ।

चालू खर्च धान्न पनि ऋण लिनु परिरहेको अवस्थामा आफ्नै स्रोतमा रेल बनाउन कठिन छ । प्रतिकिलोमिटर रेल बनाउन करिब १२-१३ अर्ब रूपैयाँ लाग्छ । यति ठूलो खर्च गरेर रेल बनाउन नेपाल सक्षम भएजस्तो लाग्दैन सरकारले चालू खर्च धान्न पनि ऋण लिनु परिरहेको अवस्थामा आफ्नै स्रोत परिचालन गरेर रेल बनाउन कठिन छ ।

**निजी सवारी, व्यवस्थापनमा चुनौती**

निजी सवारी साधन संख्या राज्यलाई टाउको दुखाइ हुन्छ । सवारी साधन जति कम भयो त्यति व्यवस्थापनका लागि सहज हुने हो । अहिले काठमाडौंमा १४ लाख सवारी साधन गुड्छन् । दुई हजार २२ सय किलोमिटर सडक सञ्जाल छ । हामीले ट्राफिक जामहरू देखिरहेका छौं । त्यसकारण संसारमा विकसित देशहरूले सार्वजनिक सवारी साधनहरूमा लगानी गरे । मान्छेहरूलाई व्यवस्थित सार्वजनिक सवारी साधनहरू दिए । मानिसहरू निजी सवारी साधनहरूमा आकर्षित भएनन्, त्यहाँ व्यवस्थापन राम्रो भयो ।

**रेल्वे पूर्वाधार बनाउन पनि ठूलो लगानी हुन्छ र पछि सञ्चालनमा पनि ठूलो लगानी लाग्छ । अहिले हामी रेल्वेको विकास गर्न ठ्याक्कै तयार भइसकेको जस्तो लाग्दैन ।**

हाम्रोमा त सार्वजनिक सवारी साधन व्यवस्थित गर्न नसकेर मानिसहरू निजी सवारी साधनमा आकर्षित भए । त्यही भएर नेपालीको ठूलो धनराशि विदेश गयो । हामी सवारी साधन आयातमै निर्भर छौं । सवारी साधन बढी हुँदा तेल खपत पनि बढी भयो । त्यसले खर्च बढायो र दुर्घटना पनि बढी हुन थाल्यो । यातायातका साधन व्यवस्थित गर्न नसक्दा सबैतिरबाट घाटैघाटा भयो । यसरी हेर्दा सार्वजनिक साधन व्यवस्थित हुन नसक्दा निजी यातायातका साधनतर्फ आकर्षण बढ्यो । निजी साधन किन्न पनि महँगो छ । सञ्चालन गर्न पनि महँगो छ । कर बुझाउनुपर्‍यो, पार्किङ गर्ने ठाउँ पनि हुँदैन ।

**यातायातको महत्व**

विकसित देशहरू युरोपमा जानुभयो भने उनीहरूले मानवमैत्री शहर बनाउँछन् । त्यहाँचाहिँ सार्वजनिक यातायातलाई विशेष महत्व दिइन्छ । फुटपाथलाई, साइक्लिङलाई विशेष महत्व दिइन्छ । त्यही भएर त्यहाँचाहिँ व्यवस्थित हुन्छ । हाम्रोमा चाहिँ ठ्याक्कै उल्टो छ । त्यही कारणले सार्वजनिक यातायात नेपालमा कम व्यवस्थित छ ।

हाम्रोजस्तो देशमा निजी सवारी साधनलाई उसको स्टाटस कस्तो छ भनेर बुझ्ने फ्याक्टरका रूपमा समेत लिइन्छ । यो कुरालाई सुदृढ गर्न नसकिने होइन खाली सोचमा परिवर्तन गर्नुपर्‍यो । मानवमैत्री शहर बनाउने भने लाग्ने हो भने त्योअनुसार योजना र लगानी गर्ने हो भने हाम्रोमा पनि व्यवस्थापनको पाटो सुन्दर हुनेमा दुईमत छैन ।

राम्रो यातायात व्यवस्थापनले आर्थिक गतिविधि बढाउँछ । सामानको उत्पादन त्यसको वितरण र सेवाको उत्पादनका लागि यातायातको साधन चाहिन्छ । होटल जानु परे पनि यातायात प्रणाली चाहियो । कपाल काट्ने ठाउँमा जानु परे पनि स्कुल क्याम्पस जानु परे पनि यातायातका साधन चाहियो ।

उत्पादन गर्नुपरे कच्चापदार्थ चाहियो । त्यसको ढुवानीका लागि पनि यातायात नै चाहियो । उत्पादन भइसकेपछि पनि गन्तव्यमा पुर्‍याउन पनि यातायात नै चाहियो । त्यही भएर हामीले यातायात पूर्वाधारहरूमा पनि जोड दिनुपर्‍यो । यातायात व्यवस्थापनमा पनि जोड दिनुपर्‍यो । यसले हामीले आर्थिक विकासको जुन लक्ष्य लिएका छौं, त्यो पूर्ण हुन मद्दत गर्छ ।

भौतिक पूर्वाधारको र यातायात व्यवस्थापनको अभावमा उत्पादनको लागत बढिरहेको छ । विदेशी सामानसँग प्रतिष्पर्धा गर्न नसक्दा हाम्रो उत्पादन एकदमै कम हुने र हामी बाहिरी देशसँग निर्भर हुनुपर्ने अवस्था सिर्जना हुन्छ, भइरहेको छ । यो अवस्थालाई बुझेर हामीले कस्तो खालको पूर्वाधार बनाउने भन्ने विचार गर्नुपर्छ । समान धेरै हुने ठाउँमा रेल पूर्वाधार बनाउन सकिन्छ भने अन्य ठाउँमा राम्रो खालको सडक पूर्वाधार बनाउन सक्यो भने आर्थिक विकासमा पनि ठूलो टेवा पुग्छ ।

उद्योग, कृषि र पर्यटनलाई जोड्ने हिसाबले यातायात पूर्वाधारको विकास गरियो भने धेरै लाभ लिन सकिन्छ । हाम्रोतिर एउटा र अर्को घर जोड्न बनाइएका पूर्वाधार, एउटा गाउँ र अर्को गाउँ जोड्न बनाइएका सडक सञ्जालले मात्रै आर्थिक गतिविधि बढाउँदैन । प्रत्यक्षरूपमा आर्थिक गतिविधिलाई जोड्ने हिसाबले पूर्वाधार बनाउन सकियो भने मात्रै उद्योग, कृषि र पर्यटनजस्ता आर्थिक गतिविधि चलायमान बनाउने क्षेत्रहरूले लाभ लिन सक्नेछन् । हाम्रो आर्थिक लक्ष्य के हो ? त्यसलाई पूरा गर्ने हिसाबले पूर्वाधार बनाउँदा त्यसबाट प्रत्यक्ष लाभको अनुभूति सम्बन्धित क्षेत्रले महसुस गर्नेछ ।



आशुतोषमणी दीक्षित



# संघीय नेपाल : तथ्याङ्क प्रणालीको त्रिआयाम

**तथ्याङ्क प्रविधिको विकाससँगै कुनै पनि क्रियाकलापमा प्रविधिको प्रयोग भएअनुसार त्यहाँ आउने अंक नै तथ्याङ्क हो । अंकमा भनिने विषयलाई तथ्याङ्क भनिन्छ । शब्द 'मामलामा राज्य' अर्थ, ल्याटिन स्थिति आउँछ ।**

विश्व बैंकका अनुसार डाटाद्वारा सञ्चालित डिजिटल अर्थतन्त्र वार्षिक १० प्रतिशतको दरले बढिरहेको छ। यो वृद्धि सन् २०२५ सम्म विश्वव्यापी जीडीपीको २५ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ। तथ्याङ्कलाई आधुनिक अर्थतन्त्रमा 'नयाँ तेल' भनिन्छ।

तेल पृथ्वी र महासागरमुनि गाडिएको छ। जसलाई उत्खनन्, प्रशोधन र वितरण गर्न आवश्यक छ। लाखौं प्रयोगकर्ताहरूले पाठ, छवि, अडियो र भिडियोजस्ता विविधरूपमा तथ्याङ्कको निरन्तर उत्पादन भइरहेको हुन्छ । प्रविधिको विकाससँगै कुनै क्रियाकलापमा प्रविधिको प्रयोग भएअनुसार त्यहाँ आउने चिह्न वा संकेतलाई हामी 'डाटा' अर्थात् तथ्याङ्क भन्छौं ।

तथ्याङ्कले विभिन्न स्रोतहरूबाट असंख्य जानकारीहरू कब्जा गर्दै कच्चा पदार्थको रूपमा कार्य गर्छ । मानिसले डाटालाई कार्ययोग्य अन्तर्दृष्टिमा रूपान्तरण, व्याख्या र सेवा प्रदान गर्छ । सन् १९९० पछि सञ्चालित विश्वव्यापी व्यापार र सेवाहरूमा तथ्याङ्कको प्रयोग द्रूतरूपमा बढ्न थाल्यो । आज यो क्षेत्र डिजिटल युगको प्रमाणको रूपमा खडा छ । परिवर्तनले आधुनिक अर्थतन्त्रमा डाटाको निर्णायक भूमिका रहेको छ । डिजिटल प्लेटफर्म प्रविधिहरूमा अर्थ व्यवस्थाहरूको बढ्दो निर्भरतालाई रेखाङ्कित गर्दछ।

डाटामा आधारित अर्थतन्त्र र तथ्याङ्क प्रणालीको बारेमा भन्दा पहिले तथ्याङ्क, सूचना र ज्ञानबीचको अन्तरसम्बन्ध बुझ्न जरुरी छ । डाटा कच्चा तथ्य र तथ्याङ्कविनाको सन्दर्भ हो। तथ्याङ्कले निष्कर्ष निकाल्न डाटाको विश्लेषण र व्याख्या आवश्यक पर्छ । सूचना भनेको डाटा हो, जुन अर्थ व्यक्त गर्न संगठित गरिएको छ । ज्ञान भनेको सूचनाको व्याख्या र विश्लेषणबाट प्राप्त हुने अन्तरदृष्टि हो ।

आधारभूतस्तरमा, डाटाले कच्चा, अप्रशोधित तथ्यहरू र तथ्याङ्कलाई प्रतिनिधित्व गर्छ। तथ्याङ्कहरू व्यवस्थित हुन्छन् र सन्दर्भ दिइन्छ । तिनीहरू सूचनामा रूपान्तरण हुन्छन्। एकातिर ज्ञान अर्कोतर्फ अनुभव, अन्तर्ज्ञान र समझसँग संयुक्त प्रशोधित जानकारीको पराकाष्ठा हो । तसर्थ, तथ्याङ्कबाट ज्ञानसम्मको यात्रा परिवर्तनकारी हुन्छ।

उदाहरणका लागि अर्थशास्त्रमा जीडीपी भनेको संकलन गरिएको आर्थिक गतिविधिको तथ्याङ्क हो । यसको वृद्धिदर र औसतको गणनाले अर्थतन्त्रमा कुन-कुन उद्योगहरूले योगदान पुऱ्याउँछ भन्ने कुरा स्पष्ट पार्छ । ज्ञानले यो बुझाइलाई प्रभावकारी आर्थिक निर्णय र नीतिहरू बनाउन प्रयोग गरिरहेको हुन्छ । संक्षेपमा डाटाले तथ्याङ्कको जग बसाउँछ र सूचनाले त्यसमा निर्माण गरी ज्ञानले

सूचित कार्यका लागि अनुमति दिन्छ ।

त्यसैले कुनै पनि राष्ट्रका लागि तथ्याङ्क सूचित गर्ने निर्णय लिने आधार हो । मुलुकको अर्थतन्त्रको अवस्था, वातावरणको आवश्यकता र योजनाका लागि महत्वपूर्ण हुने अनगिन्ती अरू पक्षहरूमा अन्तरदृष्टि प्रदान गर्छ । सरकारको मूल गतिविधिहरू नीति विकास, कार्यक्रमसहित कार्यान्वयन र कार्यसम्पादन अनुगमनलाई डाटा आवश्यक पर्छ । तथ्याङ्क प्रणाली मजबुत भए मात्रै राज्यका विभिन्न तह र अङ्गहरूले सबल, सक्षम र वस्तुनिष्ठ नीति तर्जुमा गर्न सहज गराउँछ । सबल र सक्षम तथ्याङ्क प्रणालीको उपस्थितिमा मात्रै मुलुकमा सुशासन कायम गराउन सकिन्छ ।

कुनै पनि मुलुकको आधिकारिक तथ्याङ्क उत्पादन गर्नका लागि स्थापित कानुनी प्रावधान, पूर्वाधार तथा संस्थागत व्यवस्थाको समष्टिगत संरचनाले नै राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापित गर्छ । विश्वमा तथ्याङ्कको परिभाषा एकैनासको छैन । सहि सूचना वा सहि जानकारी विगतमा भएको घटना वा परिस्थितिको दृष्टान्तबाट पनि लिने गरिन्छ । यो सधैँ सान्दर्भिक नहुन सक्छ । तथ्याङ्क, सूचना र जानकारीको आवश्यकता र प्रयोगबारे पूर्णजानकारी भएको अवस्थामा मात्रै सहि निर्णय हुन सक्छ ।

तथ्याङ्क अङ्कमा हुन्छ, सूचना शब्दमा । कुनै विषयमा निर्णय लिन तथ्याङ्क पर्याप्त हुँदैन । तथ्याङ्कका आधारमा बनेको सूचनाले सहि निर्णय लिन सहयोग पुऱ्याउँछ । नेपालमा सरकारी निकाय मात्रै नभएर निजी क्षेत्रले योजना तथा नीति बनाउनुपर्दा तथ्याङ्क खोज्ने गर्छन् । तथ्याङ्क राख्नलाई कुनै योजना बनाउँदैनन् ।

तथ्याङ्क प्रविधिको विकाससँगै कुनै पनि क्रियाकलापमा प्रविधिको प्रयोग भएअनुसार त्यहाँ आउने अंक नै तथ्याङ्क हो । अंकमा भनिने विषयलाई तथ्याङ्क भनिन्छ । शब्द 'मामलामा राज्य' अर्थ, ल्याटिन स्थिति आउँछ । 'तथ्याङ्क' शब्द पहिलो पटक सन् १७४६ मा प्रयोग भएको थियो ।

नेपाली बृहत् शब्दकोशले तथ्याङ्कलाई वास्तविकतामा आधारित तथ्याङ्क वा हिसाब भनेर परिभाषित गरेको छ । शब्दकोशले तथ्याङ्कको स्तरीय परिभाषा दिँदै यसलाई गणितीय आधारमा प्रमाणित हुन सक्ने वस्तु भनेर उल्लेख गरेको छ । यो त भयो शब्दकोशको परिभाषा । मरियम वेबस्टर अंग्रेजी शब्दकोशले तथ्याङ्कलाई अलिक फराकिलो परिभाषामा समेटेको छ । यसले तथ्याङ्कलाई गणितकै एउटा शाखा मानेको छ । साङ्ख्यिक आँकडाहरूको संकलन, विश्लेषण, व्याख्या र यस्ता आँकडाहरूको प्रस्तुति समेतलाई तथ्याङ्कले समेट्छ ।

नेपालको तथ्याङ्क ऐन २०७९ ले तथ्याङ्कलाई आर्थिक, सामाजिक, भौतिक, वातावरणीयलगायतका विवरण, लगत वा सूचनाको व्यवस्थित संकलन, प्रस्तुतीकरण वा विश्लेषण गरी तयार गरिएको संख्यात्मक प्रस्तुति भनेको छ ।

राज्यले बनाउने हरेक नीति तथा योजना तर्जुमा गर्ने आवश्यक महत्वपूर्ण फ्याक्टर तथ्याङ्क हो । सरकार वा अन्य कुनै पनि निकायहरूले नीति योजना तथा निर्णयहरू सार्थक कार्यान्वय हुन तथ्याङ्कको महत्वपूर्ण भुमिका हुन्छ । तथ्याङ्कमा आधारित नभएर बनेका योजनाहरू असफल हुन्छन् ।


तथ्याङ्कले आफैंमा थोरै वा कुनैपनि मूल्य प्रदान गर्दैन । तथ्याङ्क मात्रले केही व्यक्त गर्न सक्दैन । बिना विश्लेषण तथ्याङ्क आफैंमा महत्वहीन छ । यसबाट उत्पादन हुने सूचना महत्वपूर्ण हुन्छ । तथ्याङ्कमा काम गर्ने संस्था वा व्यक्तिले तथ्याङ्क विश्लेषणमार्फत सूचनाको मूल्य बझाउन सक्छन् । जुनसुकै निर्णयले सम्बन्धित विषयका मूल्यमा फरक ल्याउने हो र तथ्याङ्कका आधारमा गरिने निर्णयले त्यसको मूल्य थप्न मद्दत गर्नसक्छ ।

**तथ्याङ्कको विकास**

इजिप्टीयन र बाबिलियोन्जहरूले कर संकलनसँगै जनसख्यालाई आधार मानेर तथ्याङ्कको सुरुवात गरेका थिए । पाँच हजार इसाईपूर्व बीचमा ग्रिकहरूले सम्भाव्यताको आधारमा काम गरेका थिए । तथ्याङ्क संकलनको सुरुवात ग्रिकहरूबाट भयो । रोमान्सको पालादेखि सेन्सस, टेक्ससमा तथ्याङ्क संकलनको सुरुवात चर्चा भएको थियो । नर्वेमा चर्जमा नाम दर्ता भएका मानिसहरूको तथ्याङ्कमा गणना गरिन्थ्यो ।

एडल्प क्युलेट भन्ने बेल्जियम तथ्याङ्क विज्ञले स्वाम्बलिङ छनोट तरिका अपनाएर तथ्याङ्क प्रणालीको सुरुवात गरेका थिए । २१ औं शताब्दीमा आएर सूचना प्रविधिको विकाससँगै यो प्रणाली एडभान्स भइसकेको छ । सुरुवातमा तथ्याङ्कको प्रयोग अर्थतन्त्र, मानव विकास सूचाङ्कको क्षेत्रमा हुन्थ्यो । सन् १९७० को दशक सम्म युरोपका सबै देशहरूले परम्परागत जनगणनाको प्रयोगको लागि अनिवार्य, व्यापक, कुल, आवधिक, तत्कालिक, घर-आधारित प्रश्नावलीहरू तयार गरिन्थ्यो ।

सन् २००० र सन् २०१० को बीचमा ९ देशहरूले आफ्नो गणनाको रूप परिवर्तन गरी सकेका छन् । चेक गणतन्त्र, इस्टोनिया, जर्मनी, इटली, लिथुआनिया, पोल्याण्डहरूले संयुक्त विधि, अस्ट्रिया र स्विडेनले पञ्जीकरण प्रणाली र फ्रान्सले रोलिङ जनगणना अपनाएको पाइन्छ । विकसित मुलुकहरूमा जनगणनाका लागि प्रश्नावलीहरू प्रायः हुलाक वा विद्युतीय प्रणालीमार्फत पठाएको हुन्छ । भरिएपछि फिर्ता वा अनलाइनबाट जनगणनाका फारमहरू भरिएको हुन्छ । तर नेपालमा प्रविधिको विकास हुन सकेको छैन । अझै पनि हजारौं मानिसहरू गणकका




*Source:* WDR 2021 team calculations, based on World Bank, WITS (World Integrated Trade Solution) database, http://wits.worldbank.org/WITS/. Data at http://bit.do/WDR2021-Fig-O_5.

*Note:* IP = Internet Protocol; PB = petabytes.

**राज्यले बनाउने हरेक नीति तथा योजना तर्जुमा गर्ने आवश्यक महत्वपूर्ण फ्याक्टर तथ्याङ्क हो । सरकार वा अन्य कुनै पनि निकायहरूले नीति योजना तथा निर्णयहरू सार्थक कार्यान्वय हुन तथ्याङ्कको महत्वपूर्ण भुमिका हुन्छ ।**

रुपमा गाउँगाउँमा स्थलगतरूपमा सहभागिता गराएर संकलन गर्ने गरिन्छ ।

नेपालमा आगामी २०८८ सालमा गर्ने जनगणनामा ५० हजार गणक खटाएर गर्ने हो भने करोडौं रुपैयाँ खर्च लाग्छ । राज्यका लागि त्यो धेरै भार हो । नर्वेजस्ता देशहरूको युनिक कार्ड बनाउने गरेको छ । कुन मान्छेको कहाँ कहाँ सम्पति छ । कहाँकहाँ घर छ, त्यसको रजिस्टर नम्बर उसको राष्ट्रिय परिचयपत्र नम्बर र प्यान नम्बरको समेत तथ्याङ्क राखेर सम्पूर्ण जानकारी लिएर एकै माध्यमबाट सबै तथ्याङ्क लिने गरिन्छ । नेपालमा सर्वप्रथम वि.सं. १९६८ (सन् १९११) मा जनगणना लिन थालियो । जुन बेला नेपालको प्रधानमन्त्री चन्द्र शमशेर थिए । १९६८देखि १०/१० वर्षको अन्तरालमा जनगणना लिइन्छ । सुरुका चारवटा जनगणनाहरू राणाशासन कालमा भएकाले सीमित तथ्याङ्कहरूमात्र संकलन गएिको थियो । पहिलो जनगणना गर्दा टाउको मात्र गनिएको थियो । कुन ठाउँका कति मानिसहरू बसिरहेका छन् भन्ने मात्रै गणना गरियो । तर अहिले गरिने जनगणनामा जनसंख्याको मात्रै तथ्याङ्क संकलन गरिने गरेको छैन । जसमा शिक्षा, स्वास्थ्य, आर्थिक क्रियाकलाप पनि सँगै गणना हुन्छ ।

सन् २०११ को जनगणनामा नेपाल सरकारको २०० मिलियन भन्दा बढी रुपैयाँ खर्च भएको छ । त्यो बेला संकलन भएका तथ्याङ्कहरू सबैका लागि हुनेगरी प्रकाशित गरिएन । वि.स. १९५२/५४ मा नेपालमा पहिलोपटक वैज्ञानिक तरिकाले जनगणना लिइएको थियो । त्यसबेला जनगणनामा संलग्नलाई तालिम, आवश्यक उपकरण, विवरणहरू आदि उपलब्ध गराइएको थियो । वि.स. १९५२/५४ मा लिइएको जनगणना २ वर्षको अन्तरालमा लिइएको थियो । अन्तर ाष्ट्रिय रूपमा मान्यताप्राप्त पहिलो वैज्ञानिक जनगणना सन् १९६१ मा नेपालमा सञ्चालन भएको मानिन्छ ।


तथ्याङ्क ऐन २०१५ ले केही हदसम्म विकेन्द्रीकरण खोज्यो । केन्द्रीय तथ्याङ्क विभागलाई दिइएको अधिकार स्थानीय तहमा पनि जान थाले । बहुदल आएपछि बनेका फरक-फरक मन्त्रालयहरूलाई पनि तथ्यांकको अधिकार दिइयो । सरकारी निकायहरूले गर्ने हरेक कुराको तथ्याङ्क संकलन गर्न भनियो । संघीयता कार्यान्वयनमा आएसँगै हरेक निकायको स्वायत्त अधिकार हुन् । स्थानीय सरकारले पनि तथ्याङ्क संकलन गर्न पाएको छ । अहिले संविधानले पनि तीन तहका सरकारलाई अधिकार दिएको छ । यसले ओभरल्याप हुनसक्ने अवस्था छ । नेपालको तथ्याङ्कको विकास क्रममा केन्द्रीकृतका रूपमा रहेको तथ्याङ्क प्रणाली अहिले आएर विकेन्द्रीकरण भएको छ । नेपालले सर्वे र संकलनमा बढी प्राथमिकता दिइरहेको छ ।

नेपालमा हरेक विषयको तथ्याङ्क संकलन भएको छ । संकलन भएका तथ्याङ्कहरू सेयर नभएर ढङ्डामा राखिएको छ । ढङ्डामा राख्दा सहजै रुपमा सेयर गर्नसक्ने अवस्था छैन । संकलन गरिएका तथ्याङ्क पीडीएफ वा हार्डपेपरमा राख्ने गरिएको छ । त्यसले गर्दा पनि तथ्याङ्कको सेयर, प्रयोग र विश्लेषण गर्नेहरूलाई अफ्ठ्यारो अवस्था छ ।

उत्पादन भएका सबै तथ्याङ्क उपलब्ध नभएका कारण तथ्यांक छैन भनिएको हो । एउटा सरकारी निकायले उत्पादन गरेको तथ्याङ्क अर्को मन्त्रालयसँग मिल्दोजुल्दो र जोडिएको हुँदैन । अन्तरमन्त्रालयको तथ्याङ्क जोडी एउटा क्लिकमा तथ्याङ्क उपलब्ता हुने बनाउन आवश्यक छ । नेपालमा तथ्याङ्कको उत्पादन भएपनि उपलब्ध छैन र उत्पादन भएको तथ्याङ्क पनि सजिलो रुपमा सेयर हुन सकेको छैन ।

नेपालमा सर्वेको तथ्याङ्क सहज रुपमा पाउन सकिन्छ । नेपाल डेमोग्राफिक हल्थ सर्भिस, मल्टि इन्डिकेटर कलास्टर सर्वे निजी क्षेत्रको सर्वे हो । इन्डिकेटर कलस्टर सर्वे युनिसेफले गराउँछ । लिभिङ स्टान्डर्ड सर्वेका तथ्याङ्कहरू विभिन्न निकायहरूले विभिन्न विषयमा गरेको सर्वेका तथ्याङ्कहरू उपलब्धता छन् ।

एडमिनिस्ट्रेटिभ (जन्म दर्ता) गरेका डाटाहरू पनि छन् । तर त्यी डाटाहरू एक अर्कामा फरक-फरक कम्पार्टमेन्टमा बसेका छन । आवश्यक तथ्याङ्कहरू कहाँ उपलब्धता छ भन्ने जानकारी नै नहुँदा पनि समस्या छ । नेपालमा तथ्याङ्क खोज्ने क्षमता विकास नै भएन । नेपालमा सार्वजनिक भएका सर्वेका तथ्याङ्कहरू सहज रुपमा उपलब्ध छन् । तथ्याङ्क कार्यालयले १०-१० वर्षमा जनगणना गर्ने हो । त्यो तथ्याङ्क नै १० वर्षसम्म चल्ने गर्छ । सहज रुपमा तथ्याङ्क उपलब्धताको लागि तथ्याङ्कहरूलाई सहज रुपमा प्रयोग गर्न मिल्ने गरी निकाल्न आवश्यक छ ।




**सहकार्य र समन्वयको आवश्यकता**

संघीय संरचनामा विकेन्द्रीकरणको प्राथमिक उद्देश्य भनेको सार्वजनिक सेवा सुधार गर्नु हो । संघीयताले निर्णय गर्ने शक्ति प्रदेश र स्थानीय सरकारहरू माफ विकेन्द्रीकरण गरेको छ । तथ्याङ्क र प्रमाणमा आधारित विश्लेषणले संघीयताको सफल कार्यान्वयनमा महत्वपूर्ण भुमिका खेल्छ । सरकारी अधिकारीहरू जसले आफ्नो क्षेत्रधिकार भित्र सार्वजनिक निर्णय लिनुपर्दछ तिनको संख्या सम्भवतः संघिय नेपालमा सय गुणाले बिस्तार भएको छ । नेपालको संघियतामा ऐतिहासिक रूपान्तरण भएसँगै थप र राम्रो तथ्याङ्कका मागमा वृद्धि भएको छ ।

२०७२ को संविधानले तीन तहको सरकारलाई उत्पादन, विश्लेषण र आ-आफ्नो क्षेत्राधिकारमा तथ्याङ्क वितरण गर्न अधिकार दिएको छ । प्रत्येक तहले अर्को तहले संकलन गरेको तथ्याङ्को विचार नगरी तथ्याङ्क संकलन गर्दा तथ्याङ्क अराजकता निम्त्याउन सक्छ । डाटा अराजकताको मतलब त्यहाँ विवादास्पद, वा अनावश्यक, तथ्याङ्क हुनसक्छ । यस्तो अवस्थामा राज्यले लिने निर्णय, नीति निर्माण र प्रभावकारी शासन सञ्चालनमा बाधा पुऱ्याउन सक्छ ।

संघीय नेपालमा तथ्याङ्कको स्पष्टता, शुद्धता र उपयोगिता सुनिश्चित गर्नका लागि सबै तहका सरकारहरूले आफ्ना तथ्याङ्क सम्बन्धित गतिविधिहरू सहकार्य र समन्वयमा गर्नु आवश्यक छ । विभिन्न स्रोतबाट आउने तथ्याङ्क एकअर्कासँग 'प्रतिष्पर्धा' भन्दा 'पूरक' हुने र नेपालको संविधानमा उल्लेखित सहयोग, सहअस्तित्व र समन्वय सिद्धान्तलाई पालना गर्ने गरी तथ्याङ्क प्रशासनलाई संस्थागत गर्न सकिन्छ ।

अन्य धेरै देशहरूमा जस्तैनेपालमा सार्वजनिक एजेन्सीहरूले प्रशासनिक तथ्याङ्क राख्छन् । जसमा दर्ता, लेनदेन, अभिलेख राख्ने, र सेवा वितरण जस्ता सार्वजनिक निकायहरूको सञ्चालनबाट उत्पन्न हुन्छ । प्रशासनिक अभिलेखहरू नियमहरूद्वारा शासित हुन्छन् ।

तिनीहरूको व्यवस्थापन र मर्मत कार्य सञ्चालन दिशानिर्देशहरूको साथ सार्वजनिक प्रशासन निकायलाई सुम्पिएको छ । उदाहरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा व्यवस्थापन सूचना प्रणाली र मन्त्रालयले द्विवार्षिक फ्ल्यास रिपोर्टहरू उत्पादन गर्दछ जसले ईएमआईएसद्वारा उत्पन्न तथ्याङ्कहरूको सारांश दिन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीबाट स्वास्थ्य तथ्याङ्क तयार गर्छ । धेरै अन्य सार्वजनिक एजेन्सीहरूले पनि प्रशासनिक डाटाबेसहरूबाट धेरै अन्य प्रकारका तथ्याङ्कहरू उत्पादन गर्छन् ।

प्रशासनिक डाटाबेसहरू सामान्यतया मन्त्रालयहरूको विभिन्न ठाडो अधिकार क्षेत्र अन्तर्गत रहेका छन् । तिनीहरूसँग अन्य डाटाबेस र दर्ताहरूसँग थोरै अन्तरक्रिया हुन्छ । संगठनात्मक सीमाहरूमा डाटा साझेदारी दुर्लभ छ । प्रशासनिक प्रक्रियामा नागरिकले एउटै जानकारी धेरै इकाइहरूमा दिनुपर्छ यसले नागरिकले व्यापक प्रशासनिक अवरोधहरू पार गर्नुपर्छ ।

**डाटा इकोसिस्टममा भूमिका**

नेपालको संघीय संरचनामा विकास साझेदारहरू डाटा इकोसिस्टममा सहयोगी देखा परेका छन् । एसिया फाउन्डेसन एन्ड डेभलपमेन्ट इनिसिएटिभ्सको अनुसन्धान अनुसार १४ भन्दा बढी बहुपक्षीय र द्विपक्षीय एजेन्सीहरूले नेपालमा २५ भन्दा बढी सार्वजनिक एजेन्सीहरूलाई विशेष गरी तथ्याङ्क र तथ्याङ्कको क्षेत्रमा आफ्नो सहयोग विस्तार गरेका थिए । सर्वेक्षण र जनगणनाहरू सञ्चालन गर्न तत्कालीन केन्द्रीय तथ्याङ्क विभागलाई वित्तीय र प्राविधिक सहायता प्रदान गर्दै आएको देखिन्छ । विशेष गरी तथ्याङ्क संकलन, सर्वेक्षण र जनगणनामार्फतविकास साझेदारहरूले पर्याप्त सहयोग पुऱ्याएको बुझिन्छ । वास्तवमा नेपालमा अधिकांश राष्ट्रिय सर्वेक्षणहरू यी विकास साझेदारहरूद्वारा समर्थित छन् ।


> **संघीय नेपालमा तथ्याङ्कको स्पष्टता, शुद्धता र उपयोगिता सुनिश्चित गर्न सबै तहका सरकारहरूले आफ्ना डाटा सम्बन्धित गतिविधिहरू सहकार्य र समन्वयमा गर्नु आवश्यक छ ।**

विश्व बैंकको एक अध्ययनले नेपालमा सन् २०१० देखि २०१८ सम्म गरिएका २०० सर्वेक्षणमध्ये ७५ प्रतिशत विकास साझेदारहरूले लगानी गरेको देखाएको छ। तर, विकास साझेदार हरूबाट संकलन गरिएका तथ्याङ्क र सूचनाहरू खुला रूपमा पहुँचयोग्य छैनन् । फलस्वरूप त्यहाँ धेरै समानान्तर सर्वेक्षण र डाटा संकलन गतिविधिहरू भैरहेको हुन्छन् । कहिलेकाहीँ जानीजानी वा अन्जानमा धेरै सर्वेक्षणहरू एउटै गनिने क्षेत्रहरूमा अवतरण हुन्छन् जसले उच्च प्रतिक्रिया बोझ निम्त्याउँछ ।

नयाँ सर्वेक्षणका लागि वास्तविक आवश्यकता हुँदा पनि तथ्याङ्कमा गुणस्तर वृद्धि गर्न सीमित पहुँचका कारण अघिल्लो सर्वेक्षणहरूबाट अन्तरदृष्टि प्रयोग गर्ने अवसर हुदैन । यो अवस्थाले असंम्बद्ध तथ्याङ्क प्रयासहरूको अर्को उदाहरणलाई हाइलाइट गर्दछ। विकास साझेदारहरू यी सर्वेक्षणहरूको प्राथमिक फाइनान्सरहरू हुन् भन्ने कुरालाई ध्यानमा राख्दै तिनीहरूबीच राम्रो समन्वयका लागि तत्काल सरकारले पहल गर्नुपर्छ ।

**तथ्याङ्क साक्षरता**

हालैका वर्षहरूमा तथ्याङ्क साक्षरताको



महत्व विश्वभरका राष्ट्रहरूमा बढ्दो छ । तथ्याङ्क साक्षरता भन्नाले तथ्याङ्कलाई सूचनाको रूपमा पढ्न, बुझ्न, सिर्जना गर्न र सञ्चार गर्ने क्षमतालाई जनाउँछ । विविध जनसांख्यिकी र द्रूत रूपमा परिवर्तन भइरहेको सामाजिक-आर्थिक परिदृश्य भएको नेपाल जस्तो देशका लागि तथ्याङ्क साक्षर हुनु एउटा सीप मात्र होइन, आवश्यकता पनि हो । यसले तल्लो तहका सामुदायिक परियोजनाहरू देखि राष्ट्रिय नीति निर्माणसम्म सूचित निर्णयहरू गर्न महत्वपूर्ण भुमिका खेल्छ ।

नेपालको तथ्याङ्क प्रणाली २१औं शताब्दीको माग पूरा गर्नका लागि तथ्याङ्क साक्षरताको विकास आवश्यक रहेको छ । तथ्याङ्क प्रणालीको विकास र प्रभावकारी हुनका लागि नागरिकहरूबीचमा तथ्याङ्क साक्षरताको आवश्यकतालाई अतिरञ्जित गर्न सकिँदैन । मुलुकमा जब विधिहरू पारदर्शी हुन्छन् र जनता तथ्याङ्क साक्षर हुन्छन्, तबमात्रै तथ्याङ्कको गुणस्तर र विश्वसनियता बढ्छ । तथ्याङ्क-साक्षर समुदायले निष्क्रिय रूपमा सूचना उपभोग मात्र गर्दैनन् ।

सक्रिय रूपमा प्रयोग गरिएका विधिहरूमाथि प्रश्न उठाउने गर्छन । यस्तो प्रश्नले उत्पादन गरिएको तथ्याङ्क सही र सान्दर्भिक रहेको दर्शाउँछ । यो जिज्ञासु प्रकृतिले तथ्याङ्क संकलन र विश्लेषण प्रक्रियाहरूमा सुधार ल्याउनेछ । मानिसहरू तथ्याङ्क प्रयोग गर्न र बुझ्नको लागि अधिक अभ्यस्त हुन थालेपछि त्यहाँ थप तथ्याङ्क उत्पादनका लागि उच्च माग हुनेछ । यो मागले राष्ट्रिय तथ्याङ्क प्रणालीलाई देशको विविध आवश्यकताहरू पूरा गर्न थप सूक्ष्म डाटासेटहरू आविष्कार गर्न, बिस्तार गर्न र उत्पादन गर्न प्रेरित गर्नेछ ।

नेपालमा तथ्याङ्क साक्षरतालाई बढावा दिनु भनेको भवनको बलियो जग बसाल्नु जस्तै हो । नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीले ठूला र साना दुवै राष्ट्रका निर्णयहरू भरपर्दो र वृहत तथ्याङ्कमा आधारित छन् । राष्ट्रका निर्णयहरू भरपर्दो र वृहत तथ्याङ्कमा आधारित हुँदा आफ्नो उद्देश्यलाई अझ प्रभावकारी रूपमा विकास र सेवा गर्न सकिन्छ ।

**तथ्याङ्क त्रि-आयामी उपयोग**

तथ्याङ्क उत्पादनमा एक प्रमुख कदम सर्वेक्षण क्यालेण्डरको परिचय हो । जसले तथ्याङ्क संकलन प्रक्रियालाई सुव्यवस्थित गर्छ । तथ्याङ्क सर्वेक्षण क्यालेण्डरले महत्वपूर्ण तथ्याङ्कहरूको समयमै उपलब्धता सुनिश्चित गर्नेछ । संघीय नेपालको विकासशील परिदृश्यमा, तथ्याङ्कको सामञ्जस्य, एकीकरण र तथ्याङ्क संकलन गतिविधिमा समन्वय प्रमुख तत्वका रूपमा उभिएको छ ।

नेपालको विकास यात्रामा सरकारी निकायदेखि अन्तर्राष्ट्रिय संस्थासम्म धेरै सरोकारवालाहरू संलग्न छन् । तथ्याङ्क उत्पादनमा यी संस्थाहरू बीच तथ्याङ्क संकलन प्रयासहरू समन्वय गर्दा नक्कल रोक्छ । सबैजना एउटै पृष्ठमा छन् भनेर सुनिश्चित गर्दछ । उद्देश्यको यो एकताले प्रगतिलाई गति दिन्छ र प्रत्येक सरोकारवालाको प्रयासले साझा दृष्टिकोणमा योगदान पुऱ्याउँछ भन्ने सुनिश्चित गर्दछ ।

**तथ्याङ्क साझेदारी**

नेपालको संघीय संरचनामा धेरै मन्त्रालय र सरकारी निकायहरू प्रशासनिक प्रक्रियाहरूमा संलग्न छन् । यसले ठूलो मात्रामा तथ्याङ्क उत्पन्न गर्दछ । सुरुवाती चरणमा सबै मन्त्रालयहरूले आफ्ना डाटासेटहरू अपलोड गर्ने केन्द्रीकृत डाटा रिपोजिटरी स्थापना गर्दा फाइदा लिनसक्छ । यसले तथ्याङ्क पहुँचलाई सुव्यवस्थित, तथ्याङ्क स्थिरता सुनिश्चित गर्नेछ । तथ्याङ्क उत्पादनमा अर्को महत्वपूर्ण कुरा विभिन्न स्रोतहरूबाट जानकारी संश्लेषण गर्दै राष्ट्रिय तथ्याङ्क कार्यालय केवल तथ्याङ्क उत्पादकहरूबाट डायनामिक तथ्याङ्क इन्टिग्रेटरमा विकसित हुनुपर्दछ ।

तथ्याङ्क एकीकरण प्रभावकारी साङ्ख्यकीय प्रणालीको आधारशिला हो । नेपालमायसको अर्थ विभिन्न मन्त्रालयहरू बीच सिमलेस डाटा आदानप्रदानलाई बढावा दिनु हो । विभिन्न स्रोतहरूबाट तथ्याङ्क एकीकृत गरेर नीति निर्माताहरूले राष्ट्रको सामाजिक-आर्थिक परिदृश्यको समग्र दृष्टिकोण प्राप्त गर्न सक्छन् । यसबाहेक तथ्याङ्क पहुँचयोग्य बनाउन पनि उत्तिकै महत्वपूर्ण छ ।

एकपटक संकलन र प्रशोधन गरिसकेपछि सरोकारवालाहरूका लागि सहज रूपमा उपलब्ध हुने तथ्याङ्क सुनिश्चित गर्नमा जोड दिनुपर्छ । यसले पारदर्शितालाई बढावा दिने मात्र होइन व्यक्ति र संस्थाहरूलाई सुचित निर्णयहरू गर्न सशक्त बनाउँछ ।

प्रभावकारी तथ्याङ्क एकीकरणका लागि आवश्यक पूर्वाधारमा बलियो हुनुपर्छ । स्केलेबल डाटा भण्डारण समाधानहरू, उच्च-गति सञ्चार नेटवर्कहरू, मानकीकृत तथ्याङ्क ढाँचाहरू र अन्तरक्रिया योग्य सफ्टवेयर प्रणालीहरू समावेश छन् । विभिन्न सङ्घीय एकाइहरूबाट प्राप्त तथ्याङ्कलाई एकीकृत र एकीकृत रूपमा विश्लेषण गर्न सकिन्छ भन्ने सुनिश्चित गर्न केन्द्रीकृत र विकेन्द्रीकृत डाटाबेस स्थापना गर्न आवश्यक छ ।

नेपालको भौगोलिक चुनौतीहरूलाई ध्यानमा राख्दै एकीकृत तथ्याङ्क पूर्वाधारमा दुर्गम क्षेत्रहरूको पहुँच सुनिश्चित गर्न विशेष ध्यान दिनुपर्छ । नेपाल संघीय प्रणालीमा परिणत हुँदै गर्दा यस पूर्वाधारको लागि सावधानीपूर्वक योजना बनाउनु आवश्यक छ । तथ्याङ्कको सम्भाव्यता अध्ययनहरू सञ्चालन गर्ने, उपयुक्त बजेट विनियोजन गर्ने र स्थानीय प्रविधि प्रतिभालाई प्रशिक्षित र उपयोगको सुनिश्चिता गर्ने गर्नुपर्छ ।

तथ्याङ्क सुरक्षा सर्वोपरि छ । संघीय नेपालले संवेदनशील सूचनालाई उल्लंघन, अनधिकृत पहुँच र साइबर हमलाहरूबाट जोगाउन अत्याधुनिक साइबर सुरक्षा उपायहरूमा लगानी गर्नुपर्छ । तथ्याङ्कको प्राविधिक समाधानहरू मात्र नभई कर्मचारीहरूको लागि व्यापक प्रशिक्षण र कडा डाटा ह्यान्डलिङ र पहुँच प्रोटोकलहरूको स्थापना पनि समावेश छ । तथ्याङ्क सुरक्षाका उपायहरू सधैं अप-टु-डेट छन् भनि सुनिश्चित गर्न नियमित लेखापरीक्षण र अद्यावधिकहरू सञ्चालन गरिनुपर्छ । विश्वव्यापी साइबर खतराहरू बढ्दै जाँदा नेपालले आफ्नो प्रतिरक्षालाई सुदृढ गर्न र यसको एकीकृत डाटाको सुरक्षा र अखण्डता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय साइबर सुरक्षा विशेषज्ञहरू र संस्थाहरूसँग सहकार्य गर्ने विचार गर्नुपर्छ ।

**तथ्याङ्कको उपयोग**

तथ्याङ्क उत्पादन र साझेदारी महत्वपूर्ण चरणहरू हुँदा तथ्याङ्कको वास्तविक मूल्य तब मात्र महसुस गरेर मात्रै प्रयोगमा राखिन्छ । यसका लागि तथ्याङ्क साक्षरता निर्माण गर्नु आवश्यक छ । नेपाल राजनीतिक रूपान्तरणबाट गुज्रिरहेको बेलाधेरै नयाँ नेताहरूले शासनको दायरामा पाइला राखेका छन् । क्षमता अभिवृद्धिको अत्यावश्यक छ ।

पत्रकार, अनुसन्धानकर्ता, गैर-सरकारी संस्थाका कर्मचारीहरू , प्रशासकहरू र नीति निर्माताहरूलाई डाटाको व्याख्या र विश्लेषण गर्ने सीपहरू प्रदान गरे मात्रै निर्णयहरू प्रमाणमा आधारित छन् भनी सुनिश्चित गर्नसक्छौं । तथ्याङ्क-सञ्चालित निर्णय लिने संस्कृतिको विकासले अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा थप लक्षित र प्रभावकारी हस्तक्षेपहरूको लागि मार्ग प्रशस्त गर्नेछ ।

नेपालको तथ्याङ्क इकोसिस्टमले सरकारी निकायहरूमा राम्रो समन्वयको आवश्यकता, विकास साझेदारहरू बीचको समन्वय र डाटा साक्षरता जस्ता चुनौतीहरूको सामना गरिरहेको छ । यस्ता चुनौतीहरूलाई पार गर्न, तथ्याङ्क पूर्वाधारलाई सुदृढ गर्ने, तथ्याङ्क साक्षरता प्रवर्द्धन गर्ने, नागरिक समाज, सरकार र निजी क्षेत्रबीचको सहकार्यलाई बढावा दिने वृहत् तथ्याङ्क रणनीतिको आवश्यकता छ ।

यसबाहेक ठूला तथ्याङ्कको फाइदा उठाउनु र तथ्याङ्कको गोपनियता र सुरक्षा सुनिश्चित गर्नु नेपालका लागि आफ्नो तथ्याङ्क इकोसिस्टमको पूर्ण क्षमताको उपयोग गर्न महत्वपूर्ण हुन्छ । नेपाल संघीयतातर्फको यात्रामा अघि बढेको र विकासका लक्ष्यहरू हासिल गर्ने लक्ष्य लिएको अवस्थामा तथ्याङ्कीय प्रणालीको त्रि-आयामिक विकास अपरिहार्य छ । तथ्याङ्कको उत्पादन, आदानप्रदान र प्रयोगमा केन्द्रित भएर नेपालले सूचनाको शक्तिलाई उपयोग गरी प्रगति र समृद्धितर्फ डोऱ्याउन सक्छ ।

# वैदेशिक रोजगारीमा जानेको संख्या



| | |
|---|---|
| २०७२ असारसम्म | ३२ लाख १ हजार २ सय ६८ |
| २०७३ असारसम्म | ३६ लाख ४ हजार ४ सय ४२ |
| २०७४ असारसम्म | ३९ लाख ८७ हजार ९ सय ३५ |
| २०७५ असारसम्म | ४३ लाख ४२ हजार १७ |
| २०७६ असारसम्म | ४५ लाख ७८ हजार २ सय २८ |
| २०७७ असारसम्म | ४७ लाख ६८ हजार ६ सय २१ |
| २०७८ असारसम्म | ४८ लाख ४० हजार ६ सय ९३ |
| २०७९ असारसम्म | ५१ लाख ८९ हजार ५ सय ६० |
| २०८० असारसम्म | ५५ लाख २६ हजार ७ सय ४ |





। डा. कृष्णचन्द्र देवकोटा

# प्राकृतिक स्रोत : कुहिँदै जङ्गलमा काठ, आयातमा बल

**प्राकृतिक स्रोतको प्रयोग, उपयोग र परिचालनसम्बन्धी सूक्ष्मस्तरको अध्ययन नै भएन । अहिलेसम्म प्राकृतिक स्रोत कसरी उपयोग गर्ने भनेर सूक्ष्म अध्ययन तथा योजना नै बन्न सकेको छैन ।**

प्राकृतिक स्रोत भन्नाले मानिस, जीवजन्तु तथा बोटबिरुवाहरू बुझिन्छ । यस्ता प्राकृतिक स्रोतहरू जीवित वस्तुहरूले उपयोग गरी आफ्नो जीवनयापनलाई सहज र सरल बनाउन सक्छन् । मानिसका लागि प्राकृतिक, भौतिक, मानवीय र आर्थिक कुराहरू नै जीवनयापनका स्रोत हुन् । मानिसले धेरै किसिमका प्राकृतिक स्रोतहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा उपयोग गरिरहेको हुन्छ ।

प्राकृतिक स्रोतले त्यस्तो वस्तुलाई बुझाउँछ जसलाई मानिसले प्रकृतिबाट प्राप्त गरी उपयोग गर्न सक्छ । खानी, खनिज पदार्थ, माटो, पानी, हावा, दाउरा, तेल, सौर्य ऊर्जा, वायु ऊर्जा, यी सबै प्राकृतिक स्रोतहरू हुन् । मुख्यगरी प्राकृतिक स्रोतअन्तर्गत माटो, हावा, पानी, घाम, हिमाल र वनजङ्गल पनि पर्छन् । यस्ता प्राकृतिक स्रोतहरू नेपालमा अथाह पाइन्छन् । प्राकृतिक स्रोतमा महत्वपूर्ण स्रोतका रूपमा चिनिने वन, जल, जमिन र खनिज पदार्थ नेपालमा अधिक रहेका छन् । जमिन आफैँमा प्राकृतिक स्रोत हो । नेपालमा भौगोलिक क्षेत्रअनुसारका प्राकृतिक स्रोतहरू पाइन्छन् । उचाइ र जलवायुको भू-धरातलीय भिन्नताका आधारमा नेपाललाई पाँच भागमा विभाजन गरिएको छ । कुल क्षेत्रफलको १४ प्रतिशत तराई, १३ प्रतिशत चुरे क्षेत्र, चुरेमाथि महाभारत तथा मध्यपहाडको भू-भाग ३० प्रतिशत, उच्च पर्वतीय क्षेत्र २० प्रतिशत र हिउँले ढाकिएको कडा चट्टानको क्षेत्र २३ प्रतिशत छ ।

उचाइको भिन्नतानुसार जमिनको भिरालोपनामा पनि व्यापक भिन्नता छ । तराईमा १ डिग्रीभन्दा कम भिरालो जमिन छ । पहाडमा अधिकतम् ४० डिग्रीसम्म भिरालो जमिन पाइन्छ । भौगर्भिक बनावट हेर्दा तराई अत्यन्त मलिलो माटोले बनेको छ । पहाडी भू-भाग फाइलाइट, ग्रेनाइट, लाइमस्टोन, क्वार्जाइटजस्ता चट्टानहरूले बनेको छ । यसरी उचाइका आधारमा यी क्षेत्रहरूमा विभिन्न किसिममा प्राकृतिक स्रोत पाइन्छन् । यी तीन क्षेत्रलाई हावापानी तथा माटोका आधारमा विभाजन गरिएको हो । तीनवटै क्षेत्रका आ-आफ्नै विशेषता छन् । हिमाली क्षेत्रबाट पानीका मुहान फुटेर तराईका टाहारसम्म सिँचाइ गरेको छ । यसै कारणले गर्दा पनि तराईमा अथाह पानी छ । तराईमा पाइने ढुङ्गा, गिट्टी, बालुवा प्राकृतिक स्रोतको खानीजस्तै हो । यी सबै हिमाल तथा पहाडबाट नदीले बगाएर ल्याएका प्राकृतिक स्रोत हुन् ।

हिमाली क्षेत्र र पहाडी क्षेत्रबाट मलिलो माटो बगाएर तराईका टाहारहरूमा पुऱ्याउँदा तराईमा बढी उब्जाउ हुने गरेको छ । महाभारत क्षेत्रबाट उत्पत्ति भएका नदीहरू पनि नेपालका प्राकृतिक स्रोतका मुहान हुन् । यी नदीबाट विद्युत् उत्पादनको



अथाह सम्भावना रहेको छ ।

तराईमा पाइने चुरे पर्वत आफैंमा ढुङ्गा, गिट्टीका लागि उपयुक्त प्राकृतिक स्रोत नहुन पनि सक्छन् । त्योभन्दा माथि महाभारत रेन्ज छ, त्यहाँ पाइने ढुङ्गाको क्वालिटीहरू अथाह प्राकृतिक स्रोत हुन् । त्यहाँ पाइने मार्बल तथा माइलस्टोनहरू पनि महत्वपूर्ण प्राकृतिक स्रोत हुन् । ती ढुङ्गाबाट सिमेन्ट उत्पादन गर्न सकिन्छ । त्यहाँ घर छाउने ढुङ्गा पनि भेटिन्छन् ।

चुरेबाट निस्किने ढुङ्गा सिमेन्टको लागि प्रयोग गर्न सकिँदैन । सिमेन्टका लागि चाहिने माइलस्टोन मार्बल जुन हुन्छ, त्यो चुरे शृङ्खलामा पाइँदैन । तीचाहिँ महाभारत पर्वत शृङ्खलामा मात्र पाइन्छ । महाभारत शृङ्खलामा पाइने भएर महाभारत शृङ्खलाको तल चुरेको फेदीतिर सिमेन्ट कारखानाहरू स्थापना गरिने गरिएको छ । उदयपुर, नवलपरासी, दाङ तथा हेटौंडा महाभारतबाट नजिक भएका ठाउँहरू हुन् । ती स्थानमा सिमेन्ट कारखाना स्थापना गरिएका छन् । नेपालमा वाटर रिसोर्स (जलस्रोत)को पनि अथाह सम्भावना छ ।

नेपालमा मार्बल तथा मार्बलजन्य सामग्री उत्पादन गर्न सक्ने सम्भावना छ । वार्षिक साढे एक अर्बको मार्बल तथा मार्बलजन्य सामग्री आयात गर्न गरिएको भन्सार विभागको तथ्याङ्कले देखाएको छ । अघिल्लो वर्षको तुलनामा भने मार्बल तथा यस्ता वस्तुको आयात घटेको देखिन्छ । नेपालमा यस्ता उद्योग स्थापना भएरभन्दा पनि नेपालमा गएको वर्ष कम खपत भएर यस्ता सामग्री कम आयात भएको देखिन्छ ।

**काठ कुहाएर आयातमा भर**

जङ्गलको त झनै सम्भावना छ । हामीले त्यसलाई प्रयोग गर्न सकेका छौंनौं । पुराना काठहरू प्रयोगमा ल्याउन पनि सकेका छैनौं । हामीले काठ विभिन्न देशबाट आयात गर्ने गरेका छौं । तर, जङ्गलमा कुहिएर जाने पुराना काठलाई प्रयोग गर्ने गरेका छैनौं । ती काठ जङ्गलमा कुहिएर जाने गरेका छन् । केन्द्र सरकारले यसतर्फ ध्यान दिनुपर्ने हो । अझै पनि यसतर्फ कसैको ध्यान जानसकेको छैन ।

हाम्रा नीति, नियम, ऐन तथा कानुनले गर्दा हामीलाई पुराना काठ प्रयोग गर्नमा समस्या पारेको छ । हामीसँग नै अथाह सम्भावना र स्रोतहरू छन् । तर हामीले प्रयोग गर्न सकिरहेका छैनौं । किनभने हामीसँग वैज्ञानिक दृष्टिकोणबाट नीति, नियम र यस्ता नीति नियम बनाउँदा विश्लेषण गर्ने तथा यस्तो संयन्त्र विकास हुन सकेको छैन । यसो भन्दैगर्दा केही पनि भएको छैन भन्न त मिल्दैन । तर एउटा स्ट्याण्डर्ड लेबलमा हुन सकेको भने छैन । प्राकृतिकरूपमा हामीसँग अथाह स्रोतसाधन भए पनि वैज्ञानिक दृष्टिकोणबाट विश्लेषण हुन

**चुरेबाट निस्किने ढुङ्गा सिमेन्टका लागि प्रयोग गर्न सकिँदैन । सिमेन्टका लागि चाहिने माइलस्टोन मार्बल जुन हुन्छ, त्यो चुरेशृङ्खलामा पाइँदैन। तीचाहिँ महाभारत पर्वत शृङ्खलामा मात्र पाइन्छ ।**

**पाँच वर्षको मार्बल तथा मार्बलजन्य सामग्री आयात**

| आर्थिक वर्ष | रकम रू. करोडमा | |
|---|---|---|
| | सामान आयात | राजस्व संकलन |
| २०७५/७६ | २१२.७ | ११२.३७ |
| २०७६/७७ | १६६.६५ | ८९.९२ |
| २०७७/७८ | १६८.२७ | ८८.१५ |
| २०७८/७९ | १४३.०६ | ७०.३१ |
| २०७९/८० | १११.७६ | ५१.९५ |

*स्रोत : भन्सार विभाग*





जङ्गल जोगाउने, पानीको उपयोग बढाउने, खनिज उत्खनन् गर्ने कुराहरू अन्तर्राष्ट्रिय सन्धिको रूपमा छन् । तर नेपालका लागि ती बाधक हैनन् । यस्ता अन्तर्राष्ट्रिय सन्धि सम्झौताले त बाधकका रूपमा पो काम गर्नुपर्थ्यो ।

| पाँच वर्षको काठ तथा बाँसजन्य सामग्री आयात | | |
|---|---|---|
| आर्थिक वर्ष | रकम रू. करोडमा | |
| | सामान आयात | राजस्व संकलन |
| २०७५/७६ | २८३.३५ | ७०.८८ |
| २०७६/७७ | ५०२.०४ | १२५.७८ |
| २०७७/७८ | ७८८.५८ | १९४.३२ |
| २०७८/७९ | ७४४.७८ | १९३.७१ |
| २०७९/८० | ५८९.४२ | १७६.६६ |

*स्रोत : भन्सार विभाग*

नसक्दा हामीसँगै भएका प्राकृतिक स्रोतको प्रयोग गर्न सकेका छैनौँ । आफूसँगै भएका चिज हामीले बाहिरबाट ल्याउनुपर्ने अवस्था छ ।

हाम्रो आयातमुखी संस्कृतिले गर्दा निर्यात गर्न सक्ने क्षमता भए पनि हामी प्राकृतिक स्रोत प्रयोगबाट चुकिरहेका छौँ । प्राकृतिक स्रोतको अथाह सम्भावना भए पनि हामीले त्यसको समुचित प्रयोग गर्न सकेका छैनौँ । जङ्गलमा कुहिएर जाने रुखहरूको प्रयोगका लागि जसरी वैज्ञानिक र व्यावहारिकरूपमा कानुनी व्यवस्था गर्नुपर्थ्यो, त्यो अझै पनि हुन सकेको छैन । यो विडम्बना हो ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने अमेरिकामा पनि धेरैजसो घरहरू काठले मात्र बनेका हुन्छन् । हामीले वनको संरक्षण गर्ने भन्यौँ । वनमा बुढा हुँदै गएका रूखहरूलाई छिमलेर त्यसलाई काटेर हामीले कुर्सी तथा टेबल बनाउनमा चुकेका छौँ । विकसित देशहरूमा जहाँ प्रशस्त जङ्गल छ, त्यहाँ छिमल्ने व्यवस्था हुन्छ । बाक्लो र पुराना रुखहरूलाई काटेर काठ बनाउने व्यवस्था गरेका छन् । जङ्गल विनास गर्ने हिसाबले होइन, जङ्गलको विकासका लागि पुराना रुखहरू छाँट्ने र नयाँ बिरुवा रोप्ने चलन छ । हामी कहाँ पनि बिरुवा रोप्नचाहिँ रोपिएको छ । तर पुराना काठहरू प्रयोग गर्न सहज नीति नहुँदा समस्या परेको छ ।

विकसित मुलुकमा जङ्गलको वर्गीकरण गरिएको हुन्छ । कुनै जङ्गलमा ८० वर्ष पुरानो रूख छ भने त्यसलाई काटेर नयाँ बिरुवा लगाइने गरिन्छ । यो अन्तर्राष्ट्रिय अभ्यास नै हो । रुखको उमेरको आधारमा पुराना रुखहरूलाई हटाउने प्रचलन छ । हाम्रोमा चाहिँ नयाँ रुख रोप्ने पुराना रुख नहटाउने प्रचलन छ । हामी आयातमुखी भएका छौँ । आयात गरेका सामान मात्र हामीलाई राम्रा लाग्छन् । हाम्रा मौलिक सामानलाई बेवास्ता गर्ने चलन पनि बढ्दै गएको छ ।

**कानुनी आवश्यकता**

कानुनको अभावमा अहिले पनि चुरेको दोहन छ । स्रोतको अव्यवस्थित परिचालन भएको छ । जताततै उत्खनन् हुने गरेको छ । बसाइँसराइले पनि वन फडानी हुने गरेको छ । चुरे हाइवेको नजिक हुँदा पनि यसको दोहन बढेको हो । यसका साथै पहाडमा जान सजिलो, क्वालिटी कन्ट्रोल गर्ने मेकानिजम कमजोर हुँदा पनि चुरेको दोहन बढेको छ । त्यहाँबाट उत्खनन् हुने खनिजजन्य वस्तु ओसारपसार गर्न सजिलो भएकाले पनि दोहन बढेको हो ।

नदी किनारमा हुने गिट्टी बालुवा हटाउनु राम्रो हो । तर त्यो हटाउन हामीसँग एउटा योजनाबद्ध कार्यसूची नै छैन । यसरी कार्यसूची नहुँदा जथाभावी उत्खनन् हुने गरेको छ । यसको सुरक्षा गर्ने व्यवस्था गर्नुपर्छ । नदीबाट गिट्टीबालुवा निकाल्दै ननिकाली सुरक्षा हुँदैन । त्यसलाई कसरी वैज्ञानिक तबरले निकाल्न सकिन्छ, इन्जिनियरिङ तरिका मिलाएर व्यवस्थित किसिमले त्यसको उत्खनन् गर्ने गर्नुपर्छ । त्यो अहिलेसम्म हुन सकेको छैन ।

जङ्गल जोगाउने, पानीको उपयोग बढाउने, खनिज उत्खनन् गर्ने कुराहरू अन्तर ष्ट्रिय सन्धिको रूपमा छन् । तर नेपालको लागि ती बाधक हैनन् । यस्ता अन्तर्राष्ट्रिय सन्धि सम्झौताले त बाधकको रूपमा पो काम गर्नुपर्थ्यो । हाम्रा आन्तरिक ऐन, नियम तथा कानुनले गर्दा प्राकृतिक स्रोत परिचालनमा बाधा बढाइरहेका छन् । विदेशमा चाहिँ बाधकको रूपमा काम गर्ने नेपालमा त्यो लागू नहुनु भनेको हाम्रो आन्तरिक कारण प्रमुख हो ।

प्राकृतिक स्रोतको प्रयोग, उपयोग र परिचालनसम्बन्धी सूक्ष्मस्तरको अध्ययन नै भएन । अहिलेसम्म प्राकृतिक स्रोत कसरी उपयोग गर्ने भनेर सूक्ष्म अध्ययन तथा योजना नै बन्न सकेको छैन । यो जटिल विषय हो ।

यति गम्भीर र महत्वपूर्ण विषयलाई अलिकति हल्काफुल्कारूपमा लिने काम भएको छ । लहडको भरमा कानुन बन्ने गरेको छ । केलाई टाइट गर्ने, केलाई खुकुलो गर्ने भन्ने नै

निश्चित भएन । प्राकृतिक स्रोत प्रयोग र उपयोगको व्यावहारिक नियम कानुन नभएको पनि हो । व्यावहारिक पक्षलाई कम र बढी कानुनी पक्षलाई हेर्ने गर्दा अहिले अप्ठ्यारो भएको हो ।

हामीसँग प्रशस्त भएको चिजको उपयोग गर्न नजान्दा त्यसको आयात गर्नुपर्ने अवस्था छ । जुन हामीले अहिले आयात गरिरहेका छौँ, त्यो वस्तु हामीले निर्यात गर्न सक्ने हैसियतमा भएको अवस्था हो । त्यसको उपयोग र परिचालन गर्ने ठोस नीति नहुँदा हामीले आयात गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

**नीति नियम**

हामीसँग वन ऐन २०७६, वातावरण संरक्षण ऐन २०५३, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७८ तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ छन् । यीसँगै धेरै नियमावली र निर्देशिका बनेका छन् । यसको आधारमा स्थानीय तहहरूले पनि ऐन कानुन बनाएका छन् । तर व्यावहारिक भने छैनन् ।

सरकारले प्राकृतिक स्रोतको परिचालन गर्न विश्वव्यापीरूपमा भएका नीति हेरेर अवलम्बन गर्नुपर्छ । नीति बनाउँदा वैज्ञानिक र व्यावहारिक पक्ष पनि हेर्नुपर्छ । वैज्ञानिक र व्यावहारिक कानुन बनाएर प्राकृतिक स्रोतको वैज्ञानिकरूपमा उत्खनन् गर्न सक्ने व्यवस्था गर्नुपर्‍यो । यस्तो व्यवस्था एकीकृत पनि हुनुपर्‍यो । त्यो भयो भने हामीले आयात गर्ने मात्र होइन, बाहिर पनि पठाउन सक्छौँ ।

हाम्रामा प्राकृतिक स्रोत परिचालन गर्नका लागि प्रशस्त जटिलता छन् । जङ्गलको प्रयोग गर्दा रूख काट्न नपाउने, काट्दा पनि जङ्गलको मान्छेले केही भन्ने हो कि भन्ने कुरा पनि आउँछन् ।

प्राकृतिक स्रोतको परिचालन र प्रयोग बढाउन राज्यका अंगहरू परिचालित हुनुपर्‍यो । राज्यका निकायहरूबीच एकीकृतरूपमा गर्ने कार्ययोजना हुनुपर्छ । यस्तो कार्ययोजना भएपछि प्राकृतिक स्रोतको पहिचान तथा परिचालन हुनुपर्छ । यसरी पहिचान र परिचालन गरेपछि उत्खनन् गर्ने र त्यसको समुचित व्यवस्थापन गर्ने र उपयोग गर्ने वातावरण बनाउनुपर्छ । हामीले यति मात्र गर्न सक्यो भने पनि प्राकृतिक स्रोतको सदुपयोग गर्न सक्छौं ।

**अबको बाटो**

हामीसँग भएको प्राकृतिक स्रोतको वैज्ञानिक पहिचान गर्नुपर्छ । त्यसको वैज्ञानिक उत्खनन् गरी प्राकृतिक स्रोतको स्पष्ट पहिचान हुनुपर्छ । उत्खनन् गरिएको प्राकृतिक स्रोतको सदुपयोग र प्रयोग गर्ने स्थानीय, प्रादेशिक र संघीय नीति हुनुपर्छ ।

पहिले त पहिचान नै राम्रोसँग हुनुपर्‍यो । हाम्रो जथाभावी उत्खनन् गर्ने प्रवृत्ति छ । नदीमा ढुङ्गा, गिट्टी र बालुवा राम्रो पाइन्छ । तर त्यहाँ कहाँ कसरी उत्खनन् गर्ने भनेर स्पष्ट नीति छैन । त्यसले समस्या पारेको छ ।

प्राकृतिक स्रोतको व्यवस्थित प्रयोगका लागि हामीले स्पष्ट नीति बनाउनै पर्छ । यही नीतिमा टेकेर नै प्राकृतिक स्रोतको सदुपयोग गर्न सकिन्छ । मुख्यतः व्यवस्थित नीतिलाई प्राथमिकता दिनुपर्छ ।

**प्राकृतिक स्रोतको व्यवस्थित प्रयोगका लागि हामीले स्पष्ट नीति बनाउनै पर्छ । यही नीतिमा टेकेर नै प्राकृतिक स्रोतको सदुपयोग गर्न सकिन्छ । मुख्यतः व्यवस्थित नीतिलाई प्राथमिकता दिनुपर्छ ।**

**निष्कर्ष**

हामीसँग भएको प्राकृतिक स्रोतको वैज्ञानिक र व्यावहारिक दृष्टिले स्पष्ट पहिचान हुनुपर्छ । कुनचाहिँ प्राकृतिक स्रोत कहाँ छ र कसरी त्यसलाई उत्खनन् गर्ने भनेर पनि पहिचान हुनुपर्छ । पहिचान भइसकेपछि त्यसको उपयोग कसरी गर्ने भन्ने रणनीति हुनुपर्‍यो । पहिचान भएको प्राकृतिक स्रोतको उत्खनन् कसरी गर्ने र उत्खनन् भएपछि हाम्रै देशमा उपयोग गर्ने रणनीति बनाउनुपर्‍यो । देशमा उपयोग भएर बाँकी रहेको वा निर्यात गर्न उत्खनन् भएका स्रोतहरू निर्यात गर्ने रणनीति पनि बनाउनुपर्‍यो ।

यति भएपछि हामीसँग भएका प्राकृतिक स्रोतहरूको उपयोग गर्ने र आयातलाई घटाउने काम गर्छ । राज्यले नै प्राकृतिक स्रोतको परिचालन गर्ने नीति र नियम ल्याउनुपर्छ । यसले देशमा आर्थिक स्रोत पनि जुट्छ । प्राकृतिक स्रोतको समुचित प्रयोग हुनु आवश्यक छ । प्रकृतिबाट सित्तैमा उपलब्ध हुने यस्ता स्रोत साधनलाई नष्ट भएर जान दिनुहुँदैन ।







। सुयश प्याकुरेल

# औद्योगीकरणमा अस्पष्ट सरकार

**भएका औद्योगिक क्षेत्रहरूमा राम्रो सडक र चौबिसै घण्टा बिजुलीको उपलब्धता मात्रै हुने हो भने धेरै कुराको समाधान हुन्छ । औद्योगिक क्षेत्र स्थापना हुने ठाउँ रणनीतिक हिसाबले पनि उपयुक्त हुनुपर्छ । औद्योगिक क्षेत्रहरू स्थापना गर्दा कच्चा पदार्थहरू आयात हुनेगरी देशको सीमाना नजिक हुनुपर्छ ।**

सन् १९३५ मा उद्योग परिषद् गठन भएपछि नेपालमा औद्योगीकरण प्रक्रिया सुरु भयो । प्रधानमन्त्री जुद्धशमशेर राणाको शासनकालमा नेपालमा पहिलो कम्पनी कानुन निर्माण भएको थियो । त्यसपछि सन् १९३७ मा कृषि, उद्योग र वाणिज्यको प्रवर्द्धन गर्ने उद्देश्यले कम्पनी ऐन बन्यो ।

औद्योगिक क्षेत्रहरूको व्यवस्थापनका लागि सरकारले २०४५ सालमा पब्लिक कम्पनीको रूपमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड स्थापना गऱ्यो । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले देशमा भएका सबै औद्योगिक क्षेत्रको व्यवस्थापन र सुपरीवेक्षण गर्छ । औद्योगिक जिल्लाहरूको सम्भाव्यता अध्ययन, नयाँ औद्योगिक क्षेत्रहरू स्थापना र त्यसमा रहेका उद्योगहरूको योजना र प्रवर्द्धनका काम पनि लिमिटेडले गर्छ । पञ्चायती व्यवस्थापछि नेपालको औद्योगिक विकासका लागि खासै काम हुन नसकेको देखिन्छ । विश्वमा हेर्ने हो भने धेरै देशहरूले औद्योगिक क्रान्ति पार गरिसकेका छन् ।

औद्योगिकीकरण प्रवर्द्धनका लागि कुनै देशको सरकार वा संस्थाहरूले अपनाएको रणनीति वा दृष्टिकोण नै औद्योगिक विकास मोडेल हो । कुनै पनि देशले आफ्नो विशिष्ट परिस्थिति, उपलब्ध स्रोतहरू र विकास लक्ष्यहरूको आधारमा रहेर भिन्नभिन्न प्रकारका औद्योगिक विकास मोडेल अपनाउन सक्छन् । कृषिमा आधारित अर्थतन्त्रलाई औद्योगिकीकरण गरेपछि देशहरूको विकास भएको पाइन्छ । त्यसका लागि निर्माण उद्योग, ठूलो उत्पादन, प्राविधिक विकास र विस्तार आवश्यक हुन्छ ।

एउटा कालखण्डमा उपयुक्त भएको विकासको मोडेल भोलिका दिनमा उपयुक्त नहुन पनि सक्छ । त्यसैले औद्योगिक विकासको मोडललाई बदलिँदो आर्थिक अवस्था र विश्वव्यापी बजार गतिशीलताअनुरूप अद्यावधिक गर्दै जानुपर्छ । नेपालको सन्दर्भमा औद्योगीकरण र आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्न सरकार र नीति निर्माताहरूले एउटै अवधारणालाई पनि अगाडि बढाउन सक्छन् । मिश्रितरूपमा पनि जान सकिन्छ । औद्योगिक विकासका लागि जुनसुकै मोडल अवलम्बन गरिए पनि त्यसको अन्तिम लक्ष्य भनेको आर्थिक वृद्धिलाई उत्प्रेरित गर्नु हो । रोजगारीका अवसरहरू सिर्जना गर्दै देशभित्र बसोबास गर्ने नागरिकहरूको जीवनस्तरमा सुधार गर्नु हो ।

नेपालमा हिमाल पहाड र तराई छन् । नेपालका लागि यसको सबल पक्ष, कमजोरी र विकास लक्ष्यहरू मूल्याङ्कन गर्न आवश्यक हुन्छ । सोहीअनुसार देशका औद्योगिक विकास मोडल पनि स्थानअनुसार छनोट गरी कार्यान्वयन गर्दा उपयुक्त हुने देखिन्छ । नेपालको भौगोलिक अवस्थाअनुसार औद्योगिक विकासका लागि एउटै मोडलबाट मात्र देशको विकास हुन सम्भव छैन । उत्पादन, ठाउँ, पूर्वाधारको प्रकृति समय परिस्थितिअनुसार फरक-फरक औद्योगिक विकास मोडललाई अवलम्बन गर्नुपर्ने हुन्छ ।

भारतीय सीमा नजिकका स्थानमा निर्यातोन्मुख औद्योगीकरण मोडलमार्फत अन्तर ाष्ट्रिय बजारमा निर्यातका लागि वस्तु तथा सेवाहरू उत्पादन गर्ने उद्योगहरूको विकासमा केन्द्रित गर्न सकिन्छ। नेपालको सन्दर्भमा कपडा, गार्मेन्ट, हस्तशिल्प र कृषि प्रशोधनजस्ता उद्योगहरू समावेश गर्न सक्छ । यस्ता उत्पादनको विश्व बजारमा प्रतिस्पर्धात्मक लाभको सम्भावना छ । निर्यातमूलक उद्योग स्थापना गरेर मात्र पनि हुँदैन। सँगैसँगै स्वदेशी उत्पादन प्रवर्द्धन गरेर पनि देश औद्योगिक विकासमा लम्किन सक्छ । आयात व्यवस्थापन गर्दा पनि देश विकासमा टेवा पुग्छ।

रणनीतिक स्थानहरूमा सेजको विकास गरी प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्न र औद्योगिक वृद्धिलाई बढावा दिन सकिन्छ। सेजले स्वदेशी र विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्छ । कर प्रोत्साहन, सरल नियमहरू र पूर्वाधार निर्माण गर्न सकिन्छ । सीमावर्ती क्षेत्र वा अन्तर्राष्ट्रिय बजारसँग राम्रो कनेक्टिभिटी भएका क्षेत्रहरूमा सेजहरू सिर्जना गर्न सकिन्छ।

कृषि-औद्योगिक विकास मोडलबाट पनि देशलाई विकास गर्न सकिन्छ। नेपालको कृषि अर्थतन्त्रलाई ध्यानमा राख्दै यो मोडेलले कृषिलाई उद्योगहरूसँग एकीकृत गर्न सक्छ । यसले कृषि उत्पादनहरूको प्रशोधन र मूल्य अभिवृद्धिमार्फत उच्च मूल्य सिर्जना गरी किसानको आय वृद्धि गर्न सहयोग गर्छ।

विशाल प्राकृतिक स्रोतको सदुपयोगमा नेपाल पछाडि छ। खाद्य प्रशोधन, दुग्ध, जडीबुटीजस्ता कृषि उद्योगहरूको सञ्चालनबाट ग्रामीण विकासलाई प्रवर्द्धन गर्न सकिन्छ। यसका लागि सरकारले कुन स्थानमा के उत्पादन गर्ने भन्ने विषयलाई प्राथमिकीकरण गर्नुपर्छ। विराटनगरमा अलैँचीजस्ता कृषिजन्य उत्पादनमा आधारित प्रशोधनमूलक उद्योग स्थापना गर्न सकिन्छ । अन्य कतिपय स्थानमा घरेलु तथा कृषि उद्योग स्थापनामा अगाडि बढ्न सकिन्छ।

साना तथा मझौला उद्यम विकासमार्फत औद्योगिकीकरण गर्न सकिन्छ। तुलनात्मकरूपमा सानो अर्थतन्त्र र स्रोतसाधनको कमीलाई ध्यानमा राख्दै सरकार साना तथा मझौला उद्यमहरूमा केन्द्रित हुनु व्यावहारिक दृष्टिकोणबाट उपयुक्त मानिन्छ । सरकारले उद्यमशीलता प्रवर्द्धन र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्न आर्थिक सहयोग, प्राविधिक सहयोग र बजारमा पहुँच उपलब्ध गराउन सक्छ । यो मोडेलले साना र मध्यम आकारका उद्यमहरूलाई पोषण र समर्थन गर्दछ।

सूचना प्रविधि, सफ्टवेयर विकास र अनुसन्धानमा आधारित क्षेत्रहरूजस्ता ज्ञानमा आधारित उद्योगहरूमा लगानीले नेपालको शिक्षित जनशक्ति र नवप्रवर्तनलाई प्रोत्साहन गर्न सक्छ । ग्रामीण क्षेत्रमा उद्योगहरू स्थापना गर्न चाहने लगानीकर्तालाई प्रोत्साहन र प्रवर्द्धन गरी ग्रामीण-शहरी बसाइसराइको समस्यालाई सम्बोधन गर्न सकिन्छ। यसले क्षेत्रीय विकासमा योगदान दिन सकिन्छ। ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना र जीवनस्तरमा सुधार ल्याउन यस्ता उद्योगले सहयोग गर्दछन्।

जलविद्युत्, यातायात सञ्जाल र औद्योगिक सम्पदाहरूजस्ता महत्वपूर्ण पूर्वाधारहरूको विकास गर्न सरकार सार्वजनिक निजी साझेदारी (पीपीपी) मार्फत पनि अगाडि बढ्न सक्छ। निजी क्षेत्रसँगको सहकार्यले देशलाई लगानी र औद्योगिक विकासका लागि थप आकर्षक बनाउँदै पूर्वाधार विकासलाई गति दिन मद्दत गर्दछ । समग्रमा

**विशाल प्राकृतिक स्रोतको सदुपयोगमा नेपाल पछाडि छ। खाद्य प्रशोधन, दुग्ध, जडीबुटीजस्ता कृषि उद्योगहरूको सञ्चालनबाट ग्रामीण विकासलाई प्रवर्द्धन गर्न सकिन्छ। यसका लागि सरकारले कुन स्थानमा के उत्पादन गर्ने भन्ने विषयलाई प्राथमिकीकरण गर्नुपर्छ।**

| औद्योगिक क्षेत्र | बालाजु | पाटन | हेटौंडा | धरान | नेपालगञ्ज | पोखरा | बुटवल | भक्तपुर | विरेन्द्रनगर | गजेन्द्रनारायण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थापना वर्ष | २०१९ | २०२० | २०२० | २०२९ | २०३० | २०३१ | २०३२ | २०३६ | २०३८ | २०४४ | - |
| सहयोग | अमेरिका | भारत | अमेरिका | भारत | भारत | नेपाल | नेपाल | जर्मनी | नेदरल्याण्ड | भारत | - |
| क्षेत्रफल (रोपनीमा) | ६७० | २९३ | ३२२८ | २०२ | २३३ | ५०१ | ४३४ | ७१.२८ | ९० | २९४ | ६,०१६.२८ |
| विकसित जमिन (रोपनीमा) | ६७० | २९३ | २८०१.५२ | २०२ | १८६.०७ | ५०१ | ४३४ | ७१.२८ | ९० | २५८.०७ | ५,५०६.९४ |
| भाडामा दिएको जमिन (रोपनीमा) | ५४२.३ | २१९ | २१७८ | १४४.०६ | १८४.१८ | ३८५.७ | ३७४ | ५८.२८ | ६८.१ | २८.६१ | ४,१८२.२३ |
| युटिलिटी सेवाले ओगटेको (रोपनीमा) | १२७.७ | ७३ | ५९७ | ५६.८१ | ४६.९३ | १०३.७६ | ६० | १३ | २१.९० | १०२ | १,२०२.१ |
| सरकारी लगानी (करोडमा) | २७१५.४७ | ६३५.२५ | १०४७.८३ | १६९.२९ | १३४.०९ | ३९७.४८ | ३०२.४८ | ९७.२८ | २१.६६ | १३.६७ | ५,५३४.५ |
| निजी क्षेत्र लगानी (करोडमा) | ४०० | २०० | ५०२ | ६०.६८ | ९१ | ४०० | ३०० | ६० | ५ | १२.८३ | २,०३१.५१ |
| उद्योगको संङ्ख्या | १४१ | ११७ | १३३ | ३७ | ३७ | ७७ | ७२ | ३७ | २७ | ९ | ६८७ |
| सञ्चालनमा रहेका उद्योग | १२९ | ११२ | ११० | २९ | ३४ | ७६ | ६७ | ३६ | २१ | ४ | ६१८ |
| निर्माणधीन | ९ | - | १७ | ५ | २ | ० | २ | - | ४ | १ | ४० |
| बन्द उद्योग | ३ | ५ | ६ | ३ | १ | १ | ३ | १ | २ | ४ | २९ |
| अन्य संघसंस्था | ११ | ५ | १३ | १ | ३ | ९ | ३ | ३ | १ | १ | ५० |
| रोजगारी सङ्ख्या | ४१६९ | १८०० | ४५०० | ९८० | ८५० | ३००० | १८२४ | ७८८ | २२५ | ६९ | १८,२०५ |
| विद्युत शक्ति (केभीए) | १५००० | ४६०० | १३००० | २५०० | १९०० | ३५०० | ७००० | १३०० | ४०० | ५०० | ४९,७०० |
| पानी आपूर्ति किलोलिटर | ७८७ | १४४ | ११५३ | ८३ | २०० | ७७७ | २५० | १७० | ८ | - | - |
| सडक किलोमिटर | ५.३५ | ३.३५ | १९ | २.४ | २.३४ | २.५० | २.१४ | ०.७ | ०.९१ | २.४ | ४१.०९ |

धरानमा साना तथा मझौला उद्योग, विराटनगरमा ठूला तथा मझौला, नेपालगञ्जमा ठूला तथा मझौला र अन्य स्थानमा साना तथा मझौला उद्योग स्थापना गर्न सकिन्छ ।

सफल औद्योगिकीकरणको लागि देशमा नियामकीय सुधारहरू, श्रमिकहरूलाई पर्याप्त सीपमूलक तालिम, वित्तमा पहुँच र बजार पहुँचलाई सम्बोधन गर्ने व्यापक रणनीति महत्वपूर्ण हुन्छ । नेपालको समग्र आर्थिक वृद्धि र विकासलाई बढाउन औद्योगिकीकरण र आर्थिक विविधीकरणलाई प्रवर्द्धन गर्ने कामको तीव्र विकास गर्न ढिला भइसकेको छ ।

**प्रजातन्त्रपछि औद्योगिक अविकास**

नेपालमा भएको औद्योगिक विकासलाई औद्योगिकको रूपमा नै मान्न सक्ने अवस्था छैन । प्रजातन्त्र स्थापनापछि हालसम्मको अवस्थालाई औद्योगिक विकास भएकै छैन भन्दा पनि फरक पर्दैन । अझ भनौं अहिले त औद्योगिक अविकास भइरहेको छ । स्थापना र विकास भएका औद्योगिक क्षेत्र सबै पञ्चायत कालमा नै विकास भएका हुन् । अहिले पनि हामी सुरुवातमा निर्माण भएका औद्योगिक क्षेत्रहरूमा मात्र सीमित छौं । त्यसभन्दा बढी हामीले विकास नै गर्न सकेका छैनौं । औद्योगिक विकास गरेर अगाडि बढ्नुको सट्टा पाइलापाइला पछाडि गइरहेका छौं ।

औद्योगिक विकासका लागि पहिलो शर्त नै जमिन (स्थान) हो । औद्योगिक उत्पादन गर्न प्रशस्त ठाउँ आवश्यक पर्छ । यस्तै, भवन, सहजरूपमा बाटो र बिजुलीको पहुँच, पानीको सुविधा, बैंकिङ, सुरक्षा र दक्ष मानव संशाधन (श्रमशक्ति)जस्ता पूर्वाधारहरू हुन आवश्यक छ । पछिल्लो समय भैरहवामा खोलिएको विशेष आर्थिक क्षेत्र समेत उद्देश्यअनुरूप विकास हुन सकेको छैन ।

**पुँजी निर्माणमा औद्योगिक क्षेत्रको योगदान**

नेपालमा जति पनि स्थानमा औद्योगिक क्षेत्र विकास गरियो ती स्थानमा पर्याप्त मात्रामा औद्योगिक पूर्वाधारहरूमा निर्माण र व्यवस्थापन हुन आवश्यक हुन्छ । बिजुलीको पहुँच, बाटोको पहुँच, सुरक्षा, पानीको सुविधालगायत अन्य औद्योगिक विकासका लागि चाहिने फ्याक्टरहरूको उपलब्धता भएको खण्डमा मात्रै उद्योगपतिहरू उद्योग स्थापना गर्न, सञ्चालन गर्न आकर्षित हुन्छन् ।

उत्पादन भएका वस्तुहरूमा प्रतिस्पर्धात्मक क्षमता भएन भने त्यो चल्न सक्दैन । त्यसैले उत्पादित वस्तुले अन्य वस्तुहरूसँग प्रतिस्पर्धा गर्न सक्नुपर्छ । बजारमा वस्तु बिक्नका लागि उक्त वस्तु बजारमा उपलब्ध अन्य वस्तुहरूभन्दा धेरै महङ्गो हुनुहुँदैन । नेपालले पनि खुला बजार अर्थतन्त्र अङ्गीकार गरेको छ । अर्कोतर्फ छिमेकी मुलुक भारतसँग खुला सीमाका कारण नेपालमा नियन्त्रणमुखी बजार छैन । औपचारिक माध्यमबाट मात्र नभई अनौपचारिक तवरबाट पनि चोरी पैठारीमार्फत पनि सामान भित्रिने गरेको छ । भन्सार तिरेर नेपाल सामान भित्रिँदा पनि भारतको उत्पादकत्व एकदमै बढी र हाम्रोमा एकदमै न्यून छ ।

नेपालमा दक्ष कामदारको पनि अभाव छ । देशबाट युवा जनशक्ति बाहिरिने क्रम बढ्दो छ । वार्षिक सात लाखको हाराहारीमा विदेशिने गरेका छन् । यसले देशमा औद्योगिक जनशक्ति कम हुँदै गइरहेको छ । नेपालमा दक्ष औद्योगिक जनशक्तिको उपलब्धता पनि छैन । नेपालमा नै दक्ष जनशक्तिको नहुँदा बाहिरी देशहरूमा निर्भर हुनुपर्ने अवस्था छ । हामीले दक्ष जनशक्तिलाई अन्य देशमा गएर कमाउने सरह भुक्तानी दिन पनि सक्ने अवस्था छैन ।

विगतका वर्षहरूमा दैनिक १८ घण्टासम्म लोडसेडिङ हुने गरेको थियो । बीचका केही वर्षहरूमा राहत भएको थियो । तर आज उद्योगहरूले फेरि उस्तै समस्या भोग्न थालेका छन् ।

**स्वदेशी लगानीकर्ताले सहजीकरणको अनुभूति गरे त अन्यलाई पनि लगानीका लागि आह्वान गर्ने हो । आफ्नै हालत खराब भएको अवस्थामा अन्य व्यवसायीहरूलाई लगानी गर्न आऊ भन्न सक्ने अवस्था पनि रहदैन ।**

हाल उद्योगहरूमा दैनिक ६-७ पटक ट्रिपिङ्ग हुने गरेको छ । भोल्टेजको समस्या पनि छ । यसरी उत्पादनका लागि आवश्यक कुराहरू नै नभएपछि निश्चय नै उत्पादन लागत बढ्न जान्छ । त्यसैले लागत महङ्गो भएपछि ग्राहकहरूलाई नेपाली उत्पादन भनेर मात्र प्रवर्द्धन गर्न सकिँदैन ।

औद्योगिक विकासमा सडक सञ्जालले पनि महत्वपूर्ण भूमिका खेल्छ । पाकिस्तानमा औद्योगिक उत्पादनलाई एक ठाउँबाट अर्को ठाउँमा जानका लागि डेडिकेटेड सडक निर्माण गरिएको छ । नियमित यात्रुहरूको एउटा र औद्योगिक उत्पादनको अर्को रुट प्रयोग गर्छन् । नेपालमा भने हवाई जहाजभन्दा बाहेक सबै प्रकारका सवारी साधनहरू एउटै रुटमा गुड्छन् ।

पाँच वर्षअगाडि विराटनगरबाट वीरगञ्ज पुग्नका लागि पाँच घण्टा लाग्ने गरेकोमा अहिले सोही दूरी पार गर्नका लागि ८ घण्टा लाग्ने गरेको छ । ठाउँठाउँमा बाटो बिग्रिएका छन् । सडकको दूरावस्थाका कारण यस्तो हुने गरेको हो । सबै सडक पीच गर्नसक्ने क्षमता राज्यको छैन । सडकलाई छुट्टाइएको बजेट टाल्न नै अपुग हुने खालको छ । त्यसकारण औद्योगिक पूर्वाधारको विकास पनि गर्न नसकेपछि लागत बढ्यो । एक ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउने दूरी र समय बढ्दा ढुवानी लागत बढ्दा विकास अगाडि बढ्न सकेको छैन ।

औद्योगिक विकास नहुनुमा नीतिगत अस्थिरता अर्को कारण हो । उद्योगीहरूले उत्पादन बढाउनका लागि दुई वर्षअघि एकल अंकको ब्याजदरमा ऋण लिए । सामान्यतया उद्योगपतिहरूले पाँच वर्षको योजना बनाएर ऋण लिने गर्छन् । दुई वर्षको अवधिमा नै बैंकको ब्याजदर दोब्बरले बढ्यो । कुनै पनि कुरा अगाडि बढाउन अनुमानयोग्य वातावरण हुनुपर्छ । तर नेपालको हकमा त्यस्तो केही हुन सकेको छैन ।

एउटा सरकार आउँछ एउटा नीति निर्माण हुन्छ । एउटालाई झ्वाँक चल्छ अर्को नीति बनाउँछ । बजेट आउँछ एउटा नीति बन्छ, मौद्रिक नीति आउँछ अर्को नीति बन्छ । अस्थिर नीतिका कारण समग्रमा उद्योग विकास हुन सकेन । यस्तै, वैदेशिक लगानीको पनि हामीकहाँ उत्तिकै कमी छ । स्वदेशभित्र रहेका उद्योग व्यवसायीहरूलाई सहज अवस्था भएमा मात्र वैदेशिक लगानी भित्रिन सक्छ । वैदेशिक लगानीकर्ताले कुनै पनि देशमा लगानी गर्नुपूर्व सम्बन्धित देशका व्यवसायीहरूलाई लगानी वातावरण सोध्छन् । स्वदेशका व्यवसायीहले पनि आफूलाई सहज अवस्था नभएको बताएपछि वैदेशिक लगानीकर्ता आउन पनि सम्भव छैन ।

स्वदेशी लगानीकर्ताले सहजीकरणको अनुभूति गरे त अन्यलाई पनि लगानीका लागि आह्वान गर्ने हो । आफ्नै हालत खराब भएको अवस्थामा अन्य व्यवसायीहरूलाई लगानी गर्न आऊ भन्न सक्ने अवस्था पनि रहदैन । वैदेशिक लगानीका लागि सुनिश्चित हुने वातावरण पनि देखिँदैन । देशमा भएका नियम कानुनहरू सहजीकरण गर्नेभन्दा बढी नियमन गर्ने खालको मात्र छ । पछिल्लो २० वर्षको अवधिमा राज्यको नियन्त्रणमुखी प्रवृत्ति मात्र हाबी रह्यो । सन् १९९० मा आम्दानीमा विकास भएको भए पनि त्यसपछि देश माओवादी द्वन्द्वकालमा प्रवेश गऱ्यो । त्यसपछि नेपालको औद्योगिक विकास पछाडि धकेलियो । अगाडि बढ्न सकिएको अवस्था छैन । राज्यको उद्योग विकासतर्फ अथवा औद्योगिक पूर्वाधार विकासतर्फ भिजन शून्यप्रायः छ । पछिल्ला दिनहरूमा त अझ व्यवसायीहरूलाई थुन्ने समेतका काम हुन थालेको छ । राजनीतिक पूर्वाग्रहबाट समेत व्यवसायीहरूलाई राज्यले दुःख दिने गरेको छ ।

**भएन लाभ**

देशभित्र उपलब्ध स्रोत साधनको उच्चतम उपयोग गरी उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना,

निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापनबाट मुलुकको क्षेत्रीय सन्तुलन कायम राख्दै अर्थतन्त्रको विकास गरी देशलाई औद्योगीकरणको दिशामा लैजाने बताउने गरिए पनि सोअनुसारको काम हुन सकेको पाईदैन । घोषणा गरेका औद्योगिक क्षेत्रहरूमा सरकारले पूर्वाधारमध्ये जमिनभन्दा अरू कुरा दिन सकेको छैन । जमिन मात्र दिएर उद्योग सञ्चालन गर भनेर उद्योग विकास हुन सक्दैन । औद्योगिक क्षेत्रमा निरन्तर विद्युत् आपूर्ति हुने वातावरण निर्माण गर्नुपर्छ । धेरै उद्योगहरू रहेको बालाजु र हेटौंडा औद्योगिक क्षेत्रमा नै अहिले पर्याप्तरूपमा बिजुली पाउने अवस्था छैन । औद्योगिक क्षेत्रहरूमा २४ सै घण्टा विद्युत् दिन नसकेपछि उद्योग सञ्चालन हुन कठिन हुन्छ ।

स्वदेशी उत्पादन प्रवर्द्धन गर्नका लागि सरकारले औद्योगिक क्षेत्रमा २४ सै घण्टा बिजुली दिनुपर्छ । यस्तै, लागत घटाउन प्रतियुनिट एक रुपैयाँ मात्र सस्तोमा बिजुली दिँदा मात्र पनि त्यस स्थानमा उद्योगीहरू आकर्षित हुने अवस्था सिर्जना हुन्छ ।

बाहिरी क्षेत्रको तुलनामा औद्योगिक क्षेत्रभित्र जग्गा भाडा सस्तो त छ । यद्यपि बाहिरी क्षेत्रमा जग्गा किन्दा उद्योगीहरूले उद्योग सञ्चालन हुन नसकेको खण्डमा पनि जग्गाको मूल्यवृद्धि हुन्छ । औद्योगिक क्षेत्रभित्र त्यो सम्भावना हुँदैन ।

सरकारले उद्योगहरूमा एक खालको सुरक्षाको प्रत्याभूति प्रदान गरेको मान्नुपर्छ । औद्योगिक क्षेत्रमा गएर उद्योग स्थापना गर्दा प्याकेजमा सुविधा दिनुपर्छ । त्यहाँ गएर उद्योग स्थापना गर्दा के-के फाइदा हुन्छन् । त्यस क्षेत्रमा उद्योग स्थापना गरिसकेपछि त्यहाँबाट उत्पादन भएको वस्तु तथा सामग्री सस्तो र प्रतिस्पर्धात्मक क्षमतायुक्त हुनुपर्छ । तर हामीकहाँ सुविधा दिँदा उद्यमी मात्र धनी हुन्छ भन्ने धारणा छ ।

देशमा उद्योगको उत्पादनलाई कसरी सस्तो बनाउन सकिन्छ भन्ने सोच छैन । औद्योगिक क्षेत्रबाट उत्पादन भएका वस्तुहरूमा पाँच वर्षका लागि कर छुट दिन्छु, उत्पादित सामग्री ६० प्रतिशतभन्दा बढी निर्यात भएको छ भने निश्चित प्रतिशत वा तोकिएको वर्षसम्म कर छुट दिन्छु भन्न सक्छ । अथवा ट्याक्स इन्सेन्टिभ दिन सक्छ । यसरी सरकारले प्रतिस्पर्धामा आउनका लागि केही न केही त राहत दिनुपर्‍यो । जस्तै, वीरगञ्जको सुख्खा बन्दरगाहबाट सहजरूपमा पहुँचको व्यवस्था भएको ठाउँ हुनुपर्छ । उत्पादित वस्तुहरूको उत्पत्तिको विन्दुबाट उपभोगको विन्दुसम्म कुशल ढुवानी, भण्डारणको योजना र कार्यान्वयन गर्ने प्रक्रियामा पनि सहजीकरण हुन आवश्यक हुन्छ । यसले भित्रिने र बाहिरिने लजिस्टिक पनि सस्तो हुन जान्छ ।

अर्कोकुरा औद्योगिक क्षेत्र स्थापना हुने ठाउँ रणनीतिक हिसाबले पनि उपयुक्त हुनुपर्‍यो । यसरी औद्योगिक क्षेत्रहरू स्थापना गर्दा कच्चा पर्दाथहरू आयात हुनेगरी देशको सिमाना नजिक हुनुपर्छ । देशको मध्य भाग वा त्यस्तो ठाउँ जहाँ देशभर उत्पादित वस्तु छर्न सकियोस् र ढुवानी खर्च कम लागोस् । नेपालमा स्थापना भएका औद्योगिक क्षेत्रहरूमध्ये काठमाडौं उपत्यका र हेटौंडाबाहेक अन्य स्थानमा स्थापित भएका औद्योगिक क्षेत्रहरू दीर्घकालीन लाभ प्राप्त हुनेगरी रणनीतिक स्थानको छनोट हुन सकेको देखिँदैन ।

हेटौंडा र बालाजुमा उद्योग स्थापनाका लागि जमिन पाउने अवस्था छैन । अन्य स्थानमा मुलुकले उद्योगीहरूलाई आकर्षित गर्नेगरी निर्माण नै गर्न सकेको छैन । विराटनगरको अमलडुवामा सरकारले औद्योगिक क्षेत्र घोषणा गरेर बजेट विनियोजन गर्‍यो तर विकास नै भएन । सप्तरीको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रको कुरा गर्दा त्यहाँ आफ्नै खालका समस्या छन् । बजेटमा औद्योगिक ग्राम घोषणा गरेर मात्र पुग्दैन । त्यस्ता स्थानमा सरकारले बिजुली पानी,

**हेटौंडा र बालाजुमा उद्योग स्थापनाका लागि जमिन पाउने अवस्था छैन । अन्य स्थानमा मुलुकले उद्योगीहरूलाई आकर्षित गर्नेगरी निर्माण नै गर्न सकेको छैन ।**

सडकजस्ता सबै औद्योगिक पूर्वाधारहरू निर्माण गर्नुपर्ने हुन्छ ।

विराटनगरको अमलडुवामा सरकारले औद्योगिक क्षेत्र स्थापना गर्न सकेको खण्डमा यो स्थान भन्सारविन्दुबाट नजिक, आयात गरेको कच्चा पर्दा भन्सार पास हुने बित्तिकै गोदाममा जान सक्थ्यो । यो स्थान भारतको सिमाना नजिक हुँदा निर्यात गर्न समेत सजिलो छ । कम ढुवानी भाडामा नै निर्यात गर्न सकिन्छ । त्यसका लागि सरकारले सडक, बिजुली, पानीजस्ता औद्योगिक पूर्वाधारहरू निर्माण गरेर निजी क्षेत्रलाई दिनुपर्ने हुन्छ । पार्क बनाएजस्तो घोषणा गरेर मात्र पुग्दैन, त्यस स्थानमा पर्याप्त पूर्वाधारहरू निर्माण गरिनुपर्छ ।

औद्योगिक क्षेत्र भनेको एउटा उद्योग स्थापना गर्नका लागि समर्पित गरिएको स्थान हो । त्यस्ता ठाउँमा सातै दिन २४ सै घण्टा बिजुलीको प्रबन्ध, कच्चापदार्थ आयात गर्न र उत्पादित मालवस्तु ढुवानीका लागि पर्याप्त सडक, सुरक्षा, श्रमशक्ति र औद्योगिक पूर्वाधारको पहुँच हुनेगरी निर्माण गरिनुपर्छ । यसो गर्न सकेको खण्डमा व्यवसायी आकर्षित हुन सक्छन् । उद्योगीहरूको मेसिनरी वस्तुमा भन्दा औद्योगिक पूर्वाधारमा बढी खर्च हुने भएकाले सरकारले औद्योगिक पूर्वाधारहरू निर्माण गरी निजी क्षेत्रलाई लगानीका लागि आह्वान गर्न सक्छ । यस्ता क्षेत्रहरूमा व्यवसायीलाई सरकारले निश्चित वर्षसम्म कर छुट सुविधा, पुँजी अनुदानको व्यवस्थाजस्ता विभिन्न स्किमहरू दिएर समेत आकर्षित गर्न सक्छ । भारतको सिक्किमले त्यहाँ स्थापना हुने उद्योगलाई ३० प्रतिशत पुँजी अनुदान दिएको थियो । नेपालले पनि त्यसअनुसार अनुदान दिएर औद्योगिक पथमा अगाडि बढ्न सक्छ ।

**औद्योगिक क्षेत्र कहाँ कहाँ ?**

औद्योगिक क्षेत्र यहाँ-यहाँ स्थापना हुनुपर्छ भनेर एउटा व्यक्तिले तोक्ने विषयवस्तु होइन । यसका लागि अध्ययन गरी रणनीतिक स्थानहरू पहिल्याउनुपर्ने हुन्छ । यद्यपि, उदाहरणका लागि सुनसरी-मोरङ कोरिडोरको अमरडुवामा एउटा औद्योगिक क्षेत्र स्थापना गर्न सकिन्छ । यो ठाउँ विराटनगर जुटमिल स्थापनादेखिको पुरानो औद्योगिक क्षेत्र रहेकाले यस स्थानमा औद्योगिक क्षेत्रको रूपमा विकास गर्न उपयुक्त देखिन्छ । अर्को भारतको सीमाबाट नजिक रहेको स्थान बिर्तामोडमा पनि औद्योगिक क्षेत्र स्थापना गर्न सकिन्छ ।

हेटौंडा औद्योगिक क्षेत्र साँघुरो भइसकेकाले मकवानपुरको कमानेमा पनि अर्को औद्योगिक क्षेत्र निर्माण गर्ने चर्चा चलेको छ । सो स्थानमा पनि निर्माण गर्नेगरी अगाडि बढ्न सकिन्छ । पहिलो शर्त भनेको सरकारले गर्ने काम गराईको प्रवृत्ति फेरिन जरुरी छ । घोषणा भएको छ वर्षसम्म उक्त स्थानमा औद्योगिक क्षेत्र स्थापना नहुँदा उद्योग स्थापना गरेर अगाडि बढ्न सक्ने अवस्था रहँदैन । सरकारले उद्योग स्थापनाका लागि सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ, जुन अहिले गरिरहेका छैन । सरकारको काम घोषणा गर्ने मात्र हुने गरेको छ । कागजमा मात्रै काम हुन्छ भने कार्यान्वयन भएको देखिँदैन ।

औद्योगिक क्षेत्र स्थापना गर्दा उद्योग स्थापना हुने, उपभोग्य वस्तु उत्पादन हुने जनशक्तिको संयोजनमा ध्यान दिनुपर्छ । हेटौंडा र बालाजुबाहेक अन्य ठाउँमा स्थापना भएका औद्योगिक क्षेत्रमा ढंगको उद्योग भएका र राम्रोसँग उद्योग सञ्चालन भएको देखिँदैन । सरकारले टुँडिखेलजस्तो जमिन मात्र दिएको देखिन्छ । यसरी औद्योगिक विकास हुँदैन । सरकारले भएका औद्योगिक क्षेत्रहरूमा नै राम्रोसँग सडक बनाउने र २४ सै घण्टा बिजुलीको उपलब्धता गराउन सक्दा मात्रै पनि धेरै कुराको समाधान हुन्छ ।





। प्रदीप कुमार श्रेष्ठ

# औद्योगिक विकास : छैन सहजीकरणमा सरकारको चासो

**सरकारले उद्योगीहरूबाट दुई पैसा कमाउनेभन्दा कसरी सहजीकरण गर्न सकिन्छ भन्ने मान्यता राख्नु आवश्यक छ । यसो हुँदा उद्योगीहरूमा आफ्नो उद्योगको क्षमता विस्तार गर्ने मनोवृत्तिको विकास हुन्छ । आज एउटा उद्योग सञ्चालन गरिरहेको उद्योगीले अन्य वा सो उद्योगमा लगानी वृद्धि गरी क्षमता विस्तार गर्न उत्प्रेरित हुन सक्छ ।**

औद्योगिक क्षेत्रलाई उद्योग वा आर्थिक क्षेत्रको रूपमा पनि बुझिन्छ । औद्योगिक क्षेत्रहरूलाई तिनीहरूले उत्पादन गर्ने वस्तु वा सेवाहरूको प्रकृति र तिनीहरूको उत्पादनमा संलग्न प्रक्रियाहरूद्वारा परिभाषित गरिन्छ । औद्योगिक क्षेत्रहरू तिनीहरूको साझा विशेषताहरूको आधारमा अर्थतन्त्रलाई वर्गीकरण र विश्लेषण गर्न प्रयोग गरिन्छ। यही वर्गीकरणले अर्थशास्त्रीहरू, नीति निर्माताहरू र विश्लेषकहरूलाई समग्र आर्थिक संरचना बुझ्न सहज हुने गर्छ ।

अर्थतन्त्रमा योगदान गर्ने उद्देश्यका साथ नेपालमा एक दर्जन औद्योगिक क्षेत्रहरू निर्माण र विकास भएका छन् । अमेरिकाको आर्थिक सहयोगमा नेपालमा सन् १९६२ मा पहिलो औद्योगिक क्षेत्रको रूपमा बालाजु औद्योगिक क्षेत्र स्थापना भयो । त्यसपछि सरकारले दातृ राष्ट्रको सहयोगमा देशका विभिन्न ११ वटा औद्योगिक क्षेत्र स्थापना भए ।

बालाजु, पाटन, भक्तपुर, हेटौंडा, धरान, धनकुटा, पोखरा, बुटवल, नेपालगञ्ज, वीरेन्द्रनगर र गजेन्द्रनारायणसिंह (राजविराज) सञ्चालनमा छन् । धनकुटा औद्योगिक क्षेत्र घरेलु तथा साना उद्योग विकास समितिलाई हस्तान्तरण गरिएको छ । बाँकी १० वटाको व्यवस्थापन औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड बालाजुले हेर्दै आएको छ। सबै औद्योगिक क्षेत्रको स्थापना र विकास २०१६ देखि २०४५ को बीचमा भएको हो ।

नेपालमा मुख्यरूपमा काठमाडौंको बालाजु, ललितपुरको पाटन, भक्तपुरको ब्यासी, मकवानपुरको हेटौंडा, सप्तरीको गजेन्द्र नारायण सिंह, सुनसरीको धरान, कास्कीको पोखरा, रुपन्देहीको बुटवल, बाँकेको नेपालगञ्ज र सुर्खेतको वीरेन्द्रनगरमा गरी कुल १० स्थानमा औद्योगिक क्षेत्र निर्माण भएका छन् । प्रत्येक प्रदेशमा एक-एक हजार बिगाहा क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्ने नीतिअनुसार मन्त्रिपरिषद्को निर्णयअनुसार झापाको दमक, मकवानपुरको मयुरधाप, चितवनको शक्तिखोर, रुपन्देहीको मोतिपुरख बाँकेको नौवस्ता, दाङको लक्ष्मीपुर तथा कञ्चनपुरको दैजी औद्योगिक क्षेत्र घोषणा भएको छ ।

शक्तिखोर र लक्ष्मीपुरबाहेक पाँचवटाको शिलान्यास भए पनि औद्योगिक पूर्वाधार निर्माणमा आठ वर्षसम्म पनि अपेक्षाकृत प्रगति भएको छैन । मन्त्रिपरिषद्को २०७२ चैत १ निर्णयानुसार पाँच तथा २०७३ फागुन ३ गते चितवनको शक्तिखोर

र २०७७ माघ ११ गते दाङको लक्ष्मीपुरमा औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा भएको थियो ।

नेपालको हकमा पूर्वाधारको कमीले गर्दा जहाँ पायो त्यहीँ उद्योग स्थापना असम्भवप्रायः छ। उद्योग स्थापनाका लागि बाटो, बिजुली पानीजस्ता भौतिक पूर्वाधारहरूको समस्या देखिन्छ । यिनै कुराहरूलाई ध्यानमा राखेर औद्योगिक क्षेत्र निर्धारण गरियो । औद्योगिक क्षेत्रमा विशेषतः साना मझौला उद्योगहरू केन्द्रित भएर काम गर्ने गरेका छन् ।

औद्योगिक क्षेत्रभित्र बिजुली, बाटो, पानीजस्ता सुविधाहरू छन् । औद्योगिक क्षेत्र व्यवस्थापनको कुरा पनि सँगसँगै आउँछ । सरकारले स्थापना गरेको कार्यालयले कुन उद्योगले के उत्पादन गरिरहेको छ । उद्योगको अवस्था कस्तो छ भन्ने तथ्याङ्कहरूको लेखाजोखा राख्ने गरिएको छ ।

औद्योगिक क्षेत्रभित्र एउटा समस्या भयो भने त्यहाँ भएका सबै उद्योगहरूलाई असर पुग्छ । एउटा उद्योगमा श्रमिकहरूले हड्ताल गरे भने अरू उद्योगहरूमा पनि बिस्तारै हड्ताल हुन थाल्छ । यस्तै, कुनै कारणवश आगलागी भयो भने धेरै उद्योग समस्यामा पर्ने गरेका छन् । नेपालमा स्थापना गरिएका उद्योगहरू यति जोडिएर निर्माण गरिएको छ कि एकले अर्कोलाई असर पर्छ । व्यक्तिगत तवरबाट उद्योग स्थापना गर्दा पर्याप्त मात्रामा जग्गा छाडिएको हुन्छ। औद्योगिक क्षेत्रमा उद्योगीहरूले चाहेजस्तो जग्गा पाउँदैनन् । यद्यपि औद्योगिक क्षेत्रको मुख्य आकर्षण पूर्वाधारहरू नै हुन्। बाहिर उद्योग स्थापना गर्नुभन्दा जग्गाको मोल बढी तिर्नुपर्ने हुन्छ भने औद्योगिक क्षेत्रमा भाडा सस्तो हुन्छ। यसले प्रतिस्पर्धी क्षमता भने बढ्न जान्छ।

नेपालको हकमा अवधारणाको कुरा गर्दा उसको भयो भने अथवा त्यो अञ्चलमा भयो भने मेरो अञ्चलमा किन भएन भन्ने देखासिखी भयो। त्यो ठाउँमा आवश्यक थियो कि थिएन भन्ने कुरालाई भन्दा राजनीतिक प्रभाव र राजनीतिक लाभ लिने उद्देश्यका साथ औद्योगिक विकास भएको देखिन्छ । यस आधारमा नेपालमा धेरै औद्योगिक क्षेत्रहरू बनाइयो। एउटाले निर्माण गरे पनि अर्को व्यक्तिले पनि अञ्चल भनौँ वा प्रदेशको हिसाबले पनि निर्माण भएको देखिन्छ । यसरी निर्माण गर्दा केही औद्योगिक क्षेत्रहरू एकदमै राम्रो चल्यो । धेरैजसो औद्योगिक क्षेत्रहरूमा चाहिँ चल्न सकेनन् । त्यसको औचित्यमाथि नै प्रश्न गरियो । औद्योगिक क्षेत्र भनेर मात्र पनि हुँदैन। जस्तो भैरहवामा निर्यात प्रवर्द्धन केन्द्र भनेर स्थापना गरियो। उक्त स्थानमा लागत महँङ्गो परेको कारणबाट नै उद्योगीहरूले भित्र प्रवेश गर्न पनि गाह्रो भइरहेको अवस्था छ। पर्याप्त पूर्वाधारहरू भए पनि त्यसमा लाग्ने लागतका कारण धेरैले उद्योग स्थापना गर्न चाहेको देखिँदैन । त्यहाँ स्थापना भएका उद्योगबाट उत्पादित वस्तुहरूको निश्चित प्रतिशतभन्दा बढी निर्यात नै गर्नुपर्ने व्यवस्था छ । नेपालमा निर्यातजन्य वस्तुहरू सीमित मात्र छन् ।

**औद्योगिक विकास नहुनुका कारण**

हाम्रो प्रतिस्पर्धात्मक लाभको क्षेत्र (कम्पेरेटिभ एड्भान्टेज एरिया) सीमित मात्र छ। हामी आयातमा आधारित अर्थतन्त्रमा निर्भर छौँ। हाम्रा जति पनि उद्योगहरू छन् प्रायः ती सबै तेस्रो मुलुकको कच्चापदार्थमा आधारित छन् । कृषिमा आधारित उद्योग तथा सिमेन्ट र पानी उद्योगबाहेक ९० प्रतिशत उद्योगको कच्चा पदार्थ आयातको भरमा नै सञ्चालन हुने गरेका छन् । जसका कारण नेपालको प्रतिस्पर्धात्मक क्षमता एकदमै न्यून छ ।

नेपालको हकमा श्रमिक लागत भनौँ वा कस्ट अफ डुइङ बिजनेस उच्च रहेको छ। राजनीतिक हस्तक्षेप पनि अर्को समस्या हो । राजनीतिक अवस्थाका कारण अहिलेसम्म पनि औद्योगिक क्षेत्रको स्थिर नीति निर्माण हुन सकेको छैन । उद्योगलाई हेर्ने दृष्टिकोण पनि नकारात्मक छ।

उद्योग मन्त्रालयले उद्यमीहरूका लागि केही गर्ने सोच बनाए पनि अर्थ मन्त्रालयले कार्यान्वयन नगरिरहेको देखिन्छ । यी कुराहरूलाई ध्यान नदिँदा नेपालको औद्योगिकीकरणको अर्थतन्त्रमा योगदान ज्यादै न्यून भइरहेको छ। बाध्यतावश केही उद्योगहरू सञ्चालनमा छन् ।

उद्योग हुनुपर्छ भन्नेमा दुईमत छैन । यसो भन्दैमा पिनदेखि प्लेन नै नेपालमा बन्नुपर्छ भन्ने

**नेपालले खुला बजार अर्थतन्त्रलाई अङ्गीकार गरिसकेको छ। नेपालमा पिनदेखि प्लेन बनाउँछु भन्ने सोच राख्न आवश्यक छैन। विश्व व्यापार संगठनको सदस्य भएको हिसाबले हामीले कसैलाई रोक्नु आवश्यक पनि छैन ।**




**नेपालले खुला बजार अर्थतन्त्रलाई अङ्गीकार गरिसकेको छ । नेपालमा पिनदेखि प्लेन बनाउँछु भन्ने सोच राख्न आवश्यक छैन । विश्व व्यापार संगठनको सदस्य भएको हिसाबले हामीले कसैलाई रोक्नु आवश्यक पनि छैन । ग्राहकले पनि त्यो स्वीकार गर्ने अवस्था छैन ।**

पनि होइन । तर तुलनात्मक लाभ हुने क्षेत्रलाई केन्द्रित गरेर लान सकेको खण्डमा पर्याप्त रोजगारी सिर्जना गर्न सकिन्छ । उद्योग स्थापना गर्नु भनेको व्यापार जस्तो छोटो समय, अल्पकालीन दृष्टिबाट सञ्चालित हुँदैन । यसका लागि त दीर्घकालीन सोचसहितको भिजनरी एप्रोच चाहिन्छ । यसले सम्बन्धित क्षेत्रलाई नै विकास गरिरहेको हुन्छ ।

औद्योगिक घरानाहरूको आफ्नै महत्व हुन्छ । मेरो बाजे, बुबादेखि मसम्म आइपुग्दा पञ्चकन्याको इतिहास हेर्ने हो भने आज ५० वर्ष पुगिसकेको छ । पञ्चकन्यामा करिब १५ वटा उद्योगहरू छन् । केही सफल भयो केहीमा अप्ठेरो पनि पर्‍यो । तैपनि हाम्रो रगतमा नै इन्डस्ट्रियल कल्चर विकास भएको छ । मेरो बुबापछि म र तेस्रो पुस्ता पनि यसमा नै लागेका छन् । उद्योगीले नेपालमा रोजगारी सिर्जना गरेर राज्यलाई नै ठूलो योगदान दिइरहेको हुन्छ । आम जनताले यो क्षेत्रलाई हेर्ने दृष्टिकोणचाहिँ फरक छ । आफ्नो खासलाई राख्ने भनेको आफ्नै हातको कुरा हुन्छ ।

देशको विकासमा योगदान गर्न सक्ने नै उद्योगहरूले नै हो । औद्योगिक क्षेत्र रहेको स्थानमा सरकारी तवरबाट भाडा निर्धारण हुनुपर्ने देखिन्छ अहिले कुनै औद्योगिक क्षेत्रहरूमा सुविधा कम छ भने कुनैमा बढी छ । औद्योगिक क्षेत्र विकास गर्दा एउटा औद्योगिक क्षेत्रमा दुई चारवटा मात्रै वस्तुलाई प्राथमिकता दिएर एक दुईवटा फोकस्ड प्रडक्ट बनाउनुपर्छ । यसरी उत्पादन गर्न सकेको खण्डमा प्रतिस्पर्धात्मक क्षमता बढ्छ ।

एउटा औद्योगिक क्षेत्रमा प्लास्टिक उद्योग स्थापना गर्न सकिन्छ । जस्तै, प्लास्टिकको प्याकेजिङ इन्डस्ट्रिजलाई फोकस गरेर त्यससँग आबद्ध भएका सम्पूर्ण उद्योगहरूको सहायक उद्योगहरू (एन्सन्लेरिज इन्डस्ट्रिज) विकास गर्न सकिन्छ । जस्तै पोलेथिन ब्याग, प्रिन्टिड होला, अथवा सो उद्योगलाई चाहिने हार्डवेयर, सफ्टवेयर बनाउन सक्ने उद्योगहरू भएको औद्योगिक क्षेत्र निर्माण गर्न सकेको खण्डमा सबै उद्योगी त्यहाँ आकर्षित हुन्छन् ।

त्यसबाट तुलनात्मक लाभलाई बलियो बनाउँछ । एक गाउँ एक उत्पादन भनेजस्तै एउटा औद्योगिक क्षेत्रमा सीमित प्रडक्टहरू मात्रै भैदियो भने राम्रो हुन्छ । त्यसो भएको खण्डमा व्यक्तिको विशेषज्ञ पनि सहज हुन्छ । पूर्व धरानको व्यक्तिलाई धनगढीमा गएर त्यसको विशेषतालाई प्रयोग गरेर सेवा लिनु सजिलो छैन । लिमिटेड प्रोडक्ट होस् तर फोकस्ड हिसाबले जानु उचित हुन्छ । यसो गर्दा कच्चा पदार्थको उपलब्धता स्थानीयस्तरमा नै हुन्छ । वस्तु उत्पादनको लागत कम गर्न सकिन्छ । विशेषज्ञता हासिल गरेका व्यक्तिहरूको उपलब्धता बढी हुन्छ ।

### औद्योगिक विकास मोडल

नेपालले खुला बजार अर्थतन्त्रलाई अङ्गीकार गरिसकेको छ । नेपालमा पिनदेखि प्लेन बनाउँछु भन्ने सोच राख्न आवश्यक छैन । विश्व व्यापार संगठनको सदस्य भएको हिसाबले हामीले कसैलाई रोक्नु आवश्यक पनि छैन । ग्राहकले पनि त्यो स्वीकार गर्ने अवस्था छैन । नीतिगत तहमा एउटा स्थिरता हुनुपर्छ ।

अहिलेको सबैभन्दा ठूलो समस्या भनेको अन्य कसैबाट एकदमै प्रभावित (इन्फ्लोयन्स) भइरहेको अवस्था छ । यसले उद्योगहरूलाई धरासायी बनाइसकेको अवस्था छ । नेपालमा





स्टिल उद्योगको उदाहरण हेर्ने हो भने पनि अलिकति प्रष्ट हुन सकिन्छ । नेपालमा स्पन्ज आइरनमा मात्रै भन्सार छुट दिन आवश्यक थियो त ? ठूलो प्रश्न छ ।

भन्सार छुट दिँदा नै नेपालले आठदेखि नौ अर्बको राजस्व गुमाएको छ । हिजोको दिनमा स्पन्ज आइरन उद्योग स्थापना भएका मुख्य कारण भनेको उत्पादन लागत सस्तो हुन्छ भनेर नै हो । आज पनि त्यसै पनि सस्तो थियो । हिजो १० हजार टन उत्पादन गर्ने उद्योगले आज ३० हजार बनायो ।

एउटा उद्योगबाट दुईवटा उद्योग बनायो । एउटा यस्तो व्यक्ति छिर्दियो र प्रभावित भयो, भन्सार छुट दियो । एउटाले अतिरिक्त भन्सार तिरिरहेको छ, निर्माण भएको वस्तुचाहिँ एउटै हो, जसले धेरै भन्सार तिरिरहेको छ उसको वस्तु राम्रो पनि छ । अर्कोले उच्चस्तरीय गुणस्तरको मापदण्ड पूरा नगर्ने निम्नस्तरको वस्तुलाई प्रोत्साहन गरेर हुँदैन । आजको दिनमा गुणस्तरीय वस्तु उत्पादन हुनुपर्‍यो, व्यक्ति विशेषबाट प्रभावित हुनुहुँदैन ।

सरकारले कुनै पनि काम वा नीति नियम अगाडि बढाउँदा सरोकारवाला निकायहरूसँग छलफल तथा परामर्श भएको देखिँदैन । नीति परिवर्तन गर्दा त्यसको सकारात्मक नकारात्मक के-कस्तो असर पर्छन् भनेर विश्लेषण नगरी अस्थिर नीति निर्माण भइरहेको देखिन्छ । काम गर्नेको कदर छैन । हेर्ने दृष्टिकोण वा मानसिकतामा परिवर्तन नआउन्जेलसम्म देशले ठूलो काँचुली फेर्दैन र उद्योग क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान २-४ प्रतिशतमा नै सीमित भएर बस्छ । देशबाट पुँजी पनि पलायन हुन्छ र व्यक्ति विशेष युवा शक्तिहरूको पलायन हुन्छ । सरकारले काम गर्ने व्यक्तिहरूको योगदान ख्याल नगर्ने हो भने निरुत्साहित भएर जान्छ । यो मानसिकताबाट उठ्न सक्नुपर्छ । आफ्नै देशभित्र रहेका प्राकृतिक स्रोत साधनको प्रयोग गरेर त्यसको उचित फाइदा लिन सक्नुपर्‍यो । चुनढुङ्गा भएको ठाउँ नजिक सिमेन्ट उद्योग स्थापना गर्न सक्दा प्रतिस्पर्धी हुन्छ । बिजुली उत्पादन गरी त्यसबाट भरमग्दुर फाइदा उठाउन सक्नुपर्‍यो । यसले नेपालको चालु खाता घाटालाई सन्तुलित गर्न सक्छ । अर्को कृषि क्षेत्र हो ।

नेपालमा आधा खर्बको धान चामल आयात गर्नुपरेको अवस्था छ । २० वर्ष पहिले त चामल निर्यात गरेको देश हो । नेपालमा प्रविधिको प्रयोग गर्न नसक्नु, रासायनिक मल, सिँचाइ सुविधा दिन सकिएन । कृषकहरूलाई दिनुपर्ने सुविधाहरूलाई राज्यले प्राथमिकता दिन सकेन । नेपालको बाँझो जग्गाको उपयोग हुन सकेको छैन । कृषि क्षेत्रमा अहिले पनि व्यावसायिक तवरबाट काम हुन सकेको देखिँदैन । व्यवस्थितरूपमा कृषि गर्ने व्यक्तिलाई निश्चित जग्गा उपलब्ध गराउने र सरकारले सहजीकरण गर्न सक्छ । यसरी सहजीकरण गरेपछि ती क्षेत्रहरूमा यति उत्पादन हुनुपर्ने र यसरी योगदान पुर्‍याउनुपर्छ भनेर तोक्न सकिन्छ । तराईका स्थानमा धान, गहुँ, फलफूल, तरकारी, सागसब्जी, के उत्पादन हुन सक्छ त्यसतर्फ अगाडि बढ्न आवश्यक छ । यो सोचबाट हामी चुक्यौं ।

**पाटनमा भयो काठमाडौंमा किन नहुने भन्ने किसिमबाट औद्योगिक क्षेत्र निर्माण गरियो । अर्को स्थानमा औद्योगिक क्षेत्र चलेपछि आफ्नो क्षेत्रमा पनि सोहीअनुसार नै चल्छ भन्ने मानसिकताका साथ स्थापना भएको देखिन्छ ।**

### औद्योगिक पूर्वाधार

पुराना औद्योगिक क्षेत्रहरूमा राम्रै भौतिक पूर्वाधारहरू रहेका छन् । हेटौंडा औद्योगिक क्षेत्रमा ठूलाठूला उद्योगहरू छन् । धेरै ठाउँमा अहिले पनि खाली छ । यसो हुनुमा श्रम समस्याका कारण कतिपय उद्योग बन्द भएका पनि छन् । अहिले औद्योगिक क्षेत्रमा स्थापना भएका उद्योगको आफ्नो नाममा जग्गा हुँदैन, सरकारको नाममा हुन्छ । उद्योग स्थापनाका लागि सस्तो भाडामा जग्गा तथा भवनजस्ता भौतिक पूर्वाधार प्राप्त गर्न सकिए पनि सो धितो राखेर ऋण दिन पाइँदैन । यसले पनि उद्योगीहरू समस्यामा पर्ने गरेका छन् ।

ठूला-ठूला उद्योगहरूभन्दा साना तथा मझौला उद्योगहरू स्थापना गर्न सकेको खण्डमा त्यसलाई ठूलो ठाउँ पनि नचाहिने हुन्छ । उद्योगहरू साना भए पनि भ्यालु एडिसन गर्न सक्छन् । साना उद्योगहरूमा दुई चार महिनासम्म कच्चापदार्थ वा तयारी वस्तु राख्ने उद्योगहरू भन्दा तत्कालै उपयोगमा आउने दैनिक उपभोग्य वस्तुहरू (फास्ट मुभिङ आइटम) हुन सक्छन् ।

औद्योगिक क्षेत्र निर्माण भएर पनि रित्तो हुनुमा पर्याप्त अध्ययन अनुसन्धानविना निर्माण हुनु नै प्रमुख कारण हो । कुनै पनि क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना गर्नुपूर्व त्यो औद्योगिक क्षेत्र त्यहाँ स्थापना गर्न आवश्यक थियो कि थिएन भन्ने नै हो । धेरै स्थानमा निर्माण भएका औद्योगिक क्षेत्र उद्योगी व्यवसायीको भन्दा राजनीतिक बढी भएको देखिन्छ । यसकारण पनि औद्योगिक क्षेत्र निर्माण भएर पनि रित्तो बन्नुपरेको अवस्था छ ।

पाटनमा भयो काठमाडौंमा किन नहुने भन्ने किसिमबाट औद्योगिक क्षेत्र निर्माण गरियो । अर्को स्थानमा औद्योगिक क्षेत्र चलेपछि आफ्नो क्षेत्रमा पनि सोहीअनुसार नै चल्छ भन्ने मानसिकताका साथ स्थापना भएको देखिन्छ । यसरी विश्वास पूरा भएको देखिँदैन । अर्कोतर्फ कुनै क्षेत्रमा स्थापना हुने औद्योगिक क्षेत्रको निर्माण सम्पन्न नहुँदै वा भर्खै बन्दाबन्दै सरकारको नेतृत्व गर्ने राजनीतिक पार्टी परिवर्तन हुन्छन् ।

एउटा पार्टीले जुन सोच र उद्देश्य राखेर औद्योगिक क्षेत्र स्थापना गर्ने भनेर पहल गर्ने तर त्यसको निर्माण सम्पन्न नहुँदै सो पार्टी सरकारबाट बाहिरिसकेको हुन्छ । यसकारण एउटा पार्टीको अग्रसरतामा भन्दा पनि सबैको साझा छलफलपछि मात्रै औद्योगिक क्षेत्र स्थापना हुन जरुरी देखिन्छ । अर्को मुख्य-मुख्य राजनीतिक पार्टीहरूबीच ठूला आर्थिक एजेण्डाहरूमा सर्वसम्मति हुन आवश्यक

देखिन्छ। यसो हुँदा जुन पार्टी सरकारमा जाँदा पनि सो एजेण्डा प्राथमिकता पर्छ । जसले गर्दा पनि देशका लागि हो भन्ने सोच ल्याउन नसक्दासम्म स्थितिमा परिवर्तन आउन सम्भव देखिँदैन ।

निजी क्षेत्र वा उद्योगहरूमा पनि स्थायित्व महसुस हुने हुँदा आत्मबल समेत बलियो बन्न जान्छ । आज सरकारमा एउटा दल हुँदा भोलि अर्को गएर रोकिदिने स्थितिको अन्त्य हुन्छ। उद्योगीहरूलाई पनि राजनीतिक रङ्ग दिएर असहयोग गर्ने परिस्थिति सिर्जना भयो भने यसले औद्योगिक विकासमा अगाडि बढ्न सकिँदैन । उद्योगीहरूले पनि कुनै एक पार्टी मात्र आफ्नो हो भनेर भन्नु नै मूर्खता हो । उद्योगीहरूले सबै पार्टीहरू मेरो नै हो भन्ने भावना विकास गरेर तटस्थ बसेर देश विकास गर्नतर्फ लाग्नुपर्छ ।

**औद्योगिक क्षेत्रले दिन सकेन लाभ**

देशभित्र औद्योगिक विकास हुन नसक्दा देशले ठूलो अवसर गुमाएको छ। देशभित्र पर्याप्त रोजगारी सिर्जना गर्न नसक्दा वार्षिक छ लाख हाराहारीमा युवा जनशक्ति रोजगारीका लागि बाहिरिने गरेका छन्। देश निर्माणमा धेरै योगदान दिन सक्ने युवा अवसरका लागि नै पलायन हुनुपर्ने बाध्यात्मक अवस्था छ । यसले समग्र देशको विकासमा समेत बाधा उत्पन्न हुन पुगेको छ ।

युवा १० जोड दुई पास गर्नेबित्तिकै बाहिरिने हुँदा भोलिका दिनमा देशभित्र कुनै पनि क्षेत्रमा दक्ष जनशक्ति भेट्न मुस्किल पर्ने अवस्था आउँछ। नेपालमा उद्योग स्थापना गर्दा सस्तोमा श्रमिक पाइए पनि सम्बन्धित काममा दक्षता हासिल नहुँदा अझै महँगो पर्न जाने गरेको छ । सीपयुक्त, दक्ष, क्षमतावान् श्रमिक नहुँदा उत्पादकत्वमा प्रभाव पर्न जान्छ। देशभित्र तालिमको व्यवस्था छैन। जो पनि विदेशिने प्रवृत्ति छ । नेपालबाट रोजगारीका लागि बाहिरिने धेरै अदक्ष व्यक्तिले आर्जन गर्नेभन्दा अन्य देशबाट नेपालमा आएर काम काम गर्ने केही व्यक्तिको आम्दानी बढी छ। त्यसैले नेपालमा भविष्य छैन भन्ने मानसिकतालाई जित्न सक्नुपर्छ ।

औद्योगिक क्षेत्रमा भवन बनाउँदैमा उद्योगीहरू उद्योग स्थापना गर्न जान्छन् भन्ने हुँदैन । आवश्यकतामा आधारित हुनुपर्छ । औद्योगिक क्षेत्रमा एउटा सेट त निर्माण गरिएको छ । त्यहाँ उद्योगीले उद्योग स्थापना गर्न मिल्ने गरी बनाइएको छ कि छैन भन्ने पक्ष महत्वपूर्ण हुन्छ। नेपालमा स्थापना भएका औद्योगिक क्षेत्र एउटा सामान्य हिसाबले मानवीकृत गरियो । यसको एउटा कारण बजार अभाव हुनु हो । राजनीतिक तवरबाट औद्योगिक क्षेत्र स्थापना हुनु पनि अर्को कारण हो । औद्योगिक क्षेत्र स्थापना गर्नुभन्दा पहिला विशेषज्ञ व्यक्तिहरूबाट सम्भाव्यता अध्ययन र विश्लेषण गरेर स्थापना नहुनु पनि हो। उद्योग स्थापना भइसकेपछि कसरी अधिकतम व्यक्तिहरूलाई सो क्षेत्रमा आकर्षित गर्ने भन्ने हुनुपर्छ। खोला जहिले पनि ओरालोतिर नै बग्छ भनेजस्तै हो उद्योगीहरू पनि जहाँ धेरै सेवा सुविधा उपलब्ध हुन्छ त्यहीँ जान्छन् ।

**समय परिस्थितिअनुसार विकास हुनुपर्छ। हिजोको दिनमा लाइसेन्स राज थियो। कन्ट्रोल इकोनोमी थियो। लाइसेन्स पाउनु भनेको लोटरी पाउनुसरह थियो। तर आज लाइसेन्स पाउन केही समस्या छैन।**

नेपालमा सरकारबाटै निजी क्षेत्रले कामको समयमा नै भुक्तानी नपाउने समस्या छ । यस्तै, ठूलो रकमको बोलपत्र आह्वान गर्ने र थोरै रकम मात्र भुक्तानी दिँदा विकास निर्माणले गति लिन सकेको छैन । हरेक सरकार र क्षेत्रमा धेरै काम देखाउने प्रचलन छ । योजनाबद्धभन्दा देखावटी विकास गर्ने प्रचलन छ। हामीले घाँटी हेरेर हाड निल्न सकिदैन, अनावश्यक बजेटलाई छर्ने काम बढी देखिन्छ।

नेपालमा निर्माण हुने योजनामा कन्ट्र्याक्टरहरू आन्दोलन किन गरिरहेको छ भने काम गरेको रकमको भुक्तानी पाउन सकेको छैन। उसले काम गरेको पैसा नपाउँदा हाम्रो पैसा कन्ट्र्याक्टरबाट हामीले पाउँदैनौँ । हामीले नपाउँदा हामीले बैंकलाई कर्जाको साँवा तथा ब्याज भुक्तानी गर्न सक्दैनौँ । सरकारले आफ्नो क्षमताअनुसार मात्रै काम गर्नुपर्‍यो । अहिले एक करोडको बोलपत्र आह्वान गर्ने र बजेट स्वीकृति दिने बेलामा चाहिँ २५ लाख मात्र दिने प्रचलन छ।

**समस्या र चुनौती**

सरकारको काम गर्ने कार्यशैली नै औद्योगिक विकासको समस्याको रूपमा देखिन्छ। बजारमा आएको मागको कमी तथा उत्पादित वस्तुको बजारीकरणको समस्या उस्तै छन्। फाइनान्सिङको समस्या पनि उस्तै छ। भूपरिवेष्ठित मुलुक भएकाले पनि धेरै समस्या तथा चुनौती छन्। हामीले खुला बजार अर्थतन्त्रलाई अपनाइसकेका छौं । बजारमा आम मानिसमा हेर्ने र काम गर्ने शैलीमा धेरै परिवर्तन आइसकेको छ। आज मोबाइल फोनमा हेरेर के खान मनपर्छ के गर्न मनपर्छ त्यही गर्न सक्छु । अनलाइन माध्यमबाटै खरिद बिक्री गर्न सकिन्छ। त्यसकारण सही समयमा सही सम्बोधन गर्न सकिएन भने चुनौती छ ।

नेपालमा र छिमेकी मुलुक भारतबीच खुल्ला सीमाका कारण पनि औद्योगिक विकासमा चुनौती छ। उता उत्पादन हुने वस्तु र नेपालमा उत्पादन हुने वस्तुमा स्थानीयस्तरमै कच्चा पदार्थको सहज उपलब्धताका कारण मूल्यमा अन्तर छ। भारतमा सरकारले दिने सुविधा धेरै छ भने नेपालमा त्यसको विपरीत संकुचित छ । उद्योग व्यापार गर्नेहरूलाई चोरको मानसिकताबाट हेरिन्छ।

समय परिस्थितिअनुसार विकास हुनुपर्छ । हिजोको दिनमा लाइसेन्स राज थियो । कन्ट्रोल इकोनोमी थियो । लाइसेन्स पाउनु भनेको लोटरी पाउनुसरह थियो । तर आज लाइसेन्स पाउन केही समस्या छैन । तर लाइसेन्सलाई कन्भर्ट गरेर उद्योगमा सञ्चालन गर्नु नै सबैभन्दा ठूलो चुनौती हो । अहिलेको नीतिमा पनि सरकारले




यी-यी उद्योगहरू नेपालको लागि वास्तवमै आवश्यक छ । यसको तुलनात्मक लाभ छ भन्ने अध्ययन गर्नुपर्‍यो ।

निजी क्षेत्रका प्रतिनिधिहरू, विषयमा विशेषज्ञता हासिल गरेका विशेषज्ञहरू राखेर अलग्गै अध्ययन गर्न सकिन्छ । नेपालको उद्योग क्षेत्रमा यस्ता काम गर्ने भनेर गर्न सकिन्छ । खानी विभागले कहाँकहाँ खानी छ भने अध्ययन गरेजस्तै कहाँ कुन उद्योग ठीक हुन्छ भनेर अध्ययन गर्न सकिन्छ । नेपालमा यस्ता उद्योगहरू खोल्दैछौँ, यसमा यतिवटा लाइसेन्स खोल्दैछौँ भनेर बिडिङ समेत गर्न सकिन्छ । उत्कृष्ट दुई उद्योगलाई इजाजत दिन सकिन्छ । यसो हुँदा सीमित प्रतिस्पर्धा हुन्छ ।

नयाँ स्थानमा औद्योगिक विकास गर्ने हो भने कुन आकारको औद्योगिक क्षेत्र विकास गर्ने भन्ने महत्वपूर्ण हुन्छ । त्यसका लागि प्रदेश क्षेत्रमा विस्तृतरूपमा छलफल अगाडि बढाउनुपर्छ । भौगोलिक अवस्थितिका हिसाबले हेर्ने हो भने ठूलो परिमाणमा वस्तु उत्पादन गर्ने उद्योग रहने गरी स्थापना हुने औद्योगिक क्षेत्र भने तराईमा स्थापना गर्न सकिन्छ । नेपालमा स्थापना हुने औद्योगिक कच्चापदार्थ आयातबाट नै ल्याउनुपर्ने हुँदा उद्योग स्थापनाका लागि तराई उपयुक्त देखिन्छ । भौतिक तथा प्राविधिक पूर्वाधार र जनशक्ति, बिजुली, सडक, जग्गा खरिद वा प्राप्तिलगायतका हिसाबले पनि तराई नै प्राथमिकतामा पर्ने हुन्छ । अर्कोतर्फ पहाडमा औद्योगिक क्षेत्र नै हुनुहुँदैन भन्ने होइन । स्थानीय कच्चापदार्थमा आधारित हुने कृषिमा आधारित उद्योग, दुग्ध पदार्थमा आधारित, ह्याण्डिक्र्याफ्ट, कार्पेट, उनीजस्ता उद्योगहरू भने पहाडमा पनि स्थापना गर्न सकिन्छ ।

**औद्योगिक क्षेत्र सञ्चालनको उपाय**

भारतको हकमा कुरा गर्दा उद्योगहरूलाई आकर्षित गर्नका लागि त्यहाँका राजनीतिक नेतृत्वमा रहेका व्यक्तिहरूले आफ्नो प्रान्तमा उद्योग स्थापना गर्दा विभिन्न सेवा सुविधासहित आह्वान गरेका थिए । आफ्नो औद्योगिक क्षेत्रमा आउने उद्योगहरूलाई कर सहुलियतको आह्वान भएको थियो । नेपालको हकमा पनि संघीयतामा आइसकेपछि प्रदेश सरकारहरू स्थापना भएका छन् । प्रदेश सरकारहरूसँग धेरै अधिकार पनि छ । अब हरेक प्रदेशहरूले नै उद्योगीहरूलाई अतिरिक्त सुविधा दिएर आकर्षित गराउन सके भने औद्योगिक विकासमा अगाडि बढ्न सकिन्छ । प्रदेश सरकारहरूबीच नै प्रतिस्पर्धा भएर एक आपसमा औद्योगिक विकासका लागि अतिरिक्त सुविधा दिएर आकर्षित गराउन सक्यो भने त्यहाँ उद्योगहरूको स्थापना हुन सक्छ । यसो गर्न सकिएको खण्डमा देशले केही नयाँ काँचुली फेर्छ ।

औद्योगिक क्षेत्रमा विशेष आकर्षिक गराउने काममा प्रदेश सरकारहरूले नै विशेष ध्यान पुऱ्याउनुपर्छ । एक प्रदेशभन्दा अर्को प्रदेशले जतिसक्दो धेरै सहुलियत दिएर आफ्नो ठाउँमा उद्योग स्थापना गर्न सक्छन् । उद्योग स्थापना गर्दा सडक बिजुली, पानी र श्रमिकहरूको उपलब्धता नै मुख्य कुरा हो । उद्योग स्थापनाका लागि खरिद गर्ने जग्गाको मूल्य वा तिर्नुपर्ने भाडाले समेत असर पुग्छ । त्यसैले सस्तो भाउमा उद्योगीले जग्गा पाउने सुनिश्चितता गर्नुपर्छ । सबैकुरा महँगो हुँदा वस्तुको लागत उच्च हुन गई प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउँछ । त्यसका लागि सस्तो मूल्यमा बिजुली, जग्गाजस्ता आवश्यक पूर्वाधार हरूको सहज उपलब्धता गराउन आवश्यक हुन्छ ।

सरकारले उद्योगीहरूबाट दुई पैसा कमाउनेभन्दा कसरी सहजीकरण गर्न सकिन्छ भन्ने मान्यता राख्नु आवश्यक छ । यसो हुँदा उद्योगीहरूमा आफ्नो उद्योगको क्षमता विस्तार गर्ने मनोवृत्तिको विकास हुन्छ । यसले आज एक उद्योग सञ्चालन गरिरहेको उद्योगीले अन्य वा सो उद्योगमा लगानी वृद्धि गरी क्षमता विस्तार गर्न उत्प्रेरित हुन सक्छ । यस्तै, सरकारले औद्योगिक क्षेत्रमा कुनै पनि समस्या आउँदा एकलविन्दु सेवामार्फत समाधान गर्ने व्यवस्था गर्नुपर्छ ।

प्रविधिको विकासले अहिले संसार नै एउटा गाउँको रूपमा विकास भइसकेको छ । इन्टरनेट र नेटवर्किङका कारण तथा कृत्रिम बौद्धिकताको समेत प्रयोग गरेर काम गर्न सकिने अवस्था सिर्जना भइसकेको छ । अर्कोतर्फ अध्ययन अनुसन्धानमा आधारित रहेर सरकारले औद्योगिक क्षेत्रको तथ्याङ्क राख्नुपर्छ । उद्योग विभागले यतिवटा उद्योग छ, यसको बजार यति छ, माग र आपूर्तिका आधारमा कति रेसियोसम्म जान सकिन्छ भन्ने अध्ययन हुन जरुरी छ । कुनै एक क्षेत्रमा एउटाले सफलता हासिल गऱ्यो भने अन्य पनि अध्ययनविना नै सो क्षेत्रमा आउने गरेका छन् । यसो हुँदा दुवै जना असफल हुने जोखिम बढेको छ ।







राजेन्द्र मल्ल

# आर्थिक मन्दी : चपेटामा साना उद्योग

**परम्परागत रूपमा चलेका साना उद्यमहरू दर्ता भएका हुँदैनन् । तर, आममानिसको जीविकोपार्जनमा सहजता प्रदान गरिरहेको हुन्छ । वैदेशिक रोजगारीबाट नेपालमा आएर कतिपय व्यक्तिले यहीं केही गर्छु भनेर साना उद्योग चलाएका छन् । करको दायरामा आएर काम गरिरहेका पनि छन् ।**

व्यक्तिले व्यक्तिगत रूपमा वा घर-घरमा सञ्चालन गर्ने उद्योगलाई साना उद्योग भनिन्छ । नेपालको ग्रामीण क्षेत्रमा खेर गइरहेको स्थानीय सामग्रीलाई परम्परागत रूपमा प्रशोधनको कामलाई पनि साना उद्योग भनिन्छ । यो काम अन्य कामबाट फुर्सद भएको समयमा परिवारका सदस्यहरूले गर्छन् । उनीहरूको उत्पादनले पारिवारिको आवश्यकता पूर्ति हुन्छ ।

ऊनी तथा सुतीका कपडा उद्योग, अल्लोबाट कपडा बनाउने, घरेलु कागज उद्योग, घरेलु धातु उद्योग, काष्ठ उद्योग, बिँडी, पेपर उद्योग, बेतबाँससम्बन्धी उद्योग, उखु पेल्ने उद्योग आदि साना उद्योगअन्तर्गत पर्छन् । ग्रामीण औद्योगीकरणअन्तर्गत कृषिमा आधारित विशेष उद्योग जस्तै, पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन, रेशम खेती, दुग्धशाला आदि पनि साना उद्योग हुन् ।

कुटीर उद्योगहरू ग्रामीण क्षेत्रमा कृषिसँग सम्बन्धित हुन्छन् । हाते तानमा कपडा बुन्ने, माटाका भाँडा बनाउने, गहना बनाउने, राडीपाखी, सुकुल चटाइ, टोकरी बुन्ने, गलैंचा बुन्ने नेपालमा सञ्चालित विभिन्न साना उद्योग हुन् । नेपालका औद्योगिक एकाइमध्ये करिब ९५ प्रतिशत घरेलु उद्योग छन् । ९० प्रतिशत औद्योगिक रोजगारी घरेलु उद्योगले प्रदान गरेका छन् ।

अहिले नेपालको साना तथा मझौला उद्योगमा संकुचन आएको छ । देशमा आउने विभिन्न संकटले उद्योग संकटमा पर्ने गरेका छन् । कोरोना महामारी, त्यसअघि आएको भूकम्प र अहिले देखिएको आर्थिक मन्दीजस्ता समस्याले साना उद्योगलाई विनाशकारी बाटोतर्फ लगेका छ । अहिलेको आर्थिक संकटका कारण साना, मझौला र ठूलालगायत सबै खालको उद्योग व्यवसायको उत्पादन घटेको छ । यसकारण साना उद्योगलाई कसरी प्रवर्द्धन गर्ने भन्ने विषयमा सरकारले विशेष कार्यक्रम ल्याउन ढिला भइसकेको छ ।

नेपाली उद्योगहरू आयातित कच्चा पदार्थका आधारमा सञ्चालित छन् । यो परनिर्भरतालाई घटाउँदै साना तथा मझौला उद्योगलाई अगाडि बढाउन देशमा भएको सामानलाई बढीभन्दा बढी उपयोग गर्नुपर्ने देखिन्छ । अहिलेका उद्योगमा बाहिरबाट कच्चा पदार्थको ढिक्का-ढिक्का आउँछन् । त्यसलाई मेसिनको प्रयोगबाट साना परिमाणमा टुक्र्याउने र बजारमा पठाउने गरिन्छ । जस्तै, गार्मेन्ट उद्योगले बाहिरबाट कपडाको ढिक्का ल्याउँछन् । उपभोग गर्न योग्य कपडा बनाएर बजार पठाउँछन् । यस्तो कुरामा देशको स्रोत-साधनलाई कुन रूपमा बढवा दिन सकिन्छ भन्ने खोजीको विषय हो ।

नेपालको आत्मनिर्भरको क्षेत्र पहिचान गर्न आवश्यक छ । कुन क्षेत्रको उत्पादन बढाएर निर्यात गर्न सकिन्छ ? यस्ता कुरा सरकार तथा नीति निर्माण गर्ने निकायले ध्यानमा राख्नुपर्छ । हामीले निर्यातभन्दा ९ गुणा बढी आयात गर्छौं । कृषिप्रधान देशमा खर्बौं रुपैयाँको कृषिजन्य सामानमा आयात गर्छौं । चामल र मकैमा समेत देश आत्मनिर्भर हुन सकेको छैन । स्थानीय

तहमा भएका उद्योगहरूलाई आधुनिकीकरण र ब्राडिङ गरेर अगाडि बढाउन स्थानीय सरकार तथा केन्द्रीय सरकारको ध्यान गएको छैन । बाँझो जमिन उपयोग हुन सकेको छैन । लाखौं युवा देशमा रोजगारी नपाएर विदेश जान बाध्य छन् । ती युवालाई स्वदेशमा रोजगारीको सिर्जना गरेमा साना तथा मझौला उद्योग र औद्योगिक उत्पादन वृद्धि गर्न सकिन्छ ।

साना उद्योगलाई विकास गर्ने हो भने दाल-चामल तरकारी माछा-मासुलगायत वस्तुमा देशलाई आत्मनिर्भर बनाउन सकिन्छ । यस्ता काम यथाशीघ्र गर्नुपर्नेछ । विगतका वर्षमा भन्दा अहिले साना तथा मझौला उद्योग घट्दै छन् । उत्पादन आधा भएको छ । अहिलेको परिस्थितिमा आमजनताको खल्तीमा पैसा छैन । आर्थिक मन्दीले साना तथा मझौला उद्योगलाई बाँच्नै सकस परेको छ । आयातित कच्चा पदार्थमा तयारी वस्तुमा झैं कर लगाइएको छ । जसकारण कच्चा पदार्थ महँगो पर्नाले उद्योगलाई प्रोत्साहन मिलेको छैन ।

यिनै कारण उद्योगहरू बन्द पनि भएका छन् । अर्कातर्फ मन्दीका कारण बजार चलायमान छैन । वस्तुको मागमा ह्रास आएको छ । कच्चा पदार्थदेखि मेसिनरीसमेत आयात नै गरेर उद्योग चलाउनपर्ने परिस्थिति छ । साना तथा मझौला उद्योग हेर्ने हो भने उद्योगीहरू पलायन हुने अवस्था आइसकेको छ । अहिलेको आर्थिक मन्दीको चपेटामा साना तथा मझौला उद्योग परेका छन् ।

### साना उद्योगको योगदान

ठूला उद्योगको तुलनामा साना उद्योगले राजस्वमा गरेको योगदान कम नै छ । सरकारले कतिपय साना उद्योगलाई कर छुट पनि दिएको छ । साना उद्योग घरबाटै चल्छन् । यस्ता उद्योगहरू करको दायरमा नभएको कारण ठूला उद्योगको तुलनामा यस्ताको योगदान अर्थतन्त्रमा प्रत्यक्ष रूपमा धेरै देखिँदैन । तर, यस्ता उद्योगले मानिसको जीविकोपार्जनमा महत्वपूर्ण भूमिका खेलेका छन् । जस्तै, कुनै व्यक्तिले डोको नाङ्गलो बनाएर हाट बजारमा लगेर बेचेर आफ्नो जीवन चलाएको छ । कसैले खसी-बाख्रा पालेर, गाई-भैंसी पालेर, दूध बेचेर आफ्नो जीविकोपार्जन गरेका छन् ।

परम्परागत रूपमा चलेका साना उद्यमहरू दर्ता भएका हुँदैनन् । तर, आममानिसको जीविकोपार्जनमा सहजता प्रदान गरिरहेको हुन्छ । वैदेशिक रोजगारीबाट नेपालमा आएर कतिपय व्यक्तिले यहीँ केही गर्छु भनेर साना उद्योग चलाएका छन् । करको दायरामा आएर काम गरिरहेका पनि छन् । यसले देशलाई आर्थिक रूपमा आत्मनिर्भर हुन सहयोग गरिरहेको छ ।

ढाकाको कपडा गलैंचाजस्ता विभिन्न वस्तु नेपालमा उत्पादन भइरहेका छन् । साना उद्योगले कुल गार्हस्थ उत्पादनमा ५ प्रतिशतको हाराहारीमा योगदान गरेका छन् । केही वर्ष अघिसम्म यी उद्योगको योगदान १७ प्रतिशतसम्म थियो । त्सयता उद्योग क्षेत्रको योगदान घट्दो अवस्थामा छ । तथ्यांकबाटै नेपालको उद्योग क्षेत्र धराशायी बन्दै गएको देखिन्छ ।

### वर्तमान परिदृष्य

अहिलेको अवस्थामा अर्थतन्त्र चलायमान भएको छैन । सुस्त छ । अहिलेको साना उद्योगको समस्या भनेकै उत्पादन लागत बढेको छ । बजार खुम्चिएको छ । साना तथा मझौला उद्योगहरू संकटमा परेका छन् । सरकारले सुधारको नीति ल्याए यस्ता उद्योगलाई चलायमान बनाउन सकिन्छ ।

साना उद्योगको अर्को मुख्य समस्या ब्याजदर वृद्धि पनि हो । ब्याजदर वृद्धिले गर्दा पनि साना उद्योगले आफूले सोचेअनुरूपको गति लिन सकेको छैन । राजनीतिक अस्थिरताले उद्योगीलाई गालेको छ । जसकारण देशमा उद्योगको विकास हुन पाइरहेको छैन । युवा विदेशिन बाध्य छन् । रेमिट्यान्सका भरमा देशको अर्थतन्त्र चल्नुपर्ने बाध्यता आएको छ ।

नेपालमा औद्योगिक विकासको इतिहास लामो छ । तर, सोहीअनुसारको विकास हुन सकेको छैन । सन् १९३६ मा विराटनगर जुट मिलबाट नेपालमा संगठित औद्योगिक विकासको सुरुवात भएको हो । औद्योगिक विकास धेरै पहिलेदेखि भए पनि उद्योगको अवस्था भने अझै शिशु अवस्थाको जस्तो छ ।

योजनाबद्ध विकासको प्रयास गरिए पनि ६८ वर्ष पूरा भइसकेको छ । लामो समयमा पनि नेपालको औद्योगिक विकास उत्साहजनक छैन, निराशाजनक छ । रोजगारीको अवसर सिर्जना गर्नमा पनि उद्योग क्षेत्र पछि छ । औद्योगिक क्षेत्रले कुल श्रमशक्तिको ३ प्रतिशतभन्दा कमलाई मात्र रोजगारी दिन सकेको छ । साना उद्योगको हिस्सा झन् कम छ ।

### अबको नीति

सरकारले साना उद्योगलाई चलायमान बनाउन स्थायी नीति ल्याउनुपर्छ । सरकारी क्षेत्रमा सबल आर्थिक नीतिको आवश्यकता छ । अहिलेको बैंकको ब्याजदरले साना उद्योग बचाउन सकिँदैन । नेपालमा सरकारले साना तथा मझौला उद्योग र ठूला उद्योगका लागि फरक-फरक खालको नीति ल्याउन आवश्यक छ ।

सरकारले साना उद्योग र ठूला उद्योगका लागि फरक-फरक ब्याजदर निर्धारण गरेर साना उद्योगलाई प्रोत्साहन गर्नुपर्ने बेला आएको छ । सरकारले साना उद्योगलाई चाहिने कच्चा पदार्थ आयात गर्दा यस्तो कुरामा पनि सहुलियत दिँदा साना उद्योगले उत्पादन बढाएर निर्यात गर्न सक्छन् । अहिले नेपालको हरेक उद्योगले उत्पादन गरेको वस्तुहरू बाहिबाट आयात भएर आएको वस्तुभन्दा महँगो पर्छ । आयात गरेर ल्याएको कच्चा पदार्थको



ढुवानी खर्चदेखि लिएर हरेक कुराको लागत महँगो छ । यसले नेपालमा उत्पादन भएका वस्तुलाई झन महँगो बनाएको छ । यस्ता कुरामा कसरी सहज गर्न सकिन्छ ? भन्नेतर्फ पनि सरकारलगायत नीति बनाउने नियामक निकायहरूले ध्यान दिन आवश्यक छ । सरकारले केही नीति लिने छाँट देखाएको छ । आगामी दिनमा ब्याजदर घट्छ भन्ने छ । सरकारले समयअनुसार नीति परिवर्तन गर्नुपर्ने बेला पनि आएको छ । अहिले कतिपय कुरा कानुनका कारण पनि पछाडि परेको छ । कानुनका कारण उत्पादन बन्द हुँदा हाम्रो निर्यात पनि घट्दो अवस्थामा छ ।

देशमा पनि एक-ठाउँबाट अर्को ठाउँमा मालसामान पठाउने प्रक्रिया झन्झटिलो हुने भएकाले पनि उत्पादित वस्तु बजारसम्म पुग्न सकेको छैन । जस्तै, नेपाली कागज बनाउने लोक्ता (कच्चा पदार्थ) रोल्पा रुकुमको पहाडमा पाइन्छ । त्यसलाई राजधानीमा ल्याउन समस्यै समस्या आइपर्छ । वनले रोक्छ, प्रशासनिक झमेला हुन्छ । मन्त्रालयगत समस्या पनि छन् । एउटा मन्त्रालयबाट एउटा कानुन हुन्छ, त्यो कानुन अर्को मन्त्रालयमा ठोकिन्छ । यसमा एकीकृत सेवाको व्यवस्था गर्न आवश्यक छ ।

साना तथा मझौला उद्योगहरूको बैंकसँग पहुँच पुऱ्याउन पनि आवश्यक छ । ठूला उद्योगको तुलनामा साना उद्योगको बैंक तथा वित्तीय संस्थामा पहुँच पनि कम पुगेको हुन्छ । बैंकले साना उद्योगलाई प्रोजेक्ट हेरेर ऋण दिनुपर्ने हुन्छ । तर मागअनुसार दिन नसक्दा अहिले धेरै साना उद्योगहरू बन्द भएका छन् । उदाहरणका लागि ललितपुरको लुभुमा पहिले धेरै गलैंचा बुन्ने काम हुन्थे । अहिले अधिकांश यस्ता उद्योग पलायन भएका छन् ।

कुनै बेला गार्मेन्ट फ्याक्ट्रीलगायत धेरै उद्योग सञ्चालनमा थिए । अहिले त्यस्ता उद्योग पनि पलायन भएका छन् । यसरी उद्योग पलायन हुनुको कारण उद्योगबाट उत्पादन भएको वस्तुले बजार नपाउनु, मूल्य नपाउनु र सीमित उत्पादन हुने भएको कारण अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न नसक्नु रहेको छ । उत्पादन सीमित हुँदा हामीले छिमेकी मुलुकसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्था पनि छैन । यसकारण अहिले मान्छे सानातिना उद्योगमा लाग्नुको साटो आयात गर्नेतर्फ लागेका छन् । अर्कातर्फ साना उद्योग सञ्चालन गर्नुभन्दा विदेशमा गएर कमाउने र रेमिट्यान्स पठाउने प्रवृत्ति पनि बर्सेनि बढ्दो छ ।

**समाधान**

अहिलेको अन्तर्राष्ट्रिय बजारको प्रावधानअनुसार देशको नीति परिवर्तन गरेर देशको उत्पादनलाई विदेशसम्म लगेर बेच्न सक्ने नयाँ काम के गर्न सकिन्छ ? त्यसमा सरकार तथा नियामक निकायले ध्यान दिन आवश्यक छ । देशमा उत्पादन भएका वस्तु ब्रान्डिङ गरेर नेपालको ब्रान्ड भनेर विश्वसम्म चिनाउन सक्ने क्षमताको विकास गर्न आवश्यक छ । कुनै पनि साना कम्पनीले उत्पादन गरेको वस्तुको लोगो, त्यसको गुणस्तर परीक्षणलगायत विषयमा ध्यान दिन आवश्यक हुन्छ । जबसम्म देशमा उपलब्ध स्रोत-साधनको समुचित प्रयोग गरी देशलाई औद्योगीकरणको बाटोतर्फ डोऱ्याउन सकिँदैन तबसम्म देशमा उद्योगको विकास हुन असम्भव जस्तो छ ।

पछिल्लो समय देशको सरकारी लगानीमै खुलेका कतिपय उद्योग रुग्ण अवस्थामा पुगेका छन् । वीरगन्ज चिनी कारखाना, गोरखकाली रबर उद्योग, हरिसिद्धि ईंटा-टायल उद्योग, कृषि सामग्री लिमिटेड, बुटवल धागो, विराटनगर जुटमिल, जनकपुर चुरोटजस्ता ठूला उद्योगहरू लामो समयदेखि सरकारी बेवास्ता र चरम राजनीतीकरणको चपेटामा परेका छन् । यस्ता उद्योगहरूलाई तत्काल सञ्चालनमा ल्याएर देशको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा विकास गर्न सरकारको ध्यान जानु आवश्यक छ । साना तथा मझौला उद्योगीले उत्पादन गरेको वस्तु उनीहरूले नै अन्य देशमा निर्यात गर्नसक्ने नीति निर्माण गर्नुपर्छ । यसरी उद्योगी आफूले उत्पादन गरेको वस्तु निर्यात गर्दा उसको खातामा सिधै रकम आउने व्यवस्थाको खाँचो छ ।




# नेपालमा जलविद्युत्को अवस्था

## वर्तमान

**जडित क्षमता : २८३६.९३ मेगावाट**

| निजीक्षेत्र | नेविप्रा |
| --- | --- |
| १,६८२.६९ | ६६१.३४ |

| कुल निर्यात | स्वदेशमा खपत | प्रतिव्यक्ति खपत | विद्युतको पहुाच |
| --- | --- | --- | --- |
| ६३२ मेगावाट | २,००० मेगावाट | ३८० युनिट | ९८ प्रतिशत |

## भविष्य

**आगामी १२ वर्षमा**

**उत्पादन लक्ष्य**
२८,५०० मेगावाट

**निर्यात गर्ने लक्ष्य**
१५,००० मेगावाट

**निर्माणाधीन आयोजना**
४,४५२ मेगावाट

**निर्माणको तयारीमा रहेको**
६,८०० मेगावाट

**विद्युत आयोजनाको पहिचान**

- ८८० वटा (१ मेगावाटभन्दा साना)
- ७१,१६७ मेगावाट

**सरकारबाट पहिचान भएका आयोजना**

- २२३ वटा
- १५,२३४.६०४ मेगावाट

**निजी क्षेत्रबाट पहिचान भएका आयोजना**

- ६३७ वटा
- ३१,३९१.२५ मेगावाट

**लगानी बोर्डबाट अघि बढेका आयोजना**

- ७ वटा
- ४,७६२ मेगावाट

जलाशययुक्त बहुउद्देश्यीय ठूला आयोजना : १९,७८० मेगावाट





चन्द्रप्रसाद ढकाल

# असफल छैन निजी क्षेत्र

**नेपालमा विरलै आउने समस्या अहिले आएको छ । अर्थतन्त्र निराशामा गइरहेको छ । त्यसमा गाम्भीर्य देखाइएको छैन । यसलाई जति समय रहन दिइयो त्यति नै समय हामी पछि पर्दै जान्छौं । समाधानका लागि लागिहाल्नुपर्नेछ ।**

नेपालमा निजी क्षेत्र असफल छैन । कुल गार्हस्थ उत्पादनमा निजी क्षेत्रको निकै महत्वपूर्ण योगदान छ । आर्थिक क्षेत्रको विकासमा निजी क्षेत्रले सरकारलाई सधैं सघाएको छ । राजस्वमा योजना दान मात्र गरेको छैन, बजार व्यवस्थापनमा प्रभावकारी भूमिका निभाएको छ । निजी क्षेत्रविना नेपालको अर्थतन्त्र चल्न सक्छ भन्ने कल्पना गर्न सकिँदैन ।

सरकारी स्तरबाट नेपालको अर्थतन्त्रको अवस्थाबारे धेरै अध्ययन भएका छन् । त्यसलाई नै आधार मानेर हेर्दा पनि निजी क्षेत्रको योगदान महत्वपूर्ण देखिन्छ । कुल गार्हस्थ्य उत्पादनमा घरपरिवारसहित निजी क्षेत्रले ८१ दशमलव ५५ प्रतिशत योगदान पुऱ्याएको छ । नेपालको अर्थतन्त्रलाई सामूहिक रूपमा चलाउने सबै १८ उप-क्षेत्रको मूल्य अभिवृद्धिलाई हेर्दा निजी क्षेत्रविना आर्थिक यात्रा असम्भव रहेको प्रस्ट छ ।

विगत तीन दशकमा निजी क्षेत्रका प्रतिष्ठानहरूको संख्या उल्लेख्य बढेका छन् । सन १९८३ मा २८ हजार ६६० बाट सन् २०१८ मा नौ लाख २३ हजार ३५६ पुगेको छ । यो नेपालको सबैभन्दा ठूलो रोजगारदाता पनि हो । जसले कुल श्रमशक्तिको ८५ दशमलव ६ प्रतिशतलाई रोजगारी प्रदान गरेको छ ।

देशको श्रमशक्तिको ठूलो हिस्सा कृषि, वन र मत्स्यपालन ९५ हजार ७५० र सवारीसाधन मर्मत नौ लाख १२ हजारभन्दा बढी र थोक तथा खुद्रा व्यापारमा अधिक कार्यरत छन् । सबैखाले उद्योग मुख्यतः निजी क्षेत्रद्वारा सञ्चालित देखिन्छ । सन् २०१८ मा निजी क्षेत्रले लगभग साढे ६० लाख मानिसलाई रोजगारी दिएको थियो, जबकि सार्वजनिक क्षेत्रले चार लाख २७ हजार मानिसलाई रोजगारी दिएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ इन्टर नेसनल फाइनान्स कर्पोरेसनको संयोजनमा 'नेपालमा निजी क्षेत्रको अवस्था : योगदान र व्यवधान' नामक एक प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनले आर्थिक वर्ष ०११/१२ देखि ०२०/२१ सम्मको तथ्यांकलाई विश्लेषण गर्दै नेपालमा निजी क्षेत्रको योगदान र वर्तमान सन्दर्भको मूल्यांकन गरेको छ ।

२०४० को दशकमा प्रजातन्त्रको पुनःस्थापना भयो । सरकारले उदारीकरण, निजीकरण र विश्वव्यापीकरण नीति लागु गऱ्यो । त्यसपछि नेपालको विकासमा निजी क्षेत्रको भूमिका बढ्न थाल्यो । अझ वित्त, आतिथ्य, पर्यटन, शिक्षा र स्वास्थ्य, यातायातलगायत धेरै क्षेत्र निजी क्षेत्रविना नचल्ने भइसकेका छन् ।

आर्थिक विकासका सबै क्षेत्रमा योगदान गरे पनि निजी क्षेत्रमाथि हुने प्रहारहरू अझै रोकिएका छैनन् । निजी क्षेत्र प्रोत्साहित नहुने खालका नीतिहरू छँदै छन् । नेपाल पछि पर्नुको एउटा कारण निजी क्षेत्रलाई विश्वास गर्न नसक्नु हो । लगानीका विषयहरूमा प्रक्रियागत झन्झटहरू निरन्तर लादिएका छन् । त्यसलाई सहज-सरल बनाउनुको विकल्पमा थप अल्झनहरू गर्ने काम भइरहेको देखिन्छन् ।

लगानीमा प्रोत्साहन गर्नुको साटो त्यसलाई निराकरण गर्ने काम भइरहेको



छ । त्यसमा निजी क्षेत्रबाट निरन्तर आवाजहरू आइरहँदासमेत त्यसको बेवास्ता हुने क्रम निरन्तर छन् । यस्तो गतिविधिले हामीलाई दुर्घटनाको मुखमा पुऱ्याएको छ ।


आवधिक योजनामा निजी क्षेत्र पनि महत्वपूर्ण भनिँदै आएको छ । जब योजना कार्यान्वयनको समय हुन्छ ती विषय पछि पार्दै जाने काम हुन्छन् । दिगो विकासका लक्ष्यहरू पूरा गर्ने सन्दर्भमा अर्थात् नेपालको लक्ष्य निर्धारण गर्ने क्रममा नीतिगत रूपमै निजी क्षेत्र महत्वपूर्ण पार्टनर भनिएको छ । दिगो विकासका लक्ष्यहरू पूरा गर्न निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । भनेजसरी कार्यान्वयन भएको छैन । कार्यान्वयनमा नजानुको प्रभावहरू नेपालमा निरन्तर देखिएको छ । नेपाललाई गहन रूपमा हेर्ने हो भने एक किसिमबाट निजी क्षेत्रलाई प्रमोट गरिएको पनि छ । तर अर्को किसिमबाट हेर्ने हो भने त्यसलाई रोक्न पनि खोजिएको छ । यदि देशलाई आर्थिक समृद्धिबाट माथि लाने हो भने यो महत्वपूर्ण साझेदार रहेको महसुस गरेर अघि बढ्नुपर्छ । त्यो नीतिगत रूपमा मात्रै होइन व्यवहारमै हुनुपर्छ ।

निजी क्षेत्रले व्यावसायिक क्रियाकलाप बढाउन नीतिहरूदेखि दिगो विकासका लक्ष्यहरू पूरा गर्ने व्यावसायिक गतिविधि बढाउन ऐन, कानुन र नीतिहरू सुधार गर्नुपर्नेतर्फ तत्काल लागिहल्नुपर्छ । त्यसले देशलाई निकै पछि पारिरहेका छ । नेपाल अब अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै छ । त्यसको तरखरमा हामी लागिरहेको समय हो यो । त्यसलाई समेत विश्लेषण गरेर अघि बढ्नुपर्ने समय आएको छ । जसरी अहिले हामीले व्यापारको सिलसिलामा र आर्थिक सहयाताको सिलसिलमा सुविधाहरू ग्रहण गरिरहेका छौं । सुविधाहरूमा ह्रास आउँछ । साना तथा मझौला उद्यमी यसबाट बढी प्रभावित हुनेछन् ।

दक्ष जनशक्ति उत्पादनमा नेपालले अर्को विषयमा ध्यान दिनुपर्ने हुन्छ । मुलुकमा ११ प्रतिशत पूर्ण बेरोजगारी छ । अर्ध बेरोजगारीको संख्या झन् धेरै छ । यता, उद्योग व्यवसायले दक्ष जनशक्ति पाइरहेका छैनन् । उता वैदेशिक रोजगारीमा जाने ७४ प्रतिशत युवा अदक्ष छन् ।

**समाधान के ?**

नेपालमा विरलै आउने समस्या अहिले आएको छ । अर्थतन्त्र निराशामा गइरहेको छ । त्यसमा गाम्भीर्य खोइ ? यसलाई जति समय रहन दिइयो त्यति नै समय हामी पछि पर्दै जान्छौं । समाधानका लागि लागिहाल्नुपर्नेछ । त्यसका लागि ब्याजदर स्थायित्व, कर्जाको पुनःसंरचना र पुनर्तालिकीकरण आवश्यक छ । यससँगै निर्माण, उद्योग एवं साना उद्योगलाई पुनर्कर्जा आवश्यक छ । निकै प्राथमिकतामा राखेर अघि नबढेमा निकै पछि नै रहने देख्दछु ।



अर्को विषय भनेको देश चलायमान बनाउन र अर्थतन्त्रलाई सहयोग पुऱ्याउने भनेको सरकारको बजेट पनि हो । सरकारले पुँजीगत खर्च समयमै हुने हो भने अनुत्पादक खर्च घटाउनुपर्छ । स्रोत सुनिश्चितता नभएका अनावश्यक दायित्व सिर्जना हुने कार्यक्रम आगामी बजेटमा समावेश गरिनु हुँदैन । न्यून पुँजीगत खर्च रहनेगरी बजेटको आकार बढाउँदा राजस्वले धान्न कहाँबाट सक्छ र ? यस पक्षमा गम्भीर हुनपर्नेछ ।

यी विषयमा बहस नभएको भने होइन । संसद्देखि हरेक सेमिनार छलफलहरूमा यी विषयमा निरन्तर छलफल भइरहेका छन् । त्यसमा सुनुवाइ गरेको जस्तो मात्रै भइरहको छ । अब भने आँट गरेर नै कार्यन्वयनमा जानुपर्ने हुन्छ ।

हाम्रो देशमा रेमिट्यान्सको योगदान निकै महत्वपूर्ण रहँदै आएको छ । विगत केही वर्ष भयो अर्थतन्त्रको मेरुदण्ड बनेको छ । रेमिट्यान्स विशेष प्रवर्द्धन कार्यक्रममार्फत औपचारिक माध्यमबाट बढीभन्दा बढी रेमिट्यान्स भित्र्याउने योजना आवश्यक छ । देशभित्र विशेषगरी सानो आय भएका व्यक्तिले प्रयोग गर्ने रेमिट्यान्स सेवा जुन रोकिएको छ, त्यसलाई सञ्चालन गर्नुपर्छ ।

नेपालको अहिले राम्रो पक्ष भनेको बाहृय क्षेत्र सन्तोषजनक रहेकाले तत्काल मन्दीबाट बाहिर आउन सकिने खालका नीति अघि सार्नुपर्छ । त्यहीअनुसारको नीति बनाएर निजी क्षेत्रलाई अगाडि बढाउनुपर्छ । त्यसबाट आगामी रूपरेखा कोरेर त्यहीअनुसार नेपाललाई अघि सार्नुपर्ने हुन्छ । हामी ४० को दशकदेखि यी विषयलाई छलफलमा ल्याएका छौं । त्यसमा ‘सिरियस’ भने भएका छैनौं । त्यसकारण नेपाल सोचे जसरी अघि बढ्न नसकेको हो ।

नेपाललाई माथि लाने हो भने आफूसँग जुन स्रोत छ त्यसको उपयोग पनि गर्न सक्नुपर्छ । एक अध्ययनले यसको उपयोगबाट वार्षिक करिब दुई अर्ब डलर आर्जन गर्न सकिने सम्भावना देखाएको छ । वातावरणीय प्रभाव न्यूनीकरण गरी यी तुलनात्मक लाभका वस्तुलाई हामीले प्रवर्द्धन गर्नुपर्छ । उच्च मूल्य अभिवृद्धि हुने पर्यटन विकासका लागि बिजनेस र लिजर अर्थात् ब्लिजर पर्यटनलाई बढावा दिइनुपर्छ । प्रकृतिसँग नजिकिने पर्यटक बढ्ने हुँदा पर्यटन पूर्वाधार निर्माणमा सरकारी सहयोग आवश्यक छ ।

विगत १५ वर्षमा आधा घटेको अर्थतन्त्रमा उत्पादनमूलक उद्योगको हिस्सा बढाउन विशेष कार्यक्रम आवश्यक छ । यस्ता उद्योगलाई सहज र सस्तो दरमा बिजुली उपलब्ध गराई प्रतिस्पर्धी बनाउन सकिन्छ । नीतिगत र व्यवहारिक समस्या समाधानका उपाय अपनाउनुपर्छ । नेपालले नयाँ विषय छानेर अघि बढ्नेभन्दा पनि अहिले प्रयोगमा आएका क्षेत्रहरूलाई नै गाम्भीर्य देखाए हामीले चाहेर पनि विकास नभएको मुलुकलाई विकासको युगमा लैजान सकिन्छ ।



# बजेट (आर्थिक वर्ष २०७९/८०)

## १७ खर्ब ९३ अर्ब ३८ करोड

- चालु : ११ खर्ब ७३ अर्ब ९८ करोड
- पुँजीगत : ३ खर्ब ७० अर्ब ३६ करोड
- वित्तीय : २ खर्ब ४९ अर्ब ५० करोड

## खर्च | १४ खर्ब २० अर्ब ८५ करोड

- चालु : ९ खर्ब ९६ अर्ब ५८ करोड
- पुँजीगत : २ खर्ब ३४ अर्ब १६ करोड
- वित्तीय : १ खर्ब ९० अर्ब १० करोड

## कुल राजस्व | ९ खर्ब ५७ अर्ब १५ करोड

**कर राजस्व: ८ खर्ब ६५ अर्ब ६२ करोड**

**भन्सार : १ खर्ब ८२ अर्ब ५३ करोड**
- आयात: १ खर्ब ४२ अर्ब ७४ करोड
- निर्यात : ३५ करोड
- पूर्वाधार कर : २० अर्ब ५८ करोड
- भन्सारको अन्य आय : ८० करोड
- कृषि सुधार शुल्क : ७ अर्ब ४१ करोड
- सडक मर्मत तथा सुधार शुल्क: ७ अर्ब ४४ करोड
- सडक निर्माण तथा सम्भार दस्तुर: ३ अर्ब २० करोड

**मूअ करतर्फ : २ खर्ब ८६ अर्ब २० करोड**
- उत्पादन विक्री तथा सेवा: १ खर्ब १७ अर्ब ५३ करोड
- आयात : १ खर्ब ६८ अर्ब ६६ करोड

**अन्त:शुल्कतर्फ कुल: १ खर्ब ४३ अर्ब ७ करोड**
- आन्तरिक उत्पादन: १ खर्ब १० अर्ब ८८ करोड
- आयात: ३२ अर्ब १८ करोड

**आयकर तर्फ : २ खर्ब ५१ अर्ब ८२ करोड**
- आयकर: २ खर्ब १८ अर्ब ९० करोड
- ब्याजकर: ३२ अर्ब ९२ करोड

**शिक्षा सेवा शुल्क : २ अर्ब**

**गैरकर: ९१ अर्ब ५३ करोड**

## वैदेशिक व्यापार (रूपैयाँ)

| | |
|---|---|
| कुल आयात | १६ खर्ब ११ अर्ब ७३ करोड (-१६.०८%) |
| कुल निर्यात | १ खर्ब ५७ अर्ब १४ करोड (-२१.४४%) |
| व्यापार घाटा | १४ खर्ब ५४ अर्ब ५९ करोड (-१५.४५%) |

## शोधनान्तर स्थिति (रूपैयाँ)

- चालु खाता : ७२ अर्ब १६ करोडले बचत
- रेमिट्यान्स : १२ खर्ब २० अर्ब ५६ करोड (+२१.२%)
- शोधनान्तर स्थिति: २ खर्ब ९० अर्ब ५२ करोडले बचत
- विदेशी विनिमय सञ्चिति: १५ खर्ब ३९ अर्ब ३६ करोड (२६.६%)
- सञ्चिति पर्याप्तता: १० महिनाको आयात धान्न पर्याप्त
- विनिमय दर: १ डलर = रू. १३१.१७

## सार्वजनिक ऋण (रूपैयाँ)

- आन्तरिक ऋण : ११ खर्ब २५ अर्ब १८ करोड
- वैदेशिक ऋण : ११ खर्ब ७० अर्ब २४ करोड
- तिर्न बाँकी सार्वजनिक ऋण : २२ खर्ब ९९ अर्ब ३५ करोड
- प्रतिव्यक्ति सार्वजनिक ऋण : ७८ हजार
- डेट-टु-जीडीपी रेसियो: ४१.२%
- विनिमय दर: १ डलर = रू. १३१.१७

**मुद्रास्फीति: ७.७४%**

**नेप्से : २०९७ (+४.३८%)**

**यदि तपाई धितोपत्र (शेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।**

- धितोपत्रको मूल्यमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले धितोपत्रमा लगानी गर्दा मूल्य उतारचढाव सम्बन्धी उपयुक्त सूचना लिई संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीमा प्रतिफल तथा जोखिम दुवै हुने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तु स्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानी सम्बन्धी निर्णय गर्नुहोस । साथै आफ्नो जोखिम बहन गर्न सक्ने क्षमताको मूल्याकंन समेत गर्नुहोस् ।
- धितापत्रको प्राथमिक बजारमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्नुअघि धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र तथा विवरणपत्र मार्फत प्रवाहित जानकारीहरू मूख्यतया कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तीय स्थिति (नेटवर्थ, नाफा नोक्सान स्थिति, आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता कुराहरूको विश्लेषण गर्नुहोस् ।
- नेपाल धितोपत्र बोर्डमा दर्ता भएको तथा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत धितोपत्रमा मात्र लगानी गर्नुहोस् ।
- धितोपत्रको दोस्रो बजारमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, धितोपत्रको मूल्यमा प्रभाव पार्न सक्ने संवेदनशील सूचना जस्तै लाभांश घोषणा, हकप्रद शेयरको घोषणा, व्यबस्थापनमा परिवर्तन, भावी योजनाहरू, कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित वित्तीय सूचकांकहरू (Earning Per Share, Dividend Per Share, Price/Earning Ratio, Net Worth Per Share), पूँजी कोष अनुपात, निस्क्रिय कर्जा अनुपात आदि) धितोपत्रको मूल्य प्रवृत्ति, कम्पनीको साधारण सभाको निर्णय (माइन्यूट) जस्ता महत्वपूर्ण कुराहरूको अध्ययन गर्नुहोस् ।
- दोस्रो बजारमा कारोबार गर्दा कारोबार भएको दिनको दुई (२) दिन भित्रमा कारोबारको राफसाफ (T+2) हुनुपर्ने कुराको जानकारी लिनुहोस् ।
- आफूसंग भएको धितोपत्र (कागजी प्रमाणपत्र) लाई कारोबार योग्य बनाउन बोर्डबाट अनुमति प्राप्त निक्षेप सदस्यमार्फत अभौतिकीकरण गर्नुहोस् ।
- प्राथमिक बजारमा लगानी गर्न निक्षेप सदस्यकोमा हितग्राही खाता (Demat Account) खोली आफ्नो बैकं खाता रहेको बैंकबाट आस्वा वा सि-आस्वा रजिष्ट्रेशन नं. लिई अनलाईनबाट सहजरूपमा लगानी गर्नुहोस् । धितोपत्र बजारमा लगानी गर्न हितग्राही खाता (Demat Account) अनिवार्य गरिएको हुँदा, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड (सिडिएससी) तथा निक्षेप सदस्यसँग सम्पर्क राखी बैंक खाता सहितको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरूपमा भरी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् । आफूले खरिद गरेको धितोपत्र समयमै आफ्नो खातामा जम्मा भए/नभएको ध्यान दिनुहोस् ।
- धितोपत्र बजारमा देशको समग्र आर्थिक तथा राजनैतिक स्थितिले प्रत्यक्ष प्रभाव पार्ने भएकाले धितोपत्रमा लगानी गर्दा यसप्रति समेत सजग रहनुहोस् ।
- धितोपत्रको दास्रो बजारबाट कारोबार गर्दा सिधै नेप्सेको विद्युतीय कारोबार प्रणाली वा बोर्डबाट अनुमति प्राप्त धितोपत्र दलाल तथा तिनको शाखा कार्यालयबाट मात्र गर्नुहोस् ।
- धितोपत्र कारोवारमा रकमको लेनदेन गर्दा बैंक तथा वित्तीय संस्था मार्फत मात्र गर्नुहोस् ।
- लगानी विविधिकरण (Investment Diversification) बाट लगानीमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न सघाउ पुग्ने हुँदा लगानी विविधिकरणमा ध्यान दिनुहोस् ।
- दीर्घकालीन रूपमा गरिने लगानीले जोखिमको संभावनालाई न्युन गराउने हुँदा लगानी गर्दा यस तथ्यलाई समेत मनन गर्नुहोस् ।
- पूँजी बजार सम्बन्धी नीति, नियम तथा निर्देशनहरूले धितोपत्रको मूल्यमा असर पार्ने भएकाले सुसूचित निर्णयका लागि बोर्ड, नेप्से, नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय तथा बीमा समितिको वेबसाइट हेर्ने गर्नुहोस् ।
- लगानीकर्ताहरूलाई पूँजीबजार सम्बन्धी साक्षर बनाउने उद्देश्यले बोर्डले समय समयमा आफ्नो कार्यालयमा तथा विभिन्न जिल्लाहरूमा लगानीकर्ता सचेतनामुलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएकोमा त्यस्तो कार्यक्रमा सहभागी हुनुहोस् ।
- बोर्डबाट रेडियो नेपालमार्फत प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७.४० देखि ७.५५ सम्म सञ्चालन गरिने धितोपत्र तथा वस्तु विनिमय रेडियो कार्यक्रम सुनेर बजार सम्बन्धी जानकारी लिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा जिम्मेवारी सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन नियम, कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन नियमहरूको साथै बोर्डबाट भएका व्यवस्थाहरूबारे जानकारी राख्न धितोपत्र सम्बन्धी ऐन नियमहरू र अन्य व्यवस्थाको जानकारी बोर्डको वेबसाइट (www.sebon.gov.np) तथा बोर्डको सम्बन्धित प्रकाशनमार्फत समेत हेर्नुहोस् ।

धितोपत्रमा लगानी सम्बन्धमा कुनै जिज्ञासा, गुनासा तथा उजुरीहरू भएमा बोर्डको वेवसाईटमा रहेको Grievance button मार्फत वा टोल फ्रि.नं. १६६०-०१-४४४३३ (नि:शुल्क) वा हटलाइन नं ५५४४०७६ वा gunaso@sebon.gov.np मार्फत वा बोर्डको ठेगानामा पठाउनुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, खुमलटार, ललितपुर
फोन: ०१-५५४१०५७, ५५५११६२, ५५४४०७७, ५५५०५११
फ्याक्स: ०१-५५४१०५८ टोल फ्रि.नं. १६६०-०१-४४४३३
ईमेल ठेगाना: **support@sebon.gov.np**
वेबसाइट: **www.sebon.gov.np**





राजेश अग्रवाल

# विश्वस्तरीय अटोमेसनको आकांक्षा भेट्न पनि निजी लगानी

**पूर्ण अटोमेसन बृहत् परिमाणको 'इकोनोमिज अफ स्केल'सँग अन्तरसम्बन्धित भएकाले हाम्रो बजारको आकार र लगानी दुवै दृष्टिले तत्काल हामीलाई पूर्ण अटोमेसनमा जान व्यावसायिक तथा वित्तीय दृष्टिले सम्भव र आवश्यक दुवै छैन ।**

कुनै पनि काम वा प्रक्रियामा परम्परागत श्रममाथिको निर्भरता घटाउँदै लैजानु नै अटोमेसन (स्वचालन) हो । अटोमेसन त्यतिबेला अर्थपूर्ण हुन्छ जब त्यसले कम समयमा प्रक्रियालाई सहज र सरल बनाउँदै उत्पादकत्व बढाउँछ, चाहे त्यो सार्वजनिक निकायहरूले नागरिकलाई प्रवाह गर्ने सेवाको सवालमा होस् वा उद्योग व्यवसाय सञ्चालनको क्षेत्रमा । संक्षेपमा अटोमेसनको सम्बन्ध तुलनात्मकरूपमा उन्नत नतिजासँग जोडिएको हुन्छ, जसले उत्पादकत्व र प्रभावकारिता बढाउँछ, विकास र समृद्धिमा सघाउँछ । यसैले देशमा विभिन्न क्षेत्रमा जति धेरै अटोमेसन हुन्छ त्यति नै नागरिकहरूले पाउने सेवा सुविधाहरूको स्तरदेखि समग्र उत्पादकत्वसम्ममा सुधार हुँदै जान्छ ।

नेपालमा केही सरकारी निकायहरूमा पछिल्ला वर्षमा अटोमेसन प्रक्रिया अघि बढाइएको भए पनि त्यसमा पूर्ण अटोमेसन नहुँदा सार्वजनिक सेवा प्रवाहको स्तर चुस्त र झन्झटरहित हुन सकेको छैन । उदाहरणका लागि कम्पनी रजिस्ट्रारको कार्यालय, राहदानी विभाग, यातायात व्यवस्था कार्यालय, मालपोतलगायत कुनै पनि हेरौं, अटोमेसनमा गएको भनिए पनि सम्बन्धित व्यक्ति ती कार्यालय नपुगी काम वा प्रक्रिया पूरा हुँदैन । नागरिकले खोजेका आफ्ना विवरणहरू छिट्टै भेट्ने अवस्थामा छैनन् । धेरैजसो कागजातहरू अझै पनि डिजिटाइज गरिएका छैनन् । अलिक धेरै पुराना कतिपय दस्तावेजहरूको त अभिलेख समेत सायद नभेटिएला । यसो भन्दै गर्दा नेपालमा चाहे सेवा प्रवाह भनौं वा वस्तु उत्पादन, अटोमेसनको दृष्टिबाट बिल्कुलै परिवर्तन नभएको पनि होइन । तर कतिपय सामान्य स्वचालनबाट समाधान हुने स-साना समस्याहरू भने वर्षौंदेखि ज्युँकात्युँ अवस्थामा रहनु भने निराशाजनक छ ।

अटोमेसनको सवालमा निजी क्षेत्र भने केही बढी अग्रसर देखिन्छ । उद्योगी व्यवसायीको उद्देश्य आफ्नो वस्तु तथा सेवाबाट ग्राहकलाई बढीभन्दा बढी सन्तुष्टि प्रदान गर्ने हुन्छ । यसका लागि उत्पादनमा सम्भव भएसम्म पर्फेक्सन ल्याउनुपर्ने हुन्छ भने त्यसमा अटोमेसन महत्वपूर्ण रहन्छ । यसकारण उद्योगहरूमा निक्कै वर्षदेखि अटोमेसनको अभ्यास हुन थालेको हो । किनभने उद्योगीको ध्येय न्यूनतम (अथवा उपलब्ध) स्रोतसाधनको प्रयोगबाट अधिकतम उत्पादकत्व हासिल गर्ने भन्ने हुन्छ, ताकि व्यवसायमा उच्चतम लागत प्रभावकारिता कायम होस् । म आफैं पनि उद्योग क्षेत्रमा अटोमेसन अवलम्बन गर्ने पुस्तामा नै पर्छु । मैले यस उद्योगमा प्रवेश गर्दादेखि नै मेसिन तथा उपकरणहरू राख्दा पूर्ण अटोमेसन नभए पनि आंशिक अटोमेसनलाई ध्यानमा राखेर नै खरिद तथा जडान गरिन्थ्यो । त्यतिबेला जडान गरिएका मेसिन अहिलेसम्म पनि प्रयोगमा नै छन् । यसको अर्थ, झन्डै २०-२५ वर्षअघि दशकभन्दा अघिका प्लान्टहरूले अहिलेको औद्योगिक पुस्ताको अटोमेसनमा पनि सान्दर्भिक नै छन् । उदाहरणका लागि नेपालमा पछिल्लो चरणमा आएका सिमेन्ट उद्योगहरूलाई लिन सकिन्छ । नयाँ पुस्ताका अधिकांश सिमेन्ट प्लान्टहरू युरोपेली प्रविधिका छन्, जुन संसारका धेरै



देशमा अहिले अभ्यासमा रहेको अटोमेसनसहितको प्रविधि हो । डन्डी, जस्तापातालगायतका फलाममा आधारित उद्योगहरू पनि प्राविधिकहरूमा धेरै नै स्वचालित भइसकेका छन्, भलै पूर्ण अटोमेसनमा ती गइसकेका छैनन् । उत्पादन तथा सञ्चालन प्रक्रिया एसेम्बी लाइनमा आधारित भएका अन्य थुप्रै उद्योगहरूको अवस्था यही छ ।

पूर्ण अटोमेसन बृहत् परिमाणको 'इकोनोमिज अफ स्केल' सँग अन्तरसम्बन्धित भएकाले हाम्रो बजारको आकार र लगानी दुवै दृष्टिले तत्काल हामीलाई पूर्ण अटोमेसनमा जान व्यावसायिक तथा वित्तीय दृष्टिले सम्भव र आवश्यक दुवै छैन । यद्यपि अटोमेसनको हालको अवस्थामा थोरै सुधार गर्न नसकिने भने होइन । बदलिँदो विश्व परिदृष्य, अटोमेसनको लय र भविष्यमुखी दिशालाई दृष्टिगत गर्ने हो भने अबको पुस्ताको अटोमेसन धेरै हदसम्म अत्याधुनिक सूचनाप्रविधिमा आधारित, स्वच्छ ऊर्जा केन्द्रित र मोर्डन रोबोटिक प्रविधियुक्त हुन सक्ने देखिन्छ । विकसित अर्थतन्त्रहरूमा सेवा क्षेत्रमा समेत सूचनाप्रविधिदेखि रोबोटिक अटोमेसनसम्मको प्रयोग निक्कै बढ्दो छ । एसियाका जापान, दक्षिण कोरियालगायतका मुलुकमा पनि यसको अभ्यास व्यापक छ । त्यस्ता मुलुकले सार्वजनिक सेवा प्रवाहको स्तरसमेत आफ्नै विगतको अवस्था सम्झनै नसक्ने गरी कायापलट गरिसकेका छन् । औद्योगिक क्षेत्रको हकमा पनि एसेम्ब्ली लाइनमा आधारित अटोमोबाइललगायतका अन्य थुप्रै उत्पादन उद्योगहरू ९० प्रतिशत हाराहारी वा त्योभन्दा पनि केही बढी अटोमेसनमा पुगिसकेका छन् । खाद्य प्रशोधनदेखि मूल्य शृङ्खलाका विभिन्न चरण र कृषि फार्मसम्मै अत्याधुनिक मेशिन तथा उपकरणको प्रयोग व्यापक भइसकेको छ ।

यस किसिमले अटोमेसनको तीव्र रफ्तार र त्यसमा पनि दैनन्दिनजसो सुधार गर्दै गएका मुलुकहरूलाई बेञ्चमार्क मान्ने हो भने त हामी आजको विन्दुमा निक्कै पछाडि रहेको सत्य हो । तथापि, त्यति धेरै निराश हुनुपर्ने अवस्था छैन । विश्वले अनुसन्धान तथा विकासमा वर्षौंको अवधि र अर्बौं डलर खर्चिएर आज विश्व बजारमा तयारी अवस्थामा उपलब्ध धेरै प्रविधिमा हामी सहजै पहुँच बनाउन सक्छौं । मात्र कुन प्रविधि कहाँ कस्तो प्रयोजनमा अपनाएर सेवा प्रवाहको रफ्तार, कुशलता, प्रभावकारिता र पारदर्शितामा सुधार ल्याउन सकिन्छ, त्यसको यकिन र समयसापेक्ष अवलम्बन गर्नुपर्‍यो । यस्तै, प्रविधिको प्रयोगबाट अटोमेसनमा सुधार ल्याएर राष्ट्रिय उत्पादकत्वमा एक किसिमको छलाङ ल्याउन सकिने सम्भावना पनि छँदैछ ।

तर यसका लागि सबैभन्दा महत्वपूर्ण पक्ष निजी क्षेत्रको लगानी हो । सरकारले सार्वजनिक सेवालाई सहज, सुलभ, पारदर्शी र विश्वसनीय बनाउन लागि अटोमेसनमा लगानी गर्नुपर्छ । अर्थतन्त्रमा अन्य महत्वपूर्ण योगदान र सम्भावना भएका क्षेत्रलाई इन्जिनका रूपमा प्रभावकारी बनाउने र त्यसबाट राष्ट्रिय उत्पादकत्वमा बढीभन्दा बढी योगदान पुऱ्याउने निजी क्षेत्रको लगानीबाटै हो । निजी लगानीकर्ता सक्रिय रहेका क्षेत्रमा लगानीको प्रभावकारिता र उत्पादकत्व बढाउन के-कस्तो अटोमेसन तथा प्रविधि आवश्यक पर्छ भन्नेमा उनीहरू आफैं चनाखो छन् । आर्थिक गतिविधि उद्वेलित बनाउने र उद्योग-व्यवसायमैत्री वातावरण भए निजी क्षेत्रले खुलेर लगानी अगाडि बढाउँदै जाँदा अटोमेसन पनि स्वाभाविक प्रक्रियाका रूपमा त्यसमा समेटिँदै जान्छन् । मात्र यसरी लगानीका लागि प्रोत्साहित गर्न सरकारले नीतिगत, प्रशासनिक र अन्य पूर्वाधारसहितको अनुकूल वातावरण बलियो बनाउनुपर्छ, हामीले चाहेको पनि त्यही हो । यसरी नै निजीक्षेत्र परिस्कृत, सक्षम, सबल र प्रतिस्पर्धी बन्दै जाने हो । अन्यथा निजीक्षेत्रले निर्धक्क लगानी गर्न सक्ने अवस्था निर्माण नभए विश्वस्तरका अटोमेसनको आकांक्षा भेट्न सकिँदैन ।






। वीरेन्द्रकुमार मिश्र




# अटोमेसन : बहसमा एउटा ब्लू प्रिन्ट

**विश्वमा र नेपालको सन्दर्भमा पनि अटोमेसनलाई सुरुमा कम्प्युटराइजेसन भन्ने चलन थियो । जुन अटोमेसनको पहिलो चरण हो । विभिन्न कम्पनीहरूले लोकल एरिया नेटवर्कमा सर्भर राख्ने, त्यहाँ दुई चारओटा कम्प्युटर जोड्ने र आफ्नो एउटा फङ्क्सनका लागि अटोमेसन सफ्टवेयर बनाएर अपरेटरहरूले सञ्चालन गर्ने तथा प्रयोगकर्ताहरूले प्रयोग गर्ने गरिन्थ्यो ।**

अटोमेसन प्रविधि वेबमा आधारित स्वचालित कार्यालय प्रणाली हो । यसमा कार्यालयका सबै प्रकारका काम कारबाहीहरू कम्प्युटरकृत हुन्छन् । यसलाई कागजरहित कार्यालय प्रणालीको रूपमा पनि परिभाषित गरिन्छ । सफ्टवेयर, हार्डवेयर तथा प्रोसेसिङ गरेर कुनै निकायको लागि बिजनेस अटोमेसन गर्न सकिन्छ ।

दिन प्रतिदिन नयाँनयाँ प्रविधिको विकास हुँदै जाँदा अटोमेसनको परिभाषा पनि समयानुसार परिवर्तन भइरहेको छ । आजभन्दा २०/२५ वर्षअघि र अहिलेको अटोमेसनको अवधारणामा निकै नै परिवर्तन भएको देखिन्छ । पहिला हार्डवेयरहरू पनि सीमित मात्रामा उपलब्ध थिए । नेटवर्किङको अवस्था पनि त्यस्तै थियो ।

नेपालका कार्यालयहरूमा पूर्ण अटोमेसन कल्पना बाहिरकै कुरा थियो । त्यसबेला विश्वका विकसित राष्ट्रहरूलाई समेत पूर्ण अटोमेसनमा जान गाह्रो थियो । हामीले प्रयोग गर्ने धेरैजसो उपकरण डिजिटल उपकरण हुन् । डिजिटाइजेनको प्रक्रिया प्रयोग गरिएका छन् । हामीले धेरै अघिदेखि प्रयोग गरिआएको कम्प्युटर, टेलिभिजन, मोबाइल, डिजिटल घडी, क्यामेरा सबैमा डिजिटाइजेसनको प्रयोग भएको छ । हामी यसरी प्रत्यक्ष-परोक्षरूपमा डिजिटल संसारमा घुमिरहेका छौं । तर पूर्ण अटोमेसन तथा डिजिटाइज भने केही वर्षअघिबाट मात्र अभ्यास गरिएको हो ।

विश्वमा र नेपालको सन्दर्भमा पनि अटोमेसनलाई सुरुमा कम्प्युटराइजेसन भन्ने चलन थियो । जुन अटोमेसनको पहिलो चरण हो । विभिन्न कम्पनीहरूले लोकल एरिया नेटवर्कमा सर्भर राख्ने, त्यहाँ दुई चारओटा कम्प्युटर जोड्ने र आफ्नो एउटा फङ्क्सनका लागि अटोमेसन सफ्टवेयर बनाएर अपरेटरहरूले सञ्चालन गर्ने तथा प्रयोगकर्ताहरूले प्रयोग गर्ने गरिन्थ्यो ।

अहिले अटोमेसन भन्नाले कुनै पनि निकायको बिजनेस प्रक्रिया नै अटोमेट गर्नु हो भन्ने बुझिन्छ । क्लाइन्टको हिसाबले, इन्टरप्राइज तथा सरकारको हिसाबले पनि अटोमेसन हुनुपर्छ । अटोमेसनमा म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (एमआईएस) तथा सपोर्ट सिस्टमलाई महत्वपूर्ण विषयको रूपमा लिइन्छ ।

त्यस्तै, डिजिटाइजेसनको कुरा गर्दा कागजमा वा भौतिकरूपमा भएको डाटालाई डिजिटाइज गर्ने अर्थात् 'बाइनरी सिस्टम'अनुसार जिरो-वान भर्सनमा राख्नु हो । सामान्य अर्थमा डिजिटाइजेसन भनेको कम्प्युटर वा विभिन्न उपकरणले बुझ्ने भाषामा सूचना राख्ने तथा प्रोसेस गर्नु नै हो । यो एउटा प्रक्रिया हो । जसबाट शब्द, चित्र तथा ध्वनि डिजिटल स्वरूपमा प्रविष्ट भएर बस्छन् ।

उपकरणमा राखिएको जानकारी 'डिजिटल' ढाँचामा रूपान्तर भएर बस्छ । यसरी राखिएको डाटालाई हेर्न, प्रयोग गर्न तथा भण्डारण गर्न, स्थानान्तरण गर्न, जानकारी लिन सकिन्छ । जस्तो; नेपाल सरकारमा राष्ट्रिय परिचयपत्र, इ-पासपोर्ट (एमआरपी), इमिग्रेसन, राजस्व विभागलगायतलाई डिजिटाइजेसनको अभ्यासको उदाहरणका रूपमा लिन

सकिन्छ । यी सरकारी कार्यालयका प्रणालीहरू विभिन्न चरणमा तयार भएका हुन् ।

अटोमेसनले कुनै पनि कार्यालयले दिने सेवालाई चुस्तदुरुस्त र सहज बनाउँछ । सेवामा पारदर्शिता आउनुका साथै उत्पादकत्वमा पनि वृद्धि हुन्छ । जनताले सोचेअनुसारको सेवा उपभोग गर्न पाउँछन् भने कर्मचारीले आफ्नो दक्षताअनुसारको काम गर्न पाउँछन् ।

त्यस्तै, डिजिटलाइजेसन प्रविधिको अर्को पाटो हो । उदाहरणका लागि कुनै एउटा बैंकको सूचनालाई लिन सकिन्छ । सो बैंकले उपलब्ध गराउने बैंकिङ सुविधा पूर्णरूपमा डिजिटल प्रक्रियाबाट दिइएको छ भने त्यो नै डिजिटलाइजेसन हो ।

डिजिटलाइजेसनमा ग्राहकले चाहेअनुसार सबै प्रकारका सुविधा अनलाइनमै उपलब्ध हुन्छ । साथै, बैंकको व्यवस्थापन पनि अनलाइनबाटै सुरु भएको अवस्थालाई पूर्ण अटोमेसनको रूपमा लिन सकिन्छ । नेपाल सरकारमा हाल राष्ट्रिय परिचयपत्र, एमआरपी, इमिग्रेसन, राजस्व विभाग र सञ्चारले पूर्ण अटोमेसन सेवा सञ्चालन गरिरहेका छन् ।

**अटोमेसनमा नेपाल**

नेपालले २०२८ सालको राष्ट्रिय जनगणनामा कम्प्युटरको प्रयोगबाट डिजिटल यात्राको थालनी गर्‍यो । आन्तरिक राजस्व विभागले २६ वर्षको अन्तरालमा डिजिटलाइजेसनमा प्रगति नै गरेको देखिन्छ । विभागमा सुरुमा अधिकतम एक सय २८ केबीपीएस इन्टरनेटमा काम गरिएको थियो । त्यसमा पनि डाटा ट्रान्सफर गर्न एकदम गाह्रो थियो । कनेक्टिभिटीको कुरा गर्दा पहिला केबीपीएसमा भर पर्दथ्यौँ । अहिले हामी एमबीपीएसको कुरा गर्छौं ।

त्योबेला बनेको सफ्टवेयर समयसमयमा अपग्रेड पनि गरिरहेका छौँ । अझै पूर्ण अटोमेसनमा जान भने सकिएको छैन । कर व्यवस्था र प्रशासकहरूको कार्यशैली राम्रो नभएको कुरा उठिरहेको छ । पुराना सफ्टवेयरका सिस्टम नै रि-डिजाइन गर्नुपर्ने अवस्था छ । पहिला तयार गरिएका सफ्टवेयरहरू त्यो समयका लागि ठीक थिए । अहिले आर्टिफिसियल इन्टेलिजेन्स, मेसिन लर्निङ, क्लाउड कम्प्युटिङ, बिग डाटालगायतको अवधारणा आएको छ । यस्तो अवस्थामा बिजनेस प्रोसेस रिइन्जिनियरिङ गर्नुपर्ने अवस्था छ । त्यसमा आन्तरिक राजस्व विभागले पहल गरेको देखिन्छ ।

रि-डिजाइनका लागि सबैभन्दा महत्वपूर्ण विषय बिजनेस इन्फ्रास्टक्चर (व्यावसायिक पूर्वाधार) हो । त्यसमा इन्टेलिजेन्स सिस्टम कसरी बनाउने, कसरी एउटा करदाताले लगइन गर्नासाथ आफ्नो सामान्य जानकारीसहितका डाटा एक्सेलमा राखेर ट्याक्स रिटर्न फण्ड, डी-वान, डी-टु अटोमेटिक जेनेरेट गर्नेजस्ता इन्टेलिजेन्स सिस्टम हुनुपर्छ । जस्तो, मैले आफ्नो डेबिट वा क्रेडिट कार्ड राखे खर्च तथा आय सिस्टमले नै बनाउनुपर्छ । सिस्टमले नै यो अमूक क्षेत्रमा यस्तो जोखिम छ भनेर देखाउनुपर्ने हो । एआई, डाटा साइन्स, डाटा इन्जिनियरिङको कुरा यस्तै व्यवस्थाबाट सुरु हुने हो । यस्तो सुविधाले जुन प्रकारको करले गर्दा आफ्नो आयकर वा मूल्य अभिवृद्धि कर (भ्याट) बढी जोखिममा छ, त्यसलाई पत्ता लगाएर अटोमेटिक जेनेरेट गर्न सघाउँछ । यसले सेवाग्राही र सेवा प्रदायक दुवैको समय तथा खर्चमा कटौती गरी उत्पादकत्व बढाउन मद्दत गर्छ ।

इ-गभर्नेन्सको कुरा गर्दा विश्वमा विशेष गरी कोरिया, फिनल्याण्ड, डेनमार्कको इ-गभर्नेन्स उत्कृष्टमा गनिन्छ । ई-गभर्नेन्सका लागि हामीलाई चाहिने पहिलो कुरा राष्ट्रिय परिचयपत्र अर्थात् नेसनल आईडी हो । अहिलेको अवस्थामा

**राष्ट्रिय परिचयपत्र होस वा लाइसेन्स तथा पासपोर्टमा हाम्रो आफ्नो नियन्त्रण छैन । देश बाहिरको जनशक्तिमा नै भरपर्नु परेको छ । त्यसैले अब इन्टरप्राइज सोलुसनमा जानुपर्ने देखिएको छ । यस्ता काममा नेपाली कम्प्युटर इन्जिनियरलाई नै सहभागी गराउन पाए धेरै कुरामा सहज हुन्छ ।**

परिचयपत्रभन्दा पनि 'भाइटल रजिस्ट्रेसन' बढी आवश्यक देखिएको छ । भाइटल रजिस्ट्रेसनमा जन्म हुनासाथ जन्मदर्ता हुनुपर्ने, त्यसको युजर नम्बर लिएर जन्मदेखि मृत्युसम्मका घटना त्यसमा समावेश हुनुपर्छ । राष्ट्रिय परिचयपत्रलाई फाउन्डेसनल आईडीको रूपमा राख्नुपर्ने हुन्छ । यहाँ फाउन्डेशन अर्थात् आधार भन्नाले राष्ट्रिय परिचयपत्रलाई नै बुझाउँछ । भाइटल रजिस्ट्रेसनको आधारमा राष्ट्रिय परिचयपत्र अपग्रेड हुनु आवश्यक छ ।

दोस्रो भनेको सरकारको डाटा सेन्टरको व्यवस्थापन साह्रै फितलो छ । डाटा सेन्टरमा 'रिडन्डेन्सी' हुनुपर्ने हो । काठमाडौंको डाटा सेन्टरमा समस्या आउँदा हेटौंडाको डाटा सेन्टरले अटोमेटिकरूपमा काम गर्नुपर्ने हुन्छ । डाटा सेन्टरमा समस्या आउँदा इमिग्रेसनमा २/३ घण्टा लाइनमा बस्नुपरेको अवस्था पटकपटक आइरहेको छ । यसले हामीलाई त दुःखी बनाउँछ नै विदेशी पर्यटकहरूको अगाडि शीर निहुर्‍याउनुपर्ने अवस्था छ । जस्तो गुगलको सेवा कहिलै बन्द भएको सुनिँदैन नि, त्यस्तै हाम्रो डाटा सेन्टर पनि चौबिसै घण्टा चलेको हुनुपर्छ । त्यसका लागि क्लाउड कम्प्युटिङ आर्किटेक्चरको हिसाबमा जानु उपयुक्त हुन्छ । काठमाडौंको डाटा सेन्टरमा समस्या आयो भने हेटौंडाको डाटा सेन्टरबाट अटोमेटिक सेवा दिनुपर्ने व्यवस्था हुनुपर्छ ।

एउटा डाटा सेन्टर बन्द हुँदा अर्को हुने सिस्टमका लागि अरू पनि डाटा सेन्टर तयार गर्नु आवश्यक छ । त्यस्तै, क्लाउड कम्प्युटिङ तथा आर्टिफिसियल इन्टेलिजेन्सको हिसाबमा जानुपर्छ । यसरी ई-गभर्नेन्सका लागि राष्ट्रिय परिचयपत्र, डाटा सेन्टर तथा अर्को ट्रान्जेक्सन (लेनदेन)मा सुरक्षाको प्रत्याभूति आवश्यक छ । नेपाल सरकारअन्तर्गतको प्रमाणीकरण नियन्त्रणको कार्यालय, पब्लिक कि इन्फ्रास्टक्चर डिजिटल सिग्नेचरका लागि एउटा प्राइभेट निकायलाई जिम्मा दिएको छ । डिजिटल सिग्नेचर वितरण, उत्पादन, डाटा तथा सर्भरले गर्छ । नियमनको जिम्मा भने प्रमाणीकरणको कार्यालयको हो ।


**अटोमेशन चुनौती ?**

नेपाल सरकारले 'सूचना प्रविधि प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०७२' जारी गर्‍यो । सो निर्देशिकाले विद्युतीय माध्यमबाट सरकारी कार्य सञ्चालन तथा सेवा प्रवाह गर्न आवश्यक सूचना प्रविधि प्रणालीको संरचनामा एकरूपता कायम गर्न मानकीकरण गर्न त्यस्ता सूचना प्रविधि प्रणालीहरूको अन्तरसञ्चालन हुने व्यवस्था र आवश्यक व्यवस्था गर्न सहयोग पुर्‍याउने लक्ष्य राखेको थियो । तर सोअनुसार कार्यान्वयन भएको पाइँदैन । त्यसको आधारमा हरेक सरकारी निकायले कुनै नियम बनाउँदा एउटा मापदण्डअनुसार गभर्मेन्ट इन्टरप्राइज आर्किटेक्चर (जीए)अनुसार बनाउनुपर्छ । जुनसुकै सरकारी निकायले काम गर्दा इन्टरप्राइज सोलुसनको रूपमा विकास गर्नु आवश्यक छ । इन्टरप्राइज सोलुसनअनुसार खास समस्या के हो, त्यसलाई पत्ता लगाएर त्यहीअनुसार समाधान गर्न सकिन्छ । समस्या डाटा सेन्टरमा नै आएको हो या एप्लिकेसन वा सुरक्षाको हो, त्यो पत्ता लगाएर समाधान गर्न सकिन्छ । यसमा सबै कार्यहरूलाई वैज्ञानिक तवरले परिभाषित गरिएको हुन्छ जसले गर्दा समय र बजेट कम लाग्छ ।

तर हाम्रो देशमा हालसम्म त्यस्तो अभ्यास नै गरिएको छैन । राष्ट्रिय परिचयपत्र होस वा लाइसेन्स तथा पासपोर्टमा हाम्रो आफ्नो नियन्त्रण छैन । देश बाहिरको जनशक्तिमा नै भरपर्नु परेको छ । त्यसैले अब इन्टरप्राइज सोलुसनमा जानुपर्ने देखिएको छ । यस्ता काममा नेपाली कम्प्युटर इन्जिनियरलाई नै सहभागी गराउन पाए धेरै

कुरामा सहज हुन्छ । नेपाली जनशक्ति प्रयोगमा ल्याउँदा एक त उनीहरूले रोजगारी पाउँछन्, अर्को समस्या आएको अवस्थामा तत्काल समाधान गर्न सकिन्छ । नेपाली इन्जिनियर हरूलाई सफ्टवेयर विकास, डिजाइन, अध्ययन तथा सपोर्टमा सहभागी गराउन सकिन्छ । यसका लागि सरकारी इन्जिनियर नै हुनुपर्छ भन्ने जरुरी छैन, निजी क्षेत्रबाट उत्कृष्ट जो कोहीलाई पनि छान्न सकिन्छ ।

अहिले लाइसेन्समा समस्या आयो भने मद्रास सेक्युरिटी प्रिन्टिङसम्म पुग्नपर्ने अवस्था छ । जसले गर्दा समस्याको समाधान तत्काल गर्न असम्भव हुन्छ । सरकारले ल्याएको नागरिक निहित सेवालाई मध्यनजर गरेर बनाउँदा उपयुक्त हुन्छ । त्यसो त नागरिकहरू वा सेवाग्राही अशिक्षित हुँदा तथा साक्षर वा शिक्षितहरूको पनि प्रविधिमा पहुँच नहने समस्याले गर्दा अटोमेसन लागू गर्दा विभिन्न समस्या आएको छ । प्रविधिको प्रयोग गर्न नजान्दा गोपनीयता भंग हुने, सूचनाको चोरी हुने, प्रविधिमाथि निर्भरता बढेर सिर्जनशीलता हराउने डर पनि हुन्छ ।



## अटोमेसनका लागि गरिएका प्रयास

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले डिजिटलाइजेसन सम्बन्धमा आफ्नो अवधारणासहित 'डिजिटल नेपाल फ्रेमवर्क २०७६' तयार गरेको छ । डिजिटल प्रविधिको अधिकतम उपयोग गरी विकास र समृद्धिका लक्ष्यहरू हासिल गर्ने उद्देश्यसहित यो फ्रेकवर्क तयार गरिएको थियो । व्यापक क्षेत्र सामेल गरी तयार गरेको उक्त फ्रेमवर्कले विभिन्न आठवटा मुख्य क्षेत्र डिजिटल फाउन्डेसन, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, वित्त, पर्यटन र सहरी पूर्वाधार तथा ८० वटा उपक्षेत्रलाई समेट्ने कोसिस गरेको छ । यसरी हेर्दा सरकारले प्राथमिकता तोकेको क्षेत्रमा 'डिजिटलाइजेसन' भएमा पक्कै पनि हाम्रो समस्त काम गर्ने शैली र सेवा प्राप्त गर्ने क्षेत्रमा उल्लेख्य प्रगति हुने विश्वास गर्न सकिन्छ । व्यापक तयारी, ठूलो धनराशि, सरकार तथा निजी क्षेत्रको प्रतिबद्धता तथा हामी सेवाग्राहीको मानसिकता तथा प्रविधिप्रतिको विश्वासमा भर पर्दछ ।

डिजिटलाइजेसनबाट आएको परिवर्तनको उदाहरणका रूपमा सेयर बजारको कार्यशैलीलाई लिन सकिन्छ । जहाँ सेयर अभौतिकीकरणलगायत सेयर निष्काशन, प्राथमिक बजारमा दिने निवेदन, बाँडफाँट, सेयर रकम भुक्तानी, दोस्रो बजारमा खरिद-बिक्री, सेयर स्वामित्व कायम, स्वामित्व हस्तान्तरण, पोर्टफोलियोको विवरण, बैंक खाताको प्रयोग आदि सबैजसो कार्य स्वचालित हुन्छन् । यसरी स्वचालित हुनुका पछाडि यहाँ राखिएको तथ्याङ्कहरू डिजिटलस्वरूपमा भएकाले सम्भव भएको हो । यदि यही कुरा भौतिक (फिजिकल)रूपमा थियो भने सबै कार्यको पछाडि व्यक्ति आफैँ दौडनुपर्ने हुन्थ्यो, जहाँ समय र श्रम दुवै नोक्सान हुन्थ्यो । त्यसैले डिजिटाइजेसनले काम गर्ने शैलीमा ठूलो परिर्वतन ल्याउन सम्भव भएको छ । अटोमेसनमा जानभन्दा पनि बढी चुनौती अपग्रेड गर्न हुन्छ । सिस्टम लागू गरेपछि पनि नयाँ इनोभेटिभ आईडियाहरू ल्याउन आवश्यक हुन्छ ।

## अटोमेसनमा उपलब्धि

सुरुमा त नेतृत्वमा नै समस्या देखिन्छ । नेतृत्वको प्रतिबद्धता नभई कुनै क्षेत्रको पनि विकास हुँदैन । हामीले कुनै राजनीतिक नेतृत्वलाई मात्र दोष दिन हुँदैन । जस्तो; कुनै मन्त्रालय छ भने मन्त्री, विभाग छ भने महानिर्देशक नेतृत्वमा हुन्छन् । नेतृत्वलाई कन्सेप्ट क्लियर नभएसम्म यसमा अगाडि बढ्न सकिँदैन । त्यस्तै, अटोमेसनलाई अपग्रेड गर्नुपरेको अवस्थामा पनि समस्या छ ।

सिस्टम लागू भइसकेपछि नयाँनयाँ विचार ल्याउन जनशक्ति चाहिन्छ । त्यस्तै, यसलाई अगाडि बढाउन पनि दक्ष जनशक्तिहरू आवश्यक हुन्छ । यससँगै डाटाको सुरक्षाको पनि कुरा आउँछ । यी सबै विषयमा एक जनामात्र दक्ष जनशक्तिले काम गर्न सम्भव हुँदैन । यसले बिजनेस एफिसियन्सी बढाउनुका साथै नागरिकलाई सन्तुष्ट बनाउँछ ।

नेपालमा हरेक वर्ष आठ हजार सूचनाप्रविधि क्षेत्रमा ग्र्याजुएट हुन्छन् । नेपालबाट वर्षमा करिब ६४ अर्ब रुपैयाँको सफ्टवेयर निर्यात भएको छ । हामीसँग दक्ष जनशक्तिको कमी छैन । तर ती जनशक्तिलाई कसरी काम लगाउन वा व्यवस्थापनमा समस्या छ । बाहिरको काम दोब्बर तलबमा गरिरहँदा आधा तलब लिएर यहाँको काम गर्न चाहँदैनन् । बाहिर देशमा दक्ष जनशक्ति चिनेर तथा उसको दक्षता केमा छ त्यो पत्ता लगाएर सम्बन्धित क्षेत्रको विशेषज्ञ बन्ने गरी काम दिएको हुन्छ । तर यहाँ त्यस्तो अवसर छैन । एउटा व्यक्तिले धेरै प्रकारको काम गर्दा कुनै पनि क्षेत्रको विज्ञ बन्न सक्दैन । जस्तो कि कसैको डाटा सुरक्षा वा पाइथन प्रोग्राममा विज्ञता छ भने त्यही आधारमा काम दिनुपर्‍यो । तर नेपालमा भने कुनै पनि क्षेत्रमा विज्ञ नै उपलब्ध नहुने अवस्था छ । आईआरडी एउटाले स्थानीय विज्ञलाई राखेकाले त्यस्तो समस्या देखिएको छैन । तर सरकारले आफ्नो जनशक्तिलाई प्रयोगमा ल्याउन प्रयास नै गरेको देखिँदैन ।

केही वर्ष पहिले कर तिर्नका लागि शंकर होटलदेखि कर कार्यालयसम्म लाइन लाग्थ्यो । पाँच घण्टापछि पालो आउँथ्यो, कर विवरण हेरेर नमिलेको अवस्थामा फर्काउँथ्यो । फेरि अर्को पटक जाने झण्झट हुन्थ्यो । तर अहिले अटोमेसनले गर्दा सेवाग्राहीलाई धेरै राहत मिलेको छ । करदाताले आफ्नै घरबाट नै कर तिर्न सक्छ । त्यस्तै, त्यहाँ संलग्न जनशक्ति अनुत्पादक कार्यमा संलग्न हुनुपरेकोमा अहिले सबैले दक्षताअनुसारको काम गर्न पाएका छन् । सेवाग्राहीको बारेमा पनि अनलाइन चेक गर्न सकियो । अनलाइन ट्र्याकिङ सजिलै गर्न सकिने अवस्था छ । पछिल्लो उदाहरणका रूपमा नागरिक एपलाई लिन सकिन्छ ।

बाहिरबाट हेर्दा रोजगारी गुमेको देखिए पनि यसले त झन् कार्यदक्षता बढाएको छ । केही मानिसहरूको रोजगारी जाने कुरा त स्वाभाविक हो । अप्रत्यक्षरूपमा त यसको फाइदा नै फाइदा छ । यसले अटोमेसन र डिजिटलाइजेसनका क्षेत्रमा नयाँ रोजगारीको सिर्जना गर्न सहयोग गर्छ ।

विश्वमा फिनल्याण्ड ई-गभर्नेन्समा उत्कृष्ट मानिन्छ । त्यस्तै, कोरियाले पनि विभिन्न प्रकारका अवार्डहरू पाएको छ । डेनमार्क, सिंगापुर तथा भारतले पनि अटोमेसनमा प्रगति गरेका छन् ।

नेपालले फिनल्याण्डको शैली अपनाउन अझै सम्भव छैन । त्यो अत्याधुनिक छ । त्योभन्दा कोरियाको अपनाउन सहज हुन्छ । भारतले पनि आफ्नो देशमा भएका र आप्रवासीरूपमा रहेका जनशक्तिबाट काम गरिरहेको छ । नेपालले पनि त्यसरी काम गर्न सक्छ । यस्ता उत्कृष्ट मेकानिजम भएका देशहरूको प्रविधि अपनाएर स्वामित्व सिर्जना गर्नुपर्छ ।

**अटोमेसनबाट किन लाभ लिन सकिएन**

नेपालले पनि अटोमेसनका नयाँनयाँ योजना त बनाएकै हो । डिजिटल नेपाल फ्रेमवर्क पनि ल्याएको छ तर कार्यान्वयनमा भने आएन । डिजिटल नेपाल फ्रेमवर्कले साइवर सेक्युरिटी, सरकारी डाटा सेन्टर, स्वास्थ्य, शिक्षा पर्यटन, शहरी विकास सबैलाई समेटेको छ । तर यहाँ योजना ठूलाठूला ल्याउने त्यसको कार्यान्वयन पक्षमा खासै ध्यान नदिने प्रवृत्ति मौलाएको छ ।

सूचना प्रविधिका नयाँ अवधारणा कार्यान्वयनमा ल्याउन बजेटले पनि भूमिका त खेल्छ तर सबैभन्दा महत्वपूर्ण पक्ष नै काम गर्ने जनशक्ति हो । सरकारले कार्यान्वयनका लागि एउटा टिम बनाउनु आवश्यक छ । डिजिटल हेल्थ वा अन्तर्राष्ट्रिय मापदण्डको अध्ययन गर्नुपर्छ । अध्ययनमा पनि हामी चुकिरहेका हुन्छौं । हामी नेपालीको गहन अध्ययन नै नगरी काम सुरु गर्ने बानीले प्रायः असफल हुन्छौं । कुनै योजना अघि सारेपछि कार्यान्वयन र नियमनको मेकानिजम चाहियो । साथै, त्यसका लागि डेडिकेटेड जनशक्ति आवश्यक हुन्छ ।

नेपालमा सबै दक्ष छन् भनेर भन्दिन तर केही तालिमहरू दिएको अवस्थामा विदेशी जनशक्तिको भर पर्नुपर्ने अवस्था भने पक्कै छैन । विदेशी एक्स्पर्ट ल्याएर स्थानीय जनशक्तिलाई तालिम दिने तथा दक्ष बनाउने गर्नुपर्छ । नेपालको जनशक्तिलाई वास्ता नगरेर विदेशीको भर परेर समस्या आएको हो । निजामती सेवामा कार्यरत कर्मचारीका लागि विभिन्न तालिमका लागि बजेट त छुट्याइएको देखिन्छ । तर अझै पनि कर्मचारीहरूको उल्लेख्यरूपमा क्षमता अभिवृद्धि भएको देखिँदैन ।

नेपालमा त अझै पनि केको लागि अटोमेसन गर्ने भन्नेमा नै स्पष्ट नभएको अवस्था छ । यहाँको आवश्यकता तथा समस्याको बारेमा गहन अध्ययनको कमी रहेको कारण यस्तो अवस्था आएको हो । त्यसैले अटोमेसन केको गर्ने ? जस्तै; अमुक सेवा, बिजनेस भ्यालु वा सर्भिस भ्यालुका लागि गर्ने निश्चित हुनुपर्छ र त्यसको गहन अध्ययन गर्नुपर्छ । जनशक्तिको छनोट अटोमेसनको अर्को चुनौती हो । बजेट, वातावरणीय कुरा, माइग्रेसन, समय तथा अपग्रेड गर्नेलगायत कुराको योजना बनाएर अघि बढ्नु आवश्यक हुन्छ ।

सबै सार्वजनिक सेवा डिजिटलाइजेसन हुँदै जाँदा नागरिकले सुशासनको प्रत्याभूति गर्दै जाने कुरा निश्चित भए पनि सरकारी, गैरसरकारी र व्यक्तिगत डाटाको सुरक्षा सबै राष्ट्रको चासो र चिन्ताको विषय भएको छ अहिले । नेपालमा डाटाको सुरक्षा र गोपनीयतासम्बन्धी स्पष्ट कानुन नहुँदा नागरिकमा डर पैदा भएको छ । नागरिकमा डाटा चोरी हुने र हराउने चिन्ता छ । हालसम्म डाटा प्राइभेसी र सेक्युरिटीलाई पनि सरकारले राम्रोसँग सम्बोधन गर्न सकेको अवस्था छैन । अहिले समग्र आईटी क्षेत्रलाई नियमन गर्ने सूचना प्रविधि विधेयक विचाराधीन अवस्थामा छ । साइबर सुरक्षा नीति अझै पास भएको छैन । साइबर सुरक्षा विधेयकको मस्यौदा भने तयार भएको छ ।

एउटा कोठामा बसेर मोबाइल वा ल्यापटपबाट काम गर्न सकियोस्, पासपोर्टदेखि लाइसेन्ससम्मको काम घरमै बसेर गर्न सकियोस् र बिचौलिया भनेको डिजिटल मिडिया मात्र होस् । कुनै पनि सरकारी कामका लागि कार्यालय सकेसम्म पुग्न नै नपरोस् । प्रत्येक नेपालीको 'युनिक आइडेन्टिफिकेसन नम्बर' होस् जसको आधारमा राज्यले दिने सेवा मोबाइल एप्लिकेसन प्रयोग गरेर लिन सकियोस् ।

अहिले नेपालका अधिकांश सरकारी कार्यालयहरूले एउटै प्रकृतिका सफ्टवेयरका लागि वर्षेनि बजेट छुट्याइरहेको देखिन्छ । यसो गर्नुको सट्टा कुनै निजी क्षेत्रको एउटा कम्पनीलाई जिम्मा दिएर गुणस्तरीय तथा सुरक्षित र समयअनुसार अपग्रेड गर्न मिल्ने गरी सफ्टवेयर बनाउन दिनु उपयुक्त हुन्छ । यसो गर्दा एकातिर खर्च कम लाग्छ भने अर्कोतिर हरेक कार्यालयमा एउटै सफ्टवेयर प्रयोग हुँदा काममा एकरूपता आउँछ । त्यस्तै, राज्यले निजी क्षेत्रलाई सूचना प्रविधिको क्षेत्रमा लगानीका लागि प्रोत्साहन गर्न सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । साथै, विद्युतीय शासनको समग्र समन्वय, सहजीकरण तथा प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूको संस्थागत क्षमता विकास गर्नु आवश्यक छ । सार्वजनिक सेवामा रहेका जनशक्तिलाई नयाँनयाँ प्रविधिबारे अभ्यस्त गराउन तालिमहरू दिइरहनुपर्छ ।

अटोमेसनले कार्य सम्पादनमा मात्र नभई समग्र निर्णय प्रणालीमै पारदर्शिता र चुस्तता ल्याउँछ । कुनै निर्णयमा डकुमेन्ट कहाँ पुग्यो, कसले के-गर्‍यो तथा ढिलाइ किन भइरहेको छ भन्नेबारे सजिलै थाहा पाउन सकिन्छ । त्यस्तै, प्रणालीमा जोडिएपछि एउटा सरकारी विभाग वा निकायबाट अर्कोमा चिठी, सूचना वा टिप्पणी पठाउन कागज डुलाइरहनु पर्दैन, त्यो काम सफ्टवेयरबाटै गर्न सकिन्छ ।

त्यसैगरी चिठीपत्रको दर्ता चलानी, विद्युतीय हाजिरी, बिदा र काज स्वीकृत गर्ने त्यस्तै जिन्सी व्यवस्थापन, कार्यसम्पादन मूल्याङ्कन, नियुक्ति सरुवालगायत पनि विद्युतीय प्रणालीबाट गर्न सकिने हुँदा सहज हुन्छ । एक पटक बुझाएको कागजात फेरि कहिले पनि बोकेर कार्यालय पुग्नुपर्ने अवस्था नै अटोमेसनको भविष्य हो । आगामी दिनमा प्रत्येक नागरिकको बायोमेट्रिक पहिचान समेत एक केन्द्रिकृत प्रणालीमा रेकर्ड गरी अन्य दस्तावेजहरूको एक डाटाबेस बनाउनुपर्छ र आवश्यक परेका बेलामा उसको प्रोफाइल वा जानकारीहरू एक क्लिकमै हेर्न सकिने व्यवस्था हुनुपर्छ ।

यसले नागरिकलाई कार्यालयसम्म धाउनुपर्ने अवस्थाको अन्त्य पनि गर्नेछ । व्यक्तिको समय खर्च तथा सो बीचमा हुन सक्ने दुर्घटना र अन्य जोखिम मात्र होइन सार्वजनिक सेवा प्रवाहका लागि चाहिने कर्मचारी संख्या र खर्च पनि यसले न्यूनीकरण गर्छ । डिजिटलाइजेसनले सार्वजनिक सेवा दुरुपयोग हुनबाट रोक्छ, डिजिटल फर्म्याटमा भण्डारण गरिएका अभिलेखहरू पनि व्यक्तिको नाम, नागरिकता नम्बर वा परिचयपत्रबाट खोजी गर्न सकिने छ । उदाहरणका लागि भारतमा आधारकार्ड र संयुक्त राज्य अमेरिकामा सोसल सेक्युरिटी नम्बरलाई लिन सकिन्छ । यस्तो हुन सकेमा अहिले चर्चा हुने गरेकोजस्तो पेपरलेस र फेसलेस सेवा प्रवाह गर्न सकिन्छ । सेवा प्रदायक र उपभोक्ता वा सेवाग्राही आमनेसामने नभई सेवा प्रवाह हुने अवस्था आउनु भनेको ढिलासुस्ती हट्नु मात्र होइन, भ्रष्टाचार र बेइमानी पनि निमिट्यान्न हुनु हो ।

यस्तो अवस्था आफैं आउँदैन, त्यसका लागि चुस्तदुरुस्त नीति तथा कार्यक्रमको ढाँचा तयार गरी कार्यान्वयनमा लैजानुपर्छ । सन् २०१८ मा सरकारले घोषणा गरेको डिजिटल नेपाल फ्रेमवर्क त्यस्तो नीति कार्यान्वयनको दिशामा पहिलो पाइलो हुन सक्छ । सूचना तथा सञ्चार प्रविधिको विस्तारका लागि पूर्वाधारको विकास, गुणस्तरीय इन्टरनेट, भरपर्दो डाटा सर्भर तथा पछिल्लो प्रविधिका साथै दक्ष र प्रतिस्पर्धी जनशक्तिको आवश्यकता हुन्छ । यहाँ सरकारको भूमिका महत्वपूर्ण हुन आउँछ । पूर्वाधारको विकासका लागि सरकारले नीति बनाएर निजी क्षेत्रसँग सहकार्य गर्न सक्छ भने जनशक्ति विकासमा पनि त्यस्तै सहकार्य हुन सक्छ । अहिले पनि सूचना प्रविधिका क्षेत्रमा आवश्यक पर्ने अधिकांश जनशक्ति निजी क्षेत्रबाटै उत्पादन भइरहेका छन् ।

त्यसका साथै सरकारले गर्नैपर्ने कार्य भनेको प्रविधि हस्तान्तरणमा सहयोग गर्नु हो । सूचना प्रवाह, भण्डारण तथा प्रयोगमा विकास भएका नयाँ प्रविधिको हस्तान्तरणमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति सरकारले लिनुपर्छ । त्यस दिशामा उल्लेखनीय प्रगति गर्नका लागि सूचना प्रविधिका क्षेत्रमा विदेशी लगानी आकर्षित गर्नु महत्वपूर्ण हुन आउँछ । तर अटोमेसनले प्राविधिकरूपमा डेटा म्यानुपुलेट हुन सक्ने सम्भावना पनि छ । कार्यालय तथा सम्पत्ति सबै डेटा प्राविधिक कर्मचारीको हातमा हुने भएकाले सबै अवस्थामा विश्वसनीय नहुने जोखिम भने हुन सक्छ । तर त्यसको समाधान पनि प्रविधि नै हो ।





। महेश खरेल

# स्थानीय सरकार : आफ्नो बजेट, आफ्नै पूर्वाधार

**ठूली सामुदायिक वनमा छ सय ५० वटा बाह्रमासे रुख कटहर रोपिएको छ । तीन वर्षपछि कटहर फल्न थाल्नेछन् । कटहरबाट मात्रै वार्षिक ८० लाख रुपैयाँ आम्दानी हुनेछ । धुलिखेल अस्पताल र लभ ग्रिन नेपालसँगको सहकार्यमा यो काम गरिएको हो । त्यहाँका प्राविधिकले वन उपभोक्ता समितिलाई तालिम दिन्छन् ।**

पाँचखालको एउटा भिजन छ, पी २० । यो २० वर्षपछि पाँचखाललाई कस्तो बनाउने भन्ने मोडल हो । पाँचखाल खेतीयोग्य जमिनलाई जोगाउन लागेको छ । खेतीयोग्य जमिनमा प्लटिङ गर्न, प्लानिङ गर्न, घर बनाउन पूर्णरूपमा प्रतिबन्ध लगाउने प्रक्रियामा अघि बढेको छ ।

नगर आफैंले एउटा ऐन बनाएको छ। जसअनुसार कसैले पनि कुलो लाग्ने र धान फल्ने खेतमा घर बनाउन पाउने छैन। यस्तो जग्गामा घर बनाउन नेपालभर चार आना पनि जग्गा नभएको व्यक्तिले मात्र पाउँछ। नेपाल अधिराज्यभर चार आना जग्गा नभएको मालपोतको अभिलेख प्रमाणित गर्नुपर्छ । यो काम स्थानीय भद्रभलाद्मी र वडाको नेतृत्वमा हुन्छ।

सट्टापट्टा गरेर डिम वा पाखामा जग्गा दिइन्छ । यो विकल्प नभएको अवस्थामा चार गुणा राजस्व तिरेर मात्र खेतीयोग्य जमिनमा घर बनाउन पाइन्छ । खेतीयोग्य जमिन ५० औं वर्षसम्म जोगाउने रणनीति पाँचखालको छ। यो कानुन आउनुभन्दा पहिले खेतमा फाट्टफुट्ट घर बनेका थिए । अहिले खेतमा घर बनाउन कसैले खोज्दैनन् । कित्ताकाट व्यावसायिकरूपमा बन्द छ।

पाँचखालमा पाँचवटा हरियाली बस्नयोग्य शहर (ग्रिन लिभेबल सिटी) बनाउने योजना छ । वडा नं ३, ५ र ६ लाई समेटेर काफ्लेडी लाण्डी, सल्लेरी गैरा, तीनपिप्ले, बखेडी, दुलालथोकसम्म पाँच हजार रोपनीमा शहर बनाइँदै छ । अमेरिकन जेएलएल भन्ने कम्पनीले पाँचखालमा बनाउन मिल्ने शहरको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार पारिसकेको छ । शहर निर्माणका लागि सिंगापुरको सुरभानाजम भन्ने कम्पनीसँग सहकार्य भएको छ।

नेपाल इन्फास्ट्रक्चर बैंकले साढे दुई अर्बको लगानी प्रतिबद्धता जनाएको छ । बैंकले पाँच अर्ब लगानी जुटाउनेछ । कर्मचारी सञ्चय कोषले सस्तोमा कर्मचारीलाई आवास दिलाउने गरी छलफल अगाडि बढाएको छ । हरियाली नमास्ने, बोटबिरुवाको संरक्षण गर्ने र थप बोटबिरुवा वैज्ञानिक पद्धतिबाट रोप्ने काम यो शहरमा हुनेछ। प्राकृतिकरूपमा ताल बनाउने सोच छ। ठाउँठाउँमा पार्क बनाइने छ। बुढाबुढीलाई हिँड्न मिल्ने र बालबालिकालाई खेल्न मिल्ने प्रशस्त ठाउँको व्यवस्थापन हुनेछ। विदेशमा देखिने सुन्दर शहरको नेपाली संस्करण पाँचखालमा बन्नेछ।

सो शहरमा सपिङ मल हुन्छ, विद्यालय हुन्छ, रोजगारीका अवसर हुनेछन्। ११ हजार आवास हुनेछन्। ५० हजारसम्म मान्छे बस्न सक्नेछन्। विश्वमा भएका सबै आवास सुविधाहरू यो नगरमा उपलब्ध हुनेछ। अटोमेटेड र अहिलेको सुविधा सम्पन्न २१ औं शताब्दीमा बस्न मिल्ने शहर बन्नेछ । लगानी गर्न चाहने उपभोक्ता समिति, नगरपालिका, आम सर्वसाधारणका लागि आईपीओ जारी हुनेछ। नेप्सेमा सूचीकृत हुनेछ।

पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीले



'आफ्नो गाउँ, आफैं बनाऔं' भन्नुभयो । यो शहर 'आफ्नो गाउँ, आफैं बनाउँ' भन्ने सोचबाट आएको हो । यसको लागि पाँच हजार रोपनी जग्गा नगरले छुट्याउँछ । चाहिने पूर्वाधार सबै बनाउँछ । कसैको १० रोपनी जग्गा छ भने नगर विकास भएपछि छ रोपनी पाउनेछ । बाँकी जग्गा विकास लागतमा जानेछ । नागरिकहरूमा शहर र पूर्वाधारको प्यास छ । यो पूरा गर्न नेपालमा यस्तै मोडलका एक सयवटा शहर बन्नुपर्छ । यसरी शहरमा ५० लाख मान्छे बस्नेछन् । शहर निर्माण गर्ने लागत नागरिकबाटै आउँछ । विदेशमा रगत पसिना बगाएर रेमिट्यान्स पठाउने युवाहरूले पनि आफ्नै पालिकामा सुविधायुक्त शहर पाउनेछन् । काठमाडौं वा अन्य ठाउँमा जानुपर्दैन ।

**आम्दानीलाई सामुदायिक वन**

पाँचखालमा क्रसर राख्न र बालुवा उठाउन दिइएको छैन । नगरमा ५५ वटा सामुदायिक वन छन् । दुईवटा वनमा नयाँ प्रयोग सुरु गरिएको छ । बेला सामुदायिक वनमा टिमुर खेती सुरु गरिएको छ । आगामी दुई वर्षपछि टिमुरबाट वार्षिक १५ देखि २० लाख रुपैयाँ आम्दानी हुनेछ । सो आम्दानी वडाको पूर्वाधार, कृषि, वन, पर्यटनसम्बन्धी क्षेत्रमा खर्च हुनेछ । यही मोडालिटी सबै सामुदायिक वनमा लागू गर्ने प्रयासमा छौं । ठूली सामुदायिक वनमा छ सय ५० वटा बाह्रमासे रुख कटहर रोपिएको छ । तीन वर्षपछि कटहर फल्न थाल्नेछन् । कटहरबाट मात्रै वार्षिक ८० लाख रुपैयाँ आम्दानी हुनेछ । धुलिखेल अस्पताल र लभ ग्रिन नेपालसँगको सहकार्यमा यो काम गरिएको हो । त्यहाँका प्राविधिकले वन उपभोक्ता समितिलाई तालिम दिन्छन् । वन समितिका साथीहरूले खाल्डो खन्छन् । नगरपालिकाले मल बिरुवा र प्रविधि दिन्छ, विज्ञबाट तालिम दिलाउँछ । त्यसबाट हुने उत्पादनले स्थानीयस्तरमा विकासको काम गरिनेछ ।

हबका केही वर्षमा सामुदायिक वनबाट १३ वटा वडामा १३ करोड आम्दानी हुनेछ । वडालाई आत्मनिर्भर बनाइनेछ । यो नौलो प्रयास हो । बाँदरले दुःख दिएको ठाउँमा बाँदरलाई मन पर्ने फलफूल वनमै रोप्दैछौं । त्यसो हुँदा बाँदर वनमा नै अल्फन्छ, बस्तीमा पस्दैन । बँदेललाई मन पर्ने केरा, तरुल रोप्दैछौं । नेपालको वन, हरियो धन भनिएको छ । वनको धनबाट हुने लाभ पतकर र घाँस दाउरामा सीमित छ । एउटा नगरपालिकामा रहेको वनले १३ करोड आम्दानी दिन्छ भने देशभरका वनले दिने आम्दानी कति होला ? हामीले वनको आम्दानी मोडलको रूपमा अरूलाई देखाउन खोजिरहेका छौं ।

**शिक्षाको केन्द्र**

पाँचखाललाई शिक्षाको केन्द्र (एजुकेसन हब)को रूपमा विकास गर्ने सोच नगरको छ । भारत, अमेरिकाजस्ता देशमा युनिभर्सिटी टाउन छन् । जुन नेपालमा पनि पाँचखालमा निर्माण गर्न सम्भव छ । नगरले १३ हजार रोपनी जग्गा मदन भण्डारी विश्वविद्यालयलाई दिएको छ । त्यहाँ ४५ अर्बको लागतमा पूर्वाधारको विकास हुनेछ । मदन भण्डारी विश्वविद्यालयको विधेयक पास भइएसकेको छ । चाँडै नै पूर्वाधार निर्माणको काम सुरु हुन्छ । पाँचखालमा काठमाडौं विश्वविद्यालयको आर्टिफिसियल इन्टेलिजेन्सको पढाइ चलिरहेको छ । कृषिमा पठनपाठन सुरु भइसकेको छ । यी दुई विषय अध्यापन केन्द्रलाई पनि नगरले जग्गा दिनेछ । किङ्स कलेजसँग मिलेर शिक्षकलाई तालिम दिने काम भइरहेको छ । कम्युनिटी र युनिभर्सिटीको संयोजन गरेर कम्युनिभर्सिटी अवधारणा ल्याइएको छ । पाँचखाल आसपास सिन्धुपाल्चोक, दोलखाका मानिसहरूलाई चाहिएको, भेग सुहाउँदो विश्वविद्यालय बन्नेछ । पाँचखालमा विशेष आर्थिक क्षेत्र निर्माण हुँदैछ । एक हजार रोपनीमा ४० वटा उद्योग आउँदैछन् । ती उद्योगले चार हजार जनालाई रोजगारी दिनेछ । पाँचखालमै हरित महिला औद्योगिक ग्राम बन्दैछ, जुन दक्षिण एसियामा दोस्रो र नेपालमा पहिलो हो । त्यसका लागि नगरले बजेट छुट्याइसकेको छ । पाँचखालमा रोजगारी सिर्जना हुन्छ, कम्युनिभर्सिटीमा उचित पढाइ हुन्छ ।

**अर्गानिक खेतीमा जोड**

कृषि उपजमा विषादी बढी प्रयोग गर्ने ठाउँ भनेर पाँचखाल बदनाम थियो । तर अहिले परिस्थिति फेरिएको छ । बाली विकास केन्द्र, कालीमाटी वा कृषि ज्ञान केन्द्र, धुलिखेलमा नमुना जाँच गराउँदा खानयोग्य पाइएको छ । आलु पूर्ण अर्गानिक पाइएको छ । पाँचखालले छ सय जना अगुवा किसानलाई आईपीएम प्रविधिबाट तालिम दिएको छ । उनीहरू जैविक मल र विषादी बनाउँछन् । तीन लाख किलो चुना वितरण गरेर माटोका पीएच लेभल सुधार हुँदैछ । कृषिमा विषादी नियन्त्रण गर्न पाँचखाल सफल भएको छ ।

पाँचखाल वडा नं. ७, शिखरपुरमा एक सय रोपनीमा हरित महिला औद्योगिक ग्राम निर्माण हुँदैछ । उद्योग मन्त्रालयमा कार्यविधि तयार हुँदैछ । त्यो स्वीकृत हुने बित्तिकै ४० करोड बराबरको ठेक्का लाग्नेछ । ५० वटा साना कृषिमा आधारित उद्योग स्थापना हुनेछन् । ती उद्योगले हरित ऊर्जा प्रयोग गर्नुपर्नेछ, महिलाले मात्रै लगानी गर्नेछन् । यसका लागि नेपाल र भारतको महिला उद्यमी मञ्चबीच सम्झौता भइसकेको छ । १६ वटा उत्पादनको ग्यारेन्टी भारतले लिएको छ । पाँचखालमा उत्पादित कृषिजन्य वस्तुको ब्रान्डिङ गरेर राष्ट्रिय अन्तर्राष्ट्रिय बजारसम्म पुग्नेछ ।

सुनकोशीको पानी, दशैंमा पलाञ्चोक आइपुग्दैछ । कामले गति समातेको छ । इन्द्रावती र रोशीमध्ये कुन नदीबाट थप पानी ल्याउने भनेर अध्ययन हुँदैछ । सबै सपना पूरा हुन्छन् भन्ने छैन तर भिजन नराखेसम्म एउटा पनि पूरा हुँदैन । १० वटा भिजनमध्ये एउटा पूरा गर्न सके पनि सन्तुष्ट हुनुपर्छ । पानीको व्यवस्थापनपछि कृषकहरूलाई थप राहत पुग्नेछ ।

**सबैको साथ**

पाँचखालको विकासमा सबैको राम्रो साथ छ । नेपालको कर्मचारीतन्त्रलाई पुनर्गठन गर्नुपर्ने आवश्यकता छ, स्वचालित प्रणाली हुनुपर्छ । कामको टाइमलाइन तोक्नुपर्छ । साना काम आधा घण्टाभित्रमा सकिनुपर्छ । कुनै काम बढीमा दुई घण्टा वा एक दिन लाग्न सक्छ । मध्यस्थकर्ता नखोजी काम गर्न सक्ने अवस्था नहुनुको कारण फरक छ । कर्मचारीलाई आत्मसम्मान मिले धेरै समस्या समाधान हुन्छ । उनीहरूको बीमा हुनुपर्छ । बच्चाहरूलाई निःशुल्क शिक्षा हुनुपर्छ । ३० वर्षे सेवापछि एउटा आवास लिन सक्ने तलब सुविधा हुनुपर्छ । यस्तो सुविधा तब सम्भव छ, जब पाँचखालले कल्पना गरे जस्तै एक सय वटा शहर बन्छन् । यी तीन कुराको सुनिश्चिततापछि भ्रष्टाचार घट्छ । स्थानीय तहलाई विकासका लागि आवश्यक बजेट दिनुपर्छ । केन्द्र र प्रदेशले बजेटमा धेरै हस्तक्षेप र आशा पनि गर्नुभएन । धेरै सांसद, मेयरले चुनावको ऋण तिर्न सकेका छैनन् । संसद्ले यस्तो कानुन बनाउनुपर्छ उम्मेदवार पैसाले खर्च गर्नेबित्तिकै उम्मेदवारी खारेज होस् । न्यून खर्चमा निर्वाचन गर्नुपर्छ, निर्वाचन आयोगले मत प्रतिशतको आधारमा नै बजेट दिनुपर्छ ।

पार्टीले चन्दा उठाएर निर्वाचन आयोगलाई दिने हो वा करदाताले दिने हो । त्यसो गर्दा पनि भ्रष्टाचार कम हुन्छ । नेतालाई अनुशासनमा ल्याउन यसो गर्नुपर्छ । सम्पन्न मान्छे मात्रै नेता हुन पाउने अवस्था बनेको छ । कुनै सामान्य र संघर्ष गरेको मान्छेलाई पनि राजनीति गर्न मन होला, देशका लागि केही गर्छु भन्ने होला । तर चुनाव लड्ने क्षमता नहोला । कसैसँग सहयोग लिएर चुनाव लड्दा सहयोगको पैंचो तिर्दा, गुन तिर्दा, हस्ताक्षर गर्दा उसको हात काम्न सक्छ । विपन्न परिवारको छोराछोरीलाई त्यो ठाउँमा लैजान निर्वाचन खर्च प्रणालीमा कडाभन्दा कडा कानुन ल्याउनुपर्छ ।

झूटो कुरा पनि सय पटक भनेपछि सत्य हो कि भनेर पत्याउँछ । पाँचखालमा खानेपानी योजना ल्याउन लाग्दा विभिन्न भ्रम छरियो । कहाँ यो हुने योजना हो ? पैसा उठाएर खान्छन्, यसो गर्छन्, उसो गर्छन्, सम्भव छैन, कहाँ कोशीबाट पाँच पम्प गरी ल्याएर पानी आउँछ ? भन्ने जस्ता अनेक कुरा गरे । चुनावको जस्तो टोलटोलमा गएर कोणसभा गरेर १८ हजार रुपैयाँको ग्यारेन्टी लिएँ । त्यतिले पनि पुगेन, सहकारी, समूहमा गएर ल्याप्चे लगाएर यो पैसा म दिन्छु भनेर सहीछाप गरेँ ।

ग्रिन लिभएवल सिटीको बारेमा पनि अनेक भ्रम छरेका छन् । घरखेत जान्छ भनेर नकारात्मक हल्ला गरिरहेका छन् । होइन, कसैको केही जाँदैन, आज १० रोपनीको एक करोडको मूल्याङ्कन छ भने छ रोपनीको मूल्याङ्कन ३० करोड पुग्छ । कुन फाइदा भयो त ? छोराछोरी नातिनातिनालाई समेत उद्धार गर्दै हुनुहुन्छ । पितृलाई सोह्र श्राद्ध गरेर उतार्नुहुन्छ । नातिनातिनालाई उतार्ने अवसर दैलोमा आएको छ । यो अवसरको सदुपयोग गर्नुपर्छ । जनतालाई सम्झाउनुपर्छ । महेश खरेल लिन होइन, दिन आएको भन्ने विश्वास जनतालाई छ ।

काम गर्नलाई इच्छाशक्ति चाहिन्छ । मूल सफा भयो भने धारा त्यसै सफा हुन्छ । हामीले मूल कसरी सफा गर्ने भन्नेमा ध्यान दिनुपर्छ । मूल को हो त ? नेतृत्वकर्ता । आज यो मुलुक बन्न जो प्रधानमन्त्रीको पदमा पुग्नुहुन्छ । व्यक्तिगत, पारिवारिक, कार्यकर्ताका स्वार्थ त्याग्नुपर्छ । यो मुलुक बन्न पाँच वर्ष पनि लाग्दैन ।

मेरो कार्यकक्षमा मनमोहन अधिकारी, वीपी कोइराला, कृष्णप्रसाद भट्टराईको तस्वीर छ । उहाँहरू फरक विचार राख्ने भए पनि विनास्वार्थका नेताहरू हुनुहुन्छ, पूजनीय हुनुहुन्छ । यस्ता राजनेताहरू हुनुपर्छ । नेतृत्व इमान्दार भयो भने सारा इमान्दार हुन्छन् । म आग्रह गर्छु, पैसा कमाउनुछ, सुन ओसार्ने, शरणार्थी काण्ड गर्नुछ भने राजनीति नगर्नु । राजनीति भनेको शुद्ध मनले सेवाको भावना राखेर गर्नुपर्छ । पेशा बनाउने, पैसा कमाउन, शक्ति आर्जन गर्ने होइन । शक्ति आर्जन किन गर्ने दुरुपयोग गर्नलाई । राजनीतिमा आकर्षण पनि कम गर्नुपर्छ । मान्छेले मन्त्री बन्दिनँ भन्न सक्नुपर्छ ।

न्युजिल्याण्डमा हेर्नुस्, प्रधानमन्त्रीले परिवारलाई समय दिन सकिन भनेर राजीनामा दिन्छन् । भ्रष्टाचार गर्न पाइँदैन, कानुन कडा छ । समाज सेवा मात्रै कति गर्ने ? तीन पाँच वर्ष गर्छन्, त्यसपछि गर्दैनन् । हामी कहाँ आर्यघाटमा जाने बेलासम्म पनि कुनै नेताले छोड्दैनन् । शक्ति नहुँदा तल झरेपछि कुकुरले पनि पुच्छर हल्लाउँदैन । किनभने पावरमा हुँदा गाडीबाट ओर्लेर माया गरेको थिएन, बिस्कुट खुवाएको थिएन । यस्तो प्रवृत्ति त्याग्नुपर्छ ।

मैले बुढा मानिसहरूले राजनीति गर्नुहुन्न भनेको होइन । शारीरिक र मानसिक स्वास्थ्यले साथ दिन्छ र देशका लागि योगदान गर्न चाहनुहुन्छ भने राजनीतिमा आउन सकिन्छ । पारिवारिक, व्यक्तिगत मोहबाट माथि उठ्नुस्, नेपाल अत्यन्त राम्रो छ । सिंगापुर, अमेरिका मोडलले होइन, नेपालको मोडलले विकास गर्ने हो । पाँचखालमा धेरै परिवर्तन आइसकेको छ । एक दशक इमान्दार भएर काम गर्ने हो भने देशमा परिवर्तन ल्याउन कुनै ठूलो कुरा छैन । राजनीतिमा आकर्षण कम गर्नुपर्छ । कर्मचारीतन्त्र र नेतालाई सुशासन गराउनुपर्छ । भोको र तनावमा राखेर कसैले काम गर्न सक्दैन ।

उद्योगी व्यवसायीलाई घृणाको नजरले हेर्ने, हरेक निकायमा दुःख दिएर पैसा झार्ने होइन । पूर्वराज्यमन्त्री मोतीलाल दुगडले उद्योगी व्यवसायी भनेको ज्वाइँ हो भन्दै हुनुहुन्थ्यो । खासमा उद्योगी व्यवसायी भनेको ज्वाइँ नै हो । विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र भएको अमेरिकाको यो सफलता साना तथा मझौला व्यवसायीका कारणले गर्दा हो । एनआरएनलाई विश्वासमा लिन सक्ने हो भने त्यो लगानी ल्याएर नेपाललाई दश वर्षमा कायापलट गर्न सकिन्छ । यो काम पाँचखालले गरेर देखाउँदैछ ।






GOVERNMENT OF NEPAL
INVESTMENT BOARD NEPAL

#investinnepal
PARTNERING FOR ECONOMIC PROSPERITY

## Vision

Develop Nepal as an attractive investment destination

## Mission

Accelerating investment in transformative infrastructure by promoting and managing PPP projects & facilitating private investment

## Strategic Pillars

Pillar 1 — Project Development and Management

Pillar 2 — Investment Promotion

Pillar 3 — Institutional Development

Pillar 4 — Coordination, Collaboration and Partnership

## GOAL

**GOAL 1**
Approve Investment of at least USD 10 billion by FY 2025/26.

**GOAL 2**
Manage PPP projects of at least USD 6 billion by FY 2025/26.

**GOAL 3**
Contribute to generating employment opportunities to at least 1,00,000 people by FY 2025/26.

**GOAL 4**
Contribute to improving investment environment through effective investment promotion.

**GOAL 5**
Develop IBN as a PPP Center of Excellence.

## IBN Projects

| Sector | Projects | NPR Crores |
| --- | --- | --- |
| ENERGY | 28 PROJECTS | 93472.07 NPR CRORES |
| MINES & MINERALS | 7 PROJECTS | 21005.93 NPR CRORES |
| TOURISM | 1 PROJECT | 1398.69 NPR CRORES |
| INDUSTRIAL INFRASTRUTURE | 3 PROJECTS | 8512.63 NPR CRORES |
| URBAN INFRASTRUTURE | 3 PROJECTS | 591.24 NPR CRORES |




OFFICE OF THE INVESTMENT BOARD NEPAL
ICC Complex, New Baneshwor, Kathmandu
Phone: +977-1-4575278, 4575281, Fax: +977-1-4475291
Website: www.ibn.gov.np






। निराजन बस्नेत

# अबको सार्वजनिक वित्त मोडल

**नेपालको सन्दर्भमा सार्वजनिक वित्त कार्यान्वयमा राजनीतिक सफलताहरू प्राप्त भएका छन् । तर आर्थिकरूपमा सोचेजस्तो सफलता भएको देखिँदैन । पूर्वाधार, शिक्षा, स्वास्थ्यमा परिवर्तन आएको छ ।**

सरकारको आम्दानी र खर्चबीचको सम्बन्धलाई सार्वजनिक वित्त भनिन्छ । सरकारले कुन स्रोतबाट आम्दानी संकलन गर्ने र त्यो संकलन भएको आम्दानी कुन क्षेत्रमा खर्च गर्ने भनेर योजना बनाउँछ । सार्वजनिक वित्तभित्र सरकारको आम्दानी, खर्च र ऋण पर्दछन् ।

आम्दानी र खर्चबीचमा असन्तुलन भयो भने ऋण लिने गरिन्छ । शास्त्रीय अवधारणामा थोरै खर्च गर्ने सरकारलाई राम्रो मानिन्थ्यो । सरकारले ऋण लिनुहुँदैन भन्ने मान्यता शास्त्रीय अवधारणमा थियो ।

विस्तारै संसारमा प्रजातान्त्रिक व्यवस्था लागु हुँदै गयो । जनताका आवश्यकताहरू बढ्दै गए । जनताका असीमित चाहनाहरू व्यक्त हुन थाले । त्यसलाई पूरा गर्न सरकारले खर्च गर्नैपर्ने भयो । सरकारी आम्दानीबाट मात्र खर्च धानिन छाड्यो । आम्दानीका स्रोतहरू बढाइन थालियो । आम्दानी अपुग भएपछि सरकारले ऋण लिन थाल्यो ।

अहिले संसारभरी आम्दानीभन्दा खर्च बढी भएको बजेट बनाउने चलन छ । यसलाई घाटा बजेट भनिन्छ । जनताका अनगिन्ती आकांक्षाहरू पूरा गर्ने दायित्व सरकारले लिएका कारण घाटा बजेटको प्रचलन आएको हो । जनउत्तरदायी सरकार बन्न जनताको आवश्यकता पूरा गर्नुपर्छ । उनीहरूको आवश्यकता पूरा सरकारको आम्दानीले मात्रै सम्भव भएन । त्यसपछि घाटा अर्थात् आम्दानीभन्दा खर्च बढी गर्ने बजेट आउन थाल्यो । आम्दानी र खर्चको असन्तुलन पूरा गर्न सरकारले ऋण लिन थाल्यो ।

सामान्यतया सबै देशले उद्देश्य वा लक्ष्य ठूलो लिएका हुन्छन् । लक्ष्य धेरै राखिएपछि खर्च पनि बढी हुन्छ । विश्वका धनी देशहरू अमेरिकाले पनि घाटा बजेट बनाउँछ । सोही घाटा बजेटबाटै पनि नेपाललगायत अफ्रिकन मुलुकहरू विकासोन्मुख तथा अल्पविकसित देशहरूलाई अनुदान पनि दिएका हुन्छन् । उनीहरूलाई दिएको अनुदान पनि खर्चमा समावेश गरिएको हुन्छ ।

**सार्वजनिक वित्तको इतिहास**

सार्वजनिक वित्तको सुरुवात ग्रिसको एथेन्सबाट भएको हो । आधुनिक अर्थशास्त्रीहरू एडम स्मिथ, डेबिड रिकार्डो, जे.एस मिल, जे.बि. सेले १७ औँ शताब्दीदेखि औपचारि करूपमा सार्वजनिक वित्तका विषयमा चर्चा गरेका हुन् ।

यसअघि पनि सार्वजनिक वित्तका विषयमा चर्चा नभएको होइन । तर अर्थतन्त्रलाई राजनीतिक विज्ञानको एउटा भागको रूपमा लिइन्थ्यो । सार्वजनिक वित्त सरकार सञ्चालन गर्न आवश्यक पर्ने भएकाले राजनीतिसँग मात्रै जोडिन्थ्यो । एडम स्मिथले सन् १७७६ मा वेल्थ अफ नेसन पुस्तक प्रकाशन गरेपछि मात्रै अर्थतन्त्र स्वतन्त्र शाखाको रूपमा विकास भयो । त्यसपछि मात्रै सार्वजनिक वित्तलाई एउटा विषयको रुपमा हेर्न थालियो ।

पूर्वीय सभ्यतामा चाणक्यले पनि सार्वजनिक वित्तका विषयमा स्पष्ट व्याख्या गरेका छन् । चाणक्यले सरकार

कसरी चल्नुपर्छ, सरकारले के गर्नुपर्छ, सरकारले कुनकुन ठाउँमा खर्च गर्नुपर्छ भन्ने विषयमा स्पष्ट व्याख्या गरेका छन् । त्यसलाई पच्छ्याउन भने हामीले सकिरहेका छैनौं । यसको अध्ययन, अनुसन्धान, प्रयोग भएको छैन ।

**सार्वजनिक वित्त कार्यान्वयन**

सार्वजनिक वित्त कार्यान्वयन गर्ने प्रमुख हतियार भनेको बजेट हो । बजेटमार्फत् सरकारले आफ्नो आम्दानी, खर्च र ऋणको घोषणा गर्दछ । त्यो बजेट संसद्बाट पारित भइसकेपछि राष्ट्रपतिद्वारा लालमोहर लाग्ने चलन छ । त्यसपछि यो कार्यान्वयनमा जान्छ । कार्यान्वयन गर्ने निकाय भनेको मन्त्रिपरिषद् हो ।

मन्त्रिपरिषद्ले त्यस अन्तर्गतका विभाग, जिल्लाअन्तर्गतका कार्यालय, स्थानीय निकाय सबैसँग समन्वय गरेर कार्यान्वयन गर्छ । जब हामी संघीयतामा प्रवेश गर्यौं, त्यसपछि स्थानीय निकायको भूमिका सबैभन्दा बढी देखिन्छ । स्थानीय निकायको सहयोगविना सार्वजनिक वित्त परिचालन प्रभावकारी हुन नसक्ने अवस्था रहन्छ ।

**सार्वजनिक वित्त नीतिमा सञ्चालन संस्था**

कुनै पनि नीतिनियमले कस्तो परिवर्तन ल्यायो भनेर सफलता/असफलता हेर्नुपर्छ । सोचेजस्तो परिवर्तन आएको छ भने सफलता भएको मानिन्छ । सोचेजस्तो परिवर्तन भएन भने असफलता भएको मानिन्छ । नेपालको सन्दर्भमा सार्वजनिक वित्त कार्यान्वयमा राजनीतिक सफलताहरू प्राप्त भएका छन् । तर आर्थिकरूपमा सोचेजस्तो सफलता भएको देखिँदैन । पूर्वाधार, शिक्षा, स्वास्थ्यमा परिवर्तन आएको छ । चेतनामा परिवर्तन आएको छ । गैरआर्थिक सूचकहरूमा नेपालले धेरै परिवर्तन गरेको छ ।

आर्थिक सूचकहरूमा सकारात्मक नतिजा प्राप्त गर्न सकिएको छैन । जस्तो प्रतिव्यक्ति आम्दानी अपेक्षा गरेअनुसार पूरा गर्न नसकेको कारण अल्पविकसित (अण्डरडेभलप्ड) देशबाट विकासोन्मुख (डेभलपिङ)देशको सूचीमा जुन समयमा अपग्रेड हुनुपर्ने हो, त्यो पूरा हुन सकेन । पछिल्लो दुई दशकमा आर्थिक विकास औसत २/३ प्रतिशत मात्रै छ । त्यो आर्थिक वृद्धिदरले देशको विकास सम्भव छैन ।

**अबको सार्वजनिक वित्त मोडल**

हाम्रोजस्तो गरिब देशमा अहिलेको राजनीतिक संरचना अत्यन्तै खर्चिलो छ । हुन त राजनीतिक दलहरूले यसलाई इन्कार गर्छन् । तर एउटा अर्थशास्त्रीको नजरबाट हेर्दा अहिलेको राजनीतिक संरचना भद्दा छ । माथिल्लो सभा र तल्लो सभामा सांसदहरूको संख्या बढी छ । प्रदेश, स्थानीय तहको आकारलगायत सबै खर्चिलो छ । यही स्थितिमा लामो समयसम्म धान्न गाह्रो छ । संघीयता राम्रो छ तर खर्चिलो छ । प्रदेश संरचना खारेज गर्नुपर्छ भनेर आवाज उठिरहेको छ । तर प्रदेश खारेजभन्दा पनि मितव्ययी बनाउन जरूरी छ ।

हाल रहेका प्रदेशहरूलाई आत्मनिर्भर बनाउनुपर्छ । प्रदेशको आम्दानीको क्षमताअनुसार राजनीतिक संरचना हुनुपर्छ । जस्तो; प्रदेश सांसद र मन्त्रीको संख्या प्रदेशको आम्दानीअनुसार कायम गर्नुपर्छ । केन्द्र सरकारले अख्तियारी दिँदा सिधै स्थानीय तहलाई दिनुहुँदैन । प्रदेश सरकारलाई पनि आबद्ध गरायो भने प्रदेश रहनुको औचित्य रहन्छ । सिधै केन्द्र सरकारले स्थानीय सरकारलाई दिने हो भने प्रदेश सरकारको आवश्यकता नै छैन । तीनै तहका सरकारबीच समन्वय हुन जरूरी छ ।

अहिलेको बजेट सुन्दा राम्रो छ । बजेटको सुरूमा नै खर्च घटाइने भनेर उल्लेख छ । तर भित्र हेर्दा खर्च घटाउने स्पष्ट आधार छैन । नेपालमा संघीयता राजनीतिक उद्देश्य पूर्ति गर्न आएको देखिन्छ । आर्थिक उद्देश्य पूरा गर्न तथा जनताका आवश्यकता पूरा गर्न न त आयो, न त बनाइयो । त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका पूर्वप्रमुख स्वर्गीय प्रा. मदन दाहालले नेपाल संघीय संरचनामा गयो भने खाल्डोमा पुग्छौं (We will entern into the deep trap) भन्नुहुन्थ्यो । मलाई अहिले त्यही कुराले हिट गरिरहेको छ । एउटै आर्थिक वर्षमा ५/६ खर्बको ऋण व्यहोर्नुपर्छ भने यो संघीय संरचनाले कति समयसम्म धान्न सक्छ ? यस विषयमा राजनीतिक दलहरू पनि जानकार छन् । तर कुनै एक्सन लिन सकिरहेका छैनन् ।

**वित्तीय संरचना**

लघुवित्त संथाहरूको उद्देश्य राम्रो छ । हाम्रोजस्तो देशमा दुर्गम, पिछडिएका विपन्न वर्गलाई उकास्न लघुवित्त संस्थाहरू सञ्चालनमा आएका हुन् । लघुवित्त संस्थाका कारण





**हाम्रोजस्तो गरिब देशमा अहिलेको राजनीतिक संरचना अत्यन्तै खर्चिलो छ । हुन त राजनीतिक दलहरूले यसलाई इन्कार गर्छन् । तर एउटा अर्थशास्त्रीको नजरबाट हेर्दा अहिलेको राजनीतिक संरचना भद्दा छ ।**

सफलता प्राप्त गरेका देशहरू पनि छन् । जस्तो बङ्गलादेशमा लघुवित्तका कारण ग्रोथ रेटमा ठूलो परिवर्तन आएको छ । लघुवित्तका संस्थापक मोहम्मद युसुफले लघुवित्तको अवधारणा ल्याएपछि बङ्गलादेशमा ठूलो आर्थिक परिवर्तन आएको हो । नेपालमा पनि लघुवित्त संस्थाहरू सञ्चालनमा ल्याइए । तर लक्षित वर्गको पहुँचसम्म पुग्न सकेनन् । लघुवित्त संस्थाको संरचनामा कुनै प्रश्न छैन । तर यसका क्रियाकलापहरूमा नेपाल राष्ट्र बैंकले राम्रोसँग नियमन गर्न सकेको देखिँदैन ।

साथै, बैंकहरू मध्यमवर्गको पहुँचमा मात्रै सीमित छन् । मध्यमवर्ग समूह अधिकतम इमानदार छैनन् । उनीहरू ऋण लिएर समयमा चुक्ता गर्दैनन् । बैंकहरू नाफा कमाउन स्थापना गरिएका संस्था हुन् । नाफा कमाउन खोलिएका संस्थाले आफ्नो एक्सन पनि लिन्छन् । बैंक र ऋणीको सम्बन्ध दिगो बनाउने मामलामा राष्ट्र बैंक पनि चुकेको देखिन्छ । संघीय वित्तीय संरचनाका विषयमा राष्ट्र बैंकले अवश्य सोचेको छ । राष्ट्र बैंकले सातै प्रदेशका क्षेत्रीय कार्यालयलाई प्रादेशिक कार्यालयमा स्तरोन्नति गरेको छ । सोहीअनुसार नयाँ कर्मचारी भर्ना गरेर सेटलमेन्ट पनि गरिसकेको छ । साथै, प्रत्येक स्थानीय तहमा एउटा वाणिज्य बैंकको शाखा कार्यालय पुऱ्याउन सफल भएको छ ।

बैंकहरू व्यावसायिक संस्था भएकाले प्रदेशको संरचनाअनुसार जहाँ व्यापार व्यवसाय हुन्छ, त्यहाँ शाखा विस्तार गरिरहेका छन् । तर ठ्याक्कै प्रादेशिक संरचनाअनुसार बैंकहरू गइसकेका छैनन् । अब उनीहरू पनि प्रादेशिक संरचनाअनुसार सञ्चालन हुनुपर्छ ।

बैंक तथा वित्तीय संस्थाका ग्राहकहरूको पनि कमजोरी छ । ग्राहकहरूले जुन उद्देश्यका लागि ऋण लिएका हुन्छन् त्यो उद्देश्यमा शतप्रतिशत खर्च गर्दैनन् । उद्देश्यअनुरूप खर्च गरिएन भने प्रतिफल पनि आउँदैन । प्रतिफल नआएपछि ब्याज पनि तिर्न सक्दैनन् । ब्याज तिर्न नसकेपछि त्यो ऋण 'अकुमुलेट' हुँदै जान्छ । पक्कै भन्ने हो भने हाम्रो देशमा इमानदारिताको अभाव हुन थालिसकेको छ । जसको संकेत लघुवित्त संस्थाका ऋणीहरूबाट पनि प्रष्ट देखिन्छ । केही ऋणीहरू वास्तविक नै छन् । तर अधिकांश ऋणीहरूको क्षमता भएर पनि तिर्न मानिरहेका छैनन् ।

केन्द्रीय बैंकले सिधै लघुवित्तलाई रकम उपलब्ध गराउने हो भने 'लेयर' स्वतः घट्छ । राष्ट्र बैंकले लघुवित्तलाई सापटी दिएर ऋणीलाई उपलब्ध गराउने प्रणाली हो । तर अभ्यासमा लागू भएको छैन । लक्षित वर्गको हातमा ऋण नपुग्नु भनेको ट्रिकल डाउन इफेक्ट इकोनोमिक जस्तै हो । लघुवित्तकर्मीहरूले पनि ग्राहकलाई दिएको ऋणको सही सदुपयोग भएको छ कि छैन भनेर अनुगमन गरेनन् । ऋणीहरूलाई तालिम, सल्लाह र सुझाव दिएको भए संस्थाको व्यवसाय वृद्धि हुन्थ्यो । तर त्यो नगरेका कारण अहिलेको समस्या निम्तिएको हो ।

हाम्रो देशमा निश्चित अवधिमा राजनीतिक परिवर्तन भएको देखिन्छ । २०६२/६३ को आन्दोलनपछि नेपालमा राजनीतिक परिवर्तन भयो । संरचनागत परिवर्तन आयो । राजतन्त्र हट्यो, प्रजातान्त्रिक व्यवस्थाबाट संघीयता अवलम्बन गर्यौं । संघीयता उचित थियो वा थिएन भन्ने विषयमा लामो छलफल र बहस नगरीकन राजनीति पार्टीहरूले लाद्ने काम गरे । त्यसैले संघीयता आएपछि सोचनीय उपलब्धि भएका छैनन् । संघीयतामा गइसकेपछि सरकारको साधारण खर्च एकदमै उच्च दरमा बढेको छ । जुन धान्नै नसक्ने अवस्थामा पुगेको छ ।

प्रदेश सरकार आफैं आत्मनिर्भर बन्न सकेका छैनन् । केन्द्र सरकारले दिएको अनुदानमा मात्रै

सञ्चालन भइरहेका छन् । आफैं आयआर्जन गरेर व्यवस्थापन गर्ने अभाव संघहरूमा देखिएको छ । यति भन्दै गर्दा प्रदेश सरकार पूरै असफल भएको भन्न त मिल्दैन । किनकि यो सुरुवाती चरण मात्रै हो । सिक्नका लागि पनि समय लाग्छ । यदि संघहरू आत्मनिर्भर हुन सके भने संघीयता सफल भएको मानिन्छ । सधैं केन्द्र सरकारले प्रदेश सरकारलाई पालिरहने हो भने गाह्रो हुन्छ ।स्थानीय निकायले भने धेरै काम गरेको देखिन्छ । तर स्थानीय निकायलाई योभन्दा बढी अधिकार पनि दिनुहुँदैन । दिएको अधिकार मात्रै कार्यान्वयन गर्ने हो भने पर्याप्त हुन्छ । स्थानीय सरकारलाई प्रशस्त अधिकार दिइएको छ ।

**समस्या समाधान तथा अबको विकल्प**

सबैभन्दा पहिला राजनीतिक स्थायित्व हुनुपर्छ । तर पछिल्लो पटक भएको चुनावले राजनीतिक स्थायित्व देखाएको छैन । अहिले भएको प्रणाली परिवर्तन गर्नुभन्दा पनि कसरी राम्रो बनाउने भनेर सोच्नुपर्छ । चुस्तदुरुस्त बनाउन सरकारले आक्रामकरूपमा खर्च घटाउनुपर्छ । देशलाई आत्मनिर्भर अर्थतन्त्र बनाउन अभ्यास थाल्नुपर्छ । होइन भने गरिब मुलुकले छिमेकी मुलुकहरूको हण्डरहरू खेपिरहनुपर्छ । जस्तो कहिले निर्यातमा अवरोध गर्ने, कहिले आयातमा अवरोध गर्ने काम भइरहन्छन् । तिनै बहानामा अल्झाई रहने हो भने सोचेजस्तो विकास गर्न सकिँदैन ।

आत्मनिर्भर बनाउन सरकारले अनावश्यक खर्चहरू घटाउन जरूरी छ । पछिल्लो समय संसद्मा अर्थविद् समेत रहेका सांसद स्वर्णिम वाग्लले खर्च कटौतीका विषय उठान गर्नुभएको छ । श्रीलङ्कामा संकटका बेलामा खर्च कटौती गर्न सेनाको संख्या घटाइएको थियो । ग्रिसलाई युरोपियन युनियनले सेनाको संख्या कटौती नगरेमा सदस्यबाट हटाउने चेतावनी दिएको थियो । त्यसपछि ग्रिसले मन्दीको बेलामा खर्च कटौती गर्न ४० हजार बढी सेना एकैपटक जागिरबाट हटाएको थियो । जसले सरकारी खर्च घटेका थियो ।

विकास निर्माणका लागि पुँजी आवश्यक पर्छ । पुँजी निर्माणका लागि बचत हुन जरूरी छ । कि आम्दानी बढाएर वा खर्च घटाएर बचत हुन्छ । त्यो बचतलाई परिचालन वित्तीय संस्थाहरूले गर्ने हो । वित्तीय संस्थाहरूले सर्वसाधारणको बचत उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्छ । केन्द्रीय बैंकको अवधारणा पनि सोहीअनुसार आएको हो । किनकि बैंक बेगर साधन र स्रोतको राम्रोसँग परिचालन गर्न सकिँदैन ।

सरकारले खर्च कटौती गर्ने धेरै आधार छन् । संवैधानिक आयोगहरूमध्ये कति नचाहिने छन् । जस्तो समावेशी आयोग छ । समावेशी आयोग भएपछि दलित आयोग, मधेशी आयोग, जनजाति आयोग आवश्यक छैन । समावेशी आयोगले सबै आयोगलाई समेट्छ । यस्तै, विज्ञ नियुक्ति गर्दा सरकारी कर्मचारी पनि योग्य छन् । विश्वविद्यालयका प्राध्यापकहरू छन् । तिनीहरूलाई पनि नियुक्ति गर्दा सरकारलाई अन्य खर्च हुँदैन ।

डा. डिल्लीराज खनालको अध्यक्षतामा खर्च कटौती गर्न भनेर बनेको आयोगले दिएका सुझाव कार्यान्वयन हुन सकेका छैनन् । दराजमा मात्रै सुझाव राख्ने हो भने किन आयोग बनाइराख्नुपर्‍यो ? विज्ञ आयोगले दिएका सुझाव कार्यान्वयनमा चुकेको छ । सरकारले खर्च घटाएर उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्छ ।

**निष्कर्ष**

संघीयता चुस्तदुरुस्त बनाउन संरचना परिवर्तन, संख्या थपघट गर्न सकिन्छ । प्रदेशलाई खारेजभन्दा पनि उत्पादित बनाउनतिर लाग्नुपर्छ । सर्वसाधारण पनि इमानदार हुनुपर्छ । जुन कुराको अभाव खड्किएको छ । झोले कार्यकर्ताभन्दा पनि राम्रो र नराम्रो छुट्याउन सक्नुपर्छ । सरकारले गर्ने क्रियाकलापहरूको भागिदार जनता हुन् । सरकार पनि जनताप्रति उत्तरदायित्व हुनुपर्छ ।

२१ औं शताब्दीमा डिजिटल वित्तीय प्रणाली अपनाउन सक्यौं भने भ्रष्टाचार न्यूनीकरण हुन्छ । साथै, राजस्व चुहावट घट्छ । जसले सरकारको आम्दानी बढ्छ । भ्रष्टाचारका कारण भइरहेको अनावश्यक खर्च घट्छ । त्यसपछि धेरै ऋण लिनु पर्दैन । विकास निर्माणका कामहरूलाई नियमन गर्न डिजिटलले धेरै सहज हुन्छ । आईटीलाई प्राथमिकता दिनुपर्छ ।








गणेश कार्की

# ऊर्जा विकास : फालिएको समय, प्रविधिको चुनौती

**छोटो समयमा नेपालको जलविद्युत् क्षेत्रमा निजी क्षेत्रले सशक्त उपस्थिति देखाइसकेको छ । जलविद्युत् क्षेत्रमा लगानी गर्न निजी क्षेत्रले देखाएको यो सक्रियतालाई सरकारले अझै क्रियाशील बनाउनुपर्ने देखिन्छ ।**

विश्वमा पहिलोपटक सन् १८७८ मा बेलायतमा पानीको प्रयोग गरेर निकालिएको करेन्टबाट एउटा चिम बालिएको थियो । त्यसको चार वर्षपछि १८८२ मा अमेरिकामा हाइड्रोपावर प्लान्टबाट व्यावसायिक प्रयोजनका लागि विद्युत् उत्पादन थालियो । त्यसको एक दशक पनि पूरा नहुँदै विश्वभर सयौं जलविद्युत् आयोजनाको विकास भए ।

नेपालमा सन् १९११ मा पाँच सय किलोवाटको फर्पिङ लघु जलविद्युत् परियोजना (चन्द्रज्योति) निर्माण गरियो । विश्वमा पहिलो व्यापारिक उत्पादन सुरु भएको मात्र २९ वर्षपछि नेपालमा जलविद्युत् उत्पादन गर्न थालिएको थियो । यसरी पाँच सय किलोवाटबाट सुरु भएको ऊर्जा विकासको यात्रा पाँच हजार मेगावाट उत्पादनको बाटोमा अघि बढिसकेको छ । आजको मितिमा नेपालको जलविद्युत् उत्पादनको जडित क्षमता दुई हजार आठ सय मेगावाट छ । योमध्ये ७० प्रतिशत अर्थात् करिब दुई हजार मेगावाट विद्युत् उत्पादनमा निजी क्षेत्रको प्रत्यक्ष सहभागिता छ ।

बेलायत सरकारको सहयोगमा फर्पिङ जलविद्युत् परियोजना बनेको २३ वर्षपछि छ सय ४० किलोवाट क्षमताको सुन्दरीजल जलविद्युत् परियोजना निर्माण भयो । २०७८ सालमा उक्त आयोजनाको क्षमता बढाइयो । अहिले करिब एक मेगावाट क्षमतामा उक्त आयोजनाबाट विद्युत् उत्पादन भइरहेको छ ।

१९९८ सालमा छ सय ७७ किलोवाट क्षमताको सिकरबास जलविद्युत् आयोजना निर्माण भयो । नेपालले २०२२ सालपछि मात्र पहिलोपटक एक मेगावाटभन्दा ठूलो क्षमताको जलविद्युत् आयोजनाको निर्माण गऱ्यो । जतिबेला पनौतीमा दुई दशमलव चार मेगावाट क्षमताको पनौती जलविद्युत् आयोजना सञ्चालनमा आयो । त्यसको दुई वर्षपछि नुवाकोटमा २४ मेगावाट क्षमताको त्रिशुली जलविद्युत् आयोजना बन्यो ।

२०२९ सालमा सिन्धुपाल्चोकमा साढे १० मेगावाट क्षमताको सुनकोशी जलविद्युत् आयोजनाको निर्माण भयो । २०३५ सालमा १५ मेगावाटको गण्डक जलविद्युत् आयोजनाको निर्माण गरियो ।

नेपालमा पहिलो जलविद्युत् आयोजना बनेको ७१ वर्षपछि २०३९ सालमा पहिलो जलाशययुक्त जलविद्युत् आयोजना निर्माण भयो । जापान सरकारको सहयोगमा ६० मेगावाटको कुलेखानी-१ जलविद्युत् आयोजना बन्यो । २०४३ सालमा ३२ मेगावाटको कुलेखानी २ र २०७६ सालमा १४ मेगावाटको कुलेखानी ३ क्यासकेड पनि सञ्चालनमा आए । २०४१ सालमा १४ दशमलव एक मेगावाटको देवीघाट जलविद्युत् आयोजना भारत सरकारको



सहयोगमा बनेको थियो। त्यतिबेलासम्म नेपालमा दातृ निकायको सहयोगमा मात्रै जलविद्युत् आयोजना निर्माण हुँदै आएको थियो।

निजी क्षेत्रलाई जलविद्युत् आयोजना निर्माणको अनुमति दिने व्यवस्था नभएका बेला सरकारले नै बुटवल पावर कम्पनी स्थापना गऱ्यो। कम्पनीले १२ दशमलव पाँच मेगावाट क्षमताको झिमरुक खोला जलविद्युत् आयोजना निर्माण गऱ्यो। विद्युत् ऐन, २०४९ जारी भएपछि यसलाई निजीकरण गर्दै लगियो।

विद्युत् ऐन, २०४९ ले जलमा निजी क्षेत्रको प्रवेश गरायो। नर्वेजियन लगानीमा बनेको ६० मेगावाटको खिम्ती र अमेरिकी लगानीमा बनेको ४५ मेगावाटको भोटेकोशी जलविद्युत् आयोजना २०५७ सालमा सञ्चालनमा आए। नेपाली निजी क्षेत्रले भने २०५९ मा पहिलोपटक सात दशमलव पाँच मेगावाट क्षमताको इन्द्रावती-३ जलविद्युत् आयोजना सञ्चालनमा ल्यायो। २०६० मा अरुण भ्याली हाइड्रोपावर कम्पनीले संखुवासभामा तीन मेगावाटको पिलुवाखोला जलविद्युत् आयोजना सञ्चालनमा ल्याएको थियो। अहिले निजी क्षेत्रले निर्माण गरेका ८२ वटा जलविद्युत् आयोजना नेप्सेमा सूचीकृत भइसकेका छन्। एक सय ६० भन्दा धेरै आयोजनाबाट विद्युत् उत्पादन सुरु गरिसकेका छन्।

पहिलो मध्यम क्षमताको जलविद्युत् आयोजना सञ्चालनमा ल्याएको दुई दशकपछि निजी क्षेत्रको समेत लगानीमा (विद्युत् प्राधिकरणले कम्पनी मोडलमा बनाएका आयोजनासहित) दुई हजार मेगावाट विद्युत् उत्पादन भइसकेको छ। चार हजार तीन सय मेगावाट क्षमताका आयोजना निर्माणको चरणमा छन्। दुई हजार छ सय मेगावाट क्षमताका आयोजना वित्तीय व्यवस्थापनको चरणमा छन्।

१० हजार ५ सय मेगावाट क्षमताका आयोजना विद्युत् खरिद सम्झौता (पीपीए)को चरणमा छन्। १२ हजार मेगावाट क्षमताका आयोजना अध्ययनको चरणमा छन्। यी सबै आयोजनामा कुल १३ खर्ब रुपैयाँ लगानी भइसकेको छ। यसरी विद्युत् ऐन जारी भएको छोटो समयमै नेपालको जलविद्युत् क्षेत्रमा निजी क्षेत्रको सशक्त उपस्थिति देखिइसकेको छ।

पछिल्लो समय नेपालमा सोलार ऊर्जाको विकास पनि द्रुत गतिमा भइरहेको छ। चार/पाँच वर्षको छोटो अवधिमै करिब एक सय मेगावाट सोलार विद्युत् उत्पादनमा छ। आठ सय मेगावाटका आयोजना विभिन्न चरणमा छन्।

अध्ययनले नेपालमा ७२ हजार मेगावाट जलविद्युत् र ३० हजार मेगावाट सौर्य ऊर्जा लगानीका हिसाबले पनि उत्पादन सम्भव भएको देखाउँछ। सबै खोलामा भएको सबै पानी उपयोग गरेर आयोजना बनाउने हो भने त नेपालको जलविद्युत् उत्पादन दुई लाख मेगावाट पुग्छ भन्ने पनि विज्ञहरूले भन्दै आएका छन्। यसमा थप अध्ययन गर्न आवश्यक छ।

विकासका पूर्वाधारमध्ये आशा जगाएको क्षेत्र पनि अहिले जलविद्युत् नै हो। विद्युत्मा हामी वर्षायाममा आत्मनिर्भर छौं। बढी भएको छ सय मेगावाटभन्दा बढी विद्युत् भारतीय बजारमा निर्यात भइरहेको छ। हिउँदमा भने अझै केही वर्ष हामीले भारतबाट विद्युत् आयात गर्नुपर्ने अवस्था छ। जबसम्म एउटा ठूलो जलाशययुक्त आयोजना वा कुल जलविद्युत् उत्पादनको एकतिहाइ सोलार ऊर्जा उत्पादन गर्दैनौं, तबसम्म हिउँदमा हामीले विद्युत् आयात गरी नै रहनुपर्छ।

हाम्रो समृद्धिको सपना अथाह सम्भावना भएको र देशको आर्थिक मेरुदण्डका रूपमा लिइएको जलविद्युत् क्षेत्रबाटै पूरा हुन्छ। त्यो सपनालाई साकार गर्न अहिलेकै अवस्थामा भने सम्भव नहुन सक्छ। यसका लागि सरकारले जलविद्युत् विकासमैत्री वातारण र लगानी सुरक्षाको प्रत्याभूति दिनुपर्ने छ। नेपालको जलविद्युत् विकासमा निजी क्षेत्रको महत्वपूर्ण

**घरको छानाबाट खस्ने पानीबाटै ऊर्जा निकाल्न सकिन्छ कि भनेर वैज्ञानिकहरू लागिपरेका छन्। यो प्रविधि सफल भयो भने आफ्नो घरको छानोबाट पानी खसाएरै विद्युत् उत्पादन गर्न सकिने छ। यो प्रविधि आउन समय लागे पनि हाइड्रोजनले त तपाईं हाम्रो ढोकामा आएर ढकढक गरिसकेको छ।**





**विद्युत् निर्यातबाट अर्बौं आम्दानी गरे पनि हिउँदमा हामी आफैं आयात गर्छौं । अझ भनौं निर्यात गरेकोभन्दा बढी मूल्यको विद्युत् आयात गर्छौं । यसको समाधानका लागि सोलार ऊर्जा र जलाशययुक्त आयोजना बनाउन थप अग्रसरता देखाउनैपर्ने छ ।**

योगदान देखिए पनि सरकारको झन्झटिलो प्रक्रिया र उदासीनताका कारण जुन गतिमा जलविद्युत्को विकास हुनुपर्ने थियो, त्यसो हुन भने सकेको देखिँदैन । सरकारले जलविद्युत्का लागि निजी क्षेत्रलाई लाइसेन्स दिनेबाहेक अरू धेरै कामहरू गर्नै सकेको छैन । आयोजनाहरूका लागि सरकारले बाटोदेखि ट्रान्समिसन लाइनसम्म पुऱ्याइदिन्छु भनेर गरेको प्रतिबद्धता समेत पूरा गरेको छैन ।

सबै क्षेत्रका लागि पर्याप्त विद्युत् वितरण गर्ने हो भने अहिलेकै अवस्थामा पाँच हजार मेगावाट विद्युत् नेपालमै खपत हुने अवस्था छ । मागअनुसारको विद्युत् आपूर्ति हुन सकेको छैन । सरकारले ल्याउन लागेको ऊर्जा विकास मार्गचित्रमा १२ वर्षमा २८ हजार मेगावाट उत्पादन गर्ने उल्लेख छ । त्यसमध्ये १५ हजार मेगावाट निर्यात गर्ने र १३ हजार मेगावाट विद्युत् आन्तरिकरूपमा खपत गर्ने कार्ययोजना बनेको छ । नेपाल विद्युत् प्राधिकरणले वार्षिक १३ अर्बको विद्युत् निर्यात गर्ने प्रक्षेपण गरेको छ । साउन र भदौ दुई महिनामा मात्रै साढे पाँच अर्ब रुपैयाँको विद्युत् निर्यात पनि भइसकेको छ । हिउँद लाग्दै जाँदा नेपालको निर्यात घट्दै जाने छ । अर्को वर्ष जेठ असारमा मात्रै नेपालले फेरि ठूलो मात्रामा विद्युत् निर्यात गर्न सक्छ ।

विद्युत् निर्यातबाट अर्बौं आम्दानी गरे पनि हिउँदमा हामी आफैं आयात गर्छौं । अझ भनौं निर्यात गरेकोभन्दा बढी मूल्यको विद्युत् आयात गर्छौं । यसको समाधानका लागि सोलार ऊर्जा र जलाशययुक्त आयोजना बनाउन थप अग्रसरता देखाउनैपर्ने छ । एउटा जलाशययुक्त आयोजना बनाउन ८/१० वर्ष र ठूलो लगानी लाग्ने अवस्था छ । त्यसको विकल्पमा सोलार आयोजना अघि बढायो भने दुई वर्षभित्रै विद्युत् उत्पादन गर्न सकिन्छ । दिउँसो सोलारले विद्युत् माग धानेमा बिहान बेलुकाको लागि चाहिने अधिक बिजुली अर्धजलाशययुक्त आयोजनाबाट पनि पूरा गर्न सकिन्छ ।

२०७५ सालदेखि सरकारले पीपीए (ऊर्जा खरिद सम्झौता) बन्द गर्दा नयाँ आयोजनाहरू थपिन सकेका छैनन् । उत्पादन बढाउनका लागि तत्काल सरकारले पीपीए खुलाउनुपर्छ । सरकार भने पीपीए खुलाउनुको साटो वित्तीय व्यवस्थापन गर्न नसकेका आयोजनाको पीपीए नै खारेज गर्न अघि बढेको देखिन्छ । दुई हजार छ सय मेगावाट क्षमताका आयोजनाको पीपीए खारेज गर्न एउटा प्रतिवेदनले सिफारिस गरेको छ । सरकारले पीपीए नखोलेको अवस्थामा अबको पाँच वर्षमा सात हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादन हुने अवस्था देखिँदैन । उत्पादन बढाउनका लागि भए पनि सरकारले तत्काल पीपीए खोल्नुपर्छ ।

अबको १० वर्ष एकदमै चुनौतीपूर्ण छ । १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य सरकारले लिनुपर्ने र त्यसमा १० हजार मेगावाट विद्युत् नेपालमै खपत गर्ने र बाँकी अन्तर्राष्ट्रिय बजारमा पठाउने लक्ष्य बनाउनुपर्छ । सरकारले भने १० को ठाउँमा १२ वर्ष र ३० को ठाउँमा २८ हजार मेगावाट उत्पादनको योजना बनाइरहेको छ ।

अहिलेकै अवस्थामा विभिन्न ऐनहरू बाधक बनिरहेका छन् । एउटा प्रसारणलाइनको

टावर राख्न १० वर्ष लागेको अवस्था छ । यस्ता ऐनले बाधा पुऱ्याउनाले १२ वर्षमा १२ हजार मेगावाट विद्युत् पनि उत्पादन गर्न कठिन हुन सक्छ । त्यसका लागि सरकारले ऊर्जा संकटकाल घोषणा गरेर निश्चित ऐन, नियमहरू निलम्बन/संशोधन गर्नैपर्ने हुन्छ । अन्यथा यो लक्ष्यमा हामी पुग्न असम्भवजस्तै छ । सरकारले पनि यस विषयमा अध्ययन गरिरहेको छ ।

प्रक्रियागत झन्झट नहुँदा एउटा आयोजना सातदेखि आठ वर्षमा सहजै सम्पन्न गर्न सक्ने अवस्था छ । झन्झटिलो प्रक्रियाकै कारण त्यही आयोजना सक्न १२ वर्षसम्म लाग्ने गरेको छ । यसरी दोब्बर समय लाग्दा आयोजनाको लागत पनि दोब्बर वृद्धि हुने गरेको छ । यसले उत्पादित विद्युत् महँगो भएको छ । सर्वसाधारणले पनि सस्तोमा विद्युत् उपभोग गर्न पाउने अवसरबाट बञ्चित छन् । अहिलेकै अवस्थामा एक मेगावाट जलविद्युत् उत्पादन गर्न औसतमा २० करोड रुपैयाँ लाग्छ । प्रक्रियागत ढिलाइकै कारण अवधि बढ्दा यसको मूल्य २५ करोडसम्म पुग्ने गरेको छ ।

निजी क्षेत्रलाई सरकारले अहिले विद्युत् उत्पादनको मात्रै अनुमति दिएको छ । सरकारी एकल खरिदकर्ता भएकै कारण उत्पादित विद्युत्को मूल्यमा प्रतिस्पर्धा हुन सकेको छैन । अर्कोतिर उसले वितरण गर्न नसकेको अवस्थामा निजी क्षेत्रले विद्युत् खेर फाल्नुपर्ने अवस्था छ । प्रस्तावित विद्युत् ऐनले निजी क्षेत्रलाई विद्युत् व्यापारको ढोका खोल्ने तयारी गरेको छ । सरकारी कम्पनीले प्रतिस्पर्धाविनै राम्रो आयोजना हत्याउने र निजी क्षेत्रले उनीहरूले छोडेका आयोजनामा प्रतिस्पर्धा गर्ने अवस्थाले पनि विद्युत् उत्पादनमा असर गरेको छ । प्रतिस्पर्धा भनिसकेपछि सबैलाई समान नियममा प्रतिस्पर्धा गराउनुपर्छ ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले पनि एउटा नियमावली ल्याउने तयारी गरिरहेको छ । उसको नियमावलीले त झन् एउटा खोलामा एउटा मात्रै आयोजना विकास गर्न पाउने, संरक्षण क्षेत्रभित्रका नदीमा ५० प्रतिशत र सीमा नदीमा २५ प्रतिशत पानी छोड्नुपर्ने प्रावधान राखेको छ । दुई लाख मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ भन्ने प्रक्षेपण आयोजनाको क्यु-४० वा २५ को नियम नराखेको अवस्थामा हो । विश्वमा अहिले क्यु सिस्टमबिनै धमाधम आयोजनाको विकास भइरहेको छ । आजका मितिसम्म हाम्रो ऊर्जाको ठूलो स्रोत जलविद्युत् नै हो । हाम्रो प्राथमिकता पनि जलविद्युत् नै हो । हामीसँग भएको प्राकृतिक स्रोत र साधनलाई सही समयमा सदुपयोग गर्न सकिएन भने भोलिका दिनमा जलविद्युत्मा 'चार्म' नहुन सक्छ ।

विश्वमा नयाँनयाँ प्रविधि विकास भइरहेका छन् । हाइड्रोजन ऊर्जाले सबैखाले ऊर्जालाई चुनौती दिइरहेको छ । विद्युतीय गाडीको विकल्पमा हाइड्रोजन गाडी आइरहेका छन् । जसमा एउटा सेलले वर्षौंसम्म गाडी चलाउन सकिन्छ । विद्युत् उत्पादनमा पनि थोपा प्रविधिको

**निजी क्षेत्रलाई सरकारले अहिले विद्युत् उत्पादनको मात्रै अनुमति दिएको छ । सरकारी एकल खरिदकर्ता भएकै कारण उत्पादित विद्युत्को मूल्यमा प्रतिस्पर्धा हुन सकेको छैन । अर्कोतिर उसले वितरण गर्न नसकेको अवस्थामा निजी क्षेत्रले विद्युत् खेर फाल्नुपर्ने अवस्था छ ।**

अध्ययन भइरहेको छ । घरको छानाबाट खस्ने पानीबाटै ऊर्जा निकाल्न सकिन्छ कि भनेर वैज्ञानिकहरू लागिपरेका छन् ।

यो प्रविधि सफल भयो भने आफ्नो घरको छानोबाट पानी खसाएरै विद्युत् उत्पादन गर्न सकिने छ । यो प्रविधि आउन समय लागे पनि हाइड्रोजनले त तपाईं हाम्रो ढोकामा आएर ढकढक गरिसकेको छ । काठमाडौं विश्वविद्यालयले नै हाइड्रोजनबाट खाना पकाउन परीक्षण गरिसकेको छ । गाडी चलाउने परीक्षण पनि गर्दैछ । अहिलेको हाइड्रोजन ऊर्जा जलविद्युत्बाटै उत्पादन भइरहेको छ । भोलिका दिनमा सिधै पानीबाटै हाइड्रोजन निकाल्ने प्रविधि नआउला भन्न सकिन्नँ । त्यसैले समयमै हामीले जलविद्युत्बाट फाइदा लिन सक्नुपर्छ । त्यसो गर्न सकिएन भने हाम्रो खोलामा बगेको पानी सधैँको लागि खेर जानेछ ।






भवानी राणा



# पर्यटन : संख्या बढाउने कि गुणस्तर खोज्ने ?

**पछिल्लो तथ्याङ्कअनुसार नेपालमा आउने पर्यटकले गर्ने जम्मा दैनिक औसत खर्च ५४ डलर रहेको छ । जुन अन्य देशको तुलनामा निकै कमजोर हो । नेपाल विश्वको १७ औँ सबैभन्दा सस्तो देश हो ।**

कुनै समय काठमाडौं तिब्बतसँगको व्यापारिक केन्द्र थियो । काठमाडौंसम्म आइपुग्दा विभिन्न ठाउँमा खाने र बस्ने ठाउँको व्यवस्था हुन्थ्यो । पहाडबाट तराईका विभिन्न ठाउँमा घिउ बोकी नुन किन्न जाने प्रचलन थियो । त्यतिबेलै गाँस, बास र अतिथि सत्कार बिक्री गर्ने परम्पराको विकास भएको देखिन्छ । तर राणाकालीन समयसम्म बाह्य पर्यटनका लागि नेपाल खुला थिएन । कतिसम्म भने सगरमाथाको सर्भेकर्ता पनि दार्जिलिङ, सिक्किम हुँदै तिब्बत आएर रोङबुकबाट सगरमाथातिर लाग्नुपर्ने बाध्यता थियो ।

राणाकालपश्चात् बिस्तारै नेपाललाई खुला गर्दै लगियो । विश्वसामु नेपाललाई देखाउन थालियो । बिस्तारै होटल व्यवसायको पनि सुरुवात हुन थाल्यो । नर शमशेरले विदेश यात्राको क्रममा नेपालमा पनि होटलको आवश्यकता महसुस गरे । सन् १९५१/५२ तिर 'नेपाल होटल' नामको होटलको स्थापना गरे ।

थोमस र एलिजावेथ मेन्डिसको स्नो भ्यु रेस्टुरेन्टको स्थापना र मुम्बईस्थित क्लब श्री हन्ड्रेडका मालिक रसियन नागरिकले स्थापना गरेको रोयल होटलपश्चात् नेपालको पर्यटन व्यवसायले लामो यात्रा तय गर्ने आधारशीला तयार भयो । रसियाली नागरिकलाई राजा त्रिभुवनले राणा धपाउन गरेको सहयोगको गुन तिर्न नेपाल बोलाएका थिए । त्यसै क्रममा उनलाई पुरानो दरबार भाडामा दिइयो । त्यही दरबारमा उनले रोयल होटल स्थापना गरे ।

नेपाललाई पर्यटकको लागि खुला गर्न राजा महेन्द्रलाई बिन्ती गरी अनुमति लिन सफल उनले पहिलो पटक प्राइभेट टुर कम्पनीमार्फत पहिलो पटक पर्यटक भित्र्याएका थिए । उनले स्थापना गरेको रोयल होटलमा एडमण्ड हिलारी, पास्टर फादर वरन यसै समयमा आएका थिए । त्यसपश्चात् नै नेपालमा विदेशी पर्यटकका लागि ढोका खोलिएको थियो । युरोप र अमेरिकाका सुन्दर सहर छोडेर नेपाल आउलान् र भन्ने आशंकाका बीच पर्यटकका लागि खोलिएको नेपालको ढोकाले नेपालको ऐतिहासिक र प्राकृतिक सम्पदा विश्वसामु पुऱ्याउन निकै ठूलो मद्धत पुऱ्यायो । सन् १९६६ मा स्थापित भएर सोल्टी होटलले नेपालमा भएका पाँच तारे होटलको रिक्तता पूरा गर्न सुरुवात गऱ्यो । त्यसपछि होटल शंकर, होटल दि अन्नपूर्ण, होटल सोल्टी क्राउन प्लाजा, याक एण्ड यति होटल हुँदै हालसम्म आइपुग्दा १९ वटा पाँच तारे होटलहरू स्थापना भइसकेका छन् । सयौं होटलहरूले आ-आफ्नै ढंगले आगन्तुकलाई आफ्ना सेवा प्रदान गरिरहेका छन् ।

पर्यटन क्षेत्र हाम्रो मुलुकको अर्थतन्त्रको लागि निकै महत्वपूर्ण क्षेत्र हो । विदेशी मुद्रा भित्र्याउन यो



क्षेत्र महत्वपूर्ण मानिन्छ । नेपालको अहिलेको अर्थतन्त्रलाई टेवा पुऱ्याउने उद्योग व्यवसायहरू धराशायी अवस्थामा छन् । पर्यटनको अवस्था हेर्दा पनि खासै उत्साहजनक देखिएको छैन ।

पर्यटक भनिसकेपछि कस्तो खालको पर्यटक हो र उसलाई कति दिन राख्न सकिन्छ ? भन्ने कुरा महत्वपूर्ण हुन्छ । अहिलेचाहिँ भारतको पर्यटक त्यति देखिएको छैन । कोभिड महामारीपछि केही पर्यटक पनि आएका थिए तर त्यो संख्या निकै न्यून हो । पर्यटन विकासका लागि र पर्यटकका लागि केही नयाँ गन्तव्यहरू पनि दिन सक्नुपर्छ । जति गन्तव्य दिन सकियो त्यति पर्यटकहरू आउने हुन् ।

लुम्बिनीकै कुरा गर्नुपर्दा अन्तर्राष्ट्रिय विमानस्थल त बनायौँ तर प्रयोग गर्न सकिएको छैन । उक्त विमानस्थलको माध्यमबाट लुम्बिनीमा ठूलो संख्यामा धार्मिक पर्यटकहरू भित्र्याउन सकिन्छ । काठमाडौँ, पोखरा चितवनमा मात्रै कति पर्यटक आउने हो र ? सरकारले नयाँनयाँ गन्तव्यहरू पनि खोज्नुपऱ्यो । त्यसका लागि आवश्यक पूर्वाधार निर्माण गर्न निजी क्षेत्रलाई सहयोग गर्नुपर्ने हुन्छ । निजी क्षेत्र लगानी गर्न तयार छ, सरकारले त्यति प्रोत्साहन गरेको पाइँदैन ।

उदाहरणका लागि जुम्ला, खप्तडजस्ता पर्यटकीय सम्भावना रहेका स्थानहरूमा होटल खोल्नलाई ट्याक्स होलिडे, कर छुटजस्ता सुविधाहरू राज्यले दिएको खण्डमा व्यवसायीहरूमा उत्साह छाउँछ । ऋणको ब्याजमा सहुलियत दिनेलगायतका सुविधा दिनुपर्ने हुन्छ । यसपालिको बजेटमा त झन् लक्जरी ट्याक्सदेखि भ्याट समेत लगाएको छ । अहिले अर्थतन्त्र पनि ओरालो लागेको अवस्था छ, बजेटमा पनि ट्याक्सको मात्रै कुरा भयो । मौद्रिक नीतिले पनि निजी क्षेत्रलाई त्यति प्रोत्साहन गरेन । पर्यटन विकासका लागि हामीसँग पूर्वाधारको पनि अभाव छ । जस्तो; खप्तड, राराजस्तो स्थानहरूमा होटल खोल्यौँ भने त्यहाँ जाने सडक पनि छैन ।

**पर्यटनको अवस्था**

नेपालको आजको पर्यटन व्यवसायको अवस्था हेर्दा नेपालमा उपलब्ध पर्यटकीय गन्तव्यअनुसार पर्यटकको संख्या प्राप्त गर्न सकिएको छैन । नेपालमा कोभिड महामारीपूर्व वार्षिक करिब १२ लाख रहेको पर्यटकको संख्या अहिले छ लाखको हाराहारीमा आइपुगेको छ । कोभिड महामारीलाई यसको दोष दिए पनि वार्षिक १२ लाख पर्यटक संख्याको पूर्ववत् अवस्थामा पुऱ्याउन कठिन छ । यही संख्याको पर्यटकको आगमनले नेपालको अर्थप्रणालीलाई पर्यटन व्यवसाय एक महत्वपूर्ण अर्थ साधन हुनका लागि अपर्याप्त छ ।

कम पर्यटकको संख्या आएका पर्यटकमध्ये पनि कमजोर क्रय क्षमता भएका पर्यटकका कारण पनि यसले नेपाली पर्यटन व्यवसायको क्षमता बढाउन सकिरहेको छैन । पछिल्लो तथ्याङ्कअनुसार नेपालमा आउने पर्यटकले गर्ने जम्मा दैनिक औसत खर्च ५४ डलर रहेको छ । जुन अन्य देशको तुलनामा निकै कमजोर हो । नेपाल विश्वको १७ औँ सबैभन्दा सस्तो देश हो ।

नेपाल पनि यहाँको भौगोलिक बनोट, भूपरिवेष्ठित र विभिन्न कारणले गर्दा पर्यटन क्षेत्रलाई मुख्य साधनको रूपमा समावेश गरी अर्थतन्त्र उकास्नु यहाँको आवश्यकता छ । कृत्रिम ढंगले यूएई र कतारजस्ता खाडी मुलुकले आफूलाई पर्यटकीय गन्तव्य बनाइरहेका छन् । नेपालले आफ्नो सुन्दरतालाई प्रयोग गर्दै आफ्नो व्यापारघाटाको क्षतिलाई न्यूनीकरण गर्ने र वैदेशिक रोजगारीको नाममा आफ्नो घर परिवार छोड्न बाध्य भएका युवाहरूलाई देशभित्र ल्याउने आधारशीला बनाउनुपर्ने जरुरी छ ।

आजकै अवस्थालाई हेर्ने हो भने पनि नेपालको चौथो रोजगारी सिर्जनाकर्ता नै पर्यटन व्यवसाय हो । जसले पछिल्लो वर्ष तीन लाख ७१ हजार एक सय ४० जनाको लागि रोजगारको अवसर सिर्जना गरेको थियो । त्यसैगरी सन् २०१७ को एक तथ्याङ्कअनुसार जीडीपीमा पर्यटन व्यवसायले सात दशमलव पाँच प्रतिशतको योगदान गरेको थियो । सन् २०२७ सम्म यस व्यवसायबाट आठ दशमलव तीन प्रतिशतको जीडीपीमा योगदान पुग्ने अवस्था निर्माण गर्ने लक्ष्य राखिएको थियो ।

नेपाल भ्रमण गरिने मुख्य क्षेत्रहरू राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष केन्द्र, धार्मिक क्षेत्रहरू, ट्रेकिङ, पर्वतारोहण तथा अन्य साहसिक क्रियाकलापहरू पर्छ । जसमध्ये वन्यजन्तु आरक्ष केन्द्रमा ११ हजार आठ सय ४७, धार्मिक क्षेत्रमा चार हजार तीन सय ८७ रहेका छन् । नेपालमा आउने पर्यटक औसत १५ दशमलव पाँच दिन बस्छन् । प्रतिदिन ४७ डलर खर्च गर्छन् । यसलाई यसरी हिसाब गर्दा प्रतिपर्यटक ७२८ दशमलव पाँच डलर आम्दानी हुन्छ ।

**लुम्बिनीकै कुरा गर्नुपर्दा अन्तर्राष्ट्रिय विमानस्थल त बनायौँ तर प्रयोग गर्न सकिएको छैन । उक्त विमानस्थलको माध्यमबाट लुम्बिनीमा ठूलो संख्यामा धार्मिक पर्यटकहरू भित्र्याउन सकिन्छ । काठमाडौँ, पोखरा चितवनमा मात्रै कति पर्यटक आउने हो र ? सरकारले नयाँनयाँ गन्तव्यहरू पनि खोज्नुपऱ्यो ।**

**नेपालमा पर्यटन आगमन र औसत बसाइ**

| वर्ष | पर्यटक संख्या | औसत बसाइ (दिनमा) |
|---|---|---|
| २०१३ | ७९७६१६ | १२.६ |
| २०१४ | ७९०११८ | १२.४४ |
| २०१५ | ५३८९७० | १३.१६ |
| २०१६ | ७५३००२ | १३.४ |
| २०१७ | ९४०२१८ | १२.६ |
| २०१८ | ११७३०७२ | १२.४ |
| २०१९ | ११९७१९१ | १२.७ |
| २०२० | २३००८५ | १४.१ |
| २०२१ | १५०९६२ | १५.५ |
| २०२२ | ६१४८६९ | १३.१ |
| २०२३ (पहिलो ६ महिना) | ४७६४८१ | |

नेपालका अहिले धेरै खर्च नगर्ने, कम गुणस्तरीय पर्यटक आउँछन् । गुणस्तरीय पर्यटकका लागि पनि हाम्रो ध्यान जानु जरुरी छ । रारा, खप्तडजस्ता स्थानमा ध्यान केन्द्रहरू बनाएर प्रचारप्रसार गर्न सकिए पनि गुणस्तरीय पर्यटकहरूलाईआकर्षण गर्न सकिन्छ ।

नेपालमा आउने पर्यटकमध्ये सबैभन्दा बढी भारतबाट ४२ दशमलव ८३ प्रतिशत छन् । त्यसपछि संयुक्त राज्य अमेरिकाबाट १५ दशमलव ५२ प्रतिशत आउने गर्छन् । नेपालमा आउने पर्यटक करिब ६६ दशमलव आठ प्रतिशत मनोरञ्जन तथा बिदा मनाउनका लागि आउने र सात दशमलव चार प्रतिशत तीर्थाटनका लागि आउने गर्छन् । नेपालमा पर्वतारोहणबाट हुने आम्दानी पर्यटन व्यवसायको मुख्य आम्दानी हो । सन् २०२१ मा निकालिएको तथ्याङ्कअनुसार सगरमाथा आरोहणका लागि मात्रै चार सय ६४ जनाले अनुमति लिएका थिए । सम्पूर्ण हिमालहरूको आरोहण अनुमति लिनेको संख्या जम्मा १४ सय २७ रहेको छ ।

यसका अतिरिक्त विभिन्न आर्थिक क्रियाकलापहरू हुने र कामदारहरूले प्राप्त गर्ने रोजगारीका अवसरहरू त छँदैछ । २०२१/२२ को आर्थिक वर्षमा पर्यटन क्षेत्रबाट कुल विदेशी मुद्राको आय ७८७४ दशमलब चार मिलियन डलर रहेको छ । नेपालको समग्र निर्यातबाट गर्ने आम्दानी १६३ दशमलव १७ विलियन डलरमा पर्यटन क्षेत्रबाट भएको आम्दानीले केही न केही विदेशी रकम सञ्चिति बढाउनलाई मद्दत गरेको छ । यसलाई अझै सुधार गरी १३२९७२.२ मिलियन नेपाली रुपैयाँको व्यापार घाटा घटाउन पर्यटन व्यवसायलाई अझै सक्षम बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

वर्तमान अवस्थामा नेपाली पर्यटन व्यवसायलाई मद्दत गर्ने किसिमले विभिन्न पाठ्यक्रमहरूको पठनपाठन सुरु गरिएको छ । कक्षा ११, १२ देखि नै सुरु हुने होटल म्यानेजमेन्टको पाठ्यक्रम स्नातक र स्नाकोत्तरसम्म अध्यापन भइरहेको छ । अघिल्लो वर्ष स्नाकोत्तर तहमा पर्यटन व्यवसायका विभिन्न विधाअन्तर्गत रहेर २५ हजार आठ सय सात जनाले स्नातकोत्तर गरी आवश्यक दक्ष सेवा प्रदान गरिरहेका छन् ।

नेपालको जति पनि पर्यटकीय क्षेत्रहरू छन्, अधिकांश क्षेत्रहरू हिमाली र पहाडी क्षेत्रमा पर्छन् । त्यस क्षेत्रसम्म पुग्नका लागि सहज सुविधाजनक यातायातका अभावका कारण प्रशस्त मात्रामा पर्यटकलाई त्यस्ता क्षेत्रहरूमा पुऱ्याउन सकिएको छैन । विगत केही वर्षदेखि भइरहेका हवाई दुर्घटनाका कारण नेपालको हवाई यात्रा जोखिम यात्राको रूपमा देखिएको छ । जसका कारण नेपालको बारेमा नकारात्मक प्रचार भइरहेको छ । नेपाल घुम्नका लागि इच्छा भइरहेको पर्यटकहरू पनि भयभीत भई थोरै मात्रामा भए पनि पर्यटकको सङ्ख्या घटेको छ । त्यस्तै, गरी विभिन्न पर्यटकीय सामग्रीहरू नेपालमै उत्पादन गर्न नसकिएका कारण बाहिरबाट आयात गर्नुपर्दा आम्दानीको केही हिस्सा बाहिर पठाउनुपर्ने बाध्यता रहेको छ । यसमा ध्यान दिन जरुरी छ ।



### कसरी भित्र्याउने धेरै पर्यटक ?

सडक, बिजुलीजस्ता पूर्वाधारहरू निर्माण गर्ने काम उद्योगीहरू र पर्यटन व्यवसायीहरूको त होइन । पूर्वाधार निर्माण सरकारले नै गर्ने हो । त्यो सँगसँगै कनक्टिभिटी हुनपऱ्यो । अन्य मुलुकको श हरदेखि नेपाली शहरसम्मको कनेक्टिभिटी हुनपऱ्यो । उदाहरणको लागि दिल्लीदेखि नेपालगञ्जसम्म, धनगढीसम्मको । त्यस्ता फ्लाइट भयो भने विकासका साथसाथै अरू व्यवसायहरूको समेत विकास हुन सक्छ । कनेक्टिभिटी, भौतिक पूर्वाधार, उचित नीति सरकारले ल्याइदिन पऱ्यो । यी तीनवटा कुरा एकदमै महत्वपूर्ण छ ।

नेपालका अहिले धेरै खर्च नगर्ने, कम गुणस्तरीय पर्यटक आउँछन् । गुणस्तरीय पर्यटकको लागि पनि हाम्रो ध्यान जानु जरुरी छ । रारा, खप्तडजस्ता स्थानमा ध्यान केन्द्रहरू बनाएर प्रचारप्रसार गर्न सकिए पनि गुणस्तरीय पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ । धेरै खर्च गर्ने पर्यटकलाई पर्याप्त सुविधा समेत दिन सकिएको छैन । भारतबाट धार्मिक पर्यटक ल्याउन सक्नुपऱ्यो । जस्तो स्वर्गद्वारीजस्तो स्थानको प्रवर्द्धनका लागि 'स्वर्गको द्वार हो, त्यहाँ नगएसम्म स्वर्ग जान सकिँदैन' भन्ने सन्देश प्रवाह गर्न सकियो भने थप टेवा पुग्न सक्छ ।

भारतीय धार्मिक पर्यटकहरू जति पैसा पनि खर्च गर्न तयार हुन्छन् । उनीहरूको भ्रमण कसरी लम्ब्याउन सकिन्छ भन्ने कुरामा ध्यान दिनुपर्छ । दिल्लीदेखि जनकपुरको हवाई यात्राको रुट निर्माण गर्न सकियो भने सीताको जन्मस्थान भन्दै भारतीय पर्यटकहरू धेरै भित्रिने सम्भावना देखिन्छ । पछिल्लो समय बङ्गलादेशको अर्थतन्त्र बलियो हुँदै गइरहेको छ । बङ्गलादेशको पर्यटकहरू क्यासिनो खेल्न नेपाल आउने गरेका छन् । भर्खरै मात्र एकै पटक बङ्गलादेशबाट सयौंको संख्यामा पर्यटक आएका छन् । चिनियाँहरूको त आवागमन पनि पछिल्लो समय बढिरहेको नै छ । सरकारले गर्ने काम सरकारले गर्ने र पर्यटन व्यवसायीले पर्यटक भित्र्याउने काम गर्न सकियो भने राम्रो हुन्छ । पाँचतारे होटलहरूलाई अझै

आर्कषक बनाउनुपर्ने हुन्छ ।

हामीले नयाँ गन्तव्य पनि दिन सकेको छैनौं । पर्यटकले नेपाल आएर काठमाडौं, पोखरा, चितवन मात्रै कति हेर्ने ? नयाँनयाँ गन्तव्यहरू समेत दिने र पुराना गन्तव्यहरूलाई पनि गुणस्तरीय बनाउनुपर्ने हुन्छ । व्यवसायीहरूले राम्रो योजनाका साथ अघि बढ्ने प्रयास गर्‍यो भने असहज नीतिले समस्या पार्ने अवस्था रहेको छ । जे गर्न पनि निकै झन्झटिलो परिस्थिति सामना गर्नुपर्छ ।

नेपालमा पर्यटन विभागमा आवश्यक प्रक्रियाका लागि जाँदा वन विभाग पठाउने, वनबाट फेरि वातावरणमा पठाउने, त्यहाँबाट संस्कृतिमा पठाउनेजस्ता क्रियाकलापले निकै झन्झट बेहोर्नुपर्ने अवस्था छ । पर्यटन बोर्डलाई अलिक अधिकार सम्पन्न गर्नुका साथै पर्यटन व्यवसायीले एकै स्थानबाट सेवा पाउने प्रकृतिको एकद्वार प्रणाली हुनुपर्‍यो । निजी क्षेत्रलाई समेत सँगसँगै लगियो भने अझ विकास हुन्छ । त्यस्तै, नयाँ व्यवसाय गर्नेलाई पनि सरकारले प्रोत्साहनका लागि केही सुविधा दिनुपर्ने हुन्छ ।

सरकारले नीति निर्माणका लागि हामीसँग सरसल्लाह त गर्छ तर हामीले दिएको सल्लाह पालना गर्दैन । सल्लाह त लिन्छ, नीति आउने बेलामा आफ्नै खालको नीति आउँछ । अन्य देशहरूमा पर्यटन व्यवसायीलाई निकै सहज छ । एक पटक यस व्यवसायमा थला परिसकेको श्रीलंकाजस्तो मुलुक फेरि पर्यटन व्यवसायमा उठिसक्यो । श्रीलंकामा २०२२ को तुलनामा २०२३ सालमा चाहिँ ५० प्रतिशत पर्यटक वृद्धि भएको छ । जबकि श्रीलंका त्यस्तो अप्ठेरो अवस्थामा पुगेको थियो । गत जुन महिनामा मात्रै चार लाख १० हजार पर्यटक श्रीलंका गएका छन् । माल्दिभ्समा पनि २० प्रतिशत पर्यटकको वृद्धि भएको छ । नेपालमा चाहिँ निकै कम पर्यटक भित्रिएको देखिन्छ । नेपाल आएर पर्यटकहरू घुमघाम गर्ने मात्रै त होइन, हामीसँग सफारी गर्ने ठाउँ छन्, राष्ट्रिय निकुञ्जहरू छ, ट्रेकिङ गर्ने स्थानहरू छ, विभिन्न धार्मिक सांस्कृतिक स्थानहरू छ । ती क्षेत्रहरूमा नयाँनयाँ सम्भावनाहरू खोज्नुपर्‍यो । काठमाडौं ल्याएर भक्तपुर, ठमेल, पाटन मात्रै घुमाउने होइन । अन्य क्रियाकलापहरू पनि हुनुपर्‍यो । हरेक पटक योजनाहरू त आउँछ, बजेटमा पनि उल्लेख गरेको त हुन्छ तर नीति एकातिर हुन्छ, कार्यान्वय भने हुँदैन ।

**भ्रमण वर्ष**

सन् १९९८ को सफल नेपाल भ्रमणपश्चात् २०११ म पनि भ्रमण वर्ष मनाइएको थियो । त्यो समयमा केही हदसम्म पर्यटक वृद्धि गर्न मद्दत पुगेको थियो । १९९८ को भ्रमण वर्षमा करिब ४३ हजार पर्यटकहरूको वृद्धि भएको थियो भने २०११ को भ्रमण वर्षमा अघिल्लो वर्षको तुलनामा एक लाख ३४ हजार पर्यटकको वृद्धि भएको थियो ।

सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने उद्देश्यले भ्रमण वर्ष २०२० तय गरियो, जहाँ प्रत्येक प्रदेश, प्रत्येक जिल्ला र प्रत्येक स्थानीय तहको तहगत पर्यटकीय गन्तव्यहरू पहिचान गर्ने प्रयास गरिएको थियो । तर कोभिड महामारीका कारण उक्त कार्यक्रम सफल हुन सकेन । यता नेपालको पर्यटन व्यवसायमा ठूलो क्षति हुन पुग्यो । महामारीपश्चात् विस्तारै अन्य क्षेत्रजस्तै पर्यटन व्यवसाय पनि उठ्न थालेको त छ तर पूर्णरूपमा लय समातिसकेको भने छैन ।

जति चुनौती भए पनि नेपालको अर्थतन्त्र उकास्न महत्वपूर्ण क्षेत्र भनेको पर्यटन व्यवसायलाई माथि उठाउनुपर्छ । नेपालमा पर्यटन क्षेत्रको विकास हुन नसक्नुको अर्को कारण प्रचारप्रसारको अभाव पनि हो । उदाहरणका लागि खप्तडजस्तो सुन्दर संरक्षण क्षेत्र छन् । त्यस्ता ठाउँहरूमा धेरै पर्यटकहरू जान सकिरहेका छैनन् । अब नेपालको पर्यटन विकासको नीति तय गर्दा वा पूर्वाधार विकासको प्राथमिकता तय गर्दा यस्ता सुन्दर तर भौगालिकरूपले विकट गन्तव्यहरूमा पर्यटकको संख्या कसरी बढाउने भन्ने बारेमा सोच्नुपर्ने हुन्छ । जसले पर्यटकको संख्या बढाउनको साथसाथै अन्य क्षेत्रमा आएका पर्यटकलाई यस्ता नयाँ गन्तव्यमा पुर्‍याउन सकेको खण्डमा पर्यटकको औसत बस्ने दिन बढी भई पर्यटकको खर्च बढी हुन जान्छ ।

पवर्तारोहणको क्षेत्रमा पनि पर्यटकहरूको असमान वितरण भएको पाइन्छ । जहाँ सगरमाथाजस्ता हिमालहरूमा चार सय चार जनाले आरोहणका लागि अनुमति लिएको पाइन्छ भने बाँकी रहेका अन्य हिमालमा फ्याट्टफुट्ट अनुमति लिएको पाइन्छ । यस्ता पर्यटक नपुगेको क्षेत्रहरूमा विशेष नीति तथा कार्यक्रमका आधारमा पर्यटकहरू बढाउने कार्यक्रम अघि सार्नुपर्छ । नेपाली पर्यटनको अर्को समस्या भनेको नेपालको भरपुर मात्रामा प्रचारप्रसार गर्न नसक्नु हो । यसका लागि कन्ट्री मार्केटिङ गर्नुपर्ने जरुरी देखिन्छ ।

वैदेशिक रोजगारमा गएका नेपालीहरूको सहयोगमा विभिन्न आधुनिक डिजिटल प्रविधिको प्रयोग गर्दै नेपालको कन्ट्री मार्केटिङ गर्न जरुरी छ । खेलकुद, चलचित्रजस्ता अन्तर्राष्ट्रिय मनोरञ्जनका मञ्चहरूमार्फत गन्तव्य विज्ञापन गरी नेपालको पर्यटन क्षेत्रलाई विश्वसामु फैलाउनुपर्ने जरुरी छ ।





**माल्दिभ्समा पनि २० प्रतिशत पर्यटकको वृद्धि भएको छ । नेपालमा चाहिँ निकै कम पर्यटक भित्रिएको देखिन्छ । नेपाल आएर पर्यटकहरू घुमघाम गर्ने मात्रै त होइन, हामीसँग सफारी गर्ने ठाउँ छन्, राष्ट्रिय निकुञ्जहरू छ, ट्रेकिङ गर्ने स्थानहरू छ, विभिन्न धार्मिक सांस्कृतिक स्थानहरू छ ।**

**भन्सार विभागको अनुरोध**

चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसारपसार गरी राजस्व छली गरेको जानकारी, सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुर्‍याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ । साथै, यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानून बमोजिम पुरस्कृत गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं ।
IVR: ०१-५९७०६५६
टेलिफोन नं. ०१ ५९१७७२१८, ५९१७१२३, ५९१७२२९
मोबाइल नं. ९८५१३५३३५३ (WhatsApp र Viber)
ईमेलः csd@customs.gov.np
वेबसाइटः- customs.gov.np





। केदार न्यौपाने

# प्राथमिकतामा विपद् जोखिम : न्यूनीकरण तथा व्यवस्थापनमा ध्यान

**विपद् व्यवस्थापनमा नेपालले बङ्गलादेशको संरचना टिपेर ल्याउँदा राम्रो हुन्छ । बङ्गलादेश र हाम्रो लगभग उस्तै–उस्तै भौगोलिक संरचना छ । त्यहाँ पनि पानीले ल्याउने जोखिम बढी छ । नेपालमा पनि पानीकै कारण विपद्को घटना बढी हुन्छ ।**

विपद् वा प्रकोपको परिभाषा फराकिलो छ । अहिलेको सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राथमिकताको विषय हो । हिजोका दिनमा विपद् भन्नाले प्राकृतिक विपद्लाई मात्रै बुझिन्थ्यो । प्रकोप भन्नाले प्राकृतिक वा मानव सिर्जित विपद् हो । पहिले विपद् र प्रकोप उस्तै हो भनिन्थ्यो । अहिले मानव सिर्जित विपद् र प्राकृतिक विपद् फरक मान्ने गरिएको छ । विपद्मा परेपछि कुराहरू धेरै हुन सक्छन् तर विपद् हुनुभन्दा अघि नै रोकथाम वा पूर्वतयारीको प्रयास गरे विपद्को प्रभाव न्यूनीकरण गर्न सकिन्छ ।

विपद् जोखिम न्यूनीकरणमा हाम्रो ध्यान त्यति गएको छैन । बुझाइमा पनि कमी छ । विपद्पछिको व्यवस्थापनतिर मात्र हाम्रो बढी ध्यान गइरहेको छ । विपद् भइसकेपछि मात्र संरक्षण गर्ने र कम क्षति पुऱ्याउन कोसिस हुन्छ । विपद्पछि घाइतेलाई उद्धार गर्ने, हस्पिटल लैजाने धन-सम्पत्ति बढी क्षति भइरहेको छ भने धन-सम्पति क्षति नहुनका लागि रोक्नेजस्ता कुराहरूमा मात्र हाम्रो ध्यान छ । पुनःनिर्माणका कुराहरू पनि यसअन्तर्गत पर्छ ।

विपद् आउनुभन्दा अघि गर्नुपर्ने कुराहरू धेरै छन् । नेपालमा विपद् आएपछि बढी धनजनको क्षति हुनुको मुख्य कारण हामीले विपद् आउनुभन्दा पहिले अपनाउनु पर्ने सावधानी र व्यवस्थापनतर्फ ध्यान दिन नसक्नु नै हो । यदि हामीले विपद् आउनुभन्दा पहिले नै विपद् व्यवस्थापनका कुराहरू सोचेनौँ र यसरी नै गइरह्यौँ भने भविष्यमा विपद् तथा प्रकोपको कारण धेरै धनजनको क्षति हुने सम्भावना हुन्छ । त्यसैले हामीले विपद् व्यवस्थापनमा पूर्णरूपमा जोड दिनुपर्छ ।

तीनै तहको सरकारलाई यसमा परिचालन गर्न सक्नुपर्छ । विपद् व्यवस्थापन न्यूनीकरणमा सबैभन्दा ठूलो भूमिका समाज र समुदायको हुन्छ । समाजले विपद्लाई नजिकबाट देखेको हुन्छ । विपद् आइलाग्दा नजिक भएकाले समाधान गर्ने कोसिस गर्यो भने सबैभन्दा राम्रो हुन्छ । हामीले समुदायलाई विपद् जोखिम न्यूनीकरणमा जति परिचालन गर्नुपर्ने हो त्यो गर्न नसकेका कारणले पनि विपद् तथा प्रकोपबाट हुने क्षतिलाई अझै न्यूनीकरण गर्न सकेका छैनौँ । विपद्मा समाजकै स्रोतको परिचालन गर्न सक्दा क्षति कम गर्न सकिन्छ । जोखिम न्यूनीकरणका लागि समाज समुदाय र सरकारको उत्तिकै भूमिका हुन्छ । समुदाय सचेत र विपद् व्यवस्थापनमा सक्षम हुन सकेको खण्डमा विपद् न्यूनीकरण गर्न सकिन्छ ।

**प्रकोप र विपद्का कारणहरू**

हाम्रो देश विपद्को उच्च जोखिममा रहेको मुलुकमा पर्दछ । मैले थाहा पाएअनुसार दुई प्रकारको विपद्को घटना हाम्रो देशमा भएको सुनेको छैनः एउटा सुनामी र अर्को ज्वालामुखी विस्फोटन । त्यसबाहेक अरू हरेक विपद् हाम्रोमा छ, जसमध्ये सबैभन्दा बढी जोखिम पानीको कारण नेपालमा हुन्छ । पानीको कारण आउने विपद्का कारण हरेक वर्ष नेपाल पीडित छ ।

यसबाहेक मानिसहरूकै कारण सिर्जित हुने विपद् तथा प्रकोपको कारण नेपालमा धनजनको क्षति हुन्छ । जस्तै; सडक खन्ने नाममा अन्धाधुन्ध डोजर चलाउनाले, रुखबिरुवा काट्नाले, जताजतै गाईबस्तु चराउनाले आदि । आजभोलि कहालीलाग्दो तरिकाले सडक दुर्घटना बढ्दै गइरहेको छ । यसको मुख्य कारण सडक व्यवस्था सबै ठाउँमा उचित नहुनु हो । यो पनि मानवले गर्दा नै सिर्जित भएको घटना हो । हरेक वर्ष दुई हजारभन्दा बढी मानिसको मृत्यु सडक दुर्घटनाबाट नै भइरहेको छ । यसका कारणहरू खोज्नुपर्छ । सवारी चालक गतिला भएनन् कि गुड्ने सडक गतिलो भएन कि अथवा सवारी साधन नै गतिलो भएन कि भन्नेजस्ता कुराहरूको अध्ययन हुनुपर्छ ।

साथै, चट्याङको कारण पनि धेरै मानिसहरू मरिरहेका छन् । चट्याङ प्राकृतिक हो । यसको प्रभावलाई हामीले घटाउन सकिन्छ । पुरानो उखानअनुसार 'ओत लाग्न ठूलो रुखमुनि बस्नुपर्छ' भन्ने छ । त्यसो होइन, चट्याङ परिरहेको बेला ठूलो रुखमुनि झन् चट्याङ पर्ने सम्भावना बढी हुन्छ । त्यो कुरा हामीलाई थाहा छैन । हामी पुराना उखानको पछि लागिरहेका छौँ । यदि हामीले सानो रुखमा ओत लाग्यौँ भने चट्याङबाट बच्न सकिन्छ ।

हामीले अहिले पानी पर्दा छाता ओड्छौँ । छाताले पनि समस्या निम्त्याउन सक्छ । पहिले बाँसको बिँड भएको छाता हुन्थ्यो । अहिले फलामको बिँड भएको छाता प्रयोग हुन्छ । फलाममा चट्याङ पर्न सक्छ । चट्याङ लाग्दा हाम्रो छाताको बिँडकै कारण विपद् आउन सक्छ । यस्तो कुरा जनस्तरले बुझ्नुपर्छ । यसको लागि हामीले मिडिया परिचालन गर्नुपर्छ ।

जनतालाई सतर्क बनाउनुपर्छ । चट्याङबाट बच्नको लागि हामीले जोखिमयुक्त घरमा अर्थिङ गर्नुपर्छ । त्यसैगरी जङ्गली जनावरको आक्रमणबाट पनि घटना भइरहेको छ । सर्पको टोकाइबाट पनि घटना भइरहेका छन् । मानिसहरू बाघले खाएर पनि मरिरहेका छन् । त्यस्तै, च्याउ खाएर पनि मानिस मरिरहेका छन् । गाउँतिर कमेरो माटो, घर पोत्ने माटो लिन जाँदा माटोको ढिस्को खस्दा पुरिएर पनि मानिसहरूको ज्यान गइरहेको छ । सावधानी अपनाउन सक्ने हो भने यसबाट बच्न सकिन्छ ।

**जोखिममा गरिब र दलितहरू**

विपद्को सबैभन्दा धेरै जोखिममा जो बढी गरिब छ उही पर्ने गर्छ । गरिबमा पनि के रहेछ भने सबैभन्दा दलित यसबाट पीडित भएको देखिएको छ । यसै कारण गरिबी निवारण र न्यूनीकरणजस्ता कुरालाई हामीले सँगै लानुपर्छ । गरिबी हट्छ भने प्रकोप र विपद्बाट हुने प्रभाव पनि घट्छ । उदाहरणका लागि पहिरोले हाम्रो धेरै क्षति गर्छ । गरिब, दलितहरू र पिछडिएका वर्गहरू जोखिम उक्त ठाउँमा बसोबास गर्छन् । हुनेखानेले नकिनेको ठाउँ, छोडेको ठाउँमा गरिबहरूकै बस्ती बढी हुन्छ । त्यस्ता ठाउँ जोखिमयुक्त हुन्छन् । जस्तै; खोलाको छेउछाउ, जोखिमयुक्त पहाडहरूमा गरिबहरूकै बढी बसोबास हुन्छ । त्यस्तै ठाउँ बाढी तथा पहिरोको जोखिममा पर्छन् ।

गरिब र दलित बस्तीहरू विपद् तथा प्रकोपको बढी जोखिममा पर्छन् । जस्तै; काठमाडौँकै कुरा गर्यौं वा हाइवेकै छेउछाउमा गरिबहरूकै बस्ती बढी हुन्छ । उनीहरूलाई बाध्यता छ कि आफ्नो गुजारा गर्नका लागि केही न केही त गर्नुपर्छ । त्यसैले जहाँ जोखिम छ, त्यस्तो स्थानमा गरिबहरूले घर र कटेरो बनाउने गर्छन् । त्यसैले हामीले उनीहरूलाई विपद्अघि नै सचेत बनाउन जरुरी छ । यसको न्यूनीकरण गर्न उचित सीप र शिक्षा दिनु आवश्यक छ । साथै, जोखिमयुक्त स्थान पहिचान गरेर उनीहरूलाई स्थानान्तरण गर्न सक्नुपर्छ ।

> **विपद्को सबैभन्दा धेरै जोखिममा जो बढी गरिब छ उही पर्ने गर्छ । गरिबमा पनि के रहेछ भने सबैभन्दा दलित यसबाट पीडित भएको देखिएको छ । यसै कारण गरिबी निवारण र न्यूनीकरणजस्ता कुरालाई हामीले सँगै लानुपर्छ ।**

**न्यूनीकरणको कोसिस**

संरचनात्मक हिसाबले त सरकारले धेरै कार्यक्रम र संरचना बनाएको छ । यस विषयमा संघीय सरकार, स्थानीय सरकार र अरू-अरू वित्तीय संस्था, सरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र दातृनिकायहरूले विपद् न्यूनीकरणसम्बन्धी कार्यहरू गरिरहेका छन् । तर अलिकति प्राथमिकतामा नपरेर हो कि के हो हामीले विपद् हुने ठाउँहरू पत्ता लगाउन नसक्नाले विपद् न्यूनीकरण गर्न सकिरहेका छैनौँ ।

अर्को शब्दमा कुरा गर्दा फेरि विपद् जोखिम भन्नाले धरापयुक्त ठाउँ हो । सरकारी निकायले धरापयुक्त ठाउँहरू कता छ, पत्ता लगाई त्यस्ता धराप हटाउँदा विपद् जोखिम पनि घट्छ । उदाहरणका लागि भन्ने हो भने पहिरो झर्न लागेको छ पहिरोको जोखिम भएको स्थान माथि मानिसहरूको बसोबास छ भने त्यसलाई हामीले 'त्यहाँबाट हट' भन्ने मात्र गरिएको छ । उनीहरूलाई कम जोखिमयुक्त स्थानमा सार्न सकिएको छैन । अनि तिनीहरूलाई त्यहाँ नबसभन्दा यो हाम्रो बाउबाजे बसेको ठाउँ हो छोडेर कहाँ जाने भन्छन् । भगवान् भरोशा गर्दै उनीहरू जोखिमयुक्त स्थानमा बसिरहेका छन् ।

दुर्भाग्यवश त्यस्ता ठाउँमा घटना घट्छ । उसको परिवार र सम्पत्ति सबै लिएर जान्छ । अलिकति हुनेखाने मान्छे जोखिमयुक्त ठाउँमा बसे पनि बारबन्देज लगाएर, पहिरिनेजस्ता ठाउँहरूलाई निर्माण गरेर बसेको हुन्छ, उसले ज्यान जोगाउन सकेको छ । जो गरिब छ उसले त्यसो गर्न नसक्दा उसलाई विपद् आइलागेको छ । त्यसैले सरकारले अरू कुराभन्दा पनि यस्ता कुराहरूलाई प्राथमिकता राखेर विपद् व्यवस्थापनमा बढी जोड दिनुपर्छ । अरू कुरा पछि गरेर भए पनि विपद् व्यवस्थापनमा सरकारले जोड दिनुपर्छ । अरू देशहरूमा अरूतिरको बजेट काटेर भए पनि विपद् व्यवस्थापनमा जोड दिने गरेका छन् । तर हाम्रोमा भने विपद्पछि राहत पनि सरकारले दिन्छ कि दिँदैन भनेर विश्वास गर्न सकिँदैन । त्यसमा पनि राहत बाँड्ने पैसा सरकारसँग छ कि छैन भनी हेर्नुपर्ने हुन्छ ।

**महामारी र पूर्वतयारी**

महामारी त जुन ठाउँमा पनि आउन सक्छ । 'पेन्डेमिक' भन्नाले विश्वभर आयो । पहिले इपेडेमिक भन्ने मात्रै थियो । इपिडेमिक भनेको १/२ देशमा मात्रै पुग्ने महामारी थियो । अहिले त 'पेन्डेमिक' नै भयो । कोरोनाले धेरै मान्छेलाई धेरै कुरा सिकाएको पनि छ । सरकारहरूले यस्ता महामारीसँग कसरी लड्ने भन्ने कुराहरू पनि सिकेका छन् । यो महामारीको प्रभाव जुनसुकै देशमा पनि भयो । अमेरिकाजस्तो देशलाई समेत यो विपद्ले ठूलो क्षति पुऱ्यायो ।

विशेष गरी हाम्रो देशमा चाहिँ बढी किन भयो भने वैदेशिक रोजगारी जस्तै; अमेरिकामा कुनै रोग आयो भने त्योचाहिँ नेपालसम्म आइपुग्न बढी समय नै नलाग्ने भयो । आफ्नो देशको नागरिक आफ्नो देश फर्किन्छु भन्दा नदिने कुरै भएन । त्यसैकारण पनि कोरोनाको

महामारी सर्ने सम्भावना भयो । तर कोरोना महामारीबाट हामीले क्रमशः पार पार्यौं । तर यसले के सिकायो भने जस्तोसुकै अवस्थामा पनि आत्तिनु हुँदैन । परिस्थितिसँग लड्नुपर्छ भन्ने सिकायो । विपत्ति आउँदा धैर्यता लिएर यसको कारण र रोकथामको उपाय खोज्नुपर्छ भन्ने कुरा यसले सिकायो ।

काठमाडौंकै कुरा गर्ने हो भने महामारीको चरम अवस्थामा १० हजार मानिसलाई एकैपटक उपचार सुविधा उपलब्ध गराउन सकेनौं । अब यस्ता महामारी आउँदा समेत सहज हुने गरी त्यसको लागि हामी पहिल्यै तयार रहनुपर्छ । पहिले नै सावधानी अपनाउनुपर्छ । त्यसैअनुसार अस्पतालको बेड पनि बढाउनुपर्छ । त्यसैअनुसार डाक्टर पनि हुनुपर्‍यो । नर्सहरू पनि हुनुपर्‍यो । यसरी गरिने पूर्वतयारीले त्यस्तै किसिमको अवस्थाबाट बच्नलाई सहयोग गर्छ । जसलाई हामीले विपद् व्यवस्थापन अधिको पूर्वतयारी भन्छौं ।

विपद्लाई हामीले बीमासँग जोड्नुपर्छ । धेरै देशमा यस्तो अवस्थाबाट सहजरूपमा उम्किन बीमाको व्यवस्था छ । धेरैजसो रोगव्याधि तथा प्राकृतिक प्रकोपको बीमा पनि हुन सक्छ । अरू देशमा चाहिँ बीमा कम्पनीले नै महामारी र विभिन्न किसिमको विपद्को कभर गर्छ । हाम्रोमा भने त्यस्तो नभएका कारणले गर्दा सबै कुराहरू सरकारकै टाउकोमा जान्छ । सबैखाले विपद्को व्यवस्थापनमा सरकारले धान्न नसक्ने पनि हुन्छ । अहिले सरकारी तलब खानेहरू धेरै छन् । देशको विकास हुन सकेको छैन र आकस्मिकरूपमा आइपर्ने विपद्का कुराहरूलाई धान्न सरकार सक्षम छैन ।

**विपद् व्यवस्थापनमा स्वयम्सेवा**

यसमा दुईवटा कुरा छन् । एउटा कुरा के रहेछ भने हामीले स्वयम्सेवा गर्ने कुराहरू, परोपकार गर्ने कुराहरू सिकाएनौं कि जस्तो लाग्छ । पहिलेको पाठ्यपुस्तकमा एकअर्कालाई मद्दत गर्नुपर्छ, समाजमा सबै मिलेर बस्नुपर्छ, परेको बेला एकले अर्कोलाई जस्तोसुकै सहयोग गर्नुपर्छ भन्ने थियो तर अहिले नयाँ कुरा आएको छ । पहिले एउटालाई दुःख पर्दा अर्कोले मद्दत गर्ने चलन थियो तर अहिले त्यस्तो छैन ।

पहिलेको समाज सापटीमै चल्थ्यो । आफ्नो नभएको बेला अरूबाट लिने अनि पछि तिर्नेसम्मको कुरा हुन्थ्यो । अहिले समाज व्यक्तिकेन्द्रित सोचाइमा अगाडि बढेको छ । अरूलाई सहयोग गर्नुपर्छ भन्ने मानसिकतामा कमी हुँदै गएको अवस्था छ । अर्कोचाहिँ के रहेछ भने यो विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा समाजको भूमिका बढी हुन्छ भनी बुझाउन सकिएको छैन ।

विपद् व्यवस्थापन गर्दा बलियो र भरपर्दो युवाशक्तिको खाँचो हुन्छ । तर अहिले हाम्रो देशमा रोजगारीको अवसर नहुनाले सबै युवाहरू विदेश गएका छन् । गाउँ रित्तोजस्तै छ । त्यसैले गाउँमा अशक्तहरू मात्रै बसेका छन् । अशक्तहरूलाई अरूले नै सहयोग गर्नुपर्छ । अब उसले अरूको सहयोग कसरी गरोस् । त्यसैले पनि विपद् व्यवस्थापनमा सहज अवस्था छैन ।

राज्यले उचित सम्मान नगरेका कारण भएका युवाहरूले पनि स्वयम्सेवामा तत्परता देखाएका छैनन् । भारतकै कुरा गर्ने हो भने पद्मश्री, पद्मभूषण, पद्मविभूषण वर्षेनि वितरण हुन्छ तर हाम्रो जस्तो ह्वारह्वारी वितरण हुँदैन । योगदान नै नगर्नेले पनि राज्यबाट सम्मान पाउने तर योगदान गर्नेहरूले नपाउने अवस्थाको कारण पनि राज्यले दिने सम्मानको प्रभाव छैन ।

विपद् व्यस्थापन गर्नेलाई राज्यले महत्व दिएर विभूषित गर्न सकेको छैन । जसबाट उनीहरूमा विपद्मा परेकालाई सहयोग गर्ने जाँगर हराउने अवस्था छ । राज्यले सकारात्मक काम गर्ने, समाज तथा राज्यप्रति योगदान गर्नेहरूलाई सम्मान गर्ने कुरालाई बढावा दिनुपर्छ । आफ्नो ज्यानलै जोखिममा राखेर कसैको ज्यान जोगाउने कार्यको उचित सम्मानसहित राज्यले पुरस्कृत गर्न सक्ने हो भने धेरैलाई यस्ता किसिमको सहयोगमा जुट्ने उत्प्रेरणा प्रदान गर्न सकिन्छ । नेपालमा पनि हामीले विपद् व्यवस्थापन गर्नलाई आफ्नो ज्यानसँग खेल्ने संस्था तथा व्यक्तिहरूलाई पुरस्कृत गर्यौं भने राम्रो हुन्छ ।

**प्रकोप/विपद्मा विदेशी सहयोग**

विदेशबाट नेपाललाई सहयोग भइरहेको छ तर सैद्धान्तिकरूपमा कुरा गर्नुहुन्छ भने यो एक ढोकाबाट हुनुपर्ने हो तर यहाँ धेरै बाटोबाट सहयोग हुन्छन् । जसले गर्दा कसैलाई अथाह सहयोग भइरहेको छ भने कसैले पाइरहेका छैनन् । सहयोग पाउने सबैले उसको प्रभावित अवस्था हेरेर सहयोग पाउनुपर्ने हुन्छ । त्यस्तो भइरहेको छैन । एकद्वार प्रणालीबाट नै सहयोग गर्दा पनि हाम्रो देशको भौगोलिक अवस्था र विकासको अवस्थाको कारण राहत पुर्‍याउन सहज छैन । जो पहुँचमा छन् उनीहरूले पाइराख्ने र जो अलिक विकट स्थानमा छन् उनीहरू भएको स्थानमा राहत नै नपुगेको अवस्था पनि छ । राहत बाँड्दा राजनीतिक पहुँचले पनि प्रभाव परिरहेको छ ।

विपद्को बेला पनि राजनीतिक स्वार्थ हेर्नेहरूको भूमिका राहत वितरणमा देखिन्छ । राहतमा गैरसरकारी संस्था, विदेशी सहयोगका कारण केही राहत महसुस भए पनि त्यतिलाई पर्याप्त मान्न सकिने अवस्था हुँदैन । विपद्मा परेकालाई राहत वितरण गर्दा उचित अनुगमन पनि हुनुपर्छ । कसले पाए कसले पाएनन् । पाउनुपर्ने को-को हुन् सबै कुराको विवरण सरकारले राख्नुपर्छ । अहिलेको अवस्था जतिजति दलित छन्, जतिजति गरीब छन्, तिनीहरू भएको ठाउँमा हाम्रो संयन्त्र पुग्न सकिरहेको छैन । यी सबै कुराहरूलाई ध्यानमा राखेर मात्र विपद् व्यवस्थापनको काम गर्न सकिन्छ ।

**प्रकोप र महामारीमा सरकारको भूमिका**

प्रकोप र महामारीका लागि विपद्मा परेकाहरूले पाएको राहत ठीकठीकै पाएका छन् भन्ने लाग्छ । गाउँतिर जाँदा तिमीहरूले राहत पायौ त ? भनेर सोध्दा पाउन त पायौँ तर सरकारले दिएकोचाहिँ पाइएन भन्छन् । जनताको बुझाइमा राहत पनि एउटा गैरसरकारी राहत र अर्को सरकारी राहत हुन्छ भन्ने बुझाइ छ । फेरि हाम्रो राहत बाँड्ने कुराहरूमा पनि समस्या छ । जुन दलित छ, त्यसले नपाउने जुन चै नक्कली दलित छ त्यसले पाउने अवस्था छ ।

वास्तविक पीडितले राहत नपाउँदा राहत बाँडेको कुरा विवादित बन्ने भइहाल्यो । नक्कली पीडितहरू खडा गरेर मौकामा चौका हान्ने प्रवृत्ति पनि छ । यस्तो अवस्थामा जबसम्म सक्कली पीडितहरू पहिचान गरेर मात्र राहत वितरण गर्ने संयन्त्र बन्दैन तबसम्म यस्तो समस्या कायम रहन्छ । यस्तो अवस्थामा मानिस नैतिकवान् हुनुपर्छ । आफू पीडित नहुँदा पनि राहत लिन खोज्नु पापको कुरा हो भन्ने मानिसहरूमा लाग्नुपर्छ । यस्तो सोचको विकास हुनको लागि मिडिया, राजनीतिक दल र अरूको भूमिका हुनुपर्छ ।

**विपद् व्यवस्थापनमा नयाँ मोडल**

विपद् व्यवस्थापनको नयाँ मोडलको रूपमा हामीले विभिन्न देशको सकारात्मक अभ्यासलाई पछ्याउन सक्छौं । जापानसँग तुलना गर्ने हो भने जापानमा सात रेक्टरको भुइँचालो जाँदा पनि १/२ जना घाइते हुने अनि हाम्रो देशमा उस्तै रेक्टरको भुइँचालो जाँदा पाँच-छ हजार जना किन मरे ? भन्ने कुराको हामीले विश्लेषण गर्नुपर्छ । बढी क्षति हुनुका कारणहरू खोज्नुपर्छ । हाम्रो देशको संरचना नै त्यस्तो खालको छ ।

जोखिमयुक्त घर/संरचनाहरू छन् । हाम्रो देशको जोखिमयुक्त घर/संरचनाले गर्दा भत्किएको खण्डमा तुरुन्तै बचाउन सकिँदैन । यसका लागि उपकरण हुँदैन, तुरुन्त अस्पताल पुर्‍याउन सकिँदैन । अस्पताल पुर्‍याइहाले पनि उपकरण हुँदैन, उपकरण भए पनि डाक्टरले उपचार सुरु गर्दैन, चाहिएको बेला बेड पनि पाइँदैन, उपयुक्त औषधि हुँदैन । जसको कारण विपद्मा परेका मानिसले ज्यान नै गुमाउने सम्भावना हुन्छ । नेपालमा विपद्पछि आउने जोखिम धान्ने सर्वपक्षीय व्यवस्थापन छैन । अब जापानको कुरा गर्दा उसको घर/संरचना नै जोखिमलाई धान्न सक्ने खालको पूर्वतयारी गरेर बनाइएको हुन्छ ।

केही विपद् आइहाले पनि उसको संयन्त्र चुस्तदुरुस्त छ । हाम्रो देशको भौतिक संरचना नै लथालिङ्ग छ । योजना तथा व्यवस्थापन समेत लथालिङ्ग अवस्थामा छ । बजेट खर्च भएको ठाउँ पनि व्यवस्थित छैन । हाम्रोमा व्यवस्थापनको पाटोमा इरर नै इरर छ । हामीले विपद् आएपछि हेरौँला भन्दै बसेका छौं ।

हाम्रोमा विपद् आइहाले पनि अलिअलि चिउरा र अलिअलि भुजिया/बिस्कुट बाडेर टारौँला भनेर बस्छौँ । तर जापानमा त्यस्तो छैन । विपद्अघिको तयारी र विपद् आइसकेपछि के गर्ने भन्ने सबै खालको तयारी छ । जसका कारण जापानमा सात रेक्टरको भूकम्प नै आए पनि एकदुई जना घाइने हुने अवस्था छ भने हाम्रोमा पाँच-छ हजारले ज्यान गुमाउनुपर्ने अवस्था छ ।

**दोष कसको ?**

विपद् व्यवस्थापन नहुनुमा हामी सबैको उत्तिकै दोष छ । किनभने हामी परजीवी भयौँ । विपद् आइलाग्दा हामीले अरूसँग मात्र आशा गर्छौँ । हामीले परजीवी संस्कार सिक्यौँ । हामीले जोखिम आउनुअघिको पूर्वतयारी गरेनौँ । त्यसैअनुसारको संरचना बनाएनौँ । हामी नागरिकले विपद् व्यवस्थापनको ठेक्का सरकारको मात्र हो भन्ने मात्र बुझ्यौँ ।

आफ्नो तर्फबाट पनि तयारी गर्नुपर्छ भन्ने बुझेनौँ । हामीले सरकारले सबैखाले जिम्मेवारी लिनुपर्छ भन्ने बुझेकाले हामी आफूचाहिँ जिम्मेवार बनेनौँ । अर्को कुरा सरकार पनि नागरिक जस्तै भयो । सरकारी पदमा बसेकाहरूले पनि विपद् आइहाल्दा हामीले सहजै त्यसको व्यवस्थापन गर्न सकिहाल्छौँ नि भन्ने भयो तर जब विपद् आइलाग्छ तब गर्न सक्ने केही होइन । ठूलो-ठूलो भाषण मात्र गर्ने तर आवश्यक पर्दा केही गर्न नसक्ने नेपालको सरकारी संयन्त्र छ ।

विपद् व्यवस्थापनमा सबैभन्दा ठूलो भूमिका समाजको हुन्छ । हरेक समाजभित्र विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्रीहरू र उपयुक्त तालिमलगायतको व्यवस्था हुनुपर्छ । बङ्गलादेशको कुरा गर्नुहुन्छ भने बङ्गलादेश डुब्न लागेको देश हो तर त्यहाँका समाजको कामहरूले गर्दा अहिले बङ्गलादेश विपद्को कारणले हुने क्षति न्यूनीकरणमा धेरै अगाडि छ । त्यहाँ विपद् आइहाल्दा पनि समाज सक्षम छ ।

हाम्रोमा विपद् आइपर्दा समाजको भूमिकालाई विश्वास गर्दैनौँ, जसको कारण समाज समेत विपद्मा सक्रिय बनिरहेको छैन । समाजमा विपद् आइलाग्दा म आफैँ सक्षम छु, मलाई अरूको किन सहयोग चाहियोजस्ता अहमताको विकास भइरहेको छ । यस किसिमको अहमता विकास हुँदा समाज समेत बेमतलवी हुँदैछ । विपद् व्यवस्थापन सरकारले मात्रै गर्नुपर्ने भन्ने होइन । सरकारको स्रोतले मात्र पनि विपद् व्यवस्थापनमा पर्याप्त भूमिका खेल्न सक्दैन । सरकार, समाज र व्यक्ति सबै सक्रिय भए विपद् व्यवस्थापन तथा न्यूनीकरण गर्न सहज हुन्छ ।

**निष्कर्ष**

निष्कर्षमा कुरा गर्दा हामीले संरचना धेरै बनायौँ । सङ्घीय संरचना पनि छ, सङ्घीय संरचनामा गृह मन्त्रालय छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण पनि छ । त्यसैगरी नेपाली सेनाको पनि जोखिम न्यूनीकरण र व्यवस्थापनको काममा सक्रियता छ । त्यस्तै, सशस्त्र प्रहरी, नेपाल प्रहरीले पनि विपद् आइपर्दा व्यवस्थापनमा काम गर्छ । त्यस्तै, नेपाल स्काउट पनि छ । एनसीसीएले पनि विपद् व्यवस्थापनको काम गरिराखेको छ । उद्योगी व्यापारीहरूले पनि परेको बेला सहयोग गर्छन् । धार्मिक संघ/संगठनले पनि यसमा काम गरिरहेका छन् । त्यस्तै, प्रदेश सरकारले पनि काम गरिराखेको छ । त्यस्तै, स्थानीय सरकारको पनि यसमा भूमिका छ । तर 'तै रानी मै रानी कसले भर्ने कुवाको पानी' भन्ने अवस्थाको सिर्जना हुन सक्छ । समन्वय मिलिरहेको छैन । सबैको सक्रियता देखिए पनि उचित विपद् व्यवस्थापन भइरहेको छैन ।

भारतको कुरा गर्ने हो भने भारतमा एनडीआरएफए भन्ने डेडिकेटेड फोर्स छ । उसले जताजता विपद् हुन्छ त्यतात्यता पुगिहाल्ने काम मात्र गर्छ । उसले सूचनाको आदानप्रदान गर्ने कुराहरू मिलाएको छ । नेपालमा त सही समयमा सूचना पनि आउँदैन । सूचना आइहाले पनि विपद्को अवस्था हेरेर त्यसैअनुसारको तयारी गर्ने गरी सूचना दिन सक्ने क्षमता भएको जनशक्ति छैन । समयमै सूचना दिने संयन्त्र पनि छैन । नेपालमा भारतको एनडीआरएफए जस्तो संयन्त्र छैन । त्यस्तै, बनाउन खोजे पनि उसले त्यसरी काम गर्न सकेको छैन । विपद्को बेला दमकलजस्तो भएर बस्नुपर्छ । दमकलले आज तेल छैन, आज मान्छे छैन, आज दमकल चलाउने ड्राइभर छैन भन्न पाउँदैन । त्यस्तै, विपद् व्यवस्थापनको लागि पनि हामी तयारी अवस्थामा बसेका छैनौँ कि ?

**कुन देशको सिको गर्दा नेपालका लागि उपयुक्त ?**

विपद् व्यवस्थापनमा नेपालले बङ्गलादेशको संरचना टिपेर ल्याउँदा राम्रो हुन्छ । किनकि बङ्गलादेश र हाम्रो लगभग उस्तैउस्तै भौगोलिक संरचना छ । त्यहाँ पनि पानीको घटना बढी हुन्छ । नेपालमा पनि पानीकै कारण विपद्को घटना बढी हुन्छ । हाम्रोमा जस्तो अग्लो-होचो ठाउँ मात्र बङ्गलादेशमा कम छ । तर बङ्गलादेशको समुदाय परिचालन र अरू तयारीहरू पनि राम्रो छ । त्यसैले बङ्गलादेशको विपद् व्यवस्थापनको संरचनासँगै भारतको पनि केही कुरा हामीले लिन सक्छौँ ।

भारतमा कार्यान्वयनका पक्षहरू बलियो छ । जस्तै; उसको यन्त्र उपकरणदेखि लिएर हवाईजहाज र हेलिकोप्टरहरू तयारी अवस्थामा हुन्छन् । उदाहरणकै रूपमा हेर्ने हो भने २०७२ सालमा भूकम्प जाँदा काठमाडौंमा सबैभन्दा पहिले भारतको उद्धार कार्यमा सक्षम यन्त्र उपकरणसहित एनडीआरएफ आइपुगेको थियो । उसको कारणले धेरै ज्यान जोखिमबाट बचाउन सम्भव भयो । उसले ढलान काट्नेदेखि विपद् व्यवस्थापनका लागि आवश्यक यन्त्र उपकरण समेत लिएर आएको थियो । उसँग उद्धार कार्य गर्ने अनुभव पनि थियो ।

हामीमा उद्धारको अनुभव पनि थिएन । अब २०७२ को अनुभव भएका धेरै नेपाली उद्धारकर्ताहरू हामीसँग छन् तर हामीले भविष्यमा पनि २०७२ मा जस्तै विपद् आउन सक्ने हुँदा त्यसको पूर्वतयारी गरिरहेका छैनौँ । तत्कालीन समयमा उद्धारमा खटिएकाहरू कोको थिए भविष्यमा उनीहरूको अनुभव काम लाग्न सक्छ तर हामीले उनीहरू को-को छन् भन्ने पनि खोजेका छैनौँ । हामीले उनीहरूको अनुभवलाई आवश्यक परेको बेला परिचालन गर्नेगरी तयारी गर्नुपर्छ । साथै, उहाँहरूको अनुभवबाट नयाँ मानिसलाई तालिम दिने व्यवस्था गर्नुपर्छ । विपद् परेको बेला उद्धार गर्ने कुरा सैद्धान्तिक ज्ञान र अवधारणाले मात्र विपद् व्यवस्थापनमा काम गर्न सकिँदैन ।

प्रकोप तथा विपद्ले देशको अर्थतन्त्रमा ठूलो प्रभाव पार्ने हुँदा विपद्पछिको क्षतिलाई कम गर्न विपद्अघिको पूर्वतयारीलाई विशेष ध्यान दिनुपर्छ । नकिनी नहुने उपकरण मात्र किनेर बाँकी कुराहरू हामीले रैथाने प्रविधिलाई समेत उपयोग गर्न सक्नुपर्छ । हाम्रो रैथाने प्रविधिबाटै पहिले धेरै विपद् व्यस्थापन भइरहेको थियो तर अहिले हामीले पुराना प्रविधि बिर्सिएको कारणले गर्दा पनि विपद् व्यवस्थापन हुन सकेको छैन । साथै, व्यवस्थापन महँगो भएको छ । विपद्को घटना न्यूनीकरण मात्र गर्न सकिन्छ पूरै रोक्न सम्भव छैन ।

हामीसँग रैथाने प्रविधि धेरै थियो । आगो निभाउन अहिलेको युगमा पनि सबै स्थानमा दमकल पुग्दैन । पुऱ्याउन सम्भव पनि हुँदैन । त्यस्तो अवस्थामा हामीले पहिले हामीले गाउँघरमा आगलागी हुँदा अपनाउने विधि नै उत्तम उपाय हुन्छ । पहिलेपहिले आगो निभाउन स्याउला प्रयोग हुन्थ्यो । धुलो पनि आगो निभाउन प्रयोग गरिन्थ्यो । अरू धेरै कुरा थियो । केराको बोटलाई डुङ्गा बनाएर बाढीबाट उद्धार गर्न प्रयोग गरिन्थ्यो । लौकाको पेटी लगाएर खोला तर्ने गरिन्थ्यो । त्यस्ता रैथाने विधिलाई पनि उपयोग गर्न सकिने गरी तयारी गर्ने हो भने विपद्को बेला त्यस्ता विधिको उपयोग हुन सक्छ र धनजनको क्षति न्यूनीकरण गर्न सकिन्छ । यस्ता कुराहरू नयाँ पुस्तालाई पनि हस्तान्तरण गर्दै जानुपर्छ । अहिले उद्धारको लागि प्रविधिकै भर पर्नाले हामीले आफ्नै सेरोफेरोमा हुने विकल्पलाई बिर्सिरहेका छौँ । विपद् आइलागेको बेला सबै प्रविधि हाम्रो साथमा नहुन सक्छ । साथै, त्यस्ता सामग्रीहरू गरिबको पहुँचमा नहुन सक्छ । प्रकोप तथा विपद् व्यवस्थापनका लागि हामीले ९० प्रतिशत पूर्वतयारी र १० प्रतिशत विपद्पछिको तयारी गरे मात्र पनि विपद् तथा प्रकोपबाट बच्न सक्छौँ । तर नेपालमा ठ्याक्कै उल्टो भइरहेको कारण क्षति बढिरहेको छ ।





। नीरज गिरी

# विकासको चरणमा पुँजी बजार

**शेयरबजारमा मानिसहरूको विश्वास मुलुकले लिएका आर्थिक नीतिहरू तथा सोको आधारमा सूचीकृत संगठित संस्थाहरूको कार्य प्रदर्शनमा निर्भर हुन्छ । हाम्रो देशको दोस्रो बजार कारोबार मुलुकको आर्थिक अवस्थाभन्दा पनि तरलता अथवा ब्याजदरसँग आश्रित देखिन्छ । ब्याजदर घट्नासाथै बजार बढ्छ । ब्याजदर बढ्नासाथै बजार घटेको देखिन्छ ।**

पुँजी बजार व्यवसायी र बचतकर्ता/साना लगानीकर्तालाई जोड्ने एउटा माध्यम (पुल) हो । एकतर्फ उद्योगी/व्यवसायीसँग व्यवसाय गर्ने विचार हुन्छ। अर्कोतर्फ बचतकर्ता/लगानीकर्ताहरू हुन्छन् । उनीहरूको दिमागमा आफ्नो बचत परिचालनबाट फाइदा कसरी लिने भन्ने प्रश्न खेलिरहन्छ । यसरी व्यवसायी र लगानीकर्तालाई जोड्ने काम पुँजी बजारले गर्छ ।

प्राथमिक निष्काशनमार्फत संगठित संस्थाहरूले शेयर निष्काशन गर्दछन् । त्यो संगठित संस्थाले निष्काशन गरेको शेयर लगानीकर्ताहरूले खरिद गर्दछन् । संगठित संस्थामा सञ्चालकहरू हुन्छन् । उनीहरूले संस्थाहरूलाई राम्ररी सञ्चालन गरी नाफा कमाई उक्त नाफा आफ्ना शेयरधनीहरूलाई लाभांशको रूपमा दिन्छन् ।

हामी धितोपत्रलाई तरल सम्पत्ति भन्छौं । तरल सम्पत्ति भएको हुनाले यो शेयर स्टक एक्सचेन्जमा सूचीकृत हुन्छ । कुनै पनि कम्पनीको शेयर सूचीकृत भएपछि मात्रै दोस्रो बजारमा किनबेच हुन्छ। यसरी दोस्रो बजारमा किनबेच हुँदा शेयर मूल्यमा हुने उतारचढावबाट पुँजीकरण वृद्धिको फाइदासमेत लगानीकर्ताले लिन्छन् ।

त्यसैले समिष्टगतमा पुँजीबजारलाई देशको औद्योगिक तथा आर्थिक उन्नतिको लागि लगानीकर्ताबाट पुँजी संकलन गरेर लगानीकर्तालाई नै पुनः फिर्ता गर्ने एउटा माध्यमको रूपमा लिन सकिन्छ ।

## नेपालमा पुँजी बजारको इतिहास

नेपालमा पुँजी बजारको इतिहास त्यति पुरानो छैन । नेपालमा सर्वप्रथम १९९३ सालमा कम्पनी ऐन जारी भयो । १९९४ सालमा विराटनगर जुट मिल्स र नेपाल बैंक लिमिटेडले पहिलो पटक सर्वसाधारणलाई धितोपत्र निष्काशन गरे ।

१९९४ सालमा धितोपत्र निष्काशन भए पनि नेपालमा धितोपत्र कारोबारसम्बन्धी स्पष्ट कानुनी व्यवस्थाको इतिहास करिब ४० वर्षको रहेको छ । धितोपत्र कारोबार ऐन- २०४० ले धितोपत्र कारोबारको सञ्चालन र व्यवस्थापनको सम्बन्धमा कानुनी व्यवस्था गर्‍यो । नेपाल सरकारले जारी गरेका धितोपत्रहरू खरिद/बिक्रीको लागि आवश्यक कानुनी व्यवस्था गर्न धितोपत्र कारोबार ऐन ल्याइयो । उक्त ऐनअन्तर्गत रहेर सेक्युरिटी खरिद बिक्री केन्द्र स्थापना भयो ।

२०४६ सालको परिवर्तनसँगै बढेको आर्थिक क्रियाकलापलाई समेट्न तथा पुँजी बजारको प्रवर्धन एवम् विकासका लागि तत्काल रहेको कानुनी व्यवस्था पर्याप्त देखिएन । पुँजी बजारमा निजी क्षेत्रको प्रवेश भयो । सेक्युरिटी खरिद बिक्री केन्द्रले बजार व्यवस्थापन र नियमनको काम गर्दा हुन सक्ने स्वार्थको द्वन्द्वलाई ध्यानमा राखी २०४९ सालमा धितोपत्र कारोबार ऐन, २०४० मा पहिलो संशोधन भयो ।

संशोधनले सेक्युरिटी खरिद बिक्री केन्द्रलाई नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा परिणत गर्‍यो । संगठित संस्थाले अनुमतिपत्र प्राप्त गरी

धितोपत्र बजार सञ्चालन गर्न सक्ने व्यवस्था भयो । धितोपत्र बजारको नियमन निकायको रूपमा नेपाल सरकारबाट २०५० सालमा नेपाल धितोपत्र बोर्डको स्थापना भयो ।

बोर्डले लगानीकर्ताको हकहितको संरक्षणमा ध्यान दियो । धितोपत्र बजार र धितोपत्र व्यवसायीहरूको कामकारबाही नियमित र व्यवस्थित गर्ने र पुँजी बजारको विकास गर्ने काममा बोर्ड केन्द्रित छ। बोर्डले धितोपत्र व्यवसाय सञ्चालन गर्न चाहने संगठित संस्थालाई धितोपत्र व्यवसाय सञ्चालन अनुमतिपत्र दिन्छ। आवश्यक नियम, विनियम तथा निर्देशनहरू बनाउँछ ।

धितोपत्र विनिमय बजार, धितोपत्र व्यवसायी, धितोपत्र कारोबार तथा समग्र धितोपत्र बजारको सुपरीवेक्षण तथा अनुगमनको काम बोर्डको जिम्मामा छ । नियमन व्यवस्थाको पालना नगर्ने संस्थालाई नियमअनुसार कारबाही अगाडि बढाउने कार्यहरू गर्दछ। बोर्डले धितोपत्र बजारसम्बन्धमा अध्ययन, अनुसन्धान तथा चेतना अभिवृद्धि गर्ने तथा बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक परामर्श दिने कार्यसमेत गर्दछ ।

### बजारको वर्तमान अवस्था

प्राथमिक बजारको अवस्था हेर्दा नेपाल सरकार तथा धितोपत्र बोर्डले लिएका नीतिहरूले गर्दा विविध क्षेत्रका संगठित संस्थाहरू बिस्तारै पुँजीबजारमा प्रवेश गर्न थालेको देखिन्छ। दोस्रो बजार कारोबारमा अत्याधिक उतार चढाव देखिन्छ । दोस्रो बजारको प्रकृति भनेको माथि जाने र तल आउने हुनुपर्छ। सधैँ माथि जाने सधैँ तल आउने हुँदैहुँदैन ।

आर्थिक वर्ष २०५८/०५९ तिर २९२ अंकमा झरेको नेप्से परिसूचक पछि १८ सय अंकसम्म पनि पुग्यो। २०७५/ ०७६ तिर झरेर ११ सय अंकसम्म आयो। त्यसपछि फेरि बढेर १८ सयमा पनि पुग्यो। २०७८ साल भदौतिर इन्डेक्स ३२ सयसम्म पुगेको थियो । त्यसैले बजारमा उतारचढाव हुन्छ। उतारचढाव भएन भने बजार एकोहोरो हुन्छ, किनबेच हुँदैन । शेयर बजारमा मानिसहरूको विश्वास मुलुकले लिएका आर्थिक नीतिहरू तथा सोको आधारमा सूचीकृत संगठित संस्थाहरूको कार्य प्रदर्शनमा निर्भर हुन्छ। अहिले बजारको दैनिक कारोबार घटे पनि एक/दुई वर्ष अगाडि एक दिनको शेयर कारोबार २२/२३ अर्ब रूपैयाँसम्म पुगेको थियो ।

नेपालमा दोस्रो बजार कारोबार बैंकिङ प्रणालीमा तरलता बढेर सहज भएको बेला बढेको देखिन्छ। तरलता अलिक असहज हुन्छ फेरि बजार घट्न थाल्छ । हाम्रो देशको दोस्रो बजार कारोबार मुलुकको आर्थिक अवस्थाभन्दा पनि तरलता अथवा ब्याजदरसँग आश्रित देखिन्छ । ब्याजदर घट्नासाथै बजार बढ्छ । ब्याजदर बढ्नासाथै बजार घटेको देखिन्छ । अहिले ब्याजदर बढेको हुनाले बजार घटेको अवस्थामा छ ।

### औजारको विविधीकरण

वित्तीय औजार भन्नाले सेयर, बण्ड, डिबेन्चर, ऋणपत्र, सरकारी सुरक्षण बिलहरू, म्युचुअल फण्डका इकाइ, इनडेक्स, फ्युचर आदिलाई बुझिन्छ । हाम्रो बजारका समस्याहरू हेर्दै गयौँ भने लगानीकर्ताको लागि वित्तीय औजार हरूको विविधीकरण भएको छैन । धेरै जोखिम लिएर कारोबार गर्न नचाहने लगानीकर्ताहरूको लागि पनि लगानी गर्न सक्ने ठाउँ हुनुपर्छ ।

वित्तीय औजारले बजारमा विविध किसिमका लगानीकर्ताहरूलाई प्रवेश गराउने वातावरण सिर्जना गर्छ। हामी कहाँ ऋणपत्रको त्यति बिक्री छैन। ऋणपत्रको कारोबारमा त्यति जोखिम छैन। जोखिम बहन गर्न नचाहने लगानीकर्ता ऋणपत्रमा आकर्षित हुन्छन् । जो बढी जोखिम लिन चाहन्छन्, उनीहरू साधारण सेयरतर्फ प्रेरित हुन्छ। यस्तो किसिमको बजार हुनका लागि बजारमा विविध किसिमका औजार हुनुपर्छ ।

हाम्रो बजारमा साधारण शेयरको मात्रै

**नेपालमा दोस्रो बजार कारोबार बैंकिङ प्रणालीमा तरलता बढेर सहज भएको बेला बढेको देखिन्छ। तरलता अलिक असहज हुन्छ फेरि बजार घट्न थाल्छ। हाम्रो देशको दोस्रो बजार कारोबार मुलुकको आर्थिक अवस्थाभन्दा पनि तरलता अथवा ब्याजदरसँग आश्रित देखिन्छ।**



कारोबार भइरहेको छ । अलिअलि ऋणपत्रको कारोबार सुरु भएको छ । त्यसले गर्दा हाम्रो बजार जोखिम लिन चाहनेहरूको लागि मात्रै भइरहेको छ । धितोपत्र बोर्ड, स्टक एक्सचेन्जलगायत पुँजी बजारसँग सम्बन्धित निकायहरूका लागि औजारको विविधीकरण चुनौतीको रूपमा रहेको छ । धितोपत्र बोर्डले आफ्ना वार्षिक कार्यक्रमहरूमा औजारको विविधीकरणका लागि प्रोत्साहन गर्ने नीति लिए पनि यसमा खास प्रगति हुन सकेको छैन । यद्यपि स्टक एक्सचेन्जले इन्डेक्स (नेप्से ३०) कारोबार गर्ने भनेर पनि सुरुवात गर्न खोजिरहेको छ । त्यसले पनि एउटा औजारमा विविधीकरण त गर्ला । यद्यपि, यो डेरिभेटिभ्स कारोबार हो । एउटा थप इन्डेक्स मात्र हो भन्ने स्पष्ट भएको छैन । त्यसैले शेयर बजारमा स्थायित्वको लागि औजारको विविधीकरण हुनु आवश्यक छ ।

### वित्तीय संस्थाको बाहुल्यता

हाम्रो बजारको अर्को समस्या भनेको अझै पनि पुँजी बजारमा बैंक र वित्तीय संस्थाको बाहुल्यता रहनु हो । त्यसले गर्दा पुँजी बजार अर्थतन्त्रसँग सिधै आबद्ध भएन अर्थात् अर्थतन्त्रको ऐना हुन सकेन । यो बैंक र वित्तीय संस्थाको ऐनाजस्तो भएको छ । बैंक र वित्तीय संस्थाका लागि नेपाल राष्ट्र बैंकले कुनै नीति परिवर्तन गर्दा त्यसले बजारमा सिधै प्रभाव पार्दछ । बैंक र वित्तीय संस्थाहरूको अतिरिक्त अन्य संस्थाहरू विशेषगरी उत्पादनमूलक क्षेत्रहरू बजारमा आए भने पुँजी बजारको अवस्थामा परिवर्तन हुन्छ ।

अर्थतन्त्रको ऐनाको रूपमा पुँजी बजारको विकास हुन्थ्यो । हुन त धितोपत्र बोर्डले विभिन्न कार्यहरू गरेर यसलाई चाहिने सेवा सुविधा दिँदै आइरहेको छ । जस्तै; बुक बिल्डिङ माध्यमबाट शेयर निष्कासन गर्न सक्ने व्यवस्था गरेको छ । प्रिमियम विधिबाट शेयर निष्काशन गर्ने व्यवस्थालाई परिवर्तन गरेको छ । यो भएर विभिन्न कम्पनीहरू, जस्तै; हाइड्रो सेक्टरको कम्पनीहरू आएका छन्, सिमेन्ट उद्योग कम्पनीहरू, औषधिजन्य कम्पनीहरू पनि त्यतिकै इच्छुक छन् ।

धितोपत्र बोर्डले लिएका नीतिहरू अतिरिक्त सरकारले पनि उत्पादनमूलक क्षेत्रका संगठित संस्थाहरूको बजार प्रवेशका लागि विभिन्न नीतिहरूमार्फत प्रोत्साहन तथा सहयोग गरिराखेको छ । जसका कारण बजारमा विविध किसिमको कम्पनीहरू आउने वातावरण बन्दै गइसकेको छ । यो आइसकेपछि भने बजारमा लगानीकर्ताहरूले विविध प्रकृतिका कम्पनीहरू छनौट गर्न पाउँछन् र यथार्थमा हाम्रो पुँजी बजार अर्थतन्त्रको ऐना हुन्छ ।

### वित्तीय साक्षरता

बजारको स्थायित्वको लागि वित्तीय साक्षरता एउटा महत्वपूर्ण पक्ष हो । शेयर बजार सम्बन्धमा लगानीकर्ताहरूलाई दिइने सचेतना कार्यक्रमले लगानीकर्तालाई सुसूचित भई विवेकपूर्णरूपमा लगानी गर्न प्रेरित गर्छ । यसले लगानीकर्ताको जोखिमलाई न्यूनीकरण गर्दछ । अहिले पनि हामीले हेर्यौं भने लगानीकर्ताहरूले लगानी गर्दा धेरैजसो हल्लाको भरमा लगानी गरेको देख्छौं ।

आफूले लगानी गर्न लागेको संस्था कस्तो छ, यसले नाफा दिन सक्छ कि सक्दैन, यसको भोलि मूल्य बढ्न सक्छ कि सक्दैन भन्ने कुरा नहेरी विभिन्न किसिमका हल्लाको आधारमा पनि लगानी गरेको देखिन्छ । अझ भर्खर बजार प्रवेश गरेका लगानीकर्ताहरूमा यो प्रवृत्ति बढी देखिन्छ । त्यसैले धितोपत्र बोर्ड, स्टक एक्सचेन्ज तथा धितोपत्र व्यवसायीहरूले समन्वयात्मकरूपमा मुलुकभरि नै वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न जरुरी छ ।

### नियामकीय क्षमता

नियामक निकायले बजारमा असहज अवस्था देखिएको छ भने त्यसलाई तुरुन्त कारबाही गर्न सकेको अवस्थामा बजारप्रति लगानीकर्ताहरूको विश्वास अभिवृद्धि हुन्छ । जसले गर्दा भोलि कसैले बदमासी गर्‍यो भने



नियामक निकायले त्यसलाई छाड्दैन है भनेपछि त्यो बदमासी गर्न पनि डराउँछ । लगानीकर्ता पनि विश्वस्त हुन्छन् । विद्यमान अर्थतन्त्र जेजस्तो भए पनि भोलिको भविष्य हेरेर लगानीकर्ताहरूले लगानी गरिहाल्छन् । त्यसैले यस्तो वातावरण सिर्जना गर्न नियामक निकाय पनि बलियो भएर आउनुपर्छ । यसको लागि धितोपत्र बोर्डलाई जवाफदेहितासहितको स्वायत्त संस्थाको रूपमा कार्य गर्ने वातावरण बनाउनुपर्छ ।

धितोपत्र बोर्डको संरचनालाई पनि परिवर्तन गर्नुपर्ने अवस्था देखिएको छ । यहाँ पनि बोर्डको आफ्नै संरचना परिवर्तन गरेर कन्फ्लिक्ट अफ इन्ट्रेस्ट नहुने किसिमको संरचना बनाउनुपर्छ । धितोपत्र बजारमा विविध क्षेत्रका कम्पनीहरू प्रवेश गर्ने र हरेक क्षेत्रको नियामक निकाय गठन गर्न नसकिने हुनाले धितोपत्र बोर्डलाई नै सूचीकृत संगठित संस्थाहरूको नियामक निकायको रूपमा विकास गर्नुपर्छ ।

**नेप्सेको निजीकरण**

हाल नेपाल स्टक एक्सचेन्ज सरकारको स्वामित्वमा छ । धितोपत्र बजारको सुरुवाती चरणमा सरकारको सहयोगले गर्दा हाम्रो पुँजीबजार यहाँसम्म आइपुगेको छ । तर अब अन्तर्राष्ट्रिय अभ्यास तथा बजारको वर्तमान अवस्थालाई हेरी सरकारले आफ्नो हात झिकेर निजी क्षेत्रलाई दिनुपर्छ । सरकारले केही न्यूनतम शेयर राखेर बाँकी निजी क्षेत्रमा दियो भने त्यसले पनि बजारको विकास गर्न मद्दत गर्दछ । सरकारले केही वर्षदेखि आफ्नो वार्षिक नीति तथा कार्यक्रममा पटकपटक नेप्सेको निजीकरण गर्ने घोषणा गरे पनि यो कार्यान्वयन हुन सकेको छैन । नेप्सेलाई यसरी नै अगाडि बढाउने हो भने हाम्रो बजारको विकासका लागि निजी क्षेत्रको थप एक एक्सचेन्जको आवश्यकता भइसकेको छ ।

**ऐनको समयसापेक्ष परिमार्जन**

हाम्रो कानुनहरू धेरै पुराना भइसकेका छन् । धितोपत्रसम्बन्धी ऐन २०६३ आएको १७ वर्ष भयो । यो अवधिमा बजारमा धेरै परिवर्तन भइसकेको छ । उक्त ऐनमा कुनै संशोधन भएको छैन । बजारको विकासका लागि कानुनमा समयसापेक्ष परिवर्तन गर्नुपर्ने हुन्छ । धितोपत्र ऐनमा हेर्‍यौं भने कानुनको उल्लङ्घन गरेमा ७५ रूपैयाँदेखि डेढ लाखसम्म जरिवाना गर्न सक्ने प्रावधान रहेको छ । बजारमा हुने दैनिक कारोबार रकमलाई हेर्ने हो भने सो जरिवाना ज्यादै न्यून भइसकेको छ । कसैले एक लाख ५० हजार तिरेर ५० करोडको फाइदा गर्छ भने डर हुँदैन । अहिलेको मूल एजेन्डा भनेको सरकारले कानुनलाई सुधार गरेर समयसापेक्ष बनाइदिने र धितोपत्र बोर्डलाई एउटा स्वायत्त संस्थाको रूपमा काम गर्ने वातावरण बनाउनुपर्छ ।

**दोस्रो एक्सचेन्जको आवश्यकता**

हाम्रो पुँजी बजार सधैं यस्तै रहन्छ भन्ने होइन । भविष्यमा दुईवटा एक्सचेन्जबीचको प्रतिस्पर्धाबाट बजारमा नयाँनयाँ औजारको प्रवेश भई सबै प्रकारका लगानीकर्ताहरूको बजारको रूपमा विकास हुनुपर्छ । उच्च प्रविधिको विकासले लगानीकर्ताहरूले बजारबाट फाइदा लिन सक्ने अवस्थाको सिर्जना हुनुपर्छ । धितोपत्र ऐनमा संशोधन गरी नेपाल धितोपत्र बोर्डलाई स्वायत्त संस्थाको रूपमा विकास गरी बजारको नियमन तथा सुपरीवेक्षण प्रभावकारी हुनुपर्छ । देश विकासका लागि आवश्यक पुँजी मुलुक भित्रबाट मात्र अपुग हुने हुँदा वैकल्पिक लगानीसम्बन्धी नियमावलीअनुरूप प्राइभेट इक्विटी तथा भेञ्चर क्यापिटलमार्फत विदेशी लगानी ल्याउनु आवश्यक छ । गैरआवसीय नेपालीहरूलाई नेपालमा लगानी गर्न आवश्यक कानुनी व्यवस्थाहरू गरी उनीहरूलाई मुलुकको विकासमा सहभागी गराउनुपर्छ ।

अन्तमा, नेपालमा पुँजी बजारको भविष्य छ कि छैन भनेर हेर्ने हो भने हामी अझै पनि विकासको चरणमा छौं । उत्पादनमूलक संस्थाहरूको बजारमा प्रवेश भएकै छैन । देशको आर्थिक विकासका लागि उत्पादनमूलक संस्थाहरूको विकास हुन जरुरी छ र यसका लागि लगानीयोग्य पुँजीको आवश्यकता हुन्छ । उक्त आवश्यकतालाई सहयोग गर्नको लागि पुँजी बजार पनि तयार भइसकेको छ ।










। डा. रवीन्द्र घिमिरे

# बीमा : बन्दै विकासको आधार

**पहिला बीमा मात्रै थियो, पछि पुनर्बीमा र बीमा भयो । त्यति मात्रै नपुगेर जीवन बीमा र निर्जीवन बीमा भयो । त्यतिले मात्रै नपुगेर लघु बीमा पनि चाहिन्छ भनियो । जोखिम विविधीकरणको सवाल बीमा मात्रै भएर हुँदैन, रेट्रो पनि बीमासँगै जोडिएर आउन थाल्यो । त्यसैले बीमा दिनानुदिन स-सानो इकाइमा विभक्त भई छरिने क्रम जारी छ ।**

बीमा भन्नेबित्तिकै जोखिमसँगसँगै जोडिएर आउँछ। जोखिम बाँडफाँट गरेर बीमितलाई संरक्षण दिने कार्य सामान्य अर्थमा बीमा हो। संसारमा दुई किसिमका जोखिम छन् । पहिलो प्राकृतिक कारणबाट उत्पन्न हुने जोखिम जस्तो, बाढी, पहिरो, भुकम्प, ज्वालामुखी, हुरी, हिमपात, खडेरी, महामारी इत्यादि। दोस्रो मानिसले स्वयम् निम्त्याएका वा मानव निर्मित जोखिम, जस्तो हिंसात्मक युद्ध, आणविक विष्फोट, विशाल संरचनाको विघटन, विकरण तथा फोहरमैलाका कारण उत्पन्न रोगव्याधि ।

जोखिमहरूको व्यवस्थापन निकै खर्चिलो र जटिल प्रक्रिया हो। वैज्ञानिक खोज अनुसन्धान र परम्परागत उपायबाट यस्ता खतरनाक परिघटनाबाट जोगाउन मानिसले हरसम्भव प्रयास गरिरहेको छ।

जोखिमलाई व्यवस्थापन गरिने धेरै उपायहरूमध्येको एक उपाय हो, बीमा। सबै जोखिमहरूको बीमा सम्भव छैन । बीमा धेरै मानिसहरू मिलेर केही मानिसको जोखिमलाई धारण गर्ने वा केही मानिसको जोखिम धेरै मानिसहरूबीच बाँडफाँट गर्ने (प्रिमियमको नाममा) एक संरचना वा उपाय हो ।

मानव सभ्यताको विकाससँगै बीमालाई आधुनिकरूपमा प्रयोग गर्न थालियो । त्यतिबेला यो नाफामूलक थिएन । प्रिमियम गत वर्षहरूमा भएको क्षतिको रकमको आधारमा निर्धारण गरिन्थ्यो । सबै पोलिसी होल्डरहरू बीमा कम्पनीका सेयरधनी हुने गर्दथे । यस्तो तरिकालाई म्युचुयल बीमा भनिन्छ । आज पनि अमेरिका, युरोप र एसियामा कतिपय देशहरूमा म्युचुअल बीमा सञ्चालनमा छन् ।

केही मानिसहरूले नाफा मात्रै कमाउने उद्देश्यले म्युचुअल संरचनालाई स्टक कम्पनीमा परिणत गरे । जीवन बीमामा मुनाफाको वितरण बोनसको रूपमा र लाभांशको रूपमा वितरण हुन थाल्यो । निर्जीवन बीमामा केवल मुनाफाको वितरण सेयरधनीले मात्रै पाउने भए ।

आज विश्वभर बीमा कम्पनीको जोखिम हस्तान्तरण गर्ने अभ्यासमा वृद्धि भइरहेको छ । स्वीस रिको तथ्याङ्कअनुसार सन् २०२१ मा छ हजार सात सय ६५ बिलियन अमेरिकन डलर बीमामा खर्च भएको थियो। सन् २०२२ मा उक्त प्रिमियम रकम शुन्य दशमलव तीन प्रतिशतले वृद्धि भई छ हजार सात सय ८२ बिलियन डलर पुग्यो ।

सन् १६६६ मा बेलायतको लण्डनमा आग लागी हुँदा १३ हजारभन्दा बढी घरहरू जले । यो घटनाले बीमाको आवश्यकता विश्वव्यापीरूपमा महसुस गरायो। नेपालमा बीमाको आवश्यकताको महसुस राणाकालीन अवस्थामा पनि भएको थियो। त्यतिबेला भारतीय बीमा कम्पनीहरूले नेपालका उद्योगधन्दा, व्यवसायलाई सेवा दिँदै आएका थिए ।

सन् १९४७ मा नेपाल बैंक लिमिटेडले आफ्नो जोखिम व्यवस्थापनका लागि नेपाल बीमा

कम्पनी स्थापना गऱ्यो । यो नेपालको पहिलो बीमा कम्पनी हो । जीवन बीमाको इतिहास सन् १९६८ मा राष्ट्रिय बीमा संस्थानको स्थापना भएपश्चात् सुरु भयो ।

सो समयभन्दा अगाडि भारतीय जीवन बीमा कम्पनीबाट नै नेपालको आवश्यकता पूरा हुन्थ्यो । सन् २०१४ भन्दाअघि नेपालको पुनर्बीमा सेवा विदेशी पुनर्बीमा कम्पनीहरूबाटै पूरा हुँदै आएको थियो । नेपाल पुनर्बीमा कम्पनीको स्थापनाले आंशिकरूपमा भए पनि स्वदेशी पुनर्बीमाको सेवा प्राप्त हुन गयो । पुनर्बीमा कहिल्यै पनि एकै देश, एउटै भूगोलमा गर्ने व्यवसाय भने होइन । जोखिम विविधीकरणको सिद्धान्तअनुसार यस्तो बीमा व्यवसाय संसारभर छरेर व्यवस्थापन गरेको देखिन्छ ।

नेपाल बीमा प्राधिकरणको नियमनभन्दा बाहिर रहेर धेरै संस्थाहरूले बीमासम्बन्धी सेवा प्रदान गरिरहेका छन् । नेपाल सरकारद्वारा सञ्चालित सामाजिक स्वास्थ्य बीमा कार्यक्रम स्वास्थ्य बीमा बोर्डले हेर्छ । सामाजिक सुरक्षा कोषद्वारा सञ्चालित विभिन्न बीमा कार्यक्रमहरू छन् । निक्षेप तथा कर्जा सुरक्षण कोषले पनि बीमा कार्यक्रम सञ्चालन गरेको छ ।

यसबाहेक कर्मचारी सञ्चय कोषले आफ्ना सञ्चयकर्ताहरूको स्वास्थ्य उपचार कोषदेखि लिएर लघुवित्त संस्थाहरूले आफ्ना बचतकर्ता र ऋणीहरूलाई गर्ने सहयोगलाई पनि बीमाको अध्ययनको दायरामा ल्याउने हो भने नेपालमा बीमाको बजार निकै ठूलो छ भन्न सकिन्छ । यस लेखमा केवल नेपाल बीमा प्राधिकरणको कार्यक्षेत्रअन्तर्गत बीमाको पहुँच विस्तार र बीमाको भविष्यको बारेमा छलफल गर्ने प्रयास गरिएको छ ।

बीमा उद्योगको वर्तमान अवस्थाको बारेमा चर्चा गर्दा बीमा कम्पनीहरूको प्रिमियम आय, बीमाको पहुँच, र बीमा उद्योगका विशेष निकायहरूको बारेमा चर्चा गर्नु जरुरी हुन्छ ।

प्रिमियम आय, पुँजी र पेनिट्रेसनः जीवन र निर्जीवन बीमाको वृद्धि झण्डै १६ दशमलव पाँच प्रतिशतले हुनु राम्रो पक्ष हो । नेपालको सन्दर्भमा यो पर्याप्त भने छैन । नेपालको जीडीपीमा बीमाको योगदान तीन दशमलव ६७ प्रतिशत छ । यो विश्वको औसत योगदानको आधारमा निकै कम हो । नेपालको बजार विस्तार र वृद्धिको अंक राम्रो देखिएको छ । तथापि आम जनताले बीमाको सेवा प्राप्त गर्न सकिरहेका छैनन् ।

**१. बीमाको पहुँच**

बीमालाई गाँस, बास र कपासजस्तै एक आधारभूत आवश्यकताको रूपमा लिनुपर्छ । मानिसका आवश्यकताहरू असीमित हुन्छन् । सीमित स्रोतबाट सबै समस्या समाधान हुन सक्दैन । अकस्मात् आउने आर्थिक विपत्ति टार्नका लागि बीमा नै एकमात्र भरपर्दो वित्तीय औजार हो ।

बीमाले आर्थिक संकटलाई समाधान गरी मानिसलाई पहिलेकै अवस्थामा फर्काउन मद्दत गर्ने भएकोले यसको आर्थिक सामाजिक महत्व मात्रै छैन, मानसिक महत्व पनि छ । बीमाको पहुँचको सर्वमान्य परिभाषा र यसलाई मापन गर्ने कुनै सर्वमान्य इन्डिकेटर छैन । अंग्रेजीमा दुईवटा फ्रेजेज छन् Access to insurance and Coverage of insurance ।

**क) बीमाको पहुँच**
(Access to insurance)

आम तथा सर्वसाधारण मानिसका लागि बीमाको सेवा पाउन कति सहज छ ? बीमा सेवा प्रदायकहरू कतिसम्म जनताको घर नजिक पुगेका छन् ? आम जनताले बीमाको बारेमा के-कति बुझेका छन् ? भन्नेजस्ता विषयहरूको अध्ययन Access to insurance ले गर्दछ ।

बीमा कम्पनीहरू एजेन्टमार्फत सबै नेपालीको घरघरमा पुगेका छन् । तर त्यसरी पुगेर मात्रै हुँदैन । बीमाको पहुँच भन्नाले कति जनसंख्याले बीमाको सेवा प्राप्त गरेका छन् ? कुन-कुन सेवा प्राप्त गरेका छन् वा छैनन्, आफ्नो जीवनयापनका लागि बीमाले कति सहयोग पुऱ्याएको छ भन्ने कुराले मुख्य भूमिका खेल्छ । धान्नै नसक्ने गरी अत्यधिक ठूलो बीमा किनेरभन्दा पनि सबै खालका जोखिमलाई व्यवस्थापन गर्ने गरी बीमा सेवा खरिद गर्नुपर्छ ।

नेपाल बीमा प्राधिकरणको तथ्याङ्कलाई केलाउँदा नेपालको जनसंख्याको ४१ दशमलव दुई प्रतिशत जीवन बीमा पोलिसी बिक्री भइसकेको छ । यो कुल जनसंख्याको आधाभन्दा पनि कम हो । नेपालमा निकै धेरै मानिसहरू बीमाको पहुँचभन्दा बाहिर छन् भन्न सकिन्छ । बीमाको बजार प्रशस्त छ, बीमा कम्पनीहरूलाई धेरै अवसर छ भन्न सकिन्छ ।




**तालिका नं. १: बीमाको वर्तमान संख्या, कुल प्रिमियम, पुँजीको अवस्था**

| Type of Business | Number | Capital Employed (Rs. Billion) | Premium Collection (Rs. Billion) | Growth | Penetration (%) |
|---|---|---|---|---|---|
| Life insurance business | 15 | 43.89 | 138 | 14.63% | 2.86 |
| Non Life insurance business | 14 | 22.8 | 39 | 23.56% | 0.81 |
| Reinsurance business | 2 | 19.36 | 13 | N/A | N/A |
| Microinsurance | 7 | 5.25 | | | |
| Total | 38 | 91.3 | 190 | 16.48% | 3.67 |

**ख) बीमाको रकम**

(Coverage of insurance)

बीमाको काम जोखिम धारण गर्नु वा हस्तान्तरण गर्नु हो । कुनै मानिसले एक लाख रुपैयाँको बीमा गरेको छ भने बीमाको पहुँच भए पनि कभरेज भने नहुन पनि सक्छ । उसको असामयिक मृत्यु भएको अवस्थामा उसका आश्रितहरूले उक्त रकमबाट आफ्नो आर्थिक समस्याको समाधान गर्नका लागि पर्याप्त नहुन पनि सक्छ ।

जीवन बीमाका अलावा, उपचारको लागि स्वास्थ्य बीमा हुनुपर्छ भने आफ्नो घर सम्पत्तिको सुरक्षाको लागि सम्पत्ति बीमा, गाडीको लागि मोटर बीमा, दायित्व बीमा, बुढेसकालको लागि सोहीअनुसारको बीमा, कर्मचारीको लागि सोहीअनुसारको बीमाहरू अतिआवश्यक पर्छ । पर्याप्त मात्रामा बीमा गरिएको छैन भने त्यसलाई Under insurance भनिन्छ । त्यसले खास अर्थ राख्दैन । आर्थिक क्षमता, हैसियत र आवश्यकताभन्दा बढीको बीमा लिनुलाई Over insurance भनिन्छ । यस्तो काम नियतवश गरिन्छ ।

यसले ठगी र जालसाजीजस्ता कुकर्महरू निम्त्याउने भएकाले बीमाको रकम जायज मात्राको हुनुपर्छ । नेपालको सन्दर्भमा तीन अवस्थाहरू विद्यमान छन् । आम मानिसले कम रकमको बीमा गरेको पाइन्छ । केही मानिसको बीमाहरू जायज रकमका नै छन् भने केही बीमा हैसियतभन्दा बढी रकमको पनि गर्ने गरेको पाइन्छ । जसको कारणबाट जघन्य अपराधहरू पनि भएको हामीले देखेकै छौँ । बीमालाई सहीरूपमा प्रयोग गर्न जानिएन भने यसको परिणाम नकारात्मक पनि हुन सक्छ ।

**बीमा पोलिसी**

(Insurance Products)

बीमा पोलिसीको बारेमा बुझ्न सजिलो होस् भन्ने उद्देश्यले विभिन्न आधारमा वर्गीकरण गरिएको छ । हरेक पोलिसीको फरक उद्देश्य हुन्छ । तल उल्लेखित सबै प्रोडक्टहरूको बारेमा यो सानो लेखमा चर्चा गर्न सम्भव नभएकाले अर्को कुनै लेखमा यसको विस्तृत छलफल गरिनेछ ।

**२. बीमा सचेतना**

हामी कहिलेकाँही निकै भावुक बन्छौँ । भन्छौँ; नेपालमा बीमाको विकास सोचेजस्तो हुन सकेन । बीमा कम्पनीहरू हरतरहले मिहिनेत गरिरहेको देखिन्छ । सोचेजस्तो बीमाको बजार विस्तार भइरहेको छैन । यसका धेरै कारणहरू छन् । मुख्य कारण हो बीमा सचेतनाको अभाव । बीमा सचेतनाको लागि मुख्य गरी देहायका निकायहरू नै बढी जिम्मेवार हुनुपर्छ । यसका धेरै तहहरू छन्, तल सबैभन्दा बढी जिम्मेवारीबाट कम जिम्मेवारको तहगतरूपमा छोटो चर्चा गरिएको छ ।

क) नीति निर्माता तहमा बीमा सचेतनाः बीमाको बजार विस्तारका लागि बीमासम्बन्धी सही नीति राज्य तहबाट नै बन्नुपर्छ । त्यसमा नियामक निकायको भूमिका अहम् हुन्छ । आजसम्म राष्ट्रिय बीमा नीति बन्न सकेको छैन । बीमा के हो र यो किन सबैलाई आवश्यक छ भन्ने कुरा राज्यले नै बुझेको छैन । जबसम्म राज्य बीमाको महत्वको बारेमा सचेत हुँदैन, बीमा आधारभूत वस्तु हो भन्ने कुरा नीतिमा लेख्दैन र सोहीअनुसार कार्यान्वयन गर्दैन, तबसम्म बीमाको बारेमा आम जनताले बुझेनन् भनेर गुनासो गर्नुको कुनै औचित्य हुँदैन ।

ख) नियमनकारी निकायहरूमा बीमा सचेतनाः नियमनकारी निकाय बीमाप्रति जिम्मेवार हुनु जरुरी छ । जब उच्चपदस्थ पदाधिकारी, अधिकारी र कर्मचारीहरूले बीमालाई सही ढंगबाट बुझ्ने र आत्मसात् गर्ने काम हुन्छ, तब मात्रै आम जनतालाई उनीहरूले बुझाउन सक्ने अवस्था रहन्छ । बीमा प्राधिकारलाई बीमाको सैद्धान्तिक, प्राविधिक र कानुनी पक्षको गहिरो ज्ञान हुनु आवश्यक छ । बीमाको समाजशास्त्रीय र मनोवैज्ञानिक फाइदाको बारेमा बुझ्नु जरुरी छ ।

ग) बीमा कम्पनीको तहमा सचेतनाः बीमा कम्पनीका बोर्ड सदस्यदेखि फिल्डमा खट्ने कर्मचारीहरू सबैले बीमाको बारेमा बुझ्नु आवश्यक छ । मैले यसो भन्दै गर्दा यहाँलाई अचम्म लाग्दो हो, यो पनि भन्ने कुरा हो र ? यो प्रश्न सोध्नु अगाडि म तपाईंलाई सोध्न चाहन्छु कति प्रतिशत कर्मचारीहरूले बीमाको बारेमा अध्ययन गरेर बीमा कम्पनीमा काम गर्दै आएका छन् त ? वा काम गर्दै सिक्दैछन् ? कुन विषयमा सिक्दैछन् ? सिकेका कुरा कसरी लागू गर्दैछन् ? जबसम्म बीमाका आधारभूत सिद्धान्तहरू सबै कर्मचारीहरूलाई कण्ठस्थ हुँदैन र तिनीहरूको कार्यान्वयन सहीरूपमा हुँदैनन् तबसम्म त्यसलाई बीमा सचेतना भएको मान्न सकिँदैन ।

घ) बीमा अभिकर्ताको तहमा सचेतनाः खर्बौं रुपैयाँ संकलन गर्ने बीमा अभिकर्ताहरूलाई के कति कुराहरू सिकाइएको छ बीमाको बारेमा ? मार्केटिङ्ग गर्न जान्नु र प्रोडक्ट्स फिचरको बारेमा ग्राहकलाई जानकारी दिनु मात्रै बीमाको बारेमा सचेत हुनु होइन ।

कसलाई कस्तो प्रोडक्ट, कति बीमकको पोलिसी बिक्री गर्ने भन्ने कुरा पनि जान्नुपर्छ । सही परामर्श दिने कि आफ्नो टार्गेट पूरा गर्ने गरी सल्लाह दिने ? अभिकर्ता जबसम्म सचेत हुँदैनन् तबसम्म बीमा उद्योगले फड्को मार्न

| Overall Classification of Insurance | | |
|---|---|---|
| Industry | Life, nonlife and reinsurance | |
| Government involvement | Commercial and Social | |
| Size of product | Microinsurance and Traditional | |
| **Product Classification** | | |
| Life insurance | Non-Life insurance | |
| Term insurance | Property | |
| Endowment insurance | Casualty | |
| Whole life | Liability | |
| Whole life cum Endowment | Health | |
| **Property Insurance** | | |
| Home | Aviation | Miscellaneous |
| Motor | Marine | Cash |
| Agriculture | Engineering | |
| **Reinsurance** | | |
| Treaty | Proportionate | |
| Facultative | Non-Proportionate | |
| Auto -Fac (Obligatory) | | |
| **Social Insurance** | | |
| Old-age pension insurance | Unemployment Insurance | |
| Disability pension insurance, | Survivor's Benefit Insurance | |
| Sickness insurance, | Accident insurance. | |
| Workers Compensation Insurance | Maternity Insurance | |
| Health insurance | | |

सक्दैन । गोलचक्करमा फसिरहन्छ ।

ङ) ग्राहकको बीमा सचेतनाः कसैको लहैलहैमा लागेर बीमा खरिद गर्ने व्यक्तिहरू कदापि सचेत ग्राहक हुन सक्दैनन् । त्यस्तो ग्राहक अचेत वा लम्पट ग्राहक हो । त्यस्ता ग्राहकबाट बीमा उद्योग फस्टाउँदैन किनकि उसले जुनसुकै बेला गलत निर्णय गर्न सक्छ र कम्पनीलाई धोका दिन सक्छ । कम्पनीलाई ठग्न सक्छ । तसर्थ, बीमित सचेत बनाउने जिम्मेवारी कम्पनी र अभिकर्ताको हो ।

च) आम जनतामा बीमा सचेतनाः आम मानिस जो ग्राहक बनिसकेको छैन, तर भविष्यमा हुने सम्भावना छ, उसलाई सचेत गराउनु वा जागृत गराउनु आवश्यक छ । एक असल ग्राहक त्यो हो जसले बीमाको सिद्धान्तभन्दा बाहिर नगईकन बीमा पोलिसी खरिद गर्छ र पूरै समय पोलिसी लिइरहन्छ । जो गलत ढंगबाट बीमाबाट रकम आर्जन गर्ने बारेमा सोच पनि राख्दैन र इमान्दारीका साथ बीमालाई सम्मान गर्छ तब मात्र उसलाई बीमाप्रति सचेत नागरिकको रूपमा लिन सकिन्छ । यसर्थ, सबै तह र तप्कालाई सचेत नगराइकन बीमा उद्योग सकारात्मक दिशामा अघि बढ्न सक्दैन ।

### ३. बीमा क्षेत्रका समस्या

समस्या नभएको कुनै क्षेत्र छैन, व्यवसाय छैन । हरेक क्षेत्रले समस्याको सामना गर्दै अघि बढ्नुको कुनै विकल्प छैन । समस्याको पहिचान नगरीकन समाधानको कुनै उपाय निस्किँदैन । नेपालको बीमा उद्योग अन्तर राष्ट्रिय बीमा उद्योगसँग जोडिएको हुँदा विश्व बजारका कतिपय समस्याहरू नेपालको बीमा बजारका पनि समस्याहरू हुन पुगेका छन् । कतिपय आन्तरिक समस्याको चर्चा यहाँ गरिएको छ ।

क) स्पष्ट राष्ट्रिय बीमा नीति नहुनु : राज्यले बीमालाई औपचारिकरूपमा स्वीकार गरेको छैन । बीमा नीति नहुनु यसको पहिलो उदाहरण हो । कार्यान्वयन चुस्त र दुरुस्त नहुनु दोस्रो उदाहरण हो । उदाहरणको लागि तेस्रो पक्ष मोटर दायित्व बीमालाई अनिवार्य गरिएको छ । उक्त बीमा नगरीकन पनि मोटरको ब्लुबुक नवीकरण भएको अवस्थामा निजलाई के सजाय हुनुपर्दछ भन्ने बारेमा कुनै नीति छैन ।

ख) पर्याप्त कानुनी व्यवस्थाको अभाव : बीमा ऐन, २०७९ भर्खरै लागू भएको छ । यस ऐनमा पनि कमीकमजोरीहरू धेरै रहेका छन् । बीमा प्राधिकरण ऐन, बीमा व्यवसाय ऐन, तथा बीमा कसुरसम्बन्धी ऐन त हुनैपर्ने हो । नियमावली बनेको छैन, बन्दै गर्दाको मस्यौदा हेर्दा पनि त्यसमा धेरै विषय र व्यवस्थाको अभाव नै देखिन्छ ।

ग) दक्ष जनशक्तिको अभाव : बीमा एक जटिल विषय हो । बीमाको कुशल र सफल सञ्चालनको लागि बीमासम्बन्धी विशेष ज्ञान आवश्यक पर्छ । ७५ वर्षको इतिहासमा बीमाको विशेष पढाइ हुने कुनै निकाय छैन । कुनै विश्वविद्यालयमा बीमा पढाइन्छ । धेरै कुराहरू सैद्धान्तिक मात्रै छन् । व्यावहारिक कुराहरू पाठ्यक्रममा नै राखिएको छैन । पढाउने शिक्षकलाई पनि दक्षता प्रदान गरिएको छैन । बीमा प्राधिकरण र कम्पनीहरूमा कर्मचारी भर्ना गर्दा बीमासम्बन्धी आधारभूत शिक्षा वा डिग्री लिएको हुनुपर्ने प्रावधान छैन न बीमा प्राधिकरणको पदाधिकारीको न्यूनतम योग्यताको लागि बीमासम्बन्धी अनुभव वा डिग्री अनिवार्य गरिएको छ । बिना दक्ष जनशक्ति कसरी बीमा बजारले सही दिशा पक्रिन सक्छ र विकास गर्न सक्छ ।

घ) जन चेतनाको अभाव : बीमाप्रति सम्बन्धित मन्त्रालयका पदाधिकारीदेखि लिएर आम सर्वसाधारणको एउटै बुझाइ छ, अपवादबाहेक । प्रायः मानिसहरू नकारात्मक धारणा राख्छन्, फजुल खर्च गरेको महसुस गर्छन् । यो गलत बुझाइ हटाउनु जरुरी छ । यो काममा पत्रकारहरूको मुख्य भूमिका देखिन्छ । बीमालाई कसरी प्रस्तुत गर्ने भन्ने बारेमा गम्भीररूपमा सोच्नु जरुरी भएको छ ।

ङ) बीमा कम्पनीहरूको सेवाको गुणस्तरमा कमी : अपवादबाहेक प्रायः मानिसहरू गुनासो गर्दछन्, बीमा कम्पनीको दाबी भुक्तानी कार्य एकदमै झन्झटिलो छ । बीमामा दिन सजिलो छ तर लिन निकै गाह्रो छ । यो गुनासोलाई निर्मूल नगरीकन बीमाप्रति आमजनताको सोचाइमा परिवर्तन ल्याउन सकिँदैन । सेवाको गुणस्तर कम हुनका कारणहरू कर्मचारीको दक्षतामा कमी, अनुभवको कमी, विज्ञान प्रविधिमैत्री नहुनु, कार्यशैलीमा एकरूपताको कमी, नैतिक समस्या आदि छन् ।

कतिपय समस्याहरू विश्वभर नै समानता छ ।

- क) जलवायु परिवर्तनका कारण जोखिममा वृद्धिले निम्त्याउने क्षतिमा बढोत्तरी,
- ख) देशहरूबीचको तनाव, युद्ध र त्यसले ल्याउने क्षति
- ग) आन्तरिक युद्ध र त्यसले ल्याउने क्षति
- घ) पुनर्बीमा शुल्कमा वृद्धि
- ङ) दक्ष जनशक्तिको कमी
- च) साइबर जोखिम
- छ) ठगी र जालसाजीमा वृद्धिका कारण बीमा शुल्कमा वृद्धि

### बीमा क्षेत्रको भविष्य

बीमाको इतिहास धेरै लामो छैन । यसको प्रयोग व्यापक मात्रामा बढिरहेको छ । पछिल्ला केही दशकमा नेपालमै हेर्ने हो भने पनि बीमाको पहुँच निकै बढेको छ । बीमा आमजनताको दैनिकीसँग जोडिन पुगेको छ । बीमा क्षेत्रमा वार्षिक खर्बौंको कारोबार भएको छ । यसले बीमाको भविष्य फराकिलो र सुन्दर देख्न सकिन्छ । बीमा क्षेत्रमा दक्ष जनशक्तिको अभाव सधैं खट्किँदै आएको छ । नवप्रवेशी, बीमा अध्ययन गर्न चाहने विद्यार्थीले नेपाली बीमा क्षेत्र उच्च सम्भावना र भविष्य भएको क्षेत्रको रूपमा निर्धक्क आफ्नो करिअरअघि बढाउन सक्ने क्षेत्र हो ।

व्यवसाय र सम्भावनाको हिसाबले पनि बीमा उच्च पोटेन्सियल भएको क्षेत्र हो । नेपालमा बीमाले समेट्नुपर्ने धेरै विषयहरू बाँकी नै रहेका छन् । कर्मचारी कामदारहरूको बेरोजगारी बीमा हुँदो हो त लाखौँ कामदार भोकभोकै बस्नुपर्ने थिएन । रोजगारदाताले बैंकबाट ऋण लिएर तलब दिनुपर्ने थिएन । उद्योग व्यवसायको सञ्चालन अवरुद्ध हुँदाको अवस्थामा हुने नोक्सानीको बीमा हुँदो हो त उद्योगहरू धराशायी हुने थिएनन् ।

नेपाली बीमा कम्पनीले यस्ता पोलिसीहरू बजारमा ल्याउनु आवश्यक छ ताकि भविष्यमा हुने अनेक जोखिमबाट नेपाली अर्थतन्त्रलाई बचाउन सकियोस् । बीमा क्षेत्रमा सूचना प्रविधिको लागि समेत निकै सम्भावना बोकेको र स्कोप भएको क्षेत्रको रूपमा लिन सकिन्छ । बीमा कम्पनीहरूले सूचना र प्रविधिको अधिकतम प्रयोग गरी वर्तमान समस्या र चुनौतीबाट पार पाउन सक्छन् ।

### निष्कर्ष:

आधुनिक युगमा मानव जातिका जोखिमहरू दिनानुदिन थपिँदै गएको पाइन्छ । जोखिम थप हुँदै जाँदा बीमाको दायरा पनि फराकिलो हुँदै गएको छ । बीमा आफैँमा साध्य होइन । जोखिमबाट पर्ने प्रभाव न्यूनीकरण गर्ने अत्याधुनिक औजार पक्कै हो । त्यसैले यसको प्रभावकारिता, महत्व र भविष्य झन् बढिरहेको छ ।

बीमा आज मानव जीवनको अभिन्न अंग बन्न पुगिसकेको छ । मानव समाज, मानव जीवनको अभिन्न अंग बन्न पुगिसकेको बीमाको भविष्य नेपालमा मात्रै नभएर अन्तर्राष्ट्रियरूपमा नै वृद्धि भइरहेको छ । पहिले बीमा मात्रै थियो, पछि पुनर्बीमा र बीमा भयो । त्यति मात्रै नपुगेर जीवन बीमा र निर्जीवन बीमा भयो । त्यतिले मात्रै नपुगेर लघु बीमा पनि चाहिन्छ भनियो । जोखिम विविधीकरणको सवाल बीमा मात्रै भएर हुँदैन रेट्रो पनि बीमासँगै जोडिएर आउन थाल्यो । त्यसैले बीमा दिनानुदिन स-सानो इकाइमा विभक्त भई छरिने क्रम जारी छ ।

समानता, जनतालाई राहत दिन पनि बीमाको प्रयोग व्यापक मात्रामा बढिरहेको छ । आम नागरिकका जोखिमहरू बीमाको माध्यमबाट रक्षावरण गरी समतामूलक समाज निर्माण गर्न हामी सबैको भूमिका अपरिहार्य बन्दै गइरहेको छ । उज्वल भविष्य भएको बीमा क्षेत्रको गुणस्तरीय विकास आजको आवश्यकता हो । यसको लागि नेपालमा बीमा अध्ययन, अध्यापन गर्ने कलेज तथा विश्वविद्यालयहरूको आवश्यकता रहेको छ । बीमाको जोखिम हस्तान्तरण गर्ने प्रक्रिया एउटा प्राविधिक र जटिल प्रक्रिया भएकाले बीमा साक्षरता वृद्धि र बीमासम्बन्धी दक्ष जनशक्ति नै आजको मुख्य आवश्यकता हो ।



। डा. बासुप्रसाद सुवेदी



# बजारको माग : पढ्दै कमाउने शिक्षा

> देशमा कतै नबिक्ने शिक्षा दिने विश्वविद्यालयको के काम ? किन पढाउनु बन्द गरे नि हुन्छ । यस्तै भएर पो धेरैका बाबुआमाले छोराछोरीले १२ कक्षा उत्तीर्ण गरेपछि विदेश पठाउँदा रहेछन् । मैले ढिला बुझेँ ।

**छोरालाई नर्सरीदेखि डिग्रीसम्म पढाउँदा कम्तीमा ३० लाख रूपैयाँ खर्च गरेँ । त्यो खर्च अहिले न देशलाई काम लाग्यो न मलाई नै । देशमै काम लाग्ला भनेर ऋणधन गरेर पढाइयो । अहिले छोरा कोरियाको भाषा पढेर ईपीएसमार्फत दक्षिण कोरिया गयो ।**

छोरालाई कोरिया उडाएर बसमा फर्किँदै गर्दा एक जना बुबाले दिएको आक्रोशपूर्ण अभिव्यक्ति हो यो । अर्थशास्त्रबाट स्नातकोत्तर गरेको छोराले देशमा जागिरका लागि भौतारिँदा चित्त बुझ्दो काम नपाएपछि कोरिया जानुपर्‍यो । आँखाभरि आँशु पारेर गला अवरूद्ध पार्दै ती बुबाले भन्नुभएको याद आउँछ, 'देशमा कतै नबिक्ने शिक्षा दिने विश्वविद्यायको के काम ? किन पढाउनु, बन्द गरे नि हुन्छ । यस्तै भएर पो धेरैका बाबुआमाले छोराछोरीले १२ कक्षा उत्तीर्ण गरेपछि विदेश पठाउँदा रहेछन् । मैले ढिला बुझेँ ।'

नेपालमा १२ कक्षा उत्तीर्ण गरेपछि पढाउने विश्वविद्यालय किन चाहियो ? भन्ने प्रतिप्रश्न गर्दै ती बुबाले भन्नुभएको थियो 'यहाँ पढेर जागिर पाइएला भन्ने आशा छैन । विदेश नगई भएन, बेकारको खर्च । पढ्नेलाई पनि तनाव ।'

ती बुबाले जसरी देशमै बस्ने हुटहुटीले पढाएर केही नपाएपछि पुनः विदेश भासिने धेरै छन् । दक्षिण कोरिया जान त भाग्यमानी मात्रै पाउँछन् । विश्वविद्यालयमा विभिन्न विषय लिएर स्नातक वा स्नातकोत्तर गरेका धेरै युवा साउदी, कतार मलेसिया र संयुक्त अरब इमिरेट्स (युएई) मा जोखिमपूर्ण श्रममा काम गर्न पुगेका छन् ।

पछिल्ला केही वर्षयता राम्रा विद्यार्थी पढ्दै काम गर्न अमेरिका, अस्ट्रेलिया, डेनमार्क, क्यानडालगायतका देश पुगेका छन् । पढ्न नसक्नेहरू सक्ने कोरिया, खाडी र मलेसियामा लेबर काम गर्न पुगेका छन् । पढ्न अमेरिका, युरोप जाने विद्यार्थीको साथमा पुँजी पनि बाहिरिएको छ ।

विदेश पढ्न जाने विद्यार्थीमार्फत चालु आर्थिक वर्षको पहिलो नौ महिनामा मात्रै ६७ अर्ब १९ करोड रुपैयाँ बाहिरिएको तथ्याङ्क नेपाल राष्ट्र बैंकसँग छ । यसबाट अनुमान लगाउन सकिन्छ कि यसअघिका वर्षमा कति रकम बाहिरिएको होला भनेर ।

सामुदायिक विद्यालयमा अभिभावकको विश्वास बढ्न सकिरहेको छैन भने निजी विद्यालयको व्यापारले आकाश छोएको छ । काठमाडौंको नाम चलेका केही निजी विद्यालयमा कक्षा एकमा भर्ना हुन एक लाख रुपैयाँ लाग्छ । मासिक शुल्क पनि छोइनसक्नु छ । यहाँ प्रश्न के हो भने के हाम्रा अभिभावक त्यो शुल्क तिर्ने ल्याकत राख्छन् त ?

### हालको शिक्षा प्रणाली

सिकेको ज्ञान र सीपलाई श्रम, व्यवहार र उत्पादनसँग प्रभावकारीरूपमा जोड्नु पर्ने चुनौती अहिले छ । युवा जनशक्तिलाई बजारमा सहजरूपमा रोजगारी सुनिश्चित गर्न बजारको आवश्यकतासँग मेल खाने पाठ्यक्रम नहुनु, अहिलेको बेरोजगारीको प्रमुख समस्या हो ।

वर्तमान शिक्षा प्रणालीले उत्पादित जनशक्तिलाई श्रमबाट विमुख बनाएको छ । श्रमप्रति सम्मान होइन घृणाको वातावरण सिर्जना गरेको छ । दुई/तीन विषयमा स्नातक वा स्नातकोत्तर गरेको व्यक्ति आफ्नो खेतबारी, घरमा बाबुआमासँग श्रम गर्न किन लजाउँछ ? किन हीनताबोध गर्छ ? सानोतिनो व्यवसायमा किन आँखा लगाउँदैन । आफैँ श्रम गर्ने र स्वरोजगार हुने भन्दा किन कमिसनको पछि लाग्छ ? किन अरूको पछि लाग्छ ?

श्रम गरेर पैसा आर्जन गर्ने बाटो हुँदाहुँदै किन गैरकानुनी कार्यबाट अर्थ आर्जन गर्नेतर्फ लाग्छ ? आफ्नो घरको करेसाबारीमा काम गर्न कुनै एक कर्मचारी किन लजाउँछ ? आज मान्छे किन यति धेरै अरूप्रति आश्रित भएको छ ?

यसको मुख्य कारण हाम्रो शिक्षाले श्रमलाई सम्मान गर्नुपर्छ भनेर सिकाउन नसक्दाको परिणाम हो । उत्पादित जनशक्ति मानसिकरूपमा मात्र पढेलेखेको छ । व्यावहारिकरूपमा अनपढजस्तो भयो । नजानिँदो किसिमले हाम्रा शैक्षिक जनशक्तिलाई श्रम भनेको तल्लो दर्जाको 'लेम्यान' ले मात्र गर्ने हो भन्ने भ्रम परेको छ । यो भ्रमबाट सिङ्गो परिवार, समाज र राष्ट्र ग्रसित छ । जसले गर्दा हाम्रा विद्यालय र विश्वविद्यालय बेरोजगार उत्पादन गर्ने कारखानामा परिणत भए । उत्पादित जनशक्ति कामविहीन भए । यो कुरा उच्च नेतृत्वसमेत स्वीकार गरिसकेको छ ।

उद्योगधन्दा, कलकारखाना, जल, जमिन र जङ्गलसँग जोडिएर गर्न सकिने कामका प्रचुर सम्भावना छन् । शिक्षा प्रणालीले विद्यार्थीमा आशाको यो दियो जगाउन सकेन । उनीहरूको भविष्य यही देशमा छ भनेर देखाउन सकेन । अतः स्वदेशमा रोजगारीको अवसर नदेखेपछि अभिभावक र विद्यार्थी पढाइमा लगानी गर्नुभन्दा विदेश गएर रोजगारी प्राप्त गर्ने सजिलो बाटो रोज्न बाध्य छन् ।

शिक्षित व्यक्तिले देश छोड्नुको एउटै कारण हो उनीहरूले व्यावसायिकरूपमा काम नपाउनु र आफ्नै देशमा भविष्य नदेख्नु । छिमेकी देश चीन र भारतका विदेश पढ्न गएका विद्यार्थी धमाधम स्वदेश फर्किरहेका छन् । विभिन्न अध्ययनका अनुसार चीनले एकै पटकमा पचास लाख विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्न विदेश पठाएको थियो । तीमध्ये धेरै अमेरिका गएका थिए । अहिले उनीहरू विशिष्ट वैज्ञानिक, प्राविधिक र प्रशासकका रूपमा आफ्नो देशमा कार्यरत छन् ।

नेपालमा भने त्यसको विपरीत भएको छ । देशमा भएका वैज्ञानिक र दक्ष शैक्षिक जनशक्तिको विदेश पलायन कहालीलाग्दो छ । यसलाई कसरी रोक्ने ? राज्यले नीति नै बनाउनुपर्छ । पछिल्लो पटक चिकित्सक, इन्जिनियर, वैज्ञानिक सबै बाहिरिन थालेका छन् । सरकारले रोजगारीका अवसर सिर्जना गर्ने, काम गर्ने अवस्था सुधार्ने, शिक्षित व्यक्तिको योगदानलाई मूल्याङ्कन गर्ने र मान्यता दिने प्रणालीको विकास गर्नु आवश्यक छ ।

**शिक्षाको वर्तमान अवस्था**

सरकारका सामुदायिक विद्यालयले गुणस्तरीय शिक्षा दिइरहेको भनिए पनि परीक्षाफलले त्यो देखाउँदैन । सबै सार्वजनिक विद्यालयमा गुणस्तरीय र रोजगारमूलक शिक्षा प्रदान गर्ने, स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने भनिएको छ । व्यवहारमा निकै कमजोर साबित भएका छन् । अहिले सूचना तथा सञ्चार प्रविधिले विश्वलाई हत्केलामा राखेर हिँड्न सक्ने बनाइसक्यो । योसँगै ज्ञान र सीप आर्जन गर्ने तौरतरिका पनि बदलिएका छन् ।

सीपमा आधारित शिक्षाले बालबालिकामा सीपको विकास गरी उनीहरूमा ज्ञान आर्जन गर्ने वातावरण सिर्जना गर्छ । उनीहरूलाई जटिल चुनौतीसँग जुध्न, विभिन्न समूहमा रही प्रभावकारीरूपमा काम गर्न सक्षम बनाउँछ । ज्ञान र सीपमा आधारित शिक्षाको संयोजन गरेर विद्यार्थीलाई शैक्षिक, व्यावसायिक, सामाजिक र व्यक्तिगतरूपमा सधैँ सफल बनाउँछ । राज्यले दुर्गम तथा तराईका जिल्लामा गुणस्तरीय शिक्षा,

**उद्योगधन्दा, कलकारखाना खाना, जल, जमिन र जङ्गलसँग जोडिएर गर्न सकिने कामका प्रचुर सम्भावना छन् । शिक्षा प्रणालीले विद्यार्थीमा आशाको यो दियो जगाउन सकेन ।**

विद्यार्थीमा स्वास्थ्य सेवा र पढ्दै कमाउने वातावरण सिर्जना गरी उनीहरूलाई प्रोत्साहित गर्नुपर्छ । राज्यले नवप्रवर्तन, उद्यमशीलता र रोजगारी सिर्जनालाई बढावा दिने र आकर्षक तलब प्रदान गरी दक्ष व्यक्तिलाई आकर्षित गर्ने नीतिहरू ल्याउन आवश्यक छ ।

**शिक्षण सिकाइमा सुधार**

शिक्षण सिकाइमा अनुसन्धानमा आधारित विद्यार्थी केन्द्रित र अन्तर्क्रियात्मक शिक्षण विधि अपनाउनुपर्छ । समूहगत छलफल, समस्या समाधान विधि, परियोजनामा आधारित असाइनमेन्ट र आलोचनात्मक सोच, विश्लेषणात्मक लेखनशैली, आलोचनात्मक विश्लेषण, अनुसन्धान र नवप्रवर्तनलाई बढावा दिने खालको शिक्षण पद्धति अँगाल्नुपर्छ । आजको दिनमा प्रविधिमैत्री कक्षा कोठा, प्रविधिमैत्री शिक्षण सिकाइ, प्रविधिमैत्री कार्य वातावरण, प्रविधिमैत्री शिक्षक, कर्मचारी र अभिभावक हुनु आवश्यक छ ।

आर्थिकरूपमा कमजोर विद्यार्थीलाई डिजिटल शिक्षण सामग्री सरकारले उपलब्ध गराउनुपर्छ । जसले शिक्षण र सिकाइका अनुभव वृद्धि गर्छ । साथै, डिजिटल शिक्षण सामग्रीमा पहुँच स्थापना र विस्तार गर्न सहयोग पुऱ्याउँछ । विद्यार्थी एवम् शिक्षकलाई अनलाइन सिकाइ प्लेटफर्महरू र मल्टिमिडिया उपकरणमा पहुँच विस्तार गर्न सक्षम बनाउँदै लैजानुपर्छ । तीन घण्टासम्म लेखेर मात्र उत्तीर्ण हुने परीक्षा प्रणालीलाई बदलेर विद्यार्थीको सीप, समस्या समाधान गर्ने कला, व्यवहार आचरण र दृष्टिकोणसमेतलाई परीक्षाभित्र समावेश गरिनुपर्छ ।

**शिक्षाको गुणस्तर सुधार**

शिक्षाको गुणस्तर सुधार गर्न हामीले बाहिरको परियोजनामा निर्भर हुनबाट टाढा रहनुपर्छ । अहिले त हामी राम्रो शिक्षा दिने नाममा चित्र र रङ अरूकै प्रयोग गर्दै आएका छौं । अब चित्र अरूको भए पनि रङ आफैँ भर्न



आजैबाट थाल्यौ । रङमा मात्रै सहयोग लियौँ । विदेशको सहयोग भनेपछि जे गर्न पनि तयार हुने प्रवृत्तिको अन्त्य गरौँ । आफ्नो सोच र आवश्यकतालाई ध्यानमा राखेर मात्रै सहयोग लिउँ । अहिले त आवश्यकताका विषयमा भन्दा पनि विदेशीको नाम लेखाउँदै भवन बनाउनेमा बढी सहयोग लिँदै आएका छौँ । यसले खासै शिक्षाको गुणस्तरमा फाइदा भएको छैन । विश्वविद्यालय पूर्ण अनलाइनमा जानुपर्छ भनिरहेको बेलामा अब भवनभन्दा पनि देशमा काम लाग्ने विषय अध्ययनमा ध्यान दिन जरूरी देखिन्छ ।

विश्वविद्यालय मात्रै होइन विद्यालयले पनि अब आफ्नो सोच बदल्न जरूरी छ । विद्यालयस्तरको शिक्षा स्थानीय पालिकाको जिम्मामा गइसकेको छ । पालिकाले आफ्नो जिम्मेवारीअनुसार आगामी २० वर्षसम्म काम लाग्ने शिक्षा नीति, योजना र रणनीति तयार गर्नुपर्‍यो । यस अवधिका लागि नीति बनाउँदा आवश्यक पर्ने शिक्षा, बजारको मागको अवस्था, शिक्षाबाट हुने उपलब्धिसमेतलाई लेखाजोखी गर्न जरूरी देखिन्छ । जो लगानी गर्न उत्सुक छन् । तिनीहरूलाई एउटै ढोकाबाट ल्याएर पालिकाले बनाएका योजनामा खर्च गर्न आउनुपर्‍यो ।

### पालिकाको महत्वपूर्ण जिम्मेवारी

आफ्नो पालिकाको शिक्षाको गुणस्तर सुधार गर्ने विषयमा पालिकाले काम गर्नुपर्छ । विद्यार्थीको आन्तरिक मूल्याङ्कन ठीक तरिकारले भए/नभएको विषयमा पालिकाले नियमन तथा अनुगमन गर्नुपर्‍यो । पछिल्लो पटक शिक्षा सुधारको दायित्व पालिकामा केन्द्रित भएको छ । यसको जवाफदेही पालिका हुनुपर्छ ।

नियम पालना नगर्ने विद्यालयलाई कारबाही गर्नुपर्छ । विद्यार्थीलाई किताब रटाउनेमा अहिलेको विधि केन्द्रित छ । यसबाहेक अर्को शिक्षण विधि लागू हुन सकेको छैन । पछिल्लो पटक पाठ्यक्रम परिमार्जित भएका छन् । व्यवहार अहिले पनि किताब रटाइमै केन्द्रित छन् ।

अबको शिक्षा एक केजी माछा दिएर नागरिकलाई क्षणिक खुसी पार्ने नभई माछा पर्ने जाल बुन्न सिकाउने खालको हुनुपर्छ । जुन सीप जिउने आधार बन्न सक्छ । यो विषय पाठ्यक्रममा छ यसको व्यावहारिक कार्यान्वयनमा पालिका चुकेका छन् । अहिले नयाँ पाठ्यक्रमलाई पुरानो शिक्षण विधिबाट सिकाउने काम हुँदै आएको छ ।

विश्वविद्यालयको परिमार्जित पाठ्यक्रम यही समस्या छ । विद्यालय र विश्वविद्यालयको अस्वस्थ प्रतिस्पर्धाका कारण पढाउने शिक्षकले आन्तरिक मूल्याङ्कन गराउन सकेका छैनन् । शिक्षकलाई विद्यार्थीको आन्तरिक मूल्याङ्कनको अधिकार पाठ्यक्रममा छ तर व्यवहारमा छैन । विद्यार्थीको आन्तरिक मूल्याङ्कन ठीक तरिकाले हुन सकेको छैन ।

अबको शिक्षाको रणनीति सिक्दै काम गर्ने मोडेलमा लैजानुपर्छ । अहिले विश्वविद्यालयको अध्ययन वा अनुसन्धानमा पूर्वीय दर्शनको अभाव छ । हाम्रा पूर्वीय दर्शन हाम्रो माटो सुहाउँदो भएको अहिले महसुस गर्न थालिएको छ । पछिल्लो पटक हाम्रा अनुसन्धान आधुनिकताको नाममा त्यसलाई पूरै छोडेर पश्चिमा दर्शनमा लागियो । जसले परिणामस्वरूप यता न उताको बनाएको छ । त्यसैले अब धेरै ढिला नगरिकन पूर्वीय दर्शनका विषय हाम्रा पाठ्यक्रममा समावेश गर्नुपर्छ ।

### अनौपचारिक ज्ञानसँग जोड्नुपर्ने

सैद्धान्तिक शिक्षासँगै अनौपचारिक ज्ञानको पनि आवश्यकता हुन्छ । जुन छोटो अवधिका हुन्छन् । अनौपचारिक ज्ञान कतिपय अवस्थामा परिवारबाट पनि सिक्न सकिन्छ भने अर्को छोटो अवधिका तालिमबाट पनि । परिवारसँग हुर्किने क्रममा सिक्ने परम्परागत संस्कार, संस्कृति व्यवहार अनौपचारिक ज्ञान हुन् । यस्ता संस्कार र व्यवहारले जीवन जिउन वा जीविकोपार्जनमा प्रत्यक्ष प्रभाव पारेका हुन्छन् । त्यसैले यस्तो सिकाइलाई पनि अब औपचारिक शिक्षामा जोड्नुपर्छ ।

अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग जोड्ने गरी राष्ट्रिय गुणस्तर मापदण्ड बनेको छ । यसमा दुवै प्रकारको शिक्षा प्रणालीमा जोडेर लैजान सकिने व्यवस्था छ । योसँगै विश्वका अभ्यासमा रहेका शिक्षालाई पनि जोड्न सकिन्छ । यो जोड्ने काम विश्वविद्यालयले गर्नुपर्छ । तर यस विषयमा विश्वविद्यालय चुकेका छन् ।

### बजारको विश्लेषण

अबको शिक्षालाई बजार, विश्वविद्यालय र विद्यार्थी (तीन ब) जोडेरसँगै लैजानुको विकल्प छैन । अहिले बजार एकातिर छ । विश्वविद्यालयले सैद्धानिक ज्ञान अर्कोतिर छ । विद्यार्थीले पनि विश्वविद्यालय पढाएको सैद्धान्तिक ज्ञानबाट राम्रो अंक ल्याएका छन् । त्यो ज्ञान बिक्री हुने बजार छैन । विश्वविद्यालयबाट राम्रो अंकका साथमा स्नातकोत्तर गरेको विद्यार्थीले रोजगारी पाउँदैन । त्यसैले अब विश्वविद्यालयले बजारको अध्ययन र अनुसन्धान गरेर पाठ्यक्रम तयार गर्ने अनि त्यस अनुसारको शिक्षा दिनुपर्छ । जुन विषय पढ्ने विद्यार्थीले आफ्नो पढाइ र क्षमताअनुसारको स्वदेशमै रोजगारी वा स्वआर्जन गर्न सक्ने हुनुपर्छ ।

नेपालमा मान्यता प्राप्त १७ वटा विश्वविद्यालयले विद्यार्थीको आवश्यकता र मागमा आधारित कोष निर्माण गरेर पढाउन सक्नुपर्छ । पछिल्लो पाँच वर्षको तथ्याङ्क हेर्दा विश्वविद्यालयमा विद्यार्थी भर्ना दर ५० प्रतिशतले घटेको छ । अब पनि पुरानै ढर्रामा विश्वविद्यालय सञ्चालन गर्ने हो भने विश्वविद्यालय असफलतातिर जान्छन् । त्यसैले विश्वका एकै प्रकृतिका विश्वविद्यालय खोजेर तिनीहरूसँग समन्वय गरी आफ्ना अध्यापनलाई अगाडि बढाउन सक्छन् । अहिलेबाट नै यसतर्फ सोचविचारसहित अगाडि बढ्न जरूरी छ ।

### विश्वको शिक्षा

विश्वको शिक्षा प्रणाली बदलिएको छ । अहिले भौतिकरूपमा उपस्थिति भएर पढ्ने प्रचलन असाध्यै कम हुन थालेको छ । विश्वका अधिकांश विश्वविद्यालय अनलाइन प्रणालीमा गइसकेका छन् । जसले गर्दा विद्यार्थीले कामसँगै अध्ययन गर्न पनि पाएका छन् । पछिल्ला केही वर्षयता नेपाली विद्यार्थी पनि विदेशका यी विश्वविद्यालयका कार्यक्रमप्रति आकर्षित हुन थालेका छन् । नेपालमा कक्षा १२ पछि विद्यार्थी विदेश जाने गरेका छन् । विदेशमा गएपछि पढाइसँगै काम पनि गर्न सकिन्छ । नेपालमा यस प्रकारको व्यवस्था अहिलेसम्म छैन ।

कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थी रोक्न सकिएन भने नेपालका विश्वविद्यालयको भविष्य छैन । विदेश पढ्न जानेले त पढाइसँगै कमाइ गर्छन् । यहाँ बाबुआमासँग खर्च लिएर पढ्नेले जति राम्रो अंक ल्याए पनि हात लाग्यो शून्यको अवस्था छ ।

विश्वविद्यालय अब फेरिनुपर्छ । विश्वविद्यालयले समुदायको मागअनुसार जनशक्ति उत्पादन गर्न विश्वविद्यालय जुटेनन् भने असफल हुन्छन् । विश्वविद्यालयले किताबको पाना पढाएर कोर्स सकाउने काम गरेर हुँदैन । किताबका पाना बरू थोरै पढाउने धेरै प्रयोगात्मक अभ्यासमा जानुपर्छ । विद्यार्थीले किताबबाट लिएको ज्ञान फिल्डमा देखाउन सक्ने बनाउनुपर्छ यसका लागि निरन्तर अभ्यासको जरूरी छ । अब कोठाभित्र बसेर पढाउने जमाना गए । अब शिक्षक विद्यार्थीको परामर्शकर्ता बन्नुपर्छ ।

### विश्वविद्यालय नीति

अब हाम्रा विश्वविद्यालय आगामी बीस वर्षका लागि चाहिने शिक्षा र त्यसको बजार खोजेर अगाडि बढ्नुपर्छ । यसका लागि अहिलेबाट नै नीति, योजना र रणनीति तयार गर्नुपर्छ । त्यो मात्रै हेरेर हुँदैन । हामीले लिने शिक्षाले यस अवधिसम्मको बजारलाई समेट्न सक्ने खालको दूरदृष्टिसहितको योजना आवश्यक छ । तीन 'ब' विश्वविद्यालय, बजार र विद्यार्थीसहित अन्तर्राष्ट्रिय विश्वविद्यालयसँग समन्वय गरेर जानुको विकल्प देखिँदैन । अर्को कुरा अब विश्वविद्यालयमा भौतिक उपस्थितिमा कक्षा कोठामा राखेर पढाउने प्रचलन असफलतिर गए । अब अनलाइनको माध्यमबाट संसारभरलाई जाडेर शिक्षा दिनुपर्‍यो ।

### दूरदृष्टिको खाँचो

योजना स्पष्ट छ भने पैसाको खाँचो हुँदैन । योजना बनाएर यसका लागि यति पैसा चाहिन्छ भनेर जाउँ न पैसा त चाहिएजति आउँछ । पैसाको अभाव देखाएर योजना नबनाई बसेर हुन्छ ? मैले देखेको पैसाको खाँचो होइन, यहाँ त योजनाको खडेरी छ ।

सानो जुक्तिले चितवनको एउटा सामुदायिक विद्यालयले स्टेसनरी सामान विद्यार्थीलाई

निःशुल्क दिन सफल भएको छ । विद्यालयका प्रधानाध्यापकसँग विद्यार्थीलाई फोटोकपी दिनलाई स्रोत थिएन । सामुदायिक विद्यालयमा विद्यार्थीसँग माग्दा अभिभावकले नदिने, हत्तपत्त दिँदैन पनि । विद्यालय आफूले दिने स्रोत थिएन । विद्यालयका प्रधानाध्यापकले एउटा जुक्ति लगाउनुभयो । विद्यालयमा सात सय ५० विद्यार्थी पढ्थे । ती विद्यार्थीलाई हरेक पन्ध्र दिनमा आफ्नो भान्सामा भएको सबैभन्दा ठूलो प्याज वा आलु ल्याउन भन्नुभयो । हरेक विद्यार्थीले त्यसैगरी ल्याए पनि ।

त्यो आलु वा प्याज आफ्नै क्यान्टिनलाई बिक्री गऱ्यो । त्यो बिक्री गरेर आएको पैसाबाट विद्यार्थीलाई फोटोकपी निःशुल्क उपलब्ध गराउन पुग्यो । प्रधानाध्यापकले एक दिन विद्यालयमा अभिभावकको बृहत् भेला आयोजना गरी यहाँहरूको सहयोगले विद्यार्थीलाई निःशुल्क स्टेसनरी वितरण गर्न पाइयो धन्यवाद भन्नुभयो । अभिभावक त अचम्म परे हामीले त केही सहयोग नै गरेका छैनौँ भन्न थाले ।

विद्यार्थीले आलु वा प्याज त अभिभावकलाई नभनीकन ल्याएकाले थाहा नै पाएनन् । अधिकांश अभिभावकले स्वतःस्फुर्तरूपमा पैसा सहयोग गरे । त्यसैले योजना भए पैसाले काम रोकिँदैन भन्ने गतिलो उदाहरण चितवनको विद्यालय काफी हुन्छ । यसका लागि सोच र भिजन स्पष्ट हुनुपर्छ ।

**अबको बाटो**

शिक्षाका योजना सफल हुन नसक्नुमा दूरदृष्टिको अभाव छ । विश्वका थुप्रै विश्वविद्यालयका सफल र राम्रा अभ्यास छन् । तिनीहरूको सिको गर्न सक्छौँ । विदेशीको नक्कल गर्न खोजेका छौँ । विश्वका थुप्रै राम्रा देशक असल अभ्यासका रूपमा साना मन्टेश्वरी स्कुललाई लिन सकिन्छ । तर यसको गलत अभ्यास हामीले गरेर मन्टेश्वरीलाई मुन्टेश्वरी बनाएका छौँ ।

मन्टेश्वरी शिक्षाको अभ्यास भनेको त छ वर्षसम्म खेल्दै सिक्ने र बालबालिकाले आफ्नो क्षमता देखाउने ठाउँ हो । हाम्रो त विद्यालयमा पढाउने पाठ्यक्रमअनुसार नै पढाउने गरिन्छ । जसले बालबालिकाको दिगो विकासमा असर पारेको छ । अबको शिक्षा स्थिर नभएर लचिलो हुन जरूरी छ । जहाँ, जुनसुकै विषयमा जान सक्ने खालको हुनुपऱ्यो । खुलापनको शिक्षा चाहियो । शिक्षक सहजकर्ता हुने शिक्षा चाहियो । विद्यार्थी शोध र सोचकर्ता हुन् । अबको शिक्षा नेटमा खोजी भेटमा छलफल गर्ने खालको शिक्षा चाहिन्छ ।

**निष्कर्ष**

वर्तमान शिक्षा प्रणालीमा रहेका चुनौतीलाई सम्बोधन गर्न शिक्षक, अभिभावक, विद्यार्थी, शैक्षिक संस्था र सरकारले सामूहिक जिम्मेवारी लिनु आवश्यक छ । शिक्षालाई बजारको आवश्यकतासँग मेल खाने गरी पाठ्यक्रमको विकास र परिमार्जन साथै विद्यालय तथा विश्वविद्यालयको भौतिक र प्राविधिक पूर्वाधारमा सुधार जरुरी छ ।

उत्पादित जनशक्तिलाई उद्योग, कलकारखाना, कन्सलटेन्सी, फर्म, कम्पनीसँग सहकार्य गरी उनीहरूलाई रोजगारी प्रशिक्षणमा लगाउनु अनिवार्य भएको छ । शैक्षिक संस्थाका सञ्चालक, शिक्षकले नै विद्यार्थी विदेश पठाउने काम बन्द गर्नुपर्छ । अहिले डिजिटल मिडिया र मोबाइल उपकरणको प्रभावले गर्दा हालैका दिनमा शिक्षण सिकाइ र पठन संस्कृतिमा थप चुनौती थपिएका छन् । विद्यार्थीमा मोबाइल फोन र कम्प्युटरको सहज पहुँच र भएको हुँदा शिक्षकभन्दा विद्यार्थी अगाडि रहेको पनि अध्ययनले देखाएको छ ।

डिजिटल साक्षरता प्रवर्द्धन गरी आईसीटी उपकरण र प्रविधिको शक्तिलाई प्रभावकारी शिक्षण सिकाइ सहायकको रूपमा प्रयोग गर्न सकेमा शिक्षकलाई गुणस्तरीय शिक्षण सिकाइ प्रदान गर्नबाट कसैले रोक्न सक्दैन तर एउटै देशमा दुई खालको शिक्षा नीति हुनु राज्यका लागि सुहाउने कुरै होइन । सबै नागरिकले शिक्षा निःशुल्क लिन पाउनुपर्छ र स्वदेशैमा रोजगारीको ग्यारेन्टी राज्यले गर्न सक्नुपर्छ ।








। सञ्जीव गौतम




# हवाई यातायातको भर

**निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने योजना सुरु भएको तीन दशक नाघिसकेको छ । विभिन्न अध्ययनले काठमाडौंको विकल्पका रूपमा निजगढ आवश्यक छ भन्ने देखाएको छ । पोखरा र भैरहवा विमानस्थल करिब ५0 अर्ब लगानी गरेर निर्माण गरियो, ती अहिलेसम्म चल्न सकेका छैनन् । निजगढ चल्ने आधारहरू के हुन् ?**

हवाई यातायातले समग्र विश्वलाई सहज पहुँच भएको एउटा गाउँमा परिणत गरिदिएको छ । हवाई यातायातले उद्योग, व्यापार र व्यावसायिक गतिविधि सञ्चालनको आधार तयार गरेको छ। सन् २०१९ को तथ्याङ्कले विश्वको आधाभन्दा बढी जनसङ्ख्या हवाई यात्रु रहेको देखाउँछ। यो सङ्ख्या वार्षिक चार अर्ब ५० करोड रहेको छ । सन् १९७० पछि हरेक १५ वर्षको अन्तरालमा यस्तो सङ्ख्या दोब्बर हुँदै आएको देखिन्छ ।

कोरोना महामारी र त्यसपछिको समयमा समेत नियमित हवाई उडान गर्नेको सङ्ख्यामा उल्लेख्य गिरावट आयो। कोरोना महामारीका कारण भएको बन्दाबन्दीले पर्यटन उद्योगसहित समग्रमा हवाई यातायात क्षेत्र प्रभावित भयो। सन् २०१९ को तथ्याङ्कलाई आधार मान्दा हालसम्म पनि यो क्षेत्र उक्त समयमा जस्तो चलायमान बनिसकेको छैन।

अन्तर्राष्ट्रिय हवाई यातायात संघ (आईएटीए)ले सन् २०२४ को दोस्रो त्रैमासिक अवधिसम्ममा कोरोनाअघिको तथ्याङ्कअनुरूप नियमित उडानले गति लिने प्रक्षेपण गरेको छ। यसको आधारमा आगामी १५ वर्षमा नियमित उडान गर्ने यात्रुका सङ्ख्या दोब्बर हुनेछ। सन् २०३८ सम्म नौ अर्ब मानिसले नियमित हवाई यातायातको प्रयोग गर्ने अनुमान गरिएको छ।

हवाई उडान सुरक्षा, यात्रुहरूको अविछिन्न, सहज र सुविधासहितको सेवा दिन सोही किसिमले पूर्वाधार आवश्यक पर्छ । हवाई पूर्वाधार भन्नेबित्तिकै हामी सामान्यतया विमानस्थल बुझ्छौं । तर यससँगै एयर स्पेसको डिजाइन, वर्गीकरणअनुसार तयार गरिएका हवाई मार्ग र प्रोसिड्युअर स्थापना गर्न आवश्यक पर्ने उपकरण जडान र सञ्चालन गरी नेपाली आकाशलाई सुरक्षित र व्यवस्थित बनाउन जरुरी छ।

नेपालमा अहिले वार्षिक एक करोडभन्दा बढीले नियमित हवाई उडान गर्दछन् । हामीसँग अहिले अन्तर्राष्ट्रिय उडानका लागि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल थपिएका छन् । ५४ वटा आन्तरिक विमानस्थलमध्ये ३४ वटा विमानस्थल नियमित सञ्चालनमा छन् ।

निर्धारित समयमा निर्माण सम्पन्न नभए पनि अन्य राष्ट्रिय गौरवका आयोजनाहरूको तुलनामा पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल केही चाँडो बने। यी विमानस्थल इतिहासको यो कालखण्डमा बने, जतिबेला विश्वका सबै वायुसेवा कम्पनीहरू कोरोना महामारीका कारण आर्थिकरूपमा अस्तव्यस्त भएका थिए। धेरै वायुसेवा कम्पनी आर्थिकरूपमा टाट पल्टिएको र रिफाइनान्समार्फत् पूर्ववत् अवस्थामा फर्किने जोडबल गरिरहेको अवस्थामा हाम्रा दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल बने।

जसले गर्दा बनेको एकाध वर्षमा तिनले गति लिन सकेनन् । आफ्नै रुटमा स्थापित वायुसेवा कम्पनीले नयाँ रुटमा जोखिम लिन्छन् भन्ने हुँदैन ।



यो अवस्थामा विमानस्थल चलेनन् भन्ने भाष्य स्थापित गर्नुहुँदैन । यद्यपि, सञ्चालनको यो समयावधिमा केही गति लिनुपर्ने हो तर गति लिन सकेको छैन ।

यसको कारण उड्डयन प्राधिकरणले सञ्चालन गर्न सकेन भनेर रटान लगाउनुको कुनै तुक हुँदैन । विमानस्थल प्राधिकरणअन्तर्गत भए पनि सम्पूर्ण विमानस्थल पूर्वाधार त राष्ट्रको हो । त्यहाँ भएका लगानी जनताको करको पैसा हो । तसर्थ, यी विमानस्थल सञ्चालन गर्न प्राधिकरण मात्रै होइन, समग्र राज्यको प्रणाली अग्रसर हुनुपर्छ ।

पोखरा वा भैरहवावाट यात्रु उडान भर्न सक्ने वातावरण बनाउनुपर्छ । त्यसअनुरूप सुविधा प्रदान गर्नुपर्छ । भैरहवा विमानस्थल बनाउँदा सरकारले गौतम बुद्धको जन्मभूमि लुम्बिनीलाई लक्षित गरेको थियो । अहिले संसारभरिमा बौद्ध धर्म मान्नेको सङ्ख्या ४५ देखि ५० करोड छ । तीमध्ये ९० प्रतिशतभन्दा बढी नेपालभन्दा पूर्वी देशमा छन् ।

जापानदेखि श्रीलंका, भुटानदेखि कम्बोडिसम्मका धर्मावलम्बीहरू भैरहवासम्म सहजरूपमा आउन सक्ने वातावरण सिर्जना भएको छैन । मुख्य विषय यहाँ आएर अड्किएको छ । यदि, कुल बौद्ध धर्मावलम्बीमध्ये एक प्रतिशतलाई मात्र नेपाल भित्र्याउने गरी लुम्बिनीको ब्रान्डिङ गर्न सके मात्रै भैरहवा विमानस्थल पूर्ण क्षमतामा चलाउन सकिन्छ । यसको मतलब आजकै दिनमा त्यो पूरा हुन्छ भन्ने होइन । त्यसका लागि राज्यको भूमिका आवश्यक पर्छ ।

**अहिले बन्द भएका अधिकांश विमानस्थल सडक यातायातको पहुँच नहुँदासम्म त्यो ठाउँको जीवनरेखा थिए । ती विमानस्थल त्यहाँको दैनिकी थिए । साँझ बिहानको रोजीरोटीका आधार थिए ।**

**नयाँ विमानस्थलको आवश्यकता**

पोखरा विमानस्थलको कुरा गर्दा अहिले पनि सहज अवस्था छैन । किनभने पोखरा उपत्यका साह्रै सानो रहेकाले सो विमानस्थलमा उडान अवतरण गर्न सक्ने एयरबस ३१९ जस्ता जहाजहरूका लागि २५ सय मिटरको धावनमार्ग पर्याप्त छ ।

पोखरा पर्यटकीय क्षेत्र हो । नेपालमा आउने प्रायः पर्यटक मनोरञ्जनका लागि पोखरा पुग्छन् । विविध आकर्षणमध्ये पोखराको एउटा आकर्षण प्याराग्लाडिङ पनि हो । तर नयाँ विमानस्थल सञ्चालनका कारण प्याराग्लाइडिङ व्यवसाय पूर्णतया पोखराबाट पलायन हुनुपर्ने अवस्था पुग्यो । त्यसलाई कसरी सन्तुलन गर्न सकिन्छ भन्ने पनि सोच्न आवश्यक छ ।

विमानस्थल बनायो तर चल्दैन, किन ? नेपालका अधिकांश विमानस्थलहरू आवश्यकताका आधारमा भन्दा पनि राजनीतिक महत्वाकाङ्क्षाका कारण बनाइन्छन् । तसर्थ, विमानस्थल स्थानीय आवश्यकता हो वा राजनीतिज्ञको आवश्यकता हो भन्ने विषयमा खुला विश्लेषण गर्न जरुरी छ । अहिले भएका ५४ वटा विमानस्थलमध्ये आधाभन्दा बढी चलेकै छैनन् । नयाँ विमानस्थल बन्ने योजना पाइपलाइनमै छन् ।

अहिले बन्द भएका अधिकांश विमानस्थल सडक यातायातको पहुँच नहुँदासम्म त्यो ठाउँको जीवनरेखा थिए । ती विमानस्थल त्यहाँको दैनिकी थिए । साँझ बिहानको रोजीरोटीका आधार थिए । तर सडक यातायात पुगेसँगै धेरै विमानस्थलहरू बन्द भए ।

बीपी राजमार्गको सहज पहुँच भएको कमलामाईमा विमानस्थल बनाउने कुरा उठिरहेको छ । उदयपुरमा विमानस्थल बन्दैछ । गुल्मीको एयरपोर्ट राम्रोसँग सञ्चालन हुन सकेको छैन । त्यहीँ नजिक अर्घाखाँचीको सन्धिखर्कका अर्को विमानस्थल बनिरहेको छ । यसको अध्ययन समेत भएको छैन ।

राजनीतिक दलका नेताहरूले आफ्नो चुनावी क्षेत्रमा चुनाव जित्ने आधारका रूपमा विमानस्थल बनाउने दौड देखिन्छ । हवाई पूर्वाधारको मौजुदा अवस्था र भविष्यको आवश्यकतालाई दृष्टिगत गरेर हवाई पूर्वाधारको विकासमा जोड दिनुपर्छ । भविष्यमा हुने हवाई यात्रु वृद्धिको प्रक्षेपण, त्यसबाट आम जनताले





> **त्रिभुवन विमानस्थलमा दुवै दिशाबाट अवतरण गर्न सक्ने अवस्था छैन । भौगोलिक बनावट जहाज उडान अवतरणका लागि तुलनात्मकरूपमा जटिल छ । उक्त विमानस्थलमा अहिले पनि लगभग ८० प्रतिशत आन्तरिक र २० प्रतिशत अन्तर ाष्ट्रिय उडानमार्फत सेवा प्रवाह भएको छ ।**

प्राप्त गर्ने प्रतिफल, आर्थिक विकासका सम्भावना, आर्थिकरूपमा ती पूर्वाधारहरूको दिगोपना आदि पक्षमा पर्याप्त अध्ययन तथा विश्लेषण आवश्यक छ । विनाविश्लेषण फगत पूर्वाधार निर्माणमा मात्र केन्द्रित रहँदा यसरी निर्माण भएका पूर्वाधारहरू हाम्रा भावी सन्ततिका लागि सेतो हात्ती बन्ने त होइन भन्नेतर्फ सचेत हुन जरुरी छ ।

त्रिभुवन विमानस्थलमा दुवै दिशाबाट अवतरण गर्न सक्ने अवस्था छैन । भौगोलिक बनावट जहाज उडान अवतरणका लागि तुलनात्मकरूपमा जटिल छ । उक्त विमानस्थलमा अहिले पनि लगभग ८० प्रतिशत आन्तरिक र २० प्रतिशत अन्तर्राष्ट्रिय उडानमार्फत सेवा प्रवाह भएको छ । यो विमानस्थलको क्षमता लगभग एक करोड यात्रुलाई सेवा प्रवाह गर्ने हो । हाल यसले सेवा दिने हवाई यात्रुको सङ्ख्या एक करोडको हाराहारी पुगेको छ । यसको विकल्प अत्यावश्यक थियो ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने योजना सुरु भएको तीन दशक नाघिसकेको छ । विभिन्न अध्ययनले काठमाडौंको विकल्पका रूपमा निजगढ आवश्यक छ भन्ने देखाएको छ । पोखरा र भैरहवा विमानस्थल करिब ५० अर्ब लगानी गरेर निर्माण गरियो, ती अहिलेसम्म चल्न सकेका छैनन् । निजगढ चल्ने आधारहरू के हुन् ? नागरिकका ती सवालको राज्यले के जवाफ दिने ?

**पूर्वाधार विस्तार कसरी गर्ने ?**

अहिले हाम्रो विमानस्थलहरूमा विगतको तथ्याङ्कको आधारमा यात्रुको वृद्धिदर कति छ, त्यसअनुसार पूर्वाधार निर्माण र विस्तार गर्दै लैजानुपर्छ । विगतको तथ्याङ्क केलाउँदा नेपालको हवाई यात्रु वृद्धिदर करिब १० प्रतिशत रहेको छ । त्यस तथ्याङ्कलाई आधारमान्दा अहिले हाम्रा जति पनि विमानस्थल छन्, तिनलाई सुधार गर्दै जान आवश्यक छ ।

हवाई यात्रुको प्रक्षेपणको आधारमा विराटनगर, पोखरा, भैरहवा, नेपालगञ्ज, धनगढीलगायतका विमानस्थलमा पूर्वाधार निर्माण, विस्तार र विकास गर्दै जानुपर्छ । सुरक्षित, नियमित, मितव्ययी र प्रभावकारी हवाई यातायातको लागि अर्को पक्ष आवश्यक जनशक्ति हो । विश्वव्यापीरूपमा हेर्दा आजको दिनमा प्राविधिक जनशक्तिको अभाव छ । उड्डयन क्षेत्रको क्रमगत विकासलाई हेर्दा आगामी एक दशकदेखि डेढ दशकको बीचमा ठूलो सङ्ख्यामा प्रविधिक जनशक्तिको आवश्यकता हुने देखिन्छ ।

नेपालमा हवाई यातायात नियन्त्रक र उद्धार तथा अग्नि नियन्त्रक प्राधिकरण आफ्नो आवश्यकताअनुसार नियमितरूपमा आफैँले उत्पादन गर्छ । पाइलट अध्ययनका लागि आजका दिनसम्म बाह्य मुलुक जानुपर्ने बाध्यता छ । नेपालको परिप्रेक्षमा ट्रंक रुटमा सेवा दिने पाइलटसहित जनशक्ति तुलनात्मकरूपमा कम रहेको देखिन्छ । दुर्गम क्षेत्रमा यसको अझै अभाव छ । जसकारण निकट भविष्यको आवश्यकतालाई मध्यनजर गरी सोअनुरूप जनशक्ति उत्पादनमा जोड दिनुपर्छ ।

अझै पनि हुम्ला, डोल्पा, लुक्लालगायत ठाउँमा सडक सञ्जाल पुगे पनि सडकको अवस्था राम्रो र सहज छैन । त्यसकारण यी क्षेत्रमा हवाई उडान नै आजको दिनमा अत्यावश्यक यातायातको साधन हो । तर त्यो ठाउँमा उड्ने जहाजको अवस्था पनि सहज छैन । ती स्थानमा तीनवटा कम्पनीका साना जहाज उड्छन् ।

नेपालको परिप्रेक्षमा जहाज ल्याउन ऋण लिने क्षेत्र बैंक हो । तर ब्याजदर, बैंकको तरलता इत्यादि हेर्दा यो निकै असहज छ । त्यसकारण दुर्गम क्षेत्रमा उडान भर्ने जहाजको सङ्ख्या घट्दो छ । पाइलटको अभाव छ । पूर्वाधार बनाउँदै जाने तर त्यससँग सम्बन्धित अन्य जनशक्ति र जहाज भएन भने त्यसको औचित्य के हुन्छ ?

पद्धतिमा चलेको देशमा जो-कोही बस्न चाहन्छ । आफ्नो उज्वल भविष्यको चाहना सबैलाई हुन्छ । अहिलेका युवालाई सरकारको काम गर्ने शैली, अहिलेका दलका नेताहरूप्रति कुनै विश्वास छैन । जब राजनीतिक दलका नेताहरूमा जनताको विश्वास हुँदैन । देशमा युवाहरू बस्न चाहँदैनन् । अहिले एकातर्फ नपढेका युवाहरू श्रमका रूपमा ठूलो सङ्ख्या बाहिरहेको छ । अर्कोतर्फ पढेलेखेका युवाहरू यो देशमा बस्नै चाहँदैनन् । त्यसको प्रमुख कारण राजनीतिक नेतृत्वले डेलिभरी दिन नसक्नु नै हो । जस्तो विकसित देशमा डेलिभरी दिन सकेन भने नेतृत्वले सत्ता छाड्छ ।

**हवाई र पर्यटन**

उड्डयन क्षेत्रको अर्को चुनौती अन्तर्राष्ट्रिय उडानको विस्तार आवश्यकताअनुसार हुन नसक्नु हो । अन्तर्राष्ट्रिय नागरिक उड्डयनसँग सम्बन्धित महासन्धि तथा अन्य सम्झौताअनुसार सदस्य राष्ट्रको वायु क्षेत्रबाट उडान गर्ने र प्राविधिक अवतरणमा मात्र सीमित हुने गरी उडान गर्न दिने प्रतिबद्धता व्यक्त गरेका हुन्छन् । व्यावसायिक उडानका लागि दुई देशबीच दुई पक्षीय हवाई सेवा सम्झौता हुन आवश्यक हुन्छ । नेपालमा अहिलेसम्म ३५ भन्दा बढी देशसँग दुई पक्षीय हवाई सेवा सम्झौता भएका छन् ।

हवाई यातायात र पर्यटन उद्योग एक आपसमा सहसम्बन्धको आधारमा जोडिएका हुन्छन् । यी दुई व्यवसायको एक आपसमा गहिरो प्रभाव रहेको छ । विश्वको कुल गार्हस्थ उत्पादनमा आठ दशमलव नौ ट्रिलियन अमेरिकी डलरको योगदान छ । यो विश्वको कुल गार्हस्थ उत्पादनको १० दशमलव तीन प्रतिशत हो । वार्षिकरूपमा तीन सय ३० मिलियन रोजगारीको सिर्जना हुन्छ । विश्वको कुल निर्यातको छ दशमलव आठ प्रतिशत र कुल सेवा निर्यातको २८ दशमलव तीन प्रतिशत योगदान रहेको छ । कुल पुँजी लगानीको चार दशमलव तीन प्रतिशत अर्थात् नौ सय ४८ मिलियन पुँजी लगानीमा यसले योगदान पुर्‍याएको छ । यी तथ्याङ्कको आधारमा पर्यटन उद्योगलाइ विश्वका अधिकांश देशको समृद्धिको आधारका रूपमा लिन सकिन्छ ।

नेपालमा पर्यटनको ९० प्रतिशत हवाई यातायातमा केन्द्रित छ । अन्तर्राष्ट्रिय हवाई यातायात संगठनको पछिल्लो तथ्याङ्कअनुसार नेपालको हवाई यातायात क्षेत्रले चार लाख ५५ हजारलाई रोजगारी उपलब्ध गराउन सहयोग गरेको छ । त्यसैगरी यो क्षेत्र र यसको आपूर्ति शृङ्खलाबाट दुई सय ७२ मिलियन अमेरिकी डलर र अन्तर्राष्ट्रिय पर्यटकले गर्ने खर्च आठ सय सात मिलियन अमेरिकी डलर गरी राज्यको कुल गार्हस्थ उत्पादनमा एक दशमलव एक अर्ब अमेरिकी डलर बराबरको योगदान गरेको पाइन्छ । जसले समग्रमा राज्यको कुल गार्हस्थ उत्पादनमा तीन दशमलव सात प्रतिशतले योगदान गरेको देखिन्छ ।

हाम्रो पर्यटनसँग सम्बन्धित नीति तथा कार्यक्रमले गुणस्तरीय पर्यटनभन्दा पर्यटकको सङ्ख्यालाई बढी महत्व दिइरहेको छ । पर्यटनबाट बढीभन्दा बढी लाभ लिने गुणस्तरीय पर्यटनको विकासमा हाम्रो ध्यान जानुपर्छ । एउटा पर्यटक भित्रिँदा हुने रोजगारीको सिर्जना र उनीहरूको बसाइँ अवधि कसरी लम्बाउने भन्ने विषयमा सोच्नुपर्ने देखिन्छ । यसको लागि पर्यटकीय सेवा

> **उड्डयन नियमनकारी निकायले दुर्घटना भयो भनेर उडान प्रतिबन्ध लगाएको भनिन्छ । नियमन सहजीकरण गर्ने निकायले नै हवाई उद्योगमाथि तरबार चलाएपछि पर्यटन क्षेत्रको विकासको परिकल्पना गर्न सकिन्नँ ।**

र गन्तव्यको विकास आवश्यक हुन्छ । हामीले सधैँ सगरमाथा, लुम्बिनी, हिमाल आरोहण, चितवन राष्ट्रिय निकुञ्जलगायत अत्यन्त सीमित पर्यटकीय गन्तव्य तथा वस्तुमा हाम्रो पर्यटन उद्योगलाई आधार बनाएका छौँ ।

काठमाडौंमा पर्यटक अडिन सक्ने ठाउँ हामीले निर्माण गर्न सकेका छैनौँ । पर्यटकलाई आकर्षित गर्ने गरी तिनको संरक्षण, प्रवर्द्धन र प्रचार गर्न हामी चुकेका छौँ । पर्यटकको बसाइँ अवधि लम्बाउनका लागि हामीले सेवा दिन सकेका छैनौँ । यसमा राजनीतिक नेतृत्वको कार्य दक्षताको अभाव पनि एक कारण हो । जस्तो पर्यटन मन्त्रालयको नेतृत्व पाएको व्यक्तिले सधैँ नेपाल एयरलाइन्सको मात्रै कुरा गर्छन् । निजी वायुसेवा कम्पनीको कहिल्यै स्वामित्व ग्रहण गर्दैन ।

गौतम बुद्ध विमानस्थल बनेपछि त्यस क्षेत्रमा ठूलो लगानीमा धेरै होटलहरू बने । ती सबै डुब्ने अवस्थामा छन् । सरकारले विमानस्थल बनाएपछि सञ्चालनमा पनि त्यही हिसाबले लाग्छ भन्ने व्यवसायीहरूको विश्वास थियो । त्यो काम सरकारबाट तदारुकताका साथ हुन सकेन । जसले गर्दा त्यससँग निर्भर भएर स्थापित धेरै उद्योग तथा व्यवसायको भविष्य समेत अनिश्चित बन्यो । यस्तो परिस्थितिमा सरकारसँग निजी क्षेत्र आशावादी र विश्वस्त हुन सक्दैन ।

नेपालमा भएको पर्यटन क्षेत्रको विकासमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका देखिन्छ । निजी क्षेत्रले जोखिम लिएर पर्यटन व्यवसाय सञ्चालन गरिरहेको छ । तर यसको स्वामित्व राज्यले लिन सकेको छैन । सरकारी निकायहरू चरम राजनीतिक हस्तक्षेप र राजनीतिक स्वार्थका कारण पर्यटन क्षेत्रमा काम गर्ने निकायले पनि प्रभावकारीरूपमा काम गर्न सकेका छैनन् । दूरदराजमा रैथाने खानेकुरा, रैथाने बसाइँ र रैथाने संस्कृतिलाई प्रवर्द्धन गर्न सके त्यसले पर्यटनको आधारमा समृद्धि हासिल गर्न सकिन्छ ।

**अबको बाटो**

पर्यटकले सफा, सुरक्षित र सहज पर्यटकीय क्षेत्रलाई सबैभन्दा पहिलो प्राथमिकता दिन्छन् । त्यही हिसाबले पर्यटकीय क्षेत्रको विकास गर्न सकेमा नेपालमा पर्यटकलाई तान्न सकिन्छ । यसबाहेक उड्डयन क्षेत्रले गर्ने डेलिभरी पनि महत्वपूर्ण रहन्छ । आजको दिनमा हेलिकोप्टरलाई राज्यले सुरक्षा जटिलता भएको भन्दै उडान रोकेको छ । हरेक दिन हेलिकोप्टर कम्पनीले ६५ लाख आम्दानी गुमाइरहेको समाचार आइरहेका छन् । उड्डयन नियमनकारी निकायले दुर्घटना भयो भनेर उडान प्रतिबन्ध लगाएको भनिन्छ । नियमन सहजीकरण गर्ने निकायले नै हवाई उद्योगमाथि तरबार चलाएपछि पर्यटन क्षेत्रको विकासको परिकल्पना गर्न सकिन्नँ । सरकारले सुरक्षा र सेवालाई सधैँ सन्तुलन गर्नुपर्ने हो । खुला छोडिदिए दुर्घटना हुन्छ, प्रतिबन्ध लगाए व्यवसाय धरापमा पर्छ । त्यसकारण यो बीचमा सन्तुलन मिलाउने काम सरकारको हो । यसलाई सन्तुलित बनाएर सरकार जानुपर्छ ।

राज्य सञ्चालन गर्ने राजनीतिक दलमा इच्छाशक्तिको अभाव देखिन्छ । गत निर्वाचनमा सबै दलको घोषणापत्रमा नेपालको समृद्धिको आधार पर्यटन उद्योग हो भनिएको छ । घोषणापत्रमा धेरै राम्रा कुरा छन् । सरकारमा गएपछि ती दलहरूले त्यसलाई कार्यान्वयनसम्म गर्दैनन् । घोषणापत्रका आधारमा जनताले यो दलले यी काम गर्छ भनेर भोट दिन्छन् । राजनीतिक दलहरू नारामा मात्रै सीमित भए । राजनीतिक दलले घोषणापत्रमा उल्लेख गरेको विषयलाई मात्रै कार्यान्वयन गर्दा पनि उड्डयन र पर्यटन क्षेत्रका धेरै समस्या समाधान हुन्छन् ।





। नरोत्तम अर्याल

# दक्ष जनशक्ति उत्पादन : छैन राज्यको प्राथमिकता

**सीपयुक्त दक्ष जनशक्ति उत्पादन नहुनुमा नेपालका विश्वविद्यालयहरू पनि दोषी छन् । नेपालका सबै कलेजमा लगभग उस्तै विषय र एकै खालको पढाइ हुन्छ । यसले शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने उद्योगका रूपमा परिणत हुन थालेका छन् ।**

नेपालमा वार्षिकरूपमा थपिने श्रमयोग्य जनसंख्याको आधाभन्दा बढीका लागि रोजगारी उपलब्ध छैन । सरकारी तथ्याङ्कलाई नै आधार मान्ने हो भने हरेक वर्ष करिब पाँच लाख श्रमशक्तिमध्ये झण्डै तीन लाखले रोजगारी पाउन सकेका छैनन् । देश संघीयतामा गएपछि दोस्रो कार्यकालका लागि स्थानीय तहदेखि केन्द्रमा नयाँ सरकार बनेका छन् । ७५३ स्थानीय तह, सात वटा प्रदेश र एउटा केन्द्र गरी सात सय ६१ सरकार छन् । संघीयतापछि पनि रोजगारी केन्द्रित भएर तीनै तहका सरकारले योजनाहरू बनाइरहेको पनि देखिँदैन ।

स्थानीय तह, प्रदेश र संघ तीनै तहमा कार्यालय सञ्चालनकै लागि भने स्थायी, अस्थायी र करार सेवामा रोजगारीको केही अवसरहरू भने नआएको होइन । लोक सेवा आयोगले लिने परीक्षाबाहेक अन्यमा भने रोजगारी दिलाउनका लागि पनि विकृति देखिन्छ । तहदेखि केन्द्र सरकारले राजनीति शक्ति र पहुँचका आधारमा रोजगारी प्रदान गर्ने गरेका छन् ।

अर्कोतर्फ, जनशक्ति उत्पादन हुने विश्वविद्यालयको हालत पनि चर्चा गर्न लायक छैन । विश्वविद्यालयले राजनीतिक भागबण्डा र विद्यार्थी राजनीतिको नाममा भइरहेको अराजकताले विनाश निम्त्याउने जोखिम पनि उत्तिकै छ । त्यसप्रति पनि सरकारले चासो लिएकै छैन । सीपयुक्त दक्ष जनशक्ति उत्पादन नहुनुमा नेपालका विश्वविद्यालयहरू पनि दोषी छन् । नेपालका सबै कलेजमा लगभग उस्तै विषय र एकै खालको पढाइ हुन्छ । यसले शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने उद्योगका रूपमा परिणत हुन थालेका छन् ।

बजारमा जागिर नभएको कारणले गर्दा हाम्रा ग्राजुएट्सहरू बेरोजगार भएका हुन् । शैक्षिक संस्थाहरू पनि यहाँनेर चोखो बस्न पाउँदैनन् । सक्षम जनशक्ति भएपछि नै पुँजी बन्छ । त्यसको लागि गुणस्तरीय शिक्षा चाहिन्छ । अहिले नेपालका विश्वविद्यालयहरूले दिएको शिक्षाले हाम्रो आशालाई सहयोग गर्न सकिरहेको छैन ।

नेपालमा विद्यमान शिक्षा प्रणालीका कारण उच्च शिक्षा हासिल गरेर पनि मानिसले विषयअनुसारको पेसा व्यवसाय वा जागिर गर्न सक्ने अवस्था निकै कम छ । यसो हुनुमा पाठ्यक्रमलाई व्यावहारिक शिक्षामा नजोडिनु मूल कारण हो । अपवादलाई छोड्ने हो भने यही देशका विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेकाहरूले शैक्षिक प्रमाणपत्रबाहेक कुनै पनि उपलब्धि प्राप्त गर्न सकेका छैनन् ।

विकासशील मुलुकहरूले वर्तमान समयलाई औद्योगिक क्रान्तिको युग भनिरहेका छन् । सोहीअनुसारको मानव पुँजीको विकास गरिरहेका छन् । विकासको रफ्तार बढाइरहेका विकसित

मुलुकहरूको तुलनामा नेपाल धेरै पछि छ । उनीहरूबाट सिक्नुपर्ने कुरामा पनि धेरै छन् ।

हाम्रोजस्तो विकासोन्मुख मुलुकमा देखिएको राजनीतिक अस्थिरता र अनिश्चितताको डर पनि उत्तिकै छ । यही कारणले पनि हो, कामको खोजीमा अहिले पनि दैनिक पन्ध्र सयभन्दा बढी नेपाली नागरिकहरू त्रिभुवन विमानस्थलबाट बाहिरिने गरेका छन् । पश्चिम नेपालदेखि तराईका जिल्लाहरूबाट छिमेकी मुलुक भारत जानेहरूको यकिन तथ्याङ्क नै सरकारसँग छैन । परिवारको रोजीरोटीका लागि बाध्यताले विदेशिनु पर्ने पीडा नेपाली नागरिकले कहिलेसम्म भोग्नुपर्ने हो ? जवाफ न सरकारसँग छ न यी विवश परदेशीहरूसँग ।

देशको नीति निर्माताहरूले श्रमशक्ति स्वदेशमै रोक्ने ठोस पहल र प्रयत्नहरू नगरेको प्रतिफल आज नागरिकले भोगिरहेका छन् । बाध्यता र विवशताको यो शृङ्खला रोकिनेमा कुनै गुन्जायस छैन । सरकारले रोजगारी सिर्जनाका लागि विश्वासिलो वातावण बनाउन नसक्दा युवाहरूमा विदेश पलायन हुने मानसिकता बढ्दै गइरहेको छ ।

परिवार पाल्नैकै लागि विदेशिनुपर्ने बाध्यता एकथरी युवाहरूको छ भने उच्च शिक्षा र अन्य अवसरका लागि विदेश जाने अर्कोथरी युवाहरू छन् । सरकारले त ज्ञान सीप भएका दक्ष जनशक्तिलाई पनि विदेश जानबाट रोक्न सकेको छैन । एकातिर केही जानेका बुझेका र क्षमता भएकाहरू अमेरिका र युरोपतिर पलायन भएका छन्, जुन देशलाई अपूरणीय क्षति हो भने अर्कोतिर विनासीप मिडलइस्ट पुगेका अदक्ष नेपालीहरूले पाउनुपर्ने तलब कम पाउँदा मुलुकले पाउने रेमिट्यान्समा गिरावट आएको छ ।

देशलाई समुन्नतिको दिशातिर लैजान दक्ष जनशक्तिको खाँचो छ । चाहे त्यो कृषि क्षेत्रमा होस्, उद्योग कलकारखानामा होस् या प्रविधिको क्षेत्रमा होस् । एकातिर रोजगारी नभेटिएर युवाहरू विदेश जान बाध्य छन् भने अर्कोतिर मुलुकभित्रका ठूला तारे होटल, कलकारखाना, औद्योगिक संस्थाहरूमा आवश्यक पर्दा दक्ष जनशक्ति नपाइरहेको तीतो यथार्थ छ । हुन त नेपालमा त्यति धेरै उद्योगधन्दा र कलकारखाना पनि छैनन् । आफ्नै छुट्टै व्यापार व्यवसाय गर्न पुँजीको अभाव छ । त्यसका लागि सरकारबाट पाउने भनिएका सहुलियतपूर्ण कर्जा पनि लक्षित वर्गसम्म पुग्न सकिरहेको छैन ।

विकसित मुलुकहरूले दक्ष जनशक्ति उत्पादनमा विशेष जोड दिएको पाइन्छ । विशेषगरी अमेरिका र युरोपमा दक्ष जनशक्ति निर्माणका लागि उनीहरूले आउँदो १० वर्षमा कस्तो सीप भएको जनशक्ति आवश्यक हुन्छ भनेर ग्याप अध्ययन अगाडि नै गर्दछन् । सबै स्टेकहोल्डरहरू एकै ठाउँमा आउँछन् ।

आगामी दश वर्षमा कस्तो ट्रेण्ड होला, कति रोजगारी घटबढ हुन्छ भनेर अहिले नै विश्लेषण गरिन्छ । अधिकतररूपमा त्यसको विकासमा लाग्ने गरेको देखिन्छ । त्यहाँ नयाँलाई सीप सिकाउने र पुरानालाई पनि नयाँ सीप सिकाउने (रिस्किल्ड) गरिन्छ । त्यतिमात्र नभई कर्पोरेट हाउस, सरकार, शैक्षिक क्षेत्रका सबै सरोकारवालाहरू एकै ठाउँमा बसेर छलफल चलाउँछन् । हायर एजुकेसनमा युरोपमा नेपालको सीटीईभीटी भनेजस्तो भोकेसनल संस्थाहरू हुन्छन्, जुन सीप विकासमा केन्द्रित हुन्छन् । दोस्रो भनेको अप्लाइड युनिभर्सिटीको अवधारणा हो । जसले विकासमा के-कस्ता समस्या र चुनौतीहरू आइरहेका छन्, तीनलाई पहिल्याउने काम गर्दछ । जसले समस्या समाधान गर्न सघाउँछ । त्यस्तै, तेस्रो रिसर्च फोकस्ड युनिभर्सिटी हुन्छ । पढिसकेपछि सामान्य काममा पनि विद्यार्थीहरू आबद्ध हुन पाउँछन् । तर नेपालमा त्यस्तो अभ्यास छैन ।

सँगसँगै दक्ष जनशक्ति आशातीत उत्पादन नहुनुमा सरकारले बनाउने नीति नियम पनि कारक हो । देशको नीति निर्माण गर्ने जिम्मेवारी बोकेका राजनीतिक दलहरू वास्तवमा बेरोजगारीको समस्याप्रति चिन्तित छैनन् । चुनावको बेलामा आकर्षक नारा बोकेर आश्वासन बाँड्न सिपालु राजनीतिक दल तथा नेताहरू सत्तामा पुगेपछि ती सब बिर्सिन्छन् । त्यसैको परिणाम हो, बेरोजगारी समस्या हल गर्न न कुनै ठोस पहल छ, न कुनै योजना ! हरेक क्षेत्रमा नातावाद र कृपावाद हाबी हुँदा क्षमता भएकाहरू पनि अवसर पाउनबाट बञ्चित छन् ।

खाडी मुलुकलगायत अन्य देशमा जाने जनशक्तिलाई दक्ष बनाएर पठाउन सकिए अहिलेको भन्दा धेरै रेमिट्यान्स प्राप्त गर्न सकिने देखिन्छ । जस्तो यहाँ फिलिपिन्सका उदाहरण लिन सकिन्छ । जहाँ हाम्रोभन्दा थोरै मानव संशोधनबाट हाई भ्याल्युमा रेमिट्यान्स भित्र्याइन्छ ।

हाम्रो म्यानपावरहरू धेरै खाडी मुलुकमा जान्छन् । त्यहाँ पनि धेरै साधारण अर्थात् लेबरका रूपमा काम गर्ने धेरै छन् । कमसेकम तीनैलाई अंग्रेजी मात्रै राम्रो बोल्न सक्ने बनाएर पठाउन सकिए पनि अहिलेको भन्दा धेरै आम्दानी गर्न सकिने हुन्छ ।

नेपालले आईटी एक्स्पर्टको बाधा हटाएर प्रविधि उद्योगबाट उत्पादकत्व बढाउन सक्छ । युवाहरूलाई आईटी बेस तालिम र शिक्षा दिन सकिए विदेश नपठाई सूचना प्रविधि बेचेरै पनि राम्रो आम्दानी गर्न सकिन्छ । प्रविधि क्षेत्रमा दख्खल राख्नेलाई अर्थोपार्जन गर्न कठिन छैन भन्ने विषय पछिल्लो समय इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आईआईडीएस)ले गरेको सर्वेक्षणले पनि देखाएको छ ।

नेपालबाट विदेशीहरूलाई सूचना प्रविधि सेवा निर्यात गरेरै ६६ हजार बढी नेपाली आईटी जनशक्तिहरूले वार्षिक ६७ अर्ब रुपैयाँभन्दा बढी आम्दानी गरेका छन् । यसरी आम्दानी गर्दा वस्तुतः देशलाई धेरै फाइदा छ । दक्ष जनशक्ति पलायन हुन पाउँदैन ।

वास्तवमा जनशक्ति विदेश पठाएर प्राप्त रेमिट्यान्स अर्थतन्त्रको लागि घातक हो । यसले परनिर्भरता बढाएको छ । उत्पादनका क्षेत्रमा आवश्यक जनशक्ति दिन प्रतिदिन नभेटिने अवस्था रहन्छ । जुन खतराको सूचक हो । वास्तवमा धेरैजसो उत्पादनमूलक उद्योगहरू केही वर्ष अघिदेखि नै बाह्य मजदुरको भरमा सञ्चालनमा छन् । यहाँका उद्योगहरू विदेशी उद्योगहरूसँग प्रतिस्पर्धी हुन नसक्नुको कारण पनि विदेशी कामदारलाई बढी ज्याला दिएर भित्र्याउनुपर्ने भएकाले हो ।

कुनै पनि देशमा दक्ष जनशक्ति उत्पादन गर्ने काम सम्बन्धित सरकारको हो । सीमित बजेट र कार्यक्षमता भएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) लाई उक्त कामको जिम्मा दिएर सरकारको दायित्व पूरा भएको महसुस गर्न सकिँदैन । यसका लागि निजी क्षेत्रलाई विशेष सुविधा प्रदान गरी यस क्षेत्रमा आबद्ध गर्न नितान्त आवश्यक छ ।

देशका विभिन्न क्षेत्रहरूमा र खास गरेर शहरी क्षेत्रहरूमा विभिन्न किसिमका निर्माणका कामहरू तीव्ररूपले दिन-प्रतिदिन बढिरहेको छ । निर्माण व्यवसायीका अनुसार यहाँको निर्माण क्षेत्रमा मात्र दुई लाख दक्ष जनशक्तिको अभाव छ । कतार जाने अधिकांश नेपाली निर्माण क्षेत्रमा काम गर्छन् ।

स्वदेशमै निर्माणसम्बन्धी तालिम सञ्चालन गर्ने हो भने मातृभूमि छोडेर मरुभूमिमा काम गर्न जाने युवाहरू कम हुने थिए । यसो गर्न सकेमा विदेशी मजदुरहरूमा पनि भर पर्नुपर्ने थिएन र यहाँको अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पर्ने थियो । तर, हालसम्म पनि उक्त कुरालाई सम्बन्धित पक्षले ध्यान दिन सकेको छैन ।

दक्ष जनशक्ति उत्पादनमा सरकारी तवरबाट प्रयास हुँदै नभएका होइनन् । तर पर्याप्त छैनन् । प्राविधिक शिक्षामा जोड दिन सरकारी तवरबाटै सीटीईभीटीको स्थापना गरिएको छ । जसअन्तर्गत डाक्टर, नर्स, इन्जिनियरलगायत विषयका कलेजहरू सञ्चालन भइरहेका छन् । दक्ष जनशक्ति उत्पादन गर्ने भन्दै तालिम प्रदान गर्ने १८ वटा सरकारी निकाय छन् । ती निकायबीच नै समन्वयको अभाव छ । कार्यक्रमहरूमा ओभरल्यापिङ छ । दोहोरोपना छ । स्रोतहरूको सदुपयोग हुन सकेको छैन । अन्तर मन्त्रालय समन्वयको अभाव छ । यी र यस्तै तमाम समस्याहरूको पहिचान गरी समाधानका लागि ठोस योजनाका साथ अघि बढ्ने हो भने धेरै हदसम्म बेरोजगारीको समस्या हल हुन सक्छ ।

देशले लामो राजनीतिक क्रान्ति पूरा गरिसकेको अवस्थामा अब देश आर्थिक क्रान्तिको बाटोमा अघि बढ्नुपर्ने सबैको साझा मत पनि देखिन्छ । त्यसका लागि सबै राजनीतिक दलहरूबीचको सहकार्य, बौद्धिक वर्ग तथा सरोकारवालाको सुझावलाई पनि आत्मसाथ गरेर सरकारले अग्रसरता देखाउनैपर्छ । देशको विकास र समृद्धिका लागि दक्ष जनशक्तिलाई स्वदेशमा अवसर प्रदान गर्न सरकारले अब विलम्ब गर्नुहुन्न ।






। अजय फुयाल

# खेलकुदबाटै समृद्धि

> आममानिसले देशको राष्ट्रपति, प्रधानमन्त्री नचिन्लान् तर देशको नाम राख्ने खेलाडी चिन्छन् । यो पुरानो भाष्य हो । नेपालमा खेलकुद क्षेत्रको विकास जसरी हुनुपर्ने थियो, त्यसरी भएको छैन ।

खेलकुद विज्ञान हो, यसलाई सोहीअनुसार लिनुपर्छ। खेलकुद उद्योग हो, रोजगारदाता हो, ठूलो रकमको क्षेत्र हो। तर जुन-जुन मूल्य मान्यताबाट खेलकुद चल्नुपर्थ्यो। ती मूल्य, मान्यता र मापदण्डअनुसार नेपालको खेलकुद चलेन। नेपालको लागि खेलकुद क्षेत्र एउटा मनोरञ्जनात्मक क्षेत्रको रूपमा मात्र सीमित बन्यो। केही सीमित व्यक्तिहरूले खेलकुदलाई आफ्नो सामाजिक, राजनीतिक स्वार्थ पूरा गर्ने माध्यम बनाए। अहिलेको अवस्थामा नेपालको खेलकुद क्षेत्रलाई खेलकुद उचित व्यवहार गरिएको पनि छैन। खेल भनेर अगाडि बढाउन खोजिएको पनि छैन।

नेपालको खेलकुद गतिविधिमध्ये हालसम्म क्रिकेटले मात्र केही आशा देखाएको छ। हालै सम्पन्न एसिया कप क्रिकेटमा दुई ठूला टिम भारत र पाकिस्तानसँग खेलेपछि क्रिकेट खेलिने देशहरूले नेपालको क्रिकेटलाई चिन्न थालेका छन्। क्रिकेट खेल्ने एक सय आठ देशले नेपालको क्रिकेटलाई चिन्ने अवसर पाए। सन् २०१४ को टी-ट्वान्टी विश्वकप र अहिले खेलेको एसिया कपलाई क्रिकेटमा हासिल उपलब्धिको रूपमा लिन सकिन्छ। यसबाहेक गौरव गर्न सक्ने केही छैन।

हामी 'वर्षौं अगाडि विभिन्न खेलकुदमा नेपालले खाली खुट्टा खेलेको थियो रे' भनेर गर्व गरेर बसेका छौं। अन्तर्राष्ट्रियस्तरमा खेल्न जाने खेलाडीलाई देशले जुत्ता पनि किन्न नसक्नु गर्व गर्ने विषय त होइन। तर त्यही विषय भजाएर काम चलाइरहेका छौं। यसले खेलकुद क्षेत्रलाई कतै पनि लैजाँदैन।

एसियाको सबैभन्दा ठूलो खेल प्रतियोगिता एसियन गेम्समा नेपालले अहिलेसम्म एउटा पनि स्वर्ण पदक जितेको छैन। दुई वटा रजत र १९ वटा कास्य पदक जितेको छ। संसार चिनाउने कुरा गरे पनि नेपालले अहिलेसम्म एसियाली तहमै एउटा पनि स्वर्ण जित्न नसक्नुले दयनीय अवस्थाको चित्रण गर्छ। चीनमा सम्पन्न पछिल्लो संस्करणमा नेपालबाट दुई सय ५३ जना खेलाडी र एक सयभन्दा बढी पदाधिकारी सहभागी भए। २४ करोड खर्च भयो। तर पदाधिकारी वा खेलाडी नै पदक पाउनेमा आशावादी छैनन्।

### क्रिकेटमा सम्भावना

नेपालले अन्तर्राष्ट्रिय क्रिकेट खेल्न लागेको सन् १९९६देखि हो। त्यही क्रममा अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले सन् २००० तिर नेपालमा ग्लोबल एकेडेमी बनाउने प्रस्ताव गर्‍यो। त्यो काठमाडौं कि पोखरामा बनाउने भन्ने विषय छलफलकै क्रममा थियो। त्यही समय युएईले आईसीसीलाई आफ्नो देशमा एकेडेमी बनाउन प्रस्ताव गर्‍यो। त्यसको सम्पूर्ण लगानी पनि आफैं गर्ने र आईसीसीले त्यसको सञ्चालन गर्ने प्रस्ताव गर्‍यो। युएईले एकेडेमीको महत्व बुझेर नै त्यो प्रस्ताव गरेको थियो। अहिले विश्वभरका क्रिकेटर त्यहीं तालिम गर्न जान्छन्। त्यस परियोजनामा एकेडेमीसँगै एउटा रंगशाला बनाउने पनि प्रस्ताव थियो। रंगशाला पनि समावेश भएपछि क्रिकेट नै नबुझेका नेताहरूले भारत र पाकिस्तानबीचको खेल




नेपालमा खेलाउने भनेर भाषण गर्न थाले । क्रिकेट संघका मान्छेहरूले पनि यस्तो राजनीतिक भाषण गरे । तर काम भने केही गरेनन्, हामी त्यहाँ चुक्यौं ।

हाम्रो सरकारले खेलकुदलाई नै चिनेन । सरकारले अरबौं खर्च गरेर भिजिट नेपाल घोषणा गरेको थियो । जसको लक्ष्य जम्मा २० लाख पर्यटक भित्र्याउने थियो । क्रिकेट रंगशाला निर्माण गरेर भारत र पाकिस्तानबीचको खेल वा अन्य कुनै ठूला प्रतियोगिता नेपालमा गरे ५० लाख पर्यटक आउँछन् भन्नेतर्फ सरकारले कहिल्यै सोचेन । ५० देखि ६० हजार क्षमताका दुई वा तीन रंगशाला निर्माण गरेर ठूला प्रतियोगिता नेपालमै गर्न सकिन्छ । अहिले 'न्युट्रल भेन्यु'को रूपमा युएईलाई लिइन्छ । जुन अत्यन्तै महँगो र अत्यन्तै गर्मी हुने ठाउँ हो । पूर्वाधार हुने हो भने नेपालले युएईको ठाउँ लिन सक्छ । खेल पर्यटनलाई प्रवर्द्धन गर्न सकिन्छ ।

यसो हुँदा साँच्चिकै खर्च गर्ने पर्यटक नेपाल आउँछन् । खेलप्रेमीहरू खर्च गर्न पछि पर्दैनन् । एउटा प्रतियोगिता नेपालमा हुँदा खेल हेर्न आएको विदेशी पर्यटकले खेल मात्र हेर्दैनन् नेपाल पनि घुम्छन् । तर यसका लागि पूर्वाधार चाहिन्छ । रंगशाला मात्र भएर भएन, सडक पनि राम्रो चाहियो, सुरक्षा पनि राम्रो चाहियो, होटेल पनि राम्रो चाहियो । त्यहीस्तरको कूटनीतिक क्षमता हुनुपर्छ । यसको 'चेन इफेक्ट' भएर रोजगारी बढ्ने, आर्थिक क्रियाकलाप बढ्नेलगायत सयौं फाइदा छन् ।

क्रिकेट टिमको उपलब्धिले पनि धेरैले क्रिकेटलाई मात्र सम्भावनाको क्षेत्रको रूपमा देखका छन् । तर हाम्रो देशको भौगोलिक बनावटकै कारण नेपालमा अन्य खेलकुदमा अपार सम्भावना छ । नेपालमा हाई अल्टिच्युड खेलहरू, वाटर स्पोर्ट्स, माउन्टेन गेम्स आयोजना गर्न सकिन्छ । कर्णाली, सेती, कोशी, नारायणी, त्रिशुलीलगायतका नदीमा वाटर स्पोर्ट्स गर्न सकिन्छ । नेपालमा साहसिक खेलका लागि अपार सम्भावना छ । प्राकृतिकरूपमै धेरै पूर्वाधार तयार छन् । यसको लागि सुरुमा सरकारले साहसिक खेलमा सम्भावना छ भनेर बुझ्नुपर्छ ।

त्यस्तै, आम जनमानसमा बढी चर्चित खेलहरू जस्तैः फुटबल, बास्केटबल, भलिबलजस्ता खेललाई जीवन्त बनाउन सक्नुपर्छ । यसले आन्तरिक खेलकुद क्रियाकलाप बढ्छ । उदाहरणका लागि इङ्ल्यान्डले सन् १९६६ मा फिफा विश्वकप जितेपछि अहिलेसम्म जितेको छैन । तर उसको फुटबल लिग 'इङ्लिस प्रिमियर लिग' संसारको सबैभन्दा ठूलो फुटबल लिग छ । सबैभन्दा महँगो लिग उसकै छ, बढी कारोबार उसैले गर्छ । ब्राजिलले सर्वाधिक विश्वकप जित्यो होला । तर सबैभन्दा ठूलो फुटबल इन्डस्ट्री चलाएको गर्व इङ्ल्यान्डसँग छ । हामीले हाम्रो घरेलु खेल संरचना इङ्ल्यान्डले झैं बनाउनु पर्छ ।

**सरकारले अरबौं खर्च गरेर भिजिट नेपाल घोषणा गरेको थियो । जसको लक्ष्य जम्मा २० लाख पर्यटक भित्र्याउने थियो । क्रिकेट रंगशाला निर्माण गरेर भारत र पाकिस्तानबीचको खेल वा अन्य कुनै ठूला प्रतियोगिता नेपालमा गरे ५० लाख पर्यटक आउँछन् भन्नेतर्फ सरकारले कहिल्यै सोचेन ।**

**'ट्यालेन्ट हन्ट' अनिवार्य**

संसारभर लामो दूरीका धावकहरू हेर्ने हो भने उनीहरू पहाडी भेगका मानिसहरू हुँदा रहेछन् । पहाडमा उकाली ओराली गर्दा सानो उमेरदेखि नै उनीहरूको शारीरिक क्षमता, मांशपेशी र शरीरको बनावट नै त्यस्तैखाले हुँदो रहेछ । नेपालमा पनि धेरै हिमाली र पहाडी भेग भएको तथा मानिसहरूले उकाली ओराली नियमित गर्नुपर्ने भएकाले हाम्रो देशमा पनि धेरै त्यस्ता धावकहरू हुन सक्ने देखिन्छ । उनीहरूलाई 'ट्यालेन्ट हन्ट'मार्फत पहिचान गरेर तालिम प्रदान गर्ने हो भने उनीहरूले पनि अन्य देशसँगै प्रतिस्पर्धा गर्न सक्ने देखिन्छ । त्यस्तै, नेपालीहरूलाई गोर्खाज, साहसिक भनेर चिनिन्छ । यस्तो अवस्थामा व्यक्तिगत कम्ब्याट गेम्सहरू जस्तैः मार्सल आर्ट्सका विभिन्न विधा तथा बक्सिङतिर सम्भावना देखिन्छ । आजको भोलि नै हुँदैन । यसरी दीर्घकालीन सोच बनाएर अगाडि बढ्ने हो भने विभिन्न खेलकुद प्रतियोगिताका विश्वकप खेल्ने स्थानसम्म पुग्न सकिन्छ ।

यसको ज्वलन्त उदाहरण मिरा राई हुन् । भूतपूर्व माओवादी लडाकु, पछि कराते खेलाडी काहीँकतैबाट अल्ट्रा रेसमा प्रतिस्पर्धा गर्न पुगिन् । उनले त्यहाँ स्वर्ण पदक जितेपछि हाम्रो सम्भावना त्यहाँ रहेछ भन्ने देखियो । मिरा राई मात्र होइन, तीर्थबहादुर तामाङलगायत नेपाली सेनाका धावकहरूले पनि अन्तर्राष्ट्रिय अल्ट्रा रेसहरूमा पदक जितेर नेपालको सम्भावना प्रमाणित गरिसकेका छन् । राज्यले यतातर्फ केही पनि ध्यान दिएको छैन । यो विषयमा राज्यलाई थाहा नै छैन ।

त्रिपुरेश्वर र सातदोबाटो अनि सिंहदरबारमा यस्ता सम्भावनाका विषयमा कुनै चर्चा नै हुँदैनन् । यस्ता विषयले प्रवेश समेत पाउँदैनन् । खेलाडीहरू आफ्नै तरिकाले विश्वका विभिन्न स्थानमा गएर खेलेर आइरहेका छन्, कतिपय हकमा खेलाडीलाई नै थाहा हुँदैन । यसलाई नै ध्यान दिएर मूलधारमा ल्याउने हो भने हामीले विश्व विजेता निकाल्ने रहेछौं भन्ने त देखिसकियो ।

त्यस्तै, नेपालमा विभिन्न जातजाति छन्, उनीहरूको रहनसहन, खानादेखि सम्पूर्ण जीवनशैली नै फरक छ । जाति विशेष वा भूगोल विशेषका त्यस्ता व्यक्तिहरूको कुनै विशेष खेलमा दख्खल वा दक्षता हुन सक्छ । उनीहरूको जीवनशैलीले नै उनीहरूलाई विशेष बनाइरहेको हुन सक्छ । त्यसको लागि पर्याप्त अध्ययन अनुसन्धान गरिनुपर्छ र त्यसबाट प्राप्त ज्ञानका आधारमा खेल नीति बनाइनुपर्छ । अहिलेजस्तो केही दिनका लागि नेतृत्वमा पुग्नेहरूले जंगबहादुर शैलीमा गर्ने निर्णयहरूबाट र अख्तियार गर्ने नीतिहरूबाट नेपाली खेलकुदले अपेक्षित नतिजा दिन सक्दैन ।

**योजनाबद्ध लगानी आवश्यक**

अहिले अवस्था केही खस्किएको देखिए पनि जर्मनीको फुटबलको मोडल विश्वकै उत्कृष्टमध्येको एक हो । त्यसको मुख्य कारण भनेकै जर्मनीले अनुसन्धान र विकासमा गरेको खर्च हो । हामीले खेलकुदको अनुसन्धान र विकासको लागि एक रुपैयाँ खर्च गरेको देखिँदैन । नेपालमा खेलकुदमा धेरै लगानी भएको छ । नेपालका सबै स्थानीय तहले आफ्नो क्षमताअनुसार खेलकुदमा खर्च गरिरहेका छन्, प्रदेश सरकारले पनि खर्च गरिरहेका छन् र केन्द्र सरकारले पनि खेलकुदमा खर्च गरिरहेको छ ।

हामीले खेलकुदमा धेरै लगानी त गर्‍यौं तर सबै छरिएर गयो । जुन खेलकुदले अलिक राम्रो



प्रदर्शन गर्छ, त्यहीबेला त्यही खेलकुदका लागि जतात्यतैबाट लगानी हुन्छ वा लगानी प्रतिबद्धता हुन्छ। सन् २०१४ मा नेपालले क्रिकेट टी-ट्वान्टी विश्वकप खेलेको बेला 'जग्गा देऊ, म रंगशाला बनाइदिन्छु' भन्ने धेरै आए । अहिले नेपालले एसिया कप खेलेर आयो रंगशाला बनाइदिन्छु भनेर घोषणा गर्ने धेरै छन् । हामीलाई कहाँ, कति र के पूर्वाधार चाहिन्छ ? भन्नेबारे कहिल्यै अध्ययन गरेनौँ। सबै पालिकाहरू आफ्नो लागि कभर्ड हल, फुटबल मैदान, बनाउन लागे । सबै पालिकालाई चाहिन्छ वा चाहिँदैन भन्ने अध्ययन नै भएन ।

हामीले सर्वप्रथम नेपालभर कहाँ-कहाँ, कुन-कुन खेलकुदका के-के पूर्वाधार छन् ? कति छन् ? कस्तो अवस्थामा छन् ? भनेर पूर्वाधारको अडिट गर्नुपर्छ । त्यसपछि अर्को अध्ययन गरेर कुन-कुन ठाउँमा कुन-कुन पूर्वाधार आवश्यक छ भन्ने निचोड निकाल्नुपर्छ । उदाहरणका लागि एउटा जिल्लामा प्यारापिटसहितको क्रिकेट रंगशाला छ भने त्यसको छिमेकी जिल्लामा त्यस्तै रंगशाला नचाहिने हुन सक्छ ।

अध्ययन गरेर यो-यो स्थानमा यो-यो पूर्वाधार आवश्यक रहेछ भनेर पहिले निश्चित हुनुपर्‍यो । त्यसपछि सम्भाव्यता अध्ययन हुनुपर्‍यो । आवश्यक त थियो तर सम्भावना नभए त्यहाँ लगानी गरेर प्रभावकारी हुँदैन । त्यसपछि कुन तहसम्मको पूर्वाधार बनाउने भन्नेबारे पनि अध्ययन हुनुपर्‍यो । सबै जिल्लामा ५० हजार क्षमताका क्रिकेट रंगशाला चाहिँदैन । यसरी अध्ययन गरेर कहाँ के बनाउने ? कस्तो बनाउने ? कति बनाउने ? कसले बनाउने ? भनेर मात्र खेलकुदको पूर्वाधारमा लगानी गर्नुपर्छ । साथै, कति समयमा बनाइसक्ने भनेर पनि यकिन हुनुपर्छ । यो राष्ट्रियस्तरको नीति हुनुपर्‍यो ।

योजना र अध्ययनविना नै सुरु गरेर अहिले भएका पूर्वाधार समयमै पूरा भइरहेका छैनन् । मूलपानी क्रिकेट रंगशाला बन्न लागेको १७ वर्ष भयो, अझै पूर्णरूपमा तयार भएको छैन । बल्लतल्ल बन्ने भयो तर जम्मा १८ हजार क्षमताको मात्र बन्ने भयो । हामी एकातिर भारत-पाकिस्तानको खेल गराउने भन्छौँ तर रंगशाला भने १८ हजार क्षमताको बनाउछौँ । यस्तो विरोधाभाष हुनु हुँदैन ।

योजनासहित गरिएको एउटा लगानीको सफल उदाहरण हेरौँ । २०६८ सालमा धनगढीमा छैठौँ राष्ट्रिय खेलकुद भएको थियो । त्यसबेलाको सदस्यसचिवले पदक जित्ने खेलाडीलाई वर्षभर राष्ट्रिय टिम बनाएर वर्षभर नै निरन्तर तालिम दिने निर्णय लिए । खेलाडीलाई तालिमबापत दैनिक खर्च दिएर निरन्तर तालिम दिइयो । त्यसको नतिजा मानौँ चार वर्षअघि नेपालमै भएको दक्षिण एसियाली खेलकुदमा ५१वटा स्वर्ण पदक जित्यो । त्यसबेला सदस्य सचिवलाई लागेको कुरा सही सावित भयो । विनायोजनाको अर्को उदाहरण हेरौँ । सन् २००९ मा डेढ अर्ब बजेटको सुविधासम्पन्न गौरीटार सेन्ट्रल एकेडेमी बनाउने भनेर एउटा परियोजना सुरु भएको थियो । अन्तर्राष्ट्रिय खेल खेल्न जाने खेलाडीले त्यहाँ तालिम गर्ने अवधारणाको साथ परियोजना सुरु भएको थियो । तर आज सन् २०२३ हुँदा पनि सो प्रोजेक्ट सकिएको छैन । यो विफल हुनुको कारण नै पर्याप्त अध्ययन र योजनाविना नै काम सुरु गरेर हो ।

## विधागत संघमा सुधार आवश्यक

विधागत संघहरूले विद्यालय तहदेखि नै खेलकुद गराउने माहोल बनाउनुपर्छ । खेलकुद संघमा पनि सुधार आवश्यक छ । अहिले अधिकांश खेलकुद संघमा कि पूर्वखेलाडी कि त राजनीतिक पहुँचका व्यक्ति छन् । योजना नै नभएका, जवाफदेहीता नै नभएकाहरू अहिले खेलकुद संघमा छन् । एउटा कुनै खेलाडीले तीन वा चार खेलमा राम्रो प्रदर्शन गर्न सकेन भने उसलाई टिम बाहिर राखिन्छ । तर त्यही खेलकुद हाक्ने संघमा भने वर्षौँदेखि साधारणसभा नगराई, अडिट नगराई, एउटा प्रतियोगिता नै नगराई, एउटा पूर्वाधार नबनाई, खेलकुद संरचना नबनाई पदमा बसिरहेका छन् ।

कानुन छ तर पालना छैन । संघहरूमा संस्थागत सुशासन हुनुपर्छ । अनि मात्र खेलकुदको विकास हुन्छ । संघहरूले तल्लो तहदेखि नै खेलाडी उत्पादन गर्ने गरी योजनाबद्ध तरिकाले काम गर्नुपर्छ । खेलको स्वभावअनुसार पूर्वाधार र योजना चाहियो । संघहरूलाई निश्चित लक्ष्य दिइनुपर्छ । जस्तै, हरेक वर्ष राष्ट्रिय प्रतियोगिता गर्नैपर्ने, हरेक उमेर समूह वा तौल समूहका प्रतिस्पर्धा गरिनुपर्ने, विद्यालयस्तरमा प्रतियोगिता गरेकै हुनुपर्ने, यो अवधिभित्र साधारणसभा गरेकै हुनुपर्ने, जवाफदेहिता हुनुपर्ने, संस्थागत सुशासन कायम गर्नुपर्ने र यी काम नगर्नेलाई शून्य सहनशीलतातर्फ लैजानुपर्छ । विश्वमा जहाँ पनि खेलकुद संघहरूलाई सरकारले नै नियमन गर्ने हो । विश्वभर नै खेलकुद मन्त्रालय, त्यसपछि खेलकुद परिषद् र त्यसपछि विधागत संघहरू हुने संरचना छ । नाम फरक-फरक हुन्छन् तर संरचना हुने यस्तै हुन्छन् । नेपालमा पनि संस्थागत संरचना छ र यसैले राम्रो नतिजा निकाल्न सक्छ । तर अध्ययन, अनुसन्धानमा आधारित कामहरू हुनुपर्छ । अहिले भइरहेका सबै काम पदाधिकारी आफूलाई लागेको भरमा भइरहेका छन्, यो रोकिनुपर्छ । संरचना समस्या नै हो तर संरचनाले काम नगर्नु समस्या हो । अहिले भएका कानुनकै अक्षरसः पालना भएमा नतिजा आउनेछ ।

## निष्कर्ष

खेलकुदबाट कसरी नेपाललाई विश्वमा चिनाउन सकिन्छ भन्ने सबैलाई थाहा छ । हाम्रो लक्ष्य उद्देश्य के हो ? भन्ने पनि थाहा छ । तर पर्याप्त अध्ययन, अनुसन्धान र योजना भने छैन । अध्ययन र अनुसन्धानपछि नै हामीलाई कति मात्रामा कहाँ-कहाँ, के-कस्तो पूर्वाधार चाहिने रहेछ ? थाहा हुन्छ । पूर्वाधार बनाएर मात्र हुँदैन, त्यसको निरन्तरतामा पनि ध्यान दिनुपर्छ ।

हामीलाई यति पूर्वाधार चाहिँदो रहेछ भनेर मात्र हुँदैन, हाम्रो क्षमता कति हो पनि हेर्नुपर्छ । यी सबै अध्ययन र अनुसन्धानबाट आउने हो । खेलकुदको विकास गर्ने हो, खेलकुदबाट नतिजा ल्याउने हो र खेलकुदमार्फत नेपाललाई विश्वमा चिनाउँदै वैदेशिक मुद्रा आर्जन गर्ने हो भने पहिलो चरण नै 'रिसर्च एन्ड डेभलपमेन्ट' हो । त्यसपछि प्रभावकारी योजना बनाएर र कार्यान्वयन गर्नुपर्छ । यति भए मात्र एक पटक खेलकुदमा लागिसकेको खेलाडीले पछाडि फर्केर हेर्नुपर्दैन । एउटा खेलाडीलाई अब खेलकुदबाटै परिवार र जिन्दगी चल्छ भन्ने भरोसा दिलाउन सके मात्र खेलकुदमा नतिजा हासिल हुन्छ ।

२० वणिज्य बैंक

१७ विकास बैंक

१७ फाइनान्स

५७ माइक्रोफाइनान्स

१ पूर्वाधार विकास बैंक



# बैंकिङ क्षेत्रको तथ्यांक

निक्षेप
५७ खर्ब
७१ अर्ब

कर्जा
४८ खर्ब
७८ अर्ब

बैंक शाखा
६,४६१

निक्षेप खाता
५ करोड
११ लाख

कर्जा खाता
१८ लाख
४५ हजार

बैंक प्रोभिजन
२७ अर्ब
५५ करोड

नाफा
७७ अर्ब
७७ करोड

खराब कर्जा
३.०२%






। दीपेन्द्र लामा

# मनोरञ्जन क्षेत्र : बन्दै अर्थतन्त्रको एउटा खम्बा

**पछिल्ला दिनमा नेपाली सिनेमा जगत्‌ले पनि भरपूर आर्थिक आर्जन गर्न थालेको छ । जीवनभर आफ्नो तीनपुस्ता दाउमा राखेर उद्योग व्यवसाय गर्नेले गर्न नसकेको कमाइ नेपाली सिनेमाहरूले गर्न थालेका छन् । राम्रो कमाइ गर्दै राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान गर्ने त्यस्ता सिनेमाको सूची लामै छ ।**

पछिल्ला विश्व चर्चित अमेरिकी गायिका टेलर स्विफ्टको केही समयअघि नयाँ एल्बम ‘एराज’ सार्वजनिक भयो । उक्त एल्बम सार्वजनिक गर्दा भएको सांगीतिक यात्राका क्रममा पाँच अर्ब अमेरिकी डलरभन्दा बढीको कारोबार भयो । हिन्दुस्तान टाइम्सको दाबीअनुसार गायिका स्विफ्टले अमेरिकाका २० सहरमा सिर्जना गरेको फ्यानहरूको कुल आर्थिक गतिविधि संसारको ३० देशको कुल गार्हस्थ उत्पादनभन्दा बढी रहेको छ ।

ग्लोब न्युजवायर रिपोर्टलाई हालै दिएको अन्तर्वार्तामा क्वेसनप्रो रिसर्चका ड्यान फ्लिटवुडले भनेका थिए, ‘यदि टेलर स्विफ्ट कुनै अर्थतन्त्र हुन्थिन् भने उनी विश्वका ५० वटा देशका कुल गार्हस्थ उत्पादनभन्दा बढी हुन्थिन् ।’

स्विफ्ट एक उदाहरण हुन् । उनी जसरी अंग्रेजी वा अन्य विभिन्न भाषामा गाउनेहरूको कमाइ हाम्रोजस्तो तेस्रो विश्वका देशको वार्षिक बजेटभन्दा बढी नै हुने गरेको तथ्य भेटिन्छन् । त्यसो त गायन क्षेत्रमा लागेका छिमेकी भारत र नेपाली सर्जकहरूले पनि राम्रै कमाइ गरिरहेका छन् । यहाँ प्रसंग गीत गाउनेको मात्रै होइन, उच्च कमाइ गर्ने, सम्बन्धित विधाको गतिविधिका कारण त्यहाँको विविध क्षेत्रमा रोजगारी र व्यापारमा पनि उस्तै वृद्धि भएको पाइन्छ ।

पछिल्ला दिनमा नेपाली सिनेमा जगत्‌ले पनि भरपूर आर्थिक आर्जन गर्न थालेको छ । जीवनभर आफ्नो तीनपुस्ता दाउमा राखेर उद्योग व्यवसाय गर्नेले गर्न नसकेको कमाइ नेपाली सिनेमाहरूले गर्न थालेका छन् । राम्रो कमाइ गर्दै राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान गर्ने त्यस्ता सिनेमाको सूची लामै छ ।

हालै ५१ दिनमा नेपाली सिनेमा जारीले १७ करोड रुपैयाँ कमाइ गऱ्यो । छक्कापञ्जा ४ ले सोही दरमा व्यापार गरेको छ । सन् २०२२ को अन्त्यतिर प्रदर्शनमा आएको हलिउड सिनेमा अवतारः द वे अफ वाटरले हालसम्मको सर्वाधिक व्यापार गर्ने सिनेमाको रेकर्ड बनायो । जुन सिनेमाले दुई दशमलव ९२ अर्ब अमेरिकी डलर बराबरको व्यापार गरेको थियो । यसरी एउटा देशको मात्र होइन विश्वको अर्थतन्त्रमा प्रभाव राख्ने आर्थिक गतिविधि मनोरञ्जन क्षेत्रमा पर्ने सिनेमा जगत्‌ले गर्दै आएको तथ्यहरू निकै रोचक छन् ।

त्यसो त मनोरञ्जन क्षेत्रले धेरै विधा समेट्छ । चलचित्र, टेलिसिरियल, टेलिभिजन कार्यक्रम, गीतसंगीत, म्युजिक भिडियो, रियालिटी शो, नाटक, मोडलिङ, ब्लगिङ, भिडियो गेम आदि । मनोरञ्जन क्षेत्रले कुनै पनि मुलुकको अर्थतन्त्रमा

प्रभावकारी भूमिका निर्वाह गरिरहेको हुन्छ ।

प्रत्यक्षरूपमा यसले हजारौँ जनशक्तिलाई रोजगारी दिइरहेको छ । देशभित्रका स्वदेशीलाई मात्र नभई अरू देशका नागरिकलाई पनि यसले कुनै न कुनैरूपमा रोजगारी प्रदान गरिरहेको हुन्छ। नयाँनयाँ उपकरणको आविष्कार गर्ने विदेशी प्राविधिक र कम्पनीहरूलाई नेपालको मनोरञ्जन क्षेत्रले टेवा दिइरहेको हुन्छ। हामीले हाम्रो कामका लागि भिडियो क्यामेरा वा फिल्म क्यामेरा, लाइटका सामानहरू, लेन्सहरू, सफ्टवेयरहरू खरिद गर्दा आविष्कारक र उपकरण उत्पादन गर्ने कम्पनीलाई फाइदा पुगिरहेको हुन्छ ।

मनोरञ्जन क्षेत्रले अप्रत्यक्षरूपमा पर्यटन उद्योगमा पनि योगदान दिन्छ। नेपालकै कुरा गर्दा मुस्ताङ, इलाम र पोखरामा आन्तरिक पर्यटकको संख्या बढ्नुमा चलचित्र, म्युजिक भिडियो, टेलिभिजन कार्यक्रमहरूको महत्वपूर्ण भूमिका रहिआएको छ । मनोरञ्जन क्षेत्रले मानिसलाई मानसिक, मनोवैज्ञानिक र संवेदनात्मक आनन्द दिइरहेको हुन्छ । यसले गर्दा मानिसको कार्यक्षमता वा ऊर्जा वृद्धि भइरहेको हुन्छ। यसले अप्रत्यक्षरूपमा उत्पादकत्वमा नै वृद्धि गरिदिन्छ ।

नेपालको मनोरञ्जन क्षेत्रको आयतन दिनहुँ फराकिलो भइरहेको छ । नयाँनयाँ प्रतिभाहरूको आगमन र उपस्थिति बढिरहेको छ । सक्रिय जनशक्तिको गुणस्तरमा पनि उन्नति आइरहेको छ । चलचित्रको व्यापारले नयाँनयाँ कीर्तिमान कायम गर्दैछ। गीतसंगीतको उत्पादन र म्युजिक भिडियोको निर्माण उल्लेखनीय मात्रामा भइरहेको छ। डिजिटल डेमोक्रेसीले गर्दा अहिले जोकोहीले आफ्नो सिर्जना र अभिव्यक्तिलाई विभिन्न प्लेटफर्ममा रिलिज गर्न पाउँछ, साथै अर्थ उपार्जन गर्न पनि सक्छ । विगतमा मनोरञ्जनात्मक सिर्जनाहरू ठूला लगानीकर्ता वा मिडियाको पकडमा मात्र सीमित थिए । अहिले सस्तो र सुलभ प्रविधिको आविष्कार र युट्युब, टिकटक, फेसबुकजस्ता सामाजिक सञ्जालको उपलब्धताले ठूला मिडियाहरूको एकाधिकार तोडिएको छ ।


नेपालमा मनोरञ्जनात्मक गतिविधिले उपलब्ध बजारलाई पूर्णरूपमा सदुपयोग गर्न सकेको छैन । घरेलु बजारको आकारलाई पनि बढाउन सकेको छैन । २०७९ सालमा रिलिज भएको चलचित्र कबड्डी-४ ले सर्वाधिक २१ करोडको व्यापार गऱ्यो । यो भनेको लगभग नौ लाख टिकट बिक्री हुनु हो। अर्थात् जनसंख्याको तीन प्रतिशतले मात्र चलचित्र अवलोकन गरिदिँदा रेकर्ड बन्दोरहेछ । चलचित्र विकास बोर्डको रेकर्डअनुसार नेपाली सिनेमा निर्माण सुरु भएको ५९ वर्षको अवधिमा ५ सय २४ वटा भिडियो चलचित्र र एक हजार ६ सय ६६ वटा डिजिटल चलचित्र बनेका छन् । यदि कुल जनसंख्याको १० प्रतिशतलाई मात्र पनि नेपाली चलचित्रका नियमित दर्शक बनाउन सकियो भने नेपाली चलचित्रको बजार र यसमा आउने लगानीको अनुपात हलक्कै बढ्नेछ । त्यसैले नेपालमा मनोरञ्जनात्मक क्षेत्रमा सुधार ल्याउन सक्यौं भने यसको भविष्य सुनौलो छ ।

नेपाली चलचित्रले १३ प्रतिशत मूल्य अभिवृद्धि करबाहेक पाँच प्रतिशत स्थानीय कर पनि तिर्ने गरेको छ। कबड्डी-४ कै कुरा गर्ने हो भने यसले लगभग एक करोड रुपैयाँभन्दा बढी स्थानीय कर नै बुझाएको छ। उक्त रकम स्थानीय नगरपालिका वा गाउँपालिकालाई जाने गर्छ । चलचित्रले केन्द्र सरकारको कोषमा मात्र होइन स्थानीय सरकारको कोषमा पनि टेवा पुऱ्याउँदै आइरहेको छ ।

कलाकर्मीहरूको पनि आर्थिक सक्षमता तथा पारिश्रमिक विगतमा भन्दा बढेको पाइन्छ । चलचित्रकै कुरा गर्दा मुख्य कलाकारले ५० लाख रुपैयाँसम्म पारिश्रमिक लिन थालिसकेका छन् । त्यस्तै, चल्तीका गायकगायिकाको पनि आम्दानीको स्रोत बढेको छ । युट्युबबाट आउने रोयल्टी, स्वदेशविदेशका स्टेज शो र गीत रेकर्डिङबाट प्राप्त हुने पारिश्रमिकको परिमाण उच्च छ ।

नेपाली चलचित्र, गीतसंगीत र कलाहरूले अन्तर्राष्ट्रिय मञ्चमा खासै उपलब्धि हासिल गर्न सकेको छैन । नेपाली चलचित्रले कहिलेकाहीँ इटालीको भेनिस, फ्रान्सको क्यान्स, जर्मनीको बर्लिन, क्यानडाको टोरन्टोजस्ता प्रतिष्ठित महोत्सवहरूमा उपस्थिति पाउन थालेको छ । तर बहुसंख्यक चलचित्र निर्माता-निर्देशकहरू आफ्नो कलात्मक चेतको वृद्धि गर्नुभन्दा पनि बक्सअफिसमा कलेक्सन बढाउने चिन्ताले ग्रसित छन् । अन्तर्राष्ट्रियस्तरका चलचित्र निर्माण गरी संसारभरकै बजारमा प्रवेश गर्नेभन्दा पनि घरेलु बजारमै खुम्चिएर प्रफुल्ल बन्ने प्रवृत्तिले गर्दा नेपाली चलचित्रको खास उन्नति हुन सकेको छैन । त्यसैले वर्षमा चार-पाँचवटा मात्रै चित्तबुझ्दो चलचित्र बन्ने गरेको पाइन्छ । नत्र बाँकी ४०-५० वटा चलचित्र एकदमै स्तरहीन बन्ने गर्छन् ।

नेपाली संगीतले अझसम्म पनि अन्तर ष्ट्रियरूपमा कुनै ठोस उपलब्धि हासिल गर्न सकेको छैन । नेपाली गीतसंगीतमा जति अनुसन्धान वा प्रयोग हुनुपर्ने हो, त्यति भइरहेको पाइँदैन । अरू देशका गीतसंगीतमा जुन काम भइरहेको छ, त्यतिको काम नेपाली संगीतमा हुन सकेको छैन । संगीतको अन्तर्राष्ट्रिय महोत्सवमा



**चलचित्र कबड्डी-४ ले सर्वाधिक २१ करोडको व्यापार गऱ्यो । यो भनेको लगभग नौ लाख टिकट बिक्री हुनु हो । अर्थात् जनसंख्याको तीन प्रतिशतले मात्र चलचित्र अवलोकन गरिदिँदा रेकर्ड बन्दोरहेछ ।**

सहभागी वा छनोट हुने गरी आफ्नो सिर्जना गर्नुपर्छ भन्ने ज्ञान नै नेपाली संगीतकर्मीमा पलाएको देखिँदैन । मनोरञ्जन क्षेत्रका जनशक्तिले आफ्नो क्षमता, सिर्जनात्मकता र लगनशीलतालाई बढाउन जरुरी छ । अरूभन्दा फरक र स्तरीय कृतिको रचना गर्नुपर्छ भन्ने दृढताको विकास भयो भने कलाकर्मी, सम्बन्धित विधा र उपभोक्ताको हित हुन्छ । बजारमा जे चलेको छ, त्यसैलाई पछ्याउने प्रवृत्तिबाट पनि सिर्जनाधर्मीहरूले आफूलाई अलग्याउनुपर्छ ।

राज्यले कला र सिर्जना क्षेत्रका विधाहरूको विकासका लागि प्रशिक्षण, कार्यशाला, अन्तर ाष्ट्रिय अन्तर्क्रियाहरू सञ्चालन गर्नुपर्छ । गलत कामका लागि लगानी गरिनुहुन्न । उदाहरणका लागि चलचित्र विकास बोर्डले निजीस्तरबाट हुने अनुत्पादक र एकदमै बिकाउ अवार्ड कार्यक्रमलाई आर्थिक अनुदान दिनुहुँदैन ।

सक्रिय चलचित्रकर्मी वा युवा चलचित्रकर्मीहरूको सीप र सोच परिष्कृत गरिदिने कार्यक्रमहरू ल्याउन जरुरी छ । त्यस्तै, बोर्डले आयोजना गर्ने सरकारीस्तरको राष्ट्रिय चलचित्र अवार्डलाई अझ निष्पक्ष बनाउनतिर जोड दिनुपर्छ । राम्रो कामको सही मूल्याङ्कन भयो भने मात्र राम्रा काम गर्नेहरू प्रोत्साहित हुन्छन् । संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले खुद्रा कार्यक्रमभन्दा पनि दीर्घकालीन कार्यक्रमहरू ल्याउन जरुरी छ । पाँच वर्षपछि नेपाली नाटक र संगीतको स्तरलाई कहाँ पुऱ्याउने भन्ने योजना प्रतिष्ठानसँग हुनुपर्छ ।

**अबको बाटो**

चलचित्र, संगीत, नाटक, ललितकला, साहित्यको विकासका लागि स्थापित बोर्ड, प्रतिष्ठान तथा संस्थानहरूमा पार्टीको कार्यकर्ताभन्दा पनि सम्बन्धित क्षेत्रका विज्ञ व्यक्तिहरूलाई नियुक्त गरिनुपर्छ । राज्यले रचनात्मक काम गरिरहेका संगीतकर्मी, चलचित्रकर्मीहरूलाई आर्थिक अनुदानको व्यवस्था गर्नुपर्छ ।

संसारका उन्नत चलचित्र उद्योग भएका मुलुकहरूमा राज्यले नै उत्कृष्ट चलचित्र प्रोजेक्टहरूमा आर्थिक सहयोग प्रदान गर्ने प्रावधान छ । युरोपतिरका त्यस्ता आर्थिक सहयोग नेपाली चलचित्रकर्मीले समेत पाइसकेका छन् । यस्तै, चलचित्र कोषहरू नेपालमा पनि आवश्यक छ । तर यस्ता अनुदान राजनीतिक हिसाबले वितरण गरिनु भएन ।

मनोरञ्जन क्षेत्रलाई राज्यले कहिले पनि गम्भीररूपमा लिएको वा सोचेको पाइँदैन । मनोरञ्जन क्षेत्रको बजार, अर्थतन्त्रमा यसको प्रभाव, मानवीय आचरण, विचार निर्माण र संस्कृतिमा यसको योगदान कस्तो छ भन्ने विषयमा राज्यले अनुसन्धान गर्न जरुरी छ । त्यसपछि मात्र यसको अपरिहार्यता पुष्टि हुन्छ । नत्र राजनीतिक दलहरूले पनि चलचित्र त हो नि चलचित्र विकास बोर्डमा जसलाई नियुक्ति दिए पनि हुन्छ भन्ने खालको सोचले निरन्तरता पाइरहन्छ ।

> **यदि कुल जनसंख्याको १० प्रतिशतलाई मात्र पनि नेपाली चलचित्रका नियमित दर्शक बनाउन सकियो भने नेपाली चलचित्रको बजार र यसमा आउने लगानीको अनुपात हलक्कै बढ्नेछ ।**

**सिनेमा इतर क्षेत्र**


नेपालमा सिनेमा हलबाहेक मनोरञ्जनका अन्य क्षेत्र पनि प्रशस्तै छन् । डान्सबार, दोहोरी रेष्टुराँ, क्लब, मसाज सेन्टरहरू यस क्षेत्रमा पर्छन् । घरबाहिर खाने र रमाउने संस्कृति बढेसँगै यी क्षेत्रको तीव्र विकास भएको छ । डान्सबार जाने, क्लब जाने युवाको संख्या पनि बढ्दो छ । ठूला शहरहरूमा दोहोरी रेष्टुराँ जानेको भीड झनै बाक्लो छ । यी क्षेत्रले रोजगारी पनि राम्रै मात्रामा सिर्जना गरेका छन् ।

१८ वर्ष पुग्दानपुग्दै पासपोर्ट लिनेको लाममा स्वदेशमै रोजगार हुनु, रोजगारी सिर्जना गर्नु आफैँमा सुखद् पक्ष हो । रेस्टुरेन्ट तथा बार एसोसिएसन नेपाल (रेबान)का अनुसार करिब पर्यटकीयस्तरका तीन हजार रेष्टुराँ तथा क्याफे छन् । तिनमा करिब १० लाख नेपाली रोजगार छन् । तर दर्ता प्रक्रियामा नआएका, सामान्य खाजा घरदेखि दोहोरी रेस्टुरेन्टहरूको संख्या पनि उल्लेख्य छन् । तिनले पनि रोजगारी त राम्रै मात्रामा सिर्जना गरेका छन् । यद्यपि कानुनको दायरामा नआइसकेका ती मनोरञ्जन क्षेत्रमा रोजगार हुनेहरू विभिन्न किसिमका समस्यामा पर्ने, श्रम, शारीरिक तथा मानसिक शोषणको शिकार हुनुपर्ने, महिलाका हकमा यौन शोषणको शिकार समेत हुने गरेको पाइन्छ । कतिपय किशोरीहरू यसै क्षेत्रबाट यौन बजारमा समेत पुगेका तथ्यहरू बाहिरिने गरेका छन् । राज्यका सम्बन्धित निकायले ठीक ढंगले नियमन गर्न सके, व्यवस्थित गर्न सके यी क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा राम्रो योगदान पुऱ्याउन सक्छ । यसै पनि हामी पर्यटनलाई हाम्रो अर्थतन्त्रको मुख्य आधार बनाउने लक्ष्य लिएर अघि बढिरहेका छौँ । यसर्थ, रोजगारी सिर्जना गर्न होस् या पर्यटन उद्योगको विकास गर्न सिनेमालगायत बौद्धिक मनोरञ्जनको क्षेत्रदेखि रेस्टुरेन्ट, बार, क्लब, होटल, मसाज सेन्टरलगायत क्षेत्रलाई व्यवस्थित गर्न राज्यले अभिभावकीय भूमिका निर्वाह गर्नु आवश्यक छ ।

यसका लागि सम्बन्धित पक्षका व्यवसायी, विज्ञ, राज्य पक्षको संयुक्त अध्ययन अनुसन्धान, खोजपछि विद्यमान ऐनको प्रभावकारी कार्यान्वयन, आवश्यकताका आधार नयाँ व्यवस्थाहरू गर्न अग्रसर हुनुपर्छ । अवसर र वातावरण भए यी क्षेत्र फस्टाउने, रोजगारीको दायरा धेरै नै फराकिलो हुने सम्भावना निकै टड्कारो छ । स्वदेशमै राम्रो रोजगारी सिर्जना भए विदेशिने युवाको संख्या पनि घटाउन सकिन्छ । यसो हुन सके हामी हाम्रो सिनेमाप्रति गर्व गर्न सक्छौँ, हाम्रो पर्यटन क्षेत्रका स्टेक होल्डरहरूप्रति गौरव गर्न सक्छौँ । यसका लागि राज्य, व्यवसायी, उपभोक्ता र संलग्न सबै स्वानुशासनमा बस्न पनि उत्तिकै आवश्यक छ ।




# कुल गार्हस्थ्य उत्पादन





# ...अनि म धुवाँको साक्षी बसिनँ



। नरेश फुयाल ।

समकालीन, साथी र आफन्तको अन्त्येष्टिमा म सकेसम्म जानु नपरे हुन्थ्यो भन्छु । टार्ने प्रयत्न गर्छु । योपटक पनि मैले त्यही गरेँ । मैले राजेन्द्र सरलाई धुवाँको मुस्लोमा विलीन भएको हेर्न चाहिनँ । यो बानी राम्रो हो वा खराब ?

बिहान सबेरै उठ्नु मेरो दैनिकी हो, भलै यो बाध्यात्मक नै किन नहोस् । भदौ २६ गते बिहान ५ बजे उठेर कम्प्युटर खोलेँ । सायद पेसाले होला सुरुमा अनलाइन न्युजपोर्टल खोलिन्छ । आफू आबद्ध अनलाइनमा राति अबेर पोस्ट भएका समाचार हेर्ने मेरो पुरानै बानी छ । त्यसपछि सुरु हुन्छ नियमित काम । रेगुरल पोस्ट गर्ने केही समाचार लेखेर प्रकाशन गरेपछि सामाजिक सञ्जालमा चिहाउनु पनि मेरो दैनिकी नै हो । सायद यो मेरो मात्रै होइन, हरेक एन्ड्रोइड प्रयोगकर्ताको पनि हो ।

जे होस् म फेसबुकमा पुगेँ । सुरुमै फोटोसहितका पोस्ट देखियो- हार्दिक श्रद्धाञ्जली सुवास (नेम्वाङ) दाइ । विश्वास नै लागेन । बिरामी भन्ने पनि सुनेको थिइनँ । स्क्रोल गरेँ । त्यतिन्जेलसम्म फेसबुकका भित्ता उहाँका श्यामश्वेत तस्बिरहरूले भरिसकेका थिए । पत्याउनै पऱ्यो । तर सकिरहेको थिइनँ । आफूलाई विश्वास लाग्ने केही अनलाइन न्युजपोर्टल लगइन गरेँ । अब विश्वास गर्नैपर्ने भयो । उपाय पनि त थिएन । गरेँ ।

त्यसपछि मोबाइल फोनले काम पायो । फोन गरेँ । हो नै रहेछ । सुरु भयो, समाचार लेखन । समाचार पोस्ट भयो । अनि फेरि फेसबुकमा स्क्रोल गर्न थालेँ । देखेँ- राजेन्द्र (पराजुली) दाइ गेट वेल सुन । कसले चाँडै निको हुनूस् दाइ भनेर कामनासहित फोटो राखेर पोस्ट गरेको थियो, त्यो सम्झनाको पत्रबाट खुइलिसकेछ । तर मानसपटलबाट योचाहिँ धुमिल भइसकेको छैन- कमेन्ट बक्समा गएर गेट वेल सुन सर ! लेखेँ । लेखेपछि लाग्यो, लेख्ने र ? नलेखौं होला मनमा मनोवाद चल्यो । कर्सर ब्याक गरेर मेटाएँ । 'औपचारिकताका लागि तीनवटा शब्द खर्च गर्नुभन्दा एक छिनमा फोन नै गर्छु, के भएको रहेछ बुझ्छु ।'

सुवास नेम्वाङको फलोअप समाचारले भ्याइनभ्याइ थियो । कहाँ फेसबुकमा बरालिने समय थियो र ? त्यसै पनि म धेरै समय सामाजिक सञ्जालमा व्यतित गर्ने व्यक्ति होइन ।

कति बजेको थियो, समय त याद भएन । फेसबुकको भित्ताको पोस्ट देखेर म अवाक भएँ । ओहो ! यो कसरी हुन सक्छ ? सत्य नै त हो ? केही समयअगाडि मात्रै केही समयमा फोन गर्छु भनेको राजेन्द्र पराजुलीको श्यामश्वेत तस्बिर फेसबुकमा पोस्ट भइसकेको थियो । साहित्यकार बुद्धिसागरले उहाँलाई श्रद्धाञ्जली लेखेको पनि १३ मिनेट भइसकेको देखेँ ।

दिन कति अगाडि हो, त्यो त मैले भुलिसकेँ । तर, १० दिन भने पक्कै कटेको थिएन । उहाँ बाह्रखरी डटमको कार्यालयमा आउनुभएको थियो ।

'नरेश के छ खबर ?'

'ओ हो सर ! ठीक छ, तपाईंको ?'

'यस्तै हो यी, चलिरा'छ ।'

'फुर्सद छ, हिँड जाउँ, कफी खान ।'

हामी ओर्लियौं कफी स्टेसन ।

उहाँको हातमा बाह्रखरी 'उत्कृष्ट कथा'को किताब थियो । घरमा भएको किताब कुनै साथीले मागेपछि 'आफूले सम्पादन गरेको एउटा किताब त घरमा राख्नुपऱ्यो भनेर बोकेको' उहाँ भन्दै हुनुहुन्थ्यो । बाह्रखरी 'उत्कृष्ट कथा'का उहाँ सम्पादक हुनुहुन्छ ।

साहित्यमा उम्दा उहाँ पत्रकारितामा त्यस्तै हुनुहुन्थ्यो । विशेषगरी आर्थिक पत्रकारितामा दखल राख्ने उहाँको रुचि खेलकुददेखि राजनीतिसम्म थियो । ग्लोबल पोलिटिक्स र ग्लोबल अर्थतन्त्रमा पनि उहाँ राम्रो जानकारी राख्नुहुन्थ्यो । त्यसैले यी विषयमा थोरबहुत कुरा त चल्ने नै भए । चले ।

कसरी हो प्रसंग सिनेमाको आयो । उहाँले नयनराज पाण्डेलाई सम्झनु भयो । जल शाहलाई सम्झनु भयो । जल शाहलाई पहिलो सिनेमाको सेटमा जाने क्रममा आफूले स्क्रिप्ट राइटरसमेत रहेका साहित्यकार नयनराज पाण्डेसम्म बाइकमा

**विमानस्थल निर्माण हुने भएपछि सरकारले मुआब्जा दिएर कोटेश्वर तीनकुनेमा सारेको ! त्यसैले म उहाँलाई बेलाबेला जिस्काउथेँ- सर त (टीआईए) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मालिक पो हो त ।**

राखेर पुऱ्याइदिएको सम्झनु भयो । त्यही क्रममा जल शाहकी आमा प्रेमा शाहसँग भेट भएपछि उहाँ आश्चर्यचकित भएको सम्झिएर नोस्टाल्जिक हुनुभयो । प्रेमासँग उहाँको पहिल्यै चिनापर्ची थियो ।

'प्रेमा सुरुसुरुमा छोरी जल शाह सुटिङमा जाँदा सँगै जान्थिन् ।'

कफी गफ न हो कुरा बरालिन के बेर, कुरा गायक बच्चु कैलाशको आयो । उहाँले फत्तेमान राजभण्डारीलाई सम्झिनुभयो । पटक-पटक कार्यक्रममा र एकाधबाट उनकै घरमा भेट भएको प्रसंग सुनाउनुभयो । त्यसै मेसोमा एउटा रमाइलो प्रसंग सुनाउनुभयो ।

'त्यो बेला साहित्य र सांगीतिक वृत्तमा एउटा कुरा खुब धेरै हुन्थ्यो, साहित्यकार र गीतकार हरूबीच । नारायणगोपाललाई जब कुनै गीतका लागि अफर आउँथ्यो उनी त्यो गीतको शब्द र संगीत घोरिएर पटक-पटक पढ्थे र सुन्थे रे ! मन परेन भने गाउँछु/गाउँदिनँ केही नभनी यो त फत्तेमानलाई ठीक हुन्छ भनेर जुरुक्क उठेर हिँड्थे रे ! फत्तेमान निकै सजिला र सहज गायक थिए ।'

उहाँको भनाइको आशय मान्छे सहज र सरल भए पनि सुख छैन, कडा मिजासको भए अफर नकार्ने भए पनि सुख छैन भन्ने थियो ।

अरूको मात्रै होइन उहाँ बेलाबेला विषय प्रसंगले आफ्नो कुरा पनि गर्नुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो, 'म त मुडी मान्छे ! मलाई कसैले रोक्न छेक्न सक्दैन । आज यहाँ छु भने भोलि कता, पर्सि अर्कै ठाउँमा काम गर्न पुग्छु । मन लागुञ्जेल हो काम गर्ने । जता सहज हुन्छ त्यही काम गर्ने हो । पत्रकार खुम्चिएर बस्नु हुन्न ।'

त्यस्तै भयो । कारण के थियो, त्यो त थाहा भएन तर उहाँले एकदिन अचानक बाह्रखरी छोड्नुभयो । कोभिड महामारीको समयमा उहाँले बाह्रखरीलाई बिदाइको हात हल्लाउनु भएको थियो । त्यसपछि हरेक दिन भेट हुने उहाँसँग टेलिफोनमा बातचित हुन थाल्यो । कहिले उहाँ आफैँ गर्नुहुन्थ्यो । धेरैजसो मैं गर्थें । लामै गफ हुन्थ्यो । विशेषगरी साहित्य र पत्रकारिताका । अँ उहाँले मलाई 'अघोरी' दिनुभएको थियो । 'प्रिय भाइ नरेशलाई सप्रेम लेखेर ।'

अक्सर किताब बाँड्न हुन्न भन्ने उहाँ र सित्तैमा लिनु हुन्न भन्ने मैले बिनासौदाबाजी सम्झौता गऱ्यौं र आ-आफ्नो मूल्य-मान्यतालाई तल्याएर दिने र लिने काम गऱ्यौं । मैले अक्षर नबिराई उहाँको 'अघोरी' पढेँ ।

न्युज रूममा समाचारका एंगल बाँड्ने सम्पादक हुनुहुन्थ्यो, राजेन्द्र पराजुली । फुटबलका त आफैं नै खेलाडी हुनुहुन्थ्यो रे युवावयमा । काठमाडौंका रैथाने उहाँ एनआरटी क्लबबाट फुटबल खेल्नुहुन्थ्यो रे ! त्यसैले फुटबल त आफैं जोडिएको क्षेत्र भयो । यसमा समाचारका एंगल फुराउन कठिन भएन । आर्थिक पत्रकारितमा लामो समय काम गरेको अनुभवले त्यसका रौं चिरा केलाउने नै हुनुभयो । राजनीति र सामाजिक विषयमा पनि लामो समय बसेर काम गर्नुभएको र समाचार कक्षको नेतृत्व गर्नुभएको अनुभव र लगावले उहाँलाई तिखारेको थियो । त्यसैले समाचार कक्षमा रिपोर्टरलाई उहाँ एंगल दिइरहनु हुन्थ्यो ।

बाह्रखरीमा केही वर्ष काम गर्दा उहाँले साहित्य र बाह्रखरी शनिबारीय अंकको नेतृत्व गर्नुभएको थियो । पंक्तिकारलाई उहाँ भन्नुहुन्थ्यो- यो शनिबारको के छ नरेश ? लेखिसकेको छैन भने म प्रतिप्रश्न गर्थें- के हुन्छ होला ? धेरै त विस्मृतिमा गइसकेछ, यो अबिच्युरी लेख्न बस्दा उहाँले दिएका दुईटा एंगल भने सम्झनाको तरेलीबाट ओझेल परेका रहेनछन् । १, जो थेगोबाटै हिट भए (कलाकार) २, एक्सनकटमा महिला ।

पंक्तिकारले बाह्रखरीमा 'म पत्रकार' स्तम्भ

**पंक्तिकारलाई उहाँ भन्नुहुन्थ्यो- यो शनिबारको के छ नरेश ? लेखिसकेको छैन भने म प्रतिप्रश्न गर्थें- के हुन्छ होला ? धेरै त विस्मृतिमा गइसकेछ, यो अबिच्युरी लेख्न बस्दा उहाँले दिएका दुईटा एंगल भने सम्फनाको तरेलीबाट ओझेल परेका रहेनछन् । १, जो थेगोबाटै हिट भए (कलाकार) २, एक्सनकटमा महिला ।**

चलाएको थियो । पत्रकारमाझ लोकप्रिय यो स्तम्भबारे उहाँ भन्नुहुन्थ्यो- नरेश मलाई घाटा लाग्यो नि बाह्रखरी आएर ।

'कसरी ?'

'म बाह्रखरीमा नआएको भए पक्कै पनि तिम्रो लिस्टमा म पनि पर्ने थिएँ ।' अनि उहाँ दिल खोलेर हाँस्नुहुन्थ्यो, हा.हा..हा... । अनि भन्नुहुन्थ्यो- नयाँ आइडिया हो । पत्रकार अरूलाई खोज्दै हिँड्छन् । तिमीचाहिँ पत्रकारलाई नै खोज्दै हिँड्ने पत्रकार हौ । तिमीले पत्रकारको इतिहास लेखिरहेका छौ । यसलाई कलेक्सन गरेर किताब निकाल । हरेक पत्रकार र पत्रकारिताका विद्यार्थीले पढ्नैपर्ने र सिफारिस गर्ने पुस्तक बन्छ ।

स्पष्ट बोल्ने र त्यहीअनुसार काम गर्ने उहाँको स्वभाव हो । उहाँ निकटस्थलाई यो थाहै छ । फिक्सन र नन्फिक्सन सम्पादनका लागि उहाँलाई बाक्लै अफर आउँथे । तर उहाँसँग प्रायः गरेकाभन्दा छोडेका काम धेरै हुन्थे । जिब्रो चपाएर नबोल्ने उहाँ कुरा मिल्छ गर्ने, मिल्दैन भने नगर्ने स्वभाव थियो । त्यसैले उहाँ भन्नुहुन्थ्यो- ...ले यतिभन्दा दिन सक्दिनँ भन्यो, मैले पनि यतिभन्दा कममा त गर्न सक्तिनँ भने ।

कसले कति सस्तोमा काम गर्छभन्दा पनि कस्तो काम गर्छ भन्नेले अर्थ राख्ने र सस्तोमा कमजोर काम गर्नेले साहित्यको भाषा र सम्पादन बिगारिरहेकामा उहाँको चिन्ता थियो । पैसाका नाममा गुणस्तरमा सम्झौता भइरहेको र यसको प्रभाव बजारमा देखिरहेको उहाँ बताउनु हुन्थ्यो ।

नेपाली साहित्यको बजारमा यथार्थभन्दा हल्ला धेरै हुने गरेकामा उहाँ असन्तुष्ट सुनिनु हुन्थ्यो । 'सेलिब्रिटी साहित्यकारका किताब तीन हजार पनि बिक्री हुँदैन, ७० लाख रोयल्टी बुझेको हल्ला साहित्यकार नै गर्छन् । भन्ने त्यस्तै, पत्याउने पत्रकार उस्तै,' पंक्तिकारसँग उहाँ कामभन्दा हल्ला गरेर मिडियामा छाउने 'लोभी मानसिकता'हरू हाबी भएको टिप्पणी गर्नुहुन्थ्यो ।

प्रसंग बदलौं, उहाँ काठमाडौंको कोटेश्वरका रैथाने हुनुहुन्थ्यो । यतै जन्मनु भएका यतै हुर्कनु भएका । कोटेश्वरबाट सहर जाने भनेर असन र इन्द्रचोक गएर सपिङ गर्नुभएका स्थानीय हो उहाँ । त्यसो त कोटेश्वर पनि होइन । सुरुमा उहाँहरूको थातथालो अहिलेको त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलको रनवे रहेको ठाउँमा घर थियो । विमानस्थल निर्माण हुने भएपछि सरकारले मुआब्जा दिएर कोटेश्वर तीनकुनेमा सारेको ! त्यसैले म उहाँलाई बेलाबेला जिस्काउथें- सर त (टीआईए) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मालिक पो हो त ।


'ए नरेश, नजिस्काउन यार, चारआनेमा झरिसकें म । आप्रवासीजस्तै भइसकें ।' राजेन्द्र सरले जसरी बाह्रखरीलाई अनायासै बिदाइको हात हल्लाउनुभयो, त्यसैगरी यो संसारलाई पनि ।

मान्छेहरू पशुपतिनाथ जाने भनेपछि हत्ते गर्छन् । मलाई भने त्यति मोह छैन । किन हो मलाई नै थाहा छैन । तर, यति भने थाहा छ, त्यहाँ गएपछि नचाहेरै आर्यघाटको पनि दर्शन हुन्छ । मान्छेको शरीर धुवाँसँगै बेपरबाह उडिरहेको देख्नुपर्छ । अनि त्यो स्मेल... । बिछोडको आर्तनद र मूर्च्छना । मलाई सम्झन पनि मन लाग्दैन । यसले हमेशा मलाई पशुपतिनाथको यात्रामा रोक्छ । त्यसमा पनि आफैंसँग संगत गरेका मान्छेलाई धुवाँसँग उडेर निराकार आकाशमा विलीन भएको साक्षी बस्न मलाई मनै पर्दैन । त्यसैले होला समकालीन, साथी र आफन्तको अन्त्येष्टिमा म सकेसम्म जानु नपरे हुन्थ्यो भन्छु । टार्ने प्रयत्न गर्छु । योपटक पनि मैले त्यही गरें । मैले राजेन्द्र सरलाई धुवाँको मुस्लोमा विलीन भएको हेर्न चाहिनँ । यो बानी राम्रो हो वा खराब ? उखान नै छ- ज्युँदाको जन्ती, मर्दाको मलामी । त्यसैले सायद नराम्रै होला ।

यो मेरो बानी खराब नै सही । कम्तिमा मेरो आँखामा उहाँको शरीरको धुवाँ होइन मझौला कदको शरीर आजीवन आइरहने त छ । त्यसैले म तपाईंको धुँवाको साक्षी बसिनँ सर ।




# प्रदेशगत कुल गार्हस्थ्य उत्पादन (रूपैयाँ)



# सल्लाहकार समिति


अमृत खरेल


राजेन्द्रप्रसाद रिमाल



लोकबहादुर चापागाई


श्रीधर खनाल


कपिल ढकाल
(कानुनी सल्लाहकार)

# नेपाल आर्थिक पत्रकार संघ (नाफिज)
## कार्यसमिति


मोदनाथ ढकाल
अध्यक्ष


सिताराम भट्टराई
निवर्तमान अध्यक्ष


मेनुका कार्की
उपाध्यक्ष


परमेश्वर अधिकारी
उपाध्यक्ष


नवीन ढुंगाना
महासचिव


दीपक भट्ट
सचिव


दिलु कार्की
कोषाध्यक्ष


सबिना कार्की
कार्य समिति सदस्य


निकेश खत्री
कार्य समिति सदस्य


विजय पराजुली
कार्य समिति सदस्य


राजाराम न्यौपाने
कार्य समिति सदस्य


खेमराज श्रेष्ठ
कार्य समिति सदस्य


शम्भुराज रेग्मी
कार्य समिति सदस्य

## । NAFIJ Members ।

| | | | | |
|---|---|---|---|---|
| १ | **अच्युत पौडेल** | एपीवान टेलिभिजन | ९८५१०७४९७४ | achyootp@gmail.com |
| २ | **अंकुश विष्ट** | नेपालप्रेस डटकम | ९७४५६५४३४६ | ankushbist2058@gmail.com |
| ३ | **अजित कुमार अधिकारी** | नयाँ पत्रिका दैनिक | ९८४९७१९९३७ | news.ajitkumar@gmail.com |
| ४ | **अञ्जना लामिछाने** | कान्तिपुर टेलिभिजन | ९८४९००८४१९ | anjanalamichhane6@gmail.com |
| ५ | **अञ्जना सुवेदी** | बिजमाण्डू डटकम | ९८४००३९९९७ | kristinasubedi40@gmail.com |
| ६ | **अनिल अधिकारी** | साझासवाल डटकम | ९८५११२४२४१ | mcchauthanga@gmail.com |
| ७ | **अनिल सापकोटा** | टक्सार म्यागजिन | ९८५१२१८८६२ | anil.taksar@gmail.com |
| ८ | **अनिश मिजार** | न्युज एजेन्सी नेपाल | ९८४३७७७२०८ | anishabiral2072123@gmail.com |
| ९ | **अनुप आचार्य** | टक्सार म्यागजिन | ९८५१३१०६७० | anup.taksarnews@gmail.com |
| १० | **अमिर भट्टराई** | हाम्रोअर्थ डटकम | ९८४१०५६५१७ | amirbhattarai18@gmail.com |
| ११ | **अमिर लामा** | आर्थिकप्लस डटकम | ९८५१००७६१७ | amirlama2012@gmail.com |
| १२ | **अमृत चिमरिया** | अनलाइनखबर डटकम | ९८४५६१४३५४ | chimariyaamrit@gmail.com |
| १३ | **अम्बिका भण्डारी** | इकालोपाटी | | |
| १४ | **अम्बिका शर्मा** | टक्सार म्यागजिन | ९८५१३१११५३ | ambika.taksarnews@gmail.com |
| १५ | **अरिष्मा मोक्तान** | क्लिकमाण्डू डटकम | ९८४९५३७३८१ | arishma.moktan7777@gmail.com |
| १६ | **अरुण पाख्रेन** | मेरोलगानी डटकम | ९८४१५९५५४५ | pakhrena@gmail.com |
| १७ | **अर्चना न्यौपाने** | नोटबजार डटकम | ९८६१०८७७९२ | kardiyothapali@gmail.com |
| १८ | **अर्जुन खनाल** | कालीगण्डकीखबर डटकम | ९८५१०९५८६५ | pakariarjun@gmail.com |
| १९ | **अर्जुन न्यौपाने** | क्लाउडपत्रिका डटकम | ९८४१६५३४०७ | arjun.cloudp@gmail.com |
| २० | **अर्जुन भुसाल** | अलनेपालखबर डटकम | ९८४३७०३०२१ | arjunbhusal180@gmail.com |
| २१ | **अशोक घिमिरे** | रासस | ९८५१०००२१७ | ghimireashok977@gmail.com |
| २२ | **अशोक शिवाकोटी** | अर्थ सवाल विक्ली | ९८४१८००६३३ | ashok.shiwakoti80@gmail.com |
| २३ | **आनन्द अधिकारी** | ग्यालेक्सी फोरके टिभी | ९८४१५१७०६८ | anandadh@gmail.com |
| २४ | **आशिष ढुंगाना** | कर्पोरेटनेपाल डटकम | ९८६१९८०४१३ | dhuashish@gmail.com |
| २५ | **आशुतोष अर्याल** | अर्थन्युज एचडी टिभी | ९८६०९९४५८३ | ashuaryap@gmail.com |
| २६ | **इन्द्र बानियाँ** | आर्थिकन्युज डटकम | ९८५१०५६७६३ | baniyaindra2@gmail.com |
| २७ | **ईश्वर अर्याल** | आर्थिक वेभ | ९८४६१७००९६ | aryal.ishwor86@gmail.com |
| २८ | **उर्वसी बस्न्यात** | रेडियो सगरमाथा | ९८४९७५७४६६ | urbasi001@gmail.com |
| २९ | **एलिजा अर्याल** | नेपालटप डटकम | ९८६०१७८२७२ | alishaaryal907@gmail.com |
| ३० | **कपिल खड्का** | कृषि टेलिभिजन | ९८४१८५३१३१ | Samrockkhadka@gmail.com |
| ३१ | **कमल धिताल** | कान्तिपुर दैनिक | ९८४११५२९१८ | kd152918@gmail.com |
| ३२ | **कमलमणि पोखरेल** | प्राइम टिभी | ९८४५२०३३१४ | kpatrakar2075@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ३३ | **कमला भुसाल** | एटुजेड समाचार | ९८४३९१७८७८ | bhusalkamala89@gmail.com |
| ३४ | **कल्पना घिमिरे** | नेपाललाइभ डटकम | ९८६९५४०३४६ | kalana2025@gmail.com |
| ३५ | **कल्पना सानु भट्टराई** | बागमती टिभी | ९८४८२५८७८० | kalpuko@gmail.com |
| ३६ | **कविता घिमिरे** | | ९८६१५०९४६९ | kabita.ghimire69@gmail.com |
| ३७ | **कामना घिमिरे** | शिलापत्र डटकम | ९८१७९९७०१७ | kamanag969@gmail.com |
| ३८ | **काशीराम बजगाई** | नेपालखबर डटकम | ९८५१३२२००३ | krmbjg@gmail.com |
| ३९ | **किरण आचार्य** | टक्सार म्यागजिन | ९८५१०८२१०२ | achkrn@gmail.com |
| ४० | **कुलप्रसाद घिमिरे (रवीन्द्र)** | अनलाइनखबर डटकम | ९८४५१६८७२२ | rabindra@onlinekhabar.com |
| ४१ | **कुमार अधिकारी** | अनुगमन डटकम | ९८५१०४९४५८ | nuwakotkumar2017@gmail.com |
| ४२ | **कृष्ण सिंह धामी** | रातोपाटी डटकम | ९८४८८४१८१० | dhamikrishna99@gmail.com |
| ४३ | **कृष्णप्रसाद लामिछाने** | आर्थिक दैनिक | ९८५१०८२२३६ | krishnapdlamichhane@gmail.com |
| ४४ | **कृष्णराज गौतम** | रासस | ९८४१६०९३२९ | krishnagautam7@gmail.com |
| ४५ | **केशर बोगटी (आकाश)** | नेपालखबर डटकम | ९८६०१३८३३६ | kesharbogati7@gmail.com |
| ४६ | **केशव प्रसाद भण्डारी** | इन्सुरेन्सखबर डटकम | ९८५११७०४८३ | kpbhandari.ska@gmail.com |
| ४७ | **केशव भट्ट** | सौर्य दैनिक | ९८४००२२८५१ | keshavbhatta22@gmail.com |
| ४८ | **केशव भट्टराई** | न्युज नेपाल | ९८६२२१००१७ | keshavbhojpure@gmail.com |
| ४९ | **केशव भुल** | नेपालप्रेस डटकम | ९८५११७४२५२ | keshabbhul@gmail.com |
| ५० | **खुसबहादुर गोले** | बिजनेसआवाज डटकम | ९८४४०४५६३३ | businessawaj@gmail.com |
| ५१ | **खेम बोलखे** | कर्पोरेटनेपाल डटकम | ९८४५०२२६२४ | khem2news@gmail.com |
| ५२ | **खेमराज श्रेष्ठ** | कपारेटनेपाल डटकम | ९८४३७०११८३ | krstha2016@gmail.com |
| ५३ | **खेमराज अधिकारी** | कपारेटनेपाल डटकम | ९८४१३६४०३९ | adhikarikhem16@gmail.com |
| ५४ | **गणेश श्रेष्ठ** | बिजपाटी डटकम | ९८५१२७४२८७ | gstha3366@gmail.com |
| ५५ | **गणेश सुवेदी** | आर्थिक अभियान<br>राष्ट्रिय दैनिक | ९८५१२२२७८९ | Subedisweet@gmail.com |
| ५६ | **गोपाल चन्द्र सुवेदी** | गोरखापत्र दैनिक | ९८५११८७९६८ | gopalsubedi@gmail.com |
| ५७ | **चिरञ्जीवी भट्टराई** | आर्थिक दैनिक | ९८४१३८५०९७ | chiranjibibhattarai117@gmail.com |
| ५८ | **चन्द्र कुमारी कार्की** | | ९८४९१४२४४२ | chandakarki6@gmail.com |
| ५९ | **चित्रराज भण्डारी** | विकासन्युज डटकम | ९८६५७२४०३५ | chitrarajbhandary@gmail.com |
| ६० | **चुडामणि उप्रेती (कृष्ण)** | न्युज कारखाना | ९८६१७०७०७७ | davilrajkumar11@gmail.com |
| ६१ | **चेत नारायण पाण्डे** | अर्थचौतारी डटकम | ९८५१२१०५४२ | cnpandey10@gmail.com |
| ६२ | **जानुका रेग्मी** | सन्देशडेली डटकम | ९८५११२६५६५ | regmijanuka65@gmail.com |
| ६३ | **ज्योती शाह** | मेरोलगानी डटकम | ९८४९६३२७८३ | shahjyoti47@gmail.com |
| ६४ | **टंक प्रसाद रेग्मी** | आओरटुरिजमन्युज डटकम | ९८५१२०३७३० | tpregmi25@gmail.com |
| ६५ | **टोपबहादुर सोती** | बिजपाटी डटकम | | |
| ६६ | **टंकबहादुर कार्की** | क्रसचेक डटकम डट एनपी | ९८५११७५६७५ | cross.check23@gmail.com |
| ६७ | **डोमी शेर्पा** | विकासन्युज डटकम | ९८४३४५५२३५ | Domisherpa96@gmail.com |
| ६८ | **तमिश गिरी** | न्यू बिजनेस एज | ९८४३८००३२८ | tamish.giri@gmail.com |
| ६९ | **तारा दुवे चापागाई** | अन्नपूर्ण पोस्ट दैनिक | ९८५१०९१७४९ | tarachapagain73@gmail.com |
| ७० | **तीर्थमाया तामाङ** | कृषि टेलिभिजन | ९८४७३८६००७ | tmg.tirthamaya123@gmail.com |
| ७१ | **तीर्थराज पौड्याल** | नोटबजार डटकम | ९८४९६८०८३९ | Paudyaltr@gmail.com |
| ७२ | **तुलसी दाहाल** | लगानीसुत्र डटकम | ९८५१०६४२१९ | tdahal2012@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ७३ | दिपक बिष्ट | अर्थपथ डटकम | ९७४१७०८३७१ | bist4453@gmail.com |
| ७४ | दीपक भट्ट | नेपालखबर डटकम | ९८४११९९७५८ | deepakbhattaji7@gmail.com |
| ७५ | दिपेश घिमिरे | योहो टिभी एचडी | ९८५११११९८८ | dipeshghimire222@gmail.com |
| ७६ | दिलु कार्की | क्यापिटलनेपाल डटकम | ९८६२०३४७२२ | dillkshya@gmail.com |
| ७७ | दुर्गा भट्ट | नेपाल टेलिभिजन | ९८६१५२३१०७ | cooldipti273@gmail.com |
| ७८ | दुर्गाप्रसाद हुमागाई | सफलआवाज डटकम | ९८५६०२६५७२ | safalawaj@gmail.com |
| ७९ | धर्मेन्द्र कुमार कर्ण | लुम्बिनीसञ्चार डटकम | ९८५१३१२६४७ | editor.lumbinisanchar@gmail.com |
| ८० | धिरज पौड्याल | नेपाली पैसा | ९८४७९०२५९० | cmdhiraj128@gmail.com |
| ८१ | धुनबहादुर बुढाथोकी 'संघर्ष' | फ्रिलेस | ९८५११९९५७७ | dhun.struggle@gmail.com |
| ८२ | नमिता दुलाल | अर्थबजार डटकम | ९८४३०५६१७४ | dulalnamu9843@gmail.com |
| ८३ | नमुना केसी | बैंकिङसमाचार डटकम | ९८६७०९९१६० | kcnamuna0@gmail.com |
| ८४ | नरहरि प्रसाद आचार्य | | ९८४५०२०८०४ | naraharirajacharya@gmail.com |
| ८५ | नवराज रेग्मी | नेपालखबर डटकम | ९८४३११५७९१ | navabihani55@gmail.com |
| ८६ | नवीन ढुंगाना | अनलाइनखबर डटकम | ९८४१९७९०७५ | nabs.dhungana@gmail.com |
| ८७ | नवीन पोखरेल | कर्पोरेटनेपाल डटकम | ९८४५५७३१९० | nabinpokhrel73@gmail.com |
| ८८ | नानु खड्का | इन्सुरेन्सखबर डटकम | ९८६१४४५५१९ | knirjala807@gmail.com |
| ८९ | नारायण प्रसाद अधिकारी | अनलाइनपाना डटकम | ९८५११५२४८६ | Onlinepana@gmail.com |
| ९० | नारायण प्रसाद पौडेल | सिंहदरबार डटकम | ९८४९२८६५४२ | npaudel3@gmail.com |
| ९१ | निकेश खत्री | रातोपाटी डटकम | ९८५११५०४१६ | khatrinike@gmail.com |
| ९२ | निकेश बराल | | ९८६२०४३९९१ | baralnikesh72@gmail.com |
| ९३ | निरजन सापकोटा | नेपाली पैसा | ९८४४२३९९९८ | nirajansapkota09@gmail.com |
| ९४ | निरोज कुमार थापा | बिजपाटी डटकम | ९८५१२७४२८४ | thapanirojapk93@gmail.com |
| ९५ | निर्दोष घोरसाइने | टेक्नोलोजी खबर | ९८५११२९०१६ | cool.nirdosh@gmail.com |
| ९६ | निशा हुमागाई | अर्थसञ्चार डटकम | ९८६९२५९४१० | nishuhumagain123@gmail.com |
| ९७ | पदम बहादुर भुजेल | क्यापिटलनेपाल डटकम | ९८४०७४७९९८ | bhujelpadam63@gmail.com |
| ९८ | परमेश्वर अधिकारी | नोटबजार डटकम | ९८५११२४२७१ | pmhrad@gmail.com |
| ९९ | परिवर्तन (भोला) देवकोटा | कारोबार दैनिक | ९८५१२३८८७० | pariwartan73@gmail.com |
| १०० | पवित्रा मुडबारी | दैनिकी डटकम | ९८४१५८९३३८ | mudvaripabitra1@gmail.com |
| १०१ | पवित्रा ढकाल | नारी नेपाल | ९८४३७९७७६४ | pabitradhakal.puja@gmail.com |
| १०२ | पहलमान घर्ती | कान्तिपुर टेलिभिजन | ९८५७८२४८२३ | Pahalmang@gmail.com |
| १०३ | पर्वत विश्वकर्मा | रोजगार मिडिया प्रा.लि. | ९८१९०२०८६६ | Parbatb00@gmail.com |
| १०४ | पिताम्बरी खतिवडा (प्रमिला) | इमेज टेलिभिजन | ९८६०८९८४५१ | pramila.khatiwada@gmail.com |
| १०५ | पुजा चन्दरा | राजधानी राष्ट्रिय दैनिक | ९८०६४९४०८५ | Pujachandara123@gmail.com |
| १०६ | पुष्पेन्द्र खड्का | फाइनेस नोटिसेस | ९८४९६५४३१८ | lovelypuspen@gmail.com |
| १०७ | पुष्कर पोखरेल | न्युजकास्ट नेपाल | ९८४१९७७४२६ | puskar.p2015@gmail.com |
| १०८ | पुष्कर बस्नेत | राष्ट्रिय आर्थिक मासिक | ९८४९३५७४५८ | |
| १०९ | पूर्ण कार्की | बिजनेस जर्नल | ९८५१०९०२०९ | purnakarki333@gmail.com |
| ११० | पूर्णिमा बिक | देशसञ्चार डटकम | ९८४८४४९५०३ | purnimab880@gmail.com |
| १११ | पूर्णिमा पराजुली | नेपाल टेलिभिजन | ९८६५९९६३८७ | pur035nime@gmail.com |
| ११२ | प्रकाश चन्द्र जोशी | बाह्रखरी डटकम | ९८४८८९२५४० | pj87937@gmail.com |
| ११३ | प्रकाश थपलिया | कर्पोरेटनेपाल डटकम | ९८५५०१२१८८ | 9pthapaliya@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ११४ | **प्रकाश लम्साल** | कारोबार दैनिक | ९८५५०२४६५७ | Prakashlamsalbara@gmail.com |
| ११५ | **प्रकाश वाग्ले** | सिंहदरबार डटकम | ९८५४०३५९३७ | wagleprakash.977@gmail.com |
| ११६ | **प्रकृति थापा** | नोटबजार डटकम | ९८६७३६१६३८ | prakritithapa0421@gmail.com |
| ११७ | **प्रजिता कुमारी बुढाथोकी** | आर्थिक अभियान<br>राष्ट्रिय दैनिक | ९८४४०४१६०८ | rjparu2043@gmail.com |
| ११८ | **प्रज्वल नेपाली** | ग्यालेक्सी फोरके टिभी | ९८०१०८२८११ | prajjwal.nepali1@gmail.com |
| ११९ | **प्रतीक्षा कँडेल** | आर्थिक अभियान<br>राष्ट्रिय दैनिक | ९८६०६८०८४० | pratikchhakandel@gmail.com |
| १२० | **प्रनिशा अधिकारी** | नेपालखोज डटकम | ९८४६६७५१६० | adhikarip215@gmail.com |
| १२१ | **प्रयास श्रेष्ठ** | रातोपाटी डटकम | ९८४९५०६०७४ | leojr.prayash@gmail.com |
| १२२ | **प्रशान्त खड्का** | आर्थिक अभियान | ९८४८००५५६९ | prsnt1991@gmail.com |
| १२३ | **प्रसन्न ढुंगाना** | अर्थन्युज एचडी टिभी | ९८६१९७७७८१ | Add.developmentforum@gmail.com |
| १२४ | **प्रस्तुत कोइराला** | बीप्लस टिभी | ९८०११६०४८९ | theprastoot@gmail.com |
| १२५ | **प्रेम कुमारी गौतम (अप्सरा)** | कर्पोरेट बजार डटकम | ९८५१२९७७९० | gautam.apsara674@gmail.com |
| १२६ | **फणिन्द्र दाहाल** | रोजगार मिडिया प्रा.लि. | ९८५१००१३२५ | phadindraonline@gmail.com |
| १२७ | **बलराम बुढाथोकी** | बाह्रखरी डटकम | ९८६०५२००१३ | br.budhathoki101@gmail.com |
| १२८ | **वसन्त अर्याल** | नेपालखबर डटकम | ९८४४७०९२२१ | basantaryal90@gmail.com |
| १२९ | **बसन्त पाण्डे** | अर्थसंसार डटकम | ९८४०७८६२३५ | nicolsarjak@gmail.com |
| १३० | **बिनम कोइराला** | | ९८६२१७८७६६ | binam2054@gmail.com |
| १३१ | **बिनु लुइँटेल** | नेपालटप डटकम | ९८६०६७४९८४ | luitelbinu66@gmail.com |
| १३२ | **भक्तराज रसाइली** | अर्थबिट डटकम | ९८४३५९८५४१ | hakkimnexus@gmail.com |
| १३३ | **भगवती खनाल** | नेपाल अर्थ | | |
| १३४ | **भावना अवस्थी** | बैंकिङसमाचार डटकम | ९७४२८४५३५९ | bhumiawasthi9@gmail.com |
| १३५ | **भीमा पन्थी** | अर्थलगानी डटकम | ९८६३८३२३४६ | panthibhima1998@gmail.com |
| १३६ | **भुपराज बस्याल** | अन्नपूर्ण पोस्ट दैनिक | ९८५१११०८५० | bbraj99@gmail.com |
| १३७ | **भुवन पौडेल** | नोटबजार डटकम | ९८४१९५८२३६ | uniquepoudel@gmail.com |
| १३८ | **भुवन प्रसाद आचार्य** | रेडियो नेपाल | ९८४१९३६९४८ | bhuban2054@gmail.com |
| १३९ | **भूमिराज जोशी** | रासस | ९८५११२५८७१ | jbhumiraj803@gmail.com |
| १४० | **मञ्जरी पौडेल** | विकासन्युज डटकम | ९८६०६३४४२८ | paudelmanjari@gmail.com |
| १४१ | **मनिषा पुडासैनी** | | ९८४३२२९४०१ | manishapudasaini16@gmail.com |
| १४२ | **मनोज थापा** | अर्थनेपाल डटकम | ९८५११९४२३९ | manojthapa049@gmail.com |
| १४३ | **मनोज रेग्मी** | बैंकिङसमाचार डटकम | ९८६०४७२५८५ | manojregmi54@gmail.com |
| १४४ | **ममता ओली** | केटीएम भ्वाइस डटकम | ९८२२४२३०४७ | mamtaoli226@gmail.com |
| १४५ | **मल्लिका घिमिरे** | | ९८४३३७०८२५ | ghimirmallika@gmail.com |
| १४६ | **महेन्द्र शाही** | | ९८५११४३७४० | nepalimahendra4@gmail.com |
| १४७ | **मानमती कुमारी पन्त** | अर्थपथ डटकम | ९८४८४९७९८७ | Pmanmati@gmail.com |
| १४८ | **मित्र बहादुर क्षेत्री** | बिजशाला डटकम | ९८६०८०३६८४ | bizshala@gmail.com |
| १४९ | **मिना आचार्य** | कृषि टेलिभिजन | ९८४०५७९७४१ | bplusmina@gmail.com |
| १५० | **मिना साउद** | नेपालखोज डटकम | ९८६८४२०९०४ | minasaud84@gmail.com |
| १५१ | **मिरा श्रेष्ठ** | सिंहदरबार डटकम | ९८६५४४६०२४ | mira.shrestha2077@gmail.com |
| १५२ | **मिलन खड्का** | अर्थसंसार डटकम | ९८४९१३३६६७ | contactwithmilan@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| १५३ | मिलन विश्वकर्मा | नयाँ पत्रिका दैनिक | ९८५७६२४५८९ | milan.shree53@gmail.com |
| १५४ | मीना अर्याल | आईसीटीफ्रेम डटकम | ९८५१०५१५७८ | aryal.mina@gmail.com |
| १५५ | मिलन भण्डारी | हिमालयपोस्ट डटकम | ९८५१००६९३३ | bhandarimilan546@gmail.com |
| १५६ | मेघबहादुर राउत | इ आर्थिक डटकम | ९८५११६५०९५ | mbraut70@gmail.com |
| १५७ | मेनुका कार्की | हाम्रोअर्थ डटकम | ९८४१४४७९८५ | menukarki81@gmail.com |
| १५८ | मोदनाथ ढकाल | द राइजिङ नेपाल डेली | ९८५११५५७०० | dhakalutsav@gmail.com |
| १५९ | मोहमद अजमत अली | बिजपाटी डटकम | ९८५११६६२६९ | ajmatali.ali1@gmail.com |
| १६० | यज्ञराज जोशी | | ९८६९३०२९४९ | yagyarajsuman@gmail.com |
| १६१ | यमप्रसाद पौड्याल 'यमन' | इन्द्रेणी डटकम | ९८५१०९४९७३ | yamanpaudyal@gmail.com |
| १६२ | यशोदा शर्मा | एपीवान टेलिभिजन | ९८४६०१७०९६ | yeshodadanai72@gmail.com |
| १६३ | युकला पौडेल | केटीएम भ्वाइस डटकम | ९८२४०९२५९७ | yukalapoudel@gmail.com |
| १६४ | युवराज बस्नेत | मेरोलगानी डटकम | ९८५११६४७१८ | bhubanbasnet514@gmail.com |
| १६५ | रक्षा रेग्मी | क्लाउडपत्रिका डटकम | ९८५११५६६७० | ojesbi@gmail.com |
| १६६ | रबिन पौडेल | मेरोलगानी डटकम | ९८६१६९५५१७ | poudelrabin24@gmail.com |
| १६७ | रबिना खत्री | अर्थखोज डटकम | ९८४४०६५५२३ | rabinakhatry@gmail.com |
| १६८ | रमेश कुमार बोहोरा | अर्थ सवाल विक्ली | ९८५१०८४३५२ | rameshkumarbohora@gmail.com |
| १६९ | रमेश पौडेल | द नेपाल टप | ९८१६३७११७० | |
| १७० | रमेश भारती | हिमालय टाइम्स | ९८४११८७६०९ | jmcrsmedia21@gmail.com |
| १७१ | रवि बहादुर थापा | टक्सार म्यागजिन | ९८५१३२५९८४ | thaparabi2059@gmail.com |
| १७२ | राजन ढकाल | एनएनटिभी | ९८६१५१५१९८ | dhakalrajan75@gmail.com |
| १७३ | राजाराम न्यौपाने | नेपालप्रेस डटकम | ९८५११२०४९२ | merajaram700@gmail.com |
| १७४ | राजिव न्यौपाने | विकासन्युज डटकम | ९८४९६५२२६२ | rajivneupane789@gmail.com |
| १७५ | राजु श्रेष्ठ | नेपाल समाचारपत्र दैनिक | ९८४१४६५७७२ | srajujeek6@gmail.com |
| १७६ | राधिका श्रेष्ठ | अर्थसरोकार डटकम | ९८६४५९०१८७ | Arthasarokarnews@gmail.com |
| १७७ | राधेश्याम प्रसाद पटेल | बिजमाण्डू डटकम | ९८५५०३३२९२ | radhereporter1@gmail.com |
| १७८ | राम कार्की | आर्थिकन्युज डटकम | ९८५११८६०७४ | ramkarki166@gmail.com |
| १७९ | रामचन्द्र खड्का | खबर एक्सप्रेस | ९८५१२४२२६५ | ramchandra86@gmail.com |
| १८० | रामशरण न्यौपाने | फरकपत्र डटकम | ९८५१०६५७१४ | neupaneramsaran6@gmail.com |
| १८१ | रितेश त्रिपाठी | उज्यालो डटकम | ९८५५०२०२४५ | riteshtripathi.brj@gmail.com |
| १८२ | रिना खत्री | बीमापोस्ट डटकम | ९८६५५५२३३१ | Khatririna13@gmail.com |
| १८३ | रिता राउत | आर्थिकन्युज डटकम | ९८६२८१३९७१ | rautrita19@gmail.com |
| १८४ | रुपा घिमिरे | जनता टिभी | ९८४१९५२६१२ | ghimirerupa222@gmail.com |
| १८५ | रुपेश चौलागाई | नेपालखोज डटकम | ९८६१७७४६१६ | rupeshchaulagainanjan1999@gmail.com |
| १८६ | रेखा चन्द | बिजशाला डटकम | ९८६७३१६३७७ | rekhac870@gmail.com |
| १८७ | रेखा श्रेष्ठ | फरकधार डटकम | ९८४०२६०७०६ | rekhashrestha23@gmail.com |
| १८८ | रेश्मा गुरागाईं | केटीएम भ्वाइस डटकम | ९८२४७९७६५४ | |
| १८९ | रेश्मी मगर | कृषि टेलिभिजन | ९८०९६१६४५२ | reshmikingringmagar@gmail.com |
| १९० | रोयल आचार्य | केटीएम भ्वाइस डटकम | ९८५११४५६४१ | acharyaroyal87@gmail.com |
| १९१ | रोबिन पौडेल | अन्नपूर्ण पोस्ट दैनिक | ९८५११८१०६० | robinpaudel1@gmail.com |
| १९२ | लक्ष्मी ज्ञवाली | लुम्बिनीसञ्चार डटकम | ९८४१७१३४७१ | laxmi.lumbinisanchar@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| १९३ | लक्ष्मी बि.सी. 'लिजा' | मुनालखबर डटकम | ९८४४८६४७७७ | laxmibudha75@gmail.com |
| १९४ | लक्ष्मी शर्मा | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९७४२५२०७१९ | lsharma09850@gmail.com |
| १९५ | लक्ष्मी श्रेष्ठ | एक्लोपाटी डटकम | ९८६१२५३८९० | Laxshrestha2015@gmail.com |
| १९६ | लवेश प्याकुरेल | फ्रिलेन्स | ९८४१९३५६३४ | lavesh11@gmail.com |
| १९७ | लालकुमार मोक्तान | ग्लोबल टिभी | ९८५४०४५६३० | moktanlalu@gmail.com |
| १९८ | लोकेन्द्र विश्वकर्मा | न्युज कारोबार | ९८६६२३३७९० | lokendrajournal@gmail.com |
| १९९ | लोमश चापागाई | हिमालयपोस्ट डटकम | ९८५१००८१२२ | hellolomash@gmail.com |
| २०० | विक्रम सुनार | अर्थपथ डटकम | ९८४६७९४२०३ | sunarbikram144@gmail.com |
| २०१ | विजय दमासे | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८५११११५१३३ | newsbijay@gmail.com |
| २०२ | विजय पराजुली | अनलाइनखबर डटकम | ९८४३७५१८४५ | Parajuli015@gmail.com |
| २०३ | विजय फुयाल | आर्थिक भ्वाइस | ९८५१२५९८८१ | bijaya.phuyal81@gmail.com |
| २०४ | विजया बास्कोटा | | ९८४९२६४५९९ | mebijayabaskota@gmail.com |
| २०५ | विपिन घिमिरे | देखापढी डटकम | ९८६७५२७९०८ | ghimire98675@gmail.com |
| २०६ | विष्णु पोखरेल | न्युजसेवा डटकम | ९८५११९४८७० | pokhrel24@gmail.com |
| २०७ | विष्णुप्रसाद ढुंगाना | सीधाकुरा | ९८४३८९२८४० | dpbishnu3753@gmail.com |
| २०८ | शंकर अर्याल | नेपालअर्थ डटकम | ९८४१०९७९५१ | oneofnation2015@gmail.com |
| २०९ | शकुन्तला जोशी | जिन्दगानी डटकम | ९८४१९८१०८७ | sakun.joshi@gmail.com |
| २१० | शम्भुराज रेग्मी | कान्तिपुर टेलिभिजन | ९८५१०६९३०० | shambhuraja08@gmail.com |
| २११ | शर्मिला सुवेदी | टिभी अन्नपूर्ण डटकम | ९८०२०५१२०२ | subedisharmeela@gmail.com |
| २१२ | शिव धिताल | बिजपाटी डटकम | ९८६०००७२६१ | shiva.dhital.ois@gmail.com |
| २१३ | शिव बस्नेत | आर्थिकसंसार डटकम | ९८४१६९६७६६ | |
| २१४ | शुक्र गिरी | बिजमाण्डू डटकम | ९८४३७९०४२१ | shukragiri2@gmail.com |
| २१५ | शुभाष नेपाल | एभीन्युज खबर टिभी | ९८६०६२०१९० | Shubhashnepal2013@gmail.com |
| २१६ | शोभा घिमिरे | नेपाल एफ एम | ९८४९४३३६२९ | shovaghimire33@gmail.com |
| २१७ | सोबिता रिसाल | सीआईएन | ९८४१०७४७५० | rishalsobi@gmail.com |
| २१८ | संगम ढकाल | कान्तिपुर टेलिभिजन | ९८४४४१५८३४ | sangam.dhakal21000@gmail.com |
| २१९ | संगिता कटुवाल | प्राइम टिभी | ९८६२८६५२३८ | sangita1katuwal@gmail.com |
| २२० | सचिन श्रेष्ठ | बाह्रखरी डटकम | ९८६००४२५४७ | sanjeevshrestha820@gmail.com |
| २२१ | साजन प्रसाद सुवेदी | सफलआवाज डटकम | ९८५१०७१७१७ | sajan.subedi@gmail.com |
| २२२ | सञ्जिता आचार्य | थाहा खबर | ९८६०९५८१५६ | sanjeetaacharya2017@gmail.com |
| २२३ | सन्तोष तिमल्सिना | काभ्रेसन्देश विक्ली | ९८५१२३२९५२ | Santosh32952@gmail.com |
| २२४ | सन्तोष रोकाया | विकासन्युज डटकम | ९८६८५७१४५८ | santoshrokaya9@gmail.com |
| २२५ | सबिना कार्की | सेतोपाटी डटकम | ९८४४०११८९९ | Karkisabina841@gmail.com |
| २२६ | समुन्द्रा घिमिरे | विकासन्युज डटकम | ९८४६४९५४८० | samundraghimire5@gmail.com |
| २२७ | सम्झना घिमिरे | क्लिकमाण्डू डटकम | ९७४१८०१३२२ | samjhanaghimire44@gmail.com |
| २२८ | सम्झना बरुवाल | वित्तीय पोष्ट | ९८४४२५७१५० | chhetrisamjhu143@gmail.com |
| २२९ | सरला सुवेदी | विजमाण्डु | ९८४३६५३६५६ | saralasubedi2052@gmail.com |
| २३० | सरस्वती अधिकारी | अर्थसञ्जाल डटकम | ९८४३४४९५१४ | khusiadhikari43@gmail.com |
| २३१ | सरिशा अछामी | काठमान्डुप्रेस डटकम | ९८४९८३२१६९ | sarishaachami@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| २३२ | **साईराम उपरकोटी** | कर्पोरेट खबर | ९७४१८५२२५५ | sairamuparkoti8@gmail.com |
| २३३ | **सागर न्यौपाने** | नेपालखबर डटकम | ९८४१३९२०६१ | sagar.mankakura@gmail.com |
| २३४ | **सीता मैया श्रेष्ठ** | अर्थ डबली | ९८४१४६२३५६ | shresthame2@gmail.com |
| २३५ | **सीता शर्मा** | गोरखापत्र दैनिक | ९८४१४४८९८२ | sitagko@gmail.com |
| २३६ | **सीताराम चौधरी** | न्युजनेपाल टिभी एचडी | ९८४५०९३६०६ | strm.chaudhary@gmail.com |
| २३७ | **सीताराम भट्टराई** | आर्थिकन्युज डटकम | ९८५१०९१२९२ | sitaram.bhattarai@gmail.com |
| २३८ | **सुदर्शन अर्याल** | आर्थिक दैनिक | ९८५१०९८९०४ | ashrukiran@gmail.com |
| २३९ | **सुदर्शन श्रेष्ठ** | अर्थसरोकार डटकम | ९८५८४७८३३३ | Arthasarokarnews@gmail.com |
| २४० | **सुधा देवकोटा** | मेरोलगानी डटकम | ९८५१०५३४३१ | mesudhadevkota@gmail.com |
| २४१ | **सुधीर भण्डारी** | क्यापिटलनेपाल डटकम | ९८४९९१५९५० | sudhirbhandari77@gmail.com |
| २४२ | **सुनिता पुडासैनी** | | ९८४३६०१२४३ | pudasainisani2018@gmail.com |
| २४३ | **सुनिल कुँवर** | चाणक्यपोस्ट डटकम | ९८६४६७४३१० | sunilkunwar002@gmail.com |
| २४४ | **सुन्दर न्यौपाने** | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८६३७२७६८८ | anantya.sundar@gmail.com |
| २४५ | **सुप्रिया आचार्य** | अर्थसरोकार डटकम | ९८४३०४५०३२ | Arthasarokarnews@gmail.com |
| २४६ | **सुमित्रा कार्की** | बिजखबर डटकम | ९८५१२७८८९६ | sumitrakarki2019@gmail.com |
| २४७ | **सुरज प्याकुरेल** | अर्थसरोकार डटकम | ९८५१०१७९१४ | Arthasarokarnews@gmail.com |
| २४८ | **सुरज राजथला** | रेडियो कान्तिपुर | ९८५१२०६०४५ | surajrajthala@gmail.com |
| २४९ | **सुरञ्जन घिमिरे** | हिमालप्रेस डटकम | ९८६१४९२५५१ | ghimiresuranjan123@gmaol.com |
| २५० | **सुराजन रिजाल** | फ्रिलेन्स | ९८६४७३१६३५ | surajanrijal@gmail.com |
| २५१ | **सुरेन्द्र बजगाई** | नेपाललाइभ डटकम | ९८६१२१९०२५ | surendrabajagain73@gmail.com |
| २५२ | **सुरेश बिडारी** | | ९८४५१२३९५८ | chitlangnews@gmail.com |
| २५३ | **सुरेश राउत** | आर्थिक दैनिक | ९८४१४८६८०७ | aabu2051@gmail.com |
| २५४ | **सुरेन्द्र पौडेल** | आर्थिक आवाज | ९८५११०६०८० | arthikawaj@gmail.com |
| २५५ | **सुष्मा केसी** | न्यूज २४ टेलिभिजन | ९८४१२४५३३० | sushmashrestha952@gmail.com |
| २५६ | **सुष्मा तिमल्सिना** | सिंहदरबार डटकम | ९८४३५२९३०८ | timalsinasushma5@gmail.com |
| २५७ | **सुसन भट्टराई** | सम्पत्ति मासिक | ९८४४१८२६३३ | susan.bhattarai99@gmail.com |
| २५८ | **सुस्मिता बाँस्तोला** | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८६२००८६०९ | bastolasumee@gmail.com |
| २५९ | **सृष्टि पराजुली** | एभिन्युज खबर टिभी | ९८४१२२४५६१ | shristyparajuli12345@gmail.com |
| २६० | **सोनी शाही** | काठमान्डुप्रेस डटकम | ९८६०३३७७४० | shahisoni123@gmail.com |
| २६१ | **सोमनाथ बाँस्तोला** | बिजशाला डटकम | ९८५१०१५३९४ | bizshala@gmail.com |
| २६२ | **सौरभ देवकोटा** | मेरोलगानी डटकम | ९८६९६८५७२० | muskasturid@gmail.com |
| २६३ | **सौरभ यादव** | एपीवान टेलिभिजन | ९८५२८२०२५५ | Saurav20869@gmail.com |
| २६४ | **स्तुती चौधरी** | न्युजपोलार डटकम | ९८६२१२९१०० | stuteechaudhary@gmail.com |
| २६५ | **हरिशरण न्यौपाने** | एनएनटिभी | ९८४१८६९८६६ | harisharan069@gmail.com |
| २६६ | **हिम बिष्ट** | टक्सार म्यागजिन | ९८५१२५४०२८ | news.lumbinisanchar@gmail.com |
| २६७ | **हिमनाथ देवकोटा** | अन्नपूर्ण पोस्ट दैनिक | ९८५११५६३४१ | nep.himnathdevkota@gmail.com |
| २६८ | **ज्ञानबहादुर श्रेष्ठ** | बैंकिङसमाचार डटकम | ९८६१५७३५१२ | gyanu5006@gmail.com |

# । अर्थचित्रका योगदानकर्ताहरू ।


अम्बिका शर्मा


अनिल अधिकारी


अनिश मिजार



बलराम बुढाथोकी


बसन्त अर्याल



विजय दमासे


विजय पराजुली


सीआर भण्डारी


दीपक भट्ट


काशीराम बजगाई


खेम बोलखे


मिलन वि.क.


नवीन ढुंगाना


नवीन पोखरेल


निकेश खत्री


पवित्रा ढकाल


प्रयास श्रेष्ठ


रक्षा रेग्मी


रिना खत्री


रुपा घिमिरे



शकुन्तला जोशी


सन्तोष रोकाया


शिव धिताल


सीता शर्मा


सुमित्रा कार्की


सुरेश विडारी


टीआर पौड्याल


युवराज बस्नेत


खेमराज श्रेष्ठ


रविन पौडेल


NIMB
FIXED DEPOSIT
For those who always want a little something more.
11.03%
P.A.
*Terms & Conditions Apply
For Individual Depositors || Term: 1 year & above
NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
+977-1-5342530, 9851147829, 9851145829
info@nimb.com.np, helpdesk@nimb.com.np
www.nimb.com.np
समृद्धिको पथमा सँगै अघि बढ्दै

# SUSTAINABLE INITIATIVES

## Changing Lives Beyond Numbers!




Embracing the future with sustainable business practices. At the heart of our mission lies a commitment to building a better tomorrow. By integrating sustainable initiatives into our operations, we're not just sustaining our business; we're nurturing the society.

NABIL BANK®

TOGETHER AHEAD

☎ 01-5970015 customercare@nabilbank.com www.nabilbank.com